घरभन्दा परका जङ्गलमा निवास गर ।

इषीकां जरतीमिष्ट्वा तिल्पिञ्जं दण्डनं नडम् । तमिन्द्र इध्मं कृत्वा यमस्याग्निं निरादधौ ॥५४॥

हे इन्द्रदेवता ! तिमीले ज्यादै पुरानो मुँज, तिल, समिधा र नर्कटको आहुति दिएर यमाग्निलाई छुट्टा राखेका छौ ।

प्रत्यञ्चकमर्कं प्रत्यर्पयित्वा प्रविद्वान् पन्थां वि ह्या विवेश । परामीषामसून् दिदेश दीर्घेणायुषा समिमान्त्सृजामि ॥५५॥

उचित मार्गको ज्ञान भएका साधकले अगाडितर्फ गति गरिरहेका सूर्यलाई श्रद्धा समर्पित गर्दै उनैका धर्म मार्गमा विशेष रूपले प्रवृत्त हुने गरेका छन् । उनै सूर्यले मृतकका प्राणलाई परम गति प्रदान गर्दछन् । हामी यस्ता जीवन्त ऋषिहरूलाई दीर्घायु प्रदान गर्दछौं ।

३. स्वर्गौदन सूक्त

ऋषि— यम । **देवता—** उस्वर्ग, ओदन, अग्नि । **छन्द—** त्रिष्टुप्, भुरिक् त्रिष्टुप्, जगती, स्वराट् आर्षी पङ्क्ति, विराड्गर्भा त्रिष्टुप्, अनुष्टुब्गर्भा त्रिष्टुप्, पराबृहती त्रिष्टुप्, त्र्यवसाना सप्तपदा शङ्कुमती अतिजागतशाक्वरातिशाक्वर धार्त्यगर्भा अतिधृति विराट् कृति, कृति ।

पुमान् पुंसोऽधि तिष्ठ चर्मेहि तत्र ह्वयस्व यतमा प्रिया ते । यावन्तावग्रे प्रथमं समेयथुस्तद् वां वयो यमराज्ये समानम् ॥१॥

हे पुरुषार्थी पुरुषहरू हो ! तिमीहरू अधिकारपूर्वक यस चर्मका आसनमा विराजमान होओ । अनि तिमीहरूका आफन्त जेजति छन्, तिनलाई पनि बोलाओ । पहिले नै यो प्रक्रिया पूरा गरेका जति पतिपत्नीहरू थिए, उनीहरू र तिमीहरू दुवै थरी दम्पतीको फल एकै किसिमको होस् ।

तावद् वां चक्षुस्तति वीर्याणि तावत् तेजस्ततिधा वाजिनानि । अग्निः शरीरं सचते यदैधोऽधा पक्वान्मिथुना सं भवाथः ॥२॥

हे दम्पती ! अग्निदेवताले जसरी तिमीहरूको शरीर तताउँछन्, उसै अनुसारका तिमीहरूका दृष्टि छन्, उस्तै खालको वीर्य छ, उस्तै खालको तेज छ, उस्तै किसिमको बल छ । यसै खालको परिपक्व विधिले यस किसिमको भालेपोथीको जोडी उत्पन्न हुने गर्दछ ।

समस्मिँल्लोके समु देवयाने सं स्मा समेतं यमराज्येषु । पूतौ पवित्रैरुप तद्ध्वयेथां यद्यद् रेतो अधि वां संबभूव ॥३॥

तिमीहरू दुवै यस अन्नका प्रभावले यस लोकमा परस्पर मिलेर बस, देवत्वका मार्गमा सँगसँगै अघि बढ, नियन्ता यमका राज्यमा पनि सँगै मिलेर बस । तिमीहरू दुईको उत्पादक तेज मिलेर जेजस्तो उपलब्धि प्राप्त हुन सक्दछ, त्यो आफैँ प्राप्त गर ।

आपस्पुत्रासो अभि सं विशध्वमिमं जीवं जीवधन्याः समेत्य । तासां भजध्वममृतं यमाहुर्यमोदनं पचति वां जनित्री ॥४॥

हे पुत्रहरू हो ! जीवनसँग संयुक्त भएर जीवनलाई धन्य बनाउने जीवनरूपी जलतत्त्वका प्रवाहमा प्रवेश गर । तिमीहरूकी माताका रूपमा रहेकी देहधारी प्रकृतिले जुन अन्न पकाउँदै छिन्, त्यो हामी देखाउँछौं र त्यसैलाई अमृतका रूपमा पान गर ।

यं वां पिता पचति यं च माता रिप्रान्निर्मुक्त्यै शमलाच्च वाचः । स ओदनः शतधारः स्वर्ग उभे व्याप नभसी महित्वा ॥५॥

यदि तिमीहरूका मातापिताले पापमय र दूषित वाणीको प्रयोगबाट मुक्त हुनका लागि अथवा अन्य कुनै पापबाट मुक्ति प्राप्त गर्नका लागि ओदान पकाउँछन् भने सहस्र धाराले युक्त, सुख प्रदान गर्ने त्यस ओदनले आफ्नो महिमाद्वारा द्युलोक र पृथ्वीलोक दुवैमा व्याप्त हुने गर्दछ ।

उभे नभसी उभयांश्च लोकान् ये यज्वनामभिजिताः स्वर्गाः । तेषां ज्योतिष्मान् मधुमान् यो अग्रे तस्मिन् पुत्रैर्जरसि सं श्रयेथाम् ॥६॥

हे दम्पती ! द्यावापृथिवीमा रहेका यजमानहरूले जुन लोकमा विजय प्राप्त गर्दछन्, ती लोकहरूमध्येका मधुर र तेजस्सम्पन्न लोकमा तिमीहरू सुसन्तानहरूका साथमा वृद्ध अवस्थासम्म आनन्दपूर्वक रहिराख ।

प्राचींप्राचीं प्रदिशमा रभेथामेतं लोकं श्रद्दधानाः सचन्ते । यद् वा पक्वं परिविष्टमग्नौ तस्य गुप्तये दम्पती सं श्रयेथाम् ॥७॥

हे दम्पती ! तिमीहरू प्रकाशरूपी पूर्व दिशातर्फ अग्रसर होओ । यस किसिमको स्वर्गीय सुखले भरिएको लोक श्रद्धालु व्यक्तिहरूले नै उपलब्ध गर्दछन् । तिम्रो जुन परिपक्व हविष्यान्न अग्निमा समर्पित गरिएको छ, त्यसको संरक्षण गर्नका लागि तिमीहरू दुवै सन्नद्ध होओ ।

दक्षिणां दिशमभि नक्षमाणौ पर्यावर्तेथामभि पात्रमेतत् । तस्मिन् वां यमः पितृभिः संविदानः पक्वाय शर्म बहुलं नि यच्छात् ॥८॥

हे स्त्रीपुरुषहरू हो ! तिमीहरू दुवै दक्षिण दिशातर्फ अग्रसर हुँदै यस पात्रका चारैतिर परिक्रमा गरेर फिर्ता आओ । त्यस बेला पितृहरूका साथमा समान विचारधाराले युक्त भएर नियमका देवता यमले परिपक्व अन्नका लागि प्रचुर सुख प्रदान गरून् ।

प्रतीची दिशामियमिद् वरं यस्यां सोमो अधिपा मृडिता च । तस्यां श्रयेथां सुकृतः सचेथामधा पक्वान्मिथुना सं भवाथः ॥९॥

यो दिशाहरूमध्ये सर्वश्रेष्ठ पश्चिम दिशा हो । जुन दिशाका अधिपति सोमदेव हुन्, उनका आश्रय ग्रहण गर्दै तिमीहरू श्रेष्ठ कर्महरूलाई सम्पन्न गर । हे दम्पती ! यसपछि तिमीहरू दुवै परिपक्व अन्नका प्रभावले संयुक्त शक्तिसम्पन्न होओ ।

उत्तरं राष्ट्रं प्रजयोत्तरावद् दिशामुदीची कृणवन्नो अग्रम् । पाङ्क्तं छन्दः पुरुषो बभूव विश्वैर्विश्वाङ्गैः सह सं भवेम ॥१०॥

यो उत्तर दिशा प्रकाशमान क्षेत्रमा छ । यो प्रजाहरूले सम्पन्न छ, दिशाहरूमध्येको श्रेष्ठ उत्तर दिशाले हामीलाई अघि बढाओस् । व्यवस्थित छन्द वा ज्ञानको प्रादुर्भाव भएको हो । हामीहरू सबै आफ्नो सर्वाङ्गीण उन्नतिका साथ प्रादुर्भूत होऔँ ।

ध्रुवेयं विराण्नमो अस्त्वस्यै शिवा पुत्रेभ्य उत मह्यमस्तु । सा नो देव्यदिते विश्ववार इर्य इव गोपा अभि रक्ष पक्वम् ॥११॥

हे संसारको हित गर्ने पृथ्वीदेवी ! तिमी अटल र विराट् छ्यौ । हामी सबैका लागि तिमी कल्याणकारिणी छ्यौ । हामी र हाम्रा सन्तानका लागि तिमी शुभकारक होऊ । तिमी निर्धारित संरक्षकजस्तै भएर यो परिपक्व अन्नरूपी प्रजाको सुरक्षा गर ।

पितेव पुत्रानभि सं स्वजस्व नः शिवा नो वाता इह वान्तु भूमौ । यमोदनं पचतो देवते इह तन्नस्तप उत सत्यं च वेत्तु ॥१२॥

हे पृथ्वीदेवी ! पिता र पुत्रको भेटघाटजस्तै व्यवहार हामीसँग तिमीले गर । यस पृथ्वीमा हाम्रा लागि कल्याणकारी वायु प्रवाहित रहोस् । जुन अन्नको भाग यी दुवै दम्पतीरूपी द्यावापृथिवीले गर्दछन्, तिनीहरू हाम्रै तपस्याका प्रभाव र सत्य सङ्कल्पबाट अवगत होऊन् ।

यद्यत् कृष्णः शकुन एह गत्वा त्सरन् विषक्तं बिल आससाद । यद्वा दास्यार्द्रहस्ता समङ्क्त उलूखलं मुसलं शुम्भतापः ॥१३॥

यदि कालो काग पक्षीजस्ता कुसंस्कारयुक्त कपट रीतिले ओडार बनाएर त्यसमा प्रविष्ट होऔँ अथवा चिसा हात भएका दासीले ओखल र मुसललाई खराब गरिदिए भने यस शुद्ध जलले तिनलाई शुद्ध गर ।

अयं ग्रावा पृथुबुध्नो वयोधाः पूतः पवित्रैरप हन्तु रक्षः । आ रोह चर्म महि शर्म यच्छ मा दम्पती पौत्रमघं नि गाताम् ॥१४॥

विशाल आधारयुक्त यस ढुङ्गाले हविरूपी अन्न कुटेर तयार गर्दछ । पवित्रकारक उपकरले पवित्र भएर यी दुष्ट वृत्तिहरूलाई संहार गरोस् । हे ओदन नामक परिपक्व अन्न ! तिमी पृथ्वीका त्वचामा बस र अति कल्याणकारी होऊ । स्त्रीपुरुष र उनका सन्ततिहरूका पापले तिमीलाई स्पर्श गर्न पनि नसकोस् ।

वनस्पतिः सह देवैर्न आगन् रक्षः पिशाचाँ अपबाधमानः । स उच्छ्रयातै प्र वदाति वाचं तेन लोकाँ अभि सर्वाञ्जयेम ॥१५॥

देवशक्तिहरूका साथमा वनस्पतिदेवता हाम्रा नजिकै आएका छन् । उनले राक्षसको रूपमा रहेका सबै किसिमका रोगका बिउ र पिशाचलाई पर पुऱ्याउँछन् र हामी सम्पूर्ण लोकहरूमा विजय प्राप्त गर्दछौँ भनेर उनी माथि उठेर उद्घोष गर्दछन् ।

सप्त मेधान् पशवः पर्यगृह्णन् य एषां ज्योतिष्माँ उत यश्चकर्श । त्रयस्त्रिंशद् देवतास्तान्त्सचन्ते स नः स्वर्गमभि नेष लोकम् ॥१६॥

पशुरूपी जीवहरूले सात किसिमका मेघरूपी यज्ञ अथवा अन्न ग्रहण गरेका छन् । तेत्तीस देवताले उनीहरूको सेचन गर्दछन् । यिनीहरूमध्ये तेजस्वी र सूक्ष्म जीवहरूले हामीलाई स्वर्गलोकमा पुग्न मद्दत गर्दछन् ।

स्वर्गं लोकमभि नो नयासि सं जायया सह पुत्रैः स्याम । गृह्णामि हस्तमनु मैत्वत्र मा नस्तारीन्निर्ऋतिर्मो अरातिः ॥१७॥

हे ओदन ! हामीलाई स्वर्गलोकमा तिमी पुऱ्याउँदै छौ । त्यहाँ हामी आफ्नी पत्नी र सन्तानसँगै बस्न पाऔँ । निर्ऋतिर र शत्रुले हामीलाई नसताऊन् भनेर हामीले तिम्रो हात पक्रेका छौँ, हामीलाई तिमी संरक्षण गर ।

ग्राहिं पाप्मानमति ताँ अयाम तमो व्यस्य प्र वदासि वल्गु । वानस्पत्य उद्यतो मा जिहिंसीर्मा तण्डुलं वि शरीर्देवयन्तम् ॥१८॥

हे वनस्पतिदेवता ! तिम्रा प्रभावले गर्दा हामी पापबाट उत्पन्न भएको अन्धकार हटाउँदै मधुर वाणी उच्चारण गर्दछौँ । यी वनस्पतिहरू र यिनको प्रभाव उकालो लाग्दै गर्दा देवमार्गबाट यात्रा गर्ने हामी साधक र हाम्रा हव्यान्न रूपी चावललाई दुःख नदिऊन् ।

विश्वव्यचा घृतपृष्ठो भविष्यन्त्सयोनिर्लोकमुप याह्येतम् । वर्षवृद्धमुप यच्छ शूर्पं तुषं पलावानप तद् विनक्तु ॥१९॥

हे दिव्य अन्न ! चारै तिरबाट घिउले सिञ्चित भएर तिमी त्यही घिउजस्तो चिसोपनसँग एक रूप भएर पर्जन्यका रूपमा हाम्रा नजिक यस लोकमा आऊ । प्रत्येक वर्ष बढ्ने गरेका तिमी सूर्यका संसर्गले पराल र भुसलाई हटाइदेऊ ।

त्रयो लोकाः संमिता ब्राह्मणेन द्यौरेवासौ पृथिव्यऽन्तरिक्षम् । अंशून् गृभीत्वान्वारभेथामा प्यायन्तां पुनरा यन्तु शूर्पम् ॥२०॥

ब्रह्मज्ञानरूपी शक्तिले गर्दा तीनै लोकहरू एकाकार भएका छन् । यस अन्नभित्र नै द्युलोक, पृथ्वी र अन्तरिक्ष रहेका हुनाले अन्न नै यी तीन लोकहरूको अंश हो । हे दम्पती ! तिमीहरू दुवै यिनको अंश लिएर आआफ्नो कार्य आरम्भ गर । यो अन्न बढेर फलोस्, अनि सफा हुनका लागि हाम्रा नाङ्लामा परोस् ।

पृथग् रूपाणि बहुधा पशूनामेकरूपो भवसि सं समृद्ध्या । एतां त्वचं लोहिनीं तां नुदस्व ग्रावा शुम्भाति मलग इव वस्त्रा ॥२१॥

हव्य पदार्थरूपी पशुहरू विभिन्न किसिमका हुन्छन् तापनि तिनलाई समृद्ध रूपमा तयार गरेपछि एक रूप हुने गर्दछ । हे ग्रावा ! तिमी यसको राता वर्णको कडा बोक्रो छुट्याऊ र धोबीले लुगा

सफा गरेझैं यिनलाई शोधित गर ।

पृथिवीं त्वा पृथिव्यामा वेशयामि तनूः समानी विकृता त एषा । यद्यद् द्युत्तं लिखितमर्पणेन तेन मा सुस्रोर्ब्रह्मणापि तद् वपामि ॥२२॥

हे मुसल ! तिमी पृथ्वीतत्त्वले बनेका हुनाले पृथ्वी नै हौ । त्यसै कारणले हामी पृथ्वीलाई नै पृथ्वीमा बजार्दछौँ । तिम्रो र पृथ्वीको शरीर उस्तै हो । हे ओदन ! मुसलका प्रहारले तिमीलाई जुन पीडा भएको छ, त्यसकै कारणले तिमी भुसबाट अलग होऊ । हामी वेदका मन्त्रले तिमीलाई अग्निमा समर्पित गर्दछौँ ।

जनित्रीव प्रति हर्यासि सूनुं सं त्वा दधामि पृथिवीं पृथिव्या । उखा कुम्भी वेद्यां मा व्यथिष्ठा यज्ञायुधैराज्येनातिषक्ता ॥२३॥

माताले पुत्रको जतन गरेझैं हामी पृथ्वीरूपी वेदिकामा पृथ्वीरूपी कुम्भभित्र अन्नलाई स्थापित गर्दछौँ । उखा नामको चुल्हो र कुम्भी नामको पकाउने भाँडो वेदिकामा नभत्किऊन् । किनभने यिनीहरूलाई यज्ञसाधनका रूपमा घिउ आदिले सिञ्चित गरिएको छ ।

अग्निः पचन् रक्षतु त्वा पुरस्तादिन्द्रो रक्षतु दक्षिणतो मरुत्वान् । वरुणस्त्वा दृंहाद्धरुणे प्रतीच्या उत्तरात् त्वा सोमः सं ददातै ॥२४॥

तिमीलाई पकाउने अग्निदेवताले तिमीलाई रक्षा गरून् । इन्द्रदेवताले संरक्षण गरून् । मरुत्‌गणले दक्षिण दिशाबाट, वरुणले पश्चिम दिशाबाट र सोमदेवताले उत्तर दिशाबाट तिम्रो आधार बलियो बनाउँदै सबैले रक्षा गरून् ।

पूताः पवित्रैः पवन्ते अभ्राद् दिवं च यन्ति पृथिवीं च लोकान् । ता जीवला जीवधन्याः प्रतिष्ठा पात्र आसिक्ताः पर्यग्निरिन्धाम् ॥२५॥

पवित्र कर्मले पावन भएका जलधाराले शुद्ध गर्ने काम गर्दछन् । तिनीहरू द्युलोकमा पुग्छन् र फेरि पृथ्वीमा आउँछन् । यस्ता जीवनदायिनी, जीवलाई कृतार्थ गराउने, सबैको आधारका रूपमा रहेका, पात्रमा स्थापित जलका धाराहरूलाई अग्निदेवताले चारै तिरबाट सन्तप्त र दीप्त गराऊन् ।

आ यन्ति दिवः पृथिवीं सचन्ते भूम्याः सचन्ते अध्यन्तरिक्षम् । शुद्धाः सतीस्ता उ शुम्भन्त एव ता नः स्वर्गमभि लोकं नयन्तु ॥२६॥

दिव्यलोकबाट आउने जलका धाराहरू पृथ्वीलोकमा एकत्रित हुने गर्दछन् । पृथ्वीबाट बाफका रूपमा पुनः तिनीहरू बाक्लो किसिमले जम्मा हुन पुगेका हुन्छन् । त्यस शुद्ध जलले सबैलाई पवित्र गराउँछ । यस किसिमको पवित्र जल यज्ञीय धान्यसँग मिसियोस् र उसले हामीलाई स्वर्गीय सुखतर्फ लगोस् ।

उतेव प्रभ्वीरुत संमितास उत शुक्राः शुचयश्चामृतासः । ता ओदनं दंपतिभ्यां प्रशिष्टा आपः शिक्षन्तीः पचता सुनाथाः ॥२७॥

जल निश्चित रूपमा नै प्रभावशाली, प्रशंसनीय, बलवर्द्धक, पवित्र, अमृततुल्य र प्रभुको स्वरूप हो । हे जल ! तिमी दम्पतीहरूले तयार गर्न लागेका ओदनलाई पवित्र गराउँदै पकाऊ ।

संख्याता स्तोकाः पृथिवीं सचन्ते प्राणापानैः संमिता ओषधीभिः । असंख्याता ओप्यमानाः सुवर्णाः सर्वं व्यापुः शुचयः शुचित्वम् ॥२८॥

प्राण र अपान वायुका साथमा औषधियुक्त जलबिन्दुले पृथ्वीलाई सेचन गर्दछन् र सुन्दर वर्ण भएका जीवमा प्रविष्ट भएर उनलाई पवित्रता प्रदान गर्दै तिनैमा व्याप्त हुन पुग्दछन् ।

उद्योधन्त्यभि वल्गन्ति तप्ताः फेनमस्यन्ति बहुलांश्च बिन्दून् । योषेव दृष्ट्वा पतिमृत्वियायैतैस्तण्डुलैर्भवता समापः ॥२९॥

तातिएका अवस्थामा यस जलले युद्ध गरेको जस्तै शब्दले ध्वनि गर्दछ, फिँज उत्पन्न गर्दछ र अनेकौँ किसिमका फोकाहरू निकाल्ने गर्दछ । हे जलका प्रवाहहरू हो ! प्रजनन कर्म सम्पन्न गर्नका लागि पतिसँग ऋतुयज्ञमा स्त्री संलग्न भएझैं ऋतुयज्ञका लागि तिमीहरू चामलसँग

सम्मिलित होओ ।

उत्थापय सीदतो बुध्न एनानद्भिरात्मानमभि सं स्पृशन्ताम् । अमासि पात्रैरुदकं यदेतन्मितास्तण्डुलाः प्रदिशो यदीमाः ॥३०॥

हे अग्निदेवता ! भाँडाका तलीमा रहेका चामललाई तिमी माथि उठाऊ । जलसँग आफैं उचित किसिमले मिलोस् । यी चारै दिशामा जाने चामलहरू पनि जोखनाप भइसकेका छन्, त्यसो हुनाले जलको पनि मापन भइसकेको छ ।

प्र यच्छ पर्शुं त्वरया हरौषमहिंसन्त ओषधीर्दान्तु पर्वन् । यासां सोमः परि राज्यं बभूवामन्युता नो वीरुधो भवन्तु ॥३१॥

परशु प्रदान गर, चाँडो गर औषधिहरू यहाँ लिएर आओ । औषधिलाई नष्ट नगरीकन काट । सोम राजाका राज्यमा सबै किसिमका सागहरू छन् । औषधिहरू हामीसित क्रोधको भावनाबाट मुक्त होऊन् ।

नवं बर्हिरोदनाय स्तृणीत प्रियं हृदश्चक्षुषो वल्ग्वस्तु । तस्मिन् देवाः सह दैवीर्विशन्त्विमं प्राश्नन्त्वृतुभिर्निषद्य ॥३२॥

ओदन सेवन गर्नका लागि कुशका आसन ओछ्याओ, त्यो आसन हृदय र नेत्रलाई आनन्द प्रदान गर्ने किसिमको होस् । त्यसमा सबै देवताहरू आआफ्ना दैवी शक्तिका साथमा बसून् र यस ओदनलाई ऋतुहरूको अनुसार सेवन गरून् ।

वनस्पते स्तीर्णमा सीद बर्हिरग्निष्टोमैः संमितो देवताभिः । त्वष्ट्रेव रूपं सुकृतं स्वधित्यैना एहाः परि पात्रे ददृश्राम् ॥३३॥

हे वनस्पतिबाट उत्पन्न भएका ओदन ! यसरी बिछाइएका आसनमा प्रतिष्ठित होओ, देवताहरूले तिमीलाई अग्निष्टोममा स्वीकार गरेका छन् । स्वधितिले त्वष्टादेवताको जस्तै सुन्दर स्वरूप यसलाई प्रदान गरेका छन् । त्यो रूप अहिले पात्रहरूमा देखिँदै छ ।

षष्ट्यां शरत्सु निधिपा अभीच्छात् स्वः पक्वेनाभ्यश्नवातै । उपैनं जीवान् पितरश्च पुत्रा एतं स्वर्गं गमयान्तमग्नेः ॥३४॥

निधिको रक्षा गर्ने यजमान साठी वर्षसम्म यो पक्व अन्नद्वारा स्वर्गको सुख प्राप्त गर्ने कामना गरून् । पितापुत्र दुवै यसका सहायताले आफ्नो जीवन निर्वाह गरून् । तिमी यस अन्नलाई स्वर्गसम्मको गति प्रदान गर ।

धर्ता ध्रियस्व धरुणे पृथिव्या अच्युतं त्वा देवताश्च्यावयन्तु । तं त्वा दम्पती जीवन्तौ जीवपुत्रावुद् वासयातः पर्यग्निधानात् ॥३५॥

हे अन्न ! तिमी धारणकर्ता हौ, त्यसैले तिमी पृथ्वीका आधारमा स्थिर होऊ । तिमी अविनाशी देवशक्तिलाई च्युत नगराऊ । जसका पुत्रहरू जीवित छन्, त्यस्ता स्त्रीपुरुषले तिमीलाई अग्नि समर्पित गरेर पुष्टि प्रदान गर ।

सर्वान्त्समागा अभिजित्य लोकान् यावन्तः कामाः समतीतृपस्तान् । वि गाहेथामायवनं च दर्विरेकस्मिन् पात्रे अध्युद्धरैनम् ॥३६॥

तिमी स्वर्ग आदि सबै लोकलाई यज्ञले जितेर आफ्नो सम्पूर्ण मनकामना तृप्त गराउँदै आऊ । दम्पतीले डाडु र चम्चा आदिले ओदन पस्केर यो एउटै पात्रमा राखून् ।

उप स्तृणीहि प्रथय पुरस्ताद् घृतेन पात्रमभि घारयैतत् । वाश्रेवोस्रा तरुणं स्तनस्युमिमं देवासो अभिहिङ्कृणोत ॥३७॥

पात्रमा घिउ खन्याएर त्यसलाई फिँजाउँदै भाँडो घिउले परिपूर्ण भराऊन् । हे देवताहरू हो ! दुधालु गाईले दुध खाने बाछो खोज्दै कराएझैं तयार भएको अन्नप्रति तिमीहरू प्रसन्नतासूचक शब्द गर ।

उपास्तरीरकरो लोकमेतमुरुः प्रथतामसमः स्वर्गः । तस्मिञ्छ्रयातै महिषः सुपर्णो देवा एनं देवताभ्यः प्र यच्छान् ॥३८॥

हे याजकहरू हो ! तिमीहरूले यस लोकमा यो अन्न तयार गरेका छौ र यज्ञका सहायताले माथिको उच्च लोकमा विस्तार गरेका छौ । यो अन्न महान् सूर्यदेवता रहेका अप्रतिम स्वर्गमा प्रशस्त विस्तृत होस् । देवगण अथवा दिव्य पुरुषहरूले नै देवशक्तिका लागि यही अन्न प्रदान गर्दछन् ।

यद्यज्जाया पचति त्वत् परः परः पतिर्वा जाये त्वत् तिरः । सं तत् सृजेथां सह वां तदस्तु संपादयन्तौ सह लोकमेकम् ॥३९॥

हे स्त्री ! तिमी यस अन्नलाई पकाउने गर्दछ्यौ । यदि तिमी आफ्ना पतिभन्दा पहिले गयौ र तिम्रा पति पछि मात्रै स्वर्गमा पुगे भने तिमीहरू दुवै त्यहाँ भेट हुनू । तिमीहरू दुवै एकै लोकमा एकै साथमा रहने गर्नू र यो ओदन नामको अन्न पनि तिमीहरू सँगै त्यहाँ रहेको होस् ।

यावन्तो अस्याः पृथिवीं सचन्ते अस्मत् पुत्राः परि ये संबभूवुः । सर्वांस्ताँ उप पात्रे ह्वयेथां नाभिं जानानाः शिशवः समायान् ॥४०॥

यी नारीरूपा प्रकृतिबाट उत्पन्न तथा यस भूमिको सेवा गर्ने सबै पुत्रलाई यही ओदन प्राप्त गर्नका लागि नजिकै बोलाऔँ । पुत्रले पनि यो कुरो बुझेर यस यज्ञरूपी नाभीकेन्द्रमा आऊन् ।

वसोर्या धारा मधुना प्रपीना घृतेन मिश्रा अमृतस्य नाभयः । सर्वास्ता अव रुन्धे स्वर्गः षष्ट्यां शरत्सु निधिपा अभीच्छात् ॥४१॥

सुवासयुक्त ओदनका धाराहरू मह र घिउमा मिसिएको छ । अमरत्व प्रदान गर्ने यी धाराहरू स्वर्गमा केन्द्रित छन् । स्वर्गले ती सबैलाई आफ्ना नियन्त्रणमा राखोस् । निधि संरक्षण गर्ने यजमानले साठी वर्षको उमेर पार गरेपछि यसको अभिलाषा गरून् ।

निधिं निधिपा अभ्येनमिच्छादनीश्वरा अभितः सन्तु येऽन्ये । अस्माभिर्दत्तो निहितः स्वर्गस्त्रिभिः काण्डैस्त्रीन्त्स्वर्गानरुक्षत् ॥४२॥

निधिको संरक्षण गर्ने यजमान दानका प्रभावले श्रेष्ठ वैभवको अभिलाषा गरून् । यस वैभवले रहित अरू जति छन्, तिनीहरू सम्पदाका अभावले गर्दा दरिद्रताग्रस्त होऊन् । हाम्रो दान दिने प्रवृत्तिले उपलब्ध भएको स्वर्गीय सुख नै हामीलाई होस् । त्यो सुख तीन काण्डमा विभाजित तीन श्रेणीले युक्त स्वर्गभन्दा श्रेष्ठ स्तरको छ ।

अग्नी रक्षस्तपतु यद् विदेवं क्रव्यात् पिशाच इह मा प्र पास्त । नुदाम एनमप रुध्मो अस्मदादित्या एनमङ्गिरसः सचन्ताम् ॥४३॥

मेरा कर्मका फलमा बाधा हाल्ने खालका राक्षसी शक्तिहरूलाई अग्निदेवताले डढाऊन् । क्रव्याद् नामका अग्नि र राक्षसी प्रवृत्तिमा लागेकाहरूले हाम्रो शोषण गर्न नसकून् । हामी यस्ता असुरलाई पर भगाउँछौँ, नजिकै आउन दिँदैनौँ । आदित्यगण र अङ्गिराका वंशज ऋषिहरूले यस्तो दुष्टलाई नियन्त्रित गरून् ।

आदित्येभ्यो अङ्गिरोभ्यो मध्विदं घृतेन मिश्रं प्रति वेदयामि । शुद्धहस्तौ ब्राह्मणस्यानिहत्यैतं स्वर्गं सुकृतावपीतम् ॥४४॥

हामी आदित्य र अङ्गिरा गोत्रीय ऋषिहरूका लागि घिउमा मिसिएको मह अर्पित गर्दछौँ । ज्ञाननिष्ठ मानिसका पुण्यमय तथा अकल्याणरहित हात पुण्यशाली छन् । उनीहरूलाई यसले स्वर्गतर्फ लिएर जाओस् ।

इदं प्रापमुत्तमं काण्डमस्य यस्माल्लोकात् परमेष्ठी समाप । आ सिञ्च सर्पिर्घृतवत् समङ्ग्ध्येष भागो अङ्गिरसो नो अत्र ॥४५॥

जुन दर्शनीय काण्डका सहायताले प्रजापतिले फल प्राप्त गरेका थिए, त्यसको श्रेष्ठ भाग हामीले उपलब्ध गरेका छौँ । यसलाई घिउले सेचन गरौँ, यो घिउले युक्त भाग हामी अङ्गिराका वंशजहरूको नै हो ।

सत्याय च तपसे देवताभ्यो निधिं शेवधिं परि दद्म एतम् । मा नो द्यूतेऽव गान्मा समित्यां मा स्मान्यस्मा उत्सृजता पुरा मत् ॥४६॥

सत्य, तप र देवताहरूका निम्ति हामी यो ओदनरूपी निधि समर्पित गर्दछौँ । आपसी कर्मको आदानप्रदान गर्ने जुवाजस्ता सभासमितिमा पनि यो ओदन हामीभन्दा पर नहोस् । यसले हामीलाई छोडेर अरूसँग नजाओस् ।

अहं पचाम्यहं ददामि ममेदु कर्मन् करुणेऽधि जाया । कौमारो लोको अजनिष्ट पुत्रोऽन्वारभेथां वय उत्तरावत् ॥४७॥

हामी नै ओदन पकाउने क्रिया सम्पन्न गर्दै छौँ र दानका रूपमा हामी नै यो अरूलाई दिँदै छौँ । हे यज्ञरूपी कर्म ! हामीकहाँ कुमारका रूपमा युवा अवस्थाका अत्यन्त दर्शनीय पुत्रको जन्म भएको छ । अब हामी श्रेष्ठतायुक्त यज्ञान्न पकाउने काम र दानजस्ता असल कार्यको शुभारम्भ गर्न थाल्दछौँ ।

न किल्बिषमत्र नाधारो अस्ति न यन्मित्रैः सममममान एति । अनूनं पात्रं निहितं न एतत् पक्तारं पक्वः पुनरा विशाति ॥४८॥

यस कार्यको कुनै दोष पनि छैन, न त यसको कुनै भिन्न आधार नै छ । यो स्वजनहरूको साथ लागेर पनि जाँदैन । यसलाई भरेर राखेको पात्र फेरि पनि पकाउनेलाई नै प्राप्त हुन्छ ।

प्रियं प्रियाणां कृणवाम तमस्ते यन्तु यतमे द्विषन्ति । धेनुरनड्वान् वयोवय आयदेव पौरुषेयमप मृत्युं नदन्तु ॥४९॥

हे यजमान ! यस्ता अतिशय प्रिय कर्महरू हामी तिम्रै लागि सम्पन्न गर्दछौँ । तिमीसित जसले द्वेष गर्दछन्, तिनीहरू नरकरूपी अन्धकारमा पर्दछन् । गाई, गोरु, अन्न, आयु र पुरुषार्थ हाम्रा निकट आऊन् र अपमृत्युलाई तिनले पर हटाऊन् ।

समग्नयो विदुरन्यो अन्यं य ओषधीः सचते यश्च सिन्धून् । यावन्तो देवा दिव्याऽऽतपन्ति हिरण्यं ज्योतिः पचतो बभूव ॥५०॥

अग्नि र औषधिहरूलाई जुन अग्निदेवताले सेवन गर्दै तिनैमा रहन्छन्, उनीहरू आपसमा एक अर्कालाई जान्दछन् । यिनीहरू र अन्य अग्निले पनि यो कुरो जानेका छन् । पकाउनेहरूलाई देवताहरूको तपस्याका रूपमा पुण्य र सुवर्ण आदि ज्योतिर्मय पदार्थ प्राप्त हुन्छन् ।

एषा त्वचां पुरुषे सं बभूवानग्नाः सर्वे पशवो ये अन्ये । क्षत्रेणात्मानं परि धापयाथोऽमोतं वासो मुखमोदनस्य ॥५१॥

मानिसलाई यो चर्मरूपी आच्छादन अरूका सहायताले प्राप्त भएको छ । अन्य पशुहरू पनि नग्न नभईकन सुरक्षित रहेका छन् । आआफ्ना पुरुषार्थले आफूलाई सुरक्षित रूपमा आच्छादित गरौँ र यस अन्नका मुखलाई पनि वस्त्रले ढाकौँ ।

यदक्षेषु वदा यत् समित्यां यद्वा वदा अनृतं वित्तकाम्या । समानं तन्तुमभि संवसानौ तस्मिन्त्सर्वं शमलं सादयाथः ॥५२॥

धनका लालचले यदि तिमीले जुवाको खाल अथवा सभासम्मेलनमा असत्य भाषण गरेका छौ भने तिमी ती कालामैला विचारहरूलाई उसै ठाउँमा छोडिदेऊ र समानतारूपी चर्खा र तानमा बुनेका वस्त्र धारण गर ।

वर्षं वनुष्वापि गच्छ देवांस्त्वचो धूमं पर्युत्पातयासि । विश्वव्यचा घृतपृष्ठो भविष्यन्त्सयोनिर्लोकमुप याह्येतम् ॥५३॥

हे यज्ञान्न ! देवताका नजिक जाऊ, वर्षा प्राप्त गर, पृथ्वीरूपी त्वचाका चारैतिर यज्ञको धुवाँ उडाऊ । विश्वमा विस्तृत होऊ, घिउरूपी तेजले युक्त हुने इच्छा भएका तिमी पुनः यसै लोकमा आइपुग ।

तन्वं स्वर्गो बहुधा वि चक्रे यथा विद आत्मन्नन्यवर्णाम् । अपाजैत् कृष्णां रुशतीं पुनानो या लोहिनी तां ते अग्नौ जुहोमि ॥५४॥

यो अन्न स्वर्गलोकमा आफ्नो स्वरूप अनेकौं किसिमले प्रस्तुत गर्नमा सक्षम छ । अन्य वर्णका व्यक्तिहरूलाई पनि यसले आफन्तकै रूपमा चिनेको छ । यसले कालोपना हटाउँछ र तेजलाई शुद्ध गराउँछ । उसको जुन बलियो रातो वर्णको अंश हुन्छ, उसैलाई अग्निमा होम्ने गरिन्छ ।

प्राच्यै त्वा दिशेऽग्नयेऽधिपतयेऽसिताय रक्षित्र आदित्यायेषुमते । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥५५॥

तिमीलाई हामी पूर्व दिशा, अधिपति अग्निदेवता, संरक्षणकर्ता असित नामका देवता र बाण धारण गरेका आदित्यका लागि प्रदान गर्दछौँ । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौँ ।

दक्षिणायै त्वा दिश इन्द्रायाधिपतये तिरश्चिराजये रक्षित्रे यमायेषुमते । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥५६॥

तिमीलाई हामी दक्षिण दिशा, अधिपति इन्द्रदेवता, संरक्षणकर्ता तिरश्ची नामका सर्पदेवता र बाण धारण गरेका यमका लागि प्रदान गर्दछौँ । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौँ ।

प्रतीच्यै त्वा दिशे वरुणायाधिपतये पृदाकवे रक्षित्रेऽन्नायेषुमते । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥५७॥

तिमीलाई हामी पश्चिम दिशा, अधिपति वरुणदेवता, संरक्षणकर्ता पृदाकु नामका सर्पदेवता र बाण धारण गरेका अन्नका लागि प्रदान गर्दछौँ । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौँ ।

उदीच्यै त्वा दिशे सोमायाधिपतये स्वजाय रक्षित्रेऽशन्या इषुमत्यै । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥५८॥

तिमीलाई हामी उत्तर दिशा, अधिपति सोमदेवता, संरक्षणकर्ता स्वज नामका सर्प तथा अशनि देवताका लागि प्रदान गर्दछौँ । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौँ ।

ध्रुवायै त्वा दिशे विष्णवेऽधिपतये कल्माषग्रीवाय रक्षित्र ओषधीभ्य इषुमतीभ्यः । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥५९॥

तिमीलाई हामी ध्रुव दिशा, अधिपति विष्णुदेवता, संरक्षणकर्ता कल्माष नामका सर्प तथा इषुमती औषधिका लागि प्रदान गर्दछौँ । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौँ ।

ऊर्ध्वायै त्वा दिशे बृहस्पतयेऽधिपतये श्वित्राय रक्षित्रे वर्षायेषुमते । एतं परि दद्मस्तं नो गोपायतास्माकमैतोः । दिष्टं नो अत्र जरसे नि नेषज्जरा मृत्यवे परि णो ददात्वथ पक्वेन सह सं भवेम ॥६०॥

तिमीलाई हामी उर्ध्व दिशा, अधिपति बृहस्पतिदेवता, संरक्षणकर्ता श्वित्र नामका सर्प तथा इषुवान् वर्षाका लागि प्रदान गर्दछौं । हामीकहाँबाट प्रस्थान गर्ने बेलासम्म तिमी यसको संरक्षण गर । हाम्रो प्रारब्धको फलका रूपमा हामीलाई यो प्राप्त गराइराख र हाम्रो मृत्युका समयसम्म यो पुऱ्याइराख । यसै परिपक्व अन्नका साथमा हामी पुनः उत्पन्न हुनेछौं ।

४. वशा गौ सूक्त

ऋषि– कश्यप । **देवता–** वशा । **छन्द–** अनुष्टुप्, भुरिक् अनुष्टुप्, विराट् अनुष्टुप्, उष्णिक् बृहतीगर्भा अनुष्टुप्, बृहतीगर्भा अनुष्टुप् ।

ददामीत्येव ब्रूयादनु चैनामभुत्सत । वशां ब्रह्मभ्यो याचद्भ्यस्तत् प्रजावदपत्यवत् ॥१॥

हरेक असल गृहस्थले म दान दिनेछु भन्ने कुरो सधैं गरून् । दानका लागि उनीहरूले अनुकूल भावना राखून् । याचक ब्राह्मणहरूलाई वशा नामको विविध अर्थ लाग्ने तत्त्व दान गरून् । यस दानले दातालाई सन्तान र प्रजा प्रदान गर्न सकोस् ।

प्रजया स वि क्रीणीते पशुभिश्चोप दस्यति । य आर्षेयेभ्यो याचद्भ्यो देवानां गां न दित्सति ॥२॥

नाँगेका अवस्थामा जुन मानिसले ऋषिपुत्र वा देवतालाई वशाका रूपमा विद्यारुपिणी गाई दिँदैन, त्यस्ताले आफ्नै प्रजा बेचेको हुन्छ र पशुधनले रहित भएर त्यसले अपयश प्राप्त गर्दछ ।

कूटयास्य सं शीर्यन्ते श्लोणया काटमर्दति । बण्डया दह्यन्ते गृहाः काणया दीयते स्वम् ॥३॥

वशारूपी विद्याको सिङका रूपमा रहेको तिखोपना कुँडियो भने त्यस्ता दान नगर्ने व्यक्तिको निकटवर्ती व्यक्ति वा साधन जे भए पनि नष्ट भएर जान्छ । त्यो विद्या लङ्गडो भएका अवस्थामा उसले खाडलमा खस्नुपर्ने हुन्छ । पुच्छर लिँडो भए विकलाङ्ग भएमा घर नै जलेर नष्ट हुन्छ र एउटा आँखो कानो भएमा आफ्नै सम्पत्ति नाश हुन्छ ।

विलोहितो अधिष्ठानाच्छक्नो विन्दति गोपतिम् । तथा वशायाः संविद्यं दुरदभ्ना ह्युच्यसे ॥४॥

गाईको गोबरबाट रक्तज्वर नामको रोग प्रकट भएर कन्जुस मालिकको विनाश गर्दछ । त्यसै कारणले वशा नामका विद्यालाई कसैले कहिल्यै दबाउन नसक्ने शक्ति भन्ने गरिन्छ ।

पदोरस्या अधिष्ठानाद् विक्लिन्दुर्नाम विन्दति । अनामनात् सं शीर्यन्ते या मुखेनोपजिघ्रति ॥५॥

रिसाएका गाईले पाइलो राखेका ठाउँबाट विक्लिन्दु नामको रोग फैलने गर्दछ । जसलाई त्यस किसिमका गाईले सुँघ्दछ, त्यस्ता गाईको स्वामीले ख्याति नकमाईकन बिस्तारै क्षीण हुँदै विनाश हुन्छ ।

यो अस्याः कर्णावास्कुनोत्या स देवेषु वृश्चते । लक्ष्म कुर्व इति मन्यते कनीयः कृणुते स्वम् ॥६॥

जसले गाईका कानमा दुखाउँछ, उसले मानौं देवतालाई दुख दिएको हो । गाई चिन्नका लागि शरीरमा परिचयको चिनो लगाउने व्यक्तिको पनि धन नाश हुन्छ ।

यदस्याः कस्मै चिद् भोगाय बालान् कश्चित् प्रकृन्तति । ततः किशोरा म्रियन्ते वत्सांश्च घातुको वृकः ॥७॥

कुनै किसिमको साजसज्जाका लागि कसैले गाईका रौं काट्ने खौरने गर्दछ भने त्यस अपराधको फलस्वरूप तिनका सन्तान मर्दछन् र ब्वाँसाले बालबच्चामाथि आक्रमण गर्दछ ।

यदस्या गोपतौ सत्या लोम ध्वाङ्क्षो अजीहिडत् । ततः कुमार म्रियन्ते यक्ष्मो विन्दत्यनामनात् ॥८॥

गाईका धनी देख्दा देख्दै कागले गाईका रौं तान्यो भनेदेखि यसबाट त्यसका सन्तान मर्दछन् र क्षयरोगले उसलाई सजिलैसित ग्रसित गर्दछ ।

यदस्याः पल्पूलनं शकृद् दासी समस्यति । ततोऽपरूपं जायते तस्मादव्येष्यदेनसः ॥९॥

यदि गाईको सेवा गर्ने व्यक्तिले गाईको गोबर वा गहुँत जताततै प्याँक्यो भनेदेखि त्यस पापले गाईका धनीको रूप नै बिग्रिन्छ ।

जायमानाभि जायते देवान्त्सब्राह्मणान् वशा । तस्माद् ब्रह्मभ्यो देयैषा तदाहुः स्वस्य गोपनम् ॥१०॥

उत्पन्न भएजति सबै वशा नै केवल ब्रह्मनिष्ठ ज्ञानीहरूका लागि मात्रै उत्पन्न भएको हो । त्यसैले यसलाई ज्ञानले सम्पन्न ब्राह्मणले ब्रह्मकर्ममा लागेका मानिसहरूलाई नै दानका रूपमा दिनु उपयुक्त हुन्छ भन्ने खालको विद्वान्हरूको मत रहेको छ ।

य एनां वनिमायन्ति तेषां देवकृता वशा । ब्रह्मज्येयं तदब्रुवन् य एनां निप्रियायते ॥११॥

ब्रह्मनिष्ठले माग्दा उनलाई गाई दान नदिईकन जसले यो त मेरो अति प्रिय छ, भन्दै आफूसँगै राख्दछ, उसको त्यस्तो काम ब्रह्मनिष्ठप्रति गरिएको अत्याचारजस्तै हो । किनभने देवताले उसलाई उनैका लागि बनाएका हुन् ।

य आर्षेयेभ्यो याचद्भ्यो देवानाः गां न दित्सति । आ स देवेषु वृश्चते ब्राह्मणानां न मन्यवे ॥१२॥

जुन मानिसले लोकहितलाई विचार गर्ने ऋषिपुत्रलाई देवताका गाई दानका रूपमा दिँदैनन्, उनीहरूमाथि ब्राह्मणको कोप र देवताको आघात बर्सने गर्दछ ।

यो अस्य स्याद् वशाभोगो अन्यामिच्छेत तर्हि सः । हिंस्ते अदत्ता पुरुषं याचितां च न दित्सति ॥१३॥

यदि कुनैले भोग्य सामग्री खोजेको छ भने उसले त्यस वशा नामको ब्रह्मविद्याका माध्यमबाट होइन, अन्य कुनै उपायले प्राप्त गर्नुपर्दछ । किनभने यो वशा नामको ब्रह्मविद्या याचना गर्दा पनि दिइँदैन । त्यस अवस्थामा त्यो वशा नामको गाई उसैको धनीका लागि विनाशको कारण बनेको हुन्छ ।

यथा शेवधिर्निहितो ब्राह्मणानां तथा वशा । तामेतदच्छायन्ति यस्मिन् कस्मिंश्च जायते ॥१४॥

कसैको नासो सुरक्षित गरिदिएझैं वशा भनिएको गाई ब्राह्मणको आफ्नै सम्पत्ति हो । जसका घरमा जहाँ जुन रूपमा उत्पन्न भए पनि ब्राह्मणहरू त्यसको याचकका रूपमा पुग्दछन् ।

स्वमेतदच्छायन्ति यद्वशां ब्राह्मणा अभि । यथैनानन्यस्मिन् जिनीयादेवास्या निरोधनम् ॥१५॥

यदि ब्रह्मनिष्ठ ब्राह्मण गाईका नजिक आए भनेदेखि उनी आफ्नै सम्पत्तिका नजिक आएका हुन् । यस किसिमको गाई नदिईकन रोक्नु भनेको अर्को अर्थमा ब्राह्मणलाई दुःखी बनाउने खालको काम गर्नु हो ।

चरेदेवा त्रैहायणादविज्ञातगदा सती । वशां च विद्यान्नारद ब्राह्मणास्तर्ह्येष्याः ॥१६॥

जीवनकालका तीन अंशसम्म पनि यदि वशाको परिचय पाउन सकिएन भने उसलाई गाईका धनीले स्वतन्त्र विचरण गर्न दिनुपर्दछ । हे नारद ! यो वशा नामको प्रतिभा अथवा विद्यालाई चिनिसकेपछि उसका लागि ब्रह्मनिष्ठ अनुशासनमा रहेको ब्राह्मण खोजेर उसैका जिम्मा लगाउनुपर्दछ ।

य एनामवशामाह देवानां निहितं निधिम् । उभौ तस्मै भवाशर्वौ परिक्रम्येषुमस्यतः ॥१७॥

जसले यस स्थायी सुरक्षित दैवी निधि वशाका बदलामा अवशा दिन योग्य भन्ने गर्दछन् त्यस अवस्थामा भव र शर्व यी दुवै पराक्रमी देवताले पूर्ण रूपमा प्रहार गर्दै त्यसमा बाण प्रहार गर्दछन् ।

यो अस्या ऊधो न वेदाथो अस्या स्तनानुत । उभयेनैवास्मै दुहे दातुं चेदशकद् वशाम् ॥१८॥

जुन गाई पालकले त्यस गाईका थुनका विषयमा नजानीकनै पनि दानका रूपमा गाई दिनका लागि सक्षम भए भनेदेखि त्यस गाईले तिनलाई पुण्यफलका साथसाथै पर्याप्त दुधरूपी अभीष्ट फल पनि प्रदान गर्दछ ।

दुरदभ्नैनमा शये याचितां च न दित्सति । नास्मै कामाः समृध्यन्ते यामदत्त्वा चिकिर्षति ॥१९॥

जसले याचना गर्दा पनि ब्राह्मणलाई यो गाई दान गर्दैन, उसका घरमा यो गाई थामिनसक्नु भएर रहने गर्दछ । जसले यो नदिईकन आफैँसग राख्ने विचार गर्दछ, त्यस्ताको अभीष्ट पूरा हुँदैन ।

देवा वशामयाचन् मुखं कृत्वा ब्राह्मणम् । तेषां सर्वेषामददद्धेडं न्येति मानुषः ॥२०॥

ब्राह्मणको रूप धारण गरेर, देवशक्तिले नै वशाको याचना गर्दछन् । त्यसैले दानका रूपमा यस्तो गाई नदिने मानिस देवताको कोपभाजन हुन पुग्दछ ।

हेडं पशूनां न्येति ब्राह्मणेभ्योऽददद् वशाम् । देवानां निहितं भागं मर्त्यश्चेन्निप्रियायते ॥२१॥

देवताहरूको सुरक्षित निधिका रूपमा राखिएको वशा नामको भागलाई जुन मानिसले आफ्नो प्रिय मानेर ब्राह्मणलाई दानका रूपमा दिँदैन भने उसले पशुहरूको पनि कोपभाजन बन्नुपर्ने हुन्छ ।

यदन्ये शतं याचेयुर्ब्राह्मणा गोपतिं वशाम् । अथैनां देवा अब्रुवन्नेवं ह विदुषो वशा ॥२२॥

गाईको धनीसँग अरू सयौँ ब्राह्मणले नै यदि वशाका लागि याचना गरे भने पनि त्यो विद्वान्को नै हुने गर्दछ भनेर देवताहरूले भनेका छन् ।

य एवं विदुषेऽदत्त्वाथान्येभ्यो ददद् वशाम् । दुर्गा तस्मा अधिष्ठाने पृथिवी सहदेवता ॥२३॥

जुन मानिस यस किसिमका विद्वान्लाई गाई नदिएर अरू कसैलाई दान गर्दछ भने उसको त्यस कामका लागि समस्त देवताहरूका साथसाथै पृथ्वी पनि कष्टदायी हुने गर्दछ ।

देवा वशामयाचन् यस्मिन्नग्रे अजायत । तामेतां विद्यान्नारदः सह देवैरुदाजत ॥२४॥

जसका घरमा वशाको जन्म हुन्छ, उसबाट देवताले गाईको माग गर्दछन् । देवताहरूलाई यस किसिमको गाई दान गर्दा गाई र देवता सबैको उन्नति हुन्छ भन्ने कुरो नारदले जानेका थिए ।

अनपतयमल्पपशुं वशा कृणोति पूरुषम् । ब्राह्मणैश्च याचितामथैनां निप्रियायते ॥२५॥

ब्राह्मणले माग्दा पनि अति लोभ गरेर जसले प्रिय मान्दै त्यो गाई दान गर्दैन र आफैँसित राख्छ भनेदेखि त्यस वशा नामका गाईले त्यस मानिसलाई सन्तति र सौभाग्यरहित बनाएर पशुधनले पनि क्षीण गराइदिन्छ ।

अग्नीषोमाभ्यां कामाय मित्राय वरुणाय च । तेभ्यो याचन्ति ब्राह्मणास्तेष्वा वृश्चतेऽददत् ॥२६॥

ब्राह्मणहरू अग्नि, सोम, मित्र, वरुण र काम आदि देवताहरूका निम्ति वशाको याचना गर्दछन्, आफ्ना लागि होइन । त्यसैले यसको दान नगर्दाखेरि मानिसले ती देवताहरूको नै अपमान गरेको हुन्छ ।

यावदस्या गोपतिर्नोपशृणुयादृचः स्वयम् । चरेदस्य तावद् गोषु नास्य श्रुत्वा गृहे वसेत् ॥२७॥

जबसम्म त्यस इन्द्रियको स्वामीका रूपमा रहेका गाईधनीले स्वयं आफैँ ऋचाहरू सुन्दैन, त्यस

बेलासम्म त्यसका इन्द्रियरूपी गाईका बीचमा वशा नामको विद्याको प्रतिभा विचरण गरोस् । जब उसले ऋचारूपी ज्ञान सुनेर आर्जन गर्दछ, त्यसपछि उसले त्यो दान गरोस् ।

यो अस्या ऋच उपश्रुत्याथ गोष्वचीचरत् । आयुश्च तस्य भूतिं च देवा वृश्चन्ति हीडिताः ॥२८॥

त्यस्ता गाई पालकले मन्त्रघोष सुनेर पनि आफ्ना गाईका बीचमा दानका रूपमा दिनुपर्ने गाईलाई चराइरहन्छ भनेदेखि देवताहरू उसमाथि क्रोधित हुन्छन् र उसको आयु तथा सम्पदा विनाश गरिदिन्छन् ।

वशा चरन्ती बहुधा देवानां निहितो निधिः । आविष्कृणुष्व रूपाणि यदा स्थाम जिघांसति ॥२९॥

वशारूपी अनेकौं स्थानमा विचरण गर्ने त्यो गाई देवताको सुरक्षित निधिको रूप हो । जब त्यो आफ्ना स्थानमा जाने रहर गर्दछ, त्यस बेला विभिन्न रूपमा प्रकट हुने गर्दछ ।

आविरात्मानं कृणुते यदा स्थाम जिघांसति । अथो ह ब्रह्मभ्यो वशा याञ्च्याय कृणुते मनः ॥३०॥

जब त्यस वशारूपी गाईले आफ्ना थान्कोमा जाने विचार गर्दछ, त्यस बेला उसले आफ्ना मनको भावना प्रदर्शित गर्दछ । ब्राह्मणहरूले याचना गरून् भनेर त्यस गाईले आफ्ना मनमा गुनेको हुन्छ ।

मनसा सं कल्पयति तद् देवाँ अपि गच्छति । ततो ह ब्रह्माणो वशामुपप्रयन्ति याचितुम् ॥३१॥

मनले त्यस गाईलाई सम्झँदै सङ्कल्प गर्नाले त्यो सङ्कल्प सबैभन्दा पहिले देवतसमक्ष पुग्दछ । त्यसपछि मात्रै ब्राह्मणहरू त्यो गाई माग्नका लागि आएका हुन्छन् ।

स्वधाकारेण पितृभ्यो यज्ञेन देवताभ्यः । दानेन राजन्यो वशाया मातुर्हेडं न गच्छति ॥३२॥

स्वधाका रूपमा तर्पणकार्य गर्नाले पितृलाई तृप्ति हुन्छ र यज्ञका साथै वशारूपी त्यस गाईको दानले देवतालाई सन्तुष्टि प्राप्त हुन्छ । त्यसो भएपछि मात्रै क्षत्रियहरू आफ्नी जन्मदात्री माताका रूपमा रहेकी गाईको कोपभाजन हुँदैनन् ।

वशा माता राजन्यस्य तथा संभूतमग्रशः । तस्या आहुरनर्पणं यद् ब्रह्मभ्यः प्रदीयते ॥३३॥

त्यस वशा नामले चिनिएका गाईलाई क्षत्रियहरूकी माता भन्ने गरिन्छ । जसले त्यो वशा ब्राह्मणलाई दानका रूपमा दिने गर्दछन्, वास्तवमा त्यो उनीहरूलाई दिइएको दान होइन, किनभने गाई त ब्राह्मणले नै सुरक्षा गरेर राखेको निधि हो भन्ने गरिन्छ ।

यथाज्यं प्रगृहीतमालुम्पेत् स्रुचो अग्नये । एवा ह ब्रह्मभ्यो वशामग्नय आ वृश्चतेऽददत् ॥३४॥

सुरोमा उचालिसकिएको घिउ अग्निमा समर्पित नगर्नु जुन खालको अपराध हो, उस्तै किसिमले ब्राह्मणलाई वशारूपी गाई दानका रूपमा नदिनेलाई पनि अपराधी नै मानिन्छ ।

पुरोडाशवत्सा सुदुघा लोकेऽस्मा उप तिष्ठति । सास्मै सर्वान् कामान् वशा प्रददुषे दुहे ॥३५॥

पुरोडाशरूपी बाछाका सहायताले उत्तम किसिमको दुध दोहन गराउने वशारूपी गाई यस लोकमा यिनै दानी यजमानहरूका नजिकै रहन्छ । त्यस गाईले यी दाताका समस्त मनोकामना पूरा गराउँदछ ।

सर्वान् कामान् यमराज्ये वशा प्रददुषे दुहे । अथाहुर्नारकं लोकं निरुन्धानस्य याचिताम् ॥३६॥

वशा दान गर्ने दाताका सबै खालका मनोकामनाहरू नियमका पालक यमका राज्यमा पूरा हुन्छन्, तर याचना गर्दा पनि दान नगर्नेहरूलाई नरकलोक प्राप्त हुन्छ भन्ने विद्वान्हरूको मत रहेको छ ।

प्रवीयमाना चरति क्रुद्धा गोपतये वशा । वेहतं मा मन्यमानो मृत्योः पाशेषु बध्यताम् ॥३७॥

सिर्जनशील वशा नामको प्रतिभारूपी गाईले अविवेकी इन्द्रियको धनी वा गाईका स्वामीलाई क्रोधित भएर फल वितरण गर्दछ । त्यस अवस्थामा त्यस प्रतिभारूपी वशाले मलाई अनुत्पादक बनाएर बाँझो पार्ने तिमीलाई मृत्युका पाशले बाँधोस् भन्ने अभिशाप दिएको हुन्छ ।

यो वेहतं मन्यमानोऽमा च पचते वशाम् । अप्यस्य पुत्रान् पौत्रांश्च याचयते बृहस्पतिः ॥३८॥

जसले त्यस वशारूपी गाईलाई बाँझो वा गर्भ तुहाउने रूपमा ठानेर आफ्नै घरभित्र थन्क्याउँछ, विद्याका अधिष्ठाता बृहस्पतिदेवताले उसका छोरानातिलाई भिक्षा माग्ने बनाउँछन् ।

महदेषाव तपति चरन्ती गोषु गौरपि । अथो ह गोपतये वशाददुषे विषं दुहे ॥३९॥

त्यस्तो वशा नामको प्रतिभारूपी गाई इन्द्रियरूपी अन्य गाईहरूसँगै चरेको भए तापनि अत्यन्त सन्ताप दिने खालको हुन्छ । त्यसले त दान नदिने गाईधनीलाई दुधका रूपमा मानौं विष नै दिइरहेको हुन्छ ।

प्रियं पशूनां भवति यद् ब्रह्मभ्यः प्रदीयते । अथो वशायास्तत् प्रियं यद् देवत्रा हविः स्यात् ॥४०॥

जुन वशारूपी ज्ञान ब्राह्मणहरूलाई दानका रूपमा दिइन्छ, त्यो अन्य प्राणीहरूका लागि पनि कल्याणकारक हुन्छ । त्यसैले वशारूपी गाईलाई देवताहरूका लागि आहुति दान गरेको पनि अति नै मन पर्दछ ।

या वशा उदकल्पयन् देवा यज्ञादुदेत्य । तासां विलिप्त्यं भीमामुदाकुरुत नारदः ॥४१॥

देवताहरूले वशालाई यज्ञद्वारा देवताहरूले सङ्कल्पशक्तिले बनाएपछि नै त्यो अत्यधिक विशाल शरीर भएको वशालाई नारदका अनुभवले स्वीकार गरेको थियो ।

तां देवा अमीमांसन्त वशेया३मवशेति । तामब्रवीन्नारद एषा वशानां वशतमेति ॥४२॥

त्यसै बेला देवताहरूले यो गाई त कुनै पनि धनीका नियन्त्रणमा रहने खालको होइन भन्ने कुरामा विचार विनिमय गरेका थिए । अनि नारदले चाहिँ यो वशा नामको गाई अरू गाईका तुलनामा सजिलोसित नियन्त्रणमा रहने खालको छ भन्ने आफ्नो विचार सुनाएका थिए ।

कति नु वशा नारद यास्त्वं वेत्थ मनुष्यजाः । तास्त्वा पृच्छामि विद्वांसं कस्या नाश्नीयादब्राह्मणः ॥४३॥

हे नारद ऋषि ! मानिसहरूसँग यस्ता किसिमका कति गाईहरू उत्पन्न भएका हुन्छन् भन्ने विषयमा तिमीले जानेका छौ ? तिमी त विद्वान् पुरुष हौ, त्यसैले तिमीसित हामी 'जो ब्राह्मणभन्दा भिन्न किसिमका मानिसहरू छन्, तिनीहरूले र तिनलाई सेवा गर्न नहुने कुरो के हो ?' भनेर बृहस्पतिले सोधे ।

विलिप्त्या बृहस्पते या च सूतवशा वशा । तस्या नाश्नीयादब्राह्मणो य आशंसेत भूत्याम् ॥४४॥

बृहस्पतिलाई उत्तर दिँदै नारदले हे बृहस्पति ! ऐश्वर्यको कामना गर्ने अब्राह्मण व्यक्तिहरूले विलिप्ति नामका साथमा विशिष्ट प्रयोजनमा लिप्त, सूतवशा नामको प्रेरणा प्रदान गर्ने वशा र सर्ववशा नामको यी तीनै वटा वशाको सेवा र उपयोग नगरून् भन्ने उत्तर दिए ।

नमस्ते अस्तु नारदानुष्ठु विदुषे वशा । कतमासां भीमतमा यामदत्त्वा पराभवेत् ॥४५॥

हे नारद ! तिमीलाई हाम्रो नमस्कार गर्दछौं । यो वशा नामको गाई विद्वान् पुरुषका प्रार्थनाको अनुकूल नै छ । त्यसमा पनि यी धेरै गाईहरूमध्ये कुन चाहिँ गाई अत्यन्त भयङ्कर रूपको छ र त्यसलाई दानका रूपमा नदिँदा पराजित हुनुपर्दछ भनेर सोधे ।

विलिप्ती या बृहस्पतेऽथो सूतवशा वशा । तस्या नाश्नीयादब्राह्मणो य आशंसेत भूत्याम् ॥४६॥

नारदले बृहस्पतिको कुरो सुनेर हे बृहस्पतिदेवता ! जो ब्राह्मणभन्दा भिन्न छन्, उनले यदि ऐश्वर्य समृद्धिको कामना गरेका छन् भनेदेखि उनीहरू माथि बताइएका विलिप्ति, सूतवशा र सर्ववशा यी तीनै किसिमका गाईको सेवा गर्ने गर्ने काम गरेर आफूलाई जोगाइराखून् ।

त्रीणि वै वशाजातानि विलिप्ती सूतवशा वशा । ताः प्र यच्छेद् ब्रह्मभ्यः सोऽनाव्रस्कः प्रजापतौ ॥४७॥

विलिप्ति, सूतवशा र सर्ववशा यी गाईका तीन वटा प्रजाति वा श्रेणीहरू छन् । जसले ब्राह्मणलाई दानका रूपमा यी गाई दिन्छन्, तिनीहरू प्रजापतिका क्रोधबाट सुरक्षित रहन्छन् ।

एतद् वो ब्राह्मणा हविरिति मन्वीत याचितः । वशां चेदेनं याचेयुर्या भीमाददुषो गृहे ॥४८॥

हे ब्रह्मज्ञानीहरू हो ! यो वशारूपी हवि तिमीहरूका लागि समर्पित गरेका छौँ भन्ने कुरो ब्राह्मणले याचना गर्नासाथ गाईका धनीले उच्चारण गरोस् । दान नगर्नेका घरमा त्यो वशा नामको गाई नै अत्यन्त भयङ्कर हुने गर्दछ ।

देवा वशां पर्यवदन् न नोऽदादिति हीडिताः एताभिर्ऋग्भिर्भेदं तस्माद् वै स पराभवत् ॥४९॥

क्रोधित भएका देवताहरूले वशासित 'यसले दान गरेको छैन, ऋचाहरू दान गर्दाखेरि भेद उत्पन्न गरायो' भने त्यसपछि नै उसको पराजित भएको थियो ।

उतैनां भेदो नाददाद् वशामिन्द्रेण याचितः । तस्मात् तं देवा आगसोऽवृश्चन्नहमुत्तरे ॥५०॥

इन्द्रदेवताले वशाको याचना गर्दाखेरि पनि जसले दान दिँदैन, उसका राज्यमा भेद उत्पन्न हुने गर्दछ । त्यसका पापको दण्डस्वरूप देवताले उसलाई अहङ्कारका घेरामा पारेर विनाश गरिदिन्छन् ।

ये वशाया अदानाय वदन्ति परिरापिणः । इन्द्रस्य मन्यवे जाल्मा आ वृश्चन्ते आचित्त्या ॥५१॥

जुन मानिसले गाईका धनीलाई आफ्ना कर्तव्यबाट विमुख गराउँदै नदेऊ भन्ने खालको सल्लाह दिन्छन्, तिनीहरू आफ्नै दुर्बुद्धिले गर्दा इन्द्रदेवताको रिसका झोँकमा विनाश हुन्छन् ।

ये गोपतिं पराणीयाथाहुर्मा ददा इति । रुद्रस्यास्तां ते हेतिं परि यन्त्यचित्त्या ॥५२॥

जुन मानिसहरू गाईका धनीका नजिकै गएर दानका रूपमा यो गाई नदेऊ भन्दछन्, तिनीहरू आफ्नै कुमतिका कारण रुद्रदेवताले फ्याँकेका शस्त्रास्त्रले विनाश हुन्छन् ।

यदि हुतां यद्यहुताममा च पचते वशाम् । देवान्त्सब्राह्मणानृत्वा जिह्मो लोकान्निर्ऋच्छति ॥५३॥

यज्ञका आहुतिका रूपमा दिइएको हुनाले हुत नामको होस् वा दान नदिइएको हुनाले अहुत नामको होस्, विद्या वा प्रतिभाका रूपमा रहेको वशालाई यदि कुनै व्यक्तिले आफ्नै घरभित्रै मात्र सीमित स्वार्थका लागि पचाएर राख्न खोज्दछ भने त्यस्तो कुटिल व्यक्ति ब्राह्मण वा देवता नै भए पनि अपराधी बनेर लोकको श्रेष्ठ स्थानमा रहेको भए पनि पतित हुन पुग्दछ ।

५. ब्रह्मगवी सूक्त

ऋषि– अथर्वाचार्य । **देवता–** ब्रह्मगवी । **छन्द–** प्रजापत्याअनुष्टुप्, भुरिक् साम्नी अनुष्टुप्, चतुष्पदा स्वराट् उष्णिक्, आसुर्यनुष्टुप्, साम्नी पङ्क्ति, साम्नी उष्णिक् ।

श्रमेण तपसा सृष्टा ब्रह्मणा वित्तर्ते श्रिता ॥१॥

तपस्याले उत्पन्न गराएका सत्यमा आश्रययुक्त यस ब्रह्मगवीलाई ब्राह्मणले नै जानेका वा फेला पारेका हुन् ।

सत्येनावृता श्रिया प्रावृता यशसा परीवृता ॥२॥

ये सत्यले आच्छादित, श्रीसम्पदाले युक्त परिपूर्ण र यशस्वितापूर्वक चारैतिर घेरिएर सम्पन्न भएर रहेका हुन्छन् ।

स्वधया परिहिता श्रद्धया पर्यूढा दीक्षया गुप्ता यज्ञे प्रतिष्ठिता लोको निधनम् ॥३॥

यो आफ्नो धारणाशक्तिले सुरक्षित भयो, श्रद्धाका भावनाले सम्पन्न, दीक्षाका व्रतले संरक्षित र यज्ञमा प्रतिष्ठित रहेको हुन्छ, त्यसपछि ब्राह्मणभन्दा बाहेकका क्षत्रिय आदिले यसतिर हेर्नु वा प्राप्त गर्न खोज्नु भनेको नै मृत्यु हो ।

ब्रह्म पदवायं ब्राह्मणोऽधिपतिः ॥४॥

यस गाईका कारणले नै ब्रह्मपदको प्राप्ति हुन्छ, ब्राह्मण नै यस गाईका अधिपति हुन् ।

तामाददानस्य ब्रह्मगवीं जिनतो ब्राह्मणं क्षत्रियस्य ॥५॥

ब्राह्मणका गाई अपहरण गरेर ब्रह्मज्ञानीलाई दुःख दिने ब्राह्मण र क्षत्रियलाई .... ।

अप क्रामति सूनृता वीर्यं पुण्या लक्ष्मीः ॥६॥

लक्ष्मी, वीर्य र प्रिय मधुर वाणीले साथ दिन छोड्नेछन् ।

६. ब्रह्मगवी सूक्त

ऋषि— अथर्वाचार्य । **देवता—** ब्रह्मगवी । **छन्द—** साम्नी त्रिष्टुप्, भुरिक् आर्ची एकपदा अनुष्टुप्, आर्ची एकपदा अनुष्टुप्, उष्णिक, आर्ची निचृत् पङ्क्ति ।

ओजश्च तेजश्च सहश्च बलं च वाक् चेन्द्रियं च श्रीश्च धर्मश्च ॥१॥

ओज, तेज, शत्रुलाई दमन गर्ने बल, वाणी, इन्द्रियको शक्ति, धनलक्ष्मी, धर्म ....

ब्रह्म च क्षत्रं च राष्ट्रं च विशश्च त्विषिश्च यशश्च वर्चश्च द्रविणं च ॥२॥

ब्रह्मविद्या, क्षत्रियत्व, राष्ट्र, प्रजा, तेज, यश, पराक्रम, धन ....

आयुश्च रूपं च नाम च कीर्तिश्च प्राणश्चापानश्च च चक्षुश्च श्रोत्रं च ॥३॥

आयु, रूप, नाम, यश, प्राण, अपान, आँखा, कान ....

पयश्च रसश्चान्नं चान्नाद्यं चर्तं च सत्यं चेष्टं च पूर्तं च प्रजा च पशवश्च ॥४॥

दूध, रस, अन्न, पाचनशक्ति, ऋत, सत्य, वेद, चेतना, परिपूर्णता, प्रजा वा सन्तान, पशु ....

तानि सर्वाण्यप क्रामन्ति ब्रह्मगवीमाददानस्य जिनतो ब्राह्मणं क्षत्रियस्य ॥५॥

ती सबै पदार्थले ब्राह्मणको गाई खोस्ने र संहार गर्ने क्षत्रियलाई छोडिदिन्छन् ।

७. ब्रह्मगवी सूक्त

ऋषि— अथर्वाचार्य । **देवता—** ब्रह्मगवी । **छन्द—** विराट विषमा गायत्री, आसुर्यनुष्टुप्, साम्नी उष्णिक्, गायत्री, प्राजापत्यानुष्टुप्, याजुषी जगती, साम्नी अनुष्टुप्, साम्नी बृहती, याजुषी त्रिष्टुप्, आसुरी गायत्री, आर्ची उष्णिक् ।

सैषा भीमा ब्रह्मगव्य१घविषा साक्षात् कृत्या कूल्बजमावृता ॥१॥

यस ब्रह्मगवीले भयानक, विषालु, प्रत्यक्ष आघात गर्ने, र संहारक कृत्यको रूप धारण गर्दछ ।

सर्वाण्यस्यां घोराणि सर्वे च मृत्यवः ॥२॥

यस गाईका रूपमा सबैका किसिमका भयङ्करता र मृत्युका सबै खालका सम्भावनाहरू समावेश भएका हुन्छन् ।

सर्वाण्यस्यां क्रूराणि सर्वे पुरुषवधाः ॥३॥

यस ब्रह्मगवीमा सबै खालका क्रूरतापूर्ण कृत्य र सबै पुरुषको वध विद्यमान रहेको हुन्छ ।

सा ब्रह्मज्यं देवपीयुं ब्रह्मगव्या दीयमाना मृत्योः पड्वीश आ द्यति ॥४॥

ब्राह्मणबाट खोसिएका यस ब्रह्मगवीले ब्रह्मघाती र देवताका शत्रुलाई मृत्युका फन्दामा बाँधिदिन्छ ।

मेनिः शतवधा हि सा ब्रह्मज्यस्य क्षितिर्हि सा ॥५॥

ब्राह्मणको आयु घटाउनेहरूलाई क्षय गराउने यस गाईरूपी ब्रह्मगवी सयौं किसिमका संहारक अस्त्रको रूप धारण गर्दछ ।

तस्माद् वै ब्राह्मणानां गौर्दुराधर्षा विजानता ॥६॥

त्यसो हुनाले ज्ञानी मानिसले ब्राह्मणका गाई खोस्ने काम गर्नुहुँदैन ।

वज्रो धावन्ती वैश्वानर उद्वीता ॥७॥

त्यो ब्रह्मगवीरूपको गाई कुद्यो भने वज्रजस्तै बनेको हुन्छ, उठ्ताखेरि आगोजस्तै माथि उकालिन्छ ।

हेतिः शफानुत्खिदन्ती महादेवो३पेक्षमाणा ॥८॥

त्यस ब्रह्मगवी नामका गाईले खुर ठट्टाउँदा हतियार बर्सिएजस्तो र आँखार घुमाएर हेर्दा संहारकर्ता रुद्रदेवताको रूपजस्तो हुने गर्दछ ।

क्षुरपविरीक्षमाणा वाश्यमानाभि स्फूर्जति ॥९॥

त्यसले हेर्दाखेरि छुराको धारजस्तो अत्यन्त तिखो वज्रको रूप हुन्छ र कराउँदा गर्जन गरेको जस्तो अनुमान गर्न सकिन्छ ।

मृत्युर्हिङ्कृण्वत्यु१ग्रो देवः पुच्छं पर्यस्यन्ती ॥१०॥

डुक्रिँदाखेरि मृत्युकै रूपमा त्यस ब्रह्मगवी नामका गाईलाई देख्न सकिन्छ भने चारैतिर पुच्छर घुमाउँदा उग्रदेवताको जस्तै भयानक स्वरूप देखा पर्दछ ।

सर्वज्यानिः कर्णौ वरीवर्जयन्ती राजयक्ष्मो मेहन्ती ॥११॥

त्यसले कान हल्लाउँदा आयुलाई सबै किसिमले क्षीण गराएझैं लाग्दछ र मूत्र विसर्जन गर्दा क्षयरोग विस्तार गर्ने खालको बनेको हुन्छ ।

मेनिर्दुह्य माना शीर्षक्तिर्दुग्धा ॥१२॥

दुहिएका अवस्थामा त्यो ब्रह्मगवी नामको गाई घातक अस्त्रको रूपमा देखिन्छ र दुहुने काम सकिएपछि टाउको दुख्ने रोगजस्तै हुने गर्दछ ।

सेदिरुपतिष्ठन्ती मिथोयोधः परामृष्या ॥१३॥

नजिकै उभिएका अवस्थामा संहारकर्ताका रूपमा त्यस ब्रह्मगवी नामका गाईलाई देख्न सकिन्छ भने स्पर्श गर्दाखेरि द्वन्द्व वा सङ्ग्रामका रूपमा रहेको जस्तो लाग्दछ ।

शरव्या३ मुखेऽपिनह्यमान ऋतिर्हन्यमाना ॥१४॥

मुखमा बाँध्दाखेरि बाणजस्तो त्यो गाई देखिएको हुन्छ भने हिर्काउँदा महाविनाशकारी बन्न पुग्दछ ।

अघविषा निपतन्ती तमो निपतिता ॥१५॥

बस्न लागेका अवस्थामा त्यो महाविनाशकारी विषका रूपमा र बसिरहेका अवस्थामा साक्षात् मृत्युकै रूपमा त्यस ब्रह्मगवी नामका गाईलाई देख्न सकिन्छ ।

अनुगच्छन्ती प्राणानुप दासयति ब्रह्मगवी ब्रह्मज्यस्य ॥१६॥

यस किसिमले त्यो ब्रह्मगवी नामको ब्राह्मणको गाईले ब्राह्मणलाई हानी गर्नेहरूको पिछा गर्दै उनीहरूको प्राणको संहार गर्दछ ।

८. ब्रह्मगवी सूक्त

ऋषि– अथर्वाचार्य । **देवता–** ब्रह्मगवी । **छन्द–** आसुरी गायत्री, आसुरी अनुष्टुप्, साम्नी अनुष्टुप्, याजुषी त्रिष्टुप्, साम्नी गायत्री, साम्नी बृहती, भुरिक् साम्नी अनुष्टुप्, साम्नी उष्णिक्, प्रतिष्ठा गायत्री ।

वैरं विकृत्यमाना पौत्राद्यं विभाज्यमाना ॥१॥

ब्राह्मणबाट खोसिएका त्यस गाईलाई काटिदियो भने त्यसले छोरानातिहरूमा फाटो र विभाजन गराउँछ ।

देवहेतिर्ह्रियमाणा व्यृद्धिर्हृता ॥२॥

चोर्दै गरेका अवस्थामा त्यसले देवताको अस्त्रको रूप धारण गर्दछ र चोरिइसकेपछि आपद्कै रूप धारण गर्दछ ।

पाप्माधिधीयमाना पारुष्यमवधीयमाना ॥३॥

नियन्त्रणमा राख्दाखेरि पापको रूप हुन्छ र हेला गरिँदाखेरि कठोरतामयी हुन पुग्दछ ।

विषं प्रयस्यन्ती तक्मा प्रयस्ता ॥४॥

दुःख पाउँदाखेरि विषको रूपमा त्यो ब्रह्मगवी नामको गाई देखिन्छ भने सताउँदाखेरि तक्मा नामको ज्वरोजस्तै हुन्छ ।

अघं पच्यमाना दुष्वप्न्यं पक्वा ॥५॥

पकाइरहँदाखेरि पापका रूपमा देखिन्छ भने पाकिसकेपछि दुष्ट र नराम्रो स्वप्नजत्तिकै दुःखदायी हुने गर्दछ ।

मूलबर्हणी पर्याक्रियमाणा क्षितिः पर्याकृता ॥६॥

यो ब्रह्मगवीलाई घुमाउँदा चलाउँदा यसले जरो नै उखेल्ने रूप लिन्छ भने पस्कँदाखेरि सर्पकै जस्तो रूप धारण गर्दछ ।

असंज्ञा गन्धेन शुगुद्ध्रियमाणाशीविष उद्धृता ॥७॥

गन्धकले मूर्च्छित गराउने, उठाउँदा शोकमा पार्ने र नउठाउँदा सर्पझैँ सुत्ने गर्दछ ।

अभूतिरुपह्रियमाणा पराभूतिरुपहृता ॥८॥

नजिकै ल्याइयो भने यो विपत्तिका रूपमा आउँछ र नजिकै राखिएका अवस्थामा पराजित गराउने हुने गर्दछ ।

शर्वः क्रुद्धः पिश्यमाना शिमिदा पिशिता ॥९॥

पिँध्न लागेका अवस्थामा त्यो ब्रह्मगवी नामको गाई क्रोधित रुद्रदेवताजस्तै हुन्छ भने पिँध्ने काम सकिएपछि सुख नाश गराउने हुन्छ ।

अवर्तिरश्यमाना निर्ऋतिरशिता ॥१०॥

खाइँदै गर्दा त्यो ब्रह्मगवी नामको गाई दरिद्रको रूपमा देखिन्छ भने खाइसकेपछि दुर्गतितर्फ लैजाने पापका देवता निर्ऋतिजस्तै हुन्छ ।

अशिता लोकाच्छिनत्ति ब्रह्मगवी ब्रह्मज्यमस्माच्चामुष्माच्च ॥११॥

खाइसकिएका ब्राह्मणका गाईले ब्रह्मघातीलाई यस लोक र परलोक दुवैबाट वञ्चित गराइदिन्छ ।

९. ब्रह्मगवी सूक्त

ऋषि— अथर्वाचार्य । **देवता—** ब्रह्मगवी । **छन्द—** साम्नी पङ्क्ति, याजुषी अनुष्टुप्, भुरिक् अनुष्टुप्, आसुरी बृहती, साम्नी बृहती, पिपीलिकमध्या अनुष्टुप्, आर्ची बृहती ।

तस्या आहननं कृत्या मेनिराशसनं वलग ऊबध्यम् ॥१॥

त्यसलाई लिएर हिँड्नु वा संहार गर्नु विनाशक कृत्यासमान, आशसन गर्नु वा काट्नु आयुधको समान र अर्धपक्व गोबर मिसाएको चारो पनि विनाशकारी हुन्छ ।

अस्वगता परिह्णुता ॥२॥

अपहरण गरिएको त्यो गाई नियन्त्रणमा रहँदैन र घातक हुन्छ ।

अग्निः क्रव्याद् भूत्वा ब्रह्मगवी ब्रह्मज्यं प्रविश्यात्ति ॥३॥

ब्रह्मगवीले मांसभक्षी क्रव्याद् अग्नि भएर ब्रह्मघातीमा प्रविष्ट हुन्छ र त्यसैलाई भक्षण गरिदिन्छ ।

सर्वास्याङ्गा पर्वा मूलानि वृश्चति ॥४॥

उसलाई उत्पीडन गर्नेका सबै अङ्गप्रत्यङ्गहरूका फेदै काटिदिन्छ ।

छिनत्त्यस्य पितृबन्धु परा भावयति मातृबन्धु ॥५॥

त्यस्ता उत्पीडकका पितातर्फका सम्बन्धीहरूलाई छिनाइदिन्छ र माताका पक्षका बन्धुहरूलाई पराजित गरिदिन्छ ।

विवाहां ज्ञातीन्त्सर्वानपि क्षापयति ब्रह्मगवी ब्रह्मज्यस्य क्षत्रियेणापुनर्दीयमाना ॥६॥

क्षत्रियले फिर्ता नगरिएको अवस्थामा त्यस ब्रह्मगवीले ब्रह्मघाती क्षत्रियका सबै विवाहित र सजातीय बन्धुहरूलाई नष्ट गराइदिन्छ ।

अवास्तुमेनमस्वगमप्रजसं करोत्यपरापरणो भवति क्षीयते ॥७॥

त्यस ब्रह्मगवीले ब्रह्मघातीलाई निवासरहित, परतन्त्र र सन्तानहीन बनाइदिन्छ, त्यसो भएपछि त्यो ब्रह्मघाती सहायताविहीन भएर विनाशका मुखमा पर्दछ ।

य एवं विदुषो ब्राह्मणस्य क्षत्रियो गामादत्ते ॥८॥

जुन क्षत्रियले ज्ञानी ब्रह्मणको यस्तो ब्रह्मगवी नामको गाई अपहरण गर्दछ, त्यसको यस्तै दुर्दशा हुन्छ ।

१०. ब्रह्मगवी सूक्त

ऋषि– अथर्वाचार्य । **देवता–** ब्रह्मगवी । **छन्द–** प्राजापत्या अनुष्टुप्, आर्षी अनुष्टुप्, प्रजापत्या उष्णिक, आसुरी गायत्री, गायत्री ।

क्षिप्रं वै तस्याहनने गृध्राः कुर्वत एलबम् ॥१॥

त्यस्ता ब्रह्मघाती दुष्टको मृत्यु भएपछि गिद्धले चाँडै नै खैलाबैला मच्चाउँछन् ।

क्षिप्रं वै तस्यादहनं परि नृत्यन्ति केशिनीराघ्नानाः पाणिनोरसि कुर्वाणाः पापमैलबम् ॥२॥

स्त्रीहरु कपाल फिँजाएर चाँडै नै त्यस दुष्टलाई भस्म गराउने चिताका नजिकै फन्को मार्न थाल्दछन् र आफ्नै हातले छाती पिट्दै आँसु खसाउँछन् ।

क्षिप्रं वै तस्य वास्तुषु वृकाः कुर्वत एलबम् ॥३॥

त्यस्ता ब्रह्मघातीका घरमा चाँडै नै ब्वाँसाले आँखा डुलाउँदै कराउन थाल्दछन् ।

क्षिप्रं वै तस्य पृच्छन्ति यत् तदासी३दिदं नु ता३दिति ॥४॥

चाँडै नै उसका नातासम्बन्धी पुरुषहरू उसको जुन रूप पहिले थियो, त्यो यही हो त ? भन्दै सोधखोज गर्न लाग्दछन् ।

छिन्ध्या च्छिन्धि प्र च्छिन्ध्यपि क्षापय क्षापय ॥५॥

हे ब्रह्मगवी ! यस अपहरणकर्तालाई तिमी काटेर टुक्रै टुक्रा बनाइदेऊ । यसको जरैदेखि तिमी विनाश गर ।

आददानमाङ्गिरसि ब्रह्मज्यमुप दासस्य ॥६॥

हे अङ्गिराका शक्तिका रूपमा रहेका आङ्गिरसी ! तिमी ब्राह्मणको गाई अपहरण गर्ने ब्रह्मज्यलाई संहार गर ।

वैश्वदेवी ह्यु१च्यसे कृत्या कूल्बजमावृता ॥७॥

हे ब्रह्मगवि ! तिमी समस्त देवताहरूको संहारक कृत्या नामको शक्ति र कूल्बज नामका विनाशक शक्ति हौ भनेर तिम्रा विषयमा यस्तो कुरो गर्ने गरिन्छ ।

ओषन्ती समोषन्ती ब्रह्मणो वज्रः ॥८॥

तिमी मन्त्ररूपी वज्रास्त्रले भस्मीभूत गराउने र उचित किसिमले भस्म गराउने शक्ति हौ ।

क्षुरपविर्मृत्युर्भूत्वा वि धाव त्वम् ॥९॥

तिमी छुराजस्तै धारिलो भएर र उसको मृत्युको रूपमा बनेर प्रहार गर ।

आ दत्से जिनतां वर्च इष्टं पूर्तं चाशिषः ॥१०॥

तिमी अपहरणकर्तासित तेजस्विता, अभीष्टको पूर्णता र सबै खालका आशीष खोस्ने गर्दछौ ।

आदाय जीतं जीताय लोके३ऽमुष्मिन् प्र यच्छसि ॥११॥

त्यस्ता ब्रह्मघातीलाई अल्पायु गराउँदै तिमी पक्रेर परलोकतर्फ पठाइदिन्छौ ।

अघ्न्ये पदवीर्भव ब्राह्मणस्याभिशस्त्या ॥१२॥

बध नगरिनुपर्ने हुनाले अघ्न्ये भन्न सकिने हे ब्रह्मगवी ! तिमी ब्राह्मणका अभिशापद्वारा ब्रह्मघातीका निम्ति गोडाको नेलजस्तो हौ ।

मेनिः शरव्या भवाघादघविषा भव ॥१३॥

तिमी अस्त्रका रूपमा रहेका बाणका समूहमा पुगेर उसका पापका कारण अघविषा अर्थात् पापको रूपमा रहिदेऊ ।

अघ्न्ये प्र शिरो जहि ब्रह्मज्यस्य कृतागसो देवपीयोरराधसः ॥१४॥

हे वधरहित अघ्न्ये गाई ! तिमी त्यस ब्रह्मघाती, पापी, देवताका विरोधी, दान कर्मले विहीन अपराधीको शिर काटिदेऊ ।

त्वया प्रमूर्णं मृदितमग्निर्दहतु दुश्चितम् ॥१५॥

तिमीले मारिदिएका, नष्ट गरेका, भ्रष्ट पारिएका, दुर्बुद्धिले ग्रस्त शत्रुलाई अग्निदेवताले भस्मीभूत गराऊन् ।

११. ब्रह्मगवी सूक्त

ऋषि— अथर्वाचार्य । **देवता—** ब्रह्मगवी । **छन्द—** प्राजापत्या अनुष्टुप्, गा त्री, प्रजापत्या गायत्री, आसुरी पङ्क्ति, प्रजापत्या त्रिष्टुप्, आसुरी उष्णिक् ।

वृश्च प्र वृश्च सं वृश्च दह प्र दह सं दह ॥१॥

हे वधरहित दिव्य गाई ! तिमी ब्रह्मघातीलाई काटेको काट्यै अत्यधिक मात्रामा काट र डढाएको डढायैं अत्यधिक रूपमा डढाऊ ।

ब्रह्मज्यं देव्यघ्न्य आ मूलादनुसंदह ॥२॥

हे वधरहित दिव्य स्वरूपका गाई ! ब्राह्मणहरूप्रति हिंस्रक भाव भएकाहरूलाई तिमी समूल भस्म गराइदेऊ ।

यथायाद् यमसादनात् पापलोकान् परावतः ॥३॥

हे वधरहित दिव्य स्वरूपका गाई ! तिमी पापी, देवकर्मका विरोधी, कर्तव्यपालनमा .... ।

एवा त्वं देव्यघ्न्ये ब्रह्मज्यस्य कृतागसो देवपीयोरराधसः ॥४॥

बाधाबिघ्न पार्ने, ब्रह्मघातीको शिरबाट गर्दनलाई .... ।

वज्रेण शतपर्वणा तीक्ष्णेन क्षुरभृष्टिना ॥५॥

सयौँ खालका तिखा र धारिलो छुराजस्तो धार भएका वज्र नामका हतियारले .... ।

प्र स्कन्धान् प्र शिरो जहि ॥६॥

हानेर यस यमका गृहबाट अत्यन्त पर पुऱ्याइदेऊ ।

लोमान्यस्य सं छिन्धि त्वचमस्य वि वेष्टय ॥७॥

हे ब्रह्मगवी ! यसका रौँजति खुइल्याइदेऊ र छाला उप्काइदेऊ ।

मांसान्यस्य शातय स्नावान्यस्य सं वृह ॥८॥

हे ब्रह्मगवी ! यसको मांसु खुर्किदेऊ र नसाहरू फुलाएर किचिदेऊ ।

अस्थीन्यस्य पीडय मज्जानमस्य निर्जहि ॥९॥

हे ब्रह्मगवी ! यसका हड्डीहरूलाई भाँचकुँच पारिदेऊ र यसको मांसपेशी क्षीण एवं विनष्ट गराऊ ।

सर्वास्याङ्गा पर्वाणि वि श्रथय ॥१०॥

हे ब्रह्मगवी ! यसका सबै अङ्गअवयव तथा जोर्नीहरूलाई खुकुल्याऊ र खुस्काऊ ।

अग्निरेनं क्रव्यात् पृथिव्या नुदतामुदोषतु वायुरन्तरिक्षान्महतो वरिम्णः ॥११॥

क्रव्याद् नामका मांसभक्षक अग्निदेवताले यसलाई भस्मीभूत गराऊन् र वायुदेवताले यसलाई अन्तरिक्ष एवं पृथ्वीभन्दा बाहिर खँदारिदिऊन् ।

सूर्य एनं दिवः प्र णुदतां न्योषतु ॥१२॥

सूर्यदेवताले यसलाई द्युलोकभन्दा बाहिर पुऱ्याएर भस्मीभूत गराइदिऊन् ।

॥ इति द्वादशं काण्डम् ॥

बाह्रौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ त्रयोदशं काण्डम् ॥

१. अध्यात्म प्रकरण सूक्त

उदेहि वाजिन् यो अप्स्वन्तरिदं राष्ट्रं प्र विश सूनृतावत् । यो रोहितो विश्वमिदं जजान स त्वा राष्ट्राय सुभृतं बिभर्तु ॥१॥

हे गतिमान् सूर्यदेवता ! तेजस्वी धाराहरूका बीचबाट उदाएर तिमी सत्यनिष्ठाले युक्त प्रिय राष्ट्रमा प्रवेश गर । हे राष्ट्रका अधिपति ! जुन देवताले यस विश्वलाई प्रकट गरेका छन्, उनले तिमीलाई उत्तम किसिमले भरणपोषण गर्नका लागि सक्षम बनाऊन् ।

उद्वाज आ गन् यो अप्स्वन्तर्विश आ रोह त्वद्योनयो याः । सोमं दधानोऽप ओषधीर्गाश्चतुष्पदो द्विपद आ वेशयेह ॥२॥

हे सूर्यदेवता ! तिमी उदाएपछि जलका धाराहरूमा निवास गर्ने प्रजा र अन्नले तिमीद्वारा उच्च स्थान प्राप्त गरून् । सोम आदि वनस्पतिहरूलाई परिपुष्ट गराउँदै जल, औषधि, मानिस आदि दुई खुट्टे, गाई आदि चार खुट्टे आदिलाई आफ्नै साम्राज्यमा प्रतिष्ठित गराऊ ।

यूयमुग्रा मरुतः पृश्निमातर इन्द्रेण युजा प्र मृणीत शत्रून् । आ वो रोहितः शृणवत् सुदानवस्त्रिषप्तासो मरुतः स्वादुसंमुदः ॥३॥

हे मरुतगण ! तिमीहरू महान् पराक्रमी छौ र पृथ्वीप्रति माताको जस्तै व्यवहार गर्दछौ । तिमीहरू इन्द्रदेवताका सहायताले दुष्ट शत्रुहरूलाई संहार गर । हे श्रेष्ठ दानी मरुतहरू हो ! तिमीहरू स्वादिष्ट पदार्थले सन्तुष्ट हुने गर्दछौ । सूर्यदेवताले तिमीहरूको कुरो सुनिदिऊन् ।

रुहो रुरोह रोहित आ रुरोह गर्भो जनीनां जनुषामुपस्थम् । ताभिः संरब्धमन्वविन्दन् षडुर्वीर्गातुं प्रपश्यन्निह राष्ट्रमाहाः ॥४॥

सूर्यदेवता उदाएर माथितिर उकालो लागिरहेका छन् । उत्पादन क्षमताले सम्पन्न प्रकृतिमाताको गर्भजस्तै भएर उनी बसेका छन् । उनै सूर्यदेवताले बढाएको गर्भ छ वटा दिशाहरूले धारण गरेका छन् । उनले उन्नतिका मार्गहरू चिनेर राष्ट्रलाई पनि उन्नत गराउँदै छन् ।

आ ते राष्ट्रमिह रोहितोऽहार्षीद् व्या स्थन्मृधो अभयं ते अभूत् । तस्मै ते द्यावापृथिवी रेवतीभिः कामं दुहाथामिह शक्वरीभिः ॥५॥

तिम्रा साम्राज्यमा सूर्यदेवता आएका छन् । उनले अनिष्टकारी रोगरूपी शत्रुलाई पर भगाएर तिमीलाई निर्भयता प्रदान गरेका छन् । यी द्युलोक र भूलोक तिम्रा लागि खोजेको जति मात्रामा सम्पत्ति र शक्ति दोहन गराउने होऊन् ।

रोहितो द्यावापृथिवी जजान तत्र तन्तुं परमेष्ठी ततान । तत्र शिश्रियेऽज एकपादोऽदृंहद् द्यावापृथिवी बलेन ॥६॥

सूर्यदेवताकै कारण द्युलोक र भूलोक प्रकट भएका छन् । त्यहाँ प्रजापतिले सूत्ररूपी आत्मतत्त्व विस्तार गरेका छन् । त्यसै ठाउँमा एक पाद अजका रूपमा रहेको आत्मा अवलम्बित भएर त्यसले आफ्ना सामर्थ्यले द्युलोक र पृथ्वी दुवैलाई दृढता प्रदान गरेको छ ।

रोहितो द्यावापृथिवी अदृंहत् तेन स्व स्तभितं तेन नाकः । तेनान्तरिक्षं विमिता रजांसि तेन देवा अमृतमन्वविन्दन् ॥७॥

सूर्यदेवताले पृथ्वी, अन्तरिक्ष र द्युलोकलाई सुदृढता प्रदान गरेका छन् । सुखले परिपूर्ण भएको स्वर्गलोक उनकै कारणले स्थिर भएको छ । उनैका कारणले नै दैवी शक्तिलाई पनि अमरता प्राप्त भएको छ ।

वि रोहितो अमृशद् विश्वरूपं समाकुर्वाणः प्ररुहो रुहश्च । दिवं रूढ्वा महता महिम्ना सं ते राष्ट्रमनक्तु पयसा घृतेन ॥८॥

रोहित वर्णका सूर्यदेवताले नै रुह नामका माथिल्लो र प्ररुह नामका तल्ला सबै दिशाहरू प्रकट गरिएका छन् र सम्पूर्ण विश्वका प्राणीहरूका शरीरलाई स्पर्श गरिएको छ । उनी आफ्नै विशाल महिमाले द्युलोकमाथि चढेर राष्ट्रलाई दुधघिउ आदिले परिपूर्ण गराऊन् ।

यास्ते रुहः प्ररुहो यास्त आरुहो याभिरापृणासि दिवमन्तरिक्षम् । तासां ब्रह्मणा पयसा वावृधानो विशि राष्ट्रे जागृहि रोहितस्य ॥९॥

अघि सर्दै तिमीतिरै आउने, पछाडितिर फर्कने र उचाइतर्फ बढ्ने गरेका लहरारूपी जुन प्रजाहरू छन्, जसका सहायताले तिमी स्वर्ग र अन्तरिक्षलाई पोषण प्रदान गर्दछौ, उनैको शक्तिवर्द्धक घिउ, दुध आदिले हृष्टपुष्ट हुँदै तिमी यस राष्ट्रका प्रजाका बीचमा निरन्तर जागरूक भइराख ।

यास्ते विशस्तपसः संबभूवुर्वत्सं गायत्रीमनु ता इहागुः । तास्त्वा विशन्तु मनसा शिवेन संमाता वत्सो अभ्येतु रोहितः ॥१०॥

सूर्यकै तातोपनाका शक्तिले सबै प्रजाहरू प्रकट भएका हुन् । ती प्रजाहरू विद्या वा शक्तिका रूपमा रहने गायत्रीका अनुकूल हुँदै प्रगति गर्दछन् । उनीहरू सबै श्रेष्ठ कल्याणकारी, सङ्कल्पशक्तिले युक्त मनले तिमीभित्र प्रवेश गरून् । आफ्नी माताका साथै सूर्यदेवताले पनि उन्नति प्राप्त गरून् ।

ऊर्ध्वो रोहितो अधि नाके अस्थाद् विश्वा रूपाणि जनयन् युवा कविः । तिग्मेनाग्निर्ज्योतिषा वि भाति तृतीये चक्रे रजसि प्रियाणि ॥११॥

विश्वको रूपलाई प्रकट गराउँदै तरुण, क्रान्तदर्शी सूर्यदेवता ऊर्ध्वगामी बनेर द्युलोकमा विराजमान हुन्छन् । अग्निदेवता पनि उनैका प्रखर तेजले प्रकाशमान हुने गर्दछन् । उनी द्युलोक नामको तेस्रो लोकमा रहँदा पनि मानिसका लागि प्रिय कार्यहरू सबै गर्दछन् ।

सहस्रशृङ्गो वृषभो जातवेदा घृताहुतः सोमपृष्ठः सुवीरः । मा मा हासीन्नाथितो नेत् त्वा जहानि गोपोषं च मे वीरपोषं च धेहि ॥१२॥

ज्वालारूपी हजारौँ खालका सिङ भएका, अभीष्ट वर्षा गराउने, घिउको आहुतिले संवर्द्धित, पिठ्युँमा सोमलाई बोकेका श्रेष्ठ वीर सन्तान प्रदान गर्ने, सर्वज्ञ अग्निदेवताले हामीलाई कहिल्यै नत्यागून् । हामी पनि कहिल्यै तिम्रो आश्रय छोड्दैनौँ । हे अग्निदेवता ! हामीलाई तिमी गाई आदि पशुको संरक्षण गर्न सक्ने वीर सन्ततिहरूलाई पालनपोषण गर्नका लागि समर्थ बनाऊ ।

रोहितो यज्ञस्य जनिता मुखं च रोहिताय वाचा श्रोत्रेण मनसा जुहोमि । रोहितं देवा यन्ति सुमनस्यमानाः स मा रोहैः सामित्यै रोहयतु ॥१३॥

सूर्यदेवता यज्ञका उत्पादनकर्ता र मुखका रूप हुन् । हामी वाणी, कान र मन यी तीनका सहयोगले सूर्यका लागि आहुति प्रदान गर्दछौँ । सबै देवताहरू हार्दिक प्रसन्नताका साथ सूर्यलाई प्राप्त गर्दछन् । उनले हामीलाई सभासमितिका माध्यमबाट मानवीय प्रगतिका शिखरमा चढाऊन् ।

रोहितो यज्ञं व्य दधाद् विश्वकर्मणे तस्मात् तेजांस्युप मेमान्यागुः । वोचेयं ते नाभिं भुवनस्याधि मज्मनि ॥१४॥

सूर्यदेवताले सम्पूर्ण विश्वका सत्कर्महरूका लागि यज्ञीय विज्ञानलाई पोषण गरे । उसै यज्ञीय भावनाले यी सबै तेजस्वी गुण हाम्रा निकटमा आउँदै छन् । यस सम्पूर्ण विश्वमध्ये महत्त्वका दृष्टिले तिमी सूर्यदेवता नै प्रमुख भाग हौ भन्ने हाम्रो भनाइ हो ।

आ त्वा रुरोह बृहत्युऽत पङ्क्तिरा ककुब् वर्चसा जातवेदः । आ त्वा रुरोहोष्णिहाक्षरो वषट्कार आ त्वा रुरोह रोहितो रेतसा सह ॥१५॥

हे सम्पूर्ण ज्ञानले सम्पन्न जातवेदा अग्निदेवता ! बृहती, पङ्क्ति, ककुप् र उष्णिक् आदि सबै छन्द आआफ्नो तेजस्वितासहित तिमीमा प्रविष्ट भएका छन् । वषट्कार पनि तिमीमा नै प्रविष्ट भएको

छ । सूर्यदेवता पनि आफ्ना तेजका साथ तिमीमा नै प्रविष्ट भएका छन् ।

अयं वस्ते गर्भं पृथिव्या दिवं वस्तेऽयमन्तरिक्षम् । अयं ब्रध्नस्य विष्टपि स्वर्लोकान् व्यानशे ॥१६॥

यी सूर्यदेवता पृथ्वी, अन्तरिक्ष र द्युलोकका भित्रपट्टि विद्यमान छने । यी अग्निदेवता सम्पूर्ण विश्वका प्रकाशक सूर्यका शीर्षभागरूपी स्वर्गलोकमा व्याप्त भएर रहेका छन् ।

वाचस्पते पृथिवी नः स्योना स्योना योनिस्तल्पा नः सुशेवा । इहैव प्राणः सख्ये नो अस्तु तं त्वा परमेष्ठिन् पर्यग्निरायुषा वर्चसा दधातु ॥१७॥

हे वाणीका अधिपति वाचस्पतिदेवता ! हाम्रा लागि भूमि, योनि, गृह, असल शय्या आदि सबै खालका सुखका पदार्थ सुखदायक होऊन् । जीवनतत्त्वका रूपमा रहेका प्राणसँग हाम्रो मैत्री भावना विकास गराउँदै यस लोकमा दीर्घकालसम्म रहिदेऊ । हे परमात्मा ! यी अग्निदेवता हामीलाई दीर्घायु र तेजसँगै उपलब्ध होऊन् ।

वाचस्पत ऋतवः पञ्च ये नौ वैश्वकर्मणाः परि ये संबभूवुः । इहैव प्राणः सख्ये नो अस्तु तं त्वा परमेष्ठिन् परि रोहित आयुषा वर्चसा दधातु ॥१८॥

हे वाचस्पतिदेवता ! हाम्रा सम्पूर्ण कार्यको साधन गर्नका लागि जुन पाँच ऋतुहरू उत्पन्न भएका छन्, उनीहरूसँगै सहयोगको भावना राखेर हाम्रो प्राण स्थिर रहोस् । हे प्रजापतिदेवता ! तिमी यस्ता हुनाले सूर्यदेवताले वायु र तेजका साथमा धारण गरून् ।

वाचस्पते सौमनसं मनश्च गोष्ठे नो गा जनय योनिषु प्रजाः । इहैव प्राण सख्ये नो अस्तु तं त्वा परमेष्ठिन् पर्यहमायुषा वर्चसा दधाम ॥१९॥

हे वाचस्पतिदेवता ! हामी सबैका मनमा शुभ सङ्कल्पहरू भरिपूर्ण होऊन् । तिमी हाम्रा गोठमा मनग्गे गाई र घरमा वीर सन्तानहरू उत्पन्न गराइदेऊ । जीवनतत्त्वका रूपमा रहेका प्राणसँग हाम्रो मैत्री भावना विकास गराउँदै यस लोकमा दीर्घकालसम्म रहिदेऊ । हे परमात्मा ! यी अग्निदेवता हामीलाई दीर्घायु र तेजसँगै उपलब्ध होऊन् ।

परि त्वा धात् सविता देवो अग्निर्वर्चसा मित्रावरुणावभि त्वा । सर्वा अरातीरवक्रामन्नेहीदं राष्ट्रमकरः सूनृतावत् ॥२०॥

हे राष्ट्रका अधिपति देवता ! सर्वप्रेरक सवितादेवताले तिमीलाई चारै तिरबाट परिपुष्ट गराऊन् । अग्नि, मित्र तथा वरुणदेवताले तिमीलाई चारै तिरबाट संरक्षित गरून् । तिमी सबै राष्ट्रद्रोही शत्रुमाथि आक्रमण गर्दै अगाडि बढ र यस राष्ट्रलाई प्रिय र सत्य वाणीले युक्त गराऊ ।

यं त्वा पृषती रथे प्रष्टिर्वहति रोहित । शुभा यासि रिणन्नपः ॥२१॥

हे सूर्यदेवता ! तिमीलाई विभिन्न रङ्गका रश्मिरूपी घोडीहरूले धारण गरेका छन् । पानीलाई गतिमान् बनाउँदै तिमी प्रकाशका साथमा श्रेष्ठ रीतिले चल्ने गर्दछौ ।

अनुव्रता रोहिणी रोहितस्य सूरिः सुवर्णा बृहती सुवर्चाः । तया वाजान् विश्वरूपां जयेम तया विश्वाः पृतना अभि ष्याम ॥२२॥

सबैलाई उत्पादन गर्ने रातो वर्णका सूर्यको आज्ञाअनुसार चल्ने गरेको प्रकृति नामको उत्पादक शक्ति सूक्ष्म ज्ञान र उत्तम वर्णको छ । त्यो प्रचुर अन्नयुक्त र रातो वर्णको तेजले युक्त छ । त्यस राता वर्णले नै हामी सबैले अन्न र बलमाथि विजय प्राप्त गरौँ । त्यसैबाट नै हामी सबै बाधारूपी सेनालाई वशमा राखौँ ।

इदं सदो रोहिणी रोहितस्यासौ पन्थाः पृषती येन याति । तां गन्धर्वाः कश्यपा उन्नयन्ति तां रक्षन्ति कवयोऽप्रमादम् ॥२३॥

यस विलक्षण शक्तिले युक्त रातो वर्णले सुशोभित प्रकृतिका स्रोत सूर्य नै हुन् । उनका विविध वर्णले युक्त किरणको शक्तिले आवागमन गर्ने मार्ग पनि यही हो । गन्धर्व र कश्यपले त्यसलाई उन्नत गराउँछन् । ज्ञानले सम्पन्न मानिसहरू विशिष्ट कौशलका साथ त्यसैको संरक्षण गर्दछन् ।

सूर्यस्याश्वा हरयः केतुमन्तः सदा वहन्त्यमृताः सुखं रथम् । घृतपावा रोहितो भ्राजमानो दिवं देवः पृषतीमा विवेश ॥२४॥

प्रकाशमान्, गतिशील र अमर किरणरूपी अश्व सूर्यका रथलाई तान्दछन् । यो पुष्टिप्रदायक किरणले युक्त तेजस्वी सूर्यदेवता विविध वर्णले सजिएका प्रभाका साथमा द्युलोकमा प्रवेश गर्दछन् ।

यो रोहितो वृषभस्तिग्मशृङ्गःपर्यग्निं परि सूर्यं बभूव । यो विष्टभ्नाति पृथिवीं दिवं च तस्माद् देवा अधि सृष्टीः सृजन्ते ॥२५॥

राता आदि अनेकौं वर्णका तेजस्वी किरण अभीष्टवर्षक अग्निदेवता र सूर्यका चारैतिर रहेका छन् । उनैले पृथ्वी र द्युलोकलाई स्थिरता प्रदान गर्दछन्, उनैबाट देवताहरूले सृष्टिचक्रको उत्पत्ति गरेका हुन् ।

रोहितो दिवमारुहन्महतः पर्यर्णवात् । सर्वा रुरोह रोहितो रुहः ॥२६॥

सूर्यदेवता विशाल सागरबाट द्युलोकमाथि चढ्ने गर्दछन् । यिनी माथि चढ्ने वस्तुहरूमाथि आरोहण गर्दछन् ।

वि मिमीष्व पयस्वतीं घृताचीं देवानां धेनुरनपस्पृगेषा । इन्द्रः सोमं पिबतु क्षेमो अस्त्वग्निः प्र स्तौतु वि मृधो नुदस्व ॥२७॥

उत्तम दुग्ध र घिउ प्रदान गर्ने देवताका गाईहरूलाई सम्मानसाथ पालन गरौँ । देवताका गाईहरू हलचल गर्दैनन् । इन्द्रदेवताले सोमरस पान गरून्, अग्निदेवताले कल्याण गरून्, देवताहरूको स्तुति गरौँ र शत्रुलाई लखेटौँ ।

समिद्धो अग्निः समिधानो घृतवृद्धो घृताहुतः । अभीषाड् विश्वाषाडग्निः सपत्नान् हन्तु ये मम ॥२८॥

प्रज्वलित भएका अग्निदेवता घिउका आहुतिले उचित किसिमले प्रवृद्ध भएका छन् । उनै सबै तिरका शत्रुलाई हटाएर विजय प्राप्त गर्ने अग्नि देवताले हाम्रा सबै शत्रुलाई विनाश गरून् ।

हन्त्वेनान् प्र दहत्वरिर्यो नः पृतन्यति । क्रव्यादाग्निना वयं सपत्नान् प्र दहामसि ॥२९॥

यी सबै शत्रुहरूलाई अग्निदेवताले भस्म गराऊन् । सैन्यशक्तिका साथमा आएर जसले हाम्रो संहार गर्ने विचार गरेका हुन्छन्, क्रव्याद् नामका मासंभक्षक अग्निदेवताका सहायताले हामी ती सबै शत्रुलाई भस्म गराऔँ ।

अवाचीनानव जहीन्द्र वज्रेण बाहुमान् । अधा सपत्नान् मामकानग्नेस्तेजोभिरादिषि ॥३०॥

हे बाहुबलले सम्पन्न इन्द्रदेवता ! तिमी वज्र लिएर हाम्रा शत्रुलाई तल मुन्ट्याउँदै विनाश गर । हे अग्निदेवता ! तिमी आफ्ना तेजस्वी ज्वालाले हाम्रा शत्रुहरूलाई भस्मीभूत गराऊ ।

अग्ने सपत्नानधरान् पादयास्मद् व्यथया सजातमुत्पिपानं बृहस्पते । इन्द्राग्नी मित्रावरुणावधरे पद्यन्तामप्रतिमन्यूयमानाः ॥३१॥

हे अग्निदेवता ! तिमी हाम्रा अगाडि आएका शत्रुलाई गोडाले मिचिदेऊ । माथि आउन खोज्ने एकै जातिका शत्रुलाई पनि पीडित गराऊ । हे इन्द्राग्नी, हे मित्रावरुणदेवताहरू हो ! हाम्रो प्रतिकूल रहेर हाम्रो रिस गर्ने शत्रुलाई गोडाले मिचेर सिध्याइदेओ ।

उद्यंस्त्वं देव सूर्य सपत्नानव मे जहि । अवैनानश्मना जहि ते यन्त्वधमं तमः ॥३२॥

हे सूर्यदेवता ! उदाउँदै गर्दा तिमी हाम्रो विकासमा बाधा हाल्ने शत्रुलाई संहार गर । यिनलाई आफ्ना विनाशकारी शक्तिले विनाश गरेर मृत्युको बाक्लो अन्धकारमा फ्याँकिदेऊ ।

वत्सो विराजो वृषभो मतीनामा रुरोह शुक्रपृष्ठोऽन्तरिक्षम् । घृतेनार्कमभ्यर्चन्ति वत्सं ब्रह्म सन्तं ब्रह्मणा वर्धयन्ति ॥३३॥

विराट् वत्सका नामले परिचित सूर्य सद्बुद्धिका संवर्द्धक हुन् । उनी सामर्थ्यशाली पृष्ठभूमि भएका हुनाले अन्तरिक्षमा चढ्ने गर्दछन् । यिनी स्वयं ब्रह्मका स्वरूप हुन्, साधले उनलाई ब्रह्म

भनेर मन्त्र र यज्ञले समृद्ध गराउँछन् ।

दिवं च रोह पृथिवीं च रोह राष्ट्रं च रोह द्रविणं च रोह । प्रजां च रोहामृतं च रोह रोहितेन तन्वा संस्पृशस्व ॥३४॥

हे राष्ट्राध्यक्ष ! तिमी स्वर्ग, पृथ्वी, राष्ट्र, धन, प्रजा र अमरत्वमा प्रतिष्ठित होऊ ! सूर्यका प्रकाशसित आफ्नो शारीरिक सम्बन्धलाई सुदृढ गराऊ ।

ये देवा राष्ट्रभृतोऽभितो यन्ति सूर्यम् । तैष्टे रोहितः संविदानो राष्ट्रं दधातु सुमनस्यमानः ॥३५॥

राष्ट्रको भरणपोषण गर्ने जुन देवशक्तिहरू सूर्यका वरिपरि घुमिरहेका हुन्छन्, उनीहरूसित एकमत भएर रोहित वर्णका सूर्यदेवताले प्रसन्नतापूर्वक तिम्रा राष्ट्रलाई धारण गरून् ।

उत् त्वा यज्ञा ब्रह्मपूता वहन्त्यध्वगतो हरयस्त्वा वहन्ति । तिरः समुद्रमति रोचसेऽर्णवम् ॥३६॥

हे सूर्यदेवता ! मन्त्रले पवित्र गराइएका यज्ञकर्मले तिमीलाई वहन गर्दछ र सुमार्गबाट गमन गर्ने अश्वले तिमीलाई वहन गर्दछन् । तिम्रा किरणले महासागरलाई प्रकाशवान् गराउँछ ।

रोहिते द्यावापृथिवी अधि श्रिते वसुजिति गोजिति संधनाजिति । सहस्रं यस्य जनिमानि सप्त च वोचेयं ते नाभिं भुवनस्याधि मज्मनि ॥३७॥

धन, गाई र ऐश्वर्य सम्पदा उपलब्ध गराउने सूर्यदेवताको अवलम्बन गर्नाले द्युलोक र पृथ्वी स्थिर भएका छन् । उनै सूर्यबाट सहस्र धाराका रूपमा प्रकाश र सात वर्णका प्राणले जन्म लिने गरेका छन् । तिमी यस्तै हुनाले नै संसारका लागि महानताको केन्द्र भएका छौ भन्ने हाम्रो मान्यता रहेको छ ।

यशा यासि प्रदिशो दिशश्च यशाः पशूनामुत चर्षणीनाम् । यशाः पृथिव्या अदित्या उपस्थेऽहं भूयासं सवितेव चारुः ॥३८॥

तिमी दिशा र उपदिशाहरूमा यशस्वी भएर गमन गर्दछौ । पशु र मानिसमा यशस्वी भएर जाने गर्दछौ । हामी पनि अखण्ड भूमिका काखमा यशस्वी भएर सवितादेवताजस्तै सुन्दर बनौँ ।

अमुत्र सन्निह वेत्थेतः संस्तानि पश्यसि । इतः पश्यन्ति रोचनं दिवि सूर्यं विपश्चितम् ॥३९॥

तिमी उति परको द्युलोकमा निवास गर्दछौ र पनि यहाँ यस लोकमा रहँदै गरेका सबैका रहस्यहरूलाई देख्दछौ । प्राणीहरू पनि यहाँबाट द्युलोकमा प्रकाशमान, ज्ञानसम्पन्न सूर्यदेवताको दर्शन गर्दछन् ।

देवो देवान् मर्चयस्यन्तश्चरस्यर्णवे । समानमग्निमिन्धते तं विदुः कवयः परे ॥४०॥

तिमी स्वयं नै प्रकाशक देवता हुँदा हुँदै पनि देवशक्तिलाई क्रियाशील गर्दछौ र अन्तरिक्षमा विचरण गर्दछौ । तिमी आफूसमान तेजस्वी अग्निलाई प्रदीप्त गर्दछौ भन्ने क्रान्तदर्शी विद्वान्हरू जान्दछन् ।

अवः परेण पर एनावरेण पदा वत्सं बिभ्रती गौरुदस्थात् । सा त्रध्रीची कं स्विदर्धं परागात् क्व स्वित् सूते नहि यूथे अस्मिन् ॥४१॥

गाईरूपी पोषक किरण द्युलोकबाट तलतिर र यस पृथ्वीलोकभन्दा माथितर्फ निरन्तर गतिमान् रहेका छन् । यिनले बाछाका रूपमा जीवनतत्त्वलाई धारण गरेर कुन लक्ष्यतर्फ जाँदै छन् ? यी गाईहरू कुन आधा भाग बाटो कटेपछि बाछाहरू जन्माउँछन् ? यहाँ समूहमा त जन्माउँदैनन् ।

एकपदी द्विपदी सा चतुष्पद्यष्टापदी नवपदी बभूवुषी । सहस्राक्षरा भुवनस्य पङ्क्तिस्तस्याः समुद्रा अधि वि क्षरन्ति ॥४२॥

यो सूर्यको रश्मि एकपदी, द्विपदी, चतुष्पदी, अष्टपदी र नवपदी हुने गर्दछ । यो संसारको पङ्क्तिको रूप हो । यसैले जललाई सघन गराएर मेघलाई भरिलो पार्दछ ।

आरोहन् द्याममृतः प्राव मे वचः । उत् त्वा यज्ञा ब्रह्मपूता वहन्त्यध्वगतो हरयस्त्वा वहन्ति ॥४३॥

हे अमृतरूपी सूर्यदेवता ! तिमी द्युलोकमा आरोहण गर्दै हाम्रा वाणीको संरक्षण गर । मन्त्रले पवित्र गराएका यज्ञले तिमीलाई वहन गर्दछ । मार्गमा रहेका अश्वरूपी किरणले सम्पूर्ण विश्वमा तिमीलाई विस्तारित गराउँछन् ।

वेद तत् ते अमर्त्य यत् त आक्रमणं दिवि । यत् ते सधस्थं परमे व्योमन् ॥४४॥

हे अविनाशी सूर्यदेवता ! द्युलोकमा तिम्रो विचरण गर्ने र व्योममा निवास गर्ने स्थान छ भन्ने कुरो हामी राम्रोसँगले जान्दछौँ ।

सूर्यो द्यां सूर्यः पृथिवीं सूर्य आपोऽति पश्यति । सूर्यो भूतस्यैकं चक्षुरा रुरोह दिवं महीम् ॥४५॥

सूर्यदेवता दिव्यलोक, अन्तरिक्ष, पृथ्वी र जल आदिलाई विशेष रूपले हेर्दछन् । सूर्य नै सम्पूर्ण विश्वका प्राणीहरूका अद्वितीय नेत्र हुन् । उनी विशाल द्युलोकमा आरोहण गर्दछन् ।

उर्वीरासन् परिधयो वेदिर्भूमिरकल्पत । तत्रैतावग्नी आधत्त हिमं घ्रंसं च रोहितः ॥४६॥

सृष्टिरूपी यज्ञकर्मका समयमा पृथ्वीलाई वेदिका बनाइयो । यसका उर्वीहरू यज्ञका परिधि बनाइए । अनि सूर्यदेवताले हिउँ र तापका दुई अग्निलाई यस यज्ञमा प्रयोग गरे ।

हिमं घ्रंसं चाधाय यूपान् कृत्वा पर्वतान् । वर्षाज्यावग्नी ईजाते रोहितस्य स्वर्विदः ॥४७॥

सूर्यको उत्तम सुख पाउने रहर गर्ने साधकहरू चिसा र ताता ऋतुहरूलाई आधार बनाएर पहाडलाई स्तम्भ बनाएर वर्षारूपी घिउले अग्निदेवताको अर्चना गर्दथे ।

स्वर्विदो रोहितस्य ब्रह्मणाग्निः समिध्यते । तस्माद् घ्रंसस्तस्माद्धिमस्तस्माद् यज्ञोऽजायत ॥४८॥

आत्मज्ञान प्राप्त गर्नमा सहायक सूर्यदेवताका मन्त्रले यज्ञाग्निलाई प्रज्वलित गरिन्थ्यो । त्यसैबाट हिउँ, दिन, ताप र यज्ञ आदि प्रकट भएका हुन् ।

ब्रह्मणाग्नी वावृधानौ ब्रह्मवृद्धौ ब्रह्माहुतौ । ब्रह्मेद्धावग्नी ईजाते रोहितस्य स्वर्विदः ॥४९॥

ब्रह्मरूपी ज्ञानले बढ्ने, ब्रह्मरूपी मन्त्रले प्रदीप्त हुने, ब्रह्मरूपी यज्ञमा आहुति प्राप्त गर्ने, यी दुई नै ब्रह्म र अग्नि हुन् । स्वर्गलाई चिनेका सूर्यदेवताका तेजले ब्रह्म र यी दुवै प्रदीप्त छन् ।

सत्ये अन्यः समाहितोऽप्स्वन्यः समिध्यते । ब्रह्मेद्धावग्नी ईजाते रोहितस्य स्वर्विदः ॥५०॥

एउटा अग्नि सत्यमा प्रतिष्ठित छन् भने अर्को अपप्रवाहमा प्रदीप्त हुने गर्दछन् । स्वर्गको ज्ञान भएका सूर्यदेवताका तेजले यी दुवै अग्निहरू प्रज्वलित हुने गर्दछन् ।

यं वातः परि शुम्भति यं वेन्द्रो ब्रह्मणस्पतिः । ब्रह्मेद्धावग्नी ईजाते रोहितस्य स्वर्विदः ॥५१॥

वायु, इन्द्र र ब्रह्मणस्पति आदि देवगण सुशोभित गराउनका लागि अभिलाषी रहेका छन् । स्वर्गको ज्ञान भएका सूर्यदेवताका तेजले यी दुवै अग्निहरू प्रज्वलित हुने गर्दछन् ।

वेदिं भूमिं कल्पयित्वा दिवं कृत्वा दक्षिणाम् । घ्रंसं तदग्निं कृत्वा चकार विश्वमात्मन्वद् वर्षेणाज्येन रोहितः ॥५२॥

भूमिलाई वेदिका बनाएर, द्युलोकलाई दक्षिणाका रूपमा दिएर र दिवसलाई नै अग्नि मानेर सूर्यदेवताले वर्षारूपी घिउले सम्पूर्ण विश्वलाई आत्मवान् बनाएका छन् ।

वर्षमाज्यं घ्रंसो अग्निर्वेदिर्भूमिरकल्पत । तत्रैतान् पर्वतानग्निर्गीर्भिरूर्ध्वाँ अकल्पयत् ॥५३॥

वर्षा ऋतुलाई घिउ, दिनलाई अग्नि, र भूमिलाई वेदिकाको रूपमा स्थापित गरिएको छ । त्यसै ठाउँमा स्तुति वचनले सम्पन्न अग्निद्वारा यी पर्वतका शिखरलाई उच्च र समृद्ध गराइएको छ ।

गीर्भिरूर्ध्वान् कल्पयित्वा रोहितो भूमिमब्रवीत् । त्वयीदं सर्वं जायतां यद् भूतं यच्च भाव्यम् ॥५४॥

स्तुति वचनले पर्वतलाई उच्च बनाएर सूर्यदेवताले भूमिसित भूत र भविष्यमा उत्पन्न भएका र हुनुपर्ने जति छन्, ती सबै नै तिमीमा नै प्रकट होऊन् भने ।

स यज्ञः प्रथमो भूतो भव्यो अजायत । तस्माद्ध जज्ञ इदं सर्वं यत् किं चेदं विरोचते रोहितेन ऋषिणाभृतम् ॥५५॥

यो यज्ञ सबैभन्दा पहिले भूत र भविष्यत्का रूपमा प्रकट भयो, त्यसपछि यहाँ जेजति छ, त्यो सबै नै प्रकट भयो । यसलाई देखेका द्रष्टा ऋषिका रूपमा रोहित वर्णका सूर्य छन्, उनले यस सृष्टिलाई परिपुष्ट गराए ।

यश्च गां पदा स्फुरति प्रत्यङ् सूर्यं च मेहति । तस्य वृश्चामि ते मूलं न च्छायां करवोऽपरम् ॥५६॥

जसले गाईलाई गोडाले छुन्छ र सूर्यतर्फ मुख फर्काएर मूत्रत्याग गर्दछ, उसलाई म समूल विनाश गर्दछु । म त्यसमाथि कृपा गरेर छाया प्रदान गर्दिनँ ।

यो माभिच्छायमत्येषि मां चाग्निं चान्तरा । तस्य वृश्चामि ते मूलं न च्छायां करवोऽपरम् ॥५७॥

जसले मलाई छायामा राख्ने वा छोप्ने प्रयास गर्दछ, मेरो अतिक्रमण गर्दछ, जो सूर्य र अग्निका बीचमा अवरोध बन्ने प्रयास गर्दछ, उसलाई म समूल नष्ट गराउँछु ।

यो अद्य देव सूर्य त्वां च मां चान्तरायति । दुष्वप्न्यं तस्मिञ्छमलं दुरितानि च मृज्महे ॥५८॥

हे सूर्यदेवता ! जो अग्नि र तिम्रा बिचमा यस बेला बिघ्न उत्पन्न गर्न खोज्दै छ, उसले नराम्रो सपना, दुष्ट कल्पना र पापकर्ममा प्रवेश गरेको छ ।

मा प्र गाम पथो वयं मा यज्ञादिन्द्र सोमिनः । मान्त स्थुर्नो अरातयः ॥५९॥

हे इन्द्रदेवता ! हामीले आफ्नो श्रेष्ठ मार्ग कहिल्यै परित्याग गर्नुहुँदैन । हामी सोमयागभन्दा कहिल्यै टाढा हुनुहुँदैन । हाम्रो देशका सीमामा शत्रु नरहून् ।

यो यज्ञस्य प्रसाधनस्तन्तुर्देवेष्वाततः । तमाहुतमशीमहि ॥६०॥

जुन यज्ञले सबै देवतामा देवत्वको लक्षणका रूपमा विस्तारित हुन पाएको छ, त्यस यज्ञको सेवन हामीले गर्नुपर्दछ ।

२. अध्यात्म सूक्त

ऋषि— ब्रह्मा । **देवता—** रोहितादित्य, अध्यात्म । **छन्द—** त्रिष्टुप्, अनुष्टुप्, जगति, आस्तारपङ्क्ति, बृहतीगर्भात्रिष्टुप्, आर्षी गायत्री, ककुम्मती आस्तारपङ्क्ति, पुरोद्व्यतिजागता भुरिक् जगती, विराट जगती, बार्हतगर्भा अनुष्टुप्, पञ्चपदा उष्णिक्, बृहतीगर्भा अतिजगती, आर्षीपङ्क्ति, पञ्चपदा विराड्गर्भाजगती, चतुष्पदा पुरःशाक्वरा भुरिक् जगती, अतिजागतगर्भा जागती ।

उदस्य केतवो दिवि शुक्रा भ्राजन्त ईरते । आदित्यस्य नृचक्षसो महिव्रतस्य मीढुषः ॥१॥

सेचन सामर्थ्यले युक्त, महान् व्रतशील सूर्यदेवता मानिसका निरीक्षक हुन् । उनको किरण आकाशबाट उदित हुँदा शुद्ध तेजस्वी प्रकाशले चम्कने गर्दछ ।

दिशां प्रज्ञानां स्वरयन्तमर्चिषा सुपक्षमाशुं पतयन्तमर्णवे । स्तवाम सूर्यं भुवनस्य गोपां यो रश्मिभिर्दिश आभाति सर्वाः ॥२॥

आफ्ना दीप्तिले दिशाहरूलाई प्रकाशित गराउने, सागरमा श्रेष्ठ रश्मिका साथमा विचरण गर्ने र आफ्ना किरणले दसै दिशाहरूलाई प्रकाशित गराउने उनै त्रिभुवनका संरक्षक सूर्यदेवतालाई हामी स्तुति गर्दछौं ।

यत् प्राङ् प्रत्यङ् स्वधया यासि शीभं नानारूपे अहनी कर्षि मायया । तदादित्य महि तत् ते महि श्रवो यदेको विश्वं परि भूम जायसे ॥३॥

हे आदित्यदेवता ! तिमी पूर्व र पश्चिम दिशामा आफ्नो धारक क्षमताका साथमा शीघ्रतापूर्वक गमन गर्दछौ । आफ्ना विलक्षण शक्तिले विभिन्न रूप धारण गर्दै दिन र रात्रि बनाउँछौ । तिमी संसारमा सबैभन्दा महान् र अद्वितीय प्रभावले युक्त छौ ।

विपश्चितं तरणिं भ्राजमानं वहन्ति यं हरितः सप्त बह्वीः । स्रुताद् यमत्त्रिर्दिवमुन्निनाय तं त्वा पश्यन्ति परियान्तमाजिम् ॥४॥

सात किसिमका तेजस्वी किरणका साथ भवसागरबाट पार गराउने जुन सूर्यदेवतालाई ज्ञानीहरूले वहन गर्दछन्, जसलाई त्रिगुणबाट मुक्त अत्रिले प्रवाहबाट उठाएर द्युलोकमा पुऱ्याएका छन्, त्यस्ता तिमी नै हौ र तिमीलाई हामी चारै दिशामा घुम्दै गरेको देख्दछौँ ।

मा त्वा दभन् परियान्तमाजिं स्वस्ति दुर्गा अति याहि शीभम् । दिवं च सूर्य पृथिवीं च देवीमहोरात्रे विमिमानो यदेषि ॥५॥

हे सूर्यदेवता ! तिमी द्युलोक र पृथ्वीमा दिन र रात्रिको रचना गर्दै विचरण गर्दछौ । तिमी यस्ता हुनाले शत्रुले दमन गर्न सक्दैनन् । तिमी शीघ्रतापूर्वक सुखका साथमा दुर्गम स्थल पार गर ।

स्वस्ति ते सूर्य चरसे रथाय येनोभावन्तौ परियासि सद्यः । यं ते वहन्ति हरितो वहिष्ठाः शतमश्वा यदि वा सप्त बह्वीः ॥६॥

हे सूर्यदेवता ! तिमी जेबाट दुवै सीमासम्म शीघ्रताका साथ पुग्ने गर्दछौ, उसै मङ्गलकारी रथको कल्याण होस् । त्यस रथलाई सात किसिमका विचरणशील अश्वरूपी किरणले चलाउने गरेका छन् ।

सुखं सुर्य रथमंशुमन्तं स्योनं सुवह्निमधि तिष्ठ वाजिनम् । यं ते वहन्ति हरितो वहिष्ठाः शतमश्वा यदि वा सप्त बह्वीः ॥७॥

हे सूर्यदेवता ! तिमी तेजस्वी, सुखदायी, सुन्दर अग्निजस्तै देदीप्यमान, गतिशील, श्रेष्ठ रथमा आरुढ छौ । तिम्रा त्यस रथका सात अथवा अनेकौँ हरियो वर्णका अश्वले गन्तव्यस्थलतर्फ लिएर जाने गर्दछन् ।

सप्त सूर्यो हरितो यातवे रथे हिरण्यत्वचसो बृहतीरयुक्त । अमोचि शुक्रो रजसः परस्ताद् विधूय देवस्तमो दिवमारुहत् ॥८॥

सुनौलो आवरण भएका सूर्यदेवता व्यापक प्रकाशयुक्त सात किरणरूपी हरिया अश्वका साथमा आफ्ना रथमा विराजमान हुने गर्दछन् । पवित्र प्रकाशले युक्त सूर्यदेवताले अन्धकारलाई पर हटाएर रजोगुणभन्दा पर रहेको दिव्यलोकमा प्रवेश गरेका छन् ।

उत् केतुना बृहता देव आगन्नपावृक् तमोऽभि ज्योतिरश्रैत् । दिव्यः सुपर्णः स वीरो व्यख्यददितेः पुत्रो भुवनानि विश्वा ॥९॥

उदाउँदै गरेका महान् ध्वजारूपी प्रकाशका साथमा सूर्यदेव आउँदै छन् । उनले अन्धकारलाई पर हटाएर तेजस्विताको आश्रय लिइरहेका छन् । उनै दिव्य प्रकाशले युक्त अदितिका वीर पुत्र सूर्यले सम्पूर्ण विश्वलाई नै आलोकित गराएका छन् ।

उद्यन् रश्मीना तनुषे विश्वा रूपाणि पुष्यसि । उभा समुद्रौ क्रतुना वि भासि सर्वाल्ँलोकान् परिभूर्भ्राजमानः ॥१०॥

हे सूर्यदेवता ! तिमी उदाउँदै गर्दा आफ्नो रश्मि फैलाउँछौ र सबै पदार्थको रूप आकारलाई परिपुष्ट गराउँछौ । तिमी देदीप्यमान भएर आफ्ना यज्ञीय भावले दुवै समुद्र र सम्पूर्ण विश्वलाई आलोकित गर्दछौ ।

पूर्वापरं चरतो माययैतौ शिशू क्रीडन्तौ परि यातोऽर्णवम् । विश्वान्यो भुवना विचष्टे हैरण्यैरन्यं हरितो वहन्ति ॥११॥

शिशु रूपमा रहेका सूर्य र चन्द्रमा यी दुवै क्रीडा गर्दै आआफ्ना शक्तिले समुद्रसम्मको भ्रमण गर्दै हिँड्दछन् । यिनीहरूमध्ये एकले सम्पूर्ण लोकलाई प्रकाशित गराउँछन् भने अर्कालाई अश्वले आफ्ना सुनौला किरणले वहन गरेका छन् ।

दिवि त्वात्रिरधारयत् सूर्या मासाय कर्तवे । स एषि सुधृतस्तपन् विश्वा भूतावचाकशत् ॥१२॥

हे सूर्यदेवता ! अत्रिले तिमीलाई महिनाहरूको समूह निर्माण गर्नका लागि द्युलोकमा स्थापित गराएका हुन् । तिमी तापयुक्त भएर सबै प्राणीहरूलाई प्रकाशित गराउँदै स्वयं सुस्थिर गतिमा चलिरहेका छौ ।

उभावन्तौ समर्षसि वत्सः संमातराविव । नन्वे३तदितः पुरा ब्रह्म देवा अमी विदुः ॥१३॥

बालक जसरी आफ्ना मातापिताका नजिक जाने गर्दछ, उसै गरी तिमी पनि उदय र अस्त कालमा दुवै समुद्रका नजिक जान्छौ । यी देवताले निश्चय पनि यी सबै नै शाश्वत ब्रह्म हुन् भन्ने ठानेका छन् ।

यत् समुद्रमनु श्रितं तत् सिषासति सूर्यः । अध्वास्य विततो महान् पूर्वश्चापरश्च यः ॥१४॥

समुद्रका आश्रयले जुन मार्ग युक्त भएको छ, सूर्यदेवता त्यही मार्ग प्राप्त गर्न इच्छुक छन् । यिनका पूर्व र पश्चिमका मार्गहरू महिमाशाली र विस्तृत छन् ।

तं समाप्नोति जूतिभिस्ततो नापचिकित्सति । तेनामृतस्य भक्षं देवानां नाव रुन्धते ॥१५॥

हे सूर्यदेवता ! तिमी त्यस मार्गलाई शीघ्रगामी अश्वरूपी किरणले पूरा गर्दछौ । तिमी त्यस मार्गमा सतर्क रहनाले देवताहरूलाई अमृत सेवन गर्नमा रोक्दैनौ ।

उदु त्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ॥१६॥

यी सर्वज्ञान सम्पन्न जातवेदा सूर्यले समस्त विश्वलाई दृष्टि प्रदान गरून् भनेर रश्मिले उनलाई उच्च स्थानमा लिएर जाने गर्दछ ।

अप त्ये तायवो यथा नक्षत्रा यन्त्यक्तुभिः । सूराय विश्वचक्षसे ॥१७॥

सबैलाई प्रकाश प्रदान गर्ने सूर्यदेवता उदाउने बित्तिकै रात्रिका साथ नक्षत्र एवं ताराहरू पनि दिनको उज्यालो आउँदा चोर लुकेझैँ लुक्ने गर्दछन् ।

अदृश्रन्नस्य केतवो वि रश्मयो जनाँ अनु । भ्राजन्तो अग्नयो यथा ॥१८॥

सूर्यदेवताको रश्मि जीवजगत्‌लाई प्रकाशित गराउँदै अग्निको किरणजस्तै देखिन थाल्दछ ।

तरणिर्विश्वदर्शतो ज्योतिष्कृदसि सूर्य । विश्वमा भासि रोचन ॥१९॥

हे सूर्यदेवता ! तिमी साधकलाई उद्धार गर्ने, सबैका द्रष्टा र प्रकाश प्रदाता हौ । सम्पूर्ण विश्वलाई तिमी नै प्रकाशित गराउँछौ ।

प्रत्यङ् देवानां विशः प्रत्यङ्ङुदेषि मानुषीः । प्रत्यङ् विश्वं स्व दृशे ॥२०॥

हे सूर्यदेवता ! तिमी सबै देवता र मानिसका अगाडि उदाउँछौ, त्यसो भएपछि सबैलाई तिम्रो दर्शन र प्रकाश प्राप्त हुने गर्दछ ।

येना पावक चक्षसा भुरण्यन्तं जनाँ अनु । त्वं वरुण पश्यसि ॥२१॥

हे सूर्यदेवता ! जुन पवित्रकारक दृष्टिले तिमी भरणपोषण गर्ने मानिसहरूलाई हेर्दछौ, उसैले हामीलाई पनि हेर ।

वि द्यामेषि रजस्पृथ्वहर्मिमानो अक्तुभिः । पश्यन् जन्मानि सूर्य ॥२२॥

हे सूर्यदेवता ! तिमी प्राणीमाथि कृपा गर्नका लागि दिन र रात्रिको रचना गर्दै अन्तरिक्ष एवं द्युलोकमा विचरण गर्दछौ ।

सप्त त्वा हरितो रथे वहन्ति देव सूर्य । शोचिष्केशं विचक्षणम् ॥२३॥

हे सर्वद्रष्टा सूर्यदेवता ! तेजस्वी सात वर्णका किरणरूपी अश्वले तिम्रो रथ लिएर जान्छन् ।

अयुक्त सप्त शुन्ध्युवः सूरो रथस्य नप्त्यः । ताभिर्याति स्वयुक्तिभिः ॥२४॥

ज्ञानसम्पन्न ऊर्ध्वगामी सूर्यदेवता आफ्ना पवित्रताप्रदायक सात वर्णका अश्वरूपी किरणले सुशोभित रथमा आफ्नै युक्तिले गमन गर्दछन् ।

रोहितो दिवमारुहत् तपसा तपस्वी । स योनिमैति स उ जायते पुनः स देवानामधिपतिर्बभूव ॥२५॥

आफ्नो तपश्चर्यारूपी तेजले तेजस्वी सूर्यदेवता द्युलोकमा आरोहण गर्दछन् । उनी योनिका रूपमा रहेको मूल स्थानमा पुगेर पुनः उत्पन्न हुन्छन्, उनी सबै देवताका अधिपति बनून् ।

यो विश्वचर्षणिरुत विश्वतोमुखो यो विश्वतस्पाणिरुत विश्वतस्पृथः । सं बाहुभ्यां भरति सं पतत्रैर्द्यावापृथिवी जनयन् देव एकः ॥२६॥

प्राणीहरूका द्रष्टा, अनेकौँ मुख भएका, चारैतिर हात र बाहु फिँजाएका उनै अद्वितीय सूर्यदेवता आफ्ना पतनशील किरणले द्युलोक र पृथ्वीलाई उत्पन्न गर्दछन् र आफ्ना तिनै भुजाले सबैलाई पोषण प्रदान गर्दछन् ।

एकपाद् द्विपदो भूयो वि चक्रमे द्विपात् त्रिपादमभ्येति पश्चात् । द्विपाद्ध षट्पदो भूयो वि चक्रमे त एकपदस्तन्वं समासते ॥२७॥

एउटा पाद दुई खुट्टाभन्दा छिटो हिँड्दछ, अनि द्विपाद त्रिपादमा पुग्दछ । द्विपाद पक्का पनि षट्पदभन्दा बढी छिटो हिँड्दछ । उनै एकै पाउका शरीरको आश्रय ग्रहण गर्दछन् ।

अतन्द्रो यास्यन् हरितो यदास्थाद् द्वे रूपे कृणुते रोचमानः । केतुमानुद्यन्त्सहमानो रजांसि विश्वा आदित्य प्रवतो वि भासि ॥२८॥

आलस्यरहित सूर्यदेवता गमन गर्नका लागि जब अश्वमा आरुढ हुन्छन्, त्यस बेला उनी आफ्ना दुई स्वरूप निर्माण गर्दछन् । हे आदित्यदेवता ! उदाउँदाका अवस्थामा प्रकाशरूपी ध्वजा लिएका तिमी सबै लोकलाई जित्दछौ र तिनलाई आफैँ प्रकाशित गर्दछौ ।

बण्महाँ असि सूर्य बडादित्य महाँ असि । महांस्ते महतो महिमा त्वमादित्य महाँ असि ॥२९॥

हे सूर्यदेवता ! तिम्रो महिमा महान् छ, यो नै सत्य हो । हे आदित्यदेवता ! महान् महिमाले युक्त भएका तिम्रो ख्याति पनि महान् छ ।

रोचसे दिवि रोचसे अन्तरिक्षे पतङ्ग पृथिव्यां रोचसे रोचसे अपस्वन्तः । उभा समुद्रौ रुच्या व्यापिथ देवो देवासि महिषः स्वर्जित् ॥३०॥

हे सूर्यदेवता ! तिमी द्युलोक, अन्तरिक्ष, पृथ्वी र जलभित्र प्रकाशित हुन्छौ । तिमी आफ्ना तेजले दुवै समुद्रलाई व्याप्त गराउँछौ । हे देवता ! तिमी स्वर्गलोकका विजेता र महान् सामर्थ्यले सम्पन्न छौ ।

अर्वाङ् परस्तात् प्रयतो व्यध्व आशुर्विपश्चित् पतयन् पतङ्ग । विष्णुर्विचित्तः शवसाधितिष्ठन् प्र केतुना सहते विश्वमेजत् ॥३१॥

यी ज्ञानसम्पन्न सूर्यदेवता दक्षिणायनतर्फ जाँदा चाँडै नै बाटो पार गर्ने गर्दछन् । यी सूर्यदेवता विशिष्ट ज्ञानी र व्यापक छन् । उनी आफ्ना सामर्थ्यले अधिष्ठित भएका छन् र सम्पूर्ण गतिमान् विश्वलाई नै धारण गर्दछन् ।

चित्रश्चिकित्वान् महिषः सुपर्ण आरोचयन् रोदसी अन्तरिक्षम् । अहोरात्रे परि सूर्यं वसाने प्रास्य विश्वा तिरतो वीर्याणि ॥३२॥

अद्‌भुत ज्ञानले सम्पन्न, समर्थ र श्रेष्ठ गतिशील सूर्यदेवता अन्तरिक्ष, पृथ्वी र द्युलोकलाई प्रकाशित गर्दछन् । उनै सूर्यदेवताले दिन र रात्रिको निर्माण गरेर सबैभन्दा पराक्रमी सामर्थ्य विस्तार गरेका

छन् ।

तिग्मो विभ्राजन् तन्वं शिशानोऽरंगमासः प्रवतो रराणः । ज्योतिष्मान् पक्षी महिषो वयोधा विश्वा आस्थात् प्रदिशः कल्पमानः ॥३३॥

यी तेजस्वी र तीक्ष्ण सूर्यदेवता पर्याप्त गतियुक्त, उच्च स्थानमा विराजमान हुने, पक्षीभैँ आकाशमा विचरण गर्ने खालका छन् । शक्तिमान् र अन्नलाई पोषण प्रदान गर्ने यी सूर्यले सबै दिशाहरूलाई नै तेज प्रदान गर्दछन् ।

चित्रं देवानां केतुरनीकं ज्योतिष्मान् प्रदिशः सूर्य उद्यन् । दिवाकरोऽति द्युम्नैस्तमांसी विश्वातारीद् दुरितानि शुक्रः ॥३४॥

देवताहरूको ध्वजाजस्ता, अद्‌भुत, मूल आधारका रूपमा रहेका, तेजस्वी सूर्यदेवता पूर्व दिशामा उदाएर आफ्नै तेजले सम्पूर्ण अन्धकार हटाउँछन् र आफ्नै प्रकाशले दिनको निर्माण गर्दछन् ।

चित्रं देवानामुदगादनीकं चक्षुर्मित्रस्य वरुणस्याग्नेः । आप्राद् द्यावापृथिवी अन्तरिक्षं सूर्य आत्मा जगतस्तस्थुषश्च ॥३५॥

जङ्गमस्थावर जगत्का आत्माका रूपमा रहेका यी सूर्यदेवता दैवी शक्तिको अद्‌भुत तेजपुञ्जका रूपमा उदाएका छन् । मित्र, वरुण आदिको चक्षुका रूपमा यी सूर्यदेवता उदाउना साथ द्युलोक, पृथ्वीलोक र अन्तरिक्षलाई आफ्नै तेजले भरिपूर्ण गराउँछन् ।

उच्चा पतन्तमरुणं सुपर्णं मध्ये दिवस्तरणिं भ्राजमानम् । पश्याम त्वा सवितारं यमाहुरजस्रं ज्योतिर्यदविन्ददत्त्रिः ॥३६॥

उच्च स्थानबाट गमन गर्ने पक्षीजस्तै अन्तरिक्षमा तेजस्वी भएर गतिमान् रहने र विशिष्ट ज्योतिका रूप भनेर जसलाई भनिएको छ, जसलाई आधिभौतिक, आध्यात्मिक र आधिदैविक दुःखबाट रहित स्वीकार गरिएको छ, उनै सूर्यदेवतालाई हामी सधैँ देख्न पाऔँ ।

दिवस्पृष्ठे धावमानं सुपर्णमदित्याः पुत्रं नाथकाम उप यामि भीतः । स नः सूर्य प्र तिर दीर्घमायुर्मा रिषाम सुमतौ ते स्याम ॥३७॥

अन्तरिक्षलोकमा द्रुतगामी पक्षीभैँ गतिमान् अदितिका पुत्र यी सूर्यदेवताका शरणमा भयभीत भएर जान्छौँ । हे सूर्यदेवता ! हामीलाई तिमी दीर्घायु प्रदान गर, हामी कहिल्यै हिंसित नहोऔँ र तिम्रा श्रेष्ठ बुद्धिमा रमाउन पाऔँ ।

सहस्राहण्यं वियतावस्य पक्षौ हरेर्हंसस्य पततः स्वर्गम् । स देवान्त्सर्वानुरस्युपदद्य संपश्यन् याति भुवनानि विश्वा ॥३८॥

स्वर्गलोकतर्फ जाँदै गरेका, हरणशील, हंसको जस्तै गति भएका यी पापनाशक सूर्यदेवताका उत्तरायण र दक्षिणायन दुवै पक्ष हजारौँ वर्षसम्म अनुशासित रहून् । उनी सबै देवताहरू आफूमा समेटेर सबै लोकका प्राणीहरूलाई हेर्दै हिँड्दछन् ।

रोहितः कालो अभवद् रोहितोऽग्रे प्रजापतिः । रोहितो यज्ञानां मुखं रोहितः स्वऽराभरत् ॥३९॥

सूर्यदेवता नै काल गणनाका निर्धारक भए, त्यसपछि उनै प्रजापालक भए र उनी नै यज्ञीय सत्कर्ममा प्रमुख भएर प्रकाशरूपी स्वर्गीय सुख प्रदान गर्दछन् ।

रोहितो लोको अभवद् रोहितोऽत्यतपद् दिवम् । रोहितो रश्मिभिर्भूमिं समुद्रमनु सं चरत् ॥४०॥

सूर्यदेवता नै सबै लोकका निर्माता भएर द्युलोकलाई प्रकाशित गराउन थाले । उनी आफ्नै किरणले भूमि र समुद्रमा सञ्चरण गर्दछन् ।

सर्वा दिशः समचरद् रोहितोऽधिपतिर्दिवः । दिवं समुद्रमाद् भुमिं सर्वं भूतं विरक्षति ॥४१॥

द्युलोक र स्वर्गका स्वामी सूर्यदेवता सबै दिशाहरूमा सञ्चरण गर्दै द्युलोक र त्यहाँबाट समुद्रमा

विचरण गर्दछन् । उनैले सबै प्राणी र पृथ्वीको संरक्षण गर्दछन् ।

आरोहञ्छुक्रो बृहतीरतन्द्रो द्वे रूपे कृणुते रोचमानः । चित्रश्चिकित्वान् महिषो वातमाया यावतो लोकानभि यद् विभाति ॥४२॥

यी अल्छ्याइँ र प्रमाद नभएका, बलशाली, तेजस्वी सूर्यदेवता विस्तृत दिशाहरूमा आरुढ भएर आफ्ना दुई रूपको रचना गर्दछन् । अद्‌भुत, ज्ञानसम्पन्न र सामर्थ्ययुक्त गतिशीलता प्राप्त गर्दछन् र उनले जति लोकहरू भए पनि ती सबैलाई प्रकाशमान गराउँछन् ।

अभ्यन्न्यदेति पर्यन्यदस्यतेऽहोरात्राभ्यां महिषः कल्पमानः । सूर्यं वयं रजसि क्षियन्तं गातुविदं हवामहे नाधमानाः ॥४३॥

दिन र रात्रिबाट महिमायुक्त भएर यी सूर्यदेवता एक भागले अगाडि आउँछन् र अर्का भागले गति गर्दछन् । हामी अन्तरिक्षलोकमा विराजमान सूर्यदेवताको स्तुति गर्दछौँ । भयाक्रान्त भएका हामी सबैलाई उनले श्रेष्ठ मार्गदर्शन गराऊन् ।

पृथिवीप्रो महिषो नाधमानस्य गातुरदब्धचक्षुः परि विश्वं बभूव । विश्वं संपश्यन्त्सुविदत्रो यजत्र इदं शृणोतु यदहं ब्रवीमि ॥४४॥

पृथ्वीका पालनकर्ता, महिमायुक्त, दुःखी मानिसका पथप्रदर्शक, दृष्टियुक्त सूर्यदेवता विश्वका चारैतिर संव्याप्त भएर रहेका छन् । विश्वका द्रष्टा, कल्याणकारी, ज्ञानराशिले सम्पन्न र पूजा गर्न योग्य सूर्यदेवताले हाम्रो निवेदन सुनून् ।

पर्यस्य महिमा पृथिवीं समुद्रं ज्योतिषा विभ्राजन् परि द्यामन्तरिक्षम् । सर्वं संपश्यन्त्सुविदत्रो यजत्र इदं शृणोतु यदहं ब्रवीमि ॥४५॥

उनको ख्याति सर्वत्र व्याप्त रहेको छ । यी आफ्नो आभाले पृथ्वी, समुद्र, द्युलोक र अन्तरिक्ष आदि चारैतिर विस्तृत छन् । सबै कर्मका द्रष्टा, मङ्गलमयी ज्ञानशक्तिले युक्त र पूजनीय सूर्यदेवताले हाम्रो निवेदन ध्यानपूर्वक सुनून् ।

अबोध्यग्निः समिधा जनानां प्रति धेनुमिवायतीमुषासम् । यह्वा इव प्र वयामुज्जिहानाः प्र भानवः सिस्रते नाकमच्छ ॥४६॥

उषाकाल आउने बेलामा जसरी गाईहरूलाई जगाउने गरिन्छ, उसै गरी मानिसहरूका समिधाले यज्ञको अग्नि प्रदीप्त रूपमा जाग्ने गर्दछन् । त्यस बेला त्यस अग्निबाट माथि उठ्ने विशाल ज्वालाहरू वृक्षका शाखा सोझैँ माथितिर गएझैँ स्वर्गधामतर्फ उकालिने गर्दछन् ।

३. अध्यात्म सूक्त

ऋषि— ब्रह्म । **देवता—** अध्यात्म, रोहितादित्य । **छन्द—** चतुरवसाना अष्टपदा आकृति, त्र्यवसाना षट्पदा भुरिगष्टि, त्र्यवसाना षट्पदाष्टि, त्र्यवसाना षट्पदा अतिशाक्वरगर्भा धृति, शाक्वरातिशाक्वरगर्भा सप्तपदा चतुरवसाना प्रकृति, चतुरवसाना सप्तपदा अनुष्टुब्गर्भातिधृति, त्र्यवसाना षट्पदात्यष्टि, चतुरवसाना सप्तपदा भुरिक् अतिधृति, चतुरवसाना अष्टपदा कृति, चतुरवसाना सप्तपदा निचृत् अतिधृति, चतुरवसाना सप्तपदा कृति, चतुरवसाना अष्टपदा भुरिक् आकृति, चतुरवसाना अष्टपदा विकृति, अनुष्टुप् ।

य इमे द्यावापृथिवी जजान यो द्रापिं कृत्वा भुवनानि वस्ते । यस्मिन् क्षियन्ति प्रदिशः षडुर्वीर्याः पतङ्गो अनु विचाकशीति । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१॥

जसले यी द्युलोक र पृथ्वीलाई प्रकट गरे, जो सम्पूर्ण लोकलाई आच्छादन बनाएर संव्याप्त छन्, जोभित्र छ वटै दिशा र उपदिशाहरू सूर्यबाट प्रकाशित भएर निवास गर्दछन्, यस किसिमको मर्मको ज्ञान भएका विद्वान् ब्रह्मनिष्ठलाई जसले पीडित गर्दछन्, उनीहरू नै ती परमेश्वररूपी देवताका क्रोधका भाजन हुनेछन् । हे सूर्यदेवता ! तिमी त्यस ब्रह्मघातीलाई कम्पायमान गर,

उसलाई क्षीण गर र बन्धनमा पारिदेऊ ।

यस्माद् वाता ऋतुथा पवन्ते यस्मात् समुद्रा अधि विक्षरन्ति । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२॥

जुन देवताका सहायताले वायुदेवता ऋतुअनुसार बहने गर्दछन् र जसका कारणले समुद्रको जलप्रवाह विविध तरिकाले प्रवाहित हुन्छ भन्ने कुराको मर्म जानेका विद्वान् ब्रह्मनिष्ठलाई जसले दुःख दिन्छ, ऊ तिनै देवताका क्रोधको भागी बन्दछ । हे सूर्यदेवता ! त्यस्ता किसिमका ब्रह्मघातीलाई तिमी कम्पायमान गराऊ, उसको शक्ति विनाश गराऊ र उसलाई बन्धनमा पारिदेऊ ।

यो मारयति प्राणयति यस्मात् प्राणन्ति भुवनानि विश्वा । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥३॥

जसबाट सबै मानिसले प्राणशक्ति प्राप्त गर्दछन्, जसको क्षीणताले मृत्यु हुन्छ, र जसका सामर्थ्यले सबै प्राणीको जीवन प्रवाह चल्दछ भन्ने विषयको मर्म जान्ने विद्वान् ब्रह्मनिष्ठलाई जसले दुःख दिन्छ, त्यो ब्रह्मघाती हो । त्यस्तो ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र बन्दछ । हे सूर्यदेवता ! त्यस्ता ब्रह्मघातीलाई तिमी तर्साऊ, उसको सामर्थ्य क्षीण गराऊ र त्यसलाई बन्धनमा पारिदेऊ ।

यः प्राणेन द्यावापृथिवी तर्पयत्यपानेन समुद्रस्य जठरं यः पिपर्ति । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥४॥

जुन परमात्म सत्ताले प्राणशक्तिद्वारा द्युलोक र पृथ्वीलाई सन्तुष्ट गराउँछ र अपानशक्तिद्वारा समुद्रको गर्भ भराउँछ त्यस विषयको मर्म जान्ने विद्वान् नै ब्रह्मनिष्ठ हो । त्यस्ता ब्रह्मनिष्ठ जसबाट पीडित हुन्छन्, त्यसलाई उनै परमात्माले क्रोधका दृष्टिले हेर्दछन् । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई तर्साऊ, त्यसको शक्ति खोस र त्यसलाई पाशमा हालिदेऊ ।

यस्मिन् विराट् परमेष्ठी प्रजापतिरग्निर्वैश्वानरः सह पङ्क्त्या श्रितः । यः परस्य प्राणं परमस्य तेज आददे । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥५॥

जसमा विराट् परब्रह्म प्रजापति अग्नि र वैश्वानर पङ्क्तिबद्ध भएर आश्रित रहेका छन्, जसले उत्तम प्राण र परम तेजस्वितालाई ग्रहण गरेको छ भन्ने कुराको मर्म जान्ने विद्वान् नै ब्रह्मनिष्ठ हो । त्यस्ता ब्रह्मनिष्ठलाई जसले दुःख दिन्छ, त्यो उनै परमेश्वरका क्रोधको पात्र हुनेछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, त्यसको शक्ति घटाइदेऊ र उसलाई पासोले जेलिदेऊ ।

यस्मिन् षडुर्वीः पञ्च दिशो अधि श्रिताश्चतस्र आपो यज्ञस्य त्रयोऽक्षराः । यो अन्तरा रोदसी क्रुद्धश्चक्षुषैक्षत । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥६॥

जसभित्र छ वटा उर्वी र पाँच वटा विस्तृत दिशाहरू, चार प्रकारका जल र यज्ञका ती अक्षर आश्रित छन्, जो अन्तःकरणले उग्र भएर द्युलोक र भूलोकलाई हेर्दछन् भन्ने कुराको जानकारी जसले लिएको छ, त्यो ब्रह्निष्ठ हो । त्यस्ता ब्रह्मनिष्ठलाई सताउने उनै परमेश्वरको कोपभाजन हुनेछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई थर्काऊ, त्यसको शक्ति खोस र त्यसलाई पासोमा पारिदेऊ ।

यो अन्नादो अन्नपतिर्बभूव ब्रह्मणस्पतिरुत यः । भूतो भविष्यद् भुवनस्य यस्पतिः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥७॥

जो अन्नका संरक्षक, अन्नका भक्षक र ब्रह्मणस्पतिका रूपमा ज्ञानका अधिपति हुन्, जो भूत र

भविष्यमा जगत्का स्वामी हुन् भन्ने कुराको जानकारी भएको विद्वान् नै ब्रह्मनिष्ठ हो । त्यस्ता ब्रह्मनिष्ठलाई जसले दुःख दिन्छ, त्यो उनै परमात्माको कोपभाजन हुनेछ । हे सूर्यदेवता ! तिमी त्यस ब्रह्मघातीलाई तर्साऊ, त्यसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा पारिदेऊ ।

अहोरात्रैर्विमितं त्रिंशदङ्गं त्रयोदशं मासं यो निर्मिमीते । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥८॥

जसले दिन रातका तीस अंशबाट महिनाको निर्माण गरे र जसले अधिक माससहित वर्षलाई तेह्र भागमा निर्माण गरे भन्ने कुराको जानकारी पाएको विद्वान् नै ब्रह्मनिष्ठ हो । जसले यस्ता ब्रह्मनिष्ठलाई दुःख दिन्छ, त्यो उनै परमात्माको कोपभाजन बन्दछ । हे सूर्यदेवता ! तिमी त्यसलाई कम्पायमान गराऊ, त्यसको सामर्थ्य खोसिदेऊ र उसलाई पासोमा पारिदेऊ ।

कृष्णं नियानं हरयः सुपर्णा अपो वसाना दिवमुत् पतन्ति । त आववृत्रन्त्सदनादृतस्य । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥९॥

सूर्यदेवताको श्रेष्ठ किरण पृथ्वीबाट जल लिएर आकाशमा जान्छ, अनि फेरि त्यही किरण जलको स्थान मेघमण्डलबाट बारम्बार फर्कन्छ । यस विषयको मर्म जानेको विद्वान् नै ब्रह्मनिष्ठ हो । त्यस्ता ब्रह्मनिष्ठलाई दुःख दिने व्यक्ति उनै परमात्माको रिसको पात्र बन्दछ । हे सूर्यदेवता ! तिमी त्यस ब्रह्मघातीलाई तर्साऊ, उसको शक्ति क्षीण गराऊ र उसलाई बन्धनमा पार ।

यत् ते चन्द्रं कश्यप रोचनावद् यत् संहितं पुष्कलं चित्रभानु । यस्मिन्त्सूर्या आर्पिताः सप्त साकम् । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१०॥

हे कश्यप ! तिमीले सङ्ग्रह गरेका आनन्ददायक, प्रकाशमान र अति विलक्षण तेजमा सात वटा सूर्य एकै साथमा रहेका छन् । यस कुराको मर्म जानेको विद्वान् नै ब्रह्मनिष्ठ हो र यस्ता ब्रह्मनिष्ठलाई दुःख दिने ब्रह्मघमाती नै परमात्माको कोपभाजन हो । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई प्रकम्पित गराऊ, त्यसको सबै शक्ति समाप्त गरिदेऊ र त्यसलाई पाशमा बाँधिदेऊ ।

बृहदेनमनु वस्ते पुरस्ताद् रथन्तरं प्रति गृह्णाति पश्चात् । ज्योतिर्वसाने सदमप्रमादम् । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥११॥

बृहद्गान यसका अगाडि स्थित रहन्छ र रथन्तरगानले पछाडिका भागबाट यो ग्रहण गर्दछ । यी दुवै प्रमादरहित भएर निरन्तर ज्योतिले ढाकिएका हुन्छन् । यस्ता किसिमको मर्म जान्ने विद्वान् नै ब्रह्मनिष्ठ हो । यस खालका ब्रह्मनिष्ठलाई पीडित गर्ने व्यक्ति नै ब्रह्मघाती हो । त्यही ब्रह्मघाती नै परमात्माको कोपभाजन हुन्छ । हे सूर्यदेवता ! तिमी त्यस ब्रह्मघातीलाई तर्साऊ, त्यसको सबै शक्ति नाश गरिदेऊ र त्यसलाई पासोमा बाँध ।

बृहदन्यतः पक्ष आसीद् रथन्तरमन्यतः सबले सध्रीची यद् रोहितमजनयन्त देवाः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१२॥

जब देवशक्तिले सूर्यदेवतालाई प्रकट गरे, त्यस बेला बृहद्गान एक पक्षमा र रथन्तर गान अर्को पक्षमा प्रकट भए । यी दुवै बलशाली र सँगै रहने किसिमका पक्षहरू हुन् । यस किसिमको मर्म जान्ने विद्वान् नै ब्रह्मनिष्ठ हो र यी ब्रह्मनिष्ठलाई दुःख दिने नै ब्रह्मघाती हो । त्यो ब्रह्मघाती नै परमात्माको कोपभाजन हो । हे सूर्यदेवता ! त्यस्ता ब्रह्मघातीलाई तर्साऊ, त्यसको शक्ति नाश गरिदेऊ र त्यसलाई पासोमा हालिदेऊ ।

स वरुणः सायमग्निर्भवति स मित्रो भवति प्रातरुद्यन् । स सविता भूत्वान्तरिक्षेण याति स इन्द्रो भूत्वा तपति मध्यतो दिवम् । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१३॥

उनै पापनाशक वरुणदेवता साँझका समयमा अग्नि हुन्छन् र विहानका समयमा उदाउँदै गरेका मित्ररूपी सूर्य हुने गर्दछन् । उनी अन्तरिक्षका मध्य भागमा सविता बनेर र द्युलोकका मध्य भागमा इन्द्र बनेर तातिने गर्दछन् । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

सहस्राह्ण्यं वियतावस्य पक्षौ हरेर्हंसस्य पततः स्वर्गम् । स देवान्त्सर्वानुरस्युपदद्य संपश्यन् याति भुवनानि विश्वा । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१४॥

स्वर्गलोकमा गमन गरिरहने गतिशील, पापनाशक सूर्यदेवताका दुवै पक्ष हजारौं दिनसम्म नियमित रूपले क्रियाशील रहन्छन् । सबै देवताहरूलाई आफूभित्र धारण गरेर यिनले सबै प्राणीलाई हेर्दै हिंडेका छन् । भन्ने यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

अयं स देवो अप्स्व१न्तः सहस्रमूलः पुरुशाको अत्त्रिः । य इदं विश्वं भुवनं जजान । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१५॥

जसले सम्पूर्ण जगत्को रचना गरेको हो, ती देवता नै सूर्य हुन् । उनका हजारौं मूल र शाखा छन् । यिनी तीन किसिमका तापहरूबाट मुक्त भएर जलभित्र विराजमान छन् । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

शुक्रं वहन्ति हरयो रघुष्यदो देवं दिवि वर्चसा भ्राजमानम् । यस्योर्ध्वा दिवं तन्व१स्तपन्त्यर्वाङ् सुवर्णैः पटरैर्वि भाति । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१६॥

आफ्नो वर्चस्वशील तेजले देदीप्यमान रहने देवतालाई द्रुतगति भएका अश्वरूपी किरणसमूहले द्युलोकमा धारण गरेका छन् । उनका शरीरको माथिल्लो भागका किरणले दिव्यलोकलाई तताएको छ र श्रेष्ठ वर्णका किरणले तल्ला लोकहरू प्रकाशित हुन्छन् । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

येनादित्यान् हरितः संवहन्ति येन यज्ञेन बहवो यन्ति प्रजानन्तः यदेकं ज्योतिर्बहुधा विभाति । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१७॥

जुन देवताका सामर्थ्यले सूर्यका किरणरूपी अश्वले उनलाई वहन गर्दछन्, जसको महिमाले विद्वान् मानिस यज्ञका कार्यहरू सम्पन्न गर्दछन् र जो एकै तेजले सम्पन्न भएर पनि अनेकौं किसिमले प्रकाशित हुन्छन् तिनको यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

सप्त युञ्जन्ति रथमेकचक्रमेको अश्वो वहति सप्तनामा । त्रिनाभि चक्रमजरमनर्वं यत्रेमा विश्वा भुवनाधि तस्थुः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१८॥

एउटा पाङ्ग्रो भएको सूर्यको रथमा सात किसिमका शक्तिहरू नारिएका छन् । सात नाम भएका एउटै अश्वले यस रथलाई तानेको छ । त्यसको तीन नाभीकेन्द्रले सम्पन्न भएको चक्र कहिल्यै जीर्ण र नाश नहुने खालको छ । यस कालरूपी चक्रमा नै सम्पूर्ण ब्रह्माण्ड अडिएको छ । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

अष्टधा युक्तो वहति वह्निरुग्रः पिता देवानां जनिता मतीनाम् । ऋतस्य तन्तुं मनसा मिमानः सर्वा दिशः पवते मातरिश्वा । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥१९॥

जुन अग्निदेवता देवशक्तिलाई पालन गर्ने र विचारका उत्पादक हुन्, उनी उग्र भएर पनि आठ किसिमले चल्ने गर्दछन् । वायुदेवता यज्ञको तम्तयारीलाई मनले मापन गर्दै सम्पूर्ण दिशाहरू शुद्ध गराउँछन् । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

सम्यञ्चं तन्तुं प्रदिशोऽनु सर्वा अन्तर्गायत्र्याममृतस्य गर्भे । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२०॥

यज्ञीय भावनाको यो सूत्र सबै दिशामा विस्तारित भइरहेको छ । यो गायत्रीरूपी अमृतका भित्री भागमा अवस्थित छ । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

निम्रुचस्तिस्रो व्युषो ह तिस्रस्त्रीणि रजांसि दिवो अङ्ग तिस्रः । विद्मा ते अग्ने त्रेधा जनित्रं त्रेधा देवानां जनिमानि विद्म । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२१॥

हे अग्निदेवता ! हामी तिम्रा तीन किसिमका जन्मबाट परिचित छौं । देवशक्तिका तीन जन्मका विषयमा पनि हामीलाई थाहा छ । तीन वटै अस्त र तीन वटै उषाकाल हुन्छन् । अन्तरिक्ष र द्युलोकका भेद पनि तीन नै हुन्छन् । यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

वि य और्णोत् पृथिवीं जायमान आ समुद्रमदधादन्तरिक्षे । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२२॥

जुन देवता प्रादुर्भुत भएर पृथ्वीलाई ढाक्दछन् र अन्तरिक्षमा समुद्री जल धारण गर्दछन्, तिनको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

त्वमग्ने ऋतुभिः केतुभिर्हितोऽर्कः समिद्ध उदरोचथा दिवि । किमभ्यार्चन्मरुतः पृश्निमातरो यद् रोहितमजनयन्त देवाः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२३॥

हे अग्निदेवता ! तिमी ज्ञानयज्ञमा प्रतिष्ठित गराइन्छौ । उचित किसिमले प्रज्वलित भएर द्युलोकमा प्रकाशित हुन्छौ । जुन बेला देवताहरूले सूर्यदेवतालाई प्रकट गरे, उसै बेला भूमिलाई माताजस्तै ठानेर स्वीकार गरेका मरुत्हरूले तिमीलाई पूजावन्दना गरेका थिए ? यस किसिमको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

य आत्मदा बलदा यस्य विश्व उपासते प्रशिषं यस्य देवाः । योऽस्येशे द्विपदो यश्चतुष्पदः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२४॥

आत्मिक शक्ति र शारीरिक सामर्थ्य प्रदान गर्ने, सबैले उपासना गरेका देवता जो हुन्, जो मानिस आदि दुई खुट्टे र गाई, अश्व आदि चार खुट्टे प्राणीका स्वामी हुन्, तिनका विषयको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

एकपाद् द्विपदो भूयो वि चक्रमे द्विपात् त्रिपादमभ्येति पश्चात् । चतुष्पाच्चक्रे द्विपदामभिस्वरे संपश्यन् पङ्क्तिमुपतिष्ठमानः । तस्य देवस्य क्रुद्धस्यैतदागो य एवं विद्वांसं ब्राह्मणं जिनाति । उद् वेपय रोहित प्र क्षिणीहि ब्रह्मज्यस्य प्रति मुञ्च पाशान् ॥२५॥

यी देवता एक पाद भएर दुई पादको भन्दा बढी हिँड्छन्, अनि दुई पाउ तीन पाउमा सम्मिलित हुन्छन्, दुई पाउ निश्चित रूपमा छ पदभन्दा अधिक चल्दछन् । यी सबै कुराहरूले एक पद ब्रह्मका शरीरको आश्रय लिन्छन् । यस्ता विषयको मर्म जान्ने पुरुष नै ब्रह्मनिष्ठ हो । यस्ता ब्रह्मनिष्ठलाई सताउने ब्रह्मघाती हो । ब्रह्मघाती उनै परमेश्वरका क्रोधको पात्र हुने गर्दछ । हे सूर्यदेवता ! तिमी त्यस्ता ब्रह्मघातीलाई भयभीत गराऊ, उसको शक्ति क्षीण गराऊ र त्यसलाई बन्धनमा बाँधिदेऊ ।

कृष्णायाः पुत्रो अर्जुनो राञ्या वत्सोऽजायत । स ह द्यामधि रोहति रुहो रुरोह रोहितः ॥२६॥

कालो वर्ण हुने रात्रिका पुत्रका रूपमा सूर्यको उदय भएको छ । उनी उदाउँदै द्युलोकमा चढ्दै छन् । ती रातो वर्णका हुनाले रोहित भनिएका सूर्य रोहणशील वस्तुमा नै आरोहण गर्दछन् ।

४. अध्यात्म सूक्त

ऋषि— ब्रह्म । **देवता—** मन्त्रोक्त । **छन्द—** प्राजापत्या अनुष्टुप्, विराट् गायत्री, आसुरी उष्णिक् ।

स एति सविता स्वर्दिवस्पृष्ठेऽवचाकशत् ॥१॥

यी सूर्यदेवता द्युलोकको पिठ्युँमा प्रकाशित हुँदै आउँछन् ।

रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥२॥

यिनले आफ्नै प्रकाशले आकाश ढाकेका छन् । यी महान् इन्द्ररूपी सूर्यदेवता तेजले युक्त भएर हिँड्दछन् ।

स धाता स विधर्ता स वायुर्नभ उच्छ्रितम् । रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥३॥

जसले उच्च आकाश बनाए, जो आफ्ना किरणले आकाश ढाक्दै इन्द्रका रूपमा गतिमान छन्, ती धाता, विधाता र वायु उनै सूर्य हुन् ।

सोऽर्यमा स वरुणः स रुद्रः स महादेवः । रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥४॥
जसले उच्च आकाश बनाए, जो आफ्ना किरणले आकाश ढाक्दै इन्द्रका रूपमा गतिमान छन्, ती अर्यमा, वरुण, रुद्र र महादेव उनै सूर्य हुन् ।

सो अग्निः स उ सूर्यः स उ एव महायमः । रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥५॥
जसले उच्च आकाश बनाए, जो आफ्ना किरणले आकाश ढाक्दै इन्द्रका रूपमा गतिमान छन्, ती अग्नि, सूर्य र महायम उनै सूर्य हुन् ।

तं वत्सा उप तिष्ठन्त्येकशीर्षाणो युता दश । रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥६॥
उनीसित एउटै टाउको भएका दस वटा बाछा संयुक्त रूपमा रहन्छन्, जो आफ्ना किरणले आकाश ढाक्दै इन्द्रका रूपमा गतिमान छन् ।

पश्चात् प्राञ्च आ तन्वन्ति यदुदेति वि भासति । रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥७॥
उनी उदाउँदाखेरि नै प्रकाशमय हुन्छन् र पछिबाट पूजा गर्न योग्य उनका किरणले उनलाई चारै तिरबाट घेर्दछ, ती सूर्य आफ्ना किरणले आकाश ढाक्दै इन्द्रका रूपमा गतिमान छन् ।

तस्यैष मारुतो गणः स एति शिक्याकृतः ॥८॥
उनीसित यो मरुत्‌गण एउटै शृङ्खलाजस्तो भएर एकै गतिमा हिँड्दछन् ।

रश्मिभिर्नभ आभृतं महेन्द्र एत्यावृतः ॥९॥
ती सूर्य आफ्ना किरणले आकाश ढाक्दै यिनी महान् तेजस्वी किरणले आवृत्त हुनाले इन्द्रका रूपमा गतिमान छन् ।

तस्येमे नव कोशा विष्टम्भा नवधा हिताः ॥१०॥
उनका यी नौ वटा कोशहरू विभिन्न नौ वटा रूपमा रहेका छन् ।

स प्रजाभ्यो वि पश्यति यच्च प्राणति यच्च न ॥११॥
यी सूर्यदेवता समस्त स्थावर, जङ्गम प्रजाका द्रष्टा र सबैका प्राणका रूपमा रहेका छन् ।

तमिदं निगतं सहः स एष एक एकवृदेक एव ॥१२॥
यिनी एकीकृत शक्तिका आधार रूप हुन् । यिनी अद्वितीय छन् र एक देव यिनै सूर्य हुन् ।

एते अस्मिन् देवा एकवृतो भवन्ति ॥१३॥
यी सबै देवगण यिनै सूर्यमा एक रूप हुने गर्दछन् ।

५. अध्यात्म सूक्त

ऋषि– ब्रह्म । **देवता–** मन्त्रोक्त । **छन्द–** भुरिक् साम्नी त्रिष्टुप्, आसुरी पङ्क्ति, प्राजापत्या अनुष्टुप्, आसुरी गायत्री, द्विपदा विराट् गायत्री, आसुर्यनुष्टुप् ।

कीर्तिश्च यशश्चाम्भश्च नभश्च ब्राह्मणवर्चसं चान्नं चान्नाद्यं च ॥१॥
कीर्ति, यश, जल, आकाश, ब्रह्मचर्यको परम तेज, अन्न र अन्न खाने शक्ति वा अन्य उपभोग्य सामग्री ....

य एतं देवमेकवृतं वेद ॥२॥
त्यसलाई उपलब्ध हुन्छन् जसले देवता एक मात्र छन् भन्ने मानेको छ ।

न द्वितीयो न तृतीयश्चतुर्थो नाप्युच्यते । य एतं देवमेकवृतं वेद ॥३॥
जो यी एक देवताको ज्ञान भएको छ उसले दोस्रो, तेस्रो, चौथो छैनन्, देवता एक मात्र छन् भनेर एक मान्नुपर्दछ ।

न पञ्चमो न षष्ठः सप्तमो नाप्युच्यते । य एतं देवमेकवृतं वेद ॥४॥
जो यी एक देवताको ज्ञान भएको छ उसले पाँचौं, छैटो, सातौं छैनन्, देवता एक मात्र छन् भनेर एक मान्नुपर्दछ ।

नाष्टमो न नवमो दशमो नाप्युच्यते । य एतं देवमेकवृतं वेद ॥५॥
जो यी एक देवताको ज्ञान भएको छ उसले आठौं, नवौं, दसौं छैनन्, देवता एक मात्र छन् भनेर एक

मान्नुपर्दछ ।

स सर्वस्मै वि पशयति यच्च प्राणाति यच्च न । य एतं देवमेकवृतं वेद ॥६॥

जो यी वर्चस्वशील देवताको ज्ञाता हो, उसले जड र चेतन सबैलाई देखेको छ र उनै प्राणवान्, जीवन्त रहेको हुन्छ ।

तमिदं निगतं सहः स एष एक एकवृदेक एव । य एतं देवमेकवृतं वेद ॥७॥

उनी एकीभूत सामर्थ्य हुन् । यी अद्वितीय वरेण्य देवता केवल एक मात्र छन् ।

सर्वे अस्मिन् देवा एकवृतो भवन्ति । य एतं देवमेकवृतं वेद ॥८॥

जसले यी अद्वितीय एक वरेण्यलाई चिनेका छन्, त्यस्ता समस्त देवगण यिनैका एक रूप हुने गर्दछन् ।

६. अध्यात्म सूक्त

ऋषि– ब्रह्म । **देवता–** मन्त्रोक्त । **छन्द–** भुरिक् प्राजापत्या त्रिष्टुप्, आर्ची गायत्री, आसुरी पङ्क्ति, एकपदासुरी गायत्री, आर्ची अनुष्टुप्, प्राजापत्या अनुष्टुप् ।

ब्रह्म च तपश्च कीर्तिश्च यशश्चाम्भश्च नभश्च ब्राह्मणवर्चसं चान्नं चान्नाद्यं च । य एतं देवमेकवृतं वेद ॥१॥

ब्रह्मज्ञान, तपःशक्ति, कीर्ति, यश, जल, आकाश, ब्रह्मवर्चस, अन्न र अन्य उपभोग्य सामग्री त्यसलाई उपलब्ध हुन्छन्, जसले एक मात्र वरेण्य देवतालाई चिनेको छ ।

भूतं च भव्यं च श्रद्धा च रुचिश्च स्वर्गश्च स्वधा च ॥२॥

भूत, भविष्यत्, श्रद्धा, तेज, कान्ति, स्वर्ग र स्वधा त्यसलाई उपलब्ध हुन्छन्, जसले एक मात्र वरेण्य देवतालाई चिनेको छ ।

य एतं देवमेकवृतं वेद ॥३॥

जसले एक मात्र वरेण्य देवतालाई चिनेको छ, त्यसलाई सबै कुरो उपलब्ध हुन्छ ।

स एव मृत्युः सोऽमृतं सोऽभ्व१ स रक्षः ॥४॥

मृत्यु, अमृत, महान् र संरक्षक वा राक्षस उही एक मात्र वरेण्य देवता हुन् ।

स रुद्रो वसुवनिर्वसुदेये नमोवाके वषट्कारोऽनु संहितः ॥५॥

रुद्रदेवता, धन प्रदाता, धन प्राप्त कर्ता, नमस्कार, यज्ञमा उचित विधिले उच्चरित वषट्कार उनै एक मात्र वरेण्य देवता हुन् ।

तस्येमे सर्वे यातव उप प्रशिषमासते ॥६॥

सबै किसिमका यातना र शक्तिहरू उनै वरेण्य देवताका निर्देशनमा चल्दछन् ।

तस्यामू सर्वा नक्षत्रा वशे चन्द्रमसा सह ॥७॥

उनै वरेण्य देवताका वशमा चन्द्रसहित सबै नक्षत्रहरू रहने गर्दछन् ।

७. अध्यात्म सूक्त

ऋषि– ब्रह्म । **देवता–** मन्त्रोक्त । **छन्द–** आसुरी गायत्री, प्राजापत्या अनुष्टुप्, विराट् गायत्री, साम्नी उष्णिक्, साम्नी बृहती, आर्षी गायत्री, साम्नी अनुष्टुप् ।

स वा अह्नोऽजायत तस्मादहरजायत ॥१॥

उनी दिनबाट प्रकट भए र उनीबाटै दिन उत्पन्न भयो ।

स वै रात्र्या अजायत तस्माद् रात्रिरजायत ॥२॥

उनी रात्रिबाट प्रकट भए र उनीबाटै रात्रि उत्पन्न भयो ।

स वा अन्तरिक्षादजायत तस्मादन्तरिक्षमजायत ॥३॥

उनी अन्तरिक्षबाट प्रकट भए र उनीबाटै अन्तरिक्ष उत्पन्न भयो ।

स वै वायोरजायत तस्माद् वायुरजायत ॥४॥

उनी वायुबाट प्रकट भए र उनीबाटै वायु उत्पन्न भयो ।

स वै दिवोऽजायत तस्माद् द्यौरध्यजायत ॥५॥

उनी द्युलोकबाट प्रकट भए र उनीबाटै द्युलोक उत्पन्न भयो ।

स वै दिग्भ्योऽजायत तस्माद् दिशोऽजायन्त ॥६॥

उनी दिशाहरूबाट प्रकट भए र उनीबाटै दिशाहरू उत्पन्न भए ।

स वै भूमेरजायत तस्माद भूमिरजायत ॥७॥

उनी पृथ्वीबाट प्रकट भए र उनीबाटै पृथ्वी उत्पन्न भयो ।

स वा अग्नेरजायत तस्मादग्निरजायत ॥८॥

उनी अग्निदेवताबाट प्रकट भए र उनीबाटै अग्निदेवता उत्पन्न भए ।

स वा अद्भ्योऽजायत तस्मादापोऽजायन्त ॥९॥

उनी जलबाट प्रकट भए र उनीबाटै जल उत्पन्न भयो ।

स वा ऋग्भ्योऽजायत तस्मादृचोऽजायन्त ॥१०॥

उनी ऋचाहरूबाट प्रकट भए र उनीबाटै ऋचाहरू उत्पन्न भए ।

स वै यज्ञादजायत तस्माद् यज्ञोऽजायत ॥११॥

उनी यज्ञदेवताबाट प्रकट भए र उनीबाटै यज्ञदेवता उत्पन्न भए ।

स यज्ञस्तस्य यज्ञः स यज्ञस्य शिरस्कृतम् ॥१२॥

उनी यज्ञ हुन्, यज्ञ उनकै हो र उनी नै यज्ञका शीर्ष रूप पनि हुन् ।

स स्तनयति स वि द्योतते स उ अश्मानमस्यति ॥१३॥

उनी गर्जन गर्दछन्, दीप्तिमान् हुन्छन् र असिना वर्साउँछन् ।

पापाय वा भद्राय वा पुरुषायासुराय वा ॥१४॥

पापकर्ममा लागेका, हितकारी काममा लागेका अथवा आसुरी वृत्तिमा लागेका मानिसका लागि....

यद्वा कृणोष्योषधीर्यद्वा वर्षसि भद्रया यद्वा जन्यमवीवृधः ॥१५॥

उनले औषधिहरू उत्पन्न गर्दछन्, कल्याणकारी वर्षाका रूपमा उनी बर्सन्छन् अनि उच्च स्तरीय कल्याणकारी दृष्टिले सबैलाई उन्नति गराउँछन् ।

तावांस्ते मघवन् महिमोपो ते तन्वः शतम् ॥१६॥

हे ऐश्वर्यसम्पन्न मघवा नामका इन्द्रदेवता ! तिम्रो महिमा यस्तै किसिमको छ । यी सयौं किसिमका शरीरहरू सबै तिम्रै हुन् ।

उपो ते बध्वे बद्धानि यदि वासि न्यर्बुदम् ॥१७॥

तिमी आफ्ना अगाडि बाँधिएका सयौं मानिसहरूलाई पार गराउने र सीमाविहीन छौ ।

८. अध्यात्म सूक्त

ऋषि– ब्रह्म । **देवता–** मन्त्रोक्त । **छन्द–** आसुरी गायत्री, यवमध्या गायत्री, साम्नी उष्णिक्, निचृत् साम्नी बृहती, प्राजापत्या अनुष्टुप्, विराट् गायत्री ।

भूयानिन्द्रो नमुराद् भूयानिन्द्रासि मृत्युभ्यः ॥१॥

इन्द्र अमरताभन्दा पनि विशाल छन् । हे इन्द्रदेवता ! तिमी मृत्युको मूलभूत कारणभन्दा पनि श्रेष्ठतम छौ ।

भूयानरात्याः शच्याः पतिस्त्वमिन्द्रासि विभूः प्रभूरिति त्वोपास्महे वयम् ॥२॥

हे शक्तिसम्पन्न अधिपति इन्द्रदेवता ! तिमी दुष्ट शत्रुभन्दा श्रेष्ठ छौ । तिमी सर्वव्यापक परमेश्वर हौ भन्ने कुरो जानेर नै हामी तिम्रो उपासना गर्दछौं ।

नमस्ते अस्तु पश्यत पश्य मा पश्यत ॥३॥

हे दर्शन योग्य ! तिमीलाई नमस्कार छ । हे शोभासम्पन्न ! हामीतिर तिमी हेरिदेऊ ।

अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥४॥

हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

अम्भो अमो महः सह इति त्वोपास्महे वयम् । नमस्ते अस्तु पश्यत पश्य मा पश्यत । अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥५॥

जल, पुरुषार्थ, महानता र सामर्थ्यवान् यी स्वरूपमा तिमीलाई हामी उपासना गर्दछौँ । हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

अम्भो अरुणं रजतं रजः सह इति त्वोपास्महे वयम् । नमस्ते अस्तु पश्यत पश्य मा पश्यत । अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥६॥

जल, रातो वर्ण, सेतो र क्रियाशील स्वरूपमा हामी तिमीलाई उपासना गर्दछौँ । हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

९. अध्यात्म सूक्त

ऋषि— ब्रह्म । **देवता—** मन्त्रोक्त । **छन्द—** प्राजापत्या अनुष्टुप्, द्विपदार्षी गायत्री, साम्नी उष्णिक्, निचृत् साम्नी बृहती ।

उरुः पृथुः सुभूर्भुव इति त्वोपास्महे वयम् । नमस्ते अस्तु पश्यत पश्य मा पश्यत । अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥१॥

महानतायुक्त, विस्तृत, श्रेष्ठ प्राणस्वरूप, दुःखरहित तिम्रा गुणहरूलाई हामी उपासना गर्दछौँ । हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

प्रथो वरो व्यचो लोक इति त्वोपास्महे वयम् । नमस्ते अस्तु पश्यत पश्य मा पश्यत । अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥२॥

विस्तृत, श्रेष्ठ, व्यापक र लोकहरूमा व्याप्त रहेका तिम्रा गुणहरूको हामी उपासना गर्दछौँ । हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

भवद्वसुरिदद्वसुः संयद्वसुरायद्वसुरिति । त्वोपास्महे वयम् ॥३॥

ऐश्वर्यसम्पन्न, वैभवले युक्त, सबै ऐश्वर्यलाई सङ्ग्रह गर्ने, सबै सम्पदाहरूका भण्डार आदि मानेर तिमीलाई हामी उपासना गर्दछौँ । हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

नमस्ते अस्तु पश्यत पश्य मा पश्यत ॥४॥

हे दर्शन योग्य ! तिमीलाई नमस्कार छ । हे शोभासम्पन्न ! हामीतिर तिमी हेरिदेऊ ।

अन्नाद्येन यशसा तेजसा ब्राह्मणवर्चसेन ॥५॥

हामीलाई तिमी अन्न, यश, तेज र ब्रह्मवर्चसले सम्पन्न गराऊ ।

॥इति त्रयोदशं काण्डम् ॥

तेह्रौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ चतुर्दशं काण्डम् ॥

१. विवाह प्रकरण सूक्त

ऋषि– सावित्री, सूर्या । **देवता**– सोम, स्वविवाह, आत्मा, सोमार्क, चन्द्रमा, विवाह मन्त्र आशीष, वधूवास संस्पर्शमोचन । **छन्द**– अनुष्टुप्, विराट् प्रस्तार पङ्क्ति, आस्तार पङ्क्ति, त्रिष्टुप्, जगती, बृहतीगर्भा त्रिष्टुप्, पुरस्ताद् बृहती, प्रस्तार पङ्क्ति, पुरोबृहती त्रिपदा परोष्णिक्, पथ्यापङ्क्ति, भुरिक् त्रिष्टुप्, परानुष्टुप् त्रिष्टुप् ।

सत्येनोत्तभिता भूमिः सूयर्येणोत्तभिता द्यौः । ऋतेनादित्यास्तिष्ठन्ति दिवि सोमो अधि श्रितः ॥१॥

सत्यले पृथ्वीलाई आकाशमा स्थापित गराए । सूर्यदेवताले द्युलोकलाई अड्याएका छन् । ऋतले आदित्यगण अडिएका छन् र सोम द्युलोकमाथि रहेको छ ।

सोमेनादित्या बलिनः सोमेन पृथिवी मही । अथो नक्षत्राणामेषामुपस्थे सोम आहितः ॥२॥

आदित्य आदि देवता सोमका कारणले बलशाली छन् । सोमकै कारणले पृथ्वी महिमाशाली बनेको छ । यी नक्षत्रहरूका बीचमा पनि सोमलाई नै स्थापना गरिएको छ ।

सोमं मन्यते पपिवान् यत् संपिषन्त्योषधिम् । सोमं यं ब्रह्माणो विदुर्न तस्याश्नाति पार्थिवः ॥३॥

सोमलता आदि वनस्पति र औषधि पिँधिएका अवस्थामा सोमपान गर्नेहरू आफूले सोमपान गरेको छु भन्ने ठान्दछन् तर ब्रह्मनिष्ठ ज्ञानीले जुन सोमलाई जानेका छन्, त्यसलाई अरू कसैले पनि जान्दैन र त्यो सोम कसैले पनि मुखले पिउन सक्दैन ।

यत् त्वा सोम प्रपिबन्ति तत आ प्यायसे पुनः । वायुः सोमस्य रक्षिता समानां मास आकृतिः ॥४॥

हे सोमदेवता ! तिमीलाई जुन बेला मानिसले औषधिका रूपमा ग्रहण गर्दछन्, त्यसपछि तिमी बारम्बार प्रवृद्ध भइरहन्छौ । वायुदेवताले सोमलाई उसरी नै सुरक्षा गर्दछन्, जसरी महिनाले वर्षको सुरक्षा गर्दछ ।

आच्छद्विधानैर्गुपितो बार्हतैः सोम रक्षितः । ग्राव्णामिच्छृण्वन् तिष्ठसि न ते अश्नाति पार्थिवः ॥५॥

हे दिव्यसोम ! तिमी बृहती विद्याका जानकारहरूले जानेको र गोप्य विधिबाट सुरक्षा गरिएका हुनाले सङ्कीर्ण मनोवृत्ति भएकाहरूले तिमीलाई प्राप्त गर्न सक्दैनन् । तिमी ग्रावा नामका सोम पेल्ने यन्त्रको गरिमामय वाणीसरहको ध्वनि सुन्दछौ । तिमीाई पृथ्वीका कुनै पनि प्राणीले सेवन गर्न सक्दैनन् ।

चित्तिरा उपबर्हणं चक्षुरा अभ्यञ्जनम् । दौर्भूमिः कोश आसीद् यदयात् सूर्या पतिम् ॥६॥

सूर्यपुत्री जुन बेला पतिगृह जानका लागि प्रस्थान गर्दछिन्, त्यस बेला श्रेष्ठ ज्ञानसम्पन्न विचार नै उनको सिरानी बनेको थियो । आँखा नै उनका लागि अञ्जन थिए । द्युलोक र पृथ्वी नै उनका कोषागार भएका थिए ।

रैभ्यासीदनुदेयी नाराशंसी न्योचनी । सूर्याया भद्रमिद् वासो गाथयैति परिष्कृता ॥७॥

सूर्यपुत्रीको विदाइका समयमा मानिसको प्रशंसा गर्ने नराशंसी र रैभी नामका ऋचाहरू उनका सखीका रूपमा थिए । सूर्याको पहिरन अत्यन्त शोभायमान थियो । उनलाई लिएर जाने ती दुवै सखीहरूसँग उनी कल्याणकारी गाथा आदि मन्त्रहरूले विशेष रूपमा सज्जित हुँदै गइन् ।

स्तोमा आसन् प्रतिधयः कुरीरं छन्द ओपशः । सूर्याया अश्विना वराग्निरासीत् पुरोगवः ॥८॥

स्तुति मन्त्रहरू नै सूर्यपुत्रका लागि अन्न थिए, कुरीर नामको छन्द शिरको आभूषण थियो । सूर्याका वर अश्विनीकुमारहरू थिए र अग्नि अगुवा दूत बनेका थिए ।

सोमो वधूयुरभवदश्विनास्तामुभा वरा । सूर्यां यत् पतये शंसन्ती मनसा सवितादधात् ॥९॥

सूर्यपुत्रीले मनले पतिको कामना गर्दा सूर्यले उनका लागि अश्विनीकुमारहरू प्रदान गरे । त्यस बेला सोम पनि उनै सूर्यपुत्रीसँग विवाह गर्न इच्छुक वधूयु बनेका भए तापनि अश्विनीकुमार नै उस बेला वरका रूपमा स्वीकृत भएका थिए ।

मनो अस्या अन आसीद् द्यौरासीदुतच्छदिः । शुक्रावनड्वाहावास्तां यदयात् सूर्या पतिम् ॥१०॥

जुन बेला सूर्यपुत्री आफ्ना पतिका घरमा गइन्, त्यस बेला मन नै उनको रथरूपी वाहन भएको थियो र आकाश नै रथमाथिको छत्र भएको थियो । चन्द्रसूर्यरूपी दुई शुक्रहरू नै रथ तान्ने वाहक बनेका थिए ।

ऋक्सामाभ्यामभिहितौ गावौ ते सामनावैताम् । श्रोत्रे ते चक्रे आस्तां दिवि पन्थाश्चराचरः ॥११॥

हे सूर्यदेवी ! ऋक् र सामका स्तवनरूपी ज्ञानलाई सुन्ने, धारण गर्ने, एकापसमा समानता भएका दुई कान नै तिम्रा मनरूपी रथका चक्र हुन् । रथको गमनमार्ग आकाश नै निश्चित भएको थियो ।

शुची ते चक्रे यात्या व्यानो अक्ष आहतः । अनो मनस्मयं सूर्यारोहत् प्रयती पतिम् ॥१२॥

जाँदाखेरि तिम्रा रथका दुवै पाङ्ग्राहरू अति पवित्र तथा उज्ज्वल भए । त्यस रथको धुरा वायुदेवता हुन् । पतिका घरमा जाने सूर्यादेवी मनरूपी रथमा आरुढ भइन् ।

सूर्याया वहतुः प्रागात् सविता यमवासृजत् । मघासु हन्यन्ते गावः फल्गुनीषु व्यू ह्यते ॥१३॥

सूर्याले पतिगृह जाने बेलामा सूर्यले पुत्रीको स्नेहमा जुन धन दाइजो दिएका थिए, त्यो पहिले नै पठाइसकिएको थियो । मघा नक्षत्र बिदाइको समय थियो र दिइएका वस्तुहरू ओसारिए । अनि गय तथा अर्जुनी नाम भएका पूर्वफाल्गुनी र उत्तरफाल्गुनी नक्षत्रमा कन्या पतिका घरमा पुऱ्याइएकी थिइन् ।

यदश्विना पृच्छमानावयातं त्रिचक्रेण वहतुं सूर्यायाः । क्वैकं चक्रं वामासीत् क्व देष्ट्राय तस्थथुः ॥१४॥

हे अश्विनीकुमारहरू हो ! जुन बेला तिमीहरू दुवै तीन वटा पाङ्ग्रा भएका रथमा सूर्यपुत्री सूर्यादेवीलाई लिएर जानका लागि पुगेका थियौ, त्यस बेला तिमीहरूको एउटा पाङ्ग्रो कता थियो ? तिमीहरू दुवै आआफ्ना क्रियाव्यापारमा प्रेरणा प्रदान गर्नका लागि कुन स्थानमा रहने गरेका थियौ ?

यदयातं शुभस्पती वरेयं सूर्यामुप । विश्वे देवा अनु तद् वामजानन् पुत्रः पितरमवृणीत पूषा ॥१५॥

हे श्रेष्ठ कर्मलाई निर्वाह गर्ने अश्विनीकुमारदेवताहरू हो ! तिमीहरू दुवै सूर्यपुत्री उषालाई श्रेष्ठ वधू मानेर वरण गर्नका लागि उनका नजिकै पुगेका थियौ, त्यस बेला तिमीहरूका त्यस कार्यलाई सबै देवताहरूले अनुमोदन गरेका थिए । पुत्रले पितालाई पछ्याएझैँ पूषादेवताले तिमीहरूलाई धारण गरेका थिए ।

द्वे ते चक्रे सूर्ये ब्रह्माण ऋतुथा विदुः । अथैकं चक्रं यद् गुहा तदद्धातय इद् विदुः ॥१६॥

हे सूर्य ! तिम्रा रथका दुई कर्मशील चक्रहरू ऋतुअनुसार गतिशील हुने थिए भन्ने कुरो ब्रह्मनिष्ठ ब्राह्मणले जानेका छन् र तेस्रो ज्ञानविज्ञानपरक चक्र गोपनीय थियो, त्यो कुरो पनि विद्वान्हरूले

जानेका थिए ।

अर्यमणं यजमाहे सुबन्धुं पतिवेदनम् । उर्वारुकमिव बन्धनात् प्रेतो मुञ्चामि नामुतः ॥१७॥

पति प्राप्त गराउने र श्रेष्ठ बन्धुबान्धवका साथमा सुरक्षित राख्ने गरेका अर्यमा देवतालाई हामी यजन गर्दछौं । खरबुजो वा काँक्रो पाकेपछि लहराबाट आफैँ छुट्टिएभैँ हामी पितृकुलबाट कन्यालाई पृथक् गराउँछौँ, तर पतिका कुलबाट पृथक् गराउँदैनौँ ।

प्रेतो मुञ्चामि नामुतः सुबद्धाममुतस्करम् । यथेयमिन्द्र मीढ्वः सुपुत्रा सुभगासति ॥१८॥

हे कन्या ! तिमीलाई यस पितृकुलबाट मुक्त गराएका छौँ, पतिका कुलबाट होइन । तिमीलाई त्यस पतिकुलमा उचित किसिमले सम्बद्ध गराउँछौँ । हे कामनावर्षक इन्द्रदेवता ! यी वधू असल सन्तानले युक्त र सौभाग्यवती भइरहून् ।

प्र त्वा मुञ्चामि वरुणस्य पाशाद् येन त्वाबध्नात् सविता सुशेवाः । ऋतस्य योनौ सुकृतस्य लोके स्योनं ते अस्तु सहसं भलायै ॥१९॥

हे कन्या ! तिमीलाई हामी वरुणका बन्धनबाट छुटाउँछौँ । सवितादेवताले सेवाकार्यका लागि तिमीलाई बन्धनयुक्त गराएका थिए । सत्यको आधार र सत्कर्मको निवास भएका लोकमा अनिष्टरहित गराएर पतिसँग तिमीलाई विराजमान गराउँछौँ ।

भगस्त्वेतो नयतु हस्तगृह्याश्विना त्वा प्र वहतां रथेन । गृहान् गच्छ गृहपत्नी यथासो वशिनी त्वं विदथमा वदासि ॥२०॥

भगदेवले तिमीलाई यहाँबाट हातमा पक्रेर लैजाऊन् । अगाडि अश्विनीकुमारले तिमीलाई रथमा विराजमान गराएर जाऊन् । तिमी आफ्ना पतिका घरतर्फ प्रस्थान गर । तिमी त्यहाँ गृहस्वामिनी र सबैलाई आफ्नो अनुशासनमा नियन्त्रित गर्ने बन । त्यस ठाउँमा तिमी विवेकपूर्ण वाणी प्रयोग गर ।

इह प्रियं प्रजायै ते समृध्यतामस्मिन् गृहे गार्हपत्याय जागृहि । एन पत्या तन्वं१ सं स्पृशस्वाथ जिर्विर्विदथमा वदासि ॥२१॥

पतिका घरमा सुसन्तानले युक्त हुँदै तिम्रो स्नेहको वृद्धि होस् र त्यसै घरमा तिमी गार्हपत्य अग्निका लागि जागरूक हुँदै गृहस्थधर्मका कर्तव्यहरूको निर्वाह गर्न सधैँ सजग होऊ । स्वामीका साथमा तिमी एक मन, एक प्राणले संयुक्त होऊ । वृद्ध अवस्थामा तिमीहरू दुवैले आफ्ना सन्तानलाई उचित परमर्श प्रदान गर ।

इहैव स्तं मा वि यौष्टं विश्वमायुर्व्य श्नुतम् । क्रीडन्तौ पुत्रैर्नप्तृभिर्मोदमानौ स्वस्तकौ ॥२२॥

हे वर र वधू ! तिमीहरू दुवै एकै ठाउँमा बस । कहिल्यै आपसमा पृथक् नहोओ । सम्पूर्ण जीवन नै विशेष रीतिले उपभोग गर । आफ्नो गृहस्थ धर्म निर्वाह गर्दै छोरानातिका साथमा रमाइलोसँग जीवन बिताओ ।

पूर्वापरं चरतो माययैतौ शिशू क्रीडन्तौ परि यातोऽर्णवम् । विश्वान्यो भुवना विचष्ट ऋतूँरन्यो विदधज्जायसे नवः ॥२३॥

सूर्यचन्द्रका रूपमा रहेका यी दुवै शिशुहरू आआफ्ना तेजले पूर्व र पश्चिम दिशामा विचरण गर्दछन् । यी दुवै क्रीडा गर्दै यज्ञमा पुग्दछन् । ती दुईमध्ये एउटा सूर्यले सबै लोकहरूलाई हेर्दछन् र अर्को चन्द्रमा ऋतु निर्धारण गर्दै बारम्बार नयाँ रूपमा उदाउने र अस्ताउने गर्दछन् ।

नवोनवो भवसि जायमानोऽह्नां केतुरुषसामेष्यग्रम् । भागं देवेभ्यो वि दधास्यायन् प्र चन्द्रमस्तिरसे दीर्घमायुः ॥२४॥

हे चन्द्रदेवता ! दिनहुँ उदाउने हुनाले तिमी सधैँका लागि नयाँ रहन्छौ । तिमी आफ्ना कलाका कारण घट्ने र बढ्ने गरेर प्रतिपदा आदि तिथिहरूको जानकारी गराउँछौ । तिमी उषा कालमा

सूर्यका नजिक आउँछौं र सबै देवताहरूलाई आआफ्नो हविको भाग प्रदान गर्दछौं । हे चन्द्रदेवता ! हामीलाई चिरायु प्रदान गर्दछौं ।

परा देहि शामुल्यं ब्रह्मभ्यो वि भजा वसु । कृत्यैषा पद्वती भूत्वा जाया विशते पतिम् ॥२५॥

शरीर वा मनमा रहेको शामुल्य नामको विकारलाई परित्याग गरौं । ब्रह्म विचारले युक्त ब्राह्मणलाई धन या आवास प्रदान गरौं । यस किसिमको काम गर्नाले कृत्या शक्ति शमन हुन्छ र सन्तान जन्माउने जाया पतिसँग सहगामिनी बन्न पुग्दछन् ।

नीललोहितं भवति कृत्यासक्तिर्व्य ज्यते । एधन्ते अस्या ज्ञातयः पतिर्बन्धेषु बध्यते ॥२६॥

सूर्यारूपी वधू क्रोधित वा रजस्वती बनेर नीलो वा रातो अवस्थामा रहेका बेला कृत्या शक्ति अभिव्यक्त हुन्छ । उसै अनुसार तत्त्व वृद्धि हुन्छ र त्यसैका प्रभावले पति मर्यादाका बन्धनमा बाँधिन्छन् ।

अश्लीला तनूर्भवति रुशति पापयामुया । पतिर्यद् वध्वो३ वाससः स्वमङ्गमभ्यूर्णुते ॥२७॥

त्यस किसिमले कृत्याको विकृतिले रहेका अवस्थामा स्त्री पीडादायक हुन्छन् । यस्ता अवस्थामा स्त्रीसँग संयुक्त भएमा पतिको शरीर कान्तिरहित हुन्छ र रोग आदिले पनि दूषित हुन्छ ।

आशसनं विशसनमथो अधिविकर्तनम् । सूर्यायाः पश्य रूपाणि तानि ब्रह्मोत शुम्भति ॥२८॥

सूर्याको स्वरूप कस्तो छ भन्ने पनि जानौं । यिनको वस्त्र कुनै एक ठाउँमा च्यातिएको छ । कतै बीचमा पो हो कि अथवा कतै चारै तिरबाट पो काटिएको छ कि ? सृष्टिको रचना गर्ने ब्रह्माले नै यसलाई सुहाउँदो गराउँछन् ।

तृष्टमेतत् कटुकमपाष्ठवद् विषवन्नैतदत्तवे । सूर्यां यो ब्रह्मा वेद स इद् वाधूयमर्हति ॥२९॥

यो स्थिति भनेको दोषपूर्ण, ग्रहण गर्न अयोग्य एवं विषजस्तै घातक पीडादायी हुन्छ । यो व्यवहारका लागि योग्य स्थिति होइन । जुन मेधावी विद्वान्ले सूर्यालाई राम्रो किसिमले जानेका छन्, उनीहरू नै वधूसित हितकारी सम्बन्ध स्थापित गर्नका लागि योग्य हुन्छन् ।

स इत् तत् स्योनं हरति ब्रह्मा वासः सुमङ्गलम् । प्रायश्चित्तिं यो यध्येति येन जाया न रिष्यति ॥३०॥

त्यही मङ्गल र सुखकारी वस्त्र ब्रह्मज्ञ ब्राह्मणले धारण गर्दछन्, त्यसैबाट प्रायश्चित्तको विधान सम्पन्न हुन्छ र अकाल मृत्युबाट धर्मपत्नी जोगिन्छिन् ।

युवं भगं सं भरतं समृद्धमृतं वदन्तावृतोद्येषु । ब्रह्मणस्पते पतिमस्यै रोचय चारु संभलो वदतु वाचमेताम् ॥३१॥

तिमीहरू स्त्रीपुरुष दुवै सद्व्यवहारमा रहेर नै समृद्धि र सौभाग्य आर्जन गर । हे ब्रह्मणस्पति देवता ! स्त्रीका हृदयमा पतिका लागि आदरको भावना रहोस् र पतिले पनि सुन्दर तथा मधुर वाणी प्रयोग गरून् ।

इहेदसाथ न परो गमाथेमं गावः प्रजया वर्धयाथ । शुभं यतीरुस्रियाः सोमवर्चसो विश्वे देवाः क्रन्निह वो मनांसि ॥३२॥

गृहस्थहरूका घरमा गाई स्थिर रहून् । उनले कहिल्यै घर नछोडून् । तिनीहरू श्रेष्ठ सन्तानका साथमा समृद्ध होऊन् । हे गाईहरू हो ! तिमीहरू मङ्गल प्रदान गर्नका लागि सहायक र चन्द्रमा जस्तै तेजस्विताले युक्त होओ । विश्वेदेवताले तिमीहरूका मनलाई यसै घरमा स्थिर गराऊन् ।

इमं गावः प्रजया सं विशाथायं देवानां न मिनाति भागम् । अस्मै वः पूषा मरुतश्च सर्वे अस्मै वो धाता सविता सुवाति ॥३३॥

हे गाईहरू हो ! तिमीहरू आआफ्ना बाछाका साथमा यस घरमा प्रवेश गर । यसो भयो भने देवताको भाग हराउँदैन । पूषादेवता, मरुत्गण, विधाता र सवितादेवता यिनै मानिसहरूका लागि

तिमीहरूलाई उत्पन्न गर्दछन् ।

अनृक्षरा ऋजवः सन्तु पन्थानो येभिः सखायो यन्ति नो वरेयम् । सं भगेन समर्यम्णा सं धाता सृजतु वर्चसा ॥३४॥

जुन मार्गबाट हाम्रा सबै मित्रहरू कन्याका घरतिर जान्छन्, त्यो मार्ग तिमीहरूका लागि निष्कण्टक र सुगमतापूर्ण होस् । परमात्मा धातादेवताले तिमीलाई सौभाग्य, तेजस्विता र सूर्यशक्तिसँग उचित किसिमले संयुक्त गराऊन् ।

यच्च वर्चो अक्षेषु सुरायां च यदाहितम् । यद् गोष्वश्विना वर्चस्तेनेमां वर्चसावतम् ॥३५॥

हे अश्विनीकुमारहरू हो ! आँखामा, सम्पत्तिमा र गाईहरूमा जुन तेजस्विता विद्यमान छ, उसै तेजले तिमीहरू यी वधूको पनि रक्षा गर ।

येन महानघ्न्या जघनमश्विना येन वा सुरा । येनाक्षा अभ्यषिच्यन्त तेनेमां वर्चसावतम् ॥३६॥

हे अश्विनीकुमारहरू हो ! जुन तेजले विशेष किसिमका यी गाईहरूको तिघ्रा बीचमा रहेको दुधको भाँडाले सम्पत्ति र आँखाहरू परिपूर्ण हुन्छन्, त्यसै तेजले तिमीहरू यी वधूलाई पनि परिपूर्ण गराओ ।

यो अनिध्मो दीदयदप्स्वन्तर्यं विप्रास ईडते अध्वरेषु । अपां नपान्मधुमतीरपो दा याभिरिन्द्रो वावृधे वीर्यावान् ॥३७॥

यज्ञका समयमा स्तोताहरूले जसको प्रार्थना गर्दछन् र जो काठ आदि इन्धनविना नै विद्युत्का रूपमा अन्तरिक्षमा प्रदीप्त हुन्छन्, उनैले हामीलाई वर्षाका रूपमा जल प्रदान गरून् र त्यसै जलका कारण इन्द्रदेवता तेजस्वी भएर आफ्नो पराक्रमशक्ति उत्पन्न गरून् ।

इदमहं रुशन्तं ग्राभं तनूदूषिमपोहामि । यो भद्रो रोचनस्तमुदचामि ॥३८॥

हामी शरीरलाई दोषमुक्त गर्न चाहनेहरू रोगको बिउलाई पर पन्छाउँछौँ र त्यसका ठाउँमा कल्याणकारी तत्त्व जेजति हुन्छन्, तिनैलाई प्राप्त गर्दछौँ ।

आस्यै ब्राह्मणाः स्नपनीर्हरन्त्ववीरघ्नीरुदजन्त्वापः । अर्यम्णो अग्निं पर्येतु पूषन् प्रतीक्षन्ते श्वशुरो देवरश्च ॥३९॥

ब्रह्मनिष्ठहरू त्यसैका लागि स्नान गर्न योग्य जल लिएर आऊन्, त्यो जल नै बिनाअर्थको डरत्रास मेटएर बल वृद्धि गर्ने खालको होस् । हे पूषादेवता ! उनीहरूले अर्यमा र अग्निदेवताको परिक्रमा गरून् । यी वधूका ससुरा र देवरले पतिका घरमा उनलाई पर्खेर बसेका हुन्छन् ।

शं ते हिरण्यं शमु सन्त्वापः शं मेथिर्भवतु शं युगस्य तर्द्म । शं त आपः शतपवित्रा भवन्तु शमु पत्या तन्वं सं स्पृशस्व ॥४०॥

हे सौभाग्यवती वधू ! तिम्रा लागि सुवर्ण, जल, गाई बाँध्ने खम्बा र जुवाका छिद्र आदि सबै कुराहरू कल्याणकारी होऊन् । सयौँ किसिमले पवित्रता प्रदान गर्ने जलतत्त्व सुखदायक होस् । तिमी कल्याणका निम्ति पतिको शरीर स्पर्श गर ।

खे रथस्य खेऽनसः खे युगस्य शतक्रतो । अपालामिन्द्र त्रिष्पूत्वाकृणोः सूर्यत्वचम् ॥४१॥

सयौँ यज्ञ गरेर शतक्रतु नाम पाएका उनै इन्द्रदेवताले इन्द्रिययुक्त शरीररूपी रथ, पोषणरूपी पाङ्ग्रा र तिनलाई जोड्ने मनरूपी जुवा यी तीन कुरालाई पवित्र गराएर तिनीहरूको त्वचारूपी बाहिरी भागलाई सूर्यका तेजले सम्पन्न गराएका छन् ।

आशासाना सौमनसं प्रजां सौभाग्यं रयिम् । पत्युरनुव्रता भूत्वा सं नह्यस्वामृताय कम् ॥४२॥

तिमी असल मनोभावले सुसन्तति, सौभाग्य र वैभवको अभिलाषा गर्दै पतिको अनुकूल सदाचारले सम्पन्न होऊ र अमरत्व प्राप्त गर्नका लागि श्रेयस्कर मार्गमा आरुढ होऊ ।

यथा सिन्धुर्नदीनां साम्राज्यं सुषुवे वृषा । एवा त्वं सम्राज्ञ्येधि पत्युरस्तं परेत्य ॥४३॥

रत्नको वर्षा गराउने महासागरले नदीहरूमा आफ्नो साम्राज्यको उपभोग गरेझैँ पतिका घरमा पुगेपछि यी वधू स्वयं त्यहाँको साम्राज्ञी भएर गृहस्थरूपी साम्राज्यलाई उचित किसिमले सञ्चालन गरून् ।

सम्राज्ञ्येधि श्वशुरेषु सम्राज्ञ्युत देवृषु । ननान्दुः सम्राज्ञ्येधि सम्राज्ञ्युत श्वश्रेवाः ॥४४॥

हे वधू ! तिमी आफ्ना सासू, ससुरा, नन्द र देवरहरूका लागि साम्राज्ञीजस्तै होऊ । तिमी यी सबैका लागि स्वामिनीजस्तै हौ ।

यो अकृन्तन्नवयन् याश्च तत्निरे या देवीरन्ताँ अभितोऽददन्त । तास्त्वा जरसे सं व्ययन्त्वायुषमतीदं परि धस्त्व वासः ॥४५॥

देवीका रूपमा रहेका जुन स्त्रीहरूले धागो कातेझैँ गरी यो वस्त्ररूपी व्यवहारलाई विस्तृत गराएका छन् र जसले चारै तिरबाट अन्तिम भागलाई उचित किसिमले बनाउँछन्, तिनीहरू नै वृद्ध अवस्थासम्म तिम्राहाम्रा लागि उचित वस्त्रको व्यवस्था गर्न सफल होऊन् । हे देवीहरू हो ! तिमीहरू पनि दीर्घायु भएर यो वस्त्र धारण गर ।

जीवं रुदन्ति वि नयन्त्वध्वरं दीर्घामनु प्रसितिं दीध्युर्नरः । वामं पितृभ्यो य इदं समीरिरे मयः पतिभ्यो जनये परिष्वजे ॥४६॥

हे अश्विनीकुमारहरू हो ! जुन पुरुष आफ्नी पत्नीको जीवन रक्षा गर्नका लागि रुन पनि सक्छन्, उनलाई यज्ञ आदि सत्कर्ममा नियोजित गर्दछन्, गर्भाधान आदि संस्कारले सन्तान उत्पादन गरेर पितृयज्ञमा नियोजित गर्दछन्, उनका स्त्रीहरूले उनलाई सुर र सहयोग प्रदान गर्दछन् ।

स्योनं ध्रुवं प्रजायै धारयामि तेऽश्मानं देव्याः पृथिव्या उपस्थे । तमा तिष्ठानुमाद्या सुवर्चा दीर्घं त आयुः सविता कृणोतु ॥४७॥

म पति हुनाले सुखप्रद तथा स्थिर ढुङ्गालाई आधारका रूपमा पृथ्वीदेवीका काखमा आफ्ना सन्तानका लागि स्थापित गर्दछु । तिमी श्रेष्ठ, तेजस्विताले सम्पन्न र आनन्दित भएर यस ढुङ्गामाथि चढ । सवितादेवताले तिम्रो आयु वृद्ध गराऊन् ।

येनाग्निरस्या भूम्या हस्तं जग्राह दक्षिणम् । तेन गृह्णामि ते हस्तं मा व्यथिष्ठा मया सह प्रजया च धनेन च ॥४८॥

जुन पवित्र उद्देश्यले अग्निदेवताले यस पृथ्वीलाई दाहिने हातले ग्रहण गरेका छन्, उसै पवित्र भावनाले म पति भएर तिमीलाई पत्नीका रूपमा पाणिग्रहण गर्दछु । तिमी दुःखकष्ट नपाईकन मसित असल सन्तान र ऐश्वर्य सम्पदाका साथमा बस ।

देवस्ते सविता हस्तं गृह्णातु सोमो राजा सुप्रजसं कृणोतु । अग्निः सुभगां जातवेदाः पत्ये पत्नीं जरदष्टिं कृणोतु ॥४९॥

हे वधू ! सवितादेवताले तिम्रो हात ग्रहण गरून्, राजा सोमले तिमीलाई श्रेष्ठ सन्तानले युक्त गराऊन् । जातवेदा अग्निदेवताले तिमीलाई सौभाग्ययुक्त गराउँदै वृद्ध अवस्थासम्म पतिसँगै रहन सक्ने बनाऊन् ।

गृह्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर्यथासः । भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वादुर्गार्हपत्याय देवाः ॥५०॥

हे वधू ! तिम्रा हातलाई सौभाग्य वृद्धिका लागि म ग्रहण गर्दछु । मलाई पतिका रूपमा स्वीकार गरेर तिमी वृद्ध अवस्थासम्म मसितै भइदेऊ भन्ने मेरो प्रार्थना छ । भग, अर्यमा, सविता र पूषादेवताले तिमीलाई मेरै लागि गृहस्थ धर्म पालन गर्नका लागि प्रदान गरेका हुन् ।

भगस्ते हस्तमग्रहीत् सविता हस्तमग्रहीत् । पत्नी त्वमसि धर्मणाहं गृहपतिस्तव ॥५१॥

भगदेवता र सवितादेवताले नै मलाई माध्यम बनाएर तिम्रो हात ग्रहण गरेका छन् । अब तिमी धर्मअनुसार मेरी धर्मपत्नी हौ र म तिम्रो गृहस्वामी हुँ ।

ममेयमस्तु पोष्या मह्यं त्वादाद् बृहस्पतिः । मया पत्या प्रजावति सं जीव शरदः शतम् ॥५२॥

यी स्त्री मलाई पोषण गर्ने होऊन्, बृहस्पतिदेवताले तिमीलाई मेरा निमित्त समर्पित गरेका छन् । हे सन्तानले युक्त स्त्री ! म पतिसित तिमी सय वर्षसम्म जीवित होऊ ।

त्वष्ट्य वासो व्यदधाच्छुभे कं बृहस्पतेः प्रशिषा कवीनाम् । तेनेमां नारीं सविता भगश्च सूर्यामिव परि धत्तां प्रजया ॥५३॥

हे शुभकारिणी स्त्री ! बृहस्पति र अन्य मेधावीहरूका आशीर्वादले त्वष्टादेवताले यो सुखकारी वस्त्र बनाएका छन् । सवितादेवता र भगदेवताले जसरी सूर्यकी पुत्रीलाई वस्त्र धारण गराउँछन्, उसै गरी यी स्त्री पनि सन्तान आदिले परिपूर्ण होऊन् ।

इन्द्राग्नी द्यावापृथिवी मातरिश्वा मित्रावरुणा भगो अश्विनोभा । बृहस्पतिर्मरुतो ब्रह्म सोम इमां नारीं प्रजया वर्धयन्तु ॥५४॥

इन्द्र, अग्नि, द्यावापृथिवी, वायु, मित्र, वरुण, भग, दुवै अश्विनीकुमार, बृहस्पति, मरुत्‌गण, ब्रह्म र सोम आदि सबै देवशक्तिहरूले यी नारीलाई श्रेष्ठ सन्तानका साथमा प्रवृद्ध गराऊन् ।

बृहस्पतिः प्रथमः सूर्यायाः शीर्षे केशाँ अकल्पयत् । तेनेमामश्विना नारीं पत्ये सं शोभयामसि ॥५५॥

उहिले नै बृहस्पतिदेवताले सूर्यपुत्री सूर्याको कपाल बाटिदिएका थिए, त्यसैको सिको गरेर दुवै अश्विनीकुमारले यी नारीलाई पति प्राप्त गर्नका लागि सिँगारिदिऊन् ।

इदं तद्रूपं यदवस्त योषा जायां जिज्ञासे मनसा चरन्तीम् । तामन्वर्तिष्ये सखिभिर्नवग्वैः क इमान् विद्वान् वि चचर्त पाशान् ॥५६॥

यस दर्शनीय रूपलाई युवा स्त्रीहरूले धारण गरेका छन् । युवतीका मनको भाव म राम्रोसित जान्दछु । नौलो खालका गति भएका सखीहरूका अनुसार मै ती स्त्रीलाई अनुसरण गर्दछु । कुनै जान्नेबुझ्ने स्त्री सखीले कपाल यसरी बाटिदिएकी रहिछ ।

अहं वि ष्यामि मयि रूपमस्या वेददित् पश्यन् मनसः कुलायम् । न स्तेयमद्मि मनसोदमुच्ये स्वयं श्रथ्नानो वरुणस्य पाशान् ॥५७॥

म यी स्त्रीका अन्तःकरणलाई जान्दछु र उनको छवि हेर्दै उनलाई आफ्ना हृदयमा प्रतिष्ठित गराउँछु । चोरीको अन्न म खान्नँ । म स्वयं वरुणदेवताका बन्धन खुकुल्याउँदै अस्थिर मनको हुने गर्दछु ।

प्र त्वा मुञ्चामि वरुणस्य पाशाद् येन त्वाबध्नात् सविता सुशेवाः । उरुं लोकं सुगमत्र पन्थां कृणोमि तुभ्यं सहपत्न्यै वधु ॥५८॥

सवितादेवताले जुन वरुणपाशले तिमीलाई बाँधेका थिए, हे स्त्री ! त्यस वरुणपाशबाट म तिमीलाई मुक्त गराउँछु । तिमी सुयोग्य सहधर्मिणी हौ, तिम्रा लागि विस्तृत स्थान र श्रेष्ठ गमन योग्य मार्ग बनाउँछु ।

उद्यच्छध्वमप रक्षो हनाथेमां नारीं सुकृते दधात । धाता विपश्चित् पतिमस्यै विवेद भगो राजा पुर एतु प्रजानन् ॥५९॥

धर्मपत्नीलाई दुःख दिने दुष्ट राक्षसलाई संहार गर्नका लागि तिमीहरू शस्त्रास्त्र उठाओ । यी स्त्री सधैँ पुण्य कर्ममा संलग्न होऊन्, ज्ञानसम्पन्न भएर विधाताले मार्गदर्शन गरेअनुसार पति प्राप्त गरेकी छिन् । यो कुरो जानेर राजा भग विवाह कार्यमा अग्रगामी होऊन् ।

भगस्ततक्ष चतुरः पादान् भगस्ततक्ष चत्वार्युष्पलानि । त्वष्टा पिपेश मध्यतोऽनु वर्ध्रान्त्सा नो अस्तु सुमङ्गली ॥६०॥

भगदेवताले गोडामा लगाउने चार किसिमका गहना र शरीरमा धारण गर्नका लागि चार वटा कमलका पुष्प बनाए । त्वष्टादेवताले कम्मरमा बाँध्नका लागि पटुकी बनाए । यी सबै कुरा

धारण गरेर यी स्त्री श्रेष्ठ मङ्गलकारिणी होऊन् ।

सुकिंशुकं वहतुं विश्वरूपं हिरयवर्णं सुवृतं सुचक्रम् । आ रोह सूर्ये अमृतस्य लोकं स्योनं पतिभ्यो वशतुं कृणुत्वम् ॥६१॥

हे सूर्यपुत्री ! तिमी आफ्ना पतिगृहतर्फ जाँदा सुन्दर प्रकाशयुक्त पलाशका वृक्ष र मलरहित शाल्मली वृक्षले बनेका विभिन्न किसिमका स्वर्णिम वर्णका, गतिला र सुन्दर पाङ्ग्रा भएका रथमा आरुढ होऊ । तिमी पतिका लागि अमृतजस्ता यस लोकलाई सुखकारी बनाइदेऊ ।

अभ्रातृघ्नीं वरुणापशुघ्नीं बृहस्पते । इन्द्रापतिघ्नीं पुत्रिणीमास्मभ्यं सवितर्वह ॥६२॥

हे वरुण, बृहस्पति, इन्द्र र सवितादेवताहरू हो ! तिमीहरू यी वधूलाई पतिका घरमा भाइहरू, पशु र पतिलाई कुनै पनि किसिमको हानि नगराउने, सुखदायी र असले सन्तानले युक्त हुन सक्ने बनाओ ।

मा हिंसिष्टं कुमार्यं स्थूणे देवकृते पथि । शालाया देव्या द्वारं स्योनं कृण्मो वधूपथम् ॥६३॥

हे स्तम्भहरू हो ! तिमीहरू देवशक्तिले बनाएका मार्गमा यी वधूलाई लिएर जाँदै गर्दा रथलाई हानी नगरिदेओ । यी गृहरूपी देवताले द्वारमा वधूको आगमन मार्गलाई सुखदायी बनाउँछन् ।

ब्रह्मापरं युज्यतां ब्रह्म पूर्वं ब्रह्मान्ततो मध्यतो ब्रह्म सर्वतः । अनावयाधां देवपुरां प्रपद्य शिवा स्योना पतिलोके वि राज ॥६४॥

यी वधूका अगाडि, पछाडि, भित्र, बीचमा र सबैतिर ब्रह्मका निम्ति गरिएका प्रार्थनाका मन्त्रहरू गुञ्जायमान होऊन् । आधिव्याधिरहित भएर पतिको गृहरूपी देवनगरीमा पुगेर यिनी पतिगृहमा मङ्गलकारिणी र सुख प्रदान गर्ने हुँदै विराजमान होऊन् ।

२. विवाह प्रकरण सूक्त

ऋषि— सावित्री सूर्या । **देवता—** आत्मा, यक्ष्मनाशनी, दम्पती परिपन्थनाशनी, देवगण । **छन्द—** जगती, त्र्यवसना षट्पदा विराट् अत्यष्टि, त्रिष्टुप्, परानुष्टुप् त्रिष्टुप्, भुरिक् अनुष्टुप्, पुरस्पाद बृहती, त्रिपदा विराणनाम गायत्री, विराट् आस्तार पङ्क्ति, पुरोबृहती त्रिष्टुप्, भुरिक् त्रिष्टुप्, त्रिष्टुब्गर्भा पङ्क्ति, प्रस्तार पङ्क्ति, पथ्या बृहती, सतः पङ्क्ति, उपरिष्टात् निचृत् बृहती, विराट् परोष्णिक्, पथ्यापङ्क्ति, विराट् पुरउष्णिक्, त्र्यवसना षट्पदा अतिशक्वरी, बृहती ।

तुभ्यमग्रे पर्यवहन्त्सूर्यां वहतुना सह । स नः पतिभ्यो जायां दा अग्ने प्रजया सह ॥१॥

हे अग्निदेवता ! दाइजोका रूपमा सूर्यकी पुत्रीलाई सबैभन्दा पहिले यज्ञाग्निका रूपमा रहेका तिम्रा अगाडि लगिन्छ । पतिलाई तिमी श्रेष्ठ सुसन्तति प्रदान गर्ने स्त्री प्रदान गर र विवाह गरेका जोडीलाई सुसन्ततिले सम्पन्न बनाऊ ।

पुनः पत्नीमग्निरदादायुषा सह वर्चसा । दीर्घायुरस्या यः पतिर्जीवाति शरदः शतम् ॥२॥

त्यसपछि अग्निले दीर्घायु, तेजस्वी र कान्तियुक्त पत्नी प्रदान गरे । यिनका पति चिरञ्जीवी भएर सय वर्षसम्म जीवित रहून् ।

सोमस्य जाया प्रथमं गन्धर्वस्तेऽपरः पतिः । तृतीयो अग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजाः ॥३॥

हे सूर्यपुत्री ! सबैभन्दा पहिले सोमले पत्नीका रूपमा तिमीलाई प्राप्त गरे । त्यसपछि गन्धर्व तिम्रा पति भए, तिम्रा तेस्रा पति अग्निदेवता हुन् र मानिसका वंशज यी तिम्रा चौथा पति हुन् ।

सोमो ददद् गन्धर्वाय गन्धर्वो दददग्नये । रयिं च पुत्रांश्चादादग्निर्मह्यमथो इयाम् ॥४॥

यी स्त्री सोमले गन्धर्वलाई दिए, गन्धर्वले अग्निलाई दिए, त्यसपछि अग्निले भूमिरूपी ऐश्वर्यबाट उत्पन्न तथा नारीको सन्तानका रूपमा उत्पन्न भएका म मानिसलाई प्रदान गरे ।

आ वामगन्त्सुमतिर्वाजिनीवसू न्यश्विना हृत्सु कामा अरंसत । अभूत गोपी मिथुना शुभस्पती प्रिया अर्यम्णो दुर्यां अशीमहि ॥५॥

हे अन्न र ऐश्वर्ययुक्त दुई अश्विनीकुमारहरू हो ! हामीप्रति तिमीहरू कृपादृष्टि राख । हाम्रो मानसिक इच्छा पूरा गर्नमा सहायक होओ र तिमीहरू हाम्रा लागि कल्याणकारी होओ । हामी आआफ्ना पतिका प्रेमपात्र बनेर पतिको घर सजाऔँ ।

सा मन्दसाना मनसा शिवेन रयिं धेहि सर्ववीरं वचस्यम् । सुगं तीर्थं सुप्रपाणं शुभस्पती स्थाणुं पथिष्ठामप दुर्मतिं हतम् ॥६॥

हे देवी ! तिमी कल्याणकारी मनले सबै वीरहरूले युक्त तथा सबैले रुचाउने धनलाई पुष्ट गराऊ । हे अश्विनीकुमारहरू हो ! तिमीहरू यस तीर्थलाई सफल गराउँदै बाटामा आइलाग्ने दुर्मतिहरूलाई निवारण गर ।

या ओषधयो या नद्यो३ यानि क्षेत्राणि या वना । तास्त्वा वधु प्रजावतीं पत्ये रक्षन्तु रक्षसः ॥७॥

हे सौभाग्यवती वधू ! नदीमा, खेतमा र वनमा जेजति औषधिहरू हुन्छन्, तिनले तिमीलाई सन्ततियुक्त बनाऊन् र तिम्रा पतिलाई आसुरी वृत्तिबाट सुरक्षित गराऊन् ।

एमं पन्थामरुक्षाम सुगं स्वस्तिवाहनम् । यस्मिन् वीरो न रिष्यत्यन्येषां विन्दते वसु ॥८॥

हामी सुगम मार्गबाट यात्रा गरौँ, त्यो मार्ग हाम्रा रथ आदि वाहनका लागि कल्याणकारी होस्, त्यहाँ हामी निर्भयताका कारण शौर्यक्षमताको हानि नहोस् र धनसम्पदा प्राप्त होस् ।

इदं सु मे नरः शृणुत ययाशिषा दम्पती वाममश्नुतः । ये गन्धर्वा अप्सरसश्च देवीरेषु वानस्पत्येषु येऽधि तस्थुः । स्योनास्ते अस्यै वध्वै भवन्तु मा हिंसिषुर्वहतुमुह्यमानम् ॥९॥

हे मानिसहरू हो ! तिमीहरू सबैले हाम्रो उद्घोष सुन । यस आशीर्वादले विवाहित स्त्रीपुरुषले श्रेष्ठ सांसारिक सुखको उपभोग गर्न पाऊन् । यी वनस्पतिहरूमा रहेका दिव्य गन्धर्व र अप्सराहरू यी वधूका लागि सुखदायी होऊन् र यी कन्यारूपी धनलाई लिएर जाने रथको विनाश नगरून् ।

ये वध्व श्चन्द्रं वहतुं यक्ष्मा यन्ति जनाँ अनु । पुनस्तान् यज्ञिया देवा नयन्तु यत आगताः ॥१०॥

चन्द्रमाको जस्तै सौन्दर्ययुक्त वधूका जीवनमा जन्मदाता मातापिताबाट स्वभावतः शारीरिक वा मानसिक रोग जेजति आउँछन्, तिनलाई यजनीय देवताहरूले ती रोगको पहिलेको स्थानमा नै फिर्ता पठाइदिऊन् ।

मा विदन् परिपन्थिनो य आसीदन्ति दम्पती । सुगेन दुर्गमतीतामप द्रान्त्वरातयः ॥११॥

यी पतिपत्नीका नजिक आउने रोगरूपी शत्रुहरू जति छन्, ती सबै विनाश होऊन् । ती रोगहरू सबै सुगम मार्गबाट दुर्गम स्थानमा जाऊन् । शत्रुको हुल हाम्रा नजिकमा नरहेर पर जाओस् ।

सं काशयामि वहतुं ब्रह्मणा गृहैरघोरेण चक्षुषा मित्रियेण । पर्याणद्धं विश्वरूपं यदस्ति स्योनं पतिभ्यः सविता तत् कृणोतु ॥१२॥

कन्यारूपी धनले युक्त रथलाई घरका सबै आफन्तहरूले ज्ञान र प्रेमका दृष्टिले हेरुन्, भन्ने विचार गर्दै हामी यस रथलाई उघार्दछौँ । यसमा गृहस्थ आश्रमका लागि काम लाग्ने जेजति किसिमका वस्तुहरू छन्, ती सबै सवितादेवताले पतिपत्नीलाई दिएर सुखी बनाऊन् ।

शिवा नारीयमस्तमागन्निमं धाता लोकमस्यै दिदेश । तामर्यमा भगो अश्विनोभा प्रजापतिः प्रजया वर्धयन्तु ॥१३॥

यस्ती मङ्गलकारी स्त्री पतिगृह पुगिसकिन् । विधाताले यिनका लागि यही पतिगृह नै स्थानका रूपमा निर्देशित गरेका छन् । दुवै अश्विनीकुमार, अर्यमादेवता, भगदेवता र प्रजापति ब्रह्मा आदि सबै देवताहरूले यी वधूलाई उत्तम सन्ततिले समृद्ध गराऊन् ।

आत्मन्वत्युर्वेरा नारीयमागन् तस्यां नरो वपत बीजमस्याम् । सा वः प्रजां जनयद् वक्षणाभ्यो बिभ्रती दुग्धमृषभस्य रेतः ॥१४॥

आत्मिक शक्तिले सम्पन्न र श्रेष्ठ सन्ततिहरू उत्पादन गर्ने शक्तिले सम्पन्न भएर यी स्त्री वधूका रूपमा पतिका घरमा पुगेकी छिन् । हे पुरुषार्थले सम्पन्न मानिसहरू हो ! तिमीहरू यी स्त्रीमा आफ्नो वीर्यरूपी वंशानुक्रमको बीज खन्याओ, त्यसपछि यी स्त्रीले वीर्यवान् पुरुषको वीर्य र दुध धारण गर्दै आफ्ना गर्भाशयबाट सन्तान जन्माऊन् ।

प्रति तिष्ठ विराडसि विष्णुरिवेह सरस्वति । सिनीवालि प्र जायतां भगस्य सुमतावसत् ॥१५॥

सरस्वतीका रूपमा रहेकी हे स्त्री ! तिमी पतिका घरमा गौरव र प्रतिष्ठा प्राप्त गर, तिमी नै त्यस घरमा साम्राज्ञी होऊ, विष्णुदेवताजस्तै तिम्रा पति यस ठाउँमा छन् र तिमी लक्ष्मीको रूप हौ । हे अन्नदेवी ! तिमीमाथि भाग्देवताको महान् कृपा रहोस् र तिमीलाई श्रेष्ठ सन्तानको सुख प्राप्त होस् ।

उद् व ऊर्मिः शम्या हन्त्वापो योक्त्राणि मुञ्चत । मादुष्कृतौ व्ये नसावघ्न्यावशुनमारताम् ॥१६॥

हे जल ! तिम्रा तरङ्गले रथको धुरा छोडराखोस् । हे दुष्कर्महीन, पापरहित, आनन्दस्वरूपमा नदीहरू हो ! तिमीहरूलाई प्रवाहित हुनका लागि कुनै खालको बाधा नपरोस् ।

अघोरचक्षुरपतिघ्नी स्योना शग्मा सुशेवा सुयमा गृहेभ्यः । वीरसूर्देवृकामा सं त्वयैधिषीमहि सुमनस्यमाना ॥१७॥

हे वधू ! तिमी सुखदायी, स्नेहका दृष्टिले सम्पन्न, कल्याणकारिणी, सेवा कार्यमा संलग्न, श्रेष्ठ नियममा चल्ने, वीर सन्तान जन्माउने, देवरजेठाजुको कल्याण कामना गर्ने, पतिलाई क्षीण नगराउने र शुभ अन्तर्मनले युक्त होऊ, हामी त्यसै भएकाले तिमीबाट उन्नति प्राप्त गर्न सकौँ ।

अदेवृघ्न्यपतिघ्नीहैधि शिवा पशुभ्यः सुयमा सुवर्चाः । प्रजावती वीरसूर्देवृकामा स्योनेममग्निं गार्हपत्यं सपर्य ॥१८॥

देवरजेठाजु र पतिलाई कष्ट नदिईकन, पशुहरूको हित गर्ने, श्रेष्ठ नियममा चल्ने, श्रेष्ठ तेजले सम्पन्न, सन्तानले युक्त, वीर सन्तान जन्माउने, पतिका घरमा देवरको भलो चिताउँदै सुखदायिनी बनेर तिमी यस गार्हपत्य अग्निमा हवन गर्दै अर्चना गर ।

उत्तिष्ठेतः किमिच्छन्तीदमागा अहं त्वेडे अभिभूः स्वाद् गृहात् । शून्यैषी निर्ऋते याजगन्थोत्तिष्ठाराते प्र पत मेह रंस्थाः ॥१९॥

हे निर्ऋति नामकी पापकी देवी ! तिमी यहाँबाट उठ, तिमी कस्तो अभिलाषाले यहाँ उपस्थित भएकी छ्यौ ? हामी आफ्ना घरबाट तिमीलाई निरादर गर्दै भगाउँछौँ । किनभने तिमी यस घरलाई चिहानघाट बनाउने रहरले यहाँ आएकी हौ । त्यसैले हे शत्रुका रूपमा आएकी निर्ऋतिदेवी ! तिमी यहाँबाट उठेर भाग, यहाँ नडुल ।

यदा गार्हपत्यमसपर्यैत् पूर्वमग्निं वधूरियम् । अधा सरस्वत्यै नारि पितृभ्यश्च नमस्कुरु ॥२०॥

गृहस्थ आश्रममा प्रवेश गर्नुभन्दा पहिले नै वधूले गार्हपत्य अग्निलाई पूजाअर्चना गरून्, त्यसपछि हे स्त्री ! तिमी सरस्वतीदेवी र पितृहरूलाई नमस्कारका साथ वन्दना गर ।

शर्म वर्मैतदा हरास्यै नार्या उपस्तरे । सिनीवालि प्र जायतां भगस्य सुमतावसत् ॥२१॥

पतिसँग रहने धर्मपत्नीका लागि आसनका रूपमा सुखदायक मृगचर्म बिछ्याएर संरक्षणका साधनहरू ल्याऔँ । हे सिनिवाली नामकी अन्नकी देवी ! यी स्त्रीले राम्रोसित सन्तान जन्माऊन् र सौभाग्यका लागि श्रेष्ठ आशीर्वाद प्राप्त गरून् ।

यं बल्वजं न्यस्यथ चर्म चोपस्तृणीथन । तदा रोहतु सुप्रजा या कन्या विन्दते पतिम् ॥२२॥

तिमीले बिछ्याएका आसन वा मृगचर्ममा यी असल सन्तान जन्माउनका लागि पति प्राप्त गर्ने कन्या आरोहण गरून् ।

उप स्तृणीहि बल्बजमधि चर्मणि रोहिते । तत्रोपविश्य सुप्रजा इममग्निं सपर्यतु ॥२३॥

सबैभन्दा पहिले आसन ओछ्याऔँ, त्यसपछि मृगचर्म बिछाऔँ, त्यसैमा श्रेष्ठ सन्तान जन्माउन चाहने स्त्री बसून् र अग्निको अर्चना गरून् ।

आ रोह चर्मोप सीदाग्निमेष देवो हन्ति रक्षांसि सर्वा । इह प्रजां जनय पत्ये अस्मै सुज्यैष्ठ्यो भवत् पुत्रस्त एषः ॥२४॥

तिमी मृगको छालामा आरोहण गरेर अग्निदेवताका नजिकमा बस । यी अग्निदेवता सबै खालका दुष्ट राक्षसलाई संहार गर्नमा सक्षम छन् । तिमी यस घरमा आफ्ना पतिको इच्छाअनुसार असल सन्तान जन्माऊ । तिम्रो यो पहिलो सन्तान सुयोग्य र सुसंस्कृत बनोस् ।

वि तिष्ठन्तां मातुरस्या उपस्थान्नानारूपाः पशवो जायमानाः । सुमङ्गल्युप सीदेममग्निं संपत्नी प्रति भूषेह देवान् ॥२५॥

मातृत्व धारण गर्ने यी स्त्रीसँग विभिन्न रूपरङ्गका गाई आदि पशुहरू होऊन् । हे उत्तम मङ्गलमयी स्त्री ! तिमी अग्निदेवताका नजिकमा रहेर देवताहरूलाई सुशोभित गराऊ ।

सुमङ्गली प्रतरणी गृहाणां सुशेवा पत्ये श्वशुराय शंभूः । स्योना श्वश्र्वै प्र गृहान् विशेमान् ॥२६॥

हे वधू ! श्रेष्ठ मङ्गलकारिणी, गृहस्थीको व्यवस्था सञ्चालन गर्ने, पतिको सेवा गर्ने, ससुरालाई सुख दिने र सासूलाई आनन्द प्रदान गर्ने बनेर तिमी यस घरमा प्रवेश गर ।

स्योना भव श्वशुरेभ्यः स्योना पत्ये गृहेभ्यः । स्योनास्यै सर्वस्यै विशे स्योना पुष्ट्यैषां भव ॥२७॥

तिमी ससुराहरूका लागि मङ्गलमयी होऊ, पति र घरका लागि कल्याणकारिणी होऊ । सबै परिवारजनलाई सुख दिँदै उनीहरूको पुष्टिका लागि तिमी सुखदायिनी बन ।

सुमङ्गलीरियं वधूरिमां समेत पश्यत । सौभाग्यमस्यै दत्त्वा दौर्भाग्यैर्विपरेतन ॥२८॥

मङ्गलकारिणी वधू यिनै हुन् । सबै जना एकत्र भएर यिनलाई हेरुन् । यिनलाई सौभाग्य प्राप्त हुने आशीर्वाद दिएर, दुर्भाग्य हटाउँदै सबै जना फिर्ता जाऊन् ।

या दुर्हार्दो युवतयो याश्चेह जरतीरपि । वर्चो न्व१स्यै सं दत्ताथास्तं विपरेतन ॥२९॥

द्वेषको भावना भएका युवती र वृद्धाहरू यहाँ जेजति छन्, तिनीहरू सबैले यी वधुलाई आआफ्नो तेजस्विता प्रदान गरून् र आआफ्ना घरतिर फिर्ता होऊन् ।

रुक्मप्रस्तरणं वह्यं विश्वा रूपाणि बिभ्रतम् । आरोहत् सूर्या सावित्री बृहते सौभगाय कम् ॥३०॥

मनमा सुन्दर लाग्ने खालको बिस्तराले सजिएको, अनेकौं किसिमका सजावटले सिँगारिएको सुखदायक रथमा सूर्यकी पुत्री सावित्री विशाल सौभाग्य उपलब्ध गर्नका लागि आरोहण गर्दछिन् ।

आ रोह तल्पं सुमनस्यमानेह प्रजां जनय पत्ये अस्मै । इन्द्राणीव सुबुधा बुध्यमाना ज्योतिरग्रा उषसः प्रति जागरासि ॥३१॥

मनमा प्रसन्नताको भाव धारण गर्दै तिमी बिस्तरामा आऊ र पतिका लागि श्रेष्ठ सन्तान जन्माइदेऊ । तिमी इन्द्राणीजस्तै बुद्धिले सम्पन्न भएर, उषा कालभन्दा पहिले नै जागेर निद्रा छोड्दै उठ ।

देवा अग्रे न्य पद्यन्त पत्नीः समस्पृशन्त तन्व स्तनूभिः । सूर्येव नारि विश्वरूपा महित्वा प्रजावती पत्या सं भवेह ॥३२॥

प्राचीन कालमा देवताहरू पनि आआफ्ना सहयोगी शक्तिहरूसँग सहभागी भएर आफ्नो शरीरसँग उनीहरूका शरीरलाई एकै ठाउँमा संयुक्त गराउने गर्दथे । हे स्त्री ! तिमी पनि सूर्यकी पुत्रीको जस्तै आफ्नै महिमाले अनेकौं रूपका सन्तान निर्माण गर्ने इच्छा गरेर पतिसँग संयुक्त हुँदै सहवास गर ।

उत्तिष्ठेतो विश्वावसो नमसेडामहे त्वा । जामिमिच्छ पितृषदं न्यक्तां स ते भागो जनुषा तस्य विद्धि ॥३३॥

हे ऐश्वर्यले सम्पन्न भएका श्रेष्ठ वर ! तिमी यहाँबाट उठ, तिमीलाई हामी स्वागत गर्दछौं । तिमी पिताका घरमा बस्ने गरेकी शोभायुक्त वधूलाई वरण गर्ने रहर गर, त्यो तिम्रै भाग हो । ती स्त्रीको जन्मसम्बन्धी वृतान्त तिमी बुझ ।

अप्सरसः सधमादं मदन्ति हविर्धानमन्तरा सूर्यं च । तास्ते जनित्रमभि ताः परेहि नमस्ते गन्धर्वर्तुना कृणोमि ॥३४॥

यस यज्ञभूमि र सूर्यका बीचमा रहेका अन्तरिक्षमा अप्सरारूपी उर्वर उत्पादनशील धाराहरू एकापसमा मिलेर प्रसन्नतादायक कर्ममा संलग्न हुने गरेका छन् । त्यही अन्तरिक्ष नै तिमी पुरुष र प्रजनन सामर्थ्यले सम्पन्न स्त्रीरूपा प्रकृतिको उत्पत्तिस्थान हो । पुरुषका रूपमा तिमी उसका नजिक जाऊ । गन्धर्वको ऋतुसामर्थ्यका साथमा तिमीलाई पनि नमस्कार छ ।

नमो गन्धर्वस्य नमसे नमो भामाय चक्षुषे च कृण्मः । विश्वावसो ब्रह्मणा ते नमोऽभि जाया अप्सरसः परेहि ॥३५॥

गन्धर्वको हविर्भागलाई हामी नमस्कार गर्दछौं र उनका तेजस्वी नेत्रलाई पनि हामी नमस्कार गर्दछौं । हे विश्ववसुहरू हो ! तिमीहरूलाई हामी नमस्कार गर्दछौं । अप्सरारूपी स्त्रीहरूतिर तिमीहरू जाओ ।

राया वयं सुमनसः स्यामोदितो गन्धर्वमावीवृताम । अगन्त्स देवः परमं सधस्थमगन्म यत्र प्रतिरन्त आयुः ॥३६॥

हामी धनसम्पदाका साथमा असल मानसिकताले सम्पन्न होऔं । हामी यहाँबाट गन्धर्वहरूलाई माथि पठाउँछौं । परम ईश्वर उसै उच्च स्थानमा विराजमान भएका छन्, जहाँ हामी आयु लम्ब्याएर पुग्ने कामना गर्दछौं ।

सं पितरावृत्विये सृजेथां माता पिता च रेतसो भवाथः । मर्य इव योषामधिरोहयैनां प्रजां कृण्वाथामिह पुष्यतं रयिम् ॥३७॥

हे स्त्रीपुरुषहरू हो ! तिमीहरू आआफ्नो रेतस् नामका उत्पादक सामर्थ्यले नै मातापिता बन्नमा सक्षम हुन्छौ । त्यसैले ऋतुकालमा संयुक्त होओ । वीर्यवान् पुरुषझैं यी स्त्रीसँग संयुक्त होऊ । तिमीहरू दुईले सन्तान जन्माओ र धनसम्पत्ति पनि वृद्धि गर ।

तां पुषञ्छिवतमामेरयस्व यस्यां बीजं मनुष्या३ वपन्ति । या न ऊरू उशती विश्रयाति यस्यामुशन्तः प्रहरेम शेपः ॥३८॥

पोषणका कार्यमा समर्थ हे पूषादेवता ! ती कल्याणकारिणी उर्वराशक्तिरूपा स्त्रीलाई तिमी प्रेरित गर, उनैमा मानिसले बीज रोप्ने काम गरून् । उस स्त्रीले प्रेम प्रदर्शित गर्दै, उल्लसित हुँदै तिमी तिम्राहरूको भाग फिँजाऊ । उनका गर्भमा उत्साहपूर्वक सफल होस् भन्ने विश्वासले बीजको स्थापना गरियोस् ।

आ रोहोरुमुप धत्स्व हस्तं परि ष्वजस्व जायां सुमनस्यमानः । प्रजां कृण्वाथामिह मोदमानौ दीर्घं वामायुः सविता कृणोतु ॥३९॥

स्त्रीसँग तिमी प्रेमपूर्वक संयुक्त होऊ, प्रसन्नचित्त भएर तिमी स्त्रीलाई स्पर्श गर । तिमीहरू दुवै

आनन्दविभोर हुँदै सन्तान जन्माओ । सवितादेवताले तिमीहरू दुवै स्त्रीपुरुषको आयु वृद्धि गराऊन् ।

आ वां प्रजां जनयतु प्रजापतिरहोरात्राभ्यां समनक्त्वर्यमा । अदुर्मङ्गली पतिलोकमा विशेमं शं नो भव द्विपदे शं चतुष्पदे ॥४०॥

प्रजापालक परमेश्वरले तिमीहरू दुवैका लागि सन्तान उत्पादन गरून् । अर्यमादेवताले तिमीहरू दुवैलाई रातदिन सँगै राखून् । हे वधू ! तिमी दोष र दुर्गुणले रहित भएर पतिका घरमा प्रवेश गर, तिमी हाम्रा दुई खुट्टे र चार खुट्टे प्रजाका लागि सुखदायी होऊ ।

देवैर्दत्तं मनुना साकमेतद् वाधूयं वासो वध्वश्च वस्त्रम् । यो ब्रह्मणे चिकितुषे ददाति स इद् रक्षांसि तल्पानि हन्ति ॥४१॥

मनुजीका साथै देवताहरूले यी वधूलाई वस्त्र प्रदान गरेका छन्, ज्ञाननिष्ठ ब्राह्मणका लागि यी वधूलाई जसले वस्त्र दान गर्दछन्, उनले निश्चित रूपमा नै शयन स्थानमा उत्पन्न हुने कुसंस्काररूपी राक्षसलाई विनाश गर्दछन् ।

यं मे दत्तो ब्रह्मभागं वधूयोर्वाधूयं वासो वध्वश्च वस्त्रम् । युवं ब्रह्मणेऽनुमन्यमानौ बृहस्पते साकिमिन्द्रश्च दत्तम् ॥४२॥

हे बृहस्पति र इन्द्रदेवता ! तिमीहरू दुवै ब्रह्माको निर्देशअनुसार विवाहकालका वधूको वस्त्र र सामान्य वधूको वस्त्र ब्राह्मणको भाग हो भन्ने जानेर हामीलाई प्रदान गर ।

स्योनाद्योनेरधि बुध्यमानौ हसामुदौ महसा मोदमानौ । सुगू सुपुत्रौ सुगृहौ तराथो जीवावुषसो विभातीः ॥४३॥

हे स्त्रीपुरुषहरू हो ! सुखदायक गृहमा उचित किसिमले जागा रहेर, हाँसो ठट्टा गर्दै, स्नेहपूर्वक प्रसन्नचित्त हुँदै, सुन्दर गाईरूपी इन्द्रियले युक्त भएर, सुसन्तति सम्पन्न, श्रेष्ठ गृह सामग्रीले युक्त, जीवनतत्त्वलाई धारण गर्दै तिमीहरू दुवै प्रकृतिपुरुषरूपी नरनारीले प्रकाशमयी उषारूपी विकासमान जीवनका साथ जीवनमा पौडी खेल्दै पारि तर ।

नवं वसानः सुरभिः सुवासा उदागां जीव उषसो विभातीः । आण्डात् पतत्रीवामुक्षि विश्वस्मादेनसस्परि ॥४४॥

नयाँ परिधान पहिरिँदै, सुरक्षित जीवन धारण गर्दै, सुन्दर निवासले युक्त भएका हामी जीवधारी मानिसहरू तेजस्वी बिहानीका समयमा जागौँ । फुलबाट चराको बचरो बाहिर निस्केझैँ हामी पनि सबै किसिमका दुष्कर्मरूपी पापबाट मुक्ति प्राप्त गरौँ ।

शुम्भनी द्यावापृथिवी अन्तिसुम्ने महिव्रते । आपः सप्त सुस्रुवुर्देवीस्ता नो मुञ्चन्त्वंहसः ॥४५॥

द्युलोक र पृथ्वी दुवै निकटतापूर्वक सुख प्रदान गर्ने महान् नियम पालन गर्दै विशेष रूपले शोभायमान छन् । तिनका बीचमा सात वटा दिव्य जलरूपी प्राणप्रवाह बग्दो छ । त्यस जलरूपी प्राणप्रवाहले हामीलाई पापकर्मबाट विमुक्त गराओस् ।

सूर्यायै देवेभ्यो मित्राय वरुणाय च । ये भूतस्य प्रचेतसस्तेभ्य इदमकरं नमः ॥४६॥

सूर्यपुत्री उषा, देवगण, मित्र र वरुण आदि देवताहरू तथा सबै प्राणीलाई ज्ञान प्रदान गर्ने देवताहरू जेजति छन्, ती सबैलाई हामी प्रणाम गर्दछौँ ।

य ऋते चिदभिश्रिषः पुरा जत्रुभ्य आतृदः । संधाता संधिं मघवा पुरूवसुर्निष्कर्ता विह्रुतं पुनः ॥४७॥

घाँटीका हड्डीहरू भाँचिँदा रगत निस्कनुभन्दा पहिले नै जुन इन्द्रदेवताले जोड्नेजस्ता कठिन कामहरू पनि सजिलैसँग सम्पन्न गर्दछन्, उनै प्रचुर धनका स्वामी इन्द्रदेवताले छिन्नभिन्न भएकाहरूलाई पनि बटुलेर फेरि एकत्र गराइदिन्छन् ।

अपास्मत् तम उच्छतु नीलं पिशङ्गमुत लोहितं यत् । निर्दहनी या पृषातक्यऽस्मिन् तां स्थाणावध्या सजामि ॥४८॥

नीलो, पहेँलो र रातो वर्णको हामीले नचिनेको वा अज्ञानरूपी धुवाँ हामीबाट पर भागोस् । यसमा रहेको जलाउने दोषी अवस्थालाई हामी खम्बामा स्थापित गर्दछौँ ।

यावतीः कृत्या उपवासने यावन्तो राज्ञो वरुणस्य पाशाः । व्यृद्धयो या असमृद्धयो या अस्मिन् ता स्थाणावधि सादयामि ॥४९॥

यस वस्त्रमा भएका घातक तत्त्व, राजा वरुणको पाश, दरिद्रतायुक्त स्थिति तथा विकारले युक्त दुरावस्थाहरू सबैलाई हामी यसै स्तम्भमा स्थापित गर्दछौँ र यस वस्त्रबाट पृथक् गर्दछौँ ।

या मे प्रियतमा तनूः सा मे बिभाय वाससः । तस्याग्रे त्वं वनस्पते नीविं कृणुष्व मा वयं रिषाम ॥५०॥

वस्त्र पहिरिनाले मेरा सुडौल र हृष्टपुष्ट शरीरको कान्ति हराउन थाल्दछ, त्यसैले हे वनस्पति देवता ! सर्वप्रथम तिमी त्यसका ग्रन्थिहरूलाई ठिक बनाऊ अनि मैले दुःख नपाऊँ ।

ये अन्ता यावतीः सिचो य ओतवो ये च तन्तवः । वासो यत् पत्नीभिरुतं तन्नः स्योनमुप स्पृशात् ॥५१॥

जुन वस्त्र प्राण र पञ्चतत्त्वरूपी उपकरणहरूले बुनिएको छ, जुन उत्तम वस्त्र हाम्रा नारी वर्गले बुनेर तयार गरेका छन्, जसमा सुन्दर किनारा र झल्लर लगाइएको छ, त्यस्तो वस्त्र नै हाम्रा लागि सुखदायी स्पर्श प्रदान गर्नमा सक्षम होस् ।

उशतीः कन्यला इमाः पितृलोकात् पतिं यतीः । अव दीक्षामसृक्षत स्वाहा ॥५२॥

पिताका घरबाट पतिका घरतिर जान लागेका र श्रेष्ठ वरको कामना गर्ने यी कन्याहरूले गृहस्थ धर्मको दीक्षाव्रत धारण गरून् भन्ने सुन्दर उक्तिलाई मनले धारण गरेर हामी आहुति प्रदान गर्दछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । वर्चो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५३॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा सबै देवताहरूले ग्रहण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका वर्चस्सँग संयुक्त गराउँछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । तेजो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५४॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा विश्वेदेव नामका देवताहरूले ग्रहण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका तेजसँग संयुक्त गराउँछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । भगो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५५॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा विश्वेदेव नामका देवताहरूले धारण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका सौभाग्यसँग संयुक्त गराउँछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । यशो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५६॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा सबै देवताहरूले ग्रहण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका यशसँग संयुक्त गराउँछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । पयो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५७॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा सबै देवताहरूले ग्रहण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका दुधरूपी पोषणसँग संयुक्त गराउँछौँ ।

बृहस्पतिनावसृष्टां विश्वे देवा अधारयन् । रसो गोषु प्रविष्टं यत् तेनेमां सं सृजामसि ॥५८॥

बृहस्पतिदेवताद्वारा रचित यो औषधिरूपी दीक्षा सत्रै देवताहरूले ग्रहण गरेका छन्, त्यसलाई हामी गाईरूपी इन्द्रियहरूमा प्रवेश गर्न लागेका रससँग संयुक्त गराउँछौँ ।

यदीमे केशिनो जना गृहे ते समनर्तिषू रोदने कृण्वन्तोऽघम् । अग्निष्ट्वा तस्मादेनसः सविता च प्र मुञ्चताम् ॥५९॥

यी लामा केश भएका मानिसहरू यदि तिम्रा घरको कन्या गएकोमा दुःखी भएर रुँदै कराउँदै घुम्न थाले भने तिमीलाई त्यस पापबाट अग्नि र सवितादेवताले जोगाऊन् ।

यदीयं दुहिता तव विकश्यरुदद् गृहे रोदेन कृण्वत्यघम् । अग्निष्ट्वा तस्मादेनसः सविता च प्र मुञ्चताम् ॥६०॥

यस कन्याले यदि तिम्रा घरमा केश फिँजाएर रुँदै कराउँदै दुःख बढाउन थालिछ भने त्यसबाट उत्पन्न पापबाट अग्नि र सवितादेवताले तिमीलाई संरक्षित गरून् ।

यज्जामयो यद्युवतयो गृहे ते समनर्तिषू रोदेन कृण्वतीरघम् । अग्निष्ट्वा तस्मादेनसः सविता च प्र मुञ्चताम् ॥६१॥

यी दिदीबहिनी र स्त्रीहरू कन्या तिम्रा घरमा गएकोमा दुःखी भएर रुनकराउन थाले भने त्यस कामका दोषबाट उत्पन्न भएका पापबाट अग्नि र सवितादेवताले तिमीलाई जोगाऊन् ।

यत् ते प्रजायां पशुषु यद्वा गृहेषु निष्ठितमघकृद्भिरघं कृतम् । अग्निष्ट्वा तस्मादेनसः सविता च प्र मुञ्चताम् ॥६२॥

पापदोष फैलाउनेहरूले तिम्रो परिवार, सन्तान, पशुहरू र घरमा जुन दुःखको वातावरण बनाइदिएका छन्, त्यसबाट पाप लाग्यो भने सविता र अग्निदेवताले तिमीलाई त्यस पापबाट मुक्त गराऊन् ।

इयं नार्युप ब्रूते पूल्यान्यावपन्तिका । दीर्घायुरस्तु मे पतिर्जीवाति शरदः शतम् ॥६३॥

भुटेका धानका फुलको आहुति समर्पित गर्दै यी नारीहरूले मेरा पतिले दीर्घायु बनेर सयौँ वर्षसम्म जीवन यापन गर्न सकून् भनेर ईश्वरसित प्रार्थना गर्दछन् ।

इहेमाविन्द्र सं नुद चक्रवाकेव दम्पती । प्रजयैनौ स्वस्तकौ विश्वमायुर्व्य श्नुताम् ॥६४॥

हे देवराज इन्द्र ! यस दम्पतीलाई चखेवाचखेवीको जोडीजस्तै स्नेहभाव जोगाइराख्नका लागि तिमी प्रेरित गर । यी दुवै असल घर र सन्तानले युक्त भएर आजीवन विभिन्न किसिमका सुखद भोग प्राप्त गर्नमा सफल होऊन् ।

यदासन्द्यामुपधाने यद् वोपवासने कृतम् । विवाहे कृत्यां यां चक्रुरास्नाने तां नि दध्मसि ॥६५॥

बैठक वा त्यहाँ राखिएका आसन, बिस्तरा वा सिरानी, उपवस्त्र तथा विवाहका समयमा यदि कुनै वस्तु प्रयोग गर्दा पापकर्म भएको छ भने हामी स्नान गरेर त्यसलाई मेटाउँदै आत्मशुद्धि गर्न सकौँ ।

यद् दुष्कृतं यच्छमलं विवाहे वहतौ च यत् । तत् संभलस्य कम्बले मृज्महे दुरितं वयम् ॥६६॥

विवाहका कार्यमा वा जन्तीका रथमा यदि कुनै दुष्कर्म र पापकर्म भएका छन् भने हामी मृदुभाषी कम्बलले त्यसलाई ढाक्न सकौँ ।

संभले मलं सादयित्वा कम्बले दुरितं वयम् । अभूम यज्ञियाः शुद्धाः प्र ण आयूंषि तारिषत् ॥६७॥

हामी याज्ञिकहरू मललाई सम्भलले र पापलाई कम्बलले शुद्ध गरेर दोषरहित पवित्र होऔँ । यज्ञदेवताले हाम्रो आयु विस्तार गरिदिऊन् ।

कृत्रिमः कण्टकः शतदन् य एषः । अपास्याः केश्यं मलमप शीर्षण्यं लिखात् ॥६८॥
सयौं दाँत भएका यस कृत्रिम काइँयोले यी वधूरूपी प्रकृतिका टाउकाको मयल हटाएर त्यसलाई सफा गराओस् ।

अङ्गादङ्गाद् वयमस्या अप यक्ष्मं नि दध्मसि । तन्मा प्रापत् पृथिवीं मोत देवान् दिवं मा प्रापदुर्व१न्तरिक्षम् । अपो मा प्रापन्मलमेतदग्ने यमं मा प्रापत् पितृंश्च सर्वान् ॥६९॥
हामी यी प्रकृतिरूपी वधूका प्रत्येक अङ्गबाट रोगहरूलाई हटाउँछौं । यो दोष पृथ्वी, अन्तरिक्ष, द्युलोक र देवशक्तिलाई प्राप्त नहोस् । हे अग्निदेवता ! यस किसिमका मयलले जल, यम र पितृहरूलाई कष्ट दिन नसकोस् ।

सं त्वा नह्यामि पयसा पृथिव्याः सं त्वा नह्यामि पयसौषधीनाम् । सं त्वा नह्यामि प्रजया धनेन सा संनद्धा सनुहि वाजमेमम् ॥७०॥
हे प्रकृतिका रूपमा रहेकी वधू ! पृथ्वीका लागि दुधझैं पोषक तत्त्व र औषधिहरूले हामी तिमीलाई युक्त गराउँछौं । तिमीलाई असल सन्तति र वैभवसम्पदाले युक्त गराउँछौं । तिमी यी गुणहरूले सम्पन्न भएर बलशालिनी होऊ ।

अमोऽहमस्मि सा त्वं सामाहमस्म्यृक् त्वं द्यौरहं पृथिवी त्वम् । ताविह सं भवाव प्रजामा जनयावहै ॥७१॥
हे नारी ! म पुरुषको प्राणतत्त्वका रूपमा रहेको विष्णु हुँ भने तिमी रयिका नामले परिचित लक्ष्मी हौ । म सामगान हुँ भने तिमी ऋचा हौ, म द्युलोकरूपी पुरुष नै सूर्यको शक्ति हुँ भने तिमी सहनशीलताकी प्रतीक पृथ्वी हौ । हामी दुवैका पारस्परिक स्नेहले एकत्र भएर श्रेष्ठ सन्तति जन्माउनुपर्दछ ।

जनियन्ति नावग्रवः पुत्रियन्ति सुदानवः । अरिष्टासू सचेवहि बृहते वाजसातये ॥७२॥
जसरी अविवाहित हामी दुई विवाहको कामना गर्दछौं, उसै किसिमले दाताहरूले पनि पुत्रको कामना गरेका छन् । हामी जीवित रहुन्जेलसम्म अन्नधन आदि महान् सामर्थ्य प्राप्त गर्नका लागि एकापसमा सँगै बसौं ।

ये पितरो वधूदर्शा इमं वहतुमागमन् । ते अस्यै वध्वै संपत्न्यै प्रजावच्छर्म यच्छन्तु ॥७३॥
जन्ती आएपछि नयाँ दुलहीलाई हेर्नका लागि सम्भ्रान्त घरका स्त्रीपुरुषहरू एकत्रित भएका होऊन्, उनीहरू सबैले ती सुशीलता सम्पन्न नयाँ दुलहीलाई सन्तानवती हुनका लागि मङ्गलकारी आशीर्वाद प्रदान गरून् ।

येदं पूर्वागन् रशनायमाना प्रजामस्यै द्रविणं चेह दत्त्वा । तां वहन्त्वगतस्यानु पन्थां विराडियं सुप्रजा अत्यजैषीत् ॥७४॥
डोरीमा अनेकौं धागाहरू एकत्र भएझैं गरी जुन स्त्री यस किसिमका गृहस्थ आश्रममा प्रवेश गर्न जाँदै छिन्, ती वधूलाई धनसम्पत्ति र सुसन्तानका लागि मङ्गलमय आशीर्वाद दिएर उनले पहिले अनुभव नगरेका मार्गबाट सुरक्षित रूपमा लिएर जाऊन् । ती वधू श्रेष्ठ तेजस्विनी र सन्तानवती हुँदै विजयश्री प्राप्त गरून् ।

प्र बुध्यस्व सुबुधा बुध्यमाना दीर्घायुत्वाय शतशारदाय । गृहान् गच्छ गृहपत्नी यथासो दीर्घं त आयुः सविता कृणोतु ॥७५॥
हे श्रेष्ठ ज्ञानले सम्पन्न स्त्री ! तिमी ज्ञानगुनले सम्पन्न भएर सय वर्षको लामो जीवन प्राप्त गर्नका लागि जागरूक होऊ । तिमी आफ्ना पतिका घरमा जाऊ, त्यहाँ गृहस्वामिनी बनेर बस, सर्वप्रेरक सवितादेवताले तिम्रो आयु लामो बनाऊन् ।

॥इति चतुर्दशं काण्डम् ॥
चौधौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ पञ्चदशं काण्डम् ॥

१. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** साम्नी पङ्क्ति, द्विपदा साम्नी बृहती, एकपदा यजुर्ब्राह्मी अनुष्टुप्, एकपदा विराट् गायत्री, साम्नी अनुष्टुप्, त्रिपदा प्राजापत्या बृहती, आसुरी पङ्क्ति, त्रिपदा अनुष्टुप् ।

व्रात्य आसीदीयमान एव स प्रजापतिं समैरयत् ॥१॥

व्रात्य समूहपतिले व्रात्य स्थिति प्राप्त गर्नासाथ प्रजापालक ब्रह्मालाई उचित किसिमको मार्गदर्शन प्रदान गरे ।

स प्रजापतिः सुवर्णमात्मन्नपश्यत् तत् प्राजनयत् ॥२॥

उनै प्रजापति ब्रह्माले आफूमा तेजस्वी आत्माको दर्शन गरे, त्यसपछि सम्पूर्ण सृष्टिलाई सिर्जना गरे ।

तदेकमभवत् तल्ललाममभवत् तन्महदभवत् तज्ज्येष्ठमभवत् तद् । ब्रह्माभवत् तत् तपोऽभवत् तत् सत्यमभवत् तेन प्राजायत ॥३॥

उनै प्रजापतिदेवता महान्, विलक्षण, ज्येष्ठ, सृष्टिकर्ता ब्रह्मा तपःशक्तिले युक्त र सत्यनिष्ठ बनून् । मात्र उसै एकबाट नै यस किसिमका व्रात्यलाई उत्पन्न गरियो ।

सोऽवर्धत स महानभवत् स महादेवोऽभवत् ॥४॥

उनै प्रजापतिले वृद्धि प्राप्त गरेर महान् बने र महान् देवत्वका गुणले सुशोभित महादेव भए ।

स देवानामीशां पर्यैत् स ईशानोऽभवत् ॥५॥

उनै देवताहरूका स्वामी र ईश्वरत्वले सम्पन्न ईशान नामका पदले विभूषित भए ।

स एकव्रात्योऽभवत् स धनुरादत्त तदेवेन्द्रधनुः ॥६॥

व्रात्यसमूहका अधिपति उनी एकमात्र हुन्, उनले जुन धनुषलाई स्पर्श वा धारण गरे, त्यस धनुषको नाम नै इन्द्रधनुष भन्ने रह्यो ।

नीलमस्योदरं लोहितं पृष्ठम् ॥७॥

यसको पिठ्युँ रातो र पेटको भाग नीलो वर्णले सुशोभित भयो ।

नीलेनैवाप्रियं भ्रातृव्यं प्रोर्णोति लोहितेन द्विषन्तं विध्यतीति ब्रह्मवादिनो वदन्ति ॥८॥

नीलो वर्णका भागले यिनले अप्रिय तथा दुष्ट शत्रुलाई घेरा हाल्दछन् र राता वर्णका पृष्ठ भागले द्वेष भावनाले ग्रस्त भएका शत्रुलाई विदीर्ण गराउँछन् भन्ने तत्त्वज्ञानीहरूको भनाइ छ ।

२. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** साम्नी अनुष्टुप्, साम्नी त्रिष्टुप्, द्विपदार्षी पङ्क्ति, द्विपदा ब्राह्मी गायत्री, द्विपदार्ची जगती, पदपङ्क्ति, त्रिपदा प्राजापत्या त्रिष्टुप्, एकपदोष्णिक्, द्विपदार्षी भुरिक् त्रिष्टुप्, आर्षी परानुष्टुप्, साम्नी पङ्क्ति, द्विपदा विराट् पङ्क्ति, आसुरी गायत्री, निचृत् आर्षी पङ्क्ति ।

स उदतिष्ठत् स प्राचीं दिशमनुव्यचलत् ॥१॥

उही व्रात्य उत्पन्न हुँदै प्रगति मार्गको प्रतीक मानिएको पूर्व दिशातर्फ जान लाग्यो ।

तं बृहच्च रथन्तरं चादित्याश्च विश्वे च देवा अनुव्य चलन् ॥२॥

बृहत्साम, रथन्तर साम, आदित्यगण र सबै दैवी शक्तिहरू हिँड्न लागे ।

बृहते च वै स रथन्तराय चादित्येभ्यश्च विश्वेभ्यश्च देवेभ्य आ वृश्चते य एवं विद्वांसं व्रातयमुपवदति ॥३॥

जुन मानिसले व्रतको आचरण गर्ने व्रात्यलाई अपमानित गर्दछन्, तिनले बृहत्, रथन्तर आदित्यगण र समस्त देवताहरूप्रति नै अवज्ञा र अपहेलना गर्दछन् ।

बृहतश्च वै स रथन्तरस्य चादित्यानां च विश्वेषां च देवानां प्रियं धाम भवति तस्य प्राच्यां दिशि ॥४॥

जसले ती व्रतको आचरण गर्ने व्रात्यलाई आदर गर्दछन्, तिनले बृहत्, रथन्तर आदित्यदेवता र सम्पूर्ण देवशक्तिहरूले रुचाउने पूर्व दिशामा आफ्नो प्रिय धाम बनाउँछन् ।

श्रद्धा पुंश्चली मित्रो मागधो विज्ञानं वासोऽहरुष्णीषं रात्री केशा हरितौ प्रवर्तो कल्मलिर्मणिः ॥५॥

ती व्रात्यका लागि श्रद्धा कामिनी स्त्रीका रूपमा, स्तुति गर्न योग्य सूर्य मित्रका रूपमा, विज्ञान लज्जा निवारण गर्ने वस्त्रका रूपमा दिन शिरको टोपी फेटाका रूपमा, रात्रि केशका रूपमा, सूर्यका किरणहरू कानका कुण्डल आदि गहनाका रूपमा र आकाशीय ताराहरू सबै मणिमुक्ता आदि रत्नका रूपमा शोभा बढाउने हुन्छन् ।

भूतं च भविष्यच्च परिष्कन्दौ मनो विपथम् ॥६॥

अतीत र भविष्यत् काल यिनका परिष्कन्द नामले परिचित रथसंरक्षकका रूपमा रहेका हुन्छन् र जीवनरूपी सङ्ग्रामको रथको काममा मन रहेको हुन्छ ।

मातरिश्वा च पवमानश्च विपथवाहौ वातः सारथी रेष्मा प्रतोदः ॥७॥

मन जीवनसङ्ग्राममा रथ बनेको हुन्छ, मातरिश्वा वायुरूपी श्वास र पवमान वायुरूपी उच्छ्वास यी दुवै तिनका रथका घोडाहरू हुन्, प्राणवायु सारथी हो र रेष्मा नामको वायु त्यो रथ हाँक्नका लागि चाबुकका रूपमा रहेको हुन्छ ।

कीर्तिश्च यशश्च पुरःसरावैनं कीर्तिर्गच्छत्या यशो गच्छति य एवं वेद ॥८॥

जुन व्रतशील व्रात्यले यस किसिमले योग्यतको वृद्धि गर्दछन्, उनको यशकीर्ति अगाडि बढ्ने गर्दछ ।

स उदतिष्ठत् स दक्षिणां दिशमनु व्य चलत् ॥९॥

उनै व्रात्य उन्नतिशील हुँदै उठेर दक्षिण दिशातर्फ अनुकूल स्थितिमा विचरण गरिरहन्छन् ।

तं यज्ञायज्ञियं च वामदेव्यं च यज्ञश्च यजमानश्च पशवश्चानुव्यचलन् ॥१०॥

उनका पछाडि यज्ञायज्ञीय, साम, वामदेव्य, यज्ञरूपी सत्कर्म, साधक यजमान र गाई आदि पशुधन पनि लाभ प्रदान गर्नमा अनुकूल हुँदै हिँडिरहेका हुन्छन् ।

यज्ञायज्ञियाय च वै स वामदेव्याय च यज्ञाय च यजमानाय च पशुभ्यश्चा वृश्चते य एवं विद्वांसं व्रात्यमुपवदति ॥११॥

जुन मानिसले ज्ञानसम्पन्न व्रात्यलाई अपहेला गर्दछन्, तिनले यज्ञायज्ञीय र वामदेव्य साम, यज्ञीय सत्कर्म, साधक यजमान र पशुहरूको पनि अपहेलना गरिरहेका हुन्छन् ।

यज्ञायज्ञियस्य च वै स वामदेव्याय च यज्ञाय च यजमानस्य च पशूनां च प्रियं धाम भवति तस्य दक्षिणायां दिशि ॥१२॥

जुन मानिसले त्यस्ता व्रतशीललाई आदर गर्दछन्, उनीहरू दक्षिण दिशामा यज्ञायज्ञीय र वामदेव्य साम, यज्ञीय सत्कर्म, साधक यजमान र पशुहरूका लागि प्रिय हुने गर्दछन् ।

उषाः पुंश्चली मन्त्रो मागधो विज्ञानं वासोऽहरुष्णीषं रात्री केशा हरितौ प्रवर्तो कल्मलिर्मणिः ॥१३॥

ती व्रात्यका लागि उषा कामिनी स्त्रीका रूपमा, स्तुति गर्न योग्य सूर्य मित्रका रूपमा, विज्ञान लज्जा निवारण गर्ने वस्त्रका रूपमा दिन शिरको टोपी फेटाका रूपमा, रात्रि केशका रूपमा,

सूर्यका किरणहरू कानका कुण्डल आदि गहनाका रूपमा र आकाशीय ताराहरू सबै मणिमुक्ता आदि रत्नका रूपमा शोभा बढाउने हुन्छन् ।

अमावास्या च पौर्णमासी च परिष्कन्दौ मनो विपथम् । मातरिश्वा च पवमानश्च विपथवाहौ वातः सारथी रेष्मा प्रतोदः । कीर्तिश्च यशश्च पुरःसरावैनं कीर्तिर्गच्छत्या यशो गच्छति य एवं वेद ॥१४॥

अमावस्या र पूर्णिमा उसका रथका परिष्कन्दरूपी संरक्षक हुन्छन् । मन जीवनसङ्ग्रामको रथ तिनका लागि हुन्छ । मातरिश्वा नामको श्वासको र पवमान नामको वायु उच्छ्वासको वायु त्यस रथका दुई घोडा हुन्छन् तथा रेष्मा नामको वायु चाबुक हुन्छ । जुन व्रतशीलले यस किसिमले आफ्नो योग्यता बढाउँछन्, उनीहरू यश र कीर्तिका निमित्त अग्रगामी हुन्छन् ।

स उदतिष्ठत् स प्रतीचीं दिशमनु व्यचलत् ॥१५॥

उनै व्रतशील व्रात्य उन्नतिले उचालिँदै पश्चिम दिशातर्फ अनुकूलतापूर्वक स्थितिमा रहँदै विचरण गर्दछन् ।

तं वैरूपं च वैराजं चापश्च वरुणश्च राजानुव्यचलन् ॥१६॥

यस्तै अवस्थामा वैरूप र वैराज नामका साम, जल र राजा वरुण यी सबै उन्नति गर्दै उनका लागि अनुकूलतापूर्वक गमन गर्दछन् ।

वैरूपाय च वै स वैराजाय चाद्भ्यश्च वरुणाय च राज्ञ आ वृश्चते य एवं विद्वांसं व्रात्यमुपवदति ॥१७॥

जुन मानिसले व्रतको आचरण गर्ने व्रात्यलाई अपमानित गर्दछन्, तिनले परोक्ष रूपमा वैरूप र वैराज साम, जल तथा राजा वरुणप्रति पनि अवज्ञा र अपहेलना गर्दछन् ।

वैरूपस्य च वै स वैराजस्य चापां च वरुणस्य च राज्ञः प्रियं धाम भवति तस्य प्रतीच्यां दिशि ॥१८॥

जसले ती व्रतको आचरण गर्ने व्रात्यलाई आदर गर्दछन्, तिनले परोक्ष रूपमा वैरूप र वैराज साम, जल तथा राजा वरुणका लागि धाम बनाउँछन् ।

इरा पुंश्चली हसो मागधो विज्ञानं वासोऽहरुष्णीषं रात्री केशा हरितौ प्रवर्तौ कल्मलिर्मणिः ॥१९॥

ती व्रात्यका लागि भूमि कामिनी स्त्रीका रूपमा, स्तुति गर्न योग्य सूर्य मित्रका रूपमा, विज्ञान लज्जा निवारण गर्ने वस्त्रका रूपमा दिन शिरको टोपी फेटाका रूपमा, रात्रि केशका रूपमा, सूर्यका किरणहरू कानका कुण्डल आदि गहनाका रूपमा र आकाशीय ताराहरू सबै मणिमुक्ता आदि रत्नका रूपमा शोभा बढाउने हुन्छन् ।

अहश्च रात्री च परिष्कन्दौ मनो विपथम् । मातरिश्वा च पवमानश्च विपथवाहौ वातः सारथी रेष्मा प्रतोदः । कीर्तिश्च यशश्च पुरःसरावैनं कीर्तिर्गच्छत्या यशो गच्छति य एवं वेद ॥२०॥

रात र दिन परिष्कन्दरूपी संरक्षक हुन् भने मन जीवनरूपी सङ्ग्रामको रथ हो, मातरिश्वा वायुरूपी श्वास र पवमान वायुरूपी उच्छ्वास यी दुवै तिनका रथका घोडाहरू हुन् । प्राणवायु सारथी हो र रेष्मा नामको वायु त्यो रथ हाँक्नका लागि चाबुकका रूपमा रहेको हुन्छ । जुन व्रतशील व्रात्यले यस किसिमले योग्यतको वृद्धि गर्दछन्, उनको यशकीर्ति अगाडि बढ्छ ।

स उदतिष्ठत् स उदीचीं दिशमनु व्यचलत् ॥२१॥

उनै व्रतशील व्रात्य उन्नतिले उचालिँदै उत्तर दिशातर्फ अनुकूलतापूर्वक स्थितिमा रहँदै विचरण गर्दछन् ।

तं श्यैतं च नौधसं च सप्तर्षयश्च सोमश्च राजानुव्यचलन् ॥२२॥

यस्तै अवस्थामा श्यैत, नौधष, सप्तर्षि र राजा सोम पनि उनै व्रात्यका लागि अनुकूलतापूर्वक गमन गर्दछन् ।

श्यैताय च वै स नौधसाय च सप्तर्षिभ्यश्च सोमाय च राज्ञ आ वृश्चते य एवं विद्वांसं व्रात्यमुपवदति ॥२३॥

जुन मानिसले व्रतको आचरण गर्ने व्रात्यलाई निन्दा गर्दछन्, तिनले परोक्ष रूपमा श्यैत, नौधष, सप्तर्षि र राजा सोमप्रति पनि अवज्ञा र अपहेलना गर्दछन् ।

श्यैतस्य च वै स नौधसस्य च सप्तर्षीणां च सोमस्य च राज्ञः प्रियं धाम भवति तस्योदीच्यां दिशि ॥२४॥

त्यसको विपरीत जसले ती व्रतको आचरण गर्ने व्रात्यलाई आदर गर्दछन्, तिनले श्यैत, नौधष, सप्तर्षि र राजा सोमका लागि प्रियधाम बन्छन् ।

विद्युत् पुंश्चली स्तनयित्नुर्मागधो विज्ञानं वासोऽहरुष्णीषं रात्री केशा हरितौ प्रवर्तौ कल्मलिर्मणिः ॥२५॥

ती व्रात्यका लागि विद्युत् कामिनी स्त्रीका रूपमा, मेघमण्डल स्तुति गर्ने मित्रका रूपमा, विज्ञान लज्जा निवारण गर्ने वस्त्रका रूपमा, दिन शिरको टोपी फेटाका रूपमा, रात्रि केशका रूपमा, सूर्यका किरणहरू कानका कुण्डल आदि गहनाका रूपमा र आकाशीय ताराहरू सबै मणिमुक्ता आदि रत्नका रूपमा शोभा बढाउने हुन्छन् ।

श्रुतं च विश्रुतं च परिष्कन्दौ मनो विपथम् ॥२६॥

सुनेर प्राप्त गरेको ज्ञान र विशिष्ट ज्ञानका रूपमा रहेको विज्ञान परिष्कन्दरूपी संरक्षक हुन भने मन जीवनरूपी सङ्ग्रामको रथ हो ।

मातरिश्वा च पवमानश्च विपथवाहौ वातः सारथी रेष्मा प्रतोदः ॥२७॥

मातरिश्वा वायुरूपी श्वास र पवमान वायुरूपी उच्छ्वास यी दुवै तिनका रथका घोडाहरू हुन् । प्राणवायु सारथी हो र रेष्मा नामको वायु त्यो रथ हाँक्नका लागि चाबुकका रूपमा रहन्छ ।

कीर्तिश्च यशश्च पुरःसरावैनं कीर्तिर्गच्छत्या यशो गच्छति य एवं वेद ॥२८॥

जुन व्रतशील व्रात्यले यस किसिमले योग्यतको वृद्धि गर्दछन्, उनको यशकीर्ति अगाडि बढ्ने गर्दछ ।

३. अध्यात्मप्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** पिपीलिकामध्या गायत्री, साम्नी उष्णिक्, याजुषी जगती, द्विपदार्ची उष्णिक्, आर्ची बृहती, आसुर्यनुष्टुप्, साम्नी गायत्री, आसुरी पङ्क्ति आसुरी जगती, प्राजापत्या त्रिष्टुप्, विराट् गायत्री ।

स संवत्सरमूर्ध्वोऽतिष्ठत् तं देवा अब्रुवन् व्रात्य किं नु तिष्ठसीति ॥१॥

ती व्रतशील व्रात्य एक वर्षसम्म ठाडै उभिए, त्यस्ता अवस्थामा देवशक्तिहरूले उनीसित- हे व्रात्य ! कुन उद्देश्यलाई दृष्टिगत गरेर तिमी तपस्यामा लागेका छौ ? भनी सोधे ।

सोऽब्रवीदासन्दीं मे सं भरन्त्विति ॥२॥

व्रात्यले मेरा निमित्त बस्ने आसन्दी नामको चौकी प्रदान गर भन्ने उत्तर दिए ।

तस्मै व्रात्यायासन्दीं समभरन् ॥३॥

त्यसो भएपछि देवशक्तिहरूले ती व्रतशील व्रात्यका निम्ति बस्नका लागि चौकी बनाइदिए ।

तस्या ग्रीष्मश्च वसन्तश्च द्वौ पादावास्तां शरच्च वर्षाश्च द्वौ ॥४॥

त्यस चौकीका दुई खुट्टा वसन्त र ग्रीष्म भए भने दुई खुट्टा शरद् र वर्षा ऋतु भए ।

बृहच्च रथन्तरं चानूच्ये३ आस्तां यज्ञायज्ञियं च वामदेव्यं च तिरश्च्ये ॥५॥

त्यस चौकीका हात अड्याउने दुईतर्फका फल्याक बृहत् र रथन्तर साम भए भने यज्ञायज्ञीय र वामदेव्य साम त्यसका तेर्छा फल्याक भए ।

ऋचः प्राञ्चस्तन्तवो यजूंषि तिर्यञ्चः ॥६॥

ऋग्वेदका मन्त्रहरू ठाडा तन्तु भए भने यजुर्वेदका मन्त्रहरू तेर्छा तन्तु भए भन्ने गरिन्छ ।

वेद आस्तरणं ब्रह्मोपबर्हणम् ॥७॥

ती व्रतशीलका लागि वेदको ज्ञान ओछ्यान हो भने ब्रह्मविद्या उनका लागि ओढ्ने सिरक हुन् ।

सामासाद उदगीथोऽपश्रयः ॥८॥

सामवेदको ज्ञान उनका लागि डसना हो र उदगीथ उनका लागि सिरानी हुन् ।

तामासन्दीं व्रात्य आरोहत् ॥९॥

यस किसिमको ज्ञानरूपी चार खुट्टे पलङ अथवा चौकीमा ती व्रात्य चढे ।

तस्य देवजनाः परिष्कन्दा आसन्त्संकल्पाः प्रहाय्या३ विश्वानि भूतान्युपसदः ॥१०॥

देवशक्तिहरू उनका लागि संरक्षण गर्ने परिष्कन्द भए, सत्य सङ्कल्प उनका सहायक र समस्त प्राणीहरू उनीसँग बस्ने सहचर भए ।

विश्वान्येवास्य भूतान्युपसदो भवन्ति य एवं वेद ॥११॥

तत्त्वदर्शी प्राणीहरू जति छन्, ती सबै उनै व्रतशील व्रात्यसँग बस्नका लागि योग्य हुने गर्छन् ।

४. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** दैवी जगती, आर्ची अनुष्टुप्, द्विपदा प्राजापत्या जगती, प्राजापत्या गायत्री, प्राजापत्या पङ्क्ति, आर्ची जगती, आर्ची त्रिष्टुप्, साम्नी त्रिष्टुप्, प्राजापत्या बृहती, द्विपदार्ची पङ्क्ति, आर्ची उष्णिक् ।

तस्मै प्राच्या दिशः ॥१॥

ती व्रात्यका लागि पूर्व दिशाबाट (देवताहरूले) ...

वासन्तौ मासौ गोप्तारावकुर्वन् बृहच्च रथन्तरं चानुष्ठातारौ ॥२॥

वसन्त ऋतुका दुई महिनाहरूलाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि बृहत् र रथन्तर सामलाई ती व्रात्यको सेवा गर्नका लागि नियुक्त गरे ।

वासन्तावेनं मासौ प्राच्या दिशो गोपायतो बृहच्च रथन्तरं चानु तिष्ठतो य एवं वेद ॥३॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि पूर्व दिशातर्फबाट वसन्त ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र बृहत् तथा रथन्तर साम तिनका लागि अनुकूल अवस्थाका हुने गर्दछन् ।

तस्मै दक्षिणाया दिशः ॥४॥

ती व्रात्यका लागि दक्षिण दिशाबाट (देवताहरूले) ...

ग्रैष्मौ मासौ गोप्तारावकुर्वन् यज्ञायज्ञियं च वामदेव्यं चानुष्ठातारौ ॥५॥

ग्रीष्म ऋतुका दुई महिनाहरूलाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि यज्ञायाज्ञीय र वामदेव्य सामलाई ती व्रात्यको सेवा अनुष्ठान गर्नका लागि नियुक्त गरे ।

ग्रैष्मावेनं मासौ दक्षिणाया दिशो गोपायतो यज्ञायज्ञियं च वामदेव्यं चानु तिष्ठतो य एवं वेद ॥६॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि दक्षिण दिशातर्फबाट ग्रीष्म ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र यज्ञायाज्ञीय तथा वामदेव्य साम तिनका लागि अनुकूल अवस्थाका हुने गर्दछन् ।

तस्मै प्रतिच्या दिशः ॥७॥

ती व्रात्यका लागि पश्चिम दिशाबाट (देवताहरूले) ...

वार्षिकौ मासौ गोप्तारावकुर्वन् वैरूपं च वैराजं चानुष्ठातारौ ॥८॥

वर्षा ऋतुका दुई महिनाहरूलाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि वैरूप र वैराज सामलाई ती व्रात्यको सेवा अनुष्ठान गर्नका लागि अनुगामी बनाए ।

वार्षिकावेनं मासौ प्रतीच्या दिशो गोपायतो वैरूपं च वैराजं चानु तिष्ठतो य एवं वेद ॥९॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि पश्चिम दिशातर्फबाट वर्षा

ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र वैरूप तथा वैराज साम तिनको सुविधाका लागि सेवक हुने गर्दछन् ।

तस्मा उदीच्या दिशः ॥१०॥

ती व्रात्यका लागि उत्तर दिशाबाट (देवताहरूले) ...

शारदौ मासौ गोप्तारावकुर्वञ्छ्यैतं च नौधसं चानुष्ठातारौ ॥११॥

शरद् ऋतुका दुई महिनाहरूलाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि श्यैत र नौधस सामलाई ती व्रात्यको सेवा अनुष्ठान गर्नका लागि अनुगामी बनाए ।

शारदावेनं मासावुदीच्या दिशो गोपायतः श्यैतं च नौधसं चानु तिष्ठतो य एवं वेद ॥१२॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि पश्चिम दिशातर्फबाट शरद् ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र श्यैत तथा नौधस साम तिनको सुविधाका लागि सेवक हुने गर्दछन् ।

तस्मै ध्रुवाया दिशः ॥१३॥

ती व्रात्यका लागि ध्रुव दिशाबाट (देवताहरूले) ...

हैमनौ मासौ गोप्तारावकुर्वन् भूमिं चाग्निं चानुष्ठातारौ ॥१४॥

हेमन्त ऋतुका दुई महिनाहरूलाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि भूमि र अग्निदेवतालाई ती व्रात्यको सेवा अनुष्ठान गर्नका लागि अनुगामी बनाए ।

हैमनावेनं मासौ ध्रुवाया दिशो गोपायतो भूमिश्चाग्निश्चानु तिष्ठतो य एवं वेद ॥१५॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि ध्रुव दिशाबाट हेमन्त ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र भूमि तथा अग्निदेवता तिनको सुविधाका लागि सेवक हुने गर्दछन् ।

तस्मा उर्ध्वाया दिशः ॥१६॥

ती व्रात्यका लागि ऊर्ध्व दिशाबाट (देवताहरूले) ...

शैशिरौ मासौ गोप्तारावकुर्वन् दिवं चादित्यं चानुष्ठातारौ ॥१७॥

शिशिर ऋतुका दुई महिनालाई संरक्षकका रूपमा नियुक्त गरे । त्यसपछि आदित्यदेवता र द्युलोकलाई ती व्रात्यको सेवा अनुष्ठान गर्नका लागि अनुगामी बनाए ।

शैशिरावेनं मासावूर्ध्वाया दिशो गोपायतो द्यौश्चादित्यश्चानु तिष्ठतो य एवं वेद ॥१८॥

ती व्रात्यका विषयमा जसले जानकारी पाएको छ, उनीहरूका लागि ऊर्ध्व दिशाबाट शिशिर ऋतुका दुई महिनाहरू संरक्षक हुन्छन् र आदित्यदेवता तथा द्युलोक तिनको सुविधाका लागि सेवक हुने गर्दछन् ।

५. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** रुद्र । **छन्द–** त्रिपदा समविषमा गायत्री, त्रिपदा भुरिक् आर्ची त्रिष्टुप्, द्विपदा प्राजापत्या अनुष्टुप्, स्वराट् प्राजापत्या पङ्क्ति, त्रिपदा ब्राह्मी गायत्री, त्रिपदा ककुप् उष्णिक्, भुरिग्विषमा गायत्री, निचृत् ब्राह्मी गायत्री, विराट् गायत्री ।

तस्मै प्राच्या दिशो अन्तर्देशाद् भवमिष्वासमनुष्ठातारमकुर्वन् ॥१॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले पूर्व दिशाका कोणबाट बाण सन्धान गर्ने धनुर्धारी भवदेवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

भव एनमिष्वासः प्राच्या दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः ॥२॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी भव पूर्व दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव तथा ईशानले उनको हानी पनि गर्दैनन् ।

नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥३॥

त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मै दक्षिणाया दिशो अन्तर्देशाच्छर्वमिष्वासमनुष्ठाातारमकुर्वन् ॥४॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले दक्षिण दिशाका कोणबाट बाणको सन्धान गर्ने धनुर्धारी शर्वदेवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

शर्व एनमिष्वासो दक्षिणाय दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः । नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥५॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी शर्व दक्षिण दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् । त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मै प्रतीच्या दिशो अन्तर्देशात् पशुपतिमिष्वासमनुष्ठातारमकुर्वन् ॥६॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले पश्चिम दिशाका कोणबाट बाणको सन्धान गर्ने धनुर्धारी पशुपतिदेवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

पशुपतिरेनमिष्वासः प्रतीच्या दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः । नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥७॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी पशुपति पश्चिम दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् । त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मा उदीच्या दिशो अन्तर्देशादुग्रं देवमिष्वासमनुष्ठातारमकुर्वन् ॥८॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले उत्तर दिशाका कोणबाट बाण सन्धान गर्ने धनुर्धारी उग्रदेवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

उग्र एनं देव इष्वास उदीच्या दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः । नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥९॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी उग्रदेवता उत्तर दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् । त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मै ध्रुवाया दिशो अन्तर्देशाद् रुद्रमिष्वासमनुष्ठातारमकुर्वन् ॥१०॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले ध्रुव दिशाका कोणबाट धनुर्धारी रुद्रदेवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

रुद्र एनमिष्वासो ध्रुवाया दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः । नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥११॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी रुद्रदेवता ध्रुव दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् । त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मा ऊर्ध्वाया दिशो अन्तर्देशान्महादेवमिष्वासमनुष्ठातारमकुर्वन् ॥१२॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले ऊर्ध्व दिशाका कोणबाट धनुर्धारी महादेव नामका

देवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

महादेव एनमिष्वास ऊर्ध्वाया दिशो अन्तर्देशादनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः । नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥१३॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी रुद्रदेवता ऊर्ध्व दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् । त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

तस्मै सर्वेभ्यो अन्तर्देशेभ्य ईशानमिष्वासमनुष्ठातारमकुर्वन् ॥१४॥

उनै व्रतशील व्रात्यका निमित्त देवताहरूले सम्पूर्ण दिशाका कोणबाट बाण सन्धान गर्ने धनुर्धारी ईशान नामका देवतालाई अनुसरण गर्ने अनुष्ठाता बनाए ।

ईशान एनमिष्वासः सर्वेभ्यो अन्र्देशेभ्योऽनुष्ठातानु तिष्ठति नैनं शर्वो न भवो नेशानः ॥१५॥

जसले ती व्रतशील व्रात्यका विषयमा यस्ता किसिमको कुरो जानेका छन्, ती धनुर्धारी ईशान देवता सबै दिशाका कोणबाट उनैको सेवक बनेर रहन्छन् र भव, शर्व तथा ईशानले उनको हानी पनि गर्दैनन् ।

नास्य पशून् न समानान् हिनस्ति य एवं वेद ॥१६॥

त्यसो भएपछि उनका गाई आदि पशु र सर्वसाधारण किसिमको आफन्त, दौँतरी र दाजुभाइलाई पनि रुद्रदेवताले हिंसित गर्दैनन् ।

६. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** आसुरी पङ्क्ति, आर्ची पङ्क्ति, आर्षी पङ्क्ति, साम्नी त्रिष्टुप्, निचृत् बृहती, आसुरी बृहती, साम्नी पङ्क्ति, प्राजापत्या त्रिष्टुप्, आर्ची त्रिष्टुप्, विराट् जगती, आर्ची उष्णिक्, साम्नी अनुष्टुप्, आर्ची बृहती, पुरोष्णिक्, आर्ची अनुष्टुप्, विराट् बृहती ।

स ध्रुवां दिशमनु व्यचलत् ॥१॥

ती व्रतशील व्रात्य ध्रुव दिशातर्फको बाटो लागेर हिँडे ।

तं भूमिश्चाग्निश्चौषधश्च वनस्पतयश्च वानस्पत्याश्च वीरुधश्चानुव्य चलन् ॥२॥

भूमि, अग्नि, औषधि, वनस्पति, सानाठूला वृक्ष यी सबै अनुकूल भएर उनलाई पछ्याए ।

भूमेश्च वै सोऽग्नेश्चौषधीनां च वस्पतीनां च वानस्पत्यानां च वीरुधां च प्रियं धाम भवति य एवं वेद ॥३॥

यस विषयमा जसले जानेका छन्, तिनीहरू भूमि, अग्नि, औषधि, वनस्पति, सानाठूला वृक्ष यी सबैका लागि अनुकूल र प्रियधामजस्तै बन्दछन् ।

स ऊर्ध्वां दिशमनु व्यचलत् ॥४॥

ती व्रतशील व्रात्य ऊर्ध्व दिशातर्फको बाटो लागेर हिँडे ।

तमृतं च सत्यं च सूर्यश्च चन्द्रश्च नक्षत्राणि चानुव्यचलन् ॥५॥

त्यसपछि ऋत, सत्य, सूर्य, चन्द्रमा र नक्षत्रहरू उनका अनुगामी भएर हिँडे ।

ऋतस्य च वै स सत्यस्य च सूर्यस्य च चन्द्रस्य च नक्षत्राणां च प्रियं धाम भवति य एवं वेद ॥६॥

यस तथ्यको जानकारी भएकाहरू नै ऋत, सत्य, सूर्य, चन्द्रमा र नक्षत्रहरूका प्रियधाम हुन्छन् ।

स उत्तमां दिशमनु व्यचलत् ॥७॥

यसपछि ती व्रतचारी व्रात्य उत्तम दिशातर्फ जान हिँडे ।

तमृचश्च सामानि च यजूंषि च ब्रह्म चानुव्यचलन् ॥८॥

त्यसपछि साम, ऋक्, यजुः र ब्रह्म नामले चिनिएको अथर्ववेद उनका अनुगामी भएर हिँडे

ऋचां च वै स साम्नां च यजुषां च ब्रह्मणस्च प्रियं धाम भवति य एवं वेद ॥९॥

यस तथ्यको जानकारी भएका नै साम, ऋक्, यजुः र ब्रह्म अर्थात् अथर्वका प्रियधाम हुन्छन् ।

स बृहतीं दिशमनु व्यचलत् ॥१०॥

ती व्रतचारी व्रात्यले बृहती दिशालाई पछ्याएर हिँडे ।

तमितिहासश्च पुराणं च गाथाश्च नाराशंसीश्चानुव्य चलन् ॥११॥

त्यस बेलामा इतिहास, पुराण र नाराशंसी गाथाहरूले उनको अनुगमन गर्दै गए ।

इतिहासस्य च वै स पुराणस्य च गाथानां च नाराशंसीनां च प्रियं धाम भवति य एवं वेद ॥१२॥

यस कुराको जानकारी भएका जोजो छन्, तिनीहरू नै इतिहास, पुराण र नाराशंसी गाथाहरूका लागि प्रिय स्थान बने ।

स परमां दिशमनु व्यचलत् ॥१३॥

ती व्रात्यले परम दिशातर्फ गमन गरे ।

तमाहवनीयश्च गार्हपत्यशच दक्षिणाग्निश्च यज्ञश्च यजमानश्च पशवश्चानुव्य चलन् ॥१४॥

त्यसपछि आहवनीय, गार्हपत्य, अग्नि, दक्षिणाग्नि, यज्ञ, यजमान र पशु उनका अनुगामी भएर हिँडे ।

आहवनीयस्य च वै स गार्हपतयस्य च दक्षिणाग्नेशच यज्ञस्य च यजमानस्य च पशूनां च प्रियं धाम भवति य एवं वेद ॥१५॥

यस किसिमको कुरो जान्नेहरू नै आहवनीय, गार्हपत्य, दक्षिणाग्नि र पशुहरूका लागि प्रिय धाम हुन्छन् ।

सोऽनादिष्टां दिशमनु व्यचलत् ॥१६॥

ती व्रात्यले अनादिष्ट नामका दिशातर्फ प्रस्थान गरे ।

तमृतवश्चार्तवाश्च लोकाश्च लौक्याश्च मासाश्चार्धमासाश्चाहोरात्रे चानुव्य चलन् ॥१७॥

त्यस बेलामा ऋतु र ऋतुअनुसारका पदार्थ, लोक र लोकसम्बन्धी पदार्थ महिनाहरू, पक्ष, दिनरात उनका अनुगामी भएर हिँडे ।

ऋतूनां च वै स आर्तवानां च लोकानां च लौम्यानां च मासानां चार्धमासानां चाहोरात्रयोश्च प्रियं धाम भवति य एवं वेद ॥१८॥

जसले यस किसिमको तत्त्व जानेको हुन्छ, तिनीहरू नै ऋतु, ऋतुसम्बन्धी पदार्थहरू, लोक, लोकसम्बन्धी पदार्थहरू, महिना, पक्ष, दिन र रात्रिका लागि प्रिय धाम हुन्छन् ।

सोऽनावृत्तां दिशमनु व्यचलत् ततो नावर्त्स्यन्नमन्यत ॥१९॥

ती व्रतचारी व्रात्यले अनावृत नामका दिशातर्फ गमन गरे र त्यता तिरबाट नफर्कने विचार मनमा बनाए ।

तं दितिश्चादितिश्चेडा चेन्द्राणी चानुव्यचलन् ॥२०॥

अनि उनका पछि लागेर दिति, अदिति, इडा र इन्द्राणीहरू पनि गए ।

दितेश्च वै सोऽदितेश्चेडायाश्चेन्द्राण्याश्च प्रियं धाम भवति य एवं वेद ॥२१॥

जसले यस्तो खालको कुरो जान्दछन्, उनीहरू दिति, अदिति, इडा र इन्द्राणीका लागि प्रिय धाम हुन्छन् ।

स दिशोऽनु व्य चलत् तं विराडनु व्यचलत् सर्वे च देवाः सर्वाश्च देवताः ॥२२॥

ती व्रात्यले सबै दिशाहरूमा गमन गरे र विराट् आदि देवसमूह र अरू समस्त देवताहरू पनि उनैको जस्तै गरी पछि लागेर हिँडे ।

विराजश्च वै स सर्वेषां च देवानां सर्वासां च देवतानां । प्रियं धाम भवति य एवं वेद ॥२३॥

यस किसिमका कुराको ज्ञान पाएकाहरू नै विराट् आदि देवताको समूह र अन्य समस्त देवताहरूका लागि प्रिय धाम हुन्छन् ।

स सर्वानन्तर्देशाननु व्य चलत् ॥२४॥

ती व्रतचारी व्रात्य सबै दिशाका कोणका रूपमा रहेका अन्तर्दिशाहरूको अनुकूल भएर हिँडे ।

तं प्रजापतश्चि परमेष्ठी च पिता च पितामहश्चानुव्यचलन् ॥२५॥

त्यसपछि प्रजापति परमेष्ठी पिता र पितामह पनि उनका अनुगामी भएर पछि लागे ।

प्रजापतेश्च वै स परमेष्ठिनश्च पितुश्च पितामहस्य च प्रियं धाम भवति य एवं वेद ॥२६॥

यस्तो कुरो जान्नेहरू प्रजापति, परमेष्ठी पिता र पितामहका लागि प्रिय धाम बन्छन् ।

७. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** त्रिपदा निचृत् गायत्री, एकपदा विराट् बृहती, विराट् उष्णिक्, एकपदा गायत्री, पङ्क्ति ।

स महिमा सद्रुर्भूत्वान्तं पृथिव्या अगच्छत् स समुद्रोऽभवत् ॥१॥

ती विराट् व्रात्य समर्थ भएर तीव्रतापूर्वक पृथ्वीका अन्तिम किनारसम्म गए र समुद्रका रूपमा परिवर्तित भए ।

तं प्रजापतिश्च परमेष्ठी च पिता च पितामहश्चापश्च श्रद्धा च वर्षं भूत्वानुव्य वर्तयन्त ॥२॥

प्रजापति, परमेष्ठी, पिता, पितामह, जल र श्रद्धा वृष्टिको रूप भएर उनैको अनुशासन सुहाउँदो हुँदै रहन थाले ।

ऐनमापो गच्छंत्यैनं श्रद्धा गच्छन्त्यैनं वर्षं गच्छति य एवं वेद ॥३॥

जसले ती व्रात्यका विषयमा यस किसिमको जानकारी पाएका छन्, उनीहरूले जल, श्रद्धा र वर्षा प्राप्त गर्दछन् ।

तं श्रद्धा च यज्ञश्च लोकश्चान्नं चान्नाद्यं च भूत्वाभिपर्यावर्तन्त ॥४॥

ती व्रतचारी व्रात्यका चारैतिर श्रद्धा, यज्ञ, लोक, अन्न र अन्न आदि खाद्य सामग्री आआफ्नै सत्ताले उत्पन्न भए ।

ऐनं श्रद्धा गच्छत्यैनं यज्ञो गच्छत्यैनं लोको गच्छत्यैनमन्नं गच्छत्यैनमन्नाद्यां गच्छति य एवं वेद ॥५॥

ती व्रतचारी व्रात्यका सम्बन्धमा यस किसिमको कुरो जसले जानेको हुन्छ, उनीहरूलाई श्रद्धा, यज्ञ, लोक, अन्न र अन्न ग्रहण गर्ने शक्ति पनि प्राप्त हुन्छ ।

८. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** साम्नी उष्णिक्, प्राजापत्या अनुष्टुप्, आर्ची पङ्क्ति ।

सोऽरज्यत ततो राजन्योऽजायत ॥१॥

ती व्रतचारी व्रात्य नै सबैलाई आनन्द प्रदान गर्ने भएका हुनाले राजाका पदले विभूषित भए ।

स विशः सबन्धूनन्नमन्नाद्यमभ्युदतिष्ठत् ॥२॥

त्यसपछि प्रजा तथा सन्तान, बन्धुबान्धव, अन्न र अन्न पचाउन सक्ने शक्तिसामर्थ्य पनि उनका लागि अनुकूल भएर रहन थाले ।

विशां च वै स सबन्धूनां चान्नस्य चान्नाद्यस्य च प्रियं धाम भवति य एवं वेद ॥३॥

जसले यस किसिमका मर्मलाई जानेको हुन्छ, उनीहरू नै प्रजाजन तथा सन्तान, बन्धबान्धव, अन्न र अन्न पचाउने शक्तिसामर्थ्यका लागि प्रिय धाम हुन्छन् ।

९. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** आसुरी जगती, आर्ची गायत्री, आर्ची पङ्क्ति ।

स विशोऽनु व्य चलत् ॥१॥

ती व्रतचारी व्रात्यले प्रजाजनका लागि अनुकूल हुने किसिमको व्यवहार गर्न थाले ।

तं सभा च समितिश्च सेना च सुरा चानुव्य चलन् ॥२॥

त्यसपछि सभा, समिति, सैन्यशक्ति र सुरा नामको औषधिको खरो रस अथवा धनको भण्डार यी सबै उनलाई अनुकूल हुने गरी रहन लागे ।

सभायाश्च वै स समितेश्च सेनायाश्च सुरायाश्च प्रियं धाम भवति य एवं वेद ॥३॥

जसले यस तथ्यलाई जानेको हुन्छ, उनीहरू सभासम्मेलन, सैन्यशक्ति र धनको भण्डाररूपी सुरा नामको खरो रसको औषधिका निमित्त प्रिय धाम हुने गर्दछन् ।

१०. अध्यात्म प्रकरण सूक्त(दशम पर्याय)

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** द्विपदा साम्नी बृहती, त्रिपदार्ची पङ्क्ति, द्विपदा प्रजापत्या पङ्क्ति, त्रिपदा वर्धमाना गायत्री, त्रिपदा साम्नी बृहती, द्विपदासुरी गायत्री, साम्नी उष्णिक्, आसुरी बृहती ।

तद् यस्यैवं विद्वान् व्रात्यो राज्ञोऽतिथिर्गृहानागच्छेत् ॥१॥

यस्ता ज्ञाननिष्ठ व्रतशील व्रात्य जुन राजा घरमा अतिथिका रूपमा पुगेका होऊन् त्यस घरका राजाले ... ।

श्रेयांसमेनमात्मनो मानयेत् तथा क्षत्राय ना वृश्चते तथा राष्ट्राय ना वृश्चते ॥२॥

त्यस्ता व्रतशीललाई आफ्नो हितकारी भन्ने ठानेर सम्मान गरून् । त्यसो गरेमा राजाको बल खिइँदैन र राष्ट्रको गौरव कत्ति पनि क्षय हुँदैन ।

अतो वै ब्रह्म च क्षत्रं चोदतिष्ठतां ते अब्रूतां कं प्र विशावेति ॥३॥

त्यसपछि ब्राह्मणको बलका रूपमा रहेको ज्ञान र क्षत्रियको पराक्रम उत्पन्न हुन्छन् र ती दुवै बलले हामी कोभित्र प्रवेश गरेर बसौँ भनी प्रश्न गर्न थाल्दछन् ।

अतो वै बृहस्पतिमेव ब्रह्म प्रा विशत्विन्द्रं क्षत्रं तथा वा इति ॥४॥

निश्चित रूपमा ब्रह्मज्ञानले बृहस्पतिदेवतामा र पराक्रमरूपी क्षत्रियका बलले इन्द्रदेवभित्र प्रवेश गर्नुपर्दछ भन्ने उनले उत्तर पाउँछन् ।

अतो वै बृहस्पतिमेव ब्रह्म प्राविशदिन्द्रं क्षत्रम् ॥५॥

ब्रह्मज्ञान बृहस्पतिदेवतामा र पराक्रमरूपी क्षत्रियको बल इन्द्रदेवभित्र प्रवेश गर्दछन् ।

इयं वा उ पृथिवी बृहस्पतिर्द्यौरेवेन्द्रः ॥६॥

त्यस ब्रह्मज्ञानले निवास गरेको यो पृथ्वी नै बृहस्पतिदेवता र क्षत्रिय बलले निवास गरेको द्युलोक नै पक्का पनि इन्द्रदेवता हुन् ।

अयं वा उ अग्निर्ब्रह्मासावादित्यः क्षत्रम् ॥७॥

पक्कै पनि अग्नि नै ब्रह्मशक्ति र आदित्यरूपी सूर्य नै क्षत्रियको शौर्यशक्ति हुन् ।

ऐनं ब्रह्म गच्छति ब्रह्मवर्चसी भवति ॥८॥

यस्ता किसिमका ब्रह्मलाई जानेकाहरू नै ब्रह्मज्ञानी हुन् र तिनले ब्रह्मतेज प्राप्त गर्दछन् ।

यः पृथिवीं बृहस्पतिमग्निं ब्रह्म वेद ॥९॥

जसले पृथ्वीलाई जानेको छ, उसले बृहस्पति र अग्निका रूपमा ब्रह्मलाई जान्दछ ।

ऐनमिन्द्रियं गच्छतीन्द्रियवान् भवति ॥१०॥

यस्ता किसिमले इन्द्रियको जानकारी जसले पाउँछन्, तिनले इन्द्रको ज्ञान भएका हुन्छन् ।

य आदित्यं क्षत्र दिवमिन्द्रं वेद ॥११॥

उनीहरूले नै आदित्यलाई क्षत्रियको पराक्रमका रूपमा जानेकाहरूले नै द्युलोकलाई जानेका हुन्छन् ।

११. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** निचृत् आर्ची बृहती, दैवी पङ्क्ति, द्विपदा पूर्वात्रिष्टुप् अतिशक्वरी, द्विपदा प्राजापत्या बृहती, भुरिक आर्ची बृहती, द्विपदा आर्ची अनुष्टुप् ।

तद्यस्यैवं विद्वान् व्रात्योऽतिथिर्गृहानागच्छेत् ॥१॥

यस किसिमका व्रतशील जसका घरमा आतिथ्य ग्रहण गर्नका लागि उपस्थित हुन्छन्, त्यस्ता गृहस्थले ... ।

स्वयमेनमभ्युदेत्य ब्रूयाद् व्रात्य क्वाऽवात्सीर्व्रात्योदकं व्रात्य तर्पयन्तु व्रात्य यथा ते प्रियं तथास्तु व्रात्य यथा ते वशस्तथास्तु व्रात्य यथा ते निकामस्तथास्त्विति ॥२॥

हे व्रतको आचरण गर्दै हिँडेका व्रात्य ! तिम्रा निवास कहाँ हो ? यो जल तिमीलाई नै दिइएको हो । हाम्रा घरका सदस्यले तिमीलाई सन्तुष्ट गराऊन् । तिमीलाई जे मन लाग्छ त्यही होओस्, तिमीलाई जस्तो रहर लाग्छ उस्तै बनोस्, तिम्रो अभिलाषा जस्तो छ, उसै किसिमको काम होस् भन्ने खालका कुराकानी गर्नुपर्छ ।

यदेनमाह व्रात्य क्वाऽवात्सीरिति पथ एव तेन देवयानानव रुन्द्धे ॥३॥

प्रश्नकर्ताले तिम्रो निवास कहाँ हो भनेर त्यस्ता व्रताचारी व्रात्यसँग सोध्नेबित्तिकै उसका लागि देवयानको मार्ग खुला हुन्छ र उसैका अधीनमा रहन्छ ।

यदेनमाह व्रात्योदकमित्यप एव तेनाव रुन्द्धे ॥४॥

प्रश्नकर्ताले यो जल तिमीलाई नै हो भनेर ती व्रताचारी व्रात्यलाई स्वागत गर्नेबित्तिकै उसलाई प्रचुर मात्रामा जल प्राप्त हुन्छ ।

यदेनमाह व्रात्य तर्पयन्त्विति प्राणमेव तेन वर्षीयांसं कुरुते ॥५॥

जसले हे व्रात्य ! मेरा परिवारका यी सबै सदस्यहरूले तिमीलाई सेवासुसार गरेर सन्तुष्ट गराऊन् भन्दछन्, तिनीहरूका यी वचनले उनका प्राणको ऊर्जा बढाउँछ ।

यदेनमाह व्रात्य यथा ते प्रियं तथास्त्विति प्रियमेव तेनाव रुन्द्धे ॥६॥

हे व्रात्य ! तिमीलाई खुसी लाग्ने खालको जे हुनुपर्छ, त्यही होस् भन्ने खालका भनाइ जसले भन्दछन्, तिनीहरू यस्ता कुराले स्नेहयुक्त पदार्थ प्राप्त गराउने मार्गलाई प्रशस्त गराउँछन् ।

ऐनं प्रियं गच्छति प्रियः प्रियस्य भवति य एवं वेद ॥७॥

जसले यस विषयमा जानेको हुन्छ, तिनले प्रीतियुक्त पुरुषलाई उपलब्ध गर्दछन् र आफ्ना प्रियजनका लागि पनि प्रिय हुन्छन् ।

यदेनमाह व्रातय यथा ते वशस्तथास्थ्विति वशमेव तेनाव रुन्द्धे ॥८॥

हे व्रात्य ! तिम्रो कामना जस्तो छ, त्यस्तै नै होस् भन्ने खालका कुरा जसले गर्दछन्, त्यस्ता कुराले उनीहरूले आफ्ना श्रेष्ठ कामनाका ढोकाहरू खुला गराउँछन् ।

ऐनं वशो गच्छति वशी वशिनां भवति य एवं वेद ॥९॥

यस किसिमका व्रतको आचरणमा लागेका व्रात्यका विषयमा जसले जानेको हुन्छ, तिनलाई सबै किसिमका अभीष्ट फल उपलब्ध हुन्छन् र तिनले आफूलाई बशमा गराउनेहरूलाई पनि वशमा पार्दछन् ।

यदेनमाह व्रात्य यथा ते निकामस्तथास्त्विति निकाममेव तेनाव रुन्द्धे ॥१०॥

हे व्रताचारी व्रात्य ! तिमी आफ्नो आशाअनुरूप सबै कुरो उपलब्ध गर भनेर जसले भन्दछन् मानौँ तिनले आफ्नै अभिलाषा पूरा गराउने ढोकाहरू खोलिरहेका हुन्छन् ।

ऐनं निकामो गच्छति निकामे निकामस्य भवति य एवं वेद ॥११॥
यी व्रतशील व्रात्यका अभिलाषाहरू सबै पूरा हुन्छन् भन्ने कुराको मर्म जसले जानेका हुन्छन्, उनलाई निश्चय पनि आफ्नो अभीष्ट प्राप्त हुन्छ ।

१२. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** आसुरी गायत्री, त्रिपदा गायत्री, प्राजापत्या बृहती, भुरिक् प्राजापत्या अनुष्टुप्, भुरिक् साम्नी अनुष्टुप, त्रिपदा प्राजापत्या त्रिष्टुप्, विराट् गायत्री ।

तद् यस्यैवं विद्वान् व्रात्य उद्धतेष्वग्निष्वाधिश्रितेऽग्निहोत्रेऽतिथिर्गृहानागच्छेत् ॥१॥
अग्निहोत्र प्रारम्भ हुँदा, अग्नि प्रज्वलित गर्ने वेलामा यदि कुनै अग्निहोत्री याज्ञिकका घरमा ज्ञाननिष्ठ व्रात्य उपस्थित भए भने ... ।

स्वयमेनमभ्यूदेत्य ब्रूयाद् व्रात्याति सृज होष्यामीति ॥२॥
त्यस्ता अवस्थामा याज्ञिकले स्वयं नै उनलाई आसन दिएर– हे व्रात्य ! तिमी मलाई आदेश देऊ, म यज्ञकर्म गर्नका लागि तयार हुनेछु; भन्नुपर्दछ ।

स चातिसृजेज्जुहुयान्न चातिसृजेन्न जुहुयात् ॥३॥
यदि विद्वान् ती व्रतशील व्रात्यले अनुमति प्रदान गरे भने त्यसपछि नै आहुति समर्पित गर र अनुमति प्रदान गरेनन् भने आहुति प्रदान नगर ।

स य एवं विदुषा व्रात्येनातिसृष्टो जुहोति ॥४॥
यस किसिमका ती विद्वान् व्रात्यको कथन मानेर त्यसैअनुसार कसैले आहुति प्रदान गर्दछन् भने ... ।

प्र पितृयाणं पन्थां जानाति प्र देवयानम् ॥५॥
ती आहुति प्रदान गर्नेहरूले देवयान र पितृयानका मार्गको ज्ञान राम्ररी प्राप्त गर्दछन् ।

न देवेष्वा वृश्चते हुतमस्य भवति ॥६॥
त्यस्ता किसिमका जानकार अग्निहोत्रले प्रदान गरेको आहुतिबाट देवत्वको गुण बढाउने शक्ति प्राप्त हुन्छ ।

पर्यस्यास्मिल्लोक आयतनं शिष्यते य एवं विदुषा व्रात्येनातिसृष्टो जुहोति ॥७॥
त्यो कार्य देवशक्तिना दोषबाट मुक्त मानिन्छ र त्यसैका प्रभावले त्यस आहुतिको आश्रयस्थल पनि सबै तिरबाट सुरक्षित रहन्छ ।

अथ य एवं विदुषा व्रात्येनानतिसृष्टो जुहोति ॥८॥
त्यसको विपरीत यदि कसैले ती ज्ञानले सम्पन्न भएर व्रतको आचरण गर्ने व्रात्यको निर्देशविना नै आहुति प्रदान गर्दछन् भने ... ।

न पितृयाणं पन्थां जानाति न देवयानम् ॥९॥
उनी त्यस दोषका कारण पितृयान र देवयानको मार्ग यी दुवैका ज्ञानबाट वञ्चित रहन्छन् ।

आ देवेषु वृश्चते अहुतमस्य भवति ॥१०॥
त्यस्तो दोषी कार्य देवताहरूप्रतिको अपराध हो र त्यसरी गरिएको तिनको यज्ञ पनि निष्फल हुने गर्दछ ।

नास्यास्मिंल्लोक आयतनं शिष्यते य एवं विदुषा व्रात्येनानतिसृष्टो जुहोति ॥११॥
जुन याजकले ती विद्वान् व्रात्यको दिशानिर्देश नपाइकन यज्ञका कार्यहरू गर्ने गर्छन्, तिनीहरूको यस विश्वमा कुनै किसिमको पनि आश्रय वा आधार रहेको हुँदैन ।

१३. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्म व्रात्य । **छन्द–** साम्नी उष्णिक्, प्राजापत्या अनुष्टुप्, आसुरी गायत्री, साम्नी बृहती, द्विपदा निचृत् गायत्री, द्विपदा विराट् गायत्री, प्राजापत्या पङ्क्ति, आसुरी जगती, सतः पङ्क्ति, अक्षर पङ्क्ति ।

तद् यस्यैवं विद्वान् व्रात्य एकां रात्रिमतिथिर्गृहे वसति ॥१॥

यस किसिमका ज्ञानले सम्पन्न, व्रतको अनुशीलन गर्ने व्रात्यले जसका घरमा एक रातमात्रै भए पनि अतिथिका रूपमा निवास गरेका हुन्छन् ... ।

ये पृथिव्यां पुण्या लोकास्तानेव तेनाव रुन्द्धे ॥२॥

त्यस गृहस्थले त्यस कामका पुण्यका प्रभावले पृथ्वीमा भएका सबै किसिमका पुण्यलाई जितिसकेको हुन्छ ।

तद् यस्यैवं विद्वान् व्रात्ये द्वितीयां रात्रिमतिथिर्गृहे वसति ॥३॥

यस किसिमका ज्ञानले सम्पन्न, व्रतको अनुशीलन गर्ने व्रात्यले जसका घरमा दोस्रो रात पनि अतिथिका रूपमा निवास गरेका हुन्छन् ... ।

येऽन्तरिक्षे पुण्या लोकास्तानेव तेनाव रुन्द्धे ॥४॥

त्यस गृहस्थले त्यस कामका पुण्यका प्रभावले अन्तरिक्षलोकमा भएका सबै किसिमका पुण्यलाई जितिसकेको हुन्छ ।

तद् यस्यैवं विद्वान् व्रात्यस्तृतीयां रात्रिमतिथिर्गृहे वसति ॥५॥

यस किसिमका ज्ञानले सम्पन्न, व्रतको अनुशीलन गर्ने व्रात्यले जसका घरमा तेस्रो रात पनि अतिथिका रूपमा निवास गरेका हुन्छन् ... ।

ये दिवि पुण्या लोकास्तानेव तेनाव रुन्द्धे ॥६॥

त्यस गृहस्थले त्यस कामका पुण्यका प्रभावले द्युलोकमा भएका सबै किसिमका पुण्यलाई जितिसकेको हुन्छ ।

तद् यस्यैवं विद्वान् व्रात्यश्चतुर्थीं रात्रिमतिथिर्गृहे वसति ॥७॥

यस किसिमका ज्ञानले सम्पन्न, व्रतको अनुशीलन गर्ने व्रात्यले जसका घरमा चौथो रात पनि अतिथिका रूपमा निवास गरेका हुन्छन् ... ।

ये पुण्यानां पुण्या लोकास्तानेव तेनाव रुन्द्धे ॥८॥

त्यस गृहस्थले त्यस कामका पुण्यका प्रभावले पुण्यात्माहरूका लोकमा भएका सबै किसिमका पुण्यलाई जितिसकेको हुन्छ ।

तद् यस्यैवं विद्वान् व्रात्येऽपरिमिता रात्रिमतिथिर्गृहे वसति ॥९॥

यस किसिमका ज्ञानले सम्पन्न, व्रतको अनुशीलन गर्ने व्रात्यले जसका घरमा असङ्ख्य रात अतिथिका रूपमा निवास गरेका हुन्छन् ... ।

य एवापरिमिताः पुण्या लोकास्तानेव तेनाव रुन्द्धे ॥१०॥

त्यस गृहस्थले त्यस कामका पुण्यका प्रभावले असङ्ख्य लोकहरूमा भएका सबै किसिमका पुण्यलाई जितिसकेको हुन्छ ।

अथ यस्याव्रात्यो व्रात्यब्रुवो नामबिभ्रत्यतिथिर्गृहानागच्छेत् ॥११॥

कुनै घरमा व्रतशील व्रात्यको गुण नभए तापनि आफूलाई व्रात्यको गुण भएको भनेर बताउँदै अतिथिका रूपमा आउँछ भनेदेखि ... ।

कर्षेदेनं न चैनं कर्षेत् ॥१२॥

कतै त्यस गृहस्थले उसलाई आफ्ना निवासमा बास बस्न नदिएर लखेट्ला त ? होइन, उसको पनि तिरस्कार नगरोस् ।

अस्यै देवताया उदकं याचामीमां देवतां वासय इमामिमां देवतां परि वेवष्मीतयेनं परि वेविष्यात् ॥१३॥

त्यस अवस्थामा असल गृहस्थले ती व्रतचारी भनाउँदालाई जल आदि दिएर यी देवतासमान अतिथिलाई हामी यस घरमा निवास प्रदान गर्दछौं र देवताको रूप मानेर यो जल आदि सत्कारको वस्तु पस्कन्छौं, भनेर स्तुति गर्दछन् ।

तस्यामेवास्य तद् देवतायां हुतं भवति य एवं वेद ॥१४॥

जसले यस किसिमका तत्त्वज्ञानको मर्म जानेका हुन्छन्, उनै असल गृहस्थले देवताका लागि

अतिथि सत्काररूपी त्यस्तो हवन चढाउने गर्दछन् ।

१४. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** द्विपदासुरी गायत्री, त्रिपदानुष्टुप्, पुर उष्णिक्, अनुष्टुप्, प्रस्तार पङ्क्ति, स्वराट् गायत्री, भुरिक् प्राजापत्या अनुष्टुप्, आर्ची पङ्क्ति, भुरिक् नागी गायत्री, प्राजापत्या त्रिष्टुप्, निचृत् आर्ची पङ्क्ति ।

स यत् प्राचीं दिशमनु व्यचलन्मारुतं शर्धो भूत्वानुव्य चलन्मनोऽन्नादं कृत्वा ॥१॥

बलशाली वायुदेवताको अनुकूल भएर पूर्व दिशातिरको यात्रा आरम्भ गर्दाका समयमा व्रतको आचरण पालन गर्ने उनै व्रात्यले आफ्ना मनलाई अन्न भक्षण गर्ने बनाए ।

मनसान्नादेनान्नमत्ति य एवं वेद ॥२॥

जसले यस मर्मलाई जानेको छ, उसले अन्न भक्षण गर्ने मनोवृत्तिले नै अन्न सेवन गर्दछन् ।

स यद् दक्षिणां दिशमनु व्यचलदिन्द्रो भूत्वानुव्य चलद् बलमन्नादं कृत्वा ॥३॥

जुन समयमा उनै व्रतको आचरण गर्ने व्रात्यले दक्षिण दिशातर्फ गमन प्रारम्भ गरे त्यस बेला बलको सामर्थ्यलाई अन्नाद नामको भक्षण गर्ने गराउनाले आफैँलाई पराक्रमशाली इन्द्र बनाउँदै गएका थिए ।

बलेनान्नादेनान्नमत्ति य एवं वेद ॥४॥

यस विषयको जानकारी जसले पाएको छ, त्यसले अन्नाद नामको अन्न भक्षण गर्ने सामर्थ्यले अन्न भक्षण गर्दछ ।

स यत् प्रतीचीं दिशमनु व्यचलद् वरुणो राजा भूत्वानुव्य चलदपोऽन्नादीः कृत्वा ॥५॥

जुन समयमा उनै व्रतको आचरण गर्ने व्रात्यले पश्चिम दिशामा गमन गरे, त्यस बेला जललाई अन्न भक्षण गर्ने अन्नाद बनाएर स्वयं राजा वरुण बनेर गए ।

अद्भिरन्नादिभिरन्नमत्ति य एवं वेद ॥६॥

यस कुराको मर्म जान्ने जुन ज्ञानीहरू छन्, उनीहरू अन्नभक्षक जलसित अन्नको उपभोग गर्छन् ।

स यदुदीचीं दिशमनु व्यचलत् सोमो राजा भूत्वानुव्य चलत् सप्तर्षिभिर्हुत आहुतिमन्नादीं कृत्वा ॥७॥

जब ती व्रतशील व्रात्यले उत्तर दिशाको यात्रा प्रारम्भ गरे, त्यस बेला सप्तर्षिहरूले प्रदान गरेको आहुतिलाई अन्न भक्षक आहुति बनाएर राजा सोमको अनुकूलताका लागि यात्रा गरे ।

आहुत्यान्नाद्यान्नमत्ति य एवं वेद ॥८॥

यस कुराको जानकारी भएका जोजो छन्, उनीहरू अन्नभक्षक आहुतिद्वारा अन्नको उपभोग गर्दछन् ।

स यद् ध्रुवां दिशमनु व्यचलद् विष्णुर्भूत्वानुव्य चलद् विराजमन्नादीं कृत्वा ॥९॥

जब ती व्रतको आचरणमा रहेका व्रात्य नाम हुनेले ध्रुव दिशातर्फ प्रस्थान गरे, त्यस बेला विराट् पृथ्वीलाई अन्नमयी बनाउँदै विष्णुको रूप बनेर प्रकट भए ।

विराजान्नाद्यान्नमत्ति य एवं वेद ॥१०॥

यस विषयको जानकारी जसले पाएका छन्, ती अन्नमयी उसै विराट् पृथ्वीद्वारा अन्नको सेवन गर्दछन् ।

स यत् पशूननु व्यचलद् रुद्रो भूत्वानुव्य चलदोषधीरन्नादीः कृत्वा ॥११॥

ती व्रतशील व्रातय जब पशु वा ज्ञानहीन पशुहरूतिर अगाडि सर्दै गए, त्यस बेला औषधिहरूलाई भक्षण गर्ने अन्नका रूपमा प्रस्तुत गर्दै स्वयं रुद्रको रूप बनेर गएका थिए ।

ओषधीभिरन्नादीभिरन्नमत्ति य एवं वेद ॥१२॥

यस विषयको मर्म जसले जानेको छ, उसले अन्न भक्षक औषधिहरूद्वारा अन्न उपभोग गर्दछन् ।

स यत् पितॄननु व्यचलद् यमो राजा भूत्वानुव्य चलत् स्वधाकारमन्नादं कृत्वा ॥१३॥

पितृहरूको अनुकूल बनेर ती व्रतशील व्रात्य पितृहरू भएका दिशामा जाँदा स्वधालाई अन्न भक्षण

गर्ने बनाएर स्वयं पितृहरूको अनुकूल राजा यम बनेर गएका थिए ।

स्वधाकारेणान्नादेनान्नमत्ति य एवं वेद ॥१४॥

यस तत्त्वज्ञानको मर्म जसले जाने तिनीहरू उसै स्वधाकारद्वारा खाद्य सामग्री सेवन गर्दछन् ।

स यन्मनुष्याऽननु व्यचलदग्निर्भूत्वानुव्य चलत् स्वहाकारमन्नादं कृत्वा ॥१५॥

जति बेला ती व्रतशील व्रात्य मानिसहरू भएका दिशामा गए, त्यस बेला उनले स्वाहालाई अन्न भक्षण गर्ने योग्य बनाएर आफू अग्निका रूपमा अग्निकै अनुकूल भएका थिए ।

स्वहाकारेणान्नादेनान्नमत्ति य एवं वेद ॥१६॥

यस तत्त्वज्ञानको जानकारी भएकाहरूले स्वाहाकै माध्यमबाट अन्न आदि खाद्य सामग्रीको उपभोग गर्दछन् ।

स यदूर्ध्वां दिशमनु व्यचलत् बृहस्पतिर्भूत्वानुव्य चलद् वषट्कारमन्नादं कृत्वा ॥१७॥

जुन समयमा ती व्रात्य ऊर्ध्व दिशातर्फ गमन गर्दथे, त्यस बेला वषट्कारलाई अन्न सेवन गर्ने योग्य बनाएर र आफू स्वयं बृहस्पति बनेर बृहस्पतिकै जस्तो व्यवहार गर्दै हिँडे ।

वषट्कारेणान्नादेनान्नमत्ति य एवं वेद ॥१८॥

यस तथ्यलाई जसले जानेको हुन्छ, उसले वषट्कारका माध्यमबाट अन्न आदि खाद्य सामग्रीको उपभोग गर्दछ ।

स यद् देवाननु व्यचलदीशानो भूत्वानुव्य चलन्मन्युमन्नादं कृत्वा ॥१९॥

जब ती व्रात्य देवशक्तिका दिशामा गएका थिए, त्यस बेला उनले मन्यु नामको उत्साहलाई नै सेवन गर्न योग्य बनाएर आफू स्वयं ईशान बनेर देवताहरूको जस्तै अनुशासनमा जाँदै थिए ।

मन्युनान्नादेनान्नमत्ति य एवं वेद ॥२०॥

यस तथ्यलाई जसले जानेको हुन्छ, उसले त्यही मन्यु नामको उत्साहका साथ खाद्य सामग्रीको उपभोग गर्दछ ।

स यत् प्रजा अनु व्यचलत् प्रजापतिर्भूत्वानुव्य चलत् प्राणमन्नादं कृत्वा ॥२१॥

जुन समयमा ती व्रतको आचरण गर्ने व्रात्य साधारण प्रजाजन भएको दिशामा उनीहरूकै उपयोगी बनेर गतिमान भएका थिए, त्यस बेला प्राणशक्तिलाई अन्न भक्षण गर्न योग्य बनाउँदै आफू प्रजापतिको रूप बनेर गएका थिए ।

प्राणेनान्नादेनान्नमत्ति य एवं वेद ॥२२॥

यस तथ्यको ज्ञान जसले पाएको छ, उसले प्राणतत्त्व वा प्राणशक्तिका रूपमा अन्न आदि खाद्य सामग्रीको सेवन गर्दछ ।

स यत् सर्वानन्तर्देशाननु व्यचलत् परमेष्ठी भूत्वानुव्य चलद् ब्रह्मान्नादं कृत्वा ॥२३॥

जुन समयमा ती व्रतशीले व्रात्य दिशाहरूका कुनाकुनाका लागि उपयोगी भएर गएका थिए, त्यस बेला उनैले ब्रह्मलाई अन्न भक्षण गर्न योग्य बनाएर आफू परमेष्ठीको रूप बने र गतिशील भएका थिए ।

ब्रह्मणान्नादेनान्नमत्ति य एवं वेद ॥२४॥

जसले यस तथ्यको तत्त्वज्ञान पाएको हुन्छ, त्यसले उसै ब्रह्मज्ञानद्वारा अन्न आदि खाद्य सामग्री भक्षण गर्ने गर्दछ ।

१५. अध्यात्म प्रकरण सूक्त

ऋषि– अथर्वा । **देवता–** अध्यात्मव्रात्य । **छन्द–** भुरिक् प्राजापत्या अनुष्टुप्, दैवी पङ्क्ति, आसुरी बृहती, प्राजापत्या अनुष्टुप्, द्विपदा साम्नी बृहती, विराट् गायत्री ।

तस्य व्रात्यस्य ॥१॥

उनै व्रतसमूहको आचरण गर्ने व्रात्यका

सप्त प्राणाः सप्तापानाः सप्त व्यानाः ॥२॥

सात प्राण, सात अपान र सात व्यान नामका वायुका समूह छन् ।

तस्य व्रात्यस्य । योऽस्य प्रथमः प्राण ऊर्ध्वो नामायं सो अग्निः ॥३॥
यो व्रतको अनुशासनमा रहेका व्रात्यको प्रथम प्राणलाई ऊर्ध्व नामका अग्नि भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य द्वितीयः प्राणः प्रौढो नामासौ स आदित्यः ॥४॥
यो अनुशासनमा रहेका व्रात्यको दोस्रो प्राणलाई प्रौढ नामका आदित्य भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य तृतीयः प्राणोऽभ्यूढो नामासौ स चन्द्रमाः ॥५॥
यो अनुशासनमा रहेका व्रात्यको तेस्रो प्राणलाई अभ्यूढ नामका चन्द्रमा भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य चतुर्थः प्राणो विभूर्नामायं स पवमानः ॥६॥
यो अनुशासनमा रहेका व्रात्यको चौथो प्राणलाई पवमान नामको वायु भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य पञ्चमः प्राणो योनिर्नाम ता इमा आपः ॥७॥
यो अनुशासनमा रहेका व्रात्यको पाँचौं प्राणलाई अप नामको जलतत्त्व भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य षष्ठः प्राणः प्रियो नाम त इमे पशवः ॥८॥
यो अनुशासनमा रहेका व्रात्यको छैटौं प्राणलाई पशु भनेर सम्बोधन गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य सप्तमः प्राणोऽपरिमितो नाम त इमाः प्रजाः ॥९॥
यो अनुशासनमा रहेका व्रात्यको सातौं प्राणलाई प्रजा भनेर सम्बोधन गरिएको छ ।

१६. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** साम्नी उष्णिक्, प्राजापत्या उष्णिक्, याजुषी त्रिष्टुप्, आसुरी गायत्री ।

तस्य व्रात्यस्य । योऽस्य प्रथमोऽपानः सा पौर्णमासी ॥१॥
यो व्रतको आचरण व्रात्यको प्रथम अपानलाई पौर्णमासी भनिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य द्वितीयोऽपानः साष्टका ॥२॥
यस व्रतको आचरण गर्ने व्रात्यको दोस्रो अपानलाई अष्टका भन्ने गरिन्छ ।

तस्य व्रात्यस्य । योऽस्य तृतीयोऽपानः सामावास्या ॥३॥
यो व्रतको अनुशासनमा रहने व्रात्यका तेस्रो अपानलाई अमावस्या भन्ने गरिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य चतुर्थोऽपानः सा श्रद्धा ॥४॥
यो व्रतको अनुशासनमा रहने व्रात्यको चौथो अपानलाई श्रद्धा भनिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य पञ्चमोऽपानः सा दीक्षा ॥५॥
यो व्रतको आचरण गर्ने व्रात्यको पाँचौं अपानलाई दीक्षा नामले सम्बोधन गरिन्छ ।

तस्य व्रात्यस्य । योऽस्य षष्ठोऽपानः स यज्ञः ॥६॥
यो व्रतको अनुशासन पालन गर्ने व्रात्यका छैटौं अपानलाई यज्ञ भन्ने गरिन्छ ।

तस्य व्रात्यस्य । योऽस्य सप्तमोऽपानस्ता इमा दक्षिणाः ॥७॥
यो व्रतको आचरण गर्ने व्रात्यको सातौं अपानलाई दक्षिणा भन्ने गरिएको छ ।

१७. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—**प्राजापत्या उष्णिक्, आसुरी अनुष्टुप्, याजुषी पङ्क्ति, साम्नी उष्णिक्, याजुषी त्रिष्टुप्, आसुरी गायत्री, त्रिपदा प्रतिष्ठार्ची पङ्क्ति, द्विपदा साम्नी त्रिष्टुप्, साम्नी अनुष्टुप् ।

तस्य व्रात्यस्य । योऽस्य प्रथमो व्यानः सेयं भूमिः ॥१॥
यो व्रतको आचरण गर्ने व्रात्यका प्रथम व्यानलाई भूमि भनिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य द्वितीयो व्यानस्तदन्तरिक्षम् ॥२॥

उनै व्रतको आचरण पालन गर्ने व्रात्यको दोस्रो व्यानलाई अन्तरिक्ष भनिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य तृतीयो व्यानः सा द्यौः ॥३॥

व्रतको आचरण पालन गर्ने ती व्रात्यको तेस्रो व्यानलाई द्यो भनिएको छ ।

तस्य व्रात्यस्य । योऽस्य चतुर्थो व्यानस्तानि नक्षत्राणि ॥४॥

व्रतको अनुशासन पालन गर्ने ती व्रात्यको चौथो व्यान नक्षत्र नाम भएको छ ।

तस्य व्रात्यस्य । योऽस्य पञ्चमो व्यानस्त ऋतवः ॥५॥

व्रतको अनुशासन पालन गर्ने ती व्रात्यको पाँचौं व्यानलाई ऋतु भन्ने नाम दिइएको छ ।

तस्य व्रात्यस्य । योऽस्य षष्ठो व्यानस्त आर्तवाः ॥६॥

ती व्रतको आचरण पालन गर्ने व्रात्यका छैटौं व्यान र ऋतुअनुसार प्रकट हुने आर्तव भनिन्छ ।

तस्य व्रात्यस्य । योऽस्य सप्तमो व्यानः स संवत्सरः ॥७॥

ती व्रतचारी व्रात्यको सातौं व्यानलाई संवत्सर भनिएको छ ।

तस्य व्रात्यस्य । समानमर्थं परि यन्ति देवाः संवत्सरं वा एतदृतवोऽनुपरियन्ति व्रात्यं च ॥८॥

देवशक्तिहरू ती व्रतको आचरण गर्ने व्रात्यको जस्तै गुणले युक्त अर्थ ग्रहण गर्दछन् र संवत्सर तथा ऋतुहरूले पनि निश्चित रूपमा उनैको त्यसरी नै अनुसरण गर्दछन् ।

तस्य व्रात्यस्य । यदादित्यमभिसंविशन्त्यमावास्यां चैव तत् पौर्णमासीं च ॥९॥

औँसी र पूर्णिमाका दिनहरूमा सूर्यमा जुन खालका भावहरू प्रविष्ट हुन्छन्, ती भावहरू सबै व्रतको आचरण गर्ने यिनै व्रात्यका हुन् ।

तस्य व्रात्यस्य । एकं तदेषाममृत्वमित्याहुतिरेव ॥१०॥

ती व्रतको अनुशासनमा रहने गरेका व्रात्यको र यी सबै किसिमका भावहरूको एकै किसिमको अमरत्व रहेको छ भन्ने गरिन्छ ।

१८. अध्यात्म प्रकरण सूक्त

ऋषि— अथर्वा । **देवता—** अध्यात्म व्रात्य । **छन्द—** दैवी पङ्क्ति, आर्ची बृहती, आर्ची अनुष्टुप्, साम्नी उष्णिक् ।

तस्य व्रात्यस्य ॥ १॥

ती व्रतको अनुशासनमा रहने गरेका व्रात्यको ... ।

यदस्य दक्षिणमक्ष्यसौ स आदित्यो यदस्य सव्यमक्ष्यसौ स चन्द्रमाः ॥२॥

उनको दाहिने आँखाका रूपमा रहेको सूर्य र बायाँ आँखाका रूपमा रहेको चन्द्रमा छन् ।

योऽस्य दक्षिणः कर्णोऽयं सो अग्निर्योऽस्य सव्यः कर्णोऽयं स पवमानः ॥३॥

उनैको दाहिने कानका रूपमा अग्नि र बायाँ कानका रूपमा पवमान रहेका छन् ।

अहोरात्रे नासिके दितिश्चादितिश्च शीर्षकपाले संवत्सरः शिरः ॥४॥

दिन र रात उनका नाकका रूपमा छन्, दिति र अदिति शिरका दुवै तर्फी गालाका रूपमा र वर्ष उनको शिरका रूपमा रहेका छन् ।

अह्ना प्रत्यङ् व्रात्यो रात्र्या प्राङ्नमो व्रात्याय ॥५॥

ती व्रतचारी व्रात्यलाई हामी दिउँसो पूर्वतर्फ र राति पश्चिमतर्फ नमस्कार गर्दछौं ।

॥इति पञ्चदशं काण्डम् ॥

पन्ध्रौं काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ षोडशं काण्डम् ॥

१. दुःखमोचन सूक्त

ऋषि– अथर्वा । **देवता–** प्रजापति । **छन्द–** द्विपदा साम्नी बृहती, याजुषी त्रिष्टुप्, आसुरी गायत्री, द्विपदा साम्नी पङ्क्ति, साम्नी अनुष्टुप्, निचृत् स्वराट् गायत्री, साम्नी पङ्क्ति, आसुरी पङ्क्ति, साम्नी उष्णिक्, आर्ची अनुष्टुप् ।

अतिसृष्ट्ये अपां वृषभोऽतिसृष्य अग्नयो दिव्याः ॥१॥

मुक्त भएको बलियो वृषभका रूपमा वर्षा गराउने सामर्थ्य भएको जलको मूल तत्त्व प्रकट भएको छ र उसैबाट दिव्य अग्निदेवता पनि प्रकट भएका छन् ।

रुजन् परिरुजन् मृणन् प्रमृणन् ॥२॥

ब्रह्मले संरचना गरेका यी तत्त्वहरूमध्येबाट भत्काउने बिगार्ने, च्यात्ने थोत्र्याउने, घाउ लगाउने... आदि जस्ता सबैलाई हामी त्याग्दछौँ ।

म्रोको मनोहा खनो निर्दाह आत्मदूषिस्तनूदुषिः ॥३॥

मनलाई पिर पार्ने, खन्ने, पोल्ने, मन पोल्ने, आँत दुखाउने, शरीरमा दुखाउने ... आदि जस्ता सबैलाई हामी त्याग्दछौँ ।

इदं तमति सृजामि तं माभ्यवनिक्षि ॥४॥

त्यस्ता दुःख दिनेहरूसँग हाम्रो कहिल्यै भेट नहोस् ।

तेन तमभ्यतिसृजामो योऽस्मान् द्वेष्टि यं वयं द्विष्मः ॥५॥

हामीले द्वेष गर्ने र हामीसित द्वेष गर्ने घातक पदार्थलाई त्याग गर्दछौँ ।

अपामग्रमसि समुद्रं वोऽभ्यवसृजामि ॥६॥

जलभित्र रहने हे उत्तम अंश ! तिमीलाई हामी समुद्रतर्फ विसर्जन गर्दछौँ ।

योऽप्स्व१ग्निरति तं सृजामि म्रोकं खनिं तनूदूषिम् ॥७॥

जलका बीच भागमा रहेका घातक, भक्षक र शरीरलाई दूषित गराउने अग्निलाई हामी दोषबाट मुक्त गराउँछौं ।

यो व आपोऽग्निराविवेश स एष यद् वो घोरं तदेतत् ॥८॥

हे जल ! तिमीभित्र अग्नितत्त्व प्रवेश गरेको छ, तिम्रा लागि त्यो नै अत्यन्त भयङ्कर अंश हो ।

इन्द्रस्य व इन्द्रियेणाभि षिञ्चेत् ॥९॥

तिम्रो परम वैभवयुक्त अंशलाई इन्द्रिय शक्तिले अभिषेक गर्नुपर्दछ ।

अरिप्रा आपो अप रिप्रमस्मत् ॥१०॥

विकारबाट मुक्त रहेका जलले हामीभित्रका सबै खालका विकारहरूलाई पर हटाइदियोस् ।

प्रास्मदेनो वहन्तु प्रदुष्वप्न्यं वहन्तु ॥११॥

यस जलले हाम्रो पाप र विकारलाई बगाउँदै पर लैजाओस् र दुःस्वप्नका प्रभावलाई पनि हटाइदियोस् ।

शिवेन मा चक्षुषा पश्यतापः शिवया तन्वोप स्पृशत त्वचं मे ॥१२॥

हे जल ! हामीमाथि कृपा गरेर तिमी हेर र आफ्ना कल्याणकारक अङ्गले हाम्रो त्वचालाई स्पर्श गर ।

शिवानग्नीनप्सुषदो हवामहे मयि क्षत्रं वर्च आ धत्त देवीः ॥१३॥

जलमा व्याप्त रहेका मङ्गलकारी अग्निलाई हामी आमन्त्रित गर्दछौँ र यस दिव्य जलले हामीभित्र

पराक्रमयुक्त क्षात्रबल तथा तेजस्विता स्थापना गराओस् ।

२. दुःखमोचन सूक्त

ऋषि— अथर्वा । **देवता—** वाक् । **छन्द—** आसुरी अनुष्टुप्, आसुरी उष्णिक्, साम्नी उष्णिक्, त्रिपदा साम्नी बृहती, आर्ची अनुष्टुप्, निचृत् विराट् गायत्री ।

निर्दुरर्मण्य ऊर्जा मधुमती वाक् ॥

हामी विकारबाट उत्पन्न हुने अर्म नामको नेत्र रोगबाट सर्वथा मुक्त रहौँ र हाम्रो वाणी मधुर र ओजस्वी होस् ।

मधुमती स्थ मधुमतीं वाचमुदेयम् ॥२॥

हे औषधिहरू हो ! तिमीहरू मधुरताले सम्पन्न छौ । त्यसो हुनाले हामी पनि सधैँ मधुर वाणी नै प्रयोग गरौँ ।

उपहूतो मे गोपा उपहूतो गोपीथः ॥३॥

हामी इन्द्रियहरूको पालनकर्ता मनलाई बोलाउँछौँ र सोमपान गर्ने मुखलाई पनि बोलाउँछौँ ।

सूश्रुतौ कर्णौ भद्रश्रुतौ कर्णौ भद्रं श्लोकं श्रूयासम् ॥४॥

हाम्रा दुवै कानले सधैँभरि असल किसिमको ज्ञान, कल्याणकारी वचन र हितकारी वार्तालाप मात्रै सुनिरहून् ।

सुश्रुतिश्च मोपश्रुतिश्च मा हासिष्टं सौपर्णं चक्षुरजस्रं ज्योतिः ॥५॥

उचित किसिमको सुन्ने सामर्थ्य हुनाले परैदेखिको कुरो सुन्ने कुशलताले मलाई कहिल्यै परित्याग नगरोस् । हामी सधैँभरि नै गरूड पक्षीजस्तै तेजस्वी दृष्टिशक्तिले सम्पन्न होऔँ ।

ऋषीणां प्रस्तरोऽसि नमोऽस्तु दैवाय प्रस्तराय ॥६॥

ऋषिहरूका निमित्त तिमीहरू पाषणसमान छौ । तिमीहरू देवताका रूपमा रहेका पाषाणलाई हामी नमस्कार गर्दछौँ ।

३. दुःखमोचन सूक्त

ऋषि— ब्रह्मा । **देवता—** आदित्य । **छन्द—** आसुरी गायत्री, आर्ची अनुष्टुप्, प्राजापत्या त्रिष्टुप्, साम्नी उष्णिक्, द्विपदा साम्नी त्रिष्टुप् ।

मूर्धाहं रयीणां मूर्धा समानानां भूयासम् ॥१॥

धनसम्पत्तिका हिसाबले हामी सबैभन्दा माथिल्लो तहमा रहेको मूर्धन्य हुन सकौँ र हाम्रा प्रतिस्पर्धीहरूका बीचमा हामी नै अग्रणी हुन सकौँ ।

रुजश्च मा वेनश्च मा हासिष्टं मूर्धा च मा विधर्मा च मा हासिष्टम् ॥२॥

तेजस्विता र कान्तिले हामीलाई परित्याग नगरोस् । मूर्धारूपी विचारशक्ति वा धनसम्पत्तिको सम्पन्नताले हामीलाई कहिल्यै परित्याग नगरोस् ।

उर्वश्च म चमसश्च मा हासिष्टं धर्ता च मा धरुणश्च मा हासिष्टम् ॥३॥

आचमन नामको पात्र, चमस नामको पात्र, धारक र आश्रय प्रदान गर्नेहरू कुनैले पनि कहिल्यै हामीलाई परित्याग नगरून् ।

विमोकश्च मार्द्रपविश्च मा हासिष्टमार्द्रदानुश्च मा मातरिश्वा च मा हासिष्टम् ॥४॥

मुक्तिप्रदायक र नओभाएका शस्त्रहरूले हामीलाई कहिल्यै नछोडून् । आद्रता प्रदान गर्ने जल र मातरिश्वा नामका प्राणवायुले हामीलाई कहिल्यै छोडेर नजाओस् ।

बृहस्पतिर्म आत्मा नृमणा नाम हृद्यः ॥५॥

प्रसन्नता प्रदान गर्ने, कृपा वर्षा गर्ने र मनलाई एकाग्र गराउने बृहस्पति नामका देवताले नै हाम्रा लागि अन्तरात्मा हुन् ।

असतापं मे हृदयमुर्वी गव्यूतिः समुद्रो अस्मि विधर्मणा ॥६॥

हाम्रो हृदयको स्थिति दुःखचिन्तारहित होस्, विशाल पृथ्वीरूपी गाई हाम्रै होऊन् । हामीभित्र

समुद्रको जस्तै विशाल धारण गर्ने क्षमता समृद्ध बनेर रहेको होस् ।

४. दुःखमोचन सूक्त

ऋषि– ब्रह्मा । **देवता–** आदित्य । **छन्द–** साम्नी अनुष्टुप्, साम्नी उष्णिक्, त्रिपदा अनुष्टुप्, आसुरी गायत्री, आर्ची उष्णिक्, त्रिपदा विराड्गर्भा अनुष्टुप् ।

नाभिरहं रयीणां नाभिः समानानां भूयासम् ॥१॥

हामी धनसम्पत्ति आदि वैभव र आफ्ना सजातीय बन्धुहरू गरी यी दुवै पक्षको नाभीरूपी केन्द्रजस्तै हुन सकौँ ।

स्वासदसि सूषा अमृतो मर्त्येष्वा ॥२॥

मरणशील मानिसहरूमा तेजस्वी उषा अमरत्व प्रदान गर्ने हाऊन् र उनै उषा हाम्रा निकट उत्तम रीतिले विराजमान भइदिने गरून् ।

मा मां प्राणो हासीन्मो अपानोऽवहाय परा गात् ॥३॥

हाम्रो जीवनतत्त्वका रूपमा रहेका प्राण, अपान आदिले कहिल्यै पनि हामीलाई छोडेर पर नजाऊन् ।

सूर्यो माह्नः पात्वग्निः पृथिव्या वायुरन्तरिक्षाद् यमो मनुष्येभ्यः सरस्वती पार्थिवेभ्यः ॥४॥

सूर्यदेवताले दिन, अग्निदेवताले पृथ्वी, वायुदेवताले अन्तरिक्ष, यमदेवताले मानिसहरू र सरस्वतीदेवीले पृथ्वीबाट उत्पन्न भएका पदार्थहरूका सहायताले हामी सबैलाई सधैँभरि सुरक्षा प्रदान गरिरहून् ।

प्राणापानौ मा मा हासिष्टं मा जने प्र मेषि ॥५॥

हाम्रो जीवनतत्त्वका रूपमा रहेका प्राण र अपानले हामीलाई कहिल्यै परित्याग नगरून् र सधैँभरि हाम्रो अस्तित्व जोगिएर रहोस् ।

स्वस्त्य१द्योषसो दोषसश्च सर्व आपः सर्वगणो अशीय ॥६॥

आजका यी साँझका समय र रात्रिका समयहरू हाम्रा लागि कल्याणप्रद होऊन् । हामी जलको समूह र समुदायका बीचमा सबै किसिमले सुखको उपभोग गर्दै सम्पन्न रहन सकौँ ।

शक्वरी स्थ पशवो मोप स्थेषुर्मित्रावरुणौ मे प्राणापानावग्निर्मे दक्षं दधातु ॥७॥

हे पशुहरू हो ! तिमीहरू सामर्थ्यवान् बनेर हाम्रै नजिकमा उपस्थित रहने गर । मित्र-वरुण नामका देवताहरूले हाम्रो प्राण तथा अपान तत्त्वलाई परिपुष्ट गराऊन् र अग्निदेवताले हाम्रो सामर्थ्य सुदृढ गराऊन् ।

५. दुःखमोचन सूक्त

ऋषि– यम । **देवता–** दुःस्वप्ननाशन । **छन्द–** विराट् गायत्री, प्राजापत्या गायत्री, द्विपदा साम्नी बृहती, भुरिक् विराट् गायत्री, स्वराट् विराट् गायत्री ।

विद्म ते स्वप्न जनित्रं ग्राह्याः पुत्रोऽसि यमस्य करणः ॥१॥

हे स्वप्न ! तिम्रो उत्पत्तिका विषयमा हामीले जानेका छौँ । तिमी ग्राहपिशाच नामका व्याधिका पुत्र हौ र यमदेवताका उपकरण हौ ।

अन्तकोऽसि मृत्युरसि ॥२॥

तिमी अन्त्य गराउने मृत्युका रूप हौ ।

तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥३॥

हे स्वप्न ! हामी तिम्रा त्यस किसिमका स्वरूपका ज्ञाता हौँ । त्यसो हुनाले दुःस्वप्नबाट तिमी नै हाम्रो रक्षा गर ।

विद्म ते स्वप्न जनित्रं निर्ऋत्याः पुत्रोऽसि मयस्य करणः । अन्तकोऽसि मृत्युरसि । तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥४॥

हे स्वप्न ! हामीले तिम्रो उत्पत्तिका विषयमा जानेका छौँ । तिमी निर्ऋति नामकी पापकी देवीका

पुत्र हौ र यमदेवताको साधन भएका छौ ।

विद्म ते स्वप्न जनित्रमभूत्याः पुत्रोऽसि यमस्य करणः । अन्तकोऽसि मृत्युरसि । तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥५॥

हे स्वप्न ! हामीले तिम्रो उत्पत्तिका विषयमा जानेका छौँ । तिमी अभूति नामका देवताका पुत्र र यमदेवताको साधन हौ ।

विद्म ते स्वप्न जनित्रं निर्भूत्याः पुत्रोऽसि यमस्य करणः । अन्तकोऽसि मृत्युरसि । तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥६॥

हे स्वप्न ! हामीले तिम्रो उत्पत्तिका विषयमा जानेका छौँ । तिमी निर्भूति नामका निर्धनताको देवताका पुत्र र यमदेवताको साधन हौ ।

विद्म ते स्वप्न जनित्रं पराभूत्याः पुत्रोऽसि यमस्य करणः । अन्तकोऽसि मृत्युरसि । तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥७॥

हे स्वप्न ! हामीले तिम्रो उत्पत्तिका विषयमा जानेका छौँ । तिमी पराभव नामका पराजयको पुत्र र यमक देशमा लिएर जाने साधन हौ ।

विद्म ते स्वप्न जनित्रं देवजामीनां पुत्रोऽसि यमस्य करणः ॥८॥

हे स्वप्न ! हामीले तिम्रो उत्पत्तिका विषयमा जानेका छौँ । तिमी इन्द्रियको विकृतिका पुत्र हौ र यमकहाँ लैजाने साधन हौ ।

अन्तकोऽसि मृत्युरसि ॥९॥

हे स्वप्न ! तिमी जीवनलाई अन्त्य गराउने मृत्युको साक्षात् प्रतिमूर्ति हौ ।

तं त्वा स्वप्न तथा सं विद्म स नः स्वप्न दुष्वप्न्यात् पाहि ॥१०॥

हे स्वप्न ! हामी तिम्रा ती सबै खालका स्वरूपलाई जान्दछौँ । त्यसो हुनाले हामीलाई तिमी नराम्रा स्वप्नका प्रभावबाट मुक्त गराऊ ।

६. दुःखमोचन सूक्त

ऋषि– यम । **देवता–** उषा, दुःस्वप्ननाशन । **छन्द–** प्राजापत्या अनुष्टुप्, साम्नी पङ्क्ति, निचृत् आर्ची बृहती, द्विपदा साम्नी बृहती, आसुरी जगती, आसुरी बृहती, आर्ची उष्णिक्, त्रिपदा यवमध्या गायत्री, आर्ची अनुष्टुप् ।

अजैष्माद्यासनामाद्याभूमानागसो वयम् ॥१॥

हामी विजय प्राप्त गरौँ, भूमि उपलब्ध गरौँ र पाप तथा तापबाट मुक्त भएर रहन सकौँ ।

उषो यस्माद् दुष्वप्न्यादभैष्माप तदुच्छतु ॥२॥

हे उषाकाल ! हामीलाई तर्साउने खालका जेजति दुःस्वप्नहरू हुन्छन्, ती स्वप्नहरूको सबै डर हाम्रा मनबाट हराएर जाओस् ।

द्विषेते तत् परा वह शपते तत् परा वह ॥३॥

हे देवता ! यस भयलाई तिमी उनीहरूका नजिक लगिदेऊ, जसले हामीसित विद्वेष गर्दछन् र जसले हाम्रो निन्दा गर्ने गर्दछन् ।

यं द्विष्मो यश्च नो द्वेष्टि तस्मा एनद् गमयामः ॥४॥

हामीसित द्वेष गर्ने र हामीले द्वेष गर्ने जोजो हुन्छन्, हामी यस किसिमका भयलाई उनीहरूतिरै पठाउने गर्दछौँ ।

उषा देवी वाचा संविदाना वाग् देव्युषसा संविदाना ॥५॥

उषादेवी वाणीसँग र वाग्देवी उषासँग सम्पत्तिको वैभवसम्पन्न हुँदै एकापसमा मिलून् ।

उषस्पतिर्वाचस्पतिना संविदानो वाचस्पतिरुषस्पतिना संविदानः ॥६॥

उषाका पति वाचस्पति देवतासँग र वाचस्पतिदेवता उषाका स्वामीसँग सहमत हुँदै एकापसमा मिल्ने गरून् ।

तेऽमुष्मै परा वहन्त्वरायान् दुर्णाम्नः सदान्वाः ॥७॥

हाम्रा ती दुष्ट शत्रुका लागि दूषित नामका दुःख, आपद् र प्राणघातक रोगहरूलाई प्रेरित गर ।

कुम्भीका दूषीकाः पीयकान् ॥८॥

तिनै शत्रुहरूका लागि घैलोजस्तो पेट गराएर दुःख दिने रोगहरूलाई पनि प्रेरित गर ।

जाग्रद्दुष्वप्न्यं स्वप्नेदुष्वप्न्यम् ॥९॥

जागा अवस्थामा देखिने गरेका दुःखदायी स्वप्नका फलहरू र सुतेको अवस्थामा देखिने दुःखदायी स्वप्नका फलहरूलाई पनि ... ।

अनागमिष्यतो वरानवित्तेः संकल्पानमुच्या द्रुहः पाशान् ॥१०॥

विगत र आगतका दरिद्रताका सङ्कल्पहरूलाई, प्राप्त गर्न नसकिने खालका उत्तम पदार्थ र कहिल्यै समाप्त नहुने खालका दुश्मनीका पासोबाट हामी उनीहरूलाई मुक्त गराउँछौं ।

तदमुष्मा अग्ने देवाः परा वहन्तु वध्रिर्यथासद् विथुरो न साधुः ॥११॥

हे अग्निदेवता ! सबै किसिमका ती आपद्हरूलाई शत्रुतर्फ देवताहरूले लगिदिऊन् । त्यसो भएपछि नै हाम्रा ती शत्रुहरू पुरुषार्थविहीन, रोगव्याधले सताइएका र सज्जनले प्राप्त गर्ने गरिमा नपाउने खालका हुनेछन् ।

७. दुःखमोचन सूक्त

ऋषि— यम । **देवता—** दुःस्वप्ननाशन । **छन्द—** पङ्क्ति साम्नी अनुष्टुप्, आसुरी उष्णिक्, प्राजापत्या गायत्री, आर्ची उष्णिक्, साम्नी बृहती, याजुषी गायत्री, प्राजापत्या बृहती, साम्नी गायत्री, भुरिक् प्राजापत्या अनुष्टुप्, आसुरी त्रिष्टुप् ।

तेनैनं विध्याम्यभूत्यैनं विध्यामि निर्भूत्यनं विध्यामि पराभूत्यैनं विध्यामि ग्राह्यैनं विध्यामि तमसैनं विध्यामि ॥१॥

अभिचार क्रियाहरूले, अभूति नामका दुर्गतिले, निर्भूति नामका दारिद्र्यले, पराभूति नामका पराजयले, ग्राह्य नामका रोगले र अज्ञान नामका अन्धकारले हामी यसलाई विदीर्ण गराउँछौं ।

देवानामेनं घोरैः क्रूरैः प्रैषैरभिप्रेष्यामि ॥२॥

हामी यसलाई देवशक्तिहरूका भयानक र क्रूरतापूर्ण निर्देशका अगाडि उपस्थित गराउँछौं ।

वैश्वानरस्यैनं दंष्ट्रयोरपि दधामि ॥३॥

हामी यसलाई वैश्वानर नामका अग्निका दाह्रारूपी ज्वालामा राखिदिन्छौं ।

एवानेवाव सागरत् ॥४॥

त्यस आपद्ले यी शत्रुलाई यस्तो अथवा त्यस्तो तरिकाले भक्षण गरून् ।

योऽस्मान् द्वेष्टि तमात्मा द्वेष्टु यं वयं द्विष्मः स आत्मानं द्वेष्टु ॥५॥

हामीसित जसले द्वेष गर्दछन्, आत्मचेतनाले उनीसित द्वेष गरोस् र हामी जोसित द्वेष गर्दछौं उनले आफ्नै चेतनाप्रति द्वेष गरून् ।

निर्द्विषन्तं दिवो निः पृथिव्या निरन्तरिक्षाद् भजाम् ॥६॥

हामी ईर्ष्या र द्वेष गर्नेहरूलाई द्युलोक, पृथ्वीलोक र अन्तरिक्षलोकबाट पर फ्याँकिदिन्छौं ।

सुयामंश्चाक्षुष ॥७॥

हे उचित नियमका दृष्टिले निरीक्षण गर्ने !

इदमह मामुष्यायणेऽमुष्याः पुत्रे दुष्वप्न्यं मृजे ॥८॥

खराब स्वप्नका प्रभावले प्राप्त हुने फललाई हामी अमुक गोत्रमा उत्पन्न भएका फलानाका पुत्रलाई पठाइदिन्छौं ।

यददोअदो अभ्यगच्छन् यद् दोषा यत् पूर्वां रात्रिम् ॥९॥

बितेका रात्रिहरूमा अमुक कर्मको फलका रूपमा हामीले जुन कुरो प्राप्त गरेका थियौं ...

यज्जाग्रद् यत् सुप्तो यद् दिवा यन्नक्तम् ॥१०॥

जुन कुरो जाग्रत अवस्थामा, सुषुप्त अवस्थामा, दिनका समयमा, रातका समयमा अथवा ...

यदहरहरभिगच्छामि तस्मादेनमव दये ॥११॥

नित्य हामी पापबाट उत्पन्न भएका दोषहरू प्राप्त गर्दछौँ, त्यसै पापरूपी दोषले हामी यी शत्रुहरूलाई विनाश गर्दछौँ ।

तं जहि तेन मन्दस्व तस्य पृष्टिरपि शृणीहि ॥१२॥

हे देवता ! तिमी ती शत्रुहरूसँगै हिँड्दै तिनलाई संहार गर र उनको शरीरका हड्डी र जोर्नीहरू भाँचिदेऊ ।

स मा जीवीत् तं प्राणो जहातु ॥१३॥

प्राणतत्त्वले उनलाई त्यागोस् र तिनीहरू जिउँदा नरहून् ।

८. दुःखमोचन सूक्त

ऋषि— यम । **देवता—** दुःस्वप्ननाशन । **छन्द—** यजुर्ब्राह्मी एकपदा अनुष्टुप्, त्रिपदा निचृत् गायत्री, प्राजापत्या गायत्री, त्रिपदा प्राजापत्या त्रिष्टुप्, आसुरी जगती, आसुरी त्रिष्टुप्, आसुरी पङ्क्ति, आसुरी बृहती ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्माकं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३स्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ॥१॥

विजय प्राप्त गरेर ल्याइएका र शत्रुहरूलाई छिन्नभिन्न गराएर ल्याइएका सबै पदार्थ हाम्रै हुन् । सत्य, तेजस्विता, सद्ज्ञान, स्वर्गीय सुखप्रदायक आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि दुधालु पशु, प्रजाका रूपमा रहेका सन्तान र शूरवीरले हाम्रो गौरव बढाऊन् ।

तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः ॥२॥

अमुक गोत्रमा उत्पन्न, अमुकका सन्तानजति हाम्रा शत्रु हुन् । उनलाई यस्ता अपराध कर्मको फलस्वरूप हामी यस लोकबाट भगाउँछौँ ।

स ग्राह्याः पाशान्मा मोचि ॥३॥

हाम्रा ती शत्रुहरू ग्राह्य नामका रोगका बन्धनबाट मुक्त नहोऊन् ।

तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥४॥

हामी तिनको तेजस्विता, वर्चस्व, प्राणरूपी ऊर्जा र आयुलाई पक्रेर उँधोमुन्टो पार्दै पछार्छौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम‍ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स निर्ऋत्याः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥५॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । पापदेवताका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम‍ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽभूत्याः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥६॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो

सन्तानलाई हामी पर भगाउँछौँ । दरिद्रताका पाशमा त्यो सधैँ अल्भिफयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स निर्भूत्याः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥७॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । निर्भूति नामका दुर्गतिबाट उत्पन्न पाशमा त्यो सधैँ अल्भिफयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स पराभूत्याः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥८॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । पराभव नामको पराजितरूपी पाशमा त्यो सधैँ अल्भिफयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स देवजामीनां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥९॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । देवजामी नामको इन्द्रिय विकृतरूपी पाशमा त्यो सधैँ अल्भिफयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स बृहस्पतेः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१०॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । बृहस्पति देवताका पाशमा त्यो सधैँ अल्भिफयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः

पुत्रमसौ यः । स प्रजापतेः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥११॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । प्रजापति देवताका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स ऋषीणां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१२॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । ऋषिहरूका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स आर्षेयाणां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१३॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । ऋषिहरूबाट उत्पन्न आर्षेय नामका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽङ्गिरसां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१४॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । अङ्गिराहरूका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स आङ्गिरसानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१५॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि

पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । अङ्गिराका सन्तानहरूका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽथर्वणां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१६॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । अथर्वाहरूका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स आथर्वणानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१७॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । अथर्वन्हरूका वचनमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सवनस्पतिनां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१८॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । वनस्पतिहरूका पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्कामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स वानस्पत्यानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥१९॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । वनस्पतिहरूबाट उत्पन्न पाशमा त्यो सधैँ अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ।तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स ऋतूनां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२०॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । ऋतुहरूका पाशमा त्यो सधैं अल्भिरुयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स आर्तवानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२१॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । ऋतुहरूबाट उत्पन्न पाशमा त्यो सधैं अल्भिरुयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स मासानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२२॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । महिनाहरूका पाशमा त्यो सधैं अल्भिरुयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽर्धमासानां पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२३॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । आधा महिनाहरूका पाशमा त्यो सधैं अल्भिरुयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽहोरात्रयोः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२४॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू,

सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । रात्रिहरूका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम्ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । सोऽह्नोः संयतोः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२५॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । दिन र रात्रिहरूका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम्ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स द्यावापृथिव्योः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२६॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । द्युलोक र पृथ्वीका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम्ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स इन्द्राग्न्योः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२७॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । इन्द्र र अग्निदेवताका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम्ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स मित्रावरुणयोः पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२८॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौं । मित्र र वरुणदेवताका पाशमा त्यो सधैं अल्झियोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौं ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काम्ं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं

पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् । तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः । स राज्ञो वरुणस्य पाशान्मा मोचि । तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥२९॥

विजय प्राप्तिबाट उपलब्ध भएका पदार्थहरू, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त भएका पदार्थहरू, सत्यनिष्ठा, तेजस्विता, सद्ज्ञानरूपी ब्रह्म, स्वर्गीय सुखरूपी आत्मज्ञान, यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तति र वीर सन्तानहरूले हाम्रो गौरव बढाऊन् । फलानो गोत्रमा उत्पन्न फलानो सन्तानलाई हामी पर भगाउँछौँ । राजा वरुणका पाशमा त्यो सधैँ अल्भिfयोस् । हामी उसको तेजस्विता, वर्चस्व, प्राण र आयु क्षीण गराएर उसलाई अधोगामी बनाउँदै धराशायी पार्दछौँ ।

जितमस्माकमुद्भिन्नमस्माकमृतमस्काामं तेजोऽस्माकं ब्रह्मास्माकं स्वरस्माकं यज्ञो३ऽस्माकं पशवोऽस्माकं प्रजा अस्माकं वीरा अस्माकम् ॥३०॥

विजयश्रीबाट आर्जन गरेका पदार्थ, शत्रुलाई छिन्नभिन्न गराएर प्राप्त गरेका पदार्थ, सत्यनिष्ठा, तेजस्विता, यद्ज्ञान, स्वर्गीय आनन्द यज्ञीय सत्कर्म, गाई आदि पशु, प्रजारूपी सन्तान र वीर सन्तानहरू सबै नै हाम्रो गरिमाअनुसारका होऊन् ।

तस्मादमुं निर्भजामोऽमुमामुष्यायणममुष्याः पुत्रमसौ यः ॥३१॥

फलाना गोत्रमा उत्पन्न, फलानाको सन्तानलाई हामी यस लोकबाट निष्कासित गर्दछौँ ।

स मृत्योः पड्वीशात् पाशान्मा मोचि ॥३२॥

ऊ मृत्युका देवताको पाशबाट छुट्न नसकोस् ।

तस्येदं वर्चस्तेजः प्राणमायुर्नि वेष्टयामीदमेनमधराञ्चं पादयामि ॥३३॥

उसको त्यो तेजस्विता, वर्चस्व, प्राणशक्ति र आयु आदिलाई ह्रास गराउँदै हामी उसलाई उँधो मुन्टो गराएर पछार्दछौँ ।

९. दुःखमोचन सूक्त

ऋषि— यम । **देवता—** प्रजापति, सोम, पूषा, सूर्य । **छन्द—** आर्ची अनुष्टुप्, आर्ची उष्णिक्, साम्नी पङ्क्ति, परोष्णिक् ।

जितमस्माकमुद्भिन्नमस्माकमभ्यष्ठां विश्वाः पृतना अरातीः ॥१॥

विजयश्रीबाट प्राप्त गरिएका पदार्थ र शत्रुलाई छिन्नभिन्न पारेर उपार्जन गरेर हात पारेका पदार्थले हाम्रो वर्चस्व बढाऊन्, हामी शत्रुका सबै सैन्यशक्तिमाथि प्रतिष्ठा आर्जन गरौँ ।

तदग्निराह तदु सोम आह पूषा मा धात् सुकृतस्य लोके ॥२॥

अग्निदेवता र सोमदेवताले हाम्रो आशयलाई समर्थन गरिरहेका छन् । पूषादेवताले हामीलाई पुण्यलोकमा प्रतिष्ठापूर्वक राखून् ।

अगन्म स्व१ः स्वरगन्म सं सूर्यस्य ज्योतिषागन्म ॥३॥

हामी आत्मज्योतिरूपले स्वर्गलोक प्राप्त गरौँ । हामी आफ्नो तेजस्विता प्राप्त गरौँ । हामी सूर्यका ज्योतिले संयुक्त भएर स्वर्गीय सुखलाई उचित किसिमले उपभोग गरौँ ।

वस्योभूयाय वसुमान् यज्ञो वसु वंशिषीय वसुमान् भूयासं वसु मयि धेहि ॥४॥

ऐश्वर्यसम्पदा वृद्धि गर्नका लागि हामीलाई धनसम्पत्तिको स्वामी बनाऊ । हे देवता ! ऐश्वर्य पनि यज्ञकै रूप हो । त्यसैले हामीलाई तिमी वैभवसम्पदाले स्थापित गराऊ ।

॥इति षोडशं काण्डम् ॥

सोह्रौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद - संहिता

॥अथ सप्तदशं काण्डम् ॥

१. अभ्युदयार्थप्रार्थना सूक्त

ऋषि– ब्रह्मा । **देवता–** आदित्य । **छन्द–** त्र्यवसाना षट्पदा अतिजगती, त्र्यवसाना षट्पदा जगती, त्र्यवसाना सप्तपदात्यष्टि, त्र्यवसाना सप्तपातिधृति, पञ्चपदा शक्वरी, त्र्यवसाना अष्टपदा धृति, त्र्यवसाना सप्तपदा कृति, त्र्यवसाना सप्तपदा प्रकृति, पञ्चपदा विराट् अतिशक्वरी, त्र्यवसाना सप्तपदा भुरिक् अष्टि, ककुप् उष्णिक्, चतुष्पदा उपरिष्टात् बृहती, द्विपदा अनुष्टुप्, द्विपदा निचृद् बृहती, विराडत्यष्टि, अनुष्टुपप्, जगती, त्रिष्टुप् ।

विषसहिं सहमानं सासहानं सहीयांसम् । सहमानं सहोजितं स्वर्जितं गोजितं संधनाजितम् । ईड्यं नाम ह्व इन्द्रमायुषमान् भूयासम् ॥१॥

अतिसमर्थ सहनशील, शत्रुहनन गर्ने सहज स्वभाव भएका, शत्रुलाई दमन गर्नमा सक्षम, नित्य विजेता, महाबली आफ्ना पराक्रमले दिग्विजय गर्नमा समर्थ, स्वर्गका विजेता, भूमि र इन्द्रिय तथा गाई विजय गर्नमा सक्षम, वैभवशाली सम्पदाका विजेता, इन्द्रको रूपमा रहेका सूर्यदेवतालाई हामी आह्वान गर्दछौं । उनका कृपाले हामी दीर्घायु प्राप्त गरौं ।

विषसहिं सहमानं सासहानं सहीयांसम् । सहमानं सहोजितं स्वर्जितं गोजितं संधनाजितम् । ईड्यं नाम ह्व इन्द्रं प्रियो देवानां भूयासम् ॥२॥

अतिसमर्थ सहनशील, शत्रुहनन गर्ने सहज स्वभाव भएका, शत्रुलाई दमन गर्नमा सक्षम, नित्य विजेता, महाबली आफ्ना पराक्रमले दिग्विजय गर्नमा समर्थ, स्वर्गका विजेता, भूमि र इन्द्रिय तथा गाई विजय गर्नमा सक्षम, वैभवशाली सम्पदाका विजेता, इन्द्रको रूपमा रहेका सूर्यदेवतालाई हामी आह्वान गर्दछौं । उनका कृपाले हामी देवशक्तिको प्रिय बन्न सकौं ।

विषसहिं सहमानं सासहानं सहीयांसम् । सहमानं सहोजितं स्वर्जितं गोजितं संधनाजितम् । ईड्यं नाम ह्व इन्द्रं प्रियः प्रजानां भूयासम् ॥३॥

अतिसमर्थ सहनशील, शत्रुहनन गर्ने सहज स्वभाव भएका, शत्रुलाई दमन गर्नमा सक्षम, नित्य विजेता, महाबली आफ्ना पराक्रमले दिग्विजय गर्नमा समर्थ, स्वर्गका विजेता, भूमि र इन्द्रिय तथा गाई विजय गर्नमा सक्षम, वैभवशाली सम्पदाका विजेता, इन्द्रको रूपमा रहेका सूर्यदेवतालाई हामी आह्वान गर्दछौं । उनका कृपाले हामी सन्तान र प्रजाको प्रिय बन्न सकौं ।

विषसहिं सहमानं सासहानं सहीयांसम् । सहमानं सहोजितं स्वर्जितं गोजितं संधनाजितम् । ईड्यं नाम ह्व इन्द्रं प्रियः पशूनां भूयासम् ॥४॥

अतिसमर्थ सहनशील, शत्रुहनन गर्ने सहज स्वभाव भएका, शत्रुलाई दमन गर्नमा सक्षम, नित्य विजेता, महाबली आफ्ना पराक्रमले दिग्विजय गर्नमा समर्थ, स्वर्गका विजेता, भूमि र इन्द्रिय तथा गाई विजय गर्नमा सक्षम, वैभवशाली सम्पदाका विजेता, इन्द्रको रूपमा रहेका सूर्यदेवतालाई हामी आह्वान गर्दछौं । उनका कृपाले हामी पशुधनका लागि प्रिय बन्न सकौं ।

विषसहिं सहमानं सासहानं सहीयांसम् । सहमानं सहोजितं स्वर्जितं गोजितं संधनाजितम् । ईड्यं नाम ह्व इन्द्रं प्रियः समानानां भूयासम् ॥५॥

अतिसमर्थ सहनशील, शत्रुहनन गर्ने सहज स्वभाव भएका, शत्रुलाई दमन गर्नमा सक्षम, नित्य विजेता, महाबली आफ्ना पराक्रमले दिग्विजय गर्नमा समर्थ, स्वर्गका विजेता, भूमि र इन्द्रिय तथा गाई विजय गर्नमा सक्षम, वैभवशाली सम्पदाका विजेता, इन्द्रको रूपमा रहेका सूर्यदेवतालाई हामी

आह्वान गर्दछौँ । उनका कृपाले हामी दाँतरीहरूका लागि प्रिय बन्न सकौँ ।

उदिह्युदिहि सूर्य वर्चसा माभ्युदिहि । द्विषंश्च मह्यं रध्यतु मा चाहं द्विषते रधं तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥६॥

हे सूर्यदेवता ! तिमी उदाऊ, उदाएर आफ्ना तेजले हामीलाई प्रकाशित गर । हाम्रो रिसडाह गर्नेहरू हाम्रै वशमा होऊन्, तर हामी झुक्किएर पनि हाम्रो रिस गर्ने शत्रुका वशमा नपरौं ! हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् ! हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

उदिह्युदिहि सूर्य वर्चसा माभ्युदिहि । यांश्च पशयामि यांश्च न तेषुमा सुमतिं कृधि तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥७॥

हे सूर्यदेवता ! तिमी उदाऊ, उदाएर आफ्नो तेजस्विताले हामीलाई प्रकाशित गर । हामीले देख्न सक्ने र देख्न नसक्ने जेजति प्राणीहरू छन्, ती दुवै किसिमका प्राणीका सम्बन्धमा हामीलाई श्रेष्ठ विचारले प्रेरित गर । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

मा त्वा दभन्त्सलिले अप्स्व१न्तर्ये पाशिन उपतिष्ठन्त्यत्र । हित्वाशस्तिं दिवमारुक्ष एतां स नो मृड सुमतौ ते स्याम तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥८॥

हे सूर्यदेवता ! पाश धारण गरेर पानीका बीचमा लुकीलुकी विचरण गर्ने राक्षस तिमीलाई अन्तरिक्षको जलमा डुबाउन सक्षम भएनन् । हे सूर्यदेवता ! तिमी निन्दाको भाव त्यागेर द्युलोकमा आरुढ होऊ र हामीलाई सुख प्रदान गर । तिम्रो कृपापूर्ण मार्गदर्शनमा हामी रहन पाऔँ । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वं न इन्द्र महते सौभगायादब्धेभिः परि वाह्यक्तुभिस्तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥९॥

हे इन्द्रदेवता ! सौभाग्य प्राप्त गर्नका लागि हामीलाई तिमी अदम्य प्रकाशले संरक्षण गर । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वं इन्द्रोतिभिः शिवाभिः शंतमो भव । आरोहंस्त्रिदिवं दिवो गृणानः सोमपीतये प्रियधामा स्वस्तये तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१०॥

हे इन्द्रदेवता ! हामीलाई तिमीले कल्याण गर । संरक्षणका साधनहरू हामीलाई कल्याणप्रद होऊन् । तिमी तेस्रो स्थानका रूपमा रहेका द्युलोकमा आरुढ भएर सोमरस पान गर्दै प्रकाश प्रदान गर्दै र लोककल्याण गर्दै हामीलाई संरक्षण प्रदान गर । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वमिन्द्रासि विश्वजित् सर्ववित् पुरुहूतस्त्वमिन्द्र । त्वमिन्द्रेमं सुहवं स्तोममेरयस्व स नो मृड सुमतौ ते स्याम तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥११॥

हे परम ऐश्वर्यसम्पन्न इन्द्रका रूपमा रहेका सूर्यदेवता ! तिमी समस्त विश्वका विजेता हौ, तिमी सर्वज्ञ र प्रशंसनीय छौ । तिमी उत्तम स्तोत्रहरूलाई प्रेरित गर, हामीलाई सुख प्रदान गर, हामी तिम्रो कृपा र बुद्धिमा अडिएका छौँ । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

अदब्धो दिवि पृथिव्यामुतासि न त आपुर्महिमानमन्तरिक्षे । अदब्धेन ब्रह्मणा वावृधानः स त्वं न इन्द्र दिवि षञ्छर्म यच्छ तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१२॥

हे इन्द्रको रूपमा रहेका सूर्यदेवता ! तिमी द्युलोक, अन्तरिक्षलोक र पृथ्वीमा अदम्य छौ । तिमी अनन्त शक्तिका स्रोत ब्रह्मद्वारा निरन्तर वृद्धि भएरहन्छौ । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

या त इन्द्र तनूरप्सु या पृथिव्यां यान्तरग्नौ या त इन्द्र पवमाने स्वर्विदि । ययेन्द्र तन्वाऽन्तरिक्षं व्यापिथ तया न इन्द्र तन्वाऽ शर्म यच्छ तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१३॥

हे इन्द्ररूपी सूर्यदेवता ! तिमी जलमा रहेका औषधिको साररूपी तत्त्वले हामीलाई सुख प्रदान गर । पृथ्वी र अग्नितत्त्वमा जेजस्तो सुख रहेको हुन्छ, त्यो हामीलाई प्रदान गर । अन्तरिक्षमा व्याप्त भएर रहेका आफ्ना स्वरूपले हामीलाई कल्याण गर । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वामिन्द्र ब्रह्मणा वर्धयन्तः सत्रं नि षेदुर्ऋषयो नाधमानास्तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१४॥

हे इन्द्ररूपी सूर्यदेवता ! अभीष्ट फलको कामना गर्दै उहिलेका ऋषिहरू तिमीलाई स्तोत्रले प्रवृद्ध गराएर सत्र नामको यज्ञ सम्पन्न गर्नका लागि अनुशासित तरिकाले बस्ने गरेका थिए । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वं तृतं त्वं पर्येष्युत्सं सहस्रधारं विदथं स्वर्विदं तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१५॥

हे इन्द्ररूपी सूर्यदेवता ! तिमीलाई विस्तृत अन्तरिक्षमा व्याप्त रहेका अनन्त धाराहरूले युक्त मेघहरूले प्राप्त गर्दछन् । यी मेघहरू नै औषधिका संवर्द्धक र यज्ञको साधन बनेका छन् । तिनीहरू यज्ञका प्रतिमूर्ति नै हुन् । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वं रक्षसे प्रदिशश्चतस्रस्त्वं शोचिषा नभसी वि भासि । त्वमिमा विश्वा भुवनानु तिष्ठस ऋतस्य पन्थामन्वेषि विद्वांस्तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१६॥

हे सूर्यदेवता ! तिमी चारै दिशाका संरक्षक हौ । तिमी आफ्ना तेजस्वितले द्युलोक र पृथ्वीलाई आलोकित गर्दछौ र यी सबै लोकहरूका लागि अनुकूल भएर प्रतिष्ठित हुने गरेका छौ । ऋतरूपी सत्ययज्ञलाई बुझेर उसैको मार्ग अनुसरण गर्दछौ । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

पञ्चभिः पराङ् तपस्येकयार्वाङशस्तिमेषि सुदिने बाधमानस्तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१७॥

हे सूर्यदेवता ! तिमी पाँच किसिमका किरणले माथिल्लो लोकलाई प्रकाशित गराउँछौ र एउटा किरणले तलतिर प्रकाश फिँजाउँछौ । यस किसिमले नै व्यवस्था गरेका कालोमैलो बिनाका सुदिनको स्थितिमा सबै मानिसहरूले तिमीलाई प्रार्थना गर्दछन् । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

त्वमिन्द्रस्त्वं महेन्द्रस्त्वं लोकस्त्वं प्रजापतिः । तुभ्यं यज्ञो वि तायते तुभ्यं जुह्वति जुह्वतस्तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१८॥

हे सूर्यदेवता ! तिमी नै स्वर्गलोकका अधिपति इन्द्र हौ, तिमी नै पुण्यात्माहरूले प्राप्त गर्ने पुण्यलोक हौ । सम्पूर्ण प्रजाका उत्पादक स्रष्टा तिमी नै हौ । साधकहरू तिम्रै लागि ज्योतिष्टोम आदि यज्ञ सम्पन्न गर्दछन् । सर्वव्यापक बनेर हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

असति सत् प्रतिष्ठितं सति भूतं प्रतिष्ठितम् । भूतं ह भव्य आहितं भव्यं भूते प्रतिष्ठितं तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥१९॥

असत्यजस्तो देखिने प्राकृतिक संसारमा सत्यरूपी चेतन तत्त्वको उपस्थिति छ र सत्यरूपी चेतन तत्त्वबाटै यो प्राकृतिक संसार उत्पन्न भएको छ । भूतका रूपमा विगत र भविष्यत्का रूपमा आगतको अवस्थिति रहेको हुन्छ । हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

शुक्रोऽसि भ्राजोऽसि । स यथा त्वं भ्राजता भ्राजोऽस्येवाहं भ्राजता भ्राज्यासम् ॥२०॥

हे सूर्यदेवता ! तिमी तेजस्वी भएर देदीप्यमान रहन्छौ । हे देवता ! जसरी तिमी सम्पूर्ण विश्वलाई आफ्नो तेजस्विताले प्रकाशित गर्दछौ, उसै किसिमले हामी उपासकहरू पनि तेजोमय प्रकाश प्राप्त गर्दछौं ।

रुचिरसि रोचोऽसि । स यथा त्वं रुच्या रोचोऽस्येवाहं पशुभिश्च ब्राह्मणवर्चसेन च रुचिषीय ॥२१॥

हे सूर्यदेवता ! तिमी दीप्तिका रूपमा देदीप्यमान रहने गर्दछौ । जसरी तिमी विश्वका दीप्तिले देदीप्यमान रहन्छौ, उसै गरी हामी पनि गाई, अश्व आदि पशु र ब्रह्मतेजले प्रकाशमान रहौं ।

उद्यते नम उदायते नम उदिताय नमः । विराजे नमः स्वराजे नमः सम्राजे नमः ॥२२॥

हे सूर्यदेवता ! तिम्रो उदीयमान अवस्थालाई नमस्कार, माथि उठ्तै आएका अवस्थालाई नमस्कार, उदाइसकेका अवस्थालाई नमस्कार, विशेष दीप्तिमान्‌लाई नमस्कार, आफ्नै तेजले झलमल्ल अवस्थालाई नमस्कार र उत्कृष्ट रूपले प्रकाशमान अवस्थालाई हाम्रो नमस्कार छ ।

अस्तंयते नमोऽस्तमेष्यते नमोऽस्तमिताय नमः । विराजे नमः स्वराजे नमः सम्राजे नमः ॥२३॥

अस्ताउने अवस्थालाई नमस्कार, आधा अस्ताएका अवस्थालाई नमस्कार, सबै अस्ताएका अवस्थालाई हाम्रो नमस्कार छ । विशेष तेजवान्, श्रेष्ठ प्रकाशमान र आफ्नै तेजस्विताले प्रकाशित हुने गरेका सूर्यदेवतालाई हामी वन्दना गर्दछौं ।

उदगादयमादित्यो विश्वेन तपसा सह । सपत्नान् मह्यं रन्धयन् मा चाहं द्विषते रधं तवेद् विष्णो बहुधा वीर्याणि । त्वं नः पृणीहि पशुभिर्विश्वरूपैः सुधायां मा धेहि परमे व्योमन् ॥२४॥

आफ्नै किरणसमूहले सम्पूर्ण लोकलाई उचित किसिमले प्रकाशित गराउँदै अन्धकार तथा रोगव्याधरूपी हाम्रा शत्रुहरूलाई हटाउँदै सूर्यदेवता उदाएका छन् । हे सूर्यदेवता ! तिम्रो कृपादृष्टिले हामीलाई दुष्ट विकृतिहरूले वशमा पार्न नसकून् । हे व्यापक हे विष्णुको रूपमा रहेका सूर्यदेवता ! अनन्त पराक्रमी शौर्यले युक्त तिम्रा कार्यहरू हुन्छन् । हामीलाई तिमी विभिन्न किसिमका आकृति भएका पशुधनले युक्त गराऊ, अन्त्यमा परम व्योमरूपी स्वर्गलोकमा प्रतिष्ठित गराऊ र सुधारसले सन्तुष्ट गराऊ ।

आदित्य नावमारुक्षः शतारित्रां स्वस्तये । अहर्मात्यपीपरो रात्रिं सत्राति पारय ॥२५॥

हे सूर्यदेवता ! हाम्रो कल्याणका निम्ति तिमी सयौं खियाउने डाड नामका साधनले युक्त नौकामा आरोहण गर । हे सूर्यदेवता ! दिनमा र रातमा पनि तिमी हामीसँगै रहेर पार लगाऊ ।

सूर्य नावमारुक्षः शतारित्रां स्वस्तये । रात्रिं मात्यपीपरोऽहः सत्राति पारय ॥२६॥

हे सूर्यदेवता ! तिमी आकाशरूपी समुद्र तरेर संसारको हित गर्नका लागि वायुरूपी डाड नामको साधनले युक्त नौकामा आरोहण गरेका छौ । हामीलाई तिमीले कुशलतापूर्वक रात्रिबाट पार लगाएका छौ, यसै गरी अब हामीलाई दिनदेखि पनि पार लगाऊ ।

प्रजापतेरावृतो ब्रह्मणा वर्मणाहं कश्यपस्य ज्योतिषा वर्चसा च । जरदष्टिः कृतवीर्यो विहायाः सहस्रायुः सुकृतश्चरेयम् ॥२७॥

प्रजापतिका रूपमा रहेका सूर्यको ज्ञानरूपी कवचले ढाकिएर हामी उनै सर्वदर्शक कश्यपको तेज र शक्तिले सम्पन्न भएपछि वृद्ध अवस्थासम्म निरोगी रहँदै बलिया अङ्गअवयवले युक्त हुन पाऔं । अनि हामी चिरकालसम्म विभिन्न खालका भोगहरू उपभोग गर्न पाऔं । हाम्रो गति कतै पनि नरोकियोस् । हामी दीर्घायु प्राप्त गरेर लौकिक र वैदिक सम्पूर्ण क्रियाकलापलाई उचित किसिमले सम्पन्न गर्न सकौं र तिनै कार्यले स्वयं नै धनी बन्न सकौं । हे सूर्यदेवता ! हामी तिम्रो कृपापात्र हुन सकौं ।

परीवृतो ब्रह्मणा वर्मणाहं कश्यपस्य ज्योतिषा वर्चसा च । मा मा प्रापन्निषवो दैव्या या मा

मानुषीरवसृष्य वधाय ॥२८॥

सर्वद्रष्टा कश्यपका रूपमा रहेका आदित्यदेवताको मन्त्ररूपी कवच, उनको तेज र रश्मिक प्रकाशले हामी सधैँ संरक्षित रहन सकौँ । त्यसो भएपछि हाम्रो विनाशका निम्ति देवता वा मानिसहरूले हानेका बाण आदि आयुधले हामीलाई प्रभावित गर्न नसकून् र हाम्रो संहार गर्न उनीहरू समर्थ नहोऊन् ।

ऋतेन गुप्त ऋतुभिश्च सर्वैर्भूतेन गुप्तो भव्येन चाहम् । मा मा प्रापत् पाप्मा मोत मृत्युरन्तर्दधेऽहं सलिलेन वाचः ॥२९॥

हामी आफ्नो सत्यनिष्ठाका प्रभावले गर्दा वसन्त आदि ऋतुहरू तथा भूत काल र भविष्यत् कालमा उत्पन्न हुने खालका सबै पदार्थहरूले संरक्षित रहन सकौँ । नरक प्राप्त गराउने खालका पापकर्म र मृत्यु हामीले हामीलाई फेला नपारुन् । हामी मन्त्ररूपी वाणीले आफूलाई सुरक्षित र परिष्कृत गर्दछौँ ।

अग्निर्मा गोप्ता परि पातु विश्वत उद्यन्त्सूर्यो नुदतां मृत्युपाशान् । व्युच्छन्तीरुषसः पर्वता ध्रुवाः सहस्रं प्राणा मय्या यतन्ताम् ॥३०॥

सबैको संरक्षा गर्ने अग्निदेवताले सबै तिरबाट हामीलाई सुरक्षा गरून् । सूर्यदेवता उदाएर मृत्युका रूपमा छरिएका सर्प, अग्नि, बाघ आदि बन्धनबाट हामीलाई मुक्त गराऊन् । प्रकाशले सम्पन्न उषाकाल र स्थिर रहेका पर्वतहरूले हाम्रो मृत्युको बन्धन फुकाउन् । विभिन्न क्रियाहरूमा सचेष्ट रहँदै प्राणशक्ति हाम्रो आयु बढाउने काममा लागोस् । इन्द्रियशक्तिले पनि निरन्तर हामीलाई सचेत बनाइराखोस् ।

॥इति सप्तदशं काण्डम् ॥

सत्रौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुवरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथाष्टादशं काण्डम् ॥

१. पितृमेध सूक्त

ऋषि– अथर्वा । **देवता–** यम, मन्त्रोक्त, रुद्र, सरस्वती, पितरगण । **छन्द–** त्रिष्टुप्, आर्षी पङ्क्ति, भुरिक् त्रिष्टुप्, जगती, परोष्णिक्, अनुष्टुप्, परोबृहती ।

ओ चित् सखायं सख्या ववृत्यां तिरः पूरू चिदर्णवं जगन्वान् । पितुर्नपातमा दधीत वेधा अधि क्षमि प्रतरं दीध्यानः ॥१॥

हे यमदेवता ! विशाल समुद्रजस्तो व्योमका एकान्त प्रदेशमा सख्यभाव अथवा मित्रभावले मैले तिमीलाई भेट्न खोजेकी छु । नौकाजस्तो भएर यस विशाल संसारसागरबाट पार लगाउने पिताका नातिजस्ता असल सन्तान जन्माउनका लागि हामी परस्परमा संलग्न होऔँ भन्ने विधाताको इच्छा छ भनेर यमीले भनिन् ।

न ते सखा सख्यं वष्ट्येतत् सलक्ष्मा यद् विषुरूपा भवाति । महस्पुत्रासो असुरस्य वीरा दिवो धर्तार उर्विया परि ख्यन् ॥२॥

हे यमी ! तिम्रो सहयोगी यम तिमीलाई यसरी सम्पर्कमा सहयोग गर्ने कामना गर्न नसक्ने खालको छ, किनभने तिमी मेरी सहोदरा बहिनी हौ । हामीलाई यस्तो सुहाउँदो हुँदैन । वीर असुरपुत्रहरू दिव्यलोक आदिलाई धारण गर्दछन्, उनीहरू सर्वत्र विचरण गर्दछन्, यस्तो त उनीहरूलाई नै अभीष्ट वा सुहाउने कुरो हुनेछ भनेर यमले यमीलाई उत्तर दिए ।

उशन्ति घा ते अमृतास एतदेकस्य चित् त्यजसं मर्त्यस्य । नि ते मनो मनसि धाय्यस्मे जन्युः पतिस्तन्व१मा विविश्याः ॥३॥

हे यम ! यद्यपि मानिसहरूमा यस किसिमको संयोग त्याज्य छ, तापनि देवशक्तिहरूमा यस किसिमका संसर्गको इच्छा रहेकै हुन्छ । मेरो रहर बुझिदिने काम तिमी पनि गर । मेरा लागि पतिका रूपमा तिमी नै उपयुक्त छौ भनेर यमीले फेरि यमसित भनिन् ।

न यत् पुरा चकृमा कद्ध नूनमृतं वदन्तो अनृतं रपेम । गन्धर्वो अप्स्वप्या च योषा सा नौ नाभिः परमं जामि तन्नौ ॥४॥

हे यमी ! हामीले पहिले पनि यस खालको कृत्य गरेका छैनौँ । म साँचो कुरो बोल्दछु, असत्य बोल्दिनँ । अप् (जल) सृष्टिको मूल तत्त्व हो र त्यसैबाट गन्धर्व तथा त्यसै अप् तत्त्वबाट योषा जस्की मातृशक्ति नारी उत्पत्ति भए । हामी दुवैको उत्पादक उनै हुन् । हामी दुईको विशिष्ट सम्बन्ध यही हो, हामीले यसलाई निर्वाह गर्नुपर्दछ भनेर यमले भने ।

गर्भे नु नौ जनिता दम्पती कर्देवस्त्वष्टा सविता विश्वरूपः । नकिरस्य प्र मिनन्ति व्रतानि वेद नावस्य पृथिवी उत द्यौः ॥५॥

हे यम ! सर्वप्रेरक र सर्वव्यापी उत्पादनकर्ता त्वष्टादेवताले हामीलाई गर्भमा नै सँगसँगै रहने दम्पतीका रूपमा सम्बद्ध गराएका छन् । उनै प्रजापालक परमेश्वरका विधिव्यवस्था तथा इच्छालाई उल्लङ्घन कसैले पनि सक्दैन । हाम्रो यस सम्बन्धका विषयमा पृथ्वी र द्युलोकलाई पनि थाहा छ भनेर यमीले भनिन् ।

को अद्य युङ्क्ते धुरि गा ऋतस्य शिमीवतो भामिनो दुर्हृणायून् । आसन्निषून् हृत्स्वसो मयोभून् य एषां भृत्यामृणधत् स जीवात् ॥६॥

हे सामर्थ्य भएका शत्रुमाथि क्रोध गर्ने, बाण धारण गर्ने, लक्ष्य बनाएर प्रहार गर्ने इन्द्रदेवताको रथको धुरो ऋत नामको सत्यरूपी यज्ञ हो । त्यसमा अश्वलाई आज कसले जोड्दछ ? जसले

त्यस्तो गर्दछ, आज प्राणवान् जीवित उही रहन सक्छ ।

को अस्य वेद प्रथमस्याह्नः क ई ददर्श क इह प्र वोचत् । बृहन्मित्रस्य वरुणस्य धाम कदु ब्रव आहनो वीच्या नॄन् ॥७॥

हे यम ! यस प्रथम दिनको कुरासँग को परिचित छ र ? यसलाई कसले पो देखेको छ र ? यस खालको पारस्परिक सम्बन्धलाई वर्णन गर्न कसले पो सक्छ र ? मित्रावरुणका यस महान् धाममा तिमी अधःपतन हुने कुरो तिमीले कसरी गर्न सकेका छौ ? भनी यमीले भनिन् ।

यमस्य मा यम्यं१ काम आगन्त्समाने योनौ सहशेय्याय । जायेव पत्ये तन्वं रिरिच्यां वि चिद् वृहेव रथ्येव चक्रा ॥८॥

पतिका लागि पत्नीको जस्तै समर्पणका भावले म तिमीप्रति आफू समर्पित हुन्छु । एकै ठाउँमा सँगै बसेर कर्म सम्पन्न गर्ने कामना मलाई प्राप्त भएको छ । हामी रथका दुई पाङ्ग्राजस्तै भएर एक समान रूपमा कार्यमा लागौँ भनेर यमीले यमसित भनिन् ।

न तिष्ठन्ति न नि मिषन्त्येते देवानां स्पश इह ये चरन्ति । अन्येन मदाहनो याहि तूयं तेन वि वृह रथ्येव चक्रा ॥९॥

हे यमी ! यस लोकमा जेजति देवताका पार्षदहरू छन्, उनीहरू रातदिन विचरण गरिरहेका हुन्छन् । उनीहरू कहिल्यै कतै रोकिँदैनन् । उनका दृष्टिबाट कसैले पनि कुनै कुरो लुकाउन सक्दैन । हे बदनाम गराउने ! कृपया तिमी यस्ता खालको भावना लिएर मेरा नजिक नबस पर जाऊ र अरू नै कसैलाई पतिका रूपमा वरण गर भनेर यमले भने ।

रात्रीभिरस्मा अहभिर्दशस्येत् सूर्यस्य चक्षुर्मुहुरुन्मिमीयात् । दिवा पृथिव्या मिथुना सबन्धू यमीर्यमस्य विवृहादजामि ॥१०॥

हे यम ! रात्रि र दिवस दुवैले हाम्रो कामना पूर्ण गराऊन् । सूर्यका तेजले यमलाई तेजस्विता प्रदान गरोस् । द्युलोक र पृथ्वीको जस्तै हाम्रो सहयात्रीको सम्बन्ध अभिन्न रूपमा रहेको छ । त्यसैले यम र यमीको सहगामी सम्बन्धले सफलता पाओस्, यसमा कुनै खालको दोष लाग्नेछैन भनेर यमीले भनिन् ।

आ घा ता गच्छानुत्तरा युगानि यत्र जामयः कृणवन्नजामि । उप बर्बृहि वृषभाय बाहुमन्यमिच्छस्व सुभगे पतिं मत् ॥११॥

हे यमी ! यस्तो समय भविष्यमा आउन सक्ला, त्यस बेला दिदीबहिनीहरूले दाजुभाइको सम्बन्धविहीन भएर पतिका रूपमा वरण गर्लान् । तर हे सुभगे ! अहिले नै तिमी मसित पतिको सम्बन्ध पाउने आशा नगर । तिमी सन्तान उत्पादन गर्नका लागि अरू नै कसैसित आफ्नो इच्छा पूरा गराऊ भनेर यमले भने ।

किं भ्रातासद् यदनाथं भवाति किमु स्वसा यन्निर्ऋतिर्निगच्छात् । काममूता बह्वे३तद् रपामि तन्वा मे तन्वं१ सं पिपृग्धि ॥१२॥

हे यम ! कसैका दिदीबहिनी अनाथ भएर रहनुपर्दछ भने ती कस्ता दाजुभाइ हुन् ? जसले विवश भएर भाग्नुपर्दछ, ती कस्ता दिदीबहिनी हुन् ? कामभावनाले प्रेरित भएर मैले बारम्बार भनिरहेकी छु, त्यसैले आपसमा हामी शरीरलाई संलग्न गराऔँ भनेर यमीले यमलाई भनिन् ।

न ते नाथं यमयत्राहमस्मि न ते तनूं तन्वा३ सं पपृच्याम् । अन्येन मत् प्रमुदः कल्पयस्व न ते भ्राता सुभगे वष्ट्येतत् ॥१३॥

हे यमी ! यहाँ म तिम्रो पति होइनँ, त्यसैले मैले तिमीलाई आफ्नो शरीरसँग टाँस्न उपयुक्त हुँदैन । मसितको यस्तो अभिलाषा तिमी छोडिदेऊ र अन्य कुनै पुरुषसँग आनन्दको उपभोग गर । हे सौभाग्यवती ! तिम्रो दाजुभाइ यो यम यस किसिमको दाम्पत्य सम्बन्ध तिमीसित स्थापित गर्न सक्ने अवस्थामा छैन भनेर यमले भने ।

न वा उ ते तनूं तन्वा३ सं पपृच्यां पापमाहुर्यः स्वसारं निगच्छात् । असंयदेतन्मनसो हृदो मे भ्राता स्वसुः शयने यच्छयीय ॥१४॥

हे यमी ! तिमीसँग म आफ्नो शरीर कुनै पनि अवस्थामा संयुक्त गराउन सहमत छैनँ । धर्मको ज्ञान भएका दाजुभाइ र दिदीबहिनीको पवित्र सम्बन्धमा यस खालको धर्मविरुद्ध आचरण गर्नुलाई पापकर्म भनिएको छ । म दाजुभाइ हुनाले दिदीबहिनीका ओछ्यानमा सुतूँ भन्ने कुरो हृदयको भावना र मस्तिष्कको बुद्धि यी दुवै दृष्टिले अनुपयुक्त हुन्छ भनेर पूर्वोक्त कथनलाई सुदृढता प्रदान गर्दै यमले भने ।

बतो बतासि यम नैव ते मनो हृदयं चाविदाम । अन्या किल त्वां कक्ष्येव युक्तं परि ष्वजातै लिबुजेव वृक्षम् ॥१५॥

हे यम ! तिमी ज्यादै काँतर रहेछौ । तिम्रो मनको बुद्धि र हृदयको भाव बुझ्नमा मेरो गल्ती भएछ । डोरीले घोडा बाँधेझैँ अथवा लहराले रुख बेरेझैँ अरू कुनै स्त्रीले तिमीलाई अँगालो हाल्न हुन्छ ? हुन्छ भने मैले किन नहुने ? भनेर यमीले यमलाई भनिन् ।

अन्यमु षु यम्यन्य उ त्वां परि ष्वजातै लिबुजेव वृक्षम् । तस्य वा त्वं मन इच्छा स वा तवाधा कृणुष्व सविदं सुभद्राम् ॥१६॥

हे यमी ! जब तिमीलाई यस किसिमको जानकारी छ भनेदेखि, तिमी पनि कुनै अन्य पुरुषलाई लहराले रुखको आश्रय लिएर बेरिएझैँ पतिका रूपमा स्वीकार गर । हृदयको रहरअनुसार आपसमा आचरण गर र उसैबाट आफ्नो मङ्गलकारी सुख प्राप्त गर ।

त्रीणि च्छन्दांसि कवया वि येतिरे पुरुरूपं दर्शतं विश्वचक्षणम् । आपो वाता ओषधयस्तान्येकस्मिन् भुवन आर्पितानि ॥१७॥

विद्वान्हरूले यस संसारलाई ढाक्ने गरेका जल, वायु र प्राण यी तीन तत्त्वलाई निर्वाह गर्नका लागि विभिन्न कार्यमा संलग्न गराएका छन् । यी तीनैमा प्रत्येक वटा नै अनेकौँ रूपले युक्त हुन्छन् । त्यो अद्भुत र सबैका लागि दर्शनयोग्य कुरो हो । यी जल, वायु र औषधिहरूलाई देवशक्तिले भूगोलमा निर्वाह गर्नका लागि स्थापित गरेका छन् ।

वृषा वृष्णे दुदुहे दोहसा दिवः पयांसि यह्वो अदितेरदाभ्यः । विश्वं स वेद वरुणो यथा धिया स यज्ञियो यजति यज्ञियाँ ऋतून् ॥१८॥

वर्षणशील, महिमायुक्त र अदम्य अग्निदेवताले अन्तरिक्षमा रहेका मेघलाई दोहन गरेर यज्ञ सम्पन्न गर्ने यजमानका लागि जलको वर्षा गराए, त्यसै गरी अन्तर्ज्ञानले सम्पन्न वरुणदेवता सम्पूर्ण संसारका ज्ञाता भएका छन् र उनीहरू यज्ञमा प्रयुक्त अग्निदेवतालाई ऋचाहरूको अनुरूप नै अर्चना गर्दछन् ।

रपद् गन्धर्वीरप्या च योषणा नदस्य नादे परि पातु नो मनः । इष्टस्य मध्ये अदितिर्नि धातु नो भ्राता नो ज्येष्ठः प्रथमो वि वोचति ॥१९॥

अग्निदेवताको महिमा गाउने गन्धर्वका पत्नीरूपी वाणी र जलले शुद्ध गरिएको हविद्वारा अग्निदेवतालाई सन्तुष्ट गराइयो । एकाग्रतापूर्वक स्तोत्रगान गर्ने साधकहरूलाई अखण्ड अग्निदेवताले यज्ञीय सत्कर्मतर्फ प्रेरित गरून् । हाम्रा ज्येष्ठ भ्राताजस्ता बनेर यजमानहरूमा प्रमुखले यज्ञ सञ्चालक यी अग्निदेवतालाई प्रार्थना गर्दछन् ।

सो चिन्नु भद्रा क्षुमती यशस्वत्युषा उवास मनवे स्वर्वती । यदीमुशन्तमुशतामनु क्रतुमग्निं होतारं विदथाय जीजनन् ॥२०॥

यशको कामना गर्ने साधकहरू ब्राह्ममुहूर्तमा जब यज्ञादि कर्म सम्पन्न गर्नका लागि अग्निदेवतालाई प्रकट गराउँछन्, उसै बेला पक्कै पनि सबैलाई कल्याण गर्ने, पोषक तत्त्वले सम्पन्न सवितादेवताका तेजले देदीप्यमान उषा प्रकाशित हुने गर्दछिन् ।

अध त्यं द्रप्सं विभ्वं विचक्षणं विराभरदिषिरः श्येनो अध्वरे । यदी विशो वृणते दस्ममार्या अग्निं होतारमध धीरजायत ॥२१॥

यस दिव्य उषाको आवरणपछि यज्ञलाई प्रेरित गर्ने सुपर्ण श्येनरूपी सूर्यले बलशाली, महिमामय दर्शनीय सोमलाई समुचित मात्रामा ल्याइयो । जुन बेला श्रेष्ठ जनले सम्मुख जानेयोग्य दर्शनीय तथा देवतालाई आह्वान गर्ने अग्निदेवताको स्तुति गर्दछन् यज्ञको उसै समयमा बुद्धिलाई धारण गर्ने क्षमता उत्पन्न हुने गर्दछ ।

सदासि रण्वो यवसेव पुष्यते होत्राभिरग्ने मनुषः स्वध्वरः । चिप्रस्य वा यच्छशमान उक्थ्योऽ वाजं ससवाँ उपयासि भूरिभिः ॥२२॥

हे अग्निदेवता ! पशुहरूका लागि घाँस आदि आहार विशेष रुचिकर भएझैँ तिमी सबैका लागि सधैँ रमणीय भएर उत्तम किसिमका यज्ञमा मानिसलाई कल्याणकारी भएका छौ । स्तोताहरूका स्तोत्रगानले प्रशंसित भएर तिमी हविष्यान्न ग्रहण गर्दै विभिन्न देवशक्तिहरूका साथमा हाम्रा यज्ञलाई सफल बनाऊ ।

उदीरय पितरा जार आ भगमियक्षति हर्यतो हृत्त इष्यति । विवक्ति वह्निः स्वपस्यते मखस्तविष्यते असुरो वेपते मती ॥२३॥

हे अग्निदेवता ! सूर्यदेवताले आफ्ना प्रकाशरूपी तेज सर्वत्र फिँजाएका छन् । तिमी पनि त्यसै गरी आफ्नो ज्वालारूपी तेज पृथ्वी र आकाशरूपी मातापितासामु विस्तृत गराऊ । सन्मार्गाभिलाषी यजमान अन्तःकरणबाट यज्ञ गर्नका लागि इच्छा गर्दछन् । अग्निदेवता स्तोत्रलाई संवर्धित गर्दछन् र यज्ञकर्ममा कुनै त्रुटि नरहोस् भनेर सधैँभरि जागरूक हुने गर्दछन् ।

यस्ते अग्ने सुमतिं मर्तो अख्यत् सहसः सूनो अति स प्र शृण्वे । इषं दधानो वहमानो अश्वैरा स द्युमाँ अमवान् भूषति द्यून् ॥२४॥

बलले उत्पन्न भएका हे अग्निदेवता ! जुन मानिसले तिम्रो सुमति प्राप्त गर्दछन्, तिनीहरूले विशेष ख्याति प्राप्त गर्दछन् । अन्न आदिले सम्पन्न भएर, अश्व आदिले युक्त भएर, तेजले सम्पन्न भएर र शक्तिशाली भएर ती मानिसहरूले दीर्घ जीवन प्राप्त गर्दछन् र सुखसौभाग्य प्राप्त गर्दछन् ।

श्रुधी नो अग्ने सदने सधस्थे युक्ष्वा रथममृतस्य द्रवित्नुम् । आ नो वह रोदसी देवपुत्रे माकिर्देवानामप भूरिह स्याः ॥२५॥

हे अग्निदेवता ! यी सम्पूर्ण देवताहरूद्वारा सम्पन्न गरिने यज्ञस्थलमा तिमी रहेर हामीले गरेको प्रार्थनाको अभिप्राय जान । तिमी आफ्नो अमृतवर्षक रथलाई नियोजित गर । देवशक्तिका मातापितारूपी द्युलोक र पृथ्वीलाई हाम्रा यज्ञमा लिएर आऊ । हाम्रा यज्ञकर्मले कुनै पनि देवता असन्तुष्ट नहोऊन् भन्नका लागि तिमी यहाँ बसिदेऊ । हामीले गर्ने अतिथिसत्कारबाट कुनै पनि देवता पृथक् नहोऊन् ।

यदग्न एषा समितिर्भवाति देवी देवेषु यजता यजत्र । रत्ना च यद् विभजासि स्वधावो भागं नो अत्र वसुमन्तं वीतात् ॥२६॥

हे स्वधायुक्त यज्ञीय अग्निदेवता ! जुन अवसरमा हामी यजनीय देवताहरूका लागि प्रार्थना सम्पन्न गर्दछौँ, जुन समयमा तिमी विभिन्न किसिमका रत्नादि द्रव्य यजमानहरूलाई वितरण गर्दछौ, उसै समयमा तिमी हामीलाई धनको अंश प्रदान गर ।

अन्वग्निरुषसामग्रमख्यदन्वहानि प्रथमो जातवेदाः । अनु सूर्य उषसो अनु रश्मीननु द्यावापृथिवी आ विवेश ॥२७॥

अग्निदेवताले सर्वप्रथम उषालाई र त्यसपछि दिनलाई प्रकट गराउँछन् । उनैले सूर्यको स्वरूप लिएर उषा, किरण र द्यावापृथिवीलाई प्रकट गराउँछन् । उत्पन्न भएका सर्ब पदार्थका ज्ञाता अग्निदेवता नै यी सबैमा भिन्नभिन्न रूपले व्याप्त भएर रहने गरेका छन् ।

प्रत्यग्निरुषसामग्रमख्यत् प्रत्यहानि प्रथमो जातवेदाः । प्रति सूर्यस्य पुरुधा च रश्मीन् प्रति द्यावापृथिवी आ ततान ॥२८॥

अग्निदेवता नित्य उषाकालमा प्रकाशित हुन्छन् र उनी नै दिनसँगै प्रत्यक्ष प्रकट हुन्छन् । श्रेष्ठ, ज्ञानले सम्पन्न जातवेद अग्निदेवता विभिन्न रूपमा सूर्यको रश्मिमा पनि स्वयं प्रकट भइरहेका हुन्छन् । उनैले द्युलोक र पृथ्वीलोकमा आफ्नो आलोक फिँजाउँछन् ।

द्यावा ह क्षामा प्रथमे ऋतेनाभिश्रावे भवतः सत्यवाचा । देवो यन्मर्तान् यजथाय कृण्वन्त्सीदद्धोता प्रत्यङ् स्वमसुं यन् ॥२९॥

यज्ञीय अवसरमा द्युलोक र पृथ्वीका सत्य वचनले अग्निदेवतालाई आह्वान गर्दछन् । त्यसपछि ज्ञानले सम्पन्न भएका अग्निदेवता पनि यज्ञीय कर्मतर्फ मानिसलाई प्रेरित गराउँछन् । उनै अग्निदेवता आफ्ना प्रज्वलित ज्योतिले अग्निमा प्रतिष्ठित भएर देवताहरूलाई आह्वान गर्नका लागि तत्पर हुन्छन् ।

देवो देवान् परिभूर्ऋतेन वहा नो हव्यं प्रथमश्चित्वान् । धुमकेतुः समिधा भाऋजीको मन्द्रो होता नित्यो वाचा यजीयान् ॥३०॥

दिव्य गुणले सम्पन्न, देवताहरूमा ऋत नामक सत्ययज्ञका प्रमुख ज्ञाता, सर्वोत्तम अग्निदेवताले हामीले प्रदान गरेको हविष्यान्न देवताहरूका समक्ष पुऱ्याइदिऊन् । धुवाँको ध्वजा लिएका, समिधाका बलमा माथितर्फ लाग्ने कान्तिले उज्यालो भएका, प्रशंसनीय, देवतालाई आह्वान गर्ने, नित्य अग्निदेवतालाई प्रार्थना गर्दै आहुति समर्पित गर्ने गरिन्छ ।

अर्चामि वां वर्धायापो घृतस्नू द्यावाभूमी शृणुतं रोदसी मे । अहा यद् देवा असुनीतिमायन् मध्वा नो अत्र पितरा शिशीताम् ॥३१॥

हे अग्निदेवता ! तिमी हाम्रा यज्ञीय कर्मलाई सम्पन्न गराऊ । हे जलवर्षक द्यावापृथिवी ! हामी तिमीहरूलाई स्तुति गर्दछौँ । हाम्रा यी स्तुतिको अभिप्राय बुझ । स्तोताहरू जुन बेला यज्ञका अवसरमा तिमीहरूको प्रार्थना गर्दछन्, उसै बेला मातापितारूपी पृथ्वी र द्युलोकले यहाँ जलको वर्षा गराएर हामीलाई विशेष सहायक सिद्ध होऊन् ।

स्वावृग् देवस्यामृतं यदी गोरतो जातासो धारयन्त उर्वी । विश्वे देवा अनु तत् ते यजुर्गुर्दुहे यदेनी दिव्यं घृतं वाः ॥३२॥

अग्निदेवताद्वारा सुख प्रदान गराउने जल उत्पन्न हुन्छ । त्यसै जलबाट उत्पन्न औषधिहरूलाई द्युलोक र पृथ्वीले पोषण प्रदान गर्दछन् । हे अग्निदेवता ! तिम्रो ज्वालाले स्वर्गलोकमा रहेको अमृत रसका रूपमा जललाई दोहन गरेको छ । सबै देवताहरूले उनको जलवर्षारूपी अनुदानको महिमालाई गाउने गरेका छन् ।

किं स्विन्नो राजा जगृहे कदस्याति व्रतं चकृमा को वि वेद । मित्रश्चिद्धि ष्मा जुहुराणो देवाञ्छ्लोको न यातामपि वाजो अस्ति ॥३३॥

के प्रज्वलित भएका अग्निदेवताले हाम्रो प्रार्थना र हविष्यान्न ग्रहण गर्लान् त ? के हामीले उनका नियम र व्रतहरूलाई उचित किसिमले निर्वाह गर्न सकौँला ? यस कुरालाई राम्ररी कसले जान्न सक्ला ? असल मित्रलाई बोलाएको जस्तै गरी हामीले आह्वान गरेपछि अग्निदेवता पनि प्रकट हुने गरेका छन् । हाम्रो यो प्रार्थना र हविष्यान्न देवताहरू भएतर्फ जाओस् ।

दुर्मन्त्वत्रामृतस्य नाम सलक्ष्मा यद् विषुरूपा भवाति । यमस्य यो मनवते सुमन्त्वग्ने तमृष्व पाह्यप्रयुच्छन् ॥३४॥

यस भूमिमा अमृतस्वरूप गुणले सम्पन्न भएर जल विभिन्न किसिमका स्वरूपमा व्याप्त भएर रहेको छ । यमदेवताका दृष्टिमा हुने अपराधलाई यसले क्षमा प्रदान गर्दछ । हे महिमासम्पन्न, तेजस्वी अग्निदेवता ! तिमी यस जललाई संरक्षण प्रदान गर ।

यस्मिन् देवा विदथे मादयन्ते विवस्वतः सदने धारयन्ते । सूर्ये ज्योतिरदधुर्मास्य१क्तून् परि द्योतनिं चरतो अजस्रा ॥३५॥

यमराजको यज्ञवेदीजस्तो पूजावेदीमा प्रतिष्ठित हुने देवताहरू अग्निदेवताको निकटता पाएर हर्षित हुन्छन् । यिनै अग्निले दिनमा तेजस्वी सूर्य र रात्रिमा चन्द्रमालाई स्थापित गराएका हुन् । चन्द्रसूर्य यी दुवैले निरन्तर रूपमा आफ्नो तेजस्विता धारण गरेका हुन्छन् ।

यस्मिन् देवा मन्मनि संचरन्त्यपीच्येऽ न वयमस्य विद्म । मित्रो नो अत्रादितिरनागान्त्सविता देवो वरुणाय वोचत् ॥३६॥

उनै सम्पन्न अग्निदेवताका उपस्थितिमा नै देवशक्तिहरूले आआफ्नो कार्य निर्वाह गर्दछन् । हामी उनका रहस्यमय स्वरूपलाई जान्नका लागि असमर्थ छौँ ।

सखाय आ शिषामहे ब्रह्मेन्द्राय वज्रिणे । स्तुष ऊ षु नृतमाय धृष्णवे ॥३७॥

हे मित्रहरू हो ! वज्र धारण गरेका इन्द्रलाई विभिन्न खालका स्तोत्रले स्तुति गर्दै हामीले उनका आशीर्वादको याचना गरेका छौँ । तिमीहामी सबैको कल्याणका लागि श्रेष्ठ वीर र शत्रुलाई पराजित गराउने इन्द्रदेवतालाई हामीले स्तुति गर्नुपर्दछ ।

शवसा ह्यसि श्रुतो वृत्रहत्येन वृत्रहा । मघैर्मघोनो अति शूर दाशसि ॥३८॥

हे याजक मित्रहरू हो ! वज्र धारण गर्ने इन्द्रदेवताका निम्ति हामी स्तुति पाठ गर्दछौँ । तिमीहरू पनि उनै शत्रुनाशक तथा महान् संहारक नायक इन्द्रदेवतालाई उचित किसिमले प्रार्थना गर ।

स्तेगो न क्षामत्येषि पृथिवीं मही नो वाता इह वान्तु भूमौ । मित्रो नो अत्र वरुणो युज्यमानो अग्निर्वने न व्यसृष्ट शोकम् ॥३९॥

वर्षा कालमा धर्तीबाट उफ्रेर भ्यागुताले पानीमा हाम फालेझैँ तिमीहरू पनि यस विशाल भूभागलाई छोडेर माथिको लोकतर्फ गमन गर्न सक । वायुदेवता, अग्निका सहायताले हाम्रा लागि सुखदायक रूपमा गतिशील होऊन् । प्राणीसमुदायका सखाका रूपमा रहेका मित्रदेवता र वरुणदेवताले अग्निकै सहायताले बिकामे झारपात डढाएर पूरै भस्म गराएझैँ गरी हाम्रा दुःखकष्टहरू पनि पर हटाइदिऊन् ।

स्तुहि श्रुतं गर्तसदं जनानां राजानं भीममुपहत्नुमुग्रम् । मृडा जरित्रे रुद्र स्तवानो अन्यमस्मत् ते नि वपन्तु सेन्यम् ॥४०॥

हे स्तोताहरू हो ! यशस्वी रथमा विराजमान तरुण सिंहजस्तो भय उत्पन्न गराउने, शत्रुसंहारक, बलशाली रुद्रदेवताको स्तुति गर । हे रुद्रदेवता ! स्तोताहरूलाई तिमी सुखी बनाऊ र तिम्रा सेनाले शत्रुलाई नाश गरोस् ।

सरस्वतीं देवयन्तो हवन्ते सरस्वतीमध्वरे तायमाने । सरस्वतीं सुकृतो हवन्ते सरस्वती दाशुषे वार्यं दात् ॥४१॥

दैवी गुणको इच्छा गर्ने मानिसहरू देवी सरस्वतीलाई आह्वान गर्दछन् । यज्ञ विस्तृत भएपछि उनीहरू सरस्वती देवीकै स्तुति गर्दछन् । श्रेष्ठ पुण्यात्माहरूले देवी सरस्वतीलाई आह्वान गर्दाखेरि उनै सरस्वतीले दानीहरूका आकाङ्क्षा पूरा गराउँछिन् ।

सरस्वतीं पितरो हवन्ते दक्षिणा यज्ञमभिनक्षमाणाः । आसद्यास्मिन् बर्हिषि मादयध्वमनमीवा इष आ धेह्यस्मे ॥४२॥

हामीले आह्वान गरेपछि दक्षिण दिशातर्फबाट आउने सबै पितृहरू उनै सरस्वतीलाई आमाका रूपमा पाएर खुसी हुन्छन् । उनै आमाको रूपमा रहेकी सरस्वती हाम्रा यस पितृयज्ञमा उपस्थित होऊन् । हामी उनलाई आह्वान गर्दछौँ । उनले प्रसन्नतापूर्वक हामीलाई उत्तम स्वास्थ्यकर अन्न प्रदान गरून् ।

सरस्वति या रसथं ययाथोक्थैः स्वधाभिर्देवि पितृभिर्मदन्ती । सहस्रार्घमिडो अत्र भागं रायस्पोषं यजमानाय धेहि ॥४३॥

हे सरस्वती देवी ! तिमी स्वधायुक्त अन्नले सन्तुष्ट भएर पितृहरूका साथमा एउटै रथमा आउने गर्दछ्यौ । मानिसलाई सन्तुष्ट गराउने खालका अन्नको भाग र वैभवको सम्पदा प्रदान गर्दछ्यौ । हामी साधकलाई पनि त्यस्तै खालको धन र वैभव प्रदान गर ।

उदीरतामवर उत् परास उन्मध्यमाः पितरः सोम्यासः । असुं य ईयुरवृका ऋतज्ञास्ते नोऽवन्तु पितरो हवेषु ॥४४॥

उत्तम, मध्यम र अधम गरी तीन किसिमका हाम्रा पितृहरू अनुग्रहपूर्वक यस यज्ञका अनुष्ठानमा उपस्थित भएका छन् । पुत्रको प्राणरक्षा गर्ने उद्देश्यले यज्ञमा समर्पित हविष्यान्न उनीहरूले ग्रहण गरून् र हामीलाई रक्षा गरून् ।

आहं पितृन्त्सुविदत्राँ अवित्सि नपातं च विक्रमणं च विष्णोः । बर्हिषदो य स्वधया सुतस्य भजन्त पित्वस्त इहागमिष्ठाः ॥४५॥

यज्ञका विधिविधान पूरा गर्ने अनेकौं किसिमका तरिकाहरू हामीले पितृहरूबाट नै सिकेका हौं भनेर उनीहरूले राम्ररी जानेका छन् । सबै पितृहरू यज्ञशालामा कुशका आसनमा प्रतिष्ठित भएर हविष्यान्न र सोमरस ग्रहण गरून् ।

इदं पितृभ्यो नमो अस्त्वद्य ये पूर्वासो ये अपरास ईयुः । ये पार्थिवे रजस्या निषत्ता ये वा नूनं सुवृजनासु दिक्षु ॥४६॥

पितामह आदि पूर्वज र उनीहरूभन्दा पछि मृत्यु भएका जेजति पितृहरू, अथवा पृथ्वीको राजसी भोगलाई उपभोग गर्नका लागि जो उत्पन्न भएकाहरू, अथवा जो सौभाग्यशाली बनेर रहेकाहरू, ती सबै नै हाम्रा वैभवशाली बन्धुबान्धवहरू सबैलाई हाम्रो नमस्कार छ ।

मातली कव्यैर्यमो अङ्गिरोभिर्बृहस्पतिर्ऋक्वभिर्वावृधानः । यांश्च देवा वावृधुर्ये च देवांस्ते नोऽवन्तु पितरो हवेषु ॥४७॥

इन्द्रदेवता कव्यले, यमदेवता अङ्गिरस्ले र बृहस्पतिदेवता ज्ञानले पोषण प्राप्त गरेर सन्तुष्ट हुने गर्दछन् । देवताहरूलाई वृद्धि गराउने अङ्गिरस् आदि पितृहरूले हाम्रो रक्षा गरून् भनेर हामी उनीहरूलाई आह्वान गर्दछौं ।

स्वादुष्किलायं मधुमाँ उतायं तीव्रः किलायं रसवाँ उतायम् । उतो न्व१स्य पपिवांसमिन्द्रं कश्चन सहत आहवेषु ॥४८॥

सोमरस तीक्ष्ण, मधुर र रुचिकर स्वादको हुने गर्दछ । यस्तो सोमरस पान गर्ने इन्द्रदेवतालाई युद्धमा कसैले पनि जित्न सक्दैन ।

परेयिवांसं प्रवतो महीरिति बहुभ्यः पन्थामनुपस्पशानम् । वैवस्वतं संगमनं जनानां यमं राजानं हविषा सपर्यत ॥४९॥

विस्तृत पृथ्वीलाई पार गरेर अत्यन्त दूरमा रहेका लोकमा लैजाने, अनेकौं पितृहरूले हिँडेको मार्गमा जाने गरेको विवस्वान्‌का पुत्र राजा यमलाई हविष्यान्न समर्पित गर्दै अर्चना गरौं ।

यमो नो गातुं प्रथमो विवेद नैषा गव्यूतिरपभर्तवा उ । यत्रा नः पूर्वे पितरः परेता एना जज्ञानाः पथ्या३ अनु स्वाः ॥५०॥

यमदेवताले हाम्रो गमनमार्ग सबैभन्दा पहिले चिनेका हुन् । त्यस मार्गलाई कसैले पनि परिवर्तन गर्न सक्दैन । जुन मार्गबाट हाम्रा उहिलेका पुर्खाहरू गए, उसै मार्गबाट सबै मानिसहरू आआफ्नो कर्मअनुसारको लक्ष्यतर्फ जान्छन् । हे सर्वोत्तम यमदेवता ! तिमी सबै मानिसहरूका पापरूपी दुष्कर्म र पुण्यरूपी सत्कर्मका विषयमा जान्न समर्थ छौ ।

बर्हिषदः पितर ऊत्य१र्वागिमा वो हव्या चकृमा जुषध्वम् । त आ गतावसा शंतमेनाधा नः शं योररपो दधात ॥५१॥

हे पितृहरू हो ! हामीले आह्वान गर्दा उपस्थित भएर कुशका आसनमा प्रतिष्ठित भइदेओ, हामीले प्रदान गरेका यिनलाई स्वीकार गरेर हामीलाई कल्याण गर । हामीलाई पापबाट बचाएर रक्षा गर ।

आच्या जानु दक्षिणतो निषद्येदं नो हविरभि गृणन्तु विश्वे । मा हिंसिष्ट पितरः केन चिन्नो यद् व आगः पुरुषता कराम ॥५२॥

हे पितृहरू हो ! तिमीहरू हाम्रो रक्षा गर्नका लागि आओ । यज्ञशालामा दक्षिणतर्फ घुँडा टेकेर बसेर यज्ञमा समर्पित गरिएका हविहरू ग्रहण गर । हामीबाट मानवीय भुलका कारण जेजति अपराधहरू भएका छन्, तिनको दोषका कारण हामीलाई दुःख नदेओ ।

त्वष्टा दुहित्रे वहतुं कृणोति तेनेदं विश्वं भुवनं समेति । यमस्य माता पर्युह्यमाना महो जाया विवस्वतो ननाश ॥५३॥

त्वष्टा वा स्रष्टाले आफ्नी पुत्रीका रूपमा रहेकी प्रकृतिलाई वहन गर्ने योग्य वरसित विवाह गराएका छन् । यस किसिमका प्रक्रियामा विश्वका समस्त प्राणीहरू नै सम्मिलित भएका छन् । यमकी माता सरण्युको विवाहको सम्बन्ध भएका समयमा विवस्वान् सूर्यकी पत्नी लुप्त भएकी थिइन् ।

प्रेहि प्रेहि पथिभिः पूर्याणैर्येना ते पूर्वे पितरः परेताः । उभा जारानौ स्वधया मदन्तौ यमं पश्यासि वरुणं च देवम् ॥५४॥

हे पिता ! जुन पुराना मार्गबाट हाम्रा पूर्वज पितृहरू गएका थिए, तिमी पनि उसै मार्गबाट जाऊ । त्यहाँ पुगेर स्वधारूपी अमृतमय अन्नले सन्तुष्ट भएर राजा यम र वरुणदेवताको दर्शन गर ।

अपेत वीत वी च सर्पतातोऽस्मा एतं पितरो लोकमक्रन् । अहोभिरद्भिरक्तुभिर्व्यक्तं यमो ददातयवसानमस्मै ॥५५॥

हे दुष्ट पिशाचहरू हो ! पितृहरूले यस मृतात्माका लागि यो स्थान निर्धारित गरेका छन् र यहीँ दाहकार्य गर्ने निश्चित गरेका छन् । त्यसैले तिमीहरू यो स्थान छोडेर अन्यत्र कतै पर जाओ । यमदेवताले दिनरात जलले यस स्थानलाई सेचन गरेर यो स्थान मृत शरीरका लागि प्रदान गरेका छन् ।

उशन्तस्त्वेधीमह्युशन्तः समिधीमहि । उशन्नुशत आ वह पितॄन् हविषे अत्तवे ॥५६॥

हे पवित्र यज्ञाग्नि ! हामी श्रद्धापूर्वक यत्न गर्दै तिमीलाई प्रतिष्ठित गराउँछौँ र प्रज्वलित गर्ने प्रयास गर्दछौँ । यज्ञको कामना गर्ने देवता या पितृहरू जेजति छन् उनीहरूका लागि समर्पित गरिएको हविष्यान्न तिमी पुऱ्याउँछौ ।

द्युमन्तस्त्वेधीमहि द्युमन्तः समिधीमहि । द्युमान् द्युमत आ वह पितॄन् हविषे अत्तवे ॥५७॥

हे अग्निदेवता ! दीप्तिमान् भएका अवस्थामा तिमीलाई हामी आह्वान गर्दछौँ । तिमी कान्तियुक्त भएर हविष्यान्न ग्रहण गर्नका लागि पितृहरूलाई साथमा लिएर आऊ ।

अङ्गिरसो नः पितरो नवग्वा अथर्वाणो भृगवः सोम्यासः । तेषां वयं सुमतौ यज्ञियानामपि भद्रे सौमनसे स्याम ॥५८॥

अङ्गिरा, अथर्वा र भृगु आदि हाम्रा पितृहरू अहिले भर्खरै मात्र आइपुगेका छन् । उनीहरू सबै नै सोमको इच्छा गर्दछन् । उनै पितृहरूको कृपादृष्टि हामीलाई उपलब्ध होस् । हामी उनीहरूका अनुग्रहले कल्याणकारी मार्गतर्फ अगाडि बढौँ ।

अङ्गिरोभिर्यज्ञियैरा गहीह यम वैरूपैरिह मादयस्व । विवस्वन्तं हुवे यः पिता तेऽस्मिन् बर्हिष्या विषद्य ॥५९॥

हे यमदेवता ! तिमी विरूप ऋषिका वंशमा उत्पन्न भएका अङ्गिरा आदि पूजनीय पितृहरूका साथमा यहाँ आऊ र यज्ञमा परितृप्ति प्राप्त गर । तिमीसँग हामी विवस्वान् पितालाई पनि आह्वान

गर्दछौँ । उनी पनि यस यज्ञमा आइपुगेर ओछ्याइएका कुशका आसनमा बसून् । तिमीहरू दुवै हविष्यान्न ग्रहण गरेर आनन्दित होओ ।

इमं यम प्रस्तरमा हि रोहाङ्गिरोभिः पितृभिः संविदानः । आ त्वा मन्त्राः कविशस्ता वहन्त्वेना राजन् हविषो मादयस्व ॥६०॥

हे यमदेवता ! अङ्गिरा आदि पितृहरूका साथमा तिमी हाम्रा यस यज्ञमा आएर विराजमान होऊ । जानी ऋत्विकहरूका स्तोत्रले तिमीलाई बोलाइरहेका छन् । हे मृत्युका अधिपति यमदेवता ! यस आहुतिले तृप्त भएर हामीलाई तिमी आनन्दित गराऊ ।

इत एत उदारुहन् दिवस्पृष्ठान्यारुहन् । प्र भूर्जयो यथा पथा द्यामङ्गिरसो ययुः ॥६१॥

यस ठाउँबाट पितृहरू ऊर्ध्वलोकतर्फ प्रस्थान गर्दछन् । त्यसपछि उनीहरूलाई दिव्यलोकका उपभोग्य स्थानमा प्रतिष्ठित गराइन्छ । जुन मार्गबाट भूमिमा विजयश्री प्राप्त गर्ने आङ्गिरस आदि पूर्वजहरू गएका हुन्, उसै मार्गबाट अन्य पितृहरू पनि दिव्यलोक पुग्ने गर्दछन् ।

२. पितृमेध सूक्त

ऋषि– अथर्वा । **देवता–** यम, मन्त्रोक्त, अग्नि, जातवेदा, पितृगण । **छन्द–** अनुष्टुप्, जगती, भुरिक् त्रिष्टुप्, त्रिष्टुप्, त्रिपदार्षी गायत्री, त्रिपदा समविषमार्षी गायत्री, विराट् जगती, आर्षी गायत्री, भुरिक् आर्षी गायत्री, ककुम्मती अनुष्टुप् ।

यमाय सोमः पवते यमाय क्रियते हविः । यमं ह यज्ञो गच्छतयग्निदूतो अरंकृतः ॥१॥

ऋषिहरू नियमका देवता यमका लागि यज्ञमा सोम पेल्ने काम गर्दछन् । उनीहरू यमका लागि आहुति समर्पित गर्दछन् । सोम र हविले अलङ्कृत अग्निदेवतालाई दूत बनाएर यज्ञदेवता यमदेवतातर्फ जान्छन् ।

यमाय मधुमत्तमं जुहोता प्र च तिष्ठत । इदं नम ऋषिभ्यः पूर्वजेभ्यः पथिकृद्भ्यः ॥२॥

हे ऋत्विक्हरू हो ! तिमीहरू यमदेवताका लागि अति मधुर आहुति प्रदान गर र यमका लागि प्रतिष्ठा पनि समर्पित गर । यसै गरी पहिलेका पितृहरूको मार्ग निर्माण गर्ने मन्त्रद्रष्टा ऋषिहरूलाई नमस्कार गर ।

यमाय घृतवत् पयो राज्ञे हविर्जुहोतन । स नो जीवेष्वा यमेद् दीर्घमायुः प्र जीवसे ॥३॥

हे ऋत्विक्हरू हो ! यमराजका निम्ति घिउले युक्त खिर हविका रूपमा समर्पित गर । उनले त्यो हविष्यान्न स्वीकार गरेर हाम्रो जीवन संरक्षित गर्दै हामीलाई सय वर्षको आयु प्रदान गरून् ।

मैनमग्ने वि दहो माभि शूशुचो मास्य त्वचं चिक्षिपो मा शरीरम् । शृतं यदा करसि जातवेदोऽथेमेनं प्र हिणुतात् पितॄँरुप ॥४॥

हे अग्निदेवता ! यस मृतात्मालाई दुःख नदिइकन अन्त्येष्टि संस्कार सम्पन्न गराऊ । यस मृतात्मालाई छिन्नभिन्न नपारिदेऊ । हे सर्वज्ञदेवता ! तिम्रा ज्वालाले जब यस मृत शरीरलाई भस्म गराउँछ त्यसपछि यसलाई पितृहरूका निकटमा पठाइदेऊ ।

यदा शृतं कृणवो जातवेदोऽथेममेनं परि दत्तात् पितृभ्यः । यदो गच्छात्यसुनीतिमेतामथ देवानां वशनीर्भवाति ॥५॥

हे सर्वज्ञ अग्निदेवता ! तिमी जब मृत शरीरलाई पूर्ण रूपमा डढाएर भस्म गराउँछौ, त्यसपछि यसको मृतात्मा पितृहरूलाई समर्पित गरिदेऊ । यस मृतात्माले जब अर्को शरीर धारण गर्दछ, त्यति बेला यो देवताहरूका आश्रयमा नै रहने होस् ।

त्रिकद्रुकेभिः पवते षडुर्वीरेकमिद् बृहत् । त्रिष्टुब् गायत्री छन्दांसि सर्वा ता यम आर्पिता ॥६॥

उडद यम ज्योति, गाई र आयुका नामका त्रिकद्रुक भन्ने यज्ञमा व्याप्त भएर रहेका छन् । उनै यमदेवता द्युलोक, भूलोक, जल, औषधि, ऋक् र सूनृत् नामका छ वटा स्थानमा निवास गर्दछन् । त्रिष्टुप्, गायत्री र अन्य सबै छन्दहरूका माध्यमबाट हामी उनलाई स्तुतिगान गर्दछौँ ।

सूर्यं चक्षुषा गच्छ वातमात्मना दिवं च गच्छ पृथिवीं च धर्मभिः । अपो वा गच्छ यदि तत्र ते हितमोषधीषु प्रति तिष्ठा शरीरैः ॥७॥

हे मृत मनुष्य ! तिम्रो प्राण वायुमा र आँखाहरू सूर्यमा विलीन होऊन् । तिमी आफ्ना पुण्य कर्मको फल प्राप्त गर्नका लागि स्वर्ग, पृथ्वी वा जलमा निवास गर । यदि वृक्ष वा अन्य वनस्पतिमा तिम्रो कल्याण रहेको छ भनेदेखि सूक्ष्म शरीरले तिनीहरूमै तिमी प्रवेश गर ।

अजो भागस्तपसस्तं तपस्व तं ते शोचिस्तपतु तं ते अर्चिः । यास्ते शिवास्तन्वो जातवेदस्ताभिर्वहैनं सुकृतामु लोकम् ॥८॥

हे अग्निदेवता ! यस मृत व्यक्तिमा रहेको जुन अविनाशी ईश्वरीय अंश छ, त्यसलाई तिमी आफ्ना तेजले तताएर प्रखर गराऊ । तिम्रा ज्वालाले त्यसलाई बलियो बनाऊन् । हे सर्वज्ञाता अग्निदेवता ! तिमी आफ्ना कल्याणकारी विभूतिले त्यसलाई पुण्यात्माहरूका लोकमा पुऱ्याइदेऊ ।

यास्ते शोचयो रंहयो जातवेदो याभिरापृणासि दिवमन्तरिक्षम् । अजं यन्तमनु ताः समृण्वतामथेतराभिः शिवतमाभिः शृतं कृधि ॥९॥

हे सर्वज्ञ अग्निदेवता ! तिम्रा पवित्र एवं तीव्रगामी ज्वालाहरू जुन छन्, जुन ज्वालाले तिमी द्युलोक र अन्तरिक्षलोक संव्याप्त हुने गर्दछौ, तिनै ज्वालाले तिमी यस जन्मविहीन आत्मालाई प्राप्त गर । अन्य किसिमका मङ्गलमय ज्वालाले यो मृत शरीर हविझैँ डढाएर भस्म गराऊ ।

अव सृज पुनरग्ने पितृभ्यो यस्त आहुतश्चरति स्वधावान् । आयुर्वसान उप यातु शेषः सं गच्छतां तन्वा सुवर्चाः ॥१०॥

हे अग्निदेवता ! आहुतिका रूपमा तिमीलाई जुन मृत शरीर समर्पित गरिएको छ, जुन हामीले प्रदान गरेको स्वधारूपी अन्नले युक्त भएर तिमीमा गतिशील छ, त्यसलाई तिमी फेरि पितृलोक जानका लागि मुक्त गराऊ । यसका सन्तानले दीर्घायु प्राप्त गरून् र उनीहरू आआफ्ना घरतर्फ फर्किऊन् । यसले श्रेष्ठ तेजस्विताले युक्त र पितृलोकमा आश्रय पाउने खालको शरीर प्राप्त गरोस् ।

अति द्रव श्वानौ सारमेयौ चतुरक्षौ शबलौ साधुना पथा । अधा पितृन्त्सुविदत्राँ अपीहि यमेन ये सधमादं मदन्ति ॥११॥

हे मृतात्मा ! चार आँखा भएका, अद्भुत रूपका, सरमाका पुत्र तथा आपसमा सँगसँगै रमाउने हुनाले सारमेय नाम भएका यी दुई कुकुरहरूका निकटबाट तिमी गमन गर । त्यसपछि यमदेवतासित सधैँ हर्षित हुने गरेका जुन पितृहरू छन्, तिनै विशिष्ट ज्ञानले सम्पन्न पितृहरूको निकटता तिमी प्राप्त गर ।

यौ ते श्वानौ यम रक्षितारौ चतुरक्षौ पथिषदी नृचक्षसा । ताभ्यां राजन् परि धेह्येनं स्वस्त्यस्मा अनमीवं च धेहि ॥१२॥

हे मृत्युका देवता यम ! तिम्रो गृहरक्षक मार्गरक्षक तथा ऋषिहरूबाट ख्याति प्राप्त गरेका चार आँखा भएका जुन दुई श्वानहरू छन्, तिनबाट यस मृतात्माको रक्षा गर । यस मृतात्मालाई कल्याणको भागी बनाएर पापकर्मबाट मुक्त गराऊ ।

उरूणसावसुतृपावुदुम्बलौ यमस्य दूतौ चरतो जनाँ अनु । तावस्मभ्यं दृशये सूर्याय पुनर्दातामसुमद्येह भद्रम् ॥१३॥

यमदेवताका लामो नाक भएका, ज्यान मार्ने यी दुई वटा कुकुर ज्यादै बलिया छन् । मानिसको ज्यान लिने लक्ष्य बनाएर नै यिनीहरू घुमिरहन्छन् । यी दुवै यमदूतले हामीलाई कल्याणकारी सूर्यको दर्शन गर्नका लागि प्राणदान दिने कृपा गरून् ।

सोम एकेभ्यः पवते घृतमेक उपासते । येभ्यो मधु प्रधावति तांश्चिदेवापि गच्छतात् ॥१४॥

कुनै पितृहरूका लागि सोमरस उपलब्ध रहन्छ भने कुनैले घिउको आहुति सेवन गर्दछन् । हे

प्रेतात्मा ! जसका लागि मधुर रसको धारा प्रवाहित हुने गरेको छ, तिमी उनीहरूकै नजिक जाऊ ।

ये चित् पूर्व ऋतसाता ऋतजाता ऋतावृधः । ऋषीन् तपस्वतो यम तपोजाँ अपि गच्छतात् ॥१५॥

उहिलेका पुरुषहरूमध्ये जसले सत्यको पालन गर्दथे, जो सत्यका रूपमा रहेको यज्ञलाई संवर्द्धन गर्दथे, जो तपस्याका ऊर्जाले सम्पन्न भएका थिए, जो इन्द्रियविजयी भएका थिए त्यस्ता मन्त्रद्रष्टा ऋषिहरूका नजिकमा नै यमदेवताको अनुशासनले युक्त हुँदै मृतात्म पनि पुगोस् ।

तपसा ये अनाधृष्यास्तपसा ये स्वर्ययुः । तपो ये चक्रिरे महस्तांश्चिदेवापि गच्छतात् ॥१६॥

तपस्याका प्रभावले गर्दा जो कुनै पनि किसिमले पराजित हुँदैनन्, जो तपस्याकै कारण स्वर्गलोक प्राप्त गर्दछन् र जसले तपका सबै खालका साधना सम्पन्न गरेका छन्, हे प्रेतात्मा ! तिमी उनीहरूसँगै जाऊ ।

ये युध्यन्ते प्रधनेषु शूरासो ये तनूत्यजः । ये वा सहस्रदक्षिणास्तांश्चिदेवापि गच्छतात् ॥१७॥

हे प्रेतात्मा ! जुन शूरवीरहरूले सङ्ग्राममा आफ्ना ज्यानको आहुति दिएर वीरगति प्राप्त गरेका छन् अथवा जसले अनेकौँ किसिमका दान दिएर आफ्नो कीर्ति संसारमा अमर गराएका छन् तिमी तिनीहरूकै साथ लागेर जाऊ ।

सहस्रणीथाः कवयो ये गोपायन्ति सूर्यम् । ऋषीन् तपस्वतो यम तपोजाँ अपि गच्छतात् ॥१८॥

जुन श्रेष्ठ मनीषीहरूले जीवनमा हजारौँ किसिमका ज्ञान र सिपका विधाहरूको विकास गरे, जसले सूर्यको शक्तिलाई संरक्षण गरे र तपस्याका बलले जसले तपस्वी जीवन निर्वाह गरे, हे मृतात्मा ! तिमी उनीहरूकै साथमा लागेर जाऊ ।

स्योनास्मै भव पृथिव्यनृक्षरा निवेशनी । यच्छास्मै शर्म सप्रथाः ॥१९॥

हे पृथ्वीदेवी ! यिनका लागि तिमी सुखदायिनी, दुःखकष्टनिवारक, प्रवेश गर्ने योग्य र शान्तिप्रदायिनी भएर विस्तारित होऊ ।

असंबाधे पृथिव्या उरौ लोके नि धीयस्व । स्वधा याश्चकृषे जीवन् तास्ते सन्तु मधुश्चुतः ॥२०॥

हे मृत्युको सन्निकट पुगेकाहरू हो ! तिमीहरूले यज्ञवेदीरूपी विस्तृत एवं दर्शनीय स्थलमा रहेर सर्वप्रथम पितृ र देवताहरूका लागि स्वधायुक्त आहुति जेजति समर्पित गरेका थियौ, उही नै तिमीहरूलाई मधु आदि रसको रूपमा प्रवाहित हुँदै गरेको अवस्थामा प्राप्त होस् ।

ह्वयामि ते मनसा मन इहेमान् गृहाँ उप जुजुषाण एहि । सं गच्छस्व पितृभिः सं यमेन स्योनास्त्वा वाता उप वान्तु शग्माः ॥२१॥

हे प्रेतपुरुष ! हामी आफ्ना मनले तिमीहरूका मनलाई बोलाउँछौँ । जुन घरमा पितृकर्म गरिन्छ, तिनै घरमा तिमीहरू आओ । संस्कार क्रिया सम्पन्न गरिसकेपछि पिता, पितामह र प्रपितामहहरूका साथमा सपिण्डीकरण गर्दै तिमीहरू एकाकार होओ र यमराजका लोकमा प्रस्थान गर । तिमीहरूका लागि सुखदायक वायुदेवता प्रवाहित भइरहून् ।

उत् त्वा वहन्तु मरुत उदवाहा उदप्रुतः । अजेन कृण्वन्तः शीतं वर्षेणोक्षन्तु बालिति ॥२२॥

हे प्रेतपुरुष ! तिमीलाई मरुत्गणले अन्तरिक्षमा धारण गरून् अथवा वायुदेवताले माथिल्लो लोकमा लैजाऊन् । गर्जन गर्दै जल धारण गरेर वर्षा गराउने मेघले निकटमा रहेका अजन्मा शक्तिसँगै तिमीलाई वर्षाका जलले सेचन गरून् ।

उदह्वमायुरायुषे क्रत्वे दक्षाय जीवसे । स्वान् गच्छतु ते मनो अधा पितॄँरुप द्रव ॥२३॥

हे पितृहरू हो ! तिमीहरूलाई हामी दीर्घायु, प्राण, अपान र जीवन प्राप्त गर्नका लागि आमन्त्रित गर्दछौँ । तिमीहरूका मनले संस्कार क्रियाबाट प्रकट भएको नयाँ शरीर प्राप्त गरोस् । त्यसपछि

तिमीहरू वसुका रूपमा रहेका पितृहरूका निकटमा पुग ।

मा ते मनो मासोर्माङ्गानां मा रसस्य ते । मा ते हास्त तन्व१ः किं चनेह ॥२४॥

हे पितृहरू हो ! यस संसारमा निवास गर्दा तिमीहरूका मनले तिमीहरूलाई त्यागेर नजाओस् । तिमीहरूका प्राणको कुनै पनि अंश क्षीण नहोस् र तिमीहरूका हातगोडा आदिमा कुनै पनि खालको विकार उत्पन्न नहोस् । शरीरको रक्त आदि सबै रसले अलिकति मात्रामा पनि शरीर परित्याग नगरून् । यस लोकमा भएका कुनै शारीरिक अङ्गले पनि तिमीहरूबाट विहीन हुन नपरोस् ।

मा त्वा वृक्षः सं बाधिष्ट मा देवी पृथिवी मही । लोकं पितृषु वित्त्वैधस्व यमराजसु ॥२५॥

हे पितृ आदि पुरुषहरू हो ! तिमीहरू जुन वृक्षमुनि आराम गर्दछौ, त्यो वृक्ष तिमीहरूका लागि बाधक नहोस् । तिमीहरू जुन दिव्य गुणले सम्पन्न पृथ्वीको आश्रय लिन्छौ, त्यसले पनि तिमीहरूलाई व्यथित नगरोस् । यमदेवता जसका राजा हुन्, ती पितृहरूमा स्थान प्राप्त गरेर तिमीहरू उन्नति गर ।

यत् ते अङ्गमतिहितं पराचैरपानः प्राणो य उ वा ते परेतः । तत् ते संगत्य पितरः सनीडा घासाद् घासं पुनरा वेशयन्तु ॥२६॥

हे प्रेतात्माहरू हो ! तिमीहरूका शरीरबाट जुन अङ्ग छुट्टिइसकेको छ तथा जुन अपान आदि सत्प्राण अर्को पटक प्रवेश नगर्नका लागि शरीरबाट बाहिर गइसकेको छ, ती सबैलाई नै तिमीहरूसँग निवास गर्ने गरेका पितृहरूले घाँससँग घाँस गाँसेर बाँधेझैं अर्को शरीरमा गाँसिदिऊन् ।

अपेमं जीवा अरुधन् गृहेभ्यस्तं निर्वहत परि ग्रामादितः । मृत्युर्यमस्यासीद् दूतः प्रचेता असून् पितृभ्यो गमयां चकार ॥२७॥

हे प्राणधारी बन्धुहरू हो ! यस प्रेतात्मालाई घरबाट बाहिर लिएर जाओ । यस मृत शरीरलाई उठाएर गाउँबस्तीभन्दा बाहिर लगौँ । श्रेष्ठ ज्ञानसम्पन्न यमराजका दूतका रूपमा रहेका मृत्युले यस मृत पुरुषको प्राण पितृहरूमा प्रवेश गराउनका लागि प्राप्त गरेका छन् ।

ये दस्यवः पितृषु प्रविष्य ज्ञातिमुखा अहुतादश्चरन्ति । परापुरो निपुरो ये भरन्त्यग्निष्टानस्मात् प्र धमाति यज्ञात् ॥२८॥

जुन दुष्ट प्रेतात्माहरू ज्ञानीहरूको जस्तै भेष वा आकृति बनाएर पिता, पितामह र प्रपितामह आदिमा घुसपैठ गर्दछन् र प्रदान गरिएको आहुति आदि हविष्यान्न भुक्याएर खान्छन्, जसले पिण्डदान गर्ने पुत्रपौत्रादिलाई विनाश गर्दछन्, हे अग्निदेवता ! पितृहरूका निम्ति सम्पन्न गरिएका यस यज्ञमा तिमी प्रसन्न भएर त्यस्ता छद्मवेशधारी असुरहरूलाई बाहिर निकाल ।

सं विशन्त्विह पितरः स्वा नः स्योनं कृण्वन्तः प्रतिरन्त आयुः । तेभ्यः शकेम हविषा नक्षमाणा ज्योग् जीवन्तः शरदः पुरूचीः ॥२९॥

यस यज्ञमा हाम्रो गोत्रमा उत्पन्न भएका पिता, पितामह, प्रपितामह आदि पितृहरू उचित किसिमले प्रतिष्ठित होऊन् । उनीहरूले हामीलाई सुखसमृद्धिका साथमा दीर्घजीवन प्रदान गरून् । वृद्धि प्राप्त गर्दै हामी ती पितृहरूलाई हविष्यान्न समर्पित गर्दछौँ, उनले हामीलाई दीर्घायुको सुख प्रदान गरून् ।

यां ते धेनुं निपृणामि यमु ते क्षीर ओदनम् । तेना जनस्यासो भर्ता योऽत्रासदजीवनः ॥३०॥

हे मृतात्मा ! हामी तिम्रा लागि जुन गाई दान गर्दछौँ तथा दुध मिसिएको जुन अन्न समर्पित गर्दछौँ, उसै भागले तिमी यमलोकमा आफ्नो जीवनलाई परिपुष्ट गराऊ ।

अश्वावतीं प्र तर या सशेवार्क्षकं वा प्रतरं नवीयः । यस्त्वा जघान वध्यः सो अस्तु मा सो अनयद् विदत भागधेयम् ॥३१॥

हे प्रेतपुरुष ! हामीलाई तिमी अश्वावती नदीको पारि तारिदेऊ । यो नदी हामीलाई सुखदायक होस् । हामी भालु आदि हिंस्रक पशुले भरिएको निर्जन वनमा प्रदेश पार गरेर जाऔँ । हे प्रेत ! जसले तिम्रो संहार गरेको हो, त्यो पुरुष मार्नुपर्ने खालको छ । त्यो पापी पुरुष पहिले उपभोग गरेका पदार्थभन्दा बाहेक अरू नयाँ कुराहरूको उपभोग गर्नमा समर्थ नहोस् ।

यमं परोऽवरो विवस्वान् ततः परं जाति पश्यामि किं चन । यमे अध्वरो अधि मे निविष्टो भुवो विवस्वानन्वाततान ॥३२॥

सूर्यका पुत्र यमदेवता आफ्ना पिता सूर्यभन्दा पनि बढी तेजस्वी छन् । हामी कुनै पनि प्राणीलाई यमराजभन्दा उत्कृष्ट छ भन्ने मान्दैनौँ । हाम्रा यज्ञ आदि श्रेष्ठ कर्मको सफलता यमदेवताका अनुग्रहमा आधारित छ । यज्ञको सफलताका लागि सूर्यदेवताले आफ्ना किरणले भूमण्डललाई प्रकाशित गरेका छन् ।

अपागूहन्नमृतां मर्त्येभ्यः कृत्वा सवर्णामदधुर्विवस्वते । उताश्विनावभरद् यत् तदासीदजहादु द्वा मिथुना सरण्यूः ॥३३॥

देवताहरूले मरणशील मानिसहरूबाट आफ्नो अमरता लुकाए । उनीहरूले सूर्यदेवताका लागि उस्तै वर्णकी स्त्री बनाएर प्रदान गरे । सरण्यूले घोडीको रूप धारण गरेर अश्विनीकुमारहरूलाई भरणपोषण गरिन् । त्वष्टाकी कन्या सरण्यूले सूर्यदेवताको घर त्याग गर्दाका समयमा यम र यमी नामका पुरुष-स्त्रीको जोडी त्यसै ठाउँमा छोडेकी थिइन् ।

ये निखाता ये परोप्ता ये दग्धा ये चोद्धिताः । सर्वांस्तानग्न आ वह पितृन् हविषे अत्तवे ॥३४॥

हे अग्निदेवता ! तिमी ती सबै पितृहरूको हवि सेवन गर्नका लागि आऊ, जसलाई भूमिमा गाड्ने, खुला हावामा छोड्ने, एकान्त स्थानमा छोड्ने वा अग्निदहनद्वारा अन्त्येष्टि संस्कारको विधानले संस्कारित भएका थिए अथवा जो संस्कार क्रियापछि माथिको पितृलोकमा विराजमान भएका छौन् ।

ये अग्निदग्धा ये अग्निदग्धा मध्ये दिवः स्वधया मादयन्ते । त्वं तान् वेत्थ यदि ते जातवेदः स्वधया यज्ञं स्वधितिं जुषन्ताम् ॥३५॥

हे अग्निदेवता ! अग्निसंस्कार अथवा अग्निरहित संस्कारयुक्त पितृहरू स्वधाप्रक्रियाका कारण जो द्युलोकमा सुखपूर्वक रहेका छन्, ती सबै पितृहरूलाई तिमी उनका सन्तानले गर्ने सबै कालका पितृयज्ञमा लिएर आऊ ।

शं तप माति तपो अग्ने मा तन्वं१ तपः । वनेषु शुष्मो अस्तु ते पृथिव्यामस्तु यद्धरः ॥३६॥

हे अग्निदेवता ! मृतशरीरलाई जस्तो किसिमले सुख प्राप्त हुन्छ, उसै किसिमले तिमी भस्म गर । तिम्रो शोषण गर्ने ज्वालाले वनतिर प्रस्थान गरोस् र तिम्रो रस हरण गर्ने तेजचाहिँ पृथ्वीमै रहोस् ।

ददाम्यस्मा अवसानमेतद् य एष आगन् मम चेदभूदिह । यमश्चिकित्वान् प्रत्येतदाह ममैष राय उप तिष्ठतामिह ॥३७॥

यदि यो आउँदै गरेको पुरुष हाम्रो सेवामा संलग्न रहन्छ भनेदेखि हामी यसलाई आश्रय स्थल प्रदान गर्छौं । किनभने यो पुरुष हामीतिर आइरहेको छ भनेर यमले भने । यस किसिमको विचार गर्दै यमले मृतात्मालाई हाम्रो अर्चना गर्दै हामीसँग बसोस् पनि भने ।

इमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥३८॥

सय वटा शरदऋतुभन्दा पहिले हाम्रो जीवनको यात्रा पूरा नहोस् भन्ने हिसाबले हामी यस जीवनकालको मात्रा आँकलन गर्दछौं । यसलाई अरू कसैले पनि यस किसिमले आँकलन गरेको

थिएन ।

प्रेमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥३९॥

हामीलाई सय वर्षभन्दा पहिले श्मशानमा अर्को प्रेतकर्म प्राप्त नहोस् भन्ने किसिमले हाम्रो आफ्नो जीवनकालको मात्रा आँकलन गर्दछौँ । अरू कसैले पनि यस्ता किसिमले आँकलन गरेको थिएन ।

अपेमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥४०॥

अरूले भन्दा भिन्न किसिमले हामी यस जीवनकालका दोषहरू हटाएर यसको आँकलन गर्दछौँ । त्यसो भएपछि सय वर्षभन्दा पहिले बाँचैमा हाम्रो अर्को मृतकर्म गर्नु नपरोस् ।

वीश्मां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥४१॥

हामी यस जीवनका मात्रालाई अन्यभन्दा विशेष किसिमले आँकलन गर्दछौँ । जसले गर्दा सय वर्षभन्दा पहिले अर्को मृतकर्म गर्नु पर्नेछैन ।

निरिमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥४२॥

हामी यस जीवनका मात्रालाई अन्यभन्दा भिन्न निश्चित रूपले आँकलन गर्दछौँ । जसले गर्दा सय वर्षभन्दा पहिले अर्को मृतकर्म गर्नु पर्नेछैन ।

उदिमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥४३॥

यस जीवनको मात्रालाई हामी उत्तम ढङ्गले नाप्दछौँ, जसका कारणले सय वर्षभन्दा पहिले दोस्रो पटक श्मशान कार्य गर्नु नपरोस् ।

समिमां मात्रां मिमीमहे यथापरं न मासातै । शते शरत्सु नो पुरा ॥४४॥

यस जीवनको मात्रालाई हामी सम्यक् रूपले नाप्दछौँ, जसले गर्दा सय वर्षभन्दा पहिले अर्को पटक श्मशान कर्म गर्ने आवश्यकता नपरोस् ।

अमासि मात्रां स्वरगामायुष्मान् भूयासम् । यथापरं न मासातै शते शरत्सु नो पुरा ॥४५॥

हामी यस जीवनको मात्रा नापौँ, सुख प्राप्त गरौँ र दीर्घायु प्राप्त गरौँ । हामीले पूर्वोक्त विधिले श्मशान भूमिलाई पनि मापन गरिसकेका छौँ । त्यसै नापका आधारमा हामीले यस मृतकलाई स्वर्गतिर पठाइसकेका छौँ । त्यसै सत्कर्मका प्रभावले हामी सय वर्षको आयु पाएर सम्पन्न होऔँ । हामीले सय वर्षभन्दा पहिले श्मशान कार्य गर्नु नपरोस् ।

प्राणो अपानो व्यान आयुश्चक्षुर्दृशये सूर्याय । अपरिपरेण पथा यमराज्ञः पितॄन् गच्छ ॥४६॥

प्राण, अपान, व्यान, आयु र नेत्र यी सबै सूर्यको दर्शन गर्नका लागि अर्थात् संसारमा जीवन धारण गर्नका लागि नै होऊन् । हे मानिसहरू हो ! आयु पूर्ण भएर शरीरको अन्त्य हुने बेलामा तिमीहरू कुटिल मार्गबाट नभई यमराजको सोझो मार्गबाट गएर पितृलोक प्राप्त गर ।

ये अग्रवः शशमानाः परेयुर्हित्वा द्वेषांस्यनपत्यवन्तः । ते द्यामुदित्याविदन्त लोकं नाकस्य पृष्ठे अधि दीध्यानाः ॥४७॥

जो अग्रगामी, प्रशंसनीय, सन्ततिरहित मानिसले द्वेषको भावना त्यागेर दिवङ्गत भएका छन्, उनीहरू नै अन्तरिक्षलाई पार गरेर दुःखबाट मुक्त हुँदै स्वर्गका माथिल्लो भागमा पुग्दछन् र उनीले आफ्ना पुण्यकर्मको फल मनग्गे उपभोग गर्दछन् ।

उदन्वती द्यौरवमा पीलुमतीति मध्यमा । तृतीया ह प्रद्यौरिति यस्यां पितर आसते ॥४८॥

जलले युक्त उदवन्ती नामको द्युलोक सबैभन्दा तल्लो तहमा छ । नक्षत्र मण्डलले युक्त पीलुमती नामको लोक मध्य भागमा रहेको छ र तिनीहरू सबैभन्दा माथि प्रद्यौ नामले चिनिएको प्रख्यात लोक छ, पितृहरू त्यसैमा निवास गर्दछन् ।

ये नः पितुः पितरो ये पितामहा य आविविशुरुर्व१न्तरिक्षम् । य आक्षियन्ति पृथिवीमुत द्या तेभ्यः पितृभ्यो नमसा विधेम ॥४९॥

हामी आफ्ना पिताका पितृहरू, पितामह आदि, विशाल अन्तरिक्ष, द्युलोक र पृथ्वीमा निवास गर्ने

गर्दै पितृहरूलाई स्वधापूर्वक हव्य प्रदान गर्दछौं । उनीहरूलाई नमस्कार गर्दै उनीहरूको पूजाअर्चना गर्दछौं ।

इदमिद् वा उ नापरं दिवि पश्यसि सूर्यम् । माता पुत्रं यथा सिचाभ्ये नं भूम ऊर्णुहि ॥५०॥

हे मृतात्मा ! तिमी द्युलोकमा जुन सूर्य देख्छौ, त्यही तिम्रो स्थान हो, अर्को कुनै पनि होइन । हे पृथ्वी देवी ! तिमी आफ्ना तेजले यस मृतकलाई उसै गरी छोपिराख, जसरी आमाले आफ्ना गर्भका सन्तानलाई लुकाएका हुन्छन् ।

इदमिद् वा उ नापरं जरस्यन्यदितोऽपरम् । जाया पतिमिव वाससाभ्ये नं भूम ऊर्णुहि ॥५१॥

वृद्धावस्थापछि शरीरका लागि गर्नुपर्ने अन्त्येष्टि कार्य बाँकी रहेको हुन्छ, अर्को कुनै पनि रहन्न । त्यसो हुँदा हे पृथ्वीदेवी ! तिमी आफ्ना तेजले यस मृतकलाई उसै गरी छोपिराख, जसरी पत्नीले आफ्ना मृतक पतिको शव अँगाल्दछन् ।

अभि त्वोर्णोमि पृथिव्या मातुर्वस्त्रेण भद्रया । जीवेषु भद्रं तन्मयि स्वधा पितृषु सा त्वयि ॥५२॥

हे मृतक ! हामी तिमीलाई पृथ्वीमाताको गर्भरूपी वस्त्रले ढाक्दै छौं । यस लोकका लागि कल्याणमय कुरा जेजति हुन्छन्, तिनलाई हामी प्राप्त गरौं र पितृलोकमा जेजति स्वधा नामका अन्नहरू छन् ती सबै तिम्रा मृतात्माले प्राप्त गरोस् ।

अग्नीषोमा पथिकृता स्योनं देवेभ्यो रत्नं दधथुर्वि लोकम् । उप प्रेष्यन्तं पूषणं यो वहात्यञ्जोयानैः पथिभिस्तत्र गच्छतम् ॥५३॥

हे अग्नि र सोम नामका देवताहरू हो ! तिमीहरू पुण्यलोकमा जानका लागि मार्ग निर्माण गर्दछौ । देवताहरूले पुण्यात्माहरूका लागि साधनसम्पन्न स्वर्गलोकको रचना गरेका छन् । जुन लोक सूर्यदेवताका निकटमा छ, यी प्रेतात्मालाई उसै लोकमा सुगमतापूर्वक पुऱ्याउने अनुग्रह गर ।

पूषा त्वेतश्च्यावयतु प्र विद्वाननष्टपशुर्भुवनस्य गोपाः । स त्वैतेभ्यः परि ददत् पितृभ्योऽग्निर्देवेभ्यः सुविदत्रियेभ्यः ॥५४॥

हे मृतात्मा ! संसारलाई उज्यालो प्रदान गर्ने सबैलाई पोषण प्रदान गर्ने, हाम्रा पशुलाई विनाशबाट जोगाउने, पूषा देवताले तिमीलाई पृथ्वीलोकबाट माथि रहेको ऊर्ध्वलोकमा पितृहरूका नजिक लैजाऊन् । अग्निदेवताले तिमीलाई ऐश्वर्यशाली देवताहरूकहाँ पुऱ्याऊन् ।

आयुर्विश्वायुः परि पातु त्वा पूषा त्वा पातु प्रपथे पुरस्तात् । यत्रासते सुकृतो यत्र त ईयुस्तत्र त्वा देवः सविता दधातु ॥५५॥

हे प्रेतात्मा ! जीवनका अधिष्ठाता आयु नामका देवताले तिमीलाई रक्षा गरून् । पूषादेवताले पूर्व दिशातर्फ जाने मार्गमा तिम्रो रक्षा गरून् । पुण्यात्माहरू जुन ठाउँमा निवास गर्दछन्, त्यस पुण्यलोकका श्रेष्ठ भागमा सर्वप्रेरक सवितादेवताले तिमीलाई प्रतिष्ठित गराऊन् ।

इमौ युनज्मि ते वह्नी असुनीताय वोढवे । ताभ्यां यमस्य सादनं समितीश्चाव गच्छतात् ॥५६॥

हे प्रेतात्मा ! हामी तिम्रो प्राणहीन शरीर लिएर जानका लागि भारी बोक्ने दुई वटा गोरुलाई गाडामा जोत्दछौं । यी गोरुहरूका सहायताले तिमी उचित किसिमले यमराजका लोकमा पुग ।

एतत् त्वा वासः प्रथमं न्वागन्नपैतदूह यदिहाबिभः पुरा । इष्टापूर्तमनुसंक्राम विद्वान् यत्र ते दत्तं बहुधा विबन्धुषु ॥५७॥

हे मृत पुरुष ! जुन वस्त्र तिमी पहिले लगाउने गर्दथ्यौ, त्यसलाई त्यागेर श्मशानका लागि नवीन वस्त्र धारण गर । जुन इच्छा पूरा गर्नका लागि तिमीले आफन्तहरूलाई धनसम्पत्ति प्रदान गरेका थियौ, त्यो जानेर त्यसको फल प्राप्त गर ।

अग्नेर्वर्म परि गोभिर्व्ययस्व सं प्रोर्णुष्व मेदसा पीवसा च । नेत् त्वा धृष्णुर्हरसा जर्हृषाणो दधृग् विधक्षन् परीङ्खयातै ॥५८॥

हे मृतक पुरुष ! तिम्रा गाईरूपी वाणी अथवा इन्द्रियहरूलाई प्रज्वलित भएका अग्निले उचित किसिमले आवृत्त गराऊन् । उनै अग्निले मांस आदिले बनेको तिम्रो स्थूल शरीर आच्छादित गरून् । यसै किसिमले तेजोमय अग्नि हर्षित हुँदै तिम्रो शरीर डढाऊन्, वरपर छरिन नदिऊन् ।

दण्डं हस्तादाददानो गतासोः सह श्रोत्रेण वर्चसा बलेन । अत्रैव त्वमिह वयं सुवीरा विश्वा मृधो अभिमातीर्जयेम ॥५९॥

हे जीवात्मा ! जो यहाँबाट जान लागेको छ, त्यसका हातबाट दण्ड, श्रवणसामर्थ्य, वर्चस् र बल लिएर तिमी राख । यस ठाउँमा हामी उचित किसिमले सुखी बनेर रहँदै जीवनका समस्त सङ्ग्राममा अहङ्कारी शत्रुमाथि तिनैले विजय प्राप्त गरौँ ।

धनुर्हस्तादाददानो मृतस्य सह क्षत्रेण वर्चसा बलेन । समागृभाय वसु भूरि पुष्टमर्वाङ् त्वमेह्युप जीवलोकम् ॥६०॥

मृतक अवस्थामा रहेका क्षत्रिय राजाहरू हातमा धनुष धारण गर्दै क्षात्रधर्मको असाधारण तेजस्विता र सामर्थ्यशक्तिले सम्पन्न बनून् । प्रचुर धनसम्पदाहरू हाम्रो पोषणका लागि ग्रहण गरून् र यस किसिमका सम्पदाले परिपूर्ण भएर जीवलोकमा हाम्रा सामु उपस्थित होऊन् ।

३. पितृमेध सूक्त

ऋषि— अथर्वा । **देवता—** यम, मन्त्रोक्त, अग्नि, पितृगण, भूमि, इन्दु, आपः । **छन्द—** त्रिष्टुप्, सतःपङ्क्ति, त्रिपदा निचृत् गायत्री, अनुष्टुप्, जगती, भुरिक् जगती, विराट् जगती, पञ्चपदातिजगति, विराट् शक्वरी, भुरिक् त्रिष्टुप्, एकावसाना आसुरी अनुष्टुप्, एकावसाना आसुरी, गायत्री, परात्रिष्टुप्, पङ्क्ति, प्रस्तार पङ्क्ति, पुरोऽनुष्टुप् त्रिष्टुप्, विराट् त्रिष्टुप्, त्र्यवसाना षट्पदा जगती, भुरिक्पथ्यापङ्क्ति भुरिक् आर्षी पङ्क्ति, पथ्या बृहती, उपरिष्टात् बृहती ।

इयं नारी पतिलोकं वृणाना नि पद्यत उप त्वा मर्त्य प्रेतम् । धर्मं पुराणमनुपालयन्ती तस्यै प्रजां द्रविणं चेह धेहि ॥१॥

हे मृत मनुष्य ! यी नारी पतिकुलको हित गर्ने अभिलाषा गर्दै स्वधर्म निर्वाह गर्नका लागि तिम्रा नजिक आएकी छिन् । धर्ममा लागेकी यी नारीका लागि संसारमा पुत्रपौत्रादि श्रेष्ठ सन्तान र धनसम्पदा प्रदान गर ।

उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुप शेष एहि । हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूथ ॥२॥

हे नारी ! तिमी मृतक पतिका नजिकै सुतेकी छ्यौ, यो राम्रो कुरो होइन । यिनलाई छोडेर तिमी यस संसारमा अगाडितर्फ जाऊ । यहाँ पाणिग्रहण गरिसकेपछि तिम्रो सुरक्षा गर्ने पतिका पुत्रपौत्रादि जो स्वजन छन्, उनीहरूकै निकट जाऊ ।

अपश्यं युवतिं नीयमानां जीवां मृतेभ्यः परिणीयमानाम् । अन्धेन यत् तमसा प्रावृतासीत् प्राक्तो अपाचीमनयं तदेनाम् ॥३॥

मृत पुरुषका पछि लागेर श्मशानभूमितर्फ गइरहेकी तरुणी स्त्रीलाई पुनः घरतर्फ फिर्ता हुँदै गरेको हामीले देखेका छौँ । ती स्त्रीलाई शोकरूपी अन्धकार उत्पन्न भएर छोपिसकेको थियो । तिनै स्त्रीलाई यहाँ अगाडि लिएर आएका छन् ।

प्रजानत्यघ्न्ये जीवलोकं देवानां पन्थामनुसंचरन्ती । अयं ते गोपतिस्तं जुषस्व स्वर्गं लोकमधि रोहयैनम् ॥४॥

हे अवध्य स्त्री ! तिमी यस संसारलाई उचित रूपले चिनेर देवत्व प्राप्त गर्ने मार्गलाई अनुसरण गर । आफ्ना ती पतिसित प्रेमभाव राख । उनका सत्कर्ममा सहायिका भएर उनलाई स्वर्गका

... अधिकारसम्पन्न गराऊ ।

उप द्यामुप वेतसमवत्तरो नदीनाम् । अग्ने पित्तमपामसि ॥५॥

नदीको पानी, त्यसमा उम्रेको लेउ र किनारमा उम्रेको वेत वा नर्कट आदिमा संरक्षक तत्त्व अत्यधिक मात्रामा रहेको छ । हे अग्निदेवता ! तिमी जल र पित्तलाई शोधन गर्ने गर्दछौ ।

यं त्वमग्ने समदहस्तमु निर्वापया पुनः । क्याम्बूरत्र रोहतु शाण्डदूर्वा व्यल्कशा ॥६॥

हे अग्निदेवता ! जुन मृतक पुरुषलाई तिमीले भस्म गरायौ, उसलाई उचित किसिमले सुर्खा गराऊ । यस दहन स्थलमा क्याम्बु नामको औषधि मिसिएको जल सेचन गरौँ । किनभने यहाँ अनेकौँ तरहले दुबो नामको घाँस उम्रिएर राम्रोसित मौलाओस् ।

इदं त एकं पर ऊ त एकं तृतीयेन ज्योतिषा सं विशस्व । संवेशने तन्वाः चारुरेधि प्रियो देवानां परमे सधस्थे ॥७॥

हे मृतक पुरुष ! तिमीलाई परलोकतर्फ जानका लागि यी गार्हपत्य अग्नि ज्योतिका रूपमा रहेका छन् । तिमी अन्वाहार्य नामको दोस्रो ज्योति पनि हौ र आवाहनीय नामको तेस्रो ज्योतिका रूपमा पनि उचित किसिमले प्रविष्ट हुन सक्छौ । यस किसिमका अग्नि संस्कारले उत्पन्न भएका अग्निसहरू देवत्व प्रधान शरीरले शोभायुक्त भएर वृद्धि प्राप्त गरून् ।

उत्तिष्ठ प्रेहि प्र द्रवौकः कृणुष्व सलिले सधस्थे । तत्र त्वं पितृभिः संविदानः सं सोमेन मदस्व सं स्वधाभिः ॥८॥

हे प्रेतात्मा ! तिमी यस ठाउँबाट उठ, उठेर चाँडै अन्तरिक्षलोकमा पुग र आफ्नो आश्रय बनाऊ । त्यसै लोकमा पितृहरूसित एकमत हुने गरी कुरो मिलाएर सोमपान गर्दै राम्रोसित आनन्द मनाऊ । श्राद्धकर्मका समयमा प्रदान गरिएको स्वधान्नले तृप्त भएर आनन्द प्राप्त गर ।

प्र च्यवस्व तन्वं१ सं भरस्व मा ते गात्रा वि हायि मो शरीरम् । मनो निविष्टमनुसंविशस्व यत्र भूमेर्जुषसे तत्र गच्छ ॥९॥

हे प्रेतात्मा ! तिमी यस स्थानबाट अगाडि बढेर शरीरलाई उचित किसिमले पोषण गर । तिम्रा हातगोडा आदि अङ्गले तिमीलाई छोडेर नजाऊन् । तिम्रो शरीर पनि तिमीबाट छुट्टै नहोओस् । तिम्रा मनले जसलाई लक्ष्य बनाएको छ, त्यसै स्वर्गलोकमा प्रवेश गर । तिमीले जुन भूभाग रुचाएका हुन्छौ, त्यही ठाउँ प्राप्त गर ।

वर्चसा मां पितरः सोम्यासो अञ्जन्तु दवा मधुना घृतेन । चक्षुषे मा प्रतरं तारयन्तो जरसे मा जरदष्टिं वर्धन्तु ॥१०॥

सोमसम्पादन गर्ने पितृदेवताहरूले हामी याजकहरूलाई तेजले सम्पन्न गराऊन् । समस्त देवताहरूले मधुरतायुक्त घिउले हामीलाई सम्पन्न गराऊन् । हामीलाई लामो आयु दिएर संसार देख्न पाउने लाभ प्राप्त गराउँदै रोगव्याधबाट मुक्त राखून् । हामीलाई वृद्ध अवस्थासम्म समर्थ र सक्रिया बनाउँदै दीर्घ आयु प्रदान गरून् ।

वर्चसा मां समनक्त्वग्निर्मेधां मे विष्णुर्न्यु नक्त्वासन् । रयिं मे विश्वे नि यच्छन्तु दवाः स्योना मापः पवनैः पुनन्तु ॥११॥

अग्निदेवताबाट हामीलाई तेजस्विता प्राप्त होस् । सर्वदेव विष्णुले उचित किसिमले हाम्रा मस्तिष्कमा विवेक र बुद्धिलाई स्थापना गराऊन् । सम्पूर्ण देवशक्तिहरूले कल्याणप्रद वैभव हामीलाई नै प्राप्त गराऊन् र जल र वायुले आआफ्ना शुद्धतायुक्त अंशले हामीलाई पवित्र गराऊन् ।

मित्रावरुणा परि मामधातामादित्या मा स्वरवो वर्धयन्तु । वर्चो म इन्द्रो न्यनक्तु हस्तयोर्जरदष्टिं मा सविता कृणोतु ॥१२॥

दिन र रातका अधिष्ठाता मित्र र वरुणदेवताले हामीलाई वस्त्र आदिले युक्त गराऊन् । अदितिका पुत्र आदित्यगणले हाम्रा शत्रुहरूलाई सताउँदै हामीलाई उन्नति गराऊन् । ऐश्वर्यशाली इन्द्रदेवताले

हाम्रा हातमा शौर्य स्थापित गराऊन् । सर्वप्रेरक सवितादेवताले हामीलाई लामो आयु प्रदान गरून् ।

यो ममार प्रथमो मर्त्यानां यः प्रयाय प्रथमो लोकमेतम् । वैवस्वतं संगमनं जनानां यमं राजानं हविषा सपर्यत ॥१३॥

मानिसहरूमध्येका सर्वप्रथम विवस्वान्पुत्र राजा यमलाई मृत्यु प्राप्त भयो । त्यसपछि उनी अर्को लोकमा पुगे । उनै सूर्यका पुत्र यमलाई नै सबै प्राणीले प्राप्त गर्दछन् । हे ऋत्विक्हरू हो ! सबै प्राणीलाई पापपुण्यअनुसारको फल प्रदान गर्ने राजा यमलाई तिमीहरू पनि अर्चना गर ।

परा यात पितर आ च यातायं वो यज्ञो मधुना समक्तः । दत्तो अस्मभ्यं द्रविणेह भद्रं रयिं च नः सर्ववीरं दधात ॥१४॥

हे पितृहरू हो ! हामीले गरेको पितृयज्ञरूपी कर्मले सन्तुष्ट भएर तिमीहरू आफ्ना स्थानमा फिर्ता जाओ । हामीले फेरि आह्वान गर्दा आउने कृपा गर । हामीले तिमीहरूका लागि मधुर घिउले युक्त आहुति प्रदान गरेका छौँ । त्यसलाई ग्रहण गरेर हामीलाई तिमीहरू कल्याणकारी गृहमा प्रतिष्ठित गराऊ । पुत्रपौत्रादि, प्रजा तथा पशुधनले हामीलाई सम्पन्न गराओ ।

कण्वः कक्षीवान् पुरुमीढो अगस्त्यः श्यावाश्वः सोभर्यर्चनानाः । विश्वामित्रोऽयं जमदग्निरत्रिरवन्तु नः कश्यपो वामदेवः ॥१५॥

कण्व, कक्षीवान्, पुरुमीढ, अगस्त्य, श्यावाश्व, सोभरि, विश्वामित्र, जमदग्नि, अत्रि, कश्यप र वामदेव आदि सबै पूजनीय ऋषिले हामीलाई रक्षा गरून् ।

विश्वामित्र जमदग्ने वसिष्ठ भरद्वाज गोतम वामदेव । शर्दिर्नो अत्रिरग्रभीन्नमोभिः सुसंशासः पितरो मृडता नः ॥१६॥

विश्वामित्र, जमदग्नि, वसिष्ठ, भरद्वाज, गोतम, वामदेव आदि हे ऋषिहरू हो ! हामीलाई सुख प्रदान गर । अत्रि ऋषिले हाम्रो घर संरक्षण गर्नका लागि स्वीकार गरेका छन् । हे स्वधान्नले स्तुति गर्न योग्य पितृहरू हो ! तिमीहरू सबै हाम्रा लागि सुखकारी होओ ।

कस्ये मृजाना अति यन्ति रिप्रमायुर्दधानाः प्रतरं नवीयः । आप्यायमानाः प्रजया धनेनाध स्याम सुरभयो गृहेषु ॥१७॥

आफन्तजनका मृत्युको शोक हामी श्मशानस्थलमा नै परित्याग गरेर शवस्पर्श गर्नाले उत्पन्न भएको पाप पखालेर घर आउँछौँ । यसो गरेपछि हामी दुःखबाट मुक्त होऔँ । पुत्रपौत्रादि प्रजा, स्वर्ण, रजत, गाई, अश्व आदि हाम्रा पशुधन बढून् र घरमा सत्कर्मको सुगन्ध व्याप्त होओस् ।

अञ्जते व्यञ्जते समञ्जते क्रतुं रिहन्ति मधुनाभ्यञ्जते । सिन्धोरुच्छ्वासे पतयन्तमुक्षणं हिरण्यपावाः पशुमासु गृह्णते ॥१८॥

पितृहरूलाई सन्तुष्ट गराउनका लागि सम्पन्न गरिने सोम नामका यज्ञमा आज्यका रूपमा सोमरस नै प्रयोग गर्ने गरिन्छ । यसै आज्यका रूपमा रहेको सोमरसलाई यज्ञसित सम्बन्धित गराइन्छ । यसै यज्ञमा आहुति प्रदान गरिन्छ र यसै यज्ञबाट यज्ञको विस्तार गरिन्छ । चन्द्रमाको रश्मिरूपी यसै सोमरसका संसर्गले सुवर्ण आदि धनको रक्षा गर्ने सागरको जल वृद्धि हुन्छ । उनै सोमरूपी चन्द्रमाले सबैलाई आफ्नो धारारूपी शीतल रश्मिले अभिषेक गर्ने गर्दछन् ।

यद् वो मुद्रं पितरः सोम्यं च तेनो सचध्वं स्वयशसो हि भूत । ते अर्वाणः कवय आ शृणोत सुविदत्रा विदथे हूयमानाः ॥१९॥

हे पितृहरू हो ! हर्ष र सौम्यता वृद्धि गर्ने खालका तिमीहरूका कार्य जेजति छन्, हामीलाई तिनीहरूसित संयुक्त गराओ । निश्चित रूपमा नै तिमीहरू यशस्वी छौ, त्यसैले हामीलाई अभीष्ट प्रदान गर । गतिशील, क्रान्तदर्शी र श्रेष्ठ धनले सम्पन्न तिमीहरू यज्ञमा बोलाउँदा आएर हाम्रो सबै प्रार्थना सुन ।

ये अत्रयो अङ्गिरसो नवग्वा इष्यवन्तो रातिषाचो दधानाः । दक्षिणावन्तः सुकृतो य उ स्थासद्यास्मिन् बर्हिषि मादयध्वम् ॥२०॥

हे पितृहरू हो ! तिनीहरू अत्रि र अङ्गिरा ऋषिहरूका गोत्रमा उत्पन्न भएका छौ ! नौ महिनासम्म नवग्व सत्र नामको यज्ञ गरेर स्वर्गका अधिकारी बनिसकेका छौ र तिमीहरूले दर्श पूर्णमास आदि यज्ञ पनि सम्पन्न गरिसकेका छौ । त्यसैले हामीले बिछ्याएका कुशका आसनमा विराजमान भएर हामीले प्रदान गरेको आहुति ग्रहण गर्दै सन्तुष्ट होओ ।

अधा यथा नः परासः प्रत्नासो अग्न ऋतमाशशानाः । शुचीदयन् दीध्यत उक्थशासः क्षामा भिन्दन्तो अरुणीरप व्रन् ॥२१॥

हाम्रा पुर्खाले श्रेष्ठ, प्राचीन र सत्यका आधारमा रहेको ऋत नामको यज्ञ सम्पन्न गरेर निश्चित स्थान र ओज प्राप्न गरेका थिए । उनीहरूले स्तोत्र उच्चारण गरेर अन्धकार नाश गराएं र अरुण रङ्गकी उषालाई प्रकट गराएका थिए ।

सुकर्माणः सुरुचो देवयन्तो अयो न देवा जनिमा धमन्तः । शुचन्तो अग्निं वावृधन्त इन्द्रमुर्वीं गव्यां परिषदं नो अक्रन् ॥२२॥

फलामलाई खलाँतीका सहायताले रुचाएको रूपमा परिणत गरेर पवित्र बनाएझैँ श्रेष्ठ यज्ञादि कर्ममा लागेका र त्यस्ता कर्ममा लाग्न रुचाउने याजकहरूका यज्ञ आदि कर्मले मानिसका जीवनलाई पवित्र गराउँछन् । उनीहरू अग्निदेवतालाई प्रदीप्त गराएर इन्द्रदेवतालाई समृद्ध पार्दछन् । उनैले वरिपरिबाट गाईरूपी पोषक प्रवाह प्राप्त गरेका थिए ।

आ यूथेव क्षुमति पश्वो अख्यद् देवानां जनिमान्त्युग्रः । मर्तासश्चिदुर्वशीरकृप्रन् वृधे चिदर्य उपरस्यायोः ॥२३॥

हे तेजस्वी अग्निदेवता ! अन्नले सम्पन्न घरका पशुहरूको प्रशंसा गरिएझैँ जुन मानिसले देवताका सामु उनीहरूको प्रार्थना गर्दछन्, तिनीहरूका सन्तानहरू सबै नै समर्थ हुने गर्दछन् र उनका स्वामीहरू पनि पालनपोषणका लागि सक्षम हुने गर्दछन् ।

अकर्म ते स्वपसो अभूम ऋतमवस्रन्नुषसो विभातीः । विश्वं तद् भद्रं यदवन्ति देवा बृहद् वदेम विदथे सुवीराः ॥२४॥

हे पालनकर्ता अग्निदेवता ! हामी तिम्रै सेवक हौँ । तिम्रो तेजस्विताकै कारणले हामी श्रेष्ठ कर्म गर्नमा समर्थ होऔँ । हाम्रो प्रभातकालीन दान आदि कर्मको फललाई तिमीले सत्य सिद्ध गराऊ । देवशक्तिहरू शास्त्रको विधानअनुसार जुन कर्मलाई सुरक्षा गर्दछन् ती सबै नैं हाम्रा लागि कल्याणकारी होऊन् । हामी असल सन्ततिले युक्त भएर यज्ञमा बृहत् स्तुति गाउन सकौँ ।

इन्द्रो मा मरुत्वान् प्राच्या दिशः पातु बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२५॥

मरुत्गणका साथमा इन्द्रदेवताले हामी संस्कारकर्ता मानिसलाई पूर्व दिशामा रहेका भयबाट सुरक्षित गरून् । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गरेको छ, उसै गरी तिमीले हाम्रो रक्षा गर । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनको अर्चना गर्दछौँ ।

धाता मा निर्ऋत्या दक्षिणाया दिशः पातु बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२६॥

सबैलाई धारण गर्ने धातादेवताले दक्षिण दिशाबाट आउने आपदहरूबाट हामीलाई सुरक्षा प्रदान गरून् । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी हामीलाई तिमीले हाम्रो रक्षा गर । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनको अर्चना गर्दछौँ ।

अदितिर्मादित्यैः प्रतीच्या दिशः पातु बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२७॥

आफ्ना पुत्रहरूका साथमा अदितिले हामीलाई पश्चिम दिशाबाट आउने आपद्हरूबाट हामीलाई सुरक्षा प्रदान गरून् । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी हामीलाई तिमीले हाम्रो रक्षा गर । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

सोमो मा विश्वैर्देवैरुदीच्या दिशः पातु बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२८॥

समस्त देवताहरूका साथमा सोमदेवताले हामीलाई उत्तर दिशामा रहेका श्मशानमा रहने असुरहरूका भयबाट हामीलाई सुरक्षा प्रदान गरून् । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी हामीलाई तिमीले हाम्रो रक्षा गर । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

धर्ता ह त्वा धरुणो धारयाता ऊर्ध्वं भानुं सविता धामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२९॥

हे प्रेतपुरुष ! सम्पूर्ण विश्वलाई नै धारण गरेका धरुणदेवताले हामीलाई ऊर्ध्व दिशामा जानका लागि तिमीलाई धारण गरून् । जसरी सर्वप्रेरक सूर्यदेवताले दीप्तिमान् द्युलोकलाई माथि नै धारण गरेका छन् र पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी हामीलाई तिमीले हाम्रो रक्षा गर । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

प्राच्यां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३०॥

दहनस्थलभन्दा पूर्व दिशामा कम्बल आदि ओढाइएका हे प्रेतपुरुष ! तिमीलाई हामी पितृहरूलाई तृप्त गराउने स्वधामा स्थापित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गरिएको छ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

दक्षिणायां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३१॥

दहनस्थलभन्दा दक्षिण दिशामा कम्बल आदि ओढाइएका हे प्रेतपुरुष ! हामी पितृहरूलाई तृप्त गराउने स्वधा अर्पित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा हामी आहुति प्रदान गर्दछौँ । जसले देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

प्रतीच्यां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३२॥

दहनस्थलभन्दा पश्चिम दिशामा कम्बल ओढाइएका हे प्रेतपुरुष ! तिमीलाई हामी पितृहरूलाई तृप्त गराउने स्वधा अर्पित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गर्दछौँ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

उदीच्यां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३३॥

हे प्रेतपुरुष ! दहनस्थलभन्दा उत्तरतर्फ कम्बल ओढाइएका तिमीलाई हामी पितृहरूलाई तृप्त

गराउने स्वधा अर्पित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गर्दछौँ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

ध्रुवायां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३४॥

दहनस्थलभन्दा ध्रुव दिशामा कम्बल ओढाइएका हे प्रेतपुरुष ! तिमीलाई हामी पितृहरूलाई तृप्त गराउने स्वधा अर्पित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गर्दछौँ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

ऊर्ध्वायां त्वा दिशि पुरा संवृतः स्वधाया दधामि बाहुच्युता पृथिवी द्यामिवोपरि । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥३५॥

दहनस्थलभन्दा ऊर्ध्व दिशामा कम्बल ओढाइएका हे प्रेतपुरुष ! तिमीलाई हामी पितृहरूलाई तृप्त गराउने स्वधा अर्पित गर्दछौँ । पृथ्वीले जसरी द्युलोकलाई संरक्षण प्रदान गर्दछ, उसै गरी तिमीलाई भूमिले रक्षा गरोस् । जुन देवताहरूका लागि यज्ञभागका रूपमा आहुति प्रदान गर्दछौँ, जो देवमार्ग निर्माण गर्दछन् र देवलोकसम्म पुऱ्याउँछन् हामी उनैको अर्चना गर्दछौँ ।

धर्तासि धरुणोऽसि वंसगोऽसि ॥३६॥

हे अग्निदेवता ! तिमी सबैलाई धारण गर्ने हौ र सबैबाट तिमी धारण गरिने पनि हौ । तिमी सबै खालका कामना गर्ने पदार्थहरूका प्रतिरूप हौ ।

उदपूरसि मधुपूरसि वातपूरसि ॥३७॥

हे अग्निदेवता ! तिमी सम्पूर्ण विश्वमा पानी पुऱ्याउने, मधुर गुणले युक्त रस पुऱ्याउने र प्राणवायु सञ्चार गराउने हौ ।

इतश्च मामुतश्चावतां यमे इव यतमाने यदैतम् । प्र वां भरन् मानुषा देवयन्तो आ सीदतां स्वमु लोकं विदाने ॥३८॥

हविष्य धारण गर्ने हुनाले हविर्धाना नाम गरेका हे द्यावापृथिवी ! यस पृथ्वी र स्वर्गमा विद्यमान सबै विपद्हरूबाट हामीलाई रक्षा गर । हे हविर्धाना ! तिमीहरू दुवै जुम्ल्याहा जन्मेका सन्तानजस्तै भएर विश्वलाई पोषण प्रदान गर्नुका साथसाथै प्रयत्नशील भएर विचरण गर्दछौ । देवशक्तिहरूका अनुग्रहको इच्छा गर्ने साधकहरूले जब तिमीहरूका लागि हवि समर्पित गर्दछन्, त्यस बेला तिमीहरू आआफ्नो उपयुक्त स्थान चिनेर आसन ग्रहण गर ।

स्वासस्थे भवतमिन्दवे नो युजे वां ब्रह्म पूर्व्यं नमोभिः । वि श्लोक एति पथ्येव सूरिः शृण्वन्तु विश्वे अमृतास एतत् ॥३९॥

हे हविर्धाना ! हाम्रो वैभव र सम्पन्नताका लागि तिमीहरू दुवै श्रेष्ठ आसनमा विराजमान होओ । जसरी सन्मार्गमा चल्ने विद्वान्हरूले आफ्नो अभीष्ट प्राप्त गर्दछन्, उसै गरी तिमीहरूलाई हामी पहिलेदेखि चलिआएका स्तोत्र गाउँदै र स्तुति प्रदान गर्दै नमस्कार गर्दछौँ । हाम्रो यो स्तुति अमरत्व प्राप्त गरेका सबै देवताहरूले सुनून् ।

त्रीणि पदानि रुपो अन्वरोहच्चतुष्पदीमन्वैतद् व्रतेन । अक्षरेण प्रति मिमीते अर्कमृतस्य नाभावभि सं पुनाति ॥४०॥

मोहमायाले ग्रस्त मृतात्माले यो संस्कार गरेपछि अनुस्तरणी गाईलाई सम्झँदै तीनै लोकमा आरोहण गर्दछ । उसले यस नाशवान् शरीरलाई त्यागेर अविनाशी आत्मस्वरूप भएर स्वर्गादि पुण्यफल प्राप्त गर्नेछ ।

देवेभ्यः कमवृणीत मृत्युं प्रजायै किममृतं नावृणीत । बृहस्पतिर्यज्ञमतनुत ऋषिः प्रियां यमस्तन्व१मा रिरेच ॥४१॥

मृत्युले देवताहरूलाई किन वरण गर्दैन ? देवताहरूको अमरत्वका लागि बृहस्पति देवताले ऋषित्वको पद प्राप्त गरेर यज्ञ सम्पन्न गरेका थिए । त्यसैको फलस्वरूप देवताहरूले अमरत्व पद प्राप्त गरे । मानिस आदि प्रजाजनका लागि विधाताले अमरत्वको विधान बनाएनन् । त्यसो भएकैले उनीहरूलाई मर्त्य अर्थात् मरणशील भन्ने गरिन्छ । यसै कारणले प्राणलाई अपहरण गर्ने यमराजले मानिसका शरीरबाट प्राणलाई अलग गराउँछन् ।

त्वमग्न ईडितो जातवेदोऽवाड्ढव्यानि सुरभीणि कृत्वा । प्रादाः पितृभ्यः स्वधया ते अक्षन्नद्धि त्वं देव प्रयता हवींषि ॥४२॥

हे जातवेदा अग्निदेवता ! हामी तिम्रो स्तुति प्रार्थना गर्दछौं । तिमी हाम्रो श्रेष्ठ सुगन्धित आहुति स्वीकार गरेर पितृहरूलाई समर्पित गर । त्यसरी समर्पित गरिएको आहुति पितृहरूले स्वधाद्वारा ग्रहण गरून् । हे अग्निदेवता ! तिमी पनि श्रद्धाको भावनाले युक्त भएर समर्पित गरिएको आहुति सेवन गर ।

आसीनासो अरुणीनामुपस्थे रयिं धत्त दाशुषे मर्त्याय । पुत्रेभ्यः पितरस्तस्य वस्वः प्र यच्छत त इहोर्जं दधात ॥४३॥

अरुणिम ज्वालाका नजिकै बसेर यज्ञ आदि सम्पन्न गर्ने यजमानलाई धनधान्य प्रदान गरौं । हे पितृहरू हो ! तिमीहरू यजमानका पुत्रपौत्रलाई पनि धनऐश्वर्य प्रदान गर । त्यसबाट उनीहरू यज्ञ आदि कर्मका लागि धन नियोजित गर्न सकून् ।

अग्निष्वात्ताः पितर एह गच्छत सदःसदः सदत सुप्रणीतयः । अत्तो हवींषि प्रयतानि बर्हिषि रयिं च नः सर्ववीरं दधात ॥४४॥

हे अग्निष्वाता पितृहरू हो ! तिमीहरू यहाँ आओ र निर्धारित स्थानमा विराजमान होओ । हे पूजनीय पितृहरू हो ! पात्रहरूमा रहेको हविष्यान्न सेवन गर र सन्तान आदिले युक्त ऐश्वर्य एवं साधन हामीलाई प्रदान गर ।

उपहूता नः पितरः सोम्यासो बर्हिष्येषु निधिषु प्रियेषु । त आ गमन्तु त इह श्रुवन्त्वधि ब्रुवन्तु तेऽवन्त्वस्मान् ॥४५॥

हामी आआफ्ना पितृहरूलाई आह्वान गर्दछौं । कुशका आसनमा विराजमान भएर प्रस्तुत सोमरस आदि हविष्यान्न उनले उपभोग गरून् । हाम्रो प्रार्थना स्वीकार गरेर प्रसन्न हुँदै उनले हाम्रो रक्षा गरून् ।

ये नः पितुः पितरो ये पितामहा अनूजहिरे सोमपीथं वसिष्ठाः । तेभिर्यमः संरराणो हवींष्युशन्नुशद्भिः प्रतिकाममत्तु ॥४६॥

सोमरस तयार गर्ने वसिष्ठ आदि याजकहरू वैभवसम्पन्न भएर सोमपान गर्ने पितृहरूलाई हविका रूपमा सोम प्रदान गर्दछन् । पितृहरूका साथमा पितृहरूका अधिपति यम पनि हविष्यान्नको कामना गर्दछन्, उनीहरू सबैले त्यो हविष्यान्न सेवन गरून् ।

ये तातृषुर्देवत्रा जेहमाना होत्राविदः स्तोमतष्टासो अर्कैः । आग्ने याहि सहस्रं देववन्दैः सत्यैः कविभिर्ऋषिभिर्घर्मसद्भिः ॥४७॥

देवत्व प्राप्त गरेका, यज्ञका विशेषज्ञ, स्तोत्रका रचयिता पितृहरू पूजनीय स्तुतिले यस संसाररूपी सागरबाट पार भइसकेका छन् । हजारौं पटक देवताहरूले स्तुति गरिएका, वचनपालक, क्रान्तदर्शी ऋषिहरू र यज्ञमा विराजमान हुने उनै पितृहरूका साथमा हे अग्निदेवता ! तिमी पनि हाम्रा निकट आऊ ।

ये सत्यासो हविरदो हविष्पा इन्द्रेण देवैः सरथं तुरेण । आग्ने याहि सुविदत्रेभिरर्वाङ् परैः पूर्वैर्ऋषिभिर्घर्मसद्भिः ॥४८॥

जुन पितृहरू वचनपालक, हविको रक्षा गरेर त्यसलाई ग्रहण गर्ने र इन्द्र आदि देवताहरूका साथमा वेगसम्पन्न रथमा आरुढ हुने गर्दछन्, कल्याणकारी विद्या प्राप्त गरेका, प्राचीन र नवीन ऋषिहरूका साथमा यज्ञमा बस्ने गरेका उनै पितृहरूका साथमा हे अग्निदेवता ! तिमी पनि हाम्रा निकट आऊ ।

उप सर्प मातरं भूमिमेतामुरुव्यचसं पृथिवीं सुशेवाम् । ऊर्णम्रदाः पृथिवी दक्षिणावत एषा त्वा पातु प्रपथे पुरस्तात् ॥४९॥

हे मृतक ! तिमी यी मातृस्वरूपा, महिमामयी, सर्वव्यापिनी र सुखदायिनी धर्तीमाताका काखमा विराजमान होऊ । यी ऊनजस्तै कोमल स्पर्श भएकी र दानी पुरुषकी स्त्रीजस्तै धर्तीमाता नै सबै खालका ऐश्वर्यकी स्वामिनी हुन् । यी पृथ्वीमाताले तिम्रो पथ प्रशस्त गरून् र मार्गमा तिम्रो रक्षा गरून् ।

उच्छ्वञ्चस्व पृथिवि मा नि बाधथाः सूपायनास्मै भव सूपसर्पणा । माता पुत्रं यथा सिचाभ्येनं भूम ऊर्णुहि ॥५०॥

हे धर्तीमाता ! मृतकलाई पीडादायक सन्तापबाट रक्षा गर्नका लागि तिमी यसलाई माथि उठाऊ । यसलाई उचित किसिमले स्वागतसत्कार गर्दै सुखका साथ रहने गरिदेऊ । हे भूमिमाता ! आमाले सन्तानलाई आँचलले जसरी ढाक्दछन्, उसै गरी तिमी पनि यसलाई सबै तर्फबाट ढाकछोप गरिराख ।

उच्छ्वञ्चमाना पृथिवि सु तिष्ठतु सहस्रं मित उप हि श्रयन्ताम् । ते गृहासो घृतश्चुतः स्योना विश्वाहास्मै शरणाः सन्त्वत्र ॥५१॥

हे मृतक ! शरीरलाई ढाक्ने धर्तीमाता उचित किसिमले स्थित होऊन् र हजारौं किसिमका धुलोका कणहरू तिमीमाथि समर्पित गरून् । यी धर्ती तिम्रा लागि घिउको स्निग्धताजस्तै नरम आश्रय प्रदान गर्ने र सुखकारी होऊन् ।

उत्ते स्तभ्नामि पृथिवीं त्वत् परीमं लोगं निदधन्मो अहं रिषम् । एतां स्थूणां पितरो धारयन्ति ते तत्र यमः सादना ते कृणोतु ॥५२॥

हे अस्थिकुम्भ ! तिमीमाथि उचित किसिमले हामी पृथ्वीको माटो स्थापित गर्दछौं, तिमी यो भार वहन गर । यसले तिमीलाई पीडा नदियोस् । तिम्रा यस आश्रयलाई पितृहरूले ग्रहण गरून् । यमदेवताले तिमीलाई यस अवस्थामा निवासस्थल प्रदान गरून् ।

इममग्ने चमसं मा वि जिह्वरः प्रियो देवानामुत सोम्यानाम् । अयं यश्चमसो देवपानस्तस्मिन् देवा अमृता मादयन्ताम् ॥५३॥

हे अग्नि ! देवता र पितृहरूको प्रिय यस चमस पात्रलाई तिमी हिंसित नगर । यो चमस पात्र केवल देवताहरूलाई सोमपान गर्नका लागि सुरक्षित छ । यसैले, सम्पूर्ण अविनाशी देवता तथा पितृहरू आनन्दित हुने गर्दछन् ।

अथर्वा पूर्णं चमसं यमिन्द्रायाबिभर्वाजिनीवते । तस्मिन् कृणोति सुकृतस्य भक्षं तस्मिन्निन्दुः पवते विश्वदानीम् ॥५४॥

अविचल बुद्धि भएका अथर्वा नामका ऋषिले हविले परिपूर्ण भएको जुन अन्नयुक्त चमस पात्र इन्द्रदेवताका लागि धारण गरेका थिए, त्यसै चमसमा उचित किसिमले प्रसन्न गराइएका यज्ञको अवशिष्ट हवि ऋत्विक्हरूले सेवन गर्दछन् । उनै अथर्वा ऋषिले बनाएका चमसमा रसरूपी अमृत सधैं बहने गर्दछ ।

यत् ते कृष्णः शकुन आतुतोद पिपीलः सर्प उत वा श्वापदः । अग्निष्टद् विश्वादगदं कृणोतु सोमश्च यो ब्राह्मणाँ आविवेश ॥५५॥

हे मृतक ! तिम्रा शरीरका जुन अङ्गप्रत्यङ्गलाई काग आदि काला पक्षी, कमिला, सर्प तथा अन्य कुनै हिंस्रक पशुले जुठ्याएका वा खोट्याएका छन् भने सर्वभक्षक अग्निदेवताले त्यस अङ्गलाई नदुखाऊन् । शरीरका भित्री भागमा पोषण रसरूपी जुन सोम विद्यमान छ, त्यसले पनि शरीरलाई कष्टमुक्त गराओस् ।

पयस्वतीरोषधयः पयस्वन्मामकं पयः । अपां पयसो यत् पयस्तेन मा सह शुम्भतु ॥५६॥

हाम्रा लागि औषधिहरू सारयुक्त होऊन् । हाम्रो सार नै सारसम्पन्न होस् । जल आदि सबै रसको सारका रूपमा रहेको सत्त्व अंशले जलका अधिपति वरुणदेवता हामीलाई शुद्ध गरून् ।

इमा नारीरविधवाः सुपत्नीराञ्जनेन सर्पिषा सं स्पृशन्ताम् । अनश्रवो अनमीवाः सुरत्ना आ रोहन्तु जनयो योनिमग्रे ॥५७॥

सौभाग्यवती, सुन्दर सधवा नारीहरू घृताञ्जनले शोभायमान भएर आआफ्ना घरमा प्रविष्ट होऊन् । यी नारीहरू आँसु रोकेर मानसिक विकार त्यागेर गहना आदिले सजिएर आदरपूर्वक अगाडि बढ्दै घरमा प्रवेश गरून् ।

सं गच्छस्व पितृभिः सं यमेनेष्टापूर्तेन परमे व्योमन् । हित्वावद्यं पुनरस्तमेहि सं गच्छतां तन्वा सुवर्चाः ॥५८॥

हे पिता ! यज्ञ आदि दानपुण्य कर्मको प्रभावले तिमी उत्तम लोक स्वर्गमा गएपछि आफ्ना पितृहरूसँगै संयुक्त होऊ । पापकर्मका प्रभावबाट मुक्त भएर पुनः घरमा प्रवेश गर र तेजस्वी देवताको स्वरूप प्राप्त गर ।

ये नः पितुः पितरो ये पितामहा य आविविशुरुर्व१न्तरिक्षम् । तेभ्यः स्वराडसुनीतिर्नो अद्य यथावशं तन्वः कल्पयाति ॥५९॥

पितामह, प्रपितामह तथा हाम्रा गोत्रमा उत्पन्न भएका जुन पितृहरूले विस्तृत अन्तरिक्षलोकमा प्रवेश गरेका छन्, उनीहरूका लागि स्वयं प्रकाशमान भएर प्राणका रूपमा रहेका परमेश्वरले आफ्नो इच्छाअनुसार शरीर निर्माण गर्दछन् ।

शं ते नीहारो भवतु शं ते प्रुष्वाव शीयताम् । शीतिके शीतिकावति ह्लादिके ह्लादिकावति । मण्डूक्य१प्सु शं भुव इमं स्व१ग्निं शमय ॥६०॥

हे मृतक पुरुष ! डढ्दै गर्दाखेरी तिमीलाई यदि जलन भएको वा पोलेको छ भनेदेखि यस कुहिराले त्यो जलन शान्त गरोस् । बिस्तारैसित बर्सिदै गरेका बादलले तिमीलाई सुख र शान्ति प्रदान गरोस् । हे शीतिका र ह्लादिका नामका शीतल र आनन्द प्रदान गर्ने औषधिले सम्पन्न पृथ्वी ! तिमी यस डढ्दै गरेका प्रेतात्मालाई मण्डूकपर्णी नामा औषधिले पनि सुख प्रदान गर । तिमी यसरी डढाउँदै गरेका अग्निलाई उचित किसिमले शान्त गराइदेऊ ।

विवस्वान् नो अभयं कृणोतु यः सुत्रामा जीरदानुः सुदानुः । इहेमे वीरा बहवो भवन्तु गोमदश्ववन्मय्यस्तु पुष्टम् ॥६१॥

सबै किसिमले संरक्षण प्रदान गर्ने, जीवनदाता सूर्यदेवताले हामीलाई अभय प्रदान गरून् । यस संसारमा हाम्रा पुत्रपौत्रादि सन्तति वृद्धि होऊन् । हामी गाई, अश्व आदि पशुहरूले पनि परिपूर्ण हुन सकौं ।

विवस्वान् नो अमृतत्वे दधातु परैतु मृत्युरमृतं न एतु । इमान् रक्षतु पुरुषाना जरिम्णो मो ष्वे षामसवो यमं गुः ॥६२॥

सूर्यदेवताले हामीलाई अमरत्व प्रदान गरून् । उनका कृपादृष्टिले मृत्युको भय समाप्त होस् ।

हामी अमरत्व पदका अधिकारी बन्न सकौँ र उनले हामीलाई पुत्रपौत्रादिसहित वृद्ध अवस्थासम्म सुरक्षा गरून् । यिनीहरूमध्ये कसैको पनि प्राण वैवस्वत् यमलाई प्राप्त नहोस् ।

यो दध्रे अन्तरिक्षे न मह्ना पितृणां कविः प्रमतिर्मतीनाम् । तमर्चत विश्वमित्रा हविर्भिः स नो यमः प्रतरं जीवसे धात् ॥६३॥

प्रखर प्रतिभाले सम्पन्न र क्रान्तदर्शी यमदेवताले मेधासम्पन्न पितृहरूलाई आफ्नै सामर्थ्यले अन्तरिक्षलोकमा धारण गरिरहेका छन् । हे सम्पूर्ण विश्वका मित्ररूपी मानवहरू हो ! तिमीहरू यमराजलाई आहुतिले अर्चना गर । ती पूजनीय यमदेवताले हाम्रो जीवनलाई दीर्घायु प्रदान गरून् ।

आ रोहत दिवमुत्तमामृषयो मा बिभीतन । सोमपाः सोमपायिन इदं वः क्रियते हविरगन्म ज्योतिरुत्तमम् ॥६४॥

हे मन्त्रद्रष्टा ऋषिहरू हो ! तिमीहरू यज्ञीय सत्कर्मका प्रभावले श्रेष्ठ स्वर्गलोकमा आरुढ हुन सक, कुनै किसिमले पनि भयभीत नहोओ । हे ऋषिहरू हो ! तिमीहरू सोमपान गर्ने हौ र अरूलाई पनि सोमपान गर्नमा सहयोग गर्दछौ । तिमीहरूका लागि हामी हविष्यान्न प्रदान गर्दछौँ । यस प्रकारले हामी उत्तम ज्योतिको चिरजीवन प्राप्त गर्न सकौँ ।

प्रकेतुना बृहता भान्यग्निरा रोदसी वृषभो रोरवीति । दिवश्चिदन्तादुपमामुदानडपामुपस्थे महिषो ववर्ध ॥६५॥

अग्निदेवता धुवाँरूपी विशाल पताकाले युक्त भएर, द्युलोक र पृथ्वीमा व्याप्त हुने गर्दछन् । उनी देवताहरूलाई आह्वान गर्ने समयमा वर्षणशील र शब्द गर्ने खालका हुन्छन् । उनी द्युलोकका नजिकै रहेको प्रदेशमा व्याप्त हुन्छन् र जलको आश्रय स्थान अन्तरिक्षमा विद्युत्का रूपमा संवर्द्धित हुने गर्दछन् ।

नाके सुपर्णमुप यत् पतन्तं हृदा वेनन्तो अभ्यचक्षत त्वा । हिरण्यपक्षं वरुणस्य दूतं यमस्य योनौ शकुनं भुरण्युम् ॥६६॥

पक्षीको जस्तै गरी सुनौला पङ्खले आकाशमा विचरण गर्ने, सबैलाई पोषण प्रदान गर्ने, वरण गर्न योग्य वा वरुणका दूत बनेका हे वेनदेवता ! मानिसहरू तिमीलाई हृदयदेखि नै चाहन्छन् । अग्निको उत्पत्तिस्थल अन्तरिक्षमा तिमीलाई पक्षीझैँ विचरण गर्दै रहेका अवस्थामा द्रष्टाहरूले देखेका छन् ।

इन्द्र क्रतुं न आ भर पिता पुत्रेभ्यो यथा । शिक्षा णो अस्मिन् पुरुहूत यामनि जीवा ज्योतिरशीमहि ॥६७॥

हे इन्द्रदेवता ! हामीलाई उत्तम कर्मरूपी यज्ञको फल प्राप्त होस् । पिताले जसरी पुत्रलाई धन आदि प्रदान गरेर उनको पोषण गर्दछन्, उसै गरी हामीलाई पोषण गर । अनेकौँले सहायताका लागि बोलाउने गरिएका हे इन्द्रदेवता ! यज्ञमा हामीलाई तिम्रो दिव्य तेजस् प्रदान गर ।

अपूपापिहितान् कुमभान् यांस्ते देवा अधारयन् । ते ते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः ॥६८॥

हे प्रेतपुरुष ! जुन घिउ, मह आदिले बनाएको मालपुवाले भरिएको घडा तिमीले उपभोग गर्नका लागि भनेर देवताहरूले धारण गरेका छन्, त्यो घडा तिम्रा लागि स्वधायुक्त, मधुरतायुक्त र घिउले परिपूर्ण भएर रहोस् ।

यास्ते धाना अनुकिरामि तिलमिश्राः स्वधावतीः । तास्ते सन्तु विभ्वीः प्रभ्वीस्तास्ते यमो राजानु मन्यताम् ॥६९॥

हे प्रेतपुरुष ! तिल मिसिएको स्वधायुक्त जौको खट्टे तिम्रा लागि हामी समर्पित गर्दछौँ । तिमीलाई त्यो ऐश्वर्य गुणले सम्पन्न र सन्तुष्टिप्रदायक होस् । राजा यमले तिमीलाई त्यो खट्टे उपभोग गर्ने अनुमति प्रदान गरून् ।

पुनर्देहि वनस्पते य एष निहितस्त्वयि । यथा यमस्य सादन आसातै विदथा वदन् ॥७०॥

हे वनस्पतिदेवता ! तिमीभित्र जुन आतिथ्य पुरुषलाई स्थापना गरिएको छ, तिमी त्यो पुरुष फेरि हामीलाई फिर्ता गर । त्यसो भएपछि ऊ यमराजका घरमा यज्ञीय सत्कर्महरू प्रकाशमान गराउँदै विराजमान हुन सकोस् ।

आ रभस्व जातवेदस्तेजस्वद्धरो अस्तु ते । शरीरमस्य सं दहाथैनं धेहि सुकृतामु लोके ॥७१॥

हे सर्वज्ञ अग्निदेवता ! तिमी दहन कार्यका निम्ति तयार होऊ । तिम्रो रस सुकाउने र डढाउने ऊर्जारूपी ज्वाला सक्रिय होस् । यस मृतशरीरलाई तिमी उचित किसिमले भस्म गराऊ र यस पुण्यात्मालाई स्वर्ग नामको श्रेष्ठ लोकमा प्रतिष्ठित गराऊ ।

ये ते पूर्वे परागता अपरे पितरश्च ये । तेभ्यो घृतस्य कुल्यै तु शतधारा व्युन्दती ॥७२॥

उहिले नै उत्पन्न भएका जुन पितृहरू स्वर्गलोकमा पुगेका छन् र पछि उत्पन्न भएर यस बेला जो परलोक वासी भएका छन्, ती सबै प्राचीन तथा अर्वाचीन पितृहरूका लागि घिउको नदी नै प्रवाहित होस् । त्यस घिउका असङ्ख्य धाराले तिमीलाई अभिषिञ्चित गराइरहून् ।

एतदा रोह वय अन्मृजानः स्वा इह बृहदु दीदयन्ते । अभि प्रेहि मध्यतो माप हास्थाः पितॄणां लोकं प्रथमो यो अत्र ॥७३॥

हे मृतात्मा ! तिमी यस शरीरबाट निस्केर स्वयंलाई शुद्ध गराएर यस अन्तरिक्षमा आरोहण गर । यस लोकका बन्धुबान्धवहरू वैभवले सम्पन्न भएर रहून् । बान्धवहरूको मोहमाया त्यागेर उच्च लोकलाई लक्षित गर्दै आरोहण गर । द्युलोकमा पितृहरूको प्रमुख लोक जुन छ त्यसलाई तिमी परित्याग नगर ।

४. पितृमेध सूक्त

ऋषि– अथर्वा । **देवता–** यम, मन्त्रोक्त, पितृगण, अग्नि, चन्द्रमा । **छन्द–** त्रिष्टुप्, भुरिक् त्रिष्टुप्, जगती, पञ्चपदा भुरिक् अतिजगती, पञ्चपदा शक्वरी, महाबृहती, त्र्यवसाना पञ्चपदा शक्वरी, त्रिपदा भुरिक् महाबृहती, अनुष्टुप्, विराट् उपरिष्टाद् बृहती, याजुषी गायत्री, उपरिष्टाद् बृहती, पुरोविराट् आस्तार पङ्क्ति, अनुष्टुब्गर्भा त्रिष्टुप्, पुरोविराट् सतः पङ्क्ति, ककुम्पती अनुष्टुप्, भुरिक् आस्तार पङ्क्ति, स्वराट् आस्तार पङ्क्ति, त्रिपदा स्वराट् गायत्री द्विपदा आर्ची अनुष्टुप्, आसुरी अनुष्टुप्, आसुरी पङ्क्ति आसुरी गायत्री, आसुरी उष्णिक्, दैवी जगती, आसुरी त्रिष्टुप्, आसुरी जगती, प्राजापत्या अनुष्टुप्, साम्नी बृहती, साम्नी त्रिष्टुप्, आसुरी बृहती, चुतष्पदा ककुम्पती उष्णिक्, चतुष्पदा शङ्कुमती उष्णिक्, त्र्यवसाना पथ्यापङ्क्ति, पञ्चपदा पथ्यापङ्क्ति ।

आ रोहत जनित्रीं जातवेदसः पितृयाणैः सं व आ रोहयामि । अवाड्ढव्येषितो हव्यवाह ईजानं युक्तः सुकृतां धत्त लोके ॥१॥

हे जन्मजात रूपमा ज्ञानले सम्पन्न हुनाले जातवेद भनेर सम्बोधन गरिने अग्नि ! तिमी आफ्ना जन्मदात्रीका रूपमा रहेका वनस्पति र अन्तरिक्षीय धाराहरूसम्म पुग । हामी तिमीलाई पितृयानको मार्गबाट त्यहाँसम्म पुऱ्याउँछौँ । हव्य वहन गर्ने प्रिय अग्निदेवताले हव्य वहन गर्दछन् । हे अग्नि ! तिम्रा विभिन्न रूपहरू एकापसमा मिलेर यज्ञीय सत्कर्म उत्पन्न गर्ने यजमानलाई पुण्यात्माहरूका लोकमा प्रतिष्ठित गराऊन् ।

देवा यज्ञमृतवः कल्पयन्ति हविः पुरोडाशं स्रुचो यज्ञायुधानि । तेभिर्याहि पथिभिर्देवयानैर्यैरीजानाः स्वर्गं यन्ति लोकम् ॥२॥

इन्द्र आदि देवगणले ऋतुअनुसारका यज्ञक्रिया गर्दछन् । हव्य सामग्री, घिउ, पुरोडाश, स्रुवा आदि यज्ञका पात्रहरू, जुहू आदि यज्ञका साधनहरूले पनि यज्ञ सम्पन्न गर्न सघाउँछन् । हे पुरुष ! तिमी

यजमानको मार्गलाई अनुसरण गर । यज्ञ सम्पन्न गर्ने मानिसहरू जुन मार्गबाट प्रस्थान गर्दछन्, ...प्रदान गर्ने उसै मार्गमा तिमी पनि अगाडि बढ ।

ऋतस्य पन्थामनु पश्य साध्वङ्गिरसः सुकृतो येन यन्ति । तेभिर्याहि पथिभिः स्वर्गं यत्रादित्या मधु भक्षयन्ति तृतीये नाके अधि वि श्रयस्व ॥३॥

हे पुरुष ! तिमी यज्ञको सन्मार्गलाई तिमी राम्रोसित चिन । यज्ञसित सम्बन्धित जुन मार्गबाट पुण्य ... गर्ने अङ्गिरसहरू जाने गर्दछन्, उनै मार्गबाट तिमी स्वर्गलोकसम्म जाऊ । जुन स्वर्गलोकमा अदितिका पुत्र देवगणले मधुर अमृत उपभोग गर्दछन्, उसै दुःखकष्ट रहित, तेस्रो लोक मानिएको स्वर्गलोकमा पुगेर विश्राम लेऊ ।

त्रयः सुपर्णा उपरस्य मायू नाकस्य पृष्ठे अधि विष्टपि श्रिताः । स्वर्गा लोका अमृतेन विष्ठा इषमूर्जं यजमानाय दुह्राम् ॥४॥

...न रीतिले गमन गर्ने अग्नि, वायु, सूर्य, मेघसित सम्बन्धित शब्द निकाल्ने वायु र पर्जन्य आदि ... देवताहरू माथि रहेका स्वर्गमा विराजमान छन् । स्वर्गलोक सुधारसले परिपूर्ण छ । यस लोकले यज्ञको अनुष्ठान गर्ने याजकहरूलाई अभीष्ट अन्न र बल प्रदान गर्दछ ।

जुहूर्दाधार द्यामुपभृदन्तरिक्षं ध्रुवा दाधार पृथिवीं प्रतिष्ठाम् । प्रतीमां लोका घृतपृष्ठाः स्वर्गाः कामंकामं यजमानाय दुह्राम् ॥५॥

जुहू नामको घिउको आहुति प्रदान गर्ने पात्रले द्युलोकलाई धारण गरेको छ । उपभृत् नामको ...भरिने पात्रले अन्तरिक्षलाई धारण गर्दछ र ध्रुवा नामको निरन्तर स्थिर रहने गरेका पात्रले ...लाई आश्रय प्रदान गर्ने पृथ्वीलाई धारण गरेको छ । यसै ध्रुवाले धारण गरिएका भूमिलाई ...क्षित गरेर देदीप्यमान पृष्ठभाग भएका स्वर्गलोकले यज्ञकर्ता यजमानका सबै खालका अभिलाषा पूरा गराओस् ।

ध्रुव आ रोह पृथिवीं विश्वभोजसमन्तरिक्षमुपभृदा क्रमस्व । जुहु द्यां गच्छ यजमानेन साकं स्रुवेण वत्सेन दिशः प्रपीनाः सर्वा धुक्ष्वाहृणीयमानः ॥६॥

स्थिर रहेर धारण गर्ने क्षमताले सम्पन्न भएको हे ध्रुवा नामका पात्र ! सम्पूर्ण विश्वलाई पालन गर्ने पृथ्वीमा यजमानका साथमा आरोहण गरेर तिमी विराजमान होऊ । हे उपभृत् ! तिमी यजमानका साथमा अन्तरिक्षलोकमा आरोहण गर । हे जुहू ! तिमी द्युलोकमा यजमानका साथ लागेर जाऊ । ...गरीकन हे यजमान ! तिमी सङ्कोच त्यागेर स्रुवारूपी बाछोले युक्त भएका दिशारूपी ...हरूलाई दुहेर लक्ष्य बनाएअनुसारका सबै पदार्थहरू प्राप्त गर ।

तीर्थैस्तरन्ति प्रवतो महीरिति यज्ञकृतः सुकृतो येन यन्ति । अत्रादधुर्यजमानाय लोकं दिशो भूतानि यदकल्पयन्त ॥७॥

तीर्थ र यज्ञजस्ता सत्कर्म सम्पन्न गर्ने सत्पुरुषहरू निकै ठूला खालका आपद्‌बाट पनि छुटकारा पाउँछन् । यस किसिमको विचार गर्ने यज्ञकर्ता पुरुषहरू जुन मार्गबाट स्वर्गमा पुग्दछन्, उसै मार्गको खोजी गर्दै याज्ञिकहरू यी यजमानका लागि त्यस किसिमको श्रेष्ठ मार्ग प्रशस्त गराऊन् ।

अङ्गिरसामयनं पूर्वो अग्निरादित्यानामयनं गार्हपत्यो दक्षिणानामयनं दक्षिणाग्निः । महिमानमग्नेर्विहितस्य ब्रह्मणा समङ्गः सर्व उप याहि शग्मः ॥८॥

पूर्व दिशामा आहवनीय अग्नि नै अङ्गिरसहरूले सम्पन्न गर्ने अयन नामको सत्र वा यज्ञका रूपमा रहेका छन् । गार्हपत्य अग्नि आदित्य देवताका अयन नामको सत्र वा यज्ञका रूपमा रहेका छन् । दक्षिण दिशामा रहेका दाक्षिणाग्नि दक्षायन नामको सत्र यज्ञ हुन् । हे पुरुष ! तिमी सुदृढतायुक्त एवं सम्पूर्ण अवयवहरूले युक्त भएर वेदका मन्त्रले यज्ञमा स्थापित गरिएका अग्निको महत्ता सुखपूर्वक प्राप्त गर ।

पूर्वो अग्निष्ट्वा तपतु शं पुरस्ताच्छं पश्चात् तपतु गार्हपत्यः । दक्षिणग्निष्टे तपतु शर्म वर्मोत्तरतो मध्यतो अन्तरिक्षाद् दिशोदिशो अग्ने परि पाहि घोरात् ॥९॥

पूर्व दिशाका अग्निले तिमीलाई अघिल्लो तिरबाट सुखपूर्वक तातो प्रदान गरून् । गार्हपत्य अग्निले उनीहरूलाई पछिल्लो भागबाट सुखपूर्वक न्यानोपना प्रदान गरून् । दक्षिण दिशामा रहेका दक्षिणाग्निले कवचजस्तो बनेर चारै तिरबाट तिमीलाई रक्षा गर्दै उनीहरूलाई तातो प्रदान गरून् । हे अग्निदेवता ! तिमी उत्तर आदि जुनसुकै दिशाबाट आउने क्रूर तथा हिंस्रकको आक्रमणबाट यी समर्पित व्यक्तिको रक्षा गर ।

यूयमग्ने शंतमाभिस्तनूमिरीजानमभि लोकं स्वर्गम् । अश्वा भूत्वा पृष्टिवाहो वहाथ यत्र देवैः सधमादं मदन्ति ॥१०॥

हे अग्निदेवता ! भिन्नभिन्न स्थलमा प्रतिष्ठित भएका तिमी आफ्ना आधानकर्तालाई परम मङ्गलकारी आफ्ना शरीरले घोडाले झैं पिठ्युँमा बसाएर स्वर्गलोकतर्फ लैजाऊ । त्यस लोकमा यज्ञकर्ता यजमानहरू देवताहरूका साथमा आनन्दको उपभोग गर्दै हर्ष प्राप्त गर्नेछन् ।

शमग्ने पश्चात् तप शं पुरस्ताच्छमुत्तराच्छमधरात् तपैनम् । एकस्त्रेधा विहितो जातवेदः सम्यगेनं धेहि सुकृतामु लोके ॥११॥

हे अग्निदेवता ! यस यज्ञकर्तालाई पश्चिम भागबाट, पूर्व भागबाट, उत्तर र अधोभागबाट सुखपूर्वक तातो प्रदान गर । हे उत्पन्न भएका सबै पदार्थको ज्ञानले सम्पन्न अग्निदेवता ! तिमी एउटै भए पनि पूर्वाग्नि, गार्हपत्याग्नि र दक्षिणाग्नि यी तीन किसिमले प्रतिष्ठित गरिएको छ । यस किसिमका अग्निहोत्रीलाई पुण्यात्माहरूका लोकमा उचित किसिमले स्थापित गर ।

शमग्नयः समिद्धा आ रभन्तां प्राजापत्यं मेध्यं जातवेदसः । शृतं कृण्वन्त इह माव चिक्षिपन् ॥१२॥

समिधाले प्रदीप्त भएका जातवेदा आदि अग्निहरूले यी प्रजापतिका मेध्य वा यजनीय पदार्थ, जीव अथवा आत्मालाई यहाँको यज्ञीय परिवेशतर्फ प्रेरित गरून्, पतित या पथभ्रष्ट हुन नदिऊन् ।

यज्ञ एति विततः कल्पमान ईजानमभि लोकं स्वर्गम् । तमग्नयः सर्वहुतं जुषन्तां प्राजापत्यं मेध्यं जातवेदसः । शृतं कृण्वन्त इह माव चिक्षिपन् ॥१३॥

पितृमेध नामको विशाल यज्ञ उचित रूपमा सम्पन्न भएर यज्ञकर्तालाई स्वर्गीय सुख प्राप्त गराउँछ । त्यसैले जातवेदा आदि अग्निहरूले सर्वस्व होम गर्ने यज्ञकर्तालाई उचित किसिमले तृप्त र सन्तुष्ट गराऊन् ।

ईजानश्चितमारुक्षदग्निं नाकस्य पृष्ठाद् दिवमुत्पतिष्यन् । तस्मै प्र भाति नभसो ज्योतिषीमान्त्स्वर्गः पन्थाः सुकृते देवयानः ॥१४॥

स्वर्गभन्दा माथि रहेका द्युलोकको आशा गर्ने यी पुरुषले चयन गरेका अग्निलाई प्रदीप्त गराउँछन् । त्यस्ता श्रेष्ठ याजक स्वर्गमा आरोहण गर्दा उनका निम्ति अन्तरिक्षको प्रकाशमान देवयानमार्ग प्रकाशित होओस् ।

अग्निर्होताध्वर्युष्टे बृहस्पतिरिन्द्रो ब्रह्मा दक्षिणतस्ते अस्तु । हुतोऽयं संस्थितो यज्ञ एति यत्र पूर्वमयनं हुतानाम् ॥१५॥

हे यजनिष्ठ ! तिम्रा यज्ञमा अग्निदेवता होता, बृहस्पतिदेवता अध्वर्यु र इन्द्रदेवता ब्रह्मा बनेर दाहिनेतिरको शुभ दिशामा विराजमान होऊन् । यसै किसिमले सम्पन्न यो यज्ञ उसै स्थानमा पुग्दछ, जहाँ पहिलेपहिले पनि आहुति प्रदान गर्दै सम्पन्न भएका यज्ञहरू पुगेका थिए ।

अपूपवान् क्षीरवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥१६॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा घिउमा पकाएको पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न [illegible] होऊन । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरू[illegible]

हामी यजन गर्दछौं ।

अपूपवान् दधिवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥१७॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा दहीमा पकाएको पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवान् द्रप्सवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥१८॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा विभिन्न रसहरूमा पकाएको पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवान् घृतवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥१९॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा घिउमा पकाएको पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवान् मांसवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२०॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा फलको गुदी, पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवानन्नवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२१॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा अन्न, पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवान् मधुमांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२२॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा मह, पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवान् रसवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२३॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा रस, पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपवानपवांश्चरुरेह सीदतु । लोककृतः पथिकृतो यजामहे ये देवानां हुतभागा इह स्थ ॥२४॥

यहाँ सम्पन्न गरिने यस यज्ञमा जल, पुवा र दुधमा पकाएको खिर आदि पक्वान्न चरुका रूपमा तयार होऊन् । श्रेष्ठ लोक र तिनमा लिएर जाने मार्गका निर्माता तथा यस यज्ञमा आएका देवताहरूलाई हामी यजन गर्दछौं ।

अपूपापिहितान् कुम्भान् यांस्ते देवा अधारयन् । ते ते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः ॥२५॥

यस किसिमका पुवा आदिले युक्त चरुले भरिएका कलशहरू तिम्रो उपभोगका लागि देवताहरूले ग्रहण गरेका छन् । ती कलशहरू तिम्रा लागि स्वधायुक्त, मधुरताले सम्पन्न र घृत आदिले सम्पन्न होऊन् ।

यास्ते धाना अनुकिरामि तिलमिश्राः स्वधावतीः । तास्ते सन्तूद्भ्वीः प्रभ्वीस्तास्ते यमो राजानु मन्यताम् ॥२६॥

जौका लावामा तिल मिसाएर जुन अन्न स्वधा भन्दै प्रदान गर्दछौँ, त्यसमा भएका जौका लावाहरू परलोक जाँदै गर्दा तिमीलाई सत्परिणाम प्रदान गर्ने होऊन् । राजा यमले तिमीलाई ती लावा उपभोग गर्ने अनुमति प्रदान गरून् ।

अक्षितिं भूयसीम् ॥२७॥

यस किसिमका लावाको उपभोग गर्नका लागि यमराजले तिमीलाई लामो समयसम्म अनुमति प्रदान गरून् ।

द्रप्सश्चस्कन्द पृथिवीमनु द्यामिमं च योनिमनु यश्च पूर्वः । समानं योनिमनु संचरन्तं द्रप्सं जुहोम्यनु सप्त होत्रा ॥२८॥

ऋषि र देवताहरूका लागि भनेर अन्तरिक्षबाट सोमरस पृथ्वीमा उत्पन्न भएको हो । हाम्रा जुन प्रखर तेजस्वी पुर्खाहरू थिए, उनीहरूले नै यो सोमरस फेला पारेका हुन् । हामी सात किसिमका याज्ञिकहरू समान किसिमका लोकमा रहने यस दिव्य सोमरसलाई आहुतिका रूपमा स्वीकार गर्दछौँ ।

शतधारं वायुमर्कं स्वर्विदं नृतक्षसस्ते अभि चक्षते रयिम् । ये पृणन्ति प्र च यच्छन्ति सर्वदा ते दुह्रते दक्षिणां सप्तमातरम् ॥२९॥

सयौँ किसिमका धारा बनेर बहने गरेका वायुका लागि, स्वर्ग प्राप्त गराउने आदित्य गणका लागि अन्य सबै मानिसका लागि र कल्याणकारी देवताहरूका लागि ऐश्वर्य प्राप्त होस् भन्ने हेतु यजमान तयार रहेका हुन्छन् । जसले देवताहरूलाई सन्तुष्ट गराउँछन् र यज्ञरूपी सत्कर्म गर्दै अन्न, द्रव्य आदि दान गर्दछन्; तिनीहरू नै सात किसिमका होताहरूले दिएको दक्षिणा प्राप्त गर्नका लागि योग्य पात्र हुन्छन् ।

कोशं दुहन्ति कलशं चतुर्बिलमिडां धेनुं मधुमतीं स्वस्तये । ऊर्जं मदन्तीमदितिं जनेष्वग्ने मा हिंसीः परमे व्योमन् ॥३०॥

मङ्गलकार्यका लागि धर्म, अर्थ, काम र मोक्ष नामका चार थुनरूपी छिद्र भएको, विभिन्न खालका खनिजरूपी खजाना धारण गरेको, मिठो र पोषक अन्नले परिपूर्ण भएको भूमिरूपी गाई दुहुने काम भएको छ । हे अग्निदेवता ! जनसमाजमा आफ्नो दुधरूपी अन्नले तृप्ति प्रदान गर्ने अखण्डनीय रक्षणीय अदिति नामकी देवीका रूपमा रहने यी धर्तीले जोगाइराखेको अन्नमा क्षति हुन नदेऊ ।

एतत् ते देवः सविता वासो ददाति भर्तवे । तत् त्वं यमस्य राज्ये वसानस्तार्प्यं चर ॥३१॥

हे पुरुष ! तिमीलाई सबै किसिमले आच्छादन गर्नका लागि सवितादेवताले यो वस्त्र प्रदान गरेका छन् । तृप्तिप्रद यस वस्त्रलाई ओढेर तिमी यमराजका राज्यमा विचरण गर ।

धाना धेनुरभवद् वत्सो अस्यास्तिलोऽभवत् । तां वै यमस्य राज्ये अक्षितामुप जीवति ॥३२॥

हे मृतक ! तिमी बाछोका रूपमा तिल र क्षयरहित धेनुका रूपमा लावाहरूले आफ्नो जीवन निर्वाह गर ! किनभने यी भुटेका जौको खट्टे कामधेनुको रूप हुन् र तिलहरू नै तिनका बाछाको रूप हुन् ।

एतास्ते असौ धेनवः कामदुघा भवन्तु । एनीः श्येनी सरूपा विरूपास्तिलवत्सा उप तिष्ठन्तु त्वात्र ॥३३॥

हे पुरुष ! यी राता र सेता वर्णका र तिनीहरूभन्दा भिन्न रूपरङ्गका तिलहरूलाई बाछोका रूपमा लिएका जौका खट्टे तिम्रो मनोकामना पूरा गराउने कामधेनुजस्तै होस् र यस यमदेवका लोकमा तिमीलाई अभीष्ट पूरा गराउनका लागि सधैँ तिम्रा नजिकै रहिरहोस् ।

एनीर्धाना हरिणीः श्येनीरस्य कृष्णा धाना रोहिणीर्धेनवस्ते । तिलवत्सा ऊर्जमस्मै दुहाना विश्वाहा सन्त्वनपस्फुरन्तीः ॥३४॥

तिम्रो हरियो वर्णको धान रातो र सेतो वर्णका गाई होऊन् । कालो वर्णका धान राता वर्णका गाई होऊन् । तिललाई बाछोका रूपमा लिएका ती गाईहरू कहिल्यै नष्ट नहोऊन् र हामीलाई यिनले सधैँ ऊर्जाप्रदायक दुधरूपी रस प्रदान गरिरहून् ।

वैश्वानरे हविरिदं जुहोमि साहस्रं शतधारमुत्सम् । स बिभर्ति पितरं पिताहान् प्रपितामहान् बिभर्ति पिन्वमानः ॥३५॥

हामी यो हवि वैश्वानर अग्निलाई समर्पित गर्दछौँ । जुन हवि विभिन्न किसिमका जल प्रवाहले युक्त छ । जलवर्षक मेघले झैँ त्यसले सेचन कार्य गरेर आफ्ना आश्रयमा जीवन निर्वाह गर्ने पितृहरूलाई सन्तुष्टि प्रदान गरोस् । यस हविष्यान्नद्वारा सन्तुष्ट एवं हर्षित हुँदै वैश्वानर अग्निदेवताले पितृका श्रेणीमा पुगेका हाम्रा पिता, प्रपिता र वृद्धप्रपिता आदि पूर्वजहरूलाई पोषण गरून् ।

सहस्रधारं शतधारमुत्समक्षितं व्यच्यमानं सलिलस्य पृष्ठे । ऊर्जं दुहानमनपस्फुरन्तमुपासते पितरः स्वधाभिः ॥३६॥

सयौँ वा हजारौँ धाराका स्रोतले सम्पन्न, मेघजस्तै पानीले परिपूर्ण अन्तरिक्षको माथिल्लो भागमा व्याप्त, अन्नको बल प्रदान गर्ने, कहिल्यै चलायमान नहुने हविष्य नै पितृहरूले स्वधाका रूपमा आहुतिसँग ग्रहण गर्दछन् ।

इदं कसाम्बु चयनेन चितं तत् सजाता अव पश्यतेत । मर्त्योऽयममृतत्वमेति तस्मै गृहान् कृणुत यावत्सबन्धु ॥३७॥

सञ्चयन प्रक्रियाले एकत्र गरिएको, पानीले भिजेर चिसो अवस्थामा रहेको यस अस्थिसमूहलाई हे बन्धुबान्धवहरू हो ! यहाँ आएर उचित किसिमले हेर । यहाँ अस्थि सञ्चय गरिएका यी मरणशील प्रेतपुरुषले अमरत्व प्राप्त गरिरहेका छन् । उनका सजातीय बन्धुहरूले यिनका लागि आश्रय स्थलको निर्माण गरून् ।

इहैवैधि धनसनिरिहचित्त इहक्रतुः । इहैधि वीर्यवत्तरो वयोधा अपराहतः ॥३८॥

हे मानिस ! तिमी यहीँ रहँदै उन्नति हासिल गर । यहीँ नै ज्ञानवान् र कर्मशील भएर हाम्रा लागि धनसम्पदा प्रदान गर्ने बन । यहीँ नै अति बलशाली र शत्रुप्रति अपराजेय भएर अन्नद्वारा अरूलाई पालन गर्दै प्रवृद्ध होऊ ।

पूत्रं पौत्रमभितर्पयन्तीरापो मधुमतीरिमाः । स्वधां पितृभ्यो अमृतं दुहाना आपो देवीरुभयांस्तर्पयन्तु ॥३९॥

सेवन गर्नयोग्य यो मधुरतापूर्ण जल पुत्रपौत्रादिलाई सन्तुष्ट गराउनमा सक्षम छ । यस पिण्डमा जीवन निर्वाह गर्ने पितृहरूका लागि अमृतरूपी यो जल स्वयं नै प्रसन्नता प्रदान गर्ने स्वधालाई उत्पन्न हुने गर्दछ । यस दिव्य जलले मातृपक्ष र पितृपक्षका गरी दुवै वंशका पितृहरूलाई सन्तुष्ट गराओस् ।

आपो अग्निं प्र हिणुत पितॄँरुपेमं यज्ञं पितरो मे जुषन्ताम् । आसीनामूर्जमुप ये सचन्ते ते नो रयिं सर्ववीरं नि यच्छान् ॥४०॥

हे जलप्रवाहहरू हो ! तिमीहरू यस अग्निलाई पितृहरूका नजिक पठाइदेओ । हाम्रा पितृहरूले

यो यज्ञान्न सेवन गरून् । हामीले प्रदान गरेको अन्न ग्रहण गर्नका लागि जुन पितृहरू नजिकै उपस्थित भएका छन्, ती सबै पितृहरूले हामीलाई पराक्रमपूर्ण वीर पुत्रका साथै प्रचुर धनसम्पदा प्रदान गरून् ।

समिन्धते अमर्त्यं हव्यवाहं घृतप्रियम् । स वेद निहितान् निधीन् पितॄन् परावतो गतान् ॥४१॥

अविनाशी, घृतप्रिय तथा हवि लिएर जाने अग्निदेवतालाई कार्यकुशल पुरुषहरू समिधाले प्रज्वलित गर्दछन् । यिनै अग्निदेवताले अदृश्य निधिका रूपमा अत्यन्त दूरदेशमा रहने गरेका पितृहरूलाई चिनेका छन् । त्यसैले उनैले यो हविष्यान्न पितृहरूकहाँ पुऱ्याऊन्, पुऱ्याउनका लागि उनै सक्षम पनि छन् ।

यं ते मन्थं यमोदनं यन्मांसं निपृणामि ते । ते ते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः ॥४२॥

हे पितृहरू हो ! मन्थन क्रियाबाट प्राप्त गरिएको जुन मखखन, भात र अन्य किसिमका अन्नहरू छन् ती सबै हामी तिमीहरूलाई समर्पित गर्दछौँ । तिमीहरूको लागि त्यो स्वधायुक्त होस्, मधुरता सम्पन्न होस् र घिउ आदिले परिपूर्ण होस् ।

यास्ते धाना अनुकिरामि तिलमिश्राः स्वधावतीः । तास्ते सन्तूद्भ्वीः प्रभ्वीस्तास्ते यमो राजानु मन्यताम् ॥४३॥

हे पितृहरू हो ! तिमीहरूका निम्ति कालो तिल भुटेको र जौको खट्टे भुटेको स्वधान्न तयार पारेर तयार पारिएको छ त्यही खट्टे आदि स्वधान्न परलोक गमन गर्ने समयमा धेरै मात्रामा र बृहद् आकारमा तिमीहरूलाई प्राप्त होस् । यमदेवताले त्यही खट्टे उपभोग गर्ने अनुमति तिमीहरूलाई प्रदान गरून् ।

इदं पूर्वमपरं नियानं येना ते पूर्वे पितरः परेताः । पुरोगवा ये अभिशाचो अस्य ते त्वा वहन्ति सुकृतामु लोकम् ॥४४॥

यहाँ यज्ञलाई वहन गर्ने शरीररूपी गाडा अगाडि रहेको छ, त्यो पुरानो हुनुका साथै नयाँ पनि छ । हाम्रा पुर्खाहरू यसैमा गएका थिए । यस बेला तयार पारिएका यस शकटका दुईतिर गोरु नारिएका छन् । तिनीहरूले तिमीलाई पुण्यात्माका लोकमा लिएर जाऊन् ।

सरस्वतीं देवयन्तो हवन्ते सरस्वतीमध्वरे तायमाने । सरस्वतीं सुकृतो हवन्ते सरस्वती दाशुषे वार्यं दात् ॥४५॥

देवत्व प्राप्त गर्नका लागि मानिसहरू सरस्वतीलाई आह्वान गर्दछन् । श्रेष्ठ कर्मशील मानिस पनि वाणीकी देवी सरस्वतीलाई बोलाउँछन् । देवी सरस्वतीले हवि प्रदान गर्ने यजमानलाई वरण गर्ने योग्य अभिलषित पदार्थ प्रदान गरून् ।

सरस्वतीं पितरो हवन्ते दक्षिणा यज्ञमभिनक्षमाणाः । आसद्यास्मिन् बर्हिषि मादयध्वमनमीवा इष आ धेह्यस्मे ॥४६॥

वेदीका दक्षिण दिशामा विराजमान पितृहरू सरस्वतीलाई आह्वान गर्दछन् । हे पितृहरू हो ! तिमीहरू यज्ञमा आएर हर्षित होओ । सरस्वतीलाई सन्तुष्ट गराउँदै हामीले प्रदान गरेको आहुतिले तिमीहरू पनि सन्तुष्टि प्राप्त गर । हे सरस्वती देवी ! पितृहरूले आह्वान गर्दाखेरि तिमी आरोग्यप्रद अन्न प्रदान गरेर हामीलाई कृतार्थ गराऊ ।

सरस्वति या सरथं ययाथोक्थैः स्वधाभिर्देवि पितृभिर्मदन्ती । सहस्रार्घमिडो अत्र भागं रायस्पोषं यजमानाय धेहि ॥४७॥

हे सरस्वती देवी ! तिमी उक्थ, शस्त्र र स्वधान्नले परितृप्त भएर पितृहरूका साथमा एउटै रथमा आउने गर्दछ्यौ । तिमी यस यज्ञमा यजमान साधकहरूका लागि हजारौँ किसिमका व्यक्तिले वन्दना गरिएको अन्नको भाग र धनलाई पुष्ट गराऊ ।

पृथिवीं त्वा पृथिव्यामा वेशयामि देवो नो धाता प्र तिरात्यायुः । परापरैता वसुविद् वो अस्त्वधा मृताः पितृषु सं भवन्तु ॥४८॥

हे पृथिवीरूपी पार्थिव शरीर ! तिमीलाई हामी पृथ्वी तत्त्वमा प्रविष्ट गराउँछौँ । धातादेवताले तिमीलाई दीर्घायु बनाऊन् । पर पुगिसकेका हे प्राण ! तिम्रा लागि धाता देवता आवासप्रदायक होऊन् । मृतात्माहरू सबै पितृहरूसँग गएर मिलून् ।

आ प्र च्यवेथामप तन्मृजेथां यद् वामभिषा अत्रोचुः । अस्मादेतमघ्न्यौ तद् वशीयो दातु पितृष्विहभोजनौ मम ॥४९॥

प्राण र अपान अथवा सूक्ष्म र कारण देह तिमीहरू दुवै यस शरीररूपी गाडाबाट अलग होओ । हे अनश्वर आत्मा ! तिमी यस नाशवान् शरीरका कारण जुन निन्दनीय कुरामा अल्झिएका हुन्छौ, त्यसबाट मुक्त भएर शुद्ध होऊ । यस पितृमेध नामका यज्ञमा प्रदान गरिएको आहुति अथवा दक्षिणा हामीलाई पालनपोषण गर्नमा सक्षम होस् ।

एयमगन् दक्षिणा भद्रतो नो अनेन दत्ता सुदुघा वयोधाः । यौवने जीवानुपपृञ्चती जरा पितृभ्य उपसंपराणयादिमान् ॥५०॥

यस पितृमेध नामका यज्ञमा दुग्धजस्तो श्रेष्ठ पोषण र बलप्रदायक यस दक्षिणा हामी याजकहरूलाई कल्याणकारी स्थानमा प्राप्त होस् र त्यसबाट हामीलाई अनिष्ट नहोस् । युवाअवस्थाको समाप्तिपछि जराअवस्था जसरी निश्चय आउँछ, उसै गरी यो दक्षिणा यी संस्कारयुक्त आत्माले सम्पन्न प्राणीहरूलाई पितृहरूका नजिकमा श्रेष्ठ रीतिले अवश्य पनि पुऱ्याउनेछ ।

इदं पितृभ्यः प्र भरामि बर्हिर्जीवं देवेभ्य उत्तरं स्तृणामि । तदा रोह पुरुष मेध्यो भवन् प्रति त्वा जानन्तु पितरः परेतम् ॥५१॥

यो कुशका आसनहरूलाई हामी पितृहरूका निम्ति आसनका रूपमा बिछाउँछौँ र देवताहरूका लागि जीवरहित उच्चस्तरको कुशको आसन बिछाउँछौँ । हे पुरुष ! पितृमेधका लागि उपयोगी बनेर तिमी यी कुशका आसनमाथि आरोहण गर, तिमीले त्यसो गर्दा पितृहरूले तिमीलाई [illegible]लोकतर्फ प्रस्थान गरेको भनेर जानून् ।

एदं बर्हिरसदो मेध्योऽभूः प्रति त्वा जानन्तु पितरः परेतम् । यथापरु तन्वं१ सं भरस्व गात्राणि ते ब्रह्मणा कल्पयामि ॥५२॥

हे पितृहरू हो ! यहाँ बिछाइएका कुशका आसनमा तिमीहरू आरुढ भइसकेका छौ । पितृयज्ञका निम्ति तिमीहरूले पवित्रता धारण गरिसकेका छौ । पितृहरूले तिमीहरूलाई परलोकमा पुगिसकेका छौ भनेर मानून । आफ्ना सूक्ष्म शरीरको गठन पूर्ण गराओ । तिमीहरूका अङ्गलाई [illegible]नी ब्रह्मशक्तिका प्रभावले उपयुक्त स्वरूप प्रदान गर्दछौँ ।

पर्णो राजापिधानं चरूणामूर्जे बलं सह ओजो न आगन् । आयुर्जीवेभ्यो वि दधद् दीर्घायुत्वाय शतशारदाय ॥५३॥

[illegible]शमान हुनाले राजा र पालन गर्ने वा पातका रूपमा हुनाले पर्ण नाम दिइएको वस्तु यस चरुको [illegible]करण बनेको छ । यस चरुले हामीलाई बल, सङ्घर्षशक्ति, ओज प्रदान गरोस् र जीवलाई सय [illegible]नम्मका शरद् ऋतुभरि बाँच्ने आयु प्रदान गरोस् ।

ऊर्जो भागो य इमं जजानाश्मान्नानामाधिपत्यं जगाम । तमर्चत विश्वमित्रा हविर्भिः स नो यमः प्रतरं जीवसे धात् ॥५४॥

[illegible] मित्रहरू हो ! कुट्ने वा पिन्ने काममा आउने यस अश्म नामका पत्थरका सहायताले अन्नका [illegible]लाई जुन चरु प्राप्त भएको छ, त्यो चरु अन्नका विभाजक यमदेवताले पूरा गराएका छन् । [illegible] हवि प्रदान गरेर उनै यमदेवतालाई अर्चना गरौँ, हामीलाई उनैले दीर्घायु प्रदान गरून् ।

यथा यमाय हर्म्यमवपन् पञ्च मानवाः । एवा वपामि हर्म्यं यथा मे भूरयोऽसत ॥५५॥

[illegible] मानिसको समुदायले यमराजका लागि जसरी आश्रयस्थल निर्माण गरे, उसै गरी

पितृहरूका लागि हामी पितृगृहलाई उच्च बनाउँछौँ । हे बन्धुहरू हो ! यसो गरेपछि तिमीहरूले पनि प्रचुर सङ्ख्यामा निवासस्थान प्राप्त गर्न सक्नेछौ ।

इदं हिरण्यं बिभृहि यत् ते पिताबिभः पुरा । स्वर्गं यतः पितुर्हस्तं निर्मृड्ढि दक्षिणम् ॥५६॥

हे पुरुष ! तिमीलाई उहिले नै पिताले दिएको यो स्वर्णनिर्मित आभूषणजस्तो हिरण्य नामको तेजस्वी आवरण तिमी धारण गर । यसै किसिमले तिमी स्वर्गतर्फ जाँदै गर्दा दक्षिणा दिने प्रवृत्ति भएका पिताका दाहिने हातको शोभा बढाउनेछौ ।

ये च जीवा ये च मृता ये जाता ये च यज्ञियाः । तेभ्यो घृतीय कुल्यैतु मधुधारा व्युन्दती ॥५७॥

जीवित प्राणीहरू, दिवङ्गत भएका प्राणीहरू, उत्पन्न भएका प्राणीहरू र उत्पन्न हुनुपर्ने प्राणीहरू यी सबैका लागि मधुप्रवाहले उर्लंदै गरेको वा घिउले सम्पन्नजस्तो जलले भरिपूर्ण नदी उपलब्ध होस् ।

वृषा मतीनां पवते विचक्षणः सूरो अह्नां प्रतरीतोषसां दिवः । प्राणः सिन्धूनां कलशाँ अचिक्रददिन्द्रस्य हार्दिमाविशन्मनीषया ॥५८॥

स्तोताहरूलाई अभीष्ट फल प्रदान गर्ने, विशिष्ट दर्शनीय सोम पवित्र स्थितिमा गमन गर्दै छन् । सोमरूपी यी सूर्यले नै रात र दिनलाई उत्पन्न गरेका छन् । यिनैले उषाकाल र द्युलोकलाई वृद्धि गराउने गरेका छन् । वर्षाको कारण बनेका यी सूर्य नदीहरूका प्राण पनि हुन् । कलशलाई लक्ष्य बनाएर त्यसतर्फ जाने गरेका यी सोम रोएको जस्तो भयङ्कर शब्द उत्पन्न गर्दछन् । तीनै किसिमका सवनमा यी सोम पूजनीय इन्द्रदेवताका हृदय वा पेटमा प्रवेश गर्दछन् ।

त्वेषस्ते धूम ऊर्णोतु दिवि षञ्छुक्र आततः । सूरो न हि द्युता त्वं कृपा पावक रोचसे ॥५९॥

हे पवित्रता प्रदान गर्ने अग्निदेवता ! प्रदीप्त भइसकेपछि तिम्रो स्वच्छ धुवाँ अन्तरिक्षमा फैलिएको देखिने गर्दछ । हे पवित्र अग्निदेवता ! स्तुतिका प्रभावले तिमी सूर्यजस्तै भएर प्रकाशित हुने गर्दछौ ।

प्र वा एतीन्दुरिन्द्रस्य निष्कृतिं सखा सख्युर्न प्र मिनाति संगिरः । मर्य इव योषाः समर्षसे सोमः कलशे शतयामना पथा ॥६०॥

पेलेर तयार पारिएको यो सोमरस इन्द्रदेवताकै पेटमा जाने गर्दछ । मित्रजस्तै हितैषि सोम अभिषवण र स्तोत्र आदिका प्रभावले मित्ररूप यजमानका कामनाहरूलाई निष्फल हुन नदिएर पूर्ण गराउँछ । स्त्रीसँग पुरुषको सम्पर्क भएझैँ यो सोम पनि द्रोणकलशमा हजारौँ वा असङ्ख्य धाराले युक्त भएर उचित किसिमले आउने गर्दछ ।

अक्षन्नमीमदन्त ह्यव प्रियाँ अधूषत । अस्तोषत स्वभानवो विप्रा यविष्ठा ईमहे ॥६१॥

मेधावी पितृहरू पिण्डसेवन गरेर सन्तुष्ट हुँदै त्यसै सन्तुष्टि वा तृप्तिले आफ्नो प्रिय देहलाई कान्तिमान गराउँछन् । आफू स्वयं प्रकाशमान भएपछि यी पितृहरूले हाम्रो प्रशंसा गर्दछन् पिण्डसेवन गरेर सन्तुष्ट भएका पितृहरूसित हामी युवा पुरुषहरू आआफ्नो अभीष्ट फल याचना गर्दछौँ ।

आ यात पितरः सोम्यासो गम्भीरैः पथिभिः पितृयाणैः । आयुरस्मभ्यं दधतः प्रजां च रायश्च पोषैरभि नः सचध्वम् ॥६२॥

हे सोमपान गर्ने पितृहरू हो ! तिमीहरू गम्भीर पितृयानका मार्गबाट आगमन गर र हामीलाई आयु प्रजारूपी सन्तान र धनसम्पदा प्रदान गरेर राम्ररी परिपुष्ट गराओ ।

परा यात पितरः सोम्यासो गम्भीरैः पथिभिः पूर्याणैः । अधा मासि पुनरा यात नो गृहान् हविरत्तुं सुप्रजसः सुवीराः ॥६३॥

हे सोमपान गर्ने पितृहरू हो ! तिमीहरू आफ्ना पितृलोकको गम्भीर असाध्य पितृयानका मार्गबाट

आफ्ना लोकमा जाओ । महिना पूरा भएपछि औँसीका दिन हविष्य सेवन गर्नका लागि हाम्रा घरमा फेरि आओ । हे पितृहरू हो ! तिमीहरू नै हामीलाई उत्तम प्रजा र श्रेष्ठ सन्तति प्रदान गर्नका लागि सक्षम छौ ।

यद् वो अग्निरजहादेकमङ्गं पितृलोकं गमयञ्जातवेदाः । तद् व एतत् पुनरा प्याययामि साङ्गाः स्वर्गे पितरो मादयध्वम् ॥६४॥

हे पितृहरू हो ! तिमीहरूलाई पितृलोकमा लिएर जाँदै गर्दा जातवेदा अग्निले तिमीको जुन भाग चितारिनमा भस्म गराएका छैनन्, तिमीहरूको त्यो अङ्ग हामी फेरि अग्निलाई नै जिम्मा लगाउँछौँ र तिमीहरूको अर्को यात्राका लागि तयारी गर्दछौँ । आआफ्ना सबै अङ्गअवयवहरूबाट पूर्ण भएपछि हे पितृहरू हो ! तिमीहरू स्वर्गलोकमा पुगेर आनन्दपूर्वक निवास गर ।

अभूद् दूतः प्रहितो जातवेदाः सायं न्यह्न उपवन्द्यो नृभिः । प्रादाः पितृभ्यः स्वधया ते अक्षन्नद्धि त्वं देव प्रयता हवींषि ६५॥

मानिसहरूले बिहानबेलुकै वन्दना गर्ने गरिएका अग्निदेवतालाई हामीले पितृहरूका निकट पठाएका छौँ । हे अग्निदेवता ! हामीले प्रदान गरेको हवि तिमी पितृहरूलाई समर्पित गर । स्वधापूर्वक प्रदान गरिएको आहुति पितृहरूले ग्रहण गरून् । त्यसपछि हे अग्निदेवता ! तिम्रा लागि प्रदान गरेको आहुति तिमी स्वयंले ग्रहण गर ।

असौ हा इह ते मनः ककुत्सलमिव जामयः । अभ्ये नं भूम ऊर्णुहि ॥६६॥

हे आफ्नै नाम भएका प्रेतपुरुष ! ईँटाले बनाएका यस स्थानसित तिम्रो ज्यादै मायामोह रहेको छ । हे श्मशानस्थलका रूपमा रहेका भूमि ! तिमी यस ठाउँमा रहेका प्रेतलाई यस किसिमले ढुकाइदेऊ, जसरी कुलीन स्त्रीहरूले आफ्नो काँध आदि अङ्गलाई लुगाले छोप्ने गर्दछन् ।

शुम्भन्तां लोकाः पितृषदनाः पितृषदने त्वा लोक आ सादयामि ॥६७॥

हे प्रेतात्मा ! जुन लोकमा पितृहरू विराजमान भएका हुन्छन्, तिम्रा लागि पनि त्यही लोक शोभायमान होस् । तिमीलाई हामी त्यसै लोकमा प्रतिष्ठित गराउँछौँ ।

येऽस्माकं पितरस्तेषां बर्हिरसि ॥६८॥

हे कुशले निर्माण गरिएका बर्हि नामका आसन ! तिमी हाम्रा पूर्वज पितृहरूलाई बस्ने ठाउँका रूपमा प्रस्तुत भइदेऊ ।

उदुत्तमं वरुण पाशमस्मदवाधमं वि मध्यमं श्रथाय । अधा वयमादित्य व्रते तवानागसो अदितये स्याम ॥६९॥

हे वरुणदेवता तिमी तीन किसिमका तापरूपी बन्धनबाट हामीलाई मुक्त गराऊ । आधिदैविक, आधिभौतिक र आध्यात्मिक पाशहरू हामीदेखि परै रहून् तथा मध्य तल्लो तहका बन्धनहरू पनि हामीबाट छुट्टै राख । हे सूर्यपत्र ! पापबाट मुक्त रहेर तिम्रा कर्मफलको सिद्धान्तमा अनुशासित रहने गरेका हामीहरू दयनीय स्थितिमा रहनुनपरोस् ।

प्रास्मत् पाशान् वरुण मुञ्च सर्वान् यैः समामे बध्यते यैर्व्यामे । अधा जीवेम शरदं शतानि त्वया राजन् गुपिता रक्षमाणाः ॥७०॥

हे वरुणदेवता ! तिमी ती सबै किसिमका पाश र बन्धनबाट हामीलाई उचित किसिमले मुक्त गराऊ, जुन समाम् नामका बन्धनहरूमा मानिस जेलिएको हुन्छ र व्याम नामको त्यसभन्दा पनि साँगुरो खालको बन्धनमा अल्झिएको हुन्छ । त्यसपछि हे राजा वरुण देवता ! तिमीबाट संरक्षित भएर हामी सय वटा शरद् ऋतुभरि जीवित रहन पाऔँ ।

अग्नये कव्यवाहनाय स्वधा नमः ॥७१॥

पितृहरूलाई पुऱ्याइने हविलाई कव्य भनिन्छ र त्यो कव्य वहन गर्ने अग्निदेवतालाई स्वधा शब्द उच्चारण गरेर आहुति समर्पित गर्दै हामी नमस्कार गर्दछौँ ।

सोमाय पितृमते स्वधा नमः ॥७२॥

श्रेष्ठ पितृजस्ता सोमलाई स्वधा उच्चारण गर्दै हामी आहुति दिएर नमस्कार गर्दछौँ ।

पितृभ्यः सोमवद्भ्यः स्वधा नमः ॥७३॥

सोमले युक्त भएका पितृहरूका लागि स्वधा उच्चारण गर्दै आहुति प्रदान गर्दै नमस्कार छ ।

यमाय पितृमते स्वधा नमः ॥७४॥

पितृहरूका अधिष्ठाता यमदेवताका लागि स्वधाका साथमा आहुति र प्रणाम छ ।

एतत् ते प्रततामह स्वधा ये च त्वामनु ॥७५॥

हे प्रपितामह ! तिम्रा लागि पिण्डका रूपमा प्रदान गरिएको यो आहुति स्वधायुक्त होस् । तिम्रा धर्मपत्नी, पुत्र आदि हाम्रा पितृहरू जोजो तिम्रा पछि लागेर रहेका छन्, उनीहरूलाई पनि स्वधाका साथमा यो अन्न प्राप्त होस् ।

एतत् ते ततामह स्वधा ये च त्वामनु ॥७६॥

हे पितामह ! तिम्रा लागि पिण्डका रूपमा प्रदान गरिएको यो आहुति स्वधायुक्त होस् । तिम्रा धर्मपत्नी, पुत्र आदि हाम्रा पितृहरू जोजो तिम्रा पछि लागेर रहेका छन्, उनीहरूलाई पनि स्वधाका साथमा यो अन्न प्राप्त होस् ।

एतत् ते तत स्वधा ॥७७॥

हे पिता ! तिम्रा लागि पिण्डका रूपमा प्रदान गरिएको यो आहुति स्वधायुक्त होस् ।

स्वधा पितृभ्यः पृथिविषद्भ्यः ॥७८॥

पृथ्वीमा निवास गर्ने पितृहरूका लागि स्वधाकारले युक्त यो आहुति समर्पित छ ।

स्वधा पितृभ्यो अन्तरिक्षसद्भ्यः ॥७९॥

अन्तरिक्षमा निवास गर्ने पितृहरूका लागि स्वधाकारले युक्त यो आहुति समर्पित छ ।

स्वधा पितृभ्यो दिविषद्भ्यः ॥८०॥

द्युलोकमा निवास गर्ने पितृहरूका लागि स्वधाकारले युक्त यो आहुति समर्पित छ ।

नमो वः पितर ऊर्जे नमो वः पितरो रसाय ॥८१॥

हे पितृहरू हो ! तिमीहरूको अन्न, बल र मधुर आदि रसहरूलाई हामी नमस्कार गर्दछौँ ।

नमो वः पितरो भामाय नमो वः पितरो मन्यवे ॥८२॥

हे पितृहरू हो ! तिमीहरूको क्रोध र आवेशलाई हामी नमस्कार गर्दछौँ ।

नमो वः पितरो यद् घोरं तस्मै नमो वः पितरो यत् क्रूरं तस्मै ॥८३॥

हे पितृहरू हो ! विध्वंसकारीहरूका लागि तिमीहरूको विकराल रूप र क्रूर स्वरूपलाई हामी नमस्कार गर्दछौँ ।

तमो वः पितरो यच्छिवं तस्मै नमो वः पितरो यत् स्योनं तस्मै ॥८४॥

हे पितृहरू हो ! तिमीहरूको कल्याणप्रद र सुखकारी स्वरूपलाई हामी नमस्कार गर्दछौँ ।

नमो व पितरः स्वधा वः पितरः ॥८५॥

हे पितृहरू हो ! हामी तिमीहरूलाई नमस्कार गर्दै र स्वधा भन्दै यो आहुति समर्पित गर्दछौँ ।

येऽत्र पितरा पितरो येऽत्र यूयं स्थ युष्माँस्तेऽनु यूयं तेषां श्रेष्ठा भूयास्थ ॥८६॥

हे पितृहरू हो ! यस पितृयज्ञमा तिमीहरू देवताकै जस्तो स्वरूपमा विराजमान होओ । तिमीहरूको आश्रयमा रहेका अन्य पितृहरूभन्दा तिमीहरू श्रेष्ठतर हौ र उनीहरू तिमीहरूका अनुगामी होऊन् । तिमीहरू उनीहरूले अनुगमन गर्नका लागि आदर्श बन ।

य इह पितरो जीवा इह वयं स्मः । अस्माँस्तेऽनु वयं तेषां श्रेष्ठा भूयास्म ॥८७॥

हे पितृहरू हो ! यस पितृयज्ञमा जो पितृहरू पितृत्व गुणले युक्त छन्, उनीभन्दा तिमीहरू श्रेष्ठ होओ । यस भूलोकमा पिण्डदान गर्ने हामीहरू सबै श्रेष्ठ जीवनले युक्त आयु प्राप्त गर्न सकौँ । हामीहरू एक समान आयु, वंश, विद्या र धनसम्पदाले सम्पन्न मानिसका बीचमा श्रेष्ठ हुन सकौँ ।

आ त्वाग्न इधीमहि द्युमन्तं देवाजरम् । यद् घ सा ते पनीयसी समिद् दीदयति द्यवि । इषं स्तोतृभ्य आ भर ॥८८॥

हे प्रकाशमान अग्निदेवता ! तिमी देदीप्यमान र जीर्णतारहित छौ । हामी आफ्ना सामु तिमीलाई प्रज्वलित गर्दछौँ । तिम्रो अभिनन्दन गर्न योग्य आभा सूर्यका रूपमा अन्तरिक्षमा प्रकट भएको हुन्छ । हे जाज्वल्यमान अग्निदेवता ! हामी स्तोताहरूलाई तिमी अभीष्ट अन्नरूपी फल प्रदान गर ।

चन्द्रमा अप्स्वन्तरा सुपर्णो धावते दिवि । न वो हिरण्यनेमयः पदं विन्दन्ति विद्युतो वित्तं मे अस्य रोदसी ॥८९॥

अन्तरिक्षमा चन्द्रमा र द्युलोकमा सूर्य दौडँदै छन् । हे विज्ञ पुरुषहरू हो ! तिमीहरूको स्तुति सुनौलो धाराले युक्त विद्युत्लाई जान्न सक्ने किसिमको नहोला । हे द्युलोक र भूलोक ! तिमीहरू हाम्रो भावना बुझेर त्यो बोध गर्ने सामर्थ्य हामीलाई प्रदान गर ।

॥ इत्यष्टादशं काण्डम् ॥

अठारौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ एकोनविंशं काण्डम् ॥

१. यज्ञ सूक्त

ऋषि– ब्रह्मा । **देवता–** यज्ञ र चन्द्रमा । **छन्द–** पथ्याबृहती, पङ्क्ति ।

सं सं स्रवन्तु नद्यः सं वाताः सं पतत्रिणः । यज्ञमिमं वर्धयता गिरः संस्राव्येण हविषा जुहोमि ॥१॥

नदीहरू उचित किसिमले प्रवाहमान रहून् । वायुदेवता अनुकूल भएर प्रवाहित रहून् । पक्षीहरू पनि स्वाभाविक रूपमा उडिरहून् । यज्ञलाई हाम्रा स्तुतिले उन्नति गराओस् । सुखसौभाग्यको सञ्चार गराउने आहुतिले हामी यजन गर्दछौँ ।

इमं होमा यज्ञमवतेमं संस्रावणा उत । यज्ञमिमं वर्धयता गिरः संस्राव्येण हविषा जुहोमि ॥२॥

हे होम गरिएका पदार्थहरू हो ! तिमीहरू यज्ञको सुरक्षा गर । हे सुखदायक प्रवाहहरू हो ! तिमीहरू पनि यस यज्ञको सुरक्षा गर । हाम्रो स्तुतिले पनि यज्ञको सुरक्षा र संवर्द्धन गरोस् । सुखसौभाग्यको सञ्चार गराउने आहुति प्रदान गरेर हामी यज्ञ गर्दछौँ ।

रूपंरूपं वयोवयः संरभ्यैनं परि ष्वजे । यज्ञमिमं चतस्रः प्रदिशो वर्धयन्तु संस्राव्येण हविषा जुहोमि ॥३॥

हामी याजकहरू विभिन्न रूप र विभिन्न बलले युक्त यस यजमान र यस यज्ञको सुरक्षा गर्दछौँ । चारै दिशाहरूले यस यज्ञलाई संवर्द्धन गरून् । हामी सुख सञ्चार गर्ने आहुतिले यजन गर्दछौँ ।

२. आपः सूक्त

ऋषि– सिन्धुद्वीप । **देवता–** आपः । **छन्द–** अनुष्टुप् ।

शं त आपो हैमवतीः शमु ते सन्तूत्स्याः । शं ते सनिष्यदा आपः शमु ते सन्तु वर्ष्याः ॥१॥

हे साधकहरू हो ! हिउँबाट उत्पन्न जलका प्रवाह, स्रोत, झर्नाहरूबाट प्रवाहित हुने गरेका, निरन्तर तीव्र वेगले बग्ने गरेका र झरीबाट आउने गरेका यी सबै खालका जलप्रवाह तिमीहरूका लागि सुखदायक एवं कल्याणकारी होऊन् ।

शं त आपो धनवन्याः शं ते सन्त्वनूप्याः । शं ते खनित्रिमा आपः शं याः कुम्भेभिराभृताः ॥२॥

हे यजमान ! मरुस्थलको जल, जलले सम्पन्न प्रदेशमा रहेको जल, खनेर उपलब्ध गरेको जल र घैला आदिमा भरेर राखेको जल आदि सबै किसिमका जल तिमीहरूका लागि कल्याणकारी होऊन् ।

अनभ्रयः खनमाना विप्रा गम्भीरे अपसः । भिषग्भ्यो भिषक्तरा आपो अच्छा वदामसि ॥३॥

कोदाली आदि खन्ने साधन नै नभए पनि जो दुई तर्फका किनाराहरू खनेर पल्टाउनमा सक्षम छन्, जो स्वयं आफ्नो जीवनव्यापार चलाउने मानिसको बौद्धिक सामर्थ्य बढाउँछन् र जो अति गहन स्थानमा रहेका छन्, जो औषधि विशेषज्ञ वैद्यभन्दा पनि बढी हितकारी छन् त्यस्ता जललाई हामी स्तुति गर्दछौँ ।

अपामह दिव्यानामपां स्रोतस्यानाम् । अपामह प्रणेजनेऽश्वा भवथ वाजिनः ॥४॥

हे ऋत्विक्हरू हो ! वर्षाले आकाशमार्गबाट प्राप्त हुने र अन्य जुनसुकै स्रोतबाट प्राप्त हुने जलको सदुपयोग गर्नका लागि अश्वजस्तै छिटो काम गर ।

ता अपः शिवा अपोऽयक्ष्मंकरणीरपः । यथैव तृप्यते मयस्तास्त आ दत्त भेषजीः ॥५॥

हे ऋत्विक्हरू हो ! मङ्गलकारी हुनाले हानीकारक रोगहरूलाई शमन गर्नमा सक्षम औषधिको रूपमा रहेका जललाई तिमीहरू शीघ्र लिएर आओ र त्यसबाट सुखशान्तिको वृद्धि गराओ ।

३. जातवेदा सूक्त

ऋषि— अथर्वाङ्गिरा । **देवता—** अग्नि । **छन्द—** त्रिष्टुप्, भुरिक् त्रिष्टुप् ।

दिवस्पृथिव्याः पर्यन्तरिक्षाद् वनस्पतिभ्यो अध्योषधीभ्यः । यत्रयत्र विभृतो जातवेदास्तत स्तुतो जुषमाणो न एहि ॥१॥

हे सर्वज्ञ अग्निदेवता ! तिमी पृथ्वी, द्युलोक, अन्तरिक्षलोक, वनस्पति र औषधिहरूमा जुन ठाउँमा विशेष रूपले विद्यमान रहेका भए पनि प्रसन्नतापूर्वक हाम्रो अनुकूल भएर आऊ ।

यस्ते अप्सु महिमा यो बनेषु य ओषधीषु पशुष्वप्स्व१न्तः । अग्ने सर्वास्तन्व१ः सं रभस्व ताभिर्न एहि द्रविणोदा अजस्रः ॥२॥

हे अग्निदेवता ! जलमा वडवाग्निका रूपमा, जङ्गलमा दावाग्निका रूपमा, औषधिहरूमा फलपाकका रूपमा, सबै पशुप्राणीमा वैश्वानरका रूपमा तथा अन्तरिक्षीय मेघमा विद्युत्का रूपमा विद्यमान भएर तिम्रो जुन महत्ता रहेको छ, ती सबै स्वरूपहरूका साथमा तिमी आऊ र हाम्रा लागि अक्षय धन प्रदान गर्ने सिद्ध होऊ ।

यस्ते देवेषु महिमा स्वर्गो या ते तनूः पितृष्वाविवेश । पुष्टिर्या ते मनुष्येषु पप्रथेऽग्ने तया रयिमस्मासु धेहि ॥३॥

हे अग्निदेवता ! देवताहरूमा स्वाहा नामको हव्य पुऱ्याउने, पितृहरूमा स्वधा नामको कव्य पुऱ्याउने र मानिसमा आहार पचाउनेका रूपमा तिम्रो महिमा रहेको छ । यी सबै रूपहरूमा तिमी अनुकूल भएर आऊ र हामीलाई धन प्रदान गर ।

श्रुत्कर्णाय कवये वेद्याय वचोभिर्वाकैरुप यामि रातिम् । यतो भयमभयं तन्नो अस्त्वव देवानां यज हेडो अग्ने ॥४॥

स्तुति सुन्नमा समर्थ, अतीन्द्रिय, क्षमतायुक्त, सबै कुराका विषयमा जानकारी लिन योग्य, अभीष्ट फल प्रदान गर्ने अग्निदेवतालाई हामी वन्दना गर्दछौँ । हे अग्निदेवता ! हामीलाई जो वा जेदेखि भय छ, त्यसबाट निर्भय प्राप्त गराऊ । हामीमाथि देवताले गर्ने क्रोधलाई तिमी शान्त गराऊ ।

४. आकूति सूक्त

ऋषि— अथर्वाङ्गिरा । **देवता—** अग्नि, आकूति । **छन्द—** त्रिष्टुप्, पञ्चपदा विराडतिजगती, जगती ।

यामाहुतिं प्रथमामथर्वा या जाता या हव्यमकृणोज्जातवेदाः । तां त एतां प्रथमो जोहवीमि ताभिष्टुप्तो वहतु हव्यमग्निरग्नये स्वाहा ॥१॥

सबैभन्दा पहिले अथर्वा ऋषिले जुन आहुति प्रदान गरेका थिए र जुन आहुति सर्वज्ञानसम्पन्न अग्निले सबैभन्दा पहिले देवताहरूलाई पुऱ्याएका थिए, हे अग्निदेवता ! त्यही आहुति सबै यजमानहरूभन्दा पहिले म तिमीलाई प्रदान गर्दै छु । प्रसन्नतापूर्वक तिमी यसलाई ग्रहण गर, यो आहुति तिमीलाई नै समर्पित गरिएको छ ।

आकूतिं देवीं सुभगां पुरो दधे चित्तस्य माता सुहवा नो अस्तु । यामाशामेमि केवली सा मे अस्तु विदेयमेनां मनसि प्रविष्टाम् ॥२॥

पहिले हामी सौभाग्य प्रदायिनी सरस्वतीदेवीलाई स्थापना गर्दछौँ । हामीले आह्वान गर्दा मातृवत् चित्तवृत्तिलाई नियन्त्रण गर्ने यी सरस्वतीदेवी अनुकूल भइदिऊन् । हाम्रो इच्छा पूर्ण होस् । मनमा रहेका सङ्कल्पहरू पूरा होऊन् ।

आकूत्या नो बृहस्पत आकूत्या न उपा गहि । अथो भगस्य नो धेह्यथो नः सुहवो भव ॥३॥

हे बृहस्पतिदेवता ! प्रवल इच्छाशक्तिका रूपमा हामीलाई तिमी प्राप्त होऊ । हामीलाई तिमी

ज्ञानरूपी ऐश्वर्य प्रदान गर र हाम्रा लागि सुगम रीतिले आह्वान योग्य होऊ ।

बृहस्पतिर्म आकूतिमाङ्गिरसः प्रति जानातु वाचमेताम् । यस्य देवा देवताः संबभूवुः स सुप्रणीताः कामो अन्वेत्वस्मान् ॥४॥

आङ्गिरस कुलमा उत्पन्न बृहस्पतिदेवताले हाम्रा लागि वाणीकी अधिष्ठात्री शक्तिलाई स्तुति गरून् । सबैलाई सङ्गठित गर्ने देवशक्तिहरू जसका नियन्त्रणमा रहन्छन्, ती सबैलाई अभीष्ट फल प्रदान गर्ने बृहस्पतिदेवता हाम्रा लागि अनुकूल होऊन् ।

५. जगद् राजा सूक्त

ऋषि– अथर्वाङ्गिरा । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप् ।

इन्द्रो राजा जगतश्चर्षणीनामधि क्षमि विषुरूपं यदस्ति । ततो ददाति दाशुषे वसूनि चोदद् राध उपस्तुतश्चिदर्वाक् ॥१॥

स्थावरजङ्गम आदि सबै किसिमका जगत्का एकमात्र सर्वप्रथम राजाका रूपमा इन्द्रदेवताले नै शासन गरेका छन् । हवि प्रदान गर्नेहरूलाई अनेकौँ किसिमका वैभव प्रदान गर्ने उनै शासक इन्द्रदेवता हाम्रा स्तुतिबाट प्रसन्न होऊन् र हामीलाई धन प्रदान गरून् ।

६. जगद्बीजपुरुष सूक्त

ऋषि– नारायण । **देवता–** पुरुष । **छन्द–** अनुष्टुप् ।

सहस्रबाहुः पुरुषः सहस्राक्षः सहस्रपात् । स भूमिं विश्वतो वृत्वात्यतिष्ठद् दशाङ्गुलम् ॥१॥

हजारौँ बाहु, हजारौँ नेत्र, हजारौँ चरण भएका विराट् पुरुषले सारा ब्रह्माण्ड जितेर त्यसलाई दस औँलाले निर्माण गर्दै ओगटेका छन् ।

त्रिभिः पद्भिर्द्यामरोहत् पादस्येहाभवत् पुनः । तथा व्य क्रामद् विष्वङशनानशने अनु ॥२॥

त्यस विराट् पुरुषका चार भागमध्ये एक भागमा यो सारा जडचेतन संसार विभिन्न रूपमा समाहित भएको छ र यसका तीन भाग अनन्त अन्तरिक्षमा समाहित भएका छन् ।

तावन्तो अस्य महिमानस्ततो ज्यायांश्च पूरुषः । पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥३॥

त्यस विराट् पुरुषको महिमा अत्यन्त विस्तृत रहेको छ । त्यस्ता विराट् पुरुषका एक चरणमा सबै खालका प्राणीहरू अटाएका छन् र तीन भाग अनन्त अन्तरिक्षमा स्थित छ ।

पुरुष एवेदं सर्वं यद् भूतं यच्च भाव्यम् । उतामृतत्वस्येश्वरो यदन्येनाभवत् सह ॥४॥

निर्माण भइसकेको र निर्माण हुनुपर्ने सृष्टिको रूप उनै विराट् पुरुष हुन् । अजरअमर जीवन र जगत्का स्वामी उनै विराट् पुरुष नै हुन् । उनी अन्नले वृद्धि प्राप्त गर्दछन् र अन्नका स्वामी पनि उनै हुन् ।

यत् पुरुषं व्यदधुः कतिधा व्यकल्पयन् । मुखं किममस्य किं बाहू किमूरू पादा उच्येते ॥५॥

सङ्कल्पबाट उत्पन्न विराट् पुरुषलाई ज्ञानीहरू विभिन्न किसिमले वर्णन गर्दछन् । त्यसको कस्तो कल्पना गर्छन् ? त्यसको मुख कुन हो ? त्यसका पाखुरा, जङ्घा र गोडा कुनकुन हुन् ? शरीर संरचनामा त्यो पुरुष कसरी पूर्ण बनेको छ ?

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्योऽभवत् । मध्यं तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत ॥६॥

त्यस विराट् पुरुषको मुख ब्रह्मज्ञानी, पाखुरा शूरवीर, मध्य भागबाट वितरण गर्ने वैश्य र गोडा श्रमिक शूद्र वर्ग वा तिनको भाव प्रकट भयो ।

चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत् । मुखादिन्द्रश्चाग्निश्च प्राणाद् वायुरजायत ॥७॥

त्यस विराट् पुरुषका मनमा चन्द्रमा, आँखामा सूर्य, कानमा वायु र प्राण तथा मुखमा इन्द्र र अग्नि तथा प्राणमा वायुको रूप प्रकट भएको देखियो ।

नाभ्या आसीदन्तरिक्षं शीर्ष्णो द्यौः समवर्तत । पद्भ्यां भूमिर्दिशः श्रोत्रात् तथा लोकाँ अकल्पयन् ॥८॥

त्यस विराट् पुरुषका नाभीबाट अन्तरिक्ष, शिरबाट द्युलोक, पाउबाट भूमि र कानबाट दिशाहरू प्रकट भए । यसै किसिमले उनले अनेकौँ किसिमले लोकहरूको कल्पना गरे ।

विराडग्रे समभवद् विराजो अधि पूरुषः । स जातो अतयरिच्यत पश्चाद् भूमिमथो पुरः ॥९॥

उनै विराट् पुरुषबाट यो ब्रह्माण्ड उत्पन्न भयो । उनै विराट् पुरुषबाट समष्टि जीव उत्पन्न भए । देहधारी रूपहरूमा उनी नै सबैभन्दा श्रेष्ठ भए, जसले सबैभन्दा पहिले पृथ्वीलाई, त्यसपछि शरीरधारीहरूलाई उत्पन्न गरे ।

यत् पुरुषेण हविषा देवा यज्ञमतन्वत । वसन्तो अस्यासीदाज्यं ग्रीष्म इध्मः शरद्धविः ॥१०॥

देवताहरूले विराट् पुरुषलाई हवि मानेर यज्ञको शुभारम्भ गरे, त्यसपछि घिउ वसन्त ऋतु, इन्धन ग्रीष्म ऋतु र हवि शरद् ऋतु भए ।

तं यज्ञं प्रावृषा प्रौक्षन् पुरुषं जातमग्रशः । तेन देवा अयजन्त साध्या वसवश्च ये ॥११॥

देवता, प्राण र इन्द्रियलाई वशमा गराउने साधकहरूले सबैभन्दा पहिले उत्पन्न हुने विराट् पुरुषलाई पवित्र जलले अभिषेक गरे । उनै परम पुरुषबाट यज्ञको प्रादुर्भाव भयो ।

तस्मादश्व अजायन्त ये च के चोभयादतः । गावो ह जज्ञिरे तस्मात् तस्माज्जाता अजावयः ॥१२॥

उनै विराट् पुरुषबाट दुवैतर्फ दाँत भएका घोडा आदि, उनै विराट् पुरुषबाट गाई, भेडाबाख्रा आदि त्यै खालका पशुहरू उत्पन्न भए ।

तस्माद् यज्ञात् सर्वहुतः ऋचः सामानि जज्ञिरे । छन्दो ह जज्ञिरे तस्माद् यजुस्तस्मादजायत ॥१३॥

उनै विराट् यज्ञपुरुषबाट ऋग्वेद र सामवेद प्रकट भए । उनै यज्ञपुरुषबाट यजुर्वेद र अथर्ववेद उत्पन्न भए ।

तस्माद् यज्ञात् सर्वहुतः संभृतं पृषदाज्यम् । पशूँस्तांश्चक्रे वायव्या नारण्या ग्राम्याश्च ये ॥१४॥

उनै श्रेष्ठ प्रकृतिका विराट् पुरुषबाट दहीघिउ आदि उत्पन्न भए । उनैबाट वायुमा रहने गरेका, अनेकौँ खालका वनस्पतिमा रहने गरेका र गाउँबस्तीमा रहने पशु एवं प्राणी उत्पन्न भए ।

तस्तास्यासन् परिधयस्त्रिः सप्त समिधः कृताः । देवा यद् यज्ञं तन्वाना अबध्नन् पुरुषं पशुम् ॥१५॥

देवताहरूले सृष्टिचक्रलाई विस्तार गर्नका लागि जुन यज्ञको विस्तार गरे, त्यस यज्ञमा सात परिधिहरू र तीन प्रकारका सातसात समिधाहरू प्रयोग गरियो । त्यस यज्ञमा विराट् पुरुषलाई नै यज्ञ पशुका रूपमा नियुक्त गरियो र त्यसैलाई बाँधियो ।

मूर्ध्नो देवस्य बृहतो अंशवः सप्त सप्ततीः । राज्ञः सोमस्याजायन्त जातस्य पुरुषादधि ॥१६॥

यज्ञपुरुषबाट निष्पन्न भएको राजा सोमका मस्तकबाट सात रङ्गको सत्तरी पटकसम्म महान् दीप्तिले युक्त भएको किरण उत्पन्न भयो । त्यसो हुँदा त्यस दीप्तिमान किरणको जम्मा सङ्ख्या चार सय नब्बे भयो ।

७. नक्षत्र सूक्त

ऋषि– गार्ग्य । **देवता–** नक्षत्रादि । **छन्द–** त्रिष्टुप्, भुरिक् त्रिष्टुप् ।

चित्राणि साकं दिवि रोचनानि सरीसृपाणि भुवने जवानि । तुर्मिशं सुमतिमिच्छमानो अहानि गीर्भिः सपर्यामि नाकम् ॥१॥

अनिष्ट निवारक श्रेष्ठ बुद्धिको कामना गर्दै, द्युलोकमा विचित्र वर्णमा एकै साथमा चम्कने, कहिल्यै नष्ट नहुने, तीव्र वेगले निरन्तर गतिशील रहने नक्षत्रहरू र स्वर्गलोकलाई हामी आफ्नै वाणीले स्तुति गर्दछौं ।

सुहवमग्ने कृत्तिका रोहिणी चास्तु भद्रं मृगशिरः शमार्द्रा । पुनर्वसू सूनृता चारु पुष्यो भानुराश्लेषा अयनं मघा मे ॥२॥

हे अग्निदेवता ! कृत्तिका र रोहिणी नक्षत्र हाम्रा लागि सुखपूर्वक आह्वान गर्न योग्य होऊन् । मृगशिरा नक्षत्र कल्याणप्रद होस् । आर्द्रा नक्षत्र शान्तिदायक होस् । पुनर्वसुले वक्तृत्वकलामा श्रेष्ठा प्रदान गरोस् र उत्तम फलदायक पनि होस् । आश्लेषाले प्रकाश प्रदान गरोस् र मघा नक्षत्र हाम्रा लागि प्रगतिको मार्ग प्रशस्त गराउने होस् ।

पुण्यं पूर्वा फल्गुन्यौ चात्र हस्तश्चित्रा शिवा स्वाति सुखो मे अस्तु । राधे विशाखे सुहवानुराधा ज्येष्ठा सुनक्षत्रमरिष्ट मूलम् ॥३॥

पूर्वफाल्गुनी नक्षत्र हाम्रा लागि पुण्यप्रदायक होस् र हस्त तथा चित्रा यी दुवै नक्षत्र कल्याणकारी होऊन् । स्वाती नक्षत्र सुखदायी होस्, राधाविशाखा नक्षत्र आह्वान गर्नयोग्य होस् र अनुराधा, ज्येष्ठा तथा मूल नक्षत्र मङ्गलप्रदायक होऊन् ।

अन्नं पूर्वा रासतां मे अषाढा ऊर्जं देव्युत्तरा आ वहन्तु । अभिजिन्मे रासतां पुण्यमेव श्रवणः श्रविष्ठा कुर्वतां सुपुष्टिम् ॥४॥

पूर्वषाढा नक्षत्र हाम्रा लागि अन्नप्रदायक र उत्तरषढा नक्षत्र बलप्रदायक अन्नरस उपलब्ध गराउने होऊन् । अभिजित् नक्षत्र हाम्रा लागि पुण्यदायी, श्रवण र धनिष्ठा नक्षत्र हाम्रा निम्ति उत्तम रीतिले पालनपोषण गर्ने होऊन् ।

आ मे महच्छतभिषग् वरीय आ मे द्वया प्रोष्ठपदा सुशर्म । आ रेवती चाश्वयुजौ भगं म आ मे रयिं भरण्य आ वहन्तु ॥५॥

शतभिषक् नक्षत्र महान् वैभव प्रदान र दुवै श्रेष्ठपदा नक्षत्रहरू हाम्रा निम्ति सुख प्रदान गर्ने होऊन् । रेवती र अश्विनी नक्षत्र ऐश्वर्य प्रदान गर्ने र भरणी नक्षत्र पनि हामीलाई वैभव प्रदान गर्ने होस् ।

८. नक्षत्र सूक्त

ऋषि– गार्ग्य । **देवता–** नक्षत्र, समूह, ब्रह्मणस्पति । **छन्द–** अनुष्टुप्, विराट् जगती, महाबृहती त्रिष्टुप्, विराट्स्थाना त्रिष्टुप्, द्विपदा निचृत् त्रिष्टुप् ।

यानि नक्षत्राणि दिव्यन्तरिक्षे अप्सु भूमौ यानि नगेषु दिक्षु । प्रकल्पयंश्चन्द्रमा यान्येति सर्वाणि ममैतानि शिवानि सन्तु ॥१॥

द्युलोकमा, अन्तरिक्षलोकमा, जलमा, पृथ्वीमा, पर्वतश्रेणीमा, दिशाहरूमा जुनजुन नक्षत्रहरू देखा परिरहेका हुन्छन्, चन्द्रमा जुन नक्षत्रलाई दीप्तिमान गराउँदै उदाउँछ, ती सबै नक्षत्रहरूले हामीलाई सुख प्रदान गरिरहून् ।

अष्टाविंशानि शिवानि शग्मानि सह योगं भजन्तु मे । योगं प्र पद्ये क्षेमं च क्षेमं प्र पद्ये योगं च नमोऽहोरात्राभ्यामस्तु ॥२॥

कृत्तिका आदि कल्याणकारी जुन अट्ठाईस नक्षत्रहरू छन्, ती सबैले हामीलाई अभीष्ट प्रदान गरून् । नक्षत्रहरूबाट प्राप्त सहयोग हाम्रा निम्ति लाभप्रद होओस् । हामी सबै प्राप्त गरेको वस्तु संरक्षण गर्नमा समर्थ होऔं । हामी रातदिनका लागि बन्दना गर्दछौं, हामीलाई योग-क्षेम प्राप्त

हुन् ।

स्वस्तितं मे सुप्रातः सुसायं सुदिवं सुमृगं सुशकुनं मे अस्तु । सुहवमग्ने स्वस्त्य१मर्त्यं गत्वा पुनरायाभिनन्दन् ॥३॥

साँझ र बिहानहरू हाम्रा लागि सुखदायक होऊन् । हामी श्रेष्ठ प्रयोजनका लागि अनुकूल नक्षत्रमा गमन गरौँ । जसबाट हरिण आदि पशुपक्षी पनि शुभसङ्केतक होऊन् । हे अमर्त्य अग्निदेवता ! हाम्रा प्रार्थनाले तिमी प्रसन्न भएर यहाँ आइदेऊ ।

अनुहवं परिहवं परिवादं परिक्षवम् । सर्वैर्मे रिक्तकुम्भान् परा तान्त्सवितः सुव ॥४॥

हे सवितादेवता ! प्रतिस्पर्धा, सङ्कल्प, निन्दा, घृणा आदि दुर्गुणहरूलाई खाली घैलोसमान हामीभन्दा पर मिल्याइदेऊ ।

अपापापं परिक्षवं पुण्यं भक्षीमहि क्षवम् । शिवा ते पाप नासिकां पुण्यगश्चाभि मेहताम् ॥५॥

पापयुक्त, त्याज्य अन्नलाई हामीदेखि पर हटाऊ र पुण्यले प्राप्त अन्नलाई नै हामी सेवन गरौँ । हे पाप पुरुष ! तिम्रा निर्लज्ज नाकमा श्रेष्ठ मार्गगामी स्त्रीपुरुषले अपमानसूचक शब्द बोलून् ।

इमा य ब्रह्मणस्पते विषूचीर्वात ईरते सध्रीचीरिन्द्र ताः कृत्वा मह्यं शिवतमास्कृधि ॥६॥

हे ब्रह्मणस्पति इन्द्रदेवता ! पूर्व आदि जुन दिशाहरूमा आँधीतुफानका रूपमा वायुदेवता चल्दछन्, तिनलाई तिमी उपयुक्त मार्गमा चल्ने बनाएर हाम्रा लागि तिमी मङ्गलकारी भइदेऊ ।

स्वस्ति नो अस्त्वभयं नो अस्तु नमोऽहोरात्राभ्यामस्तु ॥७॥

हाम्रो सबै किसिमले कल्याण होस्, हामीलाई निर्भयता प्राप्त होस् । रातदिनरूपी देवताहरूलाई हामी नमस्कार गर्दछौँ ।

९. शान्ति सूक्त

ऋषि– ब्रह्मा । **देवता–** शान्ति, मन्त्रोक्त । **छन्द–** अनुष्टुप्, विराट् उरोबृहती, पञ्चपदा पथ्यापङ्क्ति, पञ्चपदा ककुम्मती त्रिष्टुप्, त्र्यवसाना सप्तपदाष्टि, चतुष्पदा सङ्कृति ।

शान्ता द्यौः शान्ता पृथिवी शान्तमिदमुर्व१न्तरिक्षम् । शान्ता उदन्वतीरापः शान्ता नः सन्त्वोषधीः ॥१॥

द्युलोक, पृथ्वी, विस्तृत अन्तरिक्षलोक, समुद्री जल र औषधिहरू सबै नै उत्पन्न हुने अनेकौँ कालका अनिष्टहरूलाई निवारण गर्दै हामीलाई सुखशान्ति प्रदान गरून् ।

शान्तानि पूर्वरूपाणि शान्तं नो अस्तु कृताकृतम् । शान्तं भूतं च भव्यं च सर्वमेव शमस्तु नः ॥२॥

हामीले पूर्व जन्ममा गरेका कर्महरू सबै हाम्रा लागि शान्तिप्रदायक होऊन् । हामीले सम्पन्न गरेका र गर्न बाँकी रहेका कार्यहरूले हामीलाई शान्ति प्रदान गरून् । भूत र भविष्यत् दुवै काल हाम्रा लागि शान्तिप्रदायक सिद्ध होऊन् । सबै खालका कर्महरूले हामीलाई सुख र शान्ति प्रदान गरून् ।

इयं या परमेष्ठिनी वाग् देवी ब्रह्मसंशिता । ययैव ससृजे घोरं तयैव शान्तिरस्तु नः ॥३॥

हामीबाट अरूका लागि अपशब्द बोलिएका अवस्थामा परमपदमा विराजमान, तेजस्वी, ज्ञानले सम्पन्न, देदीप्यमान, वाणीकी देवी सरस्वतीले त्यसको दोषबाट हामीलाई मुक्त गराऊन् र हामीलाई शान्ति प्रदान उनैले गरून् ।

इदं यत् परमेष्ठिनं मनो वां ब्रह्मसंशितम् । येनैव ससृजे घोरं तेनैव शान्तिरस्तु नः ॥४॥

जुन परम स्थानमा विराजमान ज्ञानले देदीप्यमान संसारको मूल कारण नै मन हो । यदि यस मनले कुनै दुष्कर्म गरेको भएदेखि यसै मनले नै हामीबाट भएका दुष्कर्महरूको प्रभाव मेटाओस् र हामीलाई सुख तथा शान्ति प्रदान गरोस् ।

इमानि यानि पञ्चेन्द्रियाणि मनःषष्ठानि मे हृदि ब्रह्मणा संशितानि । यैरेव ससृजे घोरं तैरेव शान्तिरस्तु नः ॥५॥

चेतनाले सञ्चालित मनका साथमा रहेका पाँच ज्ञानेन्द्रियहरू हाम्रा हृदयमा वास गर्दछन् । उनीहरूले यदि अपराध कर्म गरेका छन् भनेदेखि उनीहरूबाटै त्यस दुष्कर्मको दोष निवारण भएर हामीलाई सुख र शान्ति प्राप्त होस् ।

शं नो मित्रः शं वरुणः शं विष्णुः शं प्रजापतिः । शं न इन्द्रो बृहस्पतिः शं नो भवत्वर्यमा ॥६॥

दिनका अधिष्ठाता देवता मित्र नामका सूर्य, रात्रिका अभिमानी देवता वरुण, पालनकर्ता विष्णुदेवता, प्रजालाई पालन गर्ने प्रजापति, परम वैभवले युक्त इन्द्रदेवता, बृहस्पतिदेवता र अर्यमादेवता यी सबै देवताहरूले हामीलाई शान्ति प्रदान गरिरहून् ।

शं नो मित्रः शं वरुणः शं विवस्वाञ्छमन्तकः । उत्पाताः पार्थिवान्तरिक्षाः शं नो दिविचरा ग्रहाः ॥७॥

मित्र, वरुण, अन्धकार नाशक विवस्वान्, सबै प्राणीहरूलाई संहार गर्ने अन्तकदेवता आदि सबै देवताहरूले हामीलाई सुख प्रदान गरून् । पृथ्वी र अन्तरिक्षलोकमा हुने गरेका उत्पात र द्युलोकमा विचरण गर्ने मङ्गल आदि ग्रहहरूको दोष उनैले निवारण गरून् र यी सबै हाम्रा लागि शान्तिप्रदायक होऊन् ।

शं नो भूमिर्वेप्यमाना शमुल्का निर्हतं च यत् । शं गावो लोहितक्षीराः शं भूमिरव तीर्यतीः ॥८॥

कम्पनशील पृथ्वी हाम्रा लागि शान्तिप्रदायक होस् । उल्कापात पनि हाम्रा लागि शान्तिदायक होस् । लोहित वर्णको दुध प्रदान गर्ने गाईहरू हाम्रा लागि शान्तिप्रदायक होऊन् र खनजोत भएको वा भत्केको फुटेको धर्तीको भाग पनि हाम्रा लागि शान्तिप्रदायक नै होस् ।

नक्षत्रमुल्काभिहतं शमस्तु नः शं नोऽभिचाराः शमु सन्तु कृत्याः । शं नो निखाता वल्गाः शमुल्का देशोपसर्गाः शमु नो भवन्तु ॥९॥

उल्कापातमा फ्याँकिएका नक्षत्रहरू हाम्रा लागि शान्ति प्रदान गर्ने खालका होऊन् । अभिचार क्रियाहरू र कृत्याको प्रयोग पनि हाम्रा लागि शान्तिप्रदायक होऊन् । भूमि खनेर गरिएका प्रयोगहरू पनि हाम्रा लागि घातक नभई शान्तिप्रदायक होऊन् । उल्काहरू सबै नै शान्तिदायक होऊन् । देशमा हुने वा भएका सबै खालका विघ्नहरू शान्तिदायक नै होऊन् ।

शं नो ग्रहाश्चान्द्रमसाः शमादित्यश्च राहुणा । शं नो मृत्युर्धूमकेतुः शं रुद्रास्तिग्मतेजसः ॥१०॥

चन्द्रमण्डलका मङ्गल आदि ग्रह, राहु आदिले ग्रस्त भएका आदित्य ग्रह, मारक धूमकेतुको अनिष्ट र रुद्रका तिखा दुःखदायी उत्पातहरू सबै शान्त होऊन् ।

शं रुद्राः सं वसवः शमादित्याः शमग्नयः । शं नो महर्षयो देवाः शं देवाः शं बृहस्पतिः ॥११॥

एकादश रुद्रहरू, आठ वसुहरू, बार आदित्यहरू, सबै किसिमका अग्निहरू, इन्द्र आदि देवताका देवशक्तिहरू, सप्तर्षि र बृहस्पतिदेवता यी सबैले शान्ति प्रदान गरून् र हाम्रा लागि कल्याणकारी सिद्ध होऊन् ।

ब्रह्म प्रजापतिर्धाता लोका वेदाः सप्तऋषयोऽग्नयः । तैर्मे कृतं स्वस्त्ययनमिन्द्रो मे शर्म यच्छतु ब्रह्मा मे शर्म यच्छतु । विश्वे मे देवाः शर्म यच्छन्तु सर्वे मे देवाः शर्म यच्छन्तु ॥१२॥

परब्रह्म, धाता, प्रजापति, ब्रह्मा, सबै वेदहरू, सात लोकहरू, सात ऋषिहरू र सबै खालका अग्निहरू यी सबैले हाम्रो कल्याणको मार्ग विस्तृत गराएका छन् । इन्द्र, ब्रह्मा, विश्वेदेवा र समस्त

...हरूले हाम्रो कल्याणको मार्ग प्रशस्त गराऊन् ।

यानि कानि चिच्छान्तानि लोके सप्तऋषयो विदुः । सर्वाणि शं भवन्तु मे शं अस्त्वभयं मे अस्तु ॥१३॥

...विजयी तथा द्रष्टा सप्तऋषिहरूले जेजति शान्तिप्रद विद्याको ज्ञान आर्जन गरेका छन्, ती ... का जुक्तियुद्धिहरू हाम्रा लागि कल्याणकारी होऊन् । हामीलाई सधैं तिरबाट सुखशान्ति ... प्राप्त होस् ।

पृथिवी शान्तिरन्तरिक्षं शान्तिर्द्यौः शान्तिरापः शान्तिरोषधयः शान्तिर्वनस्पतयः शान्तिर्विश्वे मे देवाः शान्तिः सर्वे मे देवाः शान्तिः शान्तिः शान्तिः शान्तिभिः । ताभिः शान्तिभिः सर्वशान्तिभिः शमयामोऽहं यदिह घोरं यदिह क्रूरं यदिह पापं तच्छान्तं तच्छिवं सर्वमेव शमस्तु नः ॥१४॥

... अन्तरिक्ष, द्युलोक, जल, औषधि, वनस्पति र समस्त देवताहरू हाम्रा लागि शान्तिप्रद ... । शान्तिभन्दा ठूलो असीम शान्ति हामीलाई प्राप्त होस् । यी सबै किसिमबाट प्राप्त भएको ...क्रियाले नै हामी घोर कर्म, क्रूर कर्मफल र पापपूर्ण फलहरू निवारण गर्न सक्दछौं । ... पनि शान्तिप्रदायक र हितकारी होऊन् । ती सबै नै हाम्रा लागि मङ्गलदायक होऊन् ।

१०. शान्ति सूक्त

ऋषी– ब्रह्मा । **देवता**– मन्त्रोक्त । **छन्द**–त्रिष्टुप् ।

शं न इन्द्राग्नी भवतामवोभिः शं न इन्द्रावरुणा रातहव्या । शमिन्द्रासोमा सुविताय शं योः शं न इन्द्रापूषणा वाजसातौ ॥१॥

... ग्रहण गरिसकेर इन्द्र र अग्निदेवता तथा इन्द्र र वरुणदेवताले हामी सबैलाई कल्याण गरून् । ... र पूषादेवताले मङ्गलकारी अन्न र ऐश्वर्य प्रदान गरून् । इन्द्र र सोमदेवताले सुसन्तति प्राप्त ...दै र रोगहरूलाई शमन गर्दै भय दूर गरून् ।

शं नो भगः शमु नः शंसो अस्तु शं नः पुरंधिः शमु सन्तु रायः । शं नः सत्यस्य सुयमस्य शंसः शं नो अर्यमा पुरुजातो अस्तु ॥२॥

...देवताले हामीलाई शान्ति प्रदान गरून् । यो शान्ति मानिसहरूले प्रशंसा गर्ने किसिमको होस् । ... र धनले हामीलाई शान्ति प्रदान गरून् । श्रेष्ठ र शिष्ट तरिकाले बोलिएका वचनहरूले ...लाई शान्ति प्रदान गरून् । अर्यमादेवताले हामीलाई शान्ति प्रदान गरून् ।

शं नो धाता शमु धर्ता नो अस्तु शं न उरूची भवतु स्वधाभिः । शं रोदसी बृहती शं नो अद्रिः शं नो देवानां सुहवानि सन्तु ॥३॥

... प्रदान गर्ने धाता, धारण गर्ने धर्त्ता, द्युलोक, पृथ्वीलोक, पृथ्वीको अन्न, पर्वत तथा ...हरूको उपासना यी सबै हामीलाई शान्ति प्रदान गर्ने किसिमका र कल्याणकारी होऊन् ।

शं नो अग्निर्ज्योतिरनीको अस्तु शं नो मित्रावरुणावश्विना शम् । शं नः सुकृतां सुकृतानि सन्तु शं न इषिरो अभि वातु वातः ॥४॥

...स्वी अग्निदेवता, मित्रावरुणदेवता, सूर्यदेवता, चन्द्रदेवता, दुवै अश्विनीकुमारहरू, सत्कर्ममा ...शील रहने वायुदेवताले पनि हामीलाई शान्ति प्रदान गरून् ।

शं नो द्यावापृथिवी पूर्वहूतौ शमन्तरिक्षं दृशये नो अस्तु । शं न ओषधीर्वनिनो भवन्तु शं नो रजसस्पतिरस्तु जिष्णुः ॥५॥

...लोक र पृथ्वीले हामीलाई प्रथम पटक प्रार्थनामा शान्ति प्रदान गरून् । श्रेष्ठ दर्शनका निम्ति ...न्तरिक्षले हामीलाई शान्ति प्रदान गरोस् । वनस्पति र औषधिहरूले हामीलाई शान्ति प्रदान ... । विजयशील लोकपालले हामीलाई शान्ति प्रदान गरून् ।

शं न इन्द्रो वसुभिर्देवो अस्तु शमादित्येभिर्वरुणः सुशंसः । शं नो रुद्रो रुद्रेभिर्जलाषः शं नस्त्वष्ट्य ग्नाभिरिह शृणोतु ॥६॥

वसुगणसहित इन्द्रदेवताले हामीलाई शान्ति प्रदान गरून् । आदित्यसहित वरुणदेवता, रुद्रगणसहित जलदेवताले हामीलाई शान्ति प्रदान गरून् । त्वष्टादेवताले देवपत्नीहरूसहित हामीलाई शान्ति प्रदान गरून् र सबै देवताहरूले हाम्रो बिन्ती सुनून् ।

शं नः सोमो भवतु ब्रह्म शं नः शं नो ग्रावाणः शमु सन्तु यज्ञाः । शं नः स्वरूणां मितयो भवन्तु शं नः प्रश्व१ः शम्वस्तु वेदिः ॥७॥

सोम र सोम कुट्नका लागि प्रयोगमा आउने ग्रावा नामका ढुङ्गाका यन्त्रले हामीलाई शान्ति प्रदान गरून् । ब्रह्मा र यज्ञदेवताले हामीलाई शान्ति प्रदान गरून् । यूप, त्यसको अनुपातका औषधिहरू, वेदिका आदि सबै यज्ञीय उपकरणले हामीलाई शान्ति प्रदान गरून् ।

शं नः सूर्य उरुचक्षा उदेतु शं नो भवन्तु प्रदिशश्चतस्रः । शं नः पर्वता ध्रुवयो भवन्तु शं नः सिन्धवः शमु सन्त्वापः ॥८॥

हामीलाई शान्ति प्रदान गर्नका लागि विशाल तेज धारण गरेर सूर्यदेवता उदाएर आऊन् । चारै दिशाहरूले हामीलाई शान्ति प्रदान गरून् । स्थिर पर्वत, जल र समुद्रले हामीलाई शान्ति प्रदान गरून् ।

शं नो अदितिर्भवतु व्रतेभिः शं नो भवन्तु मरुतः स्वर्काः । शं नो विष्णुः शमु पूषा नो अस्तु शं नो भवित्रं शम्वस्तु वायुः ॥९॥

अदितिले आफ्नै व्रत र अनुशासनले हामीलाई शान्ति प्रदान गरून् । उत्तम तेजस्वी मरुत्गणले हामीलाई शान्ति प्रदान गरून् । विष्णुदेवता, पूषादेवता, अन्तरिक्ष र वायुदेवताले हामीलाई शान्ति प्रदान गरून् ।

शं नो देवः सविता त्रायमाणः शं नो भवन्तुषसो विभातीः । शं नः पर्जन्यो भवतु प्रजाभ्यः शं नः क्षेत्रस्य पतिरस्तु शंभुः ॥१०॥

रक्षा प्रदान गर्ने सवितादेवताले हामीलाई शान्ति प्रदान गरून् । तेजस्वी उषाहरूले हामीलाई शान्ति प्रदान गरून् । पर्जन्य र क्षेत्रलाई कल्याण गर्ने अधिपति देवताले हामीलाई शान्ति प्रदान गरून् र उनीहरू हाम्रा लागि मङ्गलदायक होऊन् ।

११. शान्ति सुक्त

ऋषि— ब्रह्मा । **देवता—** मन्त्रोक्त । **छन्द—**त्रिष्टुप् ।

शं नः सत्यस्य पतयो भवन्तु शं नो अर्वन्तः शमु सन्तु गावः । शं न ऋभवः सुकृतः सुहस्ताः शं नो भवन्तु पितरो हवेषु ॥१॥

सत्यका अधिपति, अश्व एवं गाईले हामीलाई सुख र शान्ति प्रदान गरून् । श्रेष्ठ कर्म गर्ने र श्रेष्ठ भुजा भएका ऋभुगणले हामीलाई शान्ति प्रदान गरून् । हाम्रा पितृहरूले हाम्रो प्रार्थना सुनेर हामीलाई शान्ति प्रदान गरून् ।

शं नो देवा विश्वदेवा भवन्तु शं सरस्वती सह धीभिरस्तु । शमभिषाचः शमु रातिषाचः शं नो दिव्याः पार्थिवाः शं नो अप्याः ॥२॥

समस्त देवगणका रूपमा रहेका विश्वेदेवले हामीलाई शान्ति प्रदान गरून् । सद्बुद्धि प्रदान गर्ने सरस्वती देवीले हामीलाई शान्ति प्रदान गरून् । यज्ञकर्ता, दानदाता, द्युलोक, पृथ्वी र जलका देवताहरूले हामीलाई शान्ति प्रदान गरून् ।

शं नो अज एकपाद् देवो अस्तु शमहिर्बुध्न्य१ः शं समुद्रः । शं नो अपां नपात् पेरुरस्तु शं नः पृश्निर्भवतु देवगोपा ॥३॥

एक पाद अजदेवताले हामीलाई कल्याण गरून् । अहिर्बुध्न्य र समुद्रदेवले हामीलाई शान्ति प्रदान गरून् । अपांनपात् देवताले शान्ति प्रदान गरून् । देवताहरूले संरक्षण गरेका गाईरूपी किरण ले

प्रकृतिले हामीलाई शान्ति प्रदान गरून् ।

आदित्या रुद्रा वसवो जुषन्तामिदं ब्रह्म क्रियमाणं नवीयः । शृण्वन्तु नो दिव्याः पार्थिवासो गोजाता उत ये यज्ञियासः ॥४॥

नयाँ रचना गरिएका स्तोत्रलाई आदित्यगण, वसुगण र रुद्रगणले ग्रहण गरून् । द्युलोक, पृथ्वी र स्वर्गमा उत्पन्न देवगण र अरू पनि यजनीय देवगण जेजति छन् ती सबैले हाम्रो स्तुति स्वीकार गरून् ।

ये देवानामृत्विजो यज्ञियासो मनोर्यजत्रा अमृता ऋतज्ञाः । ते नो रासन्तामुरुगायमद्य यूयं पात स्वस्तिभिः सदा नः ॥५॥

यजनीय देवताहरूका लागि जो पूज्य छन्, ती मानिसहरूका लागि पनि पूज्य नै हुन्छन् । त्यस्ता अमर, ऋतज्ञ देवताहरू आज प्रसन्न भएर हामीलाई यशस्वी पुत्र प्रदान गरून् र हामीलाई पालन एवं कल्याण गरून् ।

तदस्तु मित्रावरणा तदग्ने शं योरस्मभ्यमिदमस्तु शस्तम् । अशीमहि गाधमुत प्रतिष्ठां नमो दिवे बृहते सादनाय ॥६॥

हे मित्रावरुण र अग्निदेवताहरू हो ! हाम्रा लागि सबै कुरो शान्तिप्रदायक होस् । तिमी हाम्रो दुःखजति हटाएर सुखको मार्ग प्रशस्त गराऊ । हामीलाई सांसारिक वैभव र प्रतिष्ठा प्राप्त होस् । हामी सबैका आश्रय बनेका द्युलोकलाई नमस्कार छ ।

१२. सुवीर सूक्त

ऋषि— ब्रह्मा । **देवता—** मन्त्रोक्त । **छन्द—**त्रिष्टुप् ।

उषा अप स्वसुस्तमः सं वर्तयति वर्तनिं सुजातता । अया वाजं देवहितं सनेम मदेम शतहिमाः सुवीराः ॥१॥

रात्रिको अन्धकारलाई हटाउने, उचित किसिमले उत्पन्न हुने उषाले सबैलाई प्रगतिको मार्ग देखाउँछिन् । यसबाट हामी देवत्वको विकास गर्नका लागि आवश्यक शक्ति प्राप्त गर्दछौँ । हामी बलवान् सन्तानले युक्त भएर सय वटा हिउँदभरि जिउन सकौँ ।

१३. एकवीर सूक्त

ऋषि— अप्रतिरथ । **देवता—** इन्द्र । **छन्द—**त्रिष्टुप्, भुरिक् त्रिष्टुप् ।

इन्द्रस्य बाहू स्थविरौ वृषाणौ चित्रा इमा वृषभौ पारयिष्णू । तौ योक्षे प्रथमो योग आगते याभ्यां जितमसुराणां स्व१र्यत् ॥१॥

इन्द्रका बलिया, अभीष्ट पूरा गराउने, अद्भुत, शक्तिशाली, सङ्कटबाट मुक्त गराउने बाहुहरूलाई हामी अभिषेक गर्दछौँ । ती बाहुले मौकामा असुरहरूको अस्तित्वलाई जित्दछन् ।

आशुः शिशानो वृषभो न भीमो घनाघनः क्षोभणश्चर्षणीनाम् । संक्रन्दनोऽनिमिष एकवीरः शतं सेना अजयत् साकमिन्द्रः ॥२॥

स्फुर्तिसम्पन्न, विकराल, वृषभजस्तै शत्रुलाई तर्साउने, दुष्टनाशक, शत्रुलाई रुवाउने, द्वेष गर्नेहरूलाई क्षुब्ध गराउने, अल्छ्याइँ नगर्ने वीर इन्द्रदेवताले सयौँ शत्रुलाई पराजित गराए र आफू विजयी भएका छन् ।

संक्रन्दनेनानिमिषेण जिष्णुनाऽयोध्येन दुश्च्यवनेन धृष्णुना । तदिन्द्रेण जयत तत् सहध्वं युधो नर इषुहस्तेन वृष्णा ॥३॥

हे योद्धाहरू हो ! शत्रुलाई रुवाउने, आलस्यरहित, विजयी, निपुण, अविचल तथा बाणधारी इन्द्रदेवताको सहायता प्राप्त गरेर युद्ध जित र शत्रुहरूलाई भगाओ ।

स इषुहस्तैः स निषङ्गिभिर्वशी संस्रष्टा स युध इन्द्रो गणेन । संसृष्टजित् सोमपा बाहुशर्ध्यु१ग्रधन्वा प्रतिहिताभिरस्ता ॥४॥

इन्द्रदेवता बाण र तरबार धारण गरेका योद्धाहरूका सहयोगले शत्रुलाई वशमा पार्दछन् । उनी

युद्धमा अत्यन्त कुशल, विजेता, सोमपान गर्ने, बाहुबलले सम्पन्न, धनुर्धारी र शत्रुसंहारक हुन् ।

बलविधायः स्थविरः प्रवीरः सहस्वान् वाजी सहमान उग्रः । अभिवीरो अभिषत्वा सहोजिज्जैत्रमिन्द्र रथमा तिष्ठ गोविदन् ॥५॥

हे इन्द्रदेवता ! तिमी सबैको बलका ज्ञाता, उत्तम, वीर, शत्रुको आक्रमण सहन गर्ने बलवान्, शत्रुविजेता, उग्र, महावीर, शक्तिशाली भएर जन्म लिने, गाईलाई पालनपोषण गर्ने र विजयरथमा प्रतिष्ठित भएका छौ ।

इमं वीरमनु हर्षध्वमुग्रमिन्द्रं सखायो अनु सं रभध्वम् । ग्रामजितं गोजितं वज्रबाहु जयन्तमज्म प्रमृणन्तमोजसा ॥६॥

हे कर्म र बुद्धि बराबर भएका वीरहरू हो ! तिमीहरू यी उग्र, वीर इन्द्रदेवतालाई प्रसन्न गरेर उनको अनुगमन गर । उनले युद्ध गरेर शत्रुका गाउँ, गाईहरू र भूमि जितेका छन् । उनले हातमा वज्र लिएका छन् र वेगपूर्वक शत्रुलाई सिध्याउने गर्दछन् ।

अभि गोत्राणि सहसा गाहमानोऽदाय उग्रः शतमन्युरिन्द्रः । दुश्च्यवनः पृतनाषाडयोध्योऽस्माकं सेना अवतु प्रयुत्सु ॥७॥

आफ्ना बलले शत्रुका किल्लाहरूलाई भेदन गर्ने पराक्रमी, शत्रुमाथि दया नदेखाउने, वीर, अविचल, शत्रुविजेता, अद्वितीय योद्धा इन्द्रदेवताले हाम्रा सेनालाई संरक्षण प्रदान गरून् ।

बृहस्पते परि दीया रथेन रक्षोहामित्राँ अपबाधमानः । प्रभञ्जञ्छत्रून प्रमृणन्नमित्रानस्माकमेधयविता तनूनाम् ॥८॥

हे सर्वपालक इन्द्रदेवता ! राक्षसहरूलाई मार्दै, शत्रुलाई तर्साउँदै, उनीहरूलाई पेल्दै र मित्रहरूभन्दा भिन्न पक्षमा रहेकाहरूलाई ध्वंस गराउँदै यहाँ आऊ । हाम्रा शरीरको रक्षा गर्दै तिमी अगाडि बढ ।

इन्द्र एषां नेता बृहस्पतिर्दक्षिणा यज्ञः पुर एतु सोमः । देवसेनानामभिभञ्जतीनां जयन्तीनां मरुतो यन्तु मध्ये ॥९॥

हाम्रो सेनाको नेतृत्व गरेका हे इन्द्रदेवता ! बृहस्पतिदेवता सबैभन्दा अघि लागेर जाऊन् दक्षिणायज्ञका सञ्चालक सोम पनि अगाडि लागून् । शत्रुलाई नाश गर्ने मरुत्‌गणचाहिँ विजयी देवसेनाका बीचमा रहून् ।

इन्द्रस्य वृष्णो वरुणस्य राज्ञ आदित्यानां मरुतां शर्ध उग्रम् । महामनसां भुवनच्यवानां घोषो देवानां जयतामुदस्थात् ॥१०॥

बलशाली इन्द्रदेवता, राजा वरुण, आदित्य र मरुत्‌हरूको तिखो बल हाम्रा लागि सहायक होस् । शत्रुका सहर ध्वस्त पार्ने, विशाल मन भएका र विजयी देवताहरूको जयघोष गुञ्जायमान होस् ।

असमाकमिन्द्रः समृतेषु ध्वजेष्वस्माकं या इषवस्ता जयन्तु । अस्माकं वीरा उत्तरे भवन्त्वस्मान् देवासोऽवता हवेषु ॥११॥

युद्धमा ध्वजाहरू एकत्रित भएपछि इन्द्रदेवताले हामीलाई सुरक्षा प्रदान गरून् । हाम्रा बाणहरू शत्रुमाथि विजय प्राप्त गर्नमा सक्षम होऊन् । हे देवताहरू हो ! तिमीहरू युद्धमा हामीलाई सुरक्षा प्रदान गर ।

१४. अभय सूक्त

ऋषि— अथर्वा । **देवता—** द्यावापृथिवी । **छन्द—**त्रिष्टुप् ।

इदमुच्छ्रेयोऽवसानमागां शिवे मे द्यावापृथिवी अभूताम् । असपत्नाः प्रदिशो मे भवन्तु न वै त्वा द्विष्मो अभयं नो अस्तु ॥१॥

हामी श्रेय र सफलताको लक्ष्यसम्म पुगिसकेका छौँ । द्युलोक र पृथ्वी हाम्रा लागि कल्याणकारी होऊन् । समस्त दिशाहरू हाम्रा लागि हितकारी र शत्रुको उपद्रवबाट मुक्त रहून् । हे शत्रुहरू हो ! तिमीहरूप्रति हामी द्वेष गर्दैनौँ, त्यसैले हामीलाई पनि निर्भय गराओ ।

१५. अभय सूक्त

ऋषि— अथर्वा । **देवता**— इन्द्र, मन्त्रोक्त । **छन्द**—पथ्याबृहती, चतुष्पदा जगती, विराट् पथ्यापङ्क्ति, त्रिष्टुप् ।

यत इन्द्र भयामहे ततो नो अभयं कृधि । मघवञ्छग्धि तव त्वं न ऊतिभिर्वि द्विषो वि मृधो जहि ॥१॥

हे इन्द्रदेवता ! हामी भयभीत छौँ, हामीलाई भयरहित गराऊ । हे धनवान् देवता ! तिमी सर्वसामर्थ्यवान् छौ, त्यसैले द्वेषवृत्ति भएकाहरूलाई जितेर हाम्रो संरक्षण गर ।

इन्द्रं वयमनूराधं हवामहेऽनु राध्यास्म द्विपदा चतुष्पदा । मा नः सेना अररुषीरुप गुर्विषूचीरिन्द्र द्रुहो वि नाशय ॥२॥

आराधनायोग्य इन्द्रदेवतालाई हामी आह्वान गर्दछौँ । हामी दुई खुट्टे मानिस र चार खुट्टे पशुधनबाट ...गो समृद्ध हुन सकौँ । हे इन्द्रदेवता ! अनुदार शत्रुसेना हाम्रा सामु आउन नसकून् । विद्रोही शत्रुहरूलाई सबै किसिमले विनाश गराऊ ।

इन्द्रस्त्रातोत वृत्रहा परस्फानो वरेण्यः । स रक्षिता चरमतः स मध्यतः स पश्चात् स पुरस्तान्नो अस्तु ॥३॥

...असुरलाई विनाश गर्ने इन्द्रदेवता हाम्रा संरक्षक होऊन् । वरण गर्न योग्य इन्द्रदेवताले शत्रुका ...बाट हामीलाई बचाऊन् । उनै इन्द्रदेवताले अन्त्य, मध्य, अगाडि, पछाडि र अरू सबै दिशाबाट हामीलाई पूर्ण संरक्षण प्रदान गरून् ।

उरुं नो लोकमनु नेषि विद्वान्त्स्व१र्यज्ज्योतिरभयं स्वस्ति । उग्रा त इन्द्र स्थविरस्य बाहू उप क्षयेम शरणा बृहन्ता ॥४॥

हे इन्द्रदेवता ! तिमी ज्ञानवान् छौ, सर्वज्ञ छौ, त्यसैले हामीलाई तिमी यस क्षेत्रका ठूला ...हरूबाट निकालेर सरलतापूर्वक लक्ष्यसम्म पुऱ्याऊ र निर्भर प्रदान गर । युद्धमा दृढ रहने ... तिम्रा दुवै भुजाहरू ज्यादै नै उग्र छन् । हामी तिम्रा ती विशाल भुजाका आश्रयमा रहन ...ौँ ।

अभयं नः करत्यन्तरिक्षमभयं द्यावापृथिवी उभे इमे । अभयं पश्चादभयं पुरस्तादुत्तरादधरादभयं नो अस्तु ॥५॥

अन्तरिक्षलोक, द्युलोक र पृथ्वी यी सबै लोकहरूले हामीलाई निर्भय प्रदान गरून् । उत्तर, दक्षिण, पूर्व र पश्चिम यी चारै दिशाहरू पनि हाम्रा लागि निर्भयतायुक्त होऊन् ।

अभयं मित्रादभयममित्रादभयं ज्ञातादभयं पुरो यः । अभयं नक्तमभयं दिवा नः सर्वा आशा मम मित्रं भवन्तु ॥६॥

मित्रहरू, शत्रुहरू र प्रत्यक्ष तथा अप्रत्यक्ष्य अनिष्ट गर्नेहरूबाट हामीलाई कुनै पनि खालको भय ...स् । हामीलाई दिन र रातबाट पनि निर्भय प्राप्त होस् । हामी अभयको आकाङ्क्षा गर्नेहरूलाई ... दिशाहरू नै मित्रवत् कल्याणकारी व्यवहार गर्ने होऊन् ।

१६. अभय सूक्त

ऋषि— अथर्वा । **देवता**— मन्त्रोक्त । **छन्द**—अनुष्टुप्, त्र्यवसाना सप्तपदा बृहतीगर्भा अतिशक्वरी ।

असपत्नं पुरस्तात् पश्चान्नो अभयं कृतम् । सविता मा दक्षिणत उत्तरान्मा शचीपतिः ॥१॥

... अगाडि वा पूर्व दिशामा शत्रु नरहून् र पछाडि वा पश्चिम दिशाबाट पनि हामी निर्भय हुन ...ौँ । दक्षिणतर्फबाट सवितादेवताले र उत्तर दिशातर्फबाट इन्द्रदेवताले हामीलाई संरक्षण प्रदान ... ।

दिवो मादित्या रक्षन्तु भूम्या रक्षन्त्वग्नयः । इन्द्राग्नी रक्षतां मा पुरस्तादश्विनावभितः शर्म यच्छताम् । तिरश्चनिघ्न्या रक्षतु जातवेदा भूतकृतो मे सर्वतः सन्तु वर्म ॥२॥

आदित्यदेवताले द्युलोकमा हामीलाई रक्षा गरून् । अग्निहरूले पृथ्वीलोकका अनिष्टहरूबाट हामीलाई रक्षा गरून् । इन्द्र र अग्निले पूर्व दिशामा हाम्रो रक्षा गरून् । अश्विनीकुमारहरूले चारै दिशाबाट हामीलाई सुख प्रदान गरून् । सबै खालका प्राणी र पदार्थका निर्माता जातवेदा अग्निदेवताले हामीलाई चारै दिशामा अभेद्य कवचजस्तो भएर सुरक्षा गरून् ।

१७. सुरक्षा सूक्त

ऋषि– अथर्वा । **देवता–** मन्त्रोक्त । **छन्द–**उपजगती, जगती, भुरिक् जगती, अतिजगती, पञ्चपदा विराट् अतिशक्वरी ।

अग्निर्मा पातु वसुभिः पुरस्तात् तस्मिन् क्रमे तस्मिञ्छ्र्ये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥१॥

वसुगणका साथै अग्निदेवताले पूर्व दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौँ । हामी उनैको आश्रय ग्रहण गर्दछौँ । हामी नगर वा आवासमा प्रवेश गर्दछौँ । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैँले आफैँलाई समर्पित गर्दछौँ ।

वायुर्मान्तरिषेणैतस्या दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्र्ये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥२॥

अन्तरिक्षका साथमा वायुदेवताले पूर्व दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौँ । हामी उनैको आश्रय ग्रहण गर्दछौँ । हामी नगर वा आवासमा प्रवेश गर्दछौँ । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैँले आफैँलाई समर्पित गर्दछौँ ।

सोमो मा रुद्रैर्दक्षिणाया दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्र्ये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥३॥

रुद्रगणका साथमा सोमदेवताले दक्षिण दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौँ । हामी उनैको आश्रय ग्रहण गर्दछौँ । हामी नगर वा आवासमा प्रवेश गर्दछौँ । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैँले आफैँलाई समर्पित गर्दछौँ ।

वरुणो मादित्यैरेतस्या दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्र्ये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥४॥

आदित्यगणका साथमा वरुणदेवताले दक्षिण दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौँ । हामी उनैको आश्रय ग्रहण गर्दछौँ । हामी नगर वा आवासमा प्रवेश गर्दछौँ । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैँले आफैँलाई समर्पित गर्दछौँ ।

सूर्यो मा दावापृथिवीभ्यां प्रतीच्या दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्र्ये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥५॥

द्यावापृथिवीका साथमा सर्वप्रेरक सूर्यदेवताले पश्चिम दिशामा हामीलाई संरक्षण प्रदान गरून् हामी उनैको अनुसरण गर्दछौँ । हामी उनैको आश्रय ग्रहण गर्दछौँ । हामी नगर वा आवासमा प्रवेश गर्दछौँ । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैँले आफैँलाई समर्पित गर्दछौँ ।

आपो मौषधीमतीरेतस्या दिशः पान्तु तासु क्रमे तासु श्रये तां पुरं प्रैमि । ता मा रक्षन्तु ता मा गोपायन्तु ताभ्य आत्मानं परि ददे स्वाहा ॥६॥

औषधियुक्त जलदेवताले यस दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौं । हामी उनैको आश्रय ग्रहण गर्दछौं । हामी नगर वा आवासमा प्रवेश गर्दछौं । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैंले आफैंलाई समर्पित गर्दछौं ।

विश्वकर्मा मा सप्तऋषिभिरुदीच्या दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्रये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥७॥

सप्तर्षिहरूका सहयोगमा विश्वका स्रष्टा परमात्माले उत्तर दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौं । हामी उनैको आश्रय ग्रहण गर्दछौं । हामी नगर वा आवासमा प्रवेश गर्दछौं । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैंले आफैंलाई समर्पित गर्दछौं ।

इन्द्रो मा मरुत्वानेतस्या दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्रये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥८॥

मरुत्‌गणका सहयोगमा इन्द्रदेवताले यस दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौं । हामी उनैको आश्रय ग्रहण गर्दछौं । हामी नगर वा आवासमा प्रवेश गर्दछौं । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैंले आफैंलाई समर्पित गर्दछौं ।

प्रजापतिर्मा प्रजननवान्त्सह प्रतिष्ठाया ध्रुवाया दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्रये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥९॥

सम्पूर्ण विश्वको उत्पत्ति गराउने कारण बनेका, प्रजनन क्षमताले युक्त प्रजापति नामका देवताले ध्रुव दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौं । हामी उनैको आश्रय ग्रहण गर्दछौं । हामी नगर वा आवासमा प्रवेश गर्दछौं । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैंले आफैंलाई समर्पित गर्दछौं ।

बृहस्पतिर्मा विश्वैर्देवैरूर्ध्वाया दिशः पातु तस्मिन् क्रमे तस्मिञ्छ्रये तां पुरं प्रैमि । स मा रक्षतु स मा गोपायतु तस्मा आत्मानं परि ददे स्वाहा ॥१०॥

सम्पूर्ण देवताहरूका सहयोगमा देवशक्तिहरूका हितैषि बृहस्पति नामका देवताले ध्रुव दिशामा हामीलाई संरक्षण प्रदान गरून् । हामी उनैको अनुसरण गर्दछौं । हामी उनैको आश्रय ग्रहण गर्दछौं । हामी नगर वा आवासमा प्रवेश गर्दछौं । उनले हामीलाई रक्षा गरून्, उनले हामीलाई पालन गरून्, उनका निम्ति हामी आफैंले आफैंलाई समर्पित गर्दछौं ।

१८. सुरक्षा सूक्त

ऋषि– अथर्वा । **देवता–** मन्त्रोक्त । **छन्द–** साम्नी त्रिष्टुप्, आर्ची अनुष्टुप्, स्वराट् आर्ची अनुष्टुप्, प्राजापत्या त्रिष्टुप् ।

अग्निं ते वसुवन्तमृच्छन्तु । ये माघायवः प्राच्या दिशोऽभिदासात् ॥१॥

जुन पापीहरू पूर्व दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई वसुहरूका सहायताले अग्निले भस्म गराऊन् ।

वायुं तेऽन्तरिक्षवन्तमृच्छन्तु । ये माघायव एतस्या दिशोऽभिदासात् ॥२॥

जुन पापीहरू यस दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई अन्तरिक्षीय वायुले नाश गराऊन् ।

सोमं ते रुद्रवन्तमृच्छन्तु । ये माघायवो दक्षिणाया दिशोऽभिदासात् ॥३॥

जुन पापीहरू दक्षिण दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई रुद्रदेवताका

सहायताले सोमदेवताले नष्ट गराऊन् ।

वरुणं त आदित्यवन्तमृच्छन्तु । ये माघायव एतस्या दिशोऽभिदासात् ॥४॥

जुन पापीहरू यस दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई अदितिका पुत्र आदित्यका साथमा वरुणदेवताले पाशमा हालून् ।

सूर्यं ते द्यावापृथिवीवन्तमृच्छन्तु । ये माघायव प्रतीच्या दिशोऽभिदासात् ॥५॥

जुन पापीहरू पश्चिम दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई द्यावा पृथिवीलाई आफ्ना प्रकाशले विस्तृत गराउने सूर्यले नष्ट गराऊन् ।

अपस्त ओषधीमतीर्ऋच्छन्तु । ये माघायव एतस्या दिशोऽभिदासात् ॥६॥

जुन पापीहरू यस दिशामा हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई औषधियुक्त जलका वशमा परेर विनाश होऊन् ।

विश्वकर्माणं ते सप्तऋषिवन्तमृच्छन्तु । ये माघायव उदीच्या दिशोऽभिदासात् ॥७॥

जुन पापीहरू उत्तर दिशाबाट आएर हामीलाई पराधीन बनाउन खोज्छन्, ती शत्रुलाई सप्तर्षिका सहायताले विश्वकर्माले नष्ट गराऊन् ।

इन्द्रं ते मरुत्वन्तमृच्छन्तु । ये माघायव एतस्या दिशोऽभिदासात् ॥८॥

जुन पापीहरू यस दिशामा हामीलाई नाश गर्न खोज्छन्, ती शत्रुलाई मरुत्वान् इन्द्रदेवताले वशमा पारेर विनाश गरून् ।

प्रजापतिं ते प्रजननवन्तमृच्छन्तु । ये माघायवो ध्रुवाया दिशोऽभिदासात् ॥९॥

जुन पापीहरू ध्रुव दिशाबाट आएर हामीलाई मार्न खोज्छन्, ती शत्रुलाई प्रजनन क्षमताले युक्त प्रजापति देवताले आफ्नो वशमा पारेर नष्ट गराऊन् ।

बृहस्पतिं ते विश्वदेववन्तमृच्छन्तु । ये माघायव ऊर्ध्वाया दिशोऽभिदासात् ॥१०॥

जुन पापीहरू ऊर्ध्व दिशाबाट आएर हामीलाई संहार गर्न खोज्छन्, ती शत्रुलाई समस्त देवताहरूका सहायताले बृहस्पति देवताले आफ्नो वशमा पारेर नष्ट गराऊन् ।

१९. शर्म सूक्त

ऋषि– अथर्वा । **देवता–** चन्द्रमा, मित्र, मन्त्रोक्त । **छन्द–** अनुष्टुब्गर्भा पङ्क्ति, भुरिक् बृहती, स्वराट पङ्क्ति ।

मित्रः पृथिव्योदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥१॥

मित्र अग्निदेवताले पृथ्वीबाट जुन ठाउँका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीं बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

वायुरन्तरिक्षेणोदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥२॥

वायुदेवताले आफ्नो आश्रयस्थन अन्तरिक्षबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीं बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैं त्यसले सुरक्षा प्रदान गरोस् ।

सूर्यो दिवोदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥३॥

सूर्यदेवताले द्युलोकबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीं बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

चन्द्रमा नक्षत्रैरुदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥४॥

चन्द्रदेवताले नक्षत्रलोकबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

सोम ओषधीभिरुदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥५॥

सोमदेवताले औषधिहरूबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

यज्ञो दक्षिणाभिरुदक्रमात् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥६॥

यज्ञदेवताले दक्षिणाबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

समुद्रो नदीभिरुदक्रमात् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥७॥

समुद्रदेवताले नदीहरूबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

ब्रह्म ब्रह्मचारिभिरुदक्रमात् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥८॥

ब्रह्मरूपी परमात्मज्ञानले ब्रह्मचारीहरूबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

इन्द्रो वीर्येश्णोदक्रमात् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥९॥

इन्द्रदेवताले शौर्य तथा पराक्रमबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

देवा अमृतेनोदक्रामंस्तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥१०॥

देवगणले अमृतरसबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

प्रजापतिः प्रजाभिरुदक्रामत् तां पुरं प्र णयामि वः । तामा विशत तां प्र विशत सा वः शर्म च वर्म च यच्छतु ॥११॥

प्रजापतिले प्रजाहरूबाट जुन स्थानका लागि ऊर्ध्वगमन गरे उसै नगरमा हामी तिमीलाई प्रविष्ट गराउँछौं । तिमी त्यसमा प्रवेश गर र त्यहीँ बास गर । त्यही नगरी तिमीलाई सुखद होस् र कवचझैँ त्यसले सुरक्षा प्रदान गरोस् ।

२०. सुरक्षा सूक्त

ऋषि– अथर्वा । **देवता–** धाता, मन्त्रोक्त । **छन्द–** त्रिष्टुप्, जगती, पुरस्तात् बृहती, अनुष्टुप् ।

अप न्यधुः पौरुषेयं वधं यमिन्द्राग्नी धाता सविता बृहस्पतिः । सोमो राजा वरुणो अश्विना यमः पूषास्मान् परि पातु मृत्योः ॥१॥

शत्रुले गोप्य रूपमा प्रयोग गरेका मारण प्रयोगबाट हामीलाई इन्द्र, अग्नि, धाता, सविता, बृहस्पति, सोम, वरुण, दुवै अश्विनीकुमार, यम र पूषा आदि सबै देवशक्तिहरूले संरक्षण प्रदान गरून् ।

यानि चकार भुवनस्य यस्पतिः प्रजापतिर्मातरिश्वा प्रजाभ्यः । प्रदिशो यानि वसते दिशश्च तानि मे वर्माणि बहुलानि सन्तु ॥२॥

प्रजापतिले प्रजाहरूको संरक्षणका लागि जुन कवचको रचना गरेका छन्, मातरिश्वा वायु, प्रजापति, दिशाहरू र उपदिशाहरू आदिले जुनजुन कवच धारण गर्दछन् तिनै सुरक्षा कवच हामीलाई प्रचुर मात्रामा उपलब्ध होऊन् ।

यत् ते तनूष्वनह्यन्त देवा द्युराजयो देहिनः इन्द्रो यच्चक्रे वर्म तदस्मान् पातु विश्वतः ॥३॥

देवशक्तिहरूले जुन कवच आआफ्ना शरीरमा धारण गरेका थिए, र इन्द्रदेवताले पनि जसलाई धारण गरेका थिए, त्यो रक्षाकवच चारै तिरबाट हामीलाई संरक्षण गर्ने खालको होस् ।

वर्म मे द्यावापृथिवी वर्माहर्वर्म सूर्यः । वर्म मे विश्वे देवाः क्रन् मा मा प्रापत् प्रतीचिका ॥४॥

द्यावापृथिवी हाम्रे लागि होऊन् । सूर्यदेवता, विश्वेदेवता र दिनहरू पनि हाम्रा निम्ति कवचजस्तै होऊन् । हामीलाई विरोध गर्ने शत्रु नभेटिऊन् ।

२१. छन्दांसि सूक्त

ऋषि– ब्रह्मा । **देवता–** छन्दांसि । **छन्द–** एकावसाना द्विपदा साम्नी बृहती ।

गायत्र्युश् ष्णिगनुष्टुब् बृहती पङ्क्तिस्त्रिष्टुब् जगत्यै ॥१॥

गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप् र जगती यी सबै छन्दहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

२२.ब्रह्मा सूक्त

ऋषि– अङ्गिरा । **देवता–** मन्त्रोक्त । **छन्द–** दैवी पङ्क्ति, साम्नी एकावसाना उष्णिक, प्राजापत्या गायत्री, दैवी जगती, दैवी त्रिष्टुप्, आसुरी जगती, आसुरी अनुष्टुप्, चतुष्पदा त्रिष्टुप् ।

आङ्गिरसानामाद्यैः पञ्चानुवाकैः स्वाहा ॥१॥

आङ्गिरसका प्रारम्भिक पाँच अनुवाकहरूलाई यो आहुति समर्पित गरिएको छ ।

षष्ठाय स्वाहा ॥२॥

छैटौं अनुवाकका लागि यो आहुति समर्पित गरिएको छ ।

सप्तमाष्टमाभ्यां स्वाहा ॥३॥

सातौं र आठौंका लागि यो आहुति समर्पित गरिएको छ ।

नीलनखेभ्यः स्वाहा ॥४॥

नीलो नङ हुनेका लागि लागि यो आहुति समर्पित गरिएको छ ।

हरितेभ्यः स्वाहा ॥५॥

हरियालीका लागि यो आहुति समर्पित गरिएको छ ।

क्षुद्रेभ्यः स्वाहा ॥६॥

क्षुद्रका लागि यो आहुति समर्पित गरिएको छ ।

पर्यायिकेभ्य स्वाहा ॥७॥

पर्यायहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

प्रथमेभ्यः शङ्खेभ्यःस्वाहा ॥८॥

प्रथम शङ्खका लागि यो आहुति समर्पित गरिएको छ ।

द्वितीयेभ्यः शङ्खेभ्यः स्वाहा ॥९॥

द्वितीय शङ्खका लागि यो आहुति समर्पित गरिएको छ ।

तृतीयेभ्यः शङ्खेभ्यः स्वाहा ॥१०॥

तृतीय शङ्खका लागि यो आहुति समर्पित गरिएको छ ।

उपोत्तमेभ्यः स्वाहा ॥११॥

उपोत्तमका लागि यो आहुति समर्पित गरिएको छ ।

उत्तमेभ्यः स्वाहा ॥१२॥

उत्तमका लागि यो आहुति समर्पित गरिएको छ ।

उत्तरेभ्यः स्वाहा ॥१३॥

उत्तरका लागि यो आहुति समर्पित गरिएको छ ।

ऋषिभ्यः स्वाहा ॥१४॥

मन्त्रद्रष्टा ऋषिहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

शिखिभ्यः स्वाहा ॥१५॥

शिखा पालेका शिखीहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

गणेभ्यः स्वाहा ॥१६॥

गण अर्थात् समूहमा रहनेहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

महागणेभ्यः स्वाहा ॥१७॥

महागणहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

सर्वेभ्योऽङ्गिरोभ्यो विदगणेभ्यः स्वाहा ॥१८॥

गणका ज्ञाता अङ्गिराहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

पृथक्सहस्राभ्यां स्वाहा ॥१९॥

विभिन्न सहस्रहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

ब्रह्मणे स्वाहा ॥२०॥

बीस काण्डयुक्त वेदका ज्ञाता ब्रह्मा नामका ऋषिका लागि यो आहुति समर्पित गरिएको छ ।

ब्रह्मज्येष्ठा संभृता वीर्याणि ब्रह्माग्रे ज्येष्ठं दिवमा ततान । भूतानां ब्रह्मा प्रथमोत जज्ञे तेनार्हति ब्रह्मणा स्पर्धितुं कः ॥२१॥

वेदमा ब्रह्मज्ञानको सामर्थ्य सङ्ग्रहित छ । सृष्टिका आदि कालमा सर्वप्रथम ब्रह्मतत्त्व प्रादुर्भाव भयो । ब्रह्मले द्युलोक उत्पन्न गरे । त्यसपछि सृष्टि उत्पन्न गर्ने ब्रह्मा उत्पन्न भए र उनैले यो सृष्टि रचना गरे । उनी सर्वाधिक सामर्थ्यवान् थिए, त्यसैले उनीसित प्रतिस्पर्धा गर्नमा को पो सक्ने खालको हुन्थ्यो र ?

२३. अथर्वाण सूक्त

ऋषि— अथर्वा । **देवता—** मन्त्रोक्त अथवा चन्द्रमा । **छन्द—** दैवी त्रिष्टुप्, आसुरी बृहती, प्राजापत्या गायत्री, दैवी पङ्क्ति, दैवी जगती(एकावसाना), चतुष्पदा त्रिष्टुप् ।

आथर्वणानां चतुर्ऋचेभ्यः स्वाहा ॥१॥

अथर्ववेदका ऋषिहरूका चार ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।

पञ्चर्चेभ्यः स्वाहा ॥२॥

पाँच ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।

षड्चेभ्यः स्वाहा ॥३॥
छ ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
सप्तर्चेभ्यः स्वाहा ॥४॥
सात ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
अष्टर्चेभ्यः स्वाहा ॥५॥
आठ ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
नवर्चेभ्यः स्वाहा ॥६॥
नौ ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
दशर्चेभ्यः स्वाहा ॥७॥
दस ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
एकादशर्चेभ्यः स्वाहा ॥८॥
एघार ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
द्वादशर्चेभ्यः स्वाहा ॥९॥
बाह्र ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
त्रयोदशर्चेभ्यः स्वाहा ॥१०॥
तेह्र ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
चतुर्दशर्चेभ्यः स्वाहा ॥११॥
चौध ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
पञ्चदशर्चेभ्यः स्वाहा ॥१२॥
पन्ध्र ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
षोडशर्चेभ्यः स्वाहा ॥१३॥
सोह्र ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
सप्तदशर्चेभ्यः स्वाहा ॥१४॥
सत्र ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
अष्टादशर्चेभ्यः स्वाहा ॥१५॥
अठार ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
एकोनविंशतिः स्वाहा ॥१६॥
उन्नाईस ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
विंशतिः स्वाहा ॥१७॥
बीस ऋचाहरूलाई यो आहुति समर्पित गरिएको छ ।
महत्काण्डाय स्वाहा ॥१८॥
ठूला काण्डका लागि यो आहुति समर्पित गरिएको छ ।
तृचेभ्यः स्वाहा ॥१९॥
तृच नामका तीन ऋचाका लागि यो आहुति समर्पित गरिएको छ ।
एकर्चेभ्यः स्वाहा ॥२०॥
एकर्च नामको एक ऋचाका लागि यो आहुति समर्पित गरिएको छ ।
क्षुद्रेभ्यः स्वाहा ॥२१॥
क्षुद्रका लागि यो आहुति समर्पित गरिएको छ ।
एकानृचेभ्यः स्वाहा ॥२२॥
एकानृचो नामको ऋचाको एक चरणका लागि यो आहुति समर्पित गरिएको छ ।

रोहितेभ्यः स्वाहा ॥२३॥

...हित नाम हुनेका लागि यो आहुति समर्पित गरिएको छ ।

सूर्याभ्यां स्वाहा ॥२४॥

दुई सूर्यका लागि यो आहुति समर्पित गरिएको छ ।

व्रात्याभ्यां स्वाहा ॥२५॥

...का लागि यो आहुति समर्पित गरिएको छ ।

प्राजापत्याभ्यां स्वाहा ॥२६॥

...त्यका लागि यो आहुति समर्पित गरिएको छ ।

विषासह्यै स्वाहा ॥२७॥

...सहीका लागि यो आहुति समर्पित गरिएको छ ।

मङ्गलिकेभ्यः स्वाहा ॥२८॥

...ङ्गलिकका लागि यो आहुति समर्पित गरिएको छ ।

ब्रह्मणे स्वाहा ॥२९॥

...ब्राका लागि यो आहुति समर्पित गरिएको छ ।

ब्रह्मज्येष्ठा संभृता वीर्याणि ब्रह्माग्रे ज्येष्ठं दिवमा ततान । भूतानां ब्रह्मा प्रथमोत जज्ञे तेनार्हति ब्रह्मणा स्पर्धितुं कः ॥३०॥

...मा ब्रह्मज्ञानको सामर्थ्य सङ्ग्रहित छ । सृष्टिका आदि कालमा सर्वप्रथम ब्रह्मतत्त्व प्रादुर्भाव ...यो । ब्रह्मले द्युलोक उत्पन्न गरे । त्यसपछि सृष्टि उत्पन्न गर्ने ब्रह्मा उत्पन्न भए र उनैले यो सृष्टि ...चना गरे । उनी सर्वाधिक सामर्थ्यवान् थिए, त्यसैले उनीसित प्रतिस्पर्धा गर्नमा को पो सक्ने ...ालको हुन्थ्यो र ?

२४. राष्ट्रसूक्त

ऋषि— अथर्वा । देवता— मन्त्रोक्त वा ब्रह्मणस्पति । छन्द— अनुष्टुप्, त्रिष्टुप्, त्रिपदार्षी गायत्री ।

येन देवं सवितारं परि देवा अधारयन् । तेनेमं ब्रह्मणस्पते परि राष्ट्राय धत्तन ॥१॥

हे ब्रह्मणस्पतिदेवता ! देवताहरूले जसरी सवितादेवलाई चारै तिरबाट धारण गरेका छन्, उसै किसिमले यस महान् शान्तिको अनुष्ठान गर्ने यजमानलाई राष्ट्रको सुरक्षाका लागि तयार गराऊ ।

परीममिन्द्रमायुषे महे क्षत्राय धत्तन । यथैनं जरसे नयां ज्योक् क्षत्रेऽधि जागरत् ॥२॥

इन्द्रदेवताले यस साधकलाई दीर्घ आयु र क्षत्रिय तेज प्राप्तिका लागि प्रतिष्ठित गराऊन् । यी साधक वृद्धअवस्थासम्म पुगून् र जागरूकताका साथ क्षात्रधर्म निर्वाह गर्नमा तत्पर रहून् ।

परीमं सोममायुषे महे श्रोत्राय धत्तन । यथैनं जरसे नयां ज्योक् श्रोत्रेऽधि जागरत् ॥३॥

सोमदेवताले यी साधकलाई दीर्घ आयु, महान् ज्ञान, तेजस्विता र यशस्विताका लागि परिपुष्ट गराऊन् । यी साधक वृद्धावस्थासम्म श्रवण आदि कार्यमा आफ्ना इन्द्रियका शक्तिले सम्पन्न रहून् ।

परि धत्त धत्त नो वर्चसेमं जरामृत्युं कृणुत दीर्घमायुः । बृहस्पतिः प्रायच्छद् वास एतत् सोमाय राज्ञे परिधातवा उ ॥४॥

देवगणले यस शिशुलाई आवरण धारण गराऊन् । हाम्रा यस बालकलाई देवताहरूले तेजस्वितासम्पन्न गराऊन् । यसका जीवनमा वृद्धावस्था पार गरिसकेपछि मात्र मृत्यु आओस्, राजा सोमलाई बृहस्पतिदेवताले यही परिधान उपहार दिएका थिए ।

जरां सु गच्छ परि धत्स्व वासो भवा गृष्टीनामभिशस्तिपा उ । शतं च जीव शरदः पुरूची रायश्च पोषमुपसंव्ययस्व ॥५॥

हे साधक ! तिमी वृद्धअवस्थासम्म सकुशल रहे । यो जीवनरूपी वस्त्र तिमीले धारण गरेर र

प्रजालाई विनाशबाट तिमीले नै बचाए । सय वर्षसम्मको जीवन बाँच्दै धनसम्पदाले युक्त भएर तिमी परिपुष्ट रहे ।

परिदं वासो अधिथाः स्वस्तयेऽभूर्वापीनामभिशस्तिपा उ । शतं च जीव शरदः पुरूचीर्वसूनि चारुर्वि भजासि जीवन् ॥६॥

हे साधक ! तिमीले यस वस्त्रलाई कल्याणकारी भावनाले धारण गरेका छौ । यसबाट तिमी गाईलाई विनाश हुनबाट बचाउने बनिसकेका छौ । सय वर्षसम्मको पूरा आयु उपभोग गर, वस्त्रले युक्त रहँदै आफ्नो श्रेष्ठ धनसम्पत्ति परिवार, स्वजन र मित्र आदिमा बाँटिराख ।

योगेयोगे तवस्तरं वाजेवाजे हवामहे । सखाय इन्द्रमूतये ॥७॥

हामी सबै मित्रहरू प्रत्येक उद्योग र प्रत्येक सङ्ग्राममा एकत्र भएर बलशाली इन्द्रदेवतालाई आफ्नो संरक्षणका लागि आह्वान गर्दछौं ।

हिरण्यवर्णो अजरः सुवीरो जरामृत्युः प्रजया सं विशस्व । तदग्निराह तदु सोम आह बृहस्पतिः सविता तदिन्द्रः ॥८॥

हे साधक ! तिमी स्वर्णिम कान्तिले युक्त रहँदै वुढ्यौलीबाट जोगिएर श्रेष्ठ सन्तानले सम्पन्न होऊ । *तिमी वृद्ध अवस्था पार गरिसकेर मृत्यु प्राप्त गर्नका लागि पुत्रपौत्रादि र नोकरचाकरका* साथमा यसै घरमा विश्राम गर । अग्निदेवता, सोमदेवता, बृहस्पतिदेवता, सवितादेवता र इन्द्रदेवताले पनि यस तथ्यलाई अनुमोदन गरून् ।

२५. अश्व सूक्त

ऋषि– गोपथ । **देवता–** वाजा । **छन्द–** अनुष्टुप् ।

अश्रान्तस्य त्वा मनसा युनज्मि प्रथमस्य च । उत्कूलमुद्वहो भवोदुह्य प्रति धावतात् ॥१॥

हे शरीरधारी प्राणी ! तिमीलाई हामी थकाइविनाको मनसित संयुक्त गर्दछौं । नदीको जल जसरी दुवै किनाराभन्दा माथि चढेर प्रवाहित हुन्छ उसै गरी तिमी पनि वेगवान् बन, उठ र अगाडिको लक्ष्यतर्फ दौड ।

२६. हिरण्यधारण सूक्त

ऋषि– अथर्वा । **देवता–** अग्नि, हिरण्य । **छन्द–** त्रिष्टुप्, अनुष्टुप्, पथ्यापङ्क्ति ।

अग्नेः प्रजातं परि यद्धिरण्यममृतं दध्रे अधि मर्त्येषु । य एनद् वेद स इदेनमर्हति जरामृत्युर्भवति यो बिभर्ति ॥१॥

अग्निबाट उत्पन्न हुने सुनजस्तो तेज जुन हुन्छ त्यसैले मानिसमा अमृत तत्त्वको स्थापना गराउँछ । यस तथ्यलाई जानेका पुरुषहरू निश्चय पनि त्यो तेज धारण गर्नका लागि योग्य हुन्छन् । जुन मानिसले यस अग्निको तेजजस्तो सुनलाई धारण गर्दछन् उनीहरूले वृद्धअवस्थामा नै मृत्युलाई प्राप्त गर्दछन् र तिनको अकालमृत्यु हुँदैन ।

यद्धिरण्यं सूर्येण सुवर्णं प्रजावन्तो मनवः पूर्व ईषिरे । तत् त्वा चन्द्रं वर्चसा सं सृजतयायुष्मान् भवति यो बिभर्ति ॥२॥

जुन श्रेष्ठ वर्णले युक्त भएको स्वर्ण अथवा तेजलाई प्रजावान् मानिसहरूले नै सृष्टिको प्रारम्भमा नै सूर्यबाट ग्रहण गरेका थिए । त्यो हर्षदायक स्वर्णले तिमीलाई तेजस्विता प्रदान गरोस् । यस्तो स्वर्ण धारण गर्ने मानिसले दीर्घायु प्राप्त गर्दछ ।

आयुषे त्वा वर्चसे त्वौजसे च बलाय च । यथा हिरण्यतेजसा विभासासि जनाँ अनु ॥३॥

हे सुन धारण गरेका पुरुष ! यस आनन्ददायक स्वर्णले तिमीलाई दीर्घजीवन, तेजस्विता र शारीरिक बलले सम्पन्न गराओस् । तिमी मानिसका समाजमा उसै किसिमले देदीप्यमान होऊ जसरी सुन आफ्नै तेजले चम्कने गर्दछ ।

यद् वेद राजा वरुणो वेद देवो बृहस्पतिः । इन्द्रो यद् वृत्रहा वेद तत् त आयुष्यं भुवत् तत् ते वर्चस्यं भुवत् ॥४॥

जुन स्वर्णका ज्ञाता राजा वरुणदेवता, बृहस्पतिदेवता, वृत्रासुर संहारक इन्द्रदेवता छन्, हे स्वर्णधारण गरेका पुरुष ! वरुण आदि देवताले परिचय पाएको त्यो स्वर्ण तिम्रा लागि आयु र तेज वृद्धि गराउने खालको होस् ।

२७. सुरक्षा सूक्त

ऋषि– भृग्वङ्गिरा । **देवता–** त्रिवृत् अथवा चन्द्रमा । **छन्द–** अनुष्टुप्, त्रिष्टुप्, विराट्स्थाना त्रिष्टुप्, एकावसाना आर्ची उष्णिक्, एकावसाना आर्ची अनुष्टुप्, एकावसाना साम्नी त्रिष्टुप्, त्र्यवसाना सप्तपदा बृहतीगर्भातिशक्वरी ।

गोभिष्ट्वा पात्वृषभो वृषा त्वा पातु वाजिभिः । वायुष्ट्वा ब्रह्मणा पात्विन्द्रस्त्वा पात्विन्द्रियैः ॥१॥

हे पुरुष ! वृषभले गाईको समूहमा रहेर तिम्रो संरक्षण गरोस् । प्रजनन क्षमतायुक्त अश्व तीव्रगामी अश्वका साथमा रहेर तिम्रो संरक्षण गरोस् । अन्तरिक्षीय वायु ब्रह्मज्ञानसँग रहेर तिम्रो संरक्षण गरोस् । इन्द्रियशक्तिका साथमा रहेर इन्द्रदेवताले तिम्रो संरक्षण गरून् ।

सोमस्त्वा पात्वोषधीभिर्नक्षत्रैः पातु सूर्यः । माद्भ्यस्त्वा चन्द्रो वृत्रहा वातः प्राणेन रक्षतु ॥२॥

औषधिका अधिपति सोम, औषधिका साथमा रहेर तिम्रो संरक्षण गरून् । अन्धकाररूपी असुरको विनाश सूर्यदेवता नक्षत्र ग्रहहरूका साथमा रहेर तिम्रो संरक्षण गरून् । महिनाहरूका साथमा रहेर चन्द्रदेवताले तिम्रो रक्षा गरून् र वायुदेवता प्राणवायुका साथमा रहेर तिम्रो संरक्षण गरून् ।

तिस्रो दिवस्तिस्रः पृथिवीस्त्रीण्यन्तरिक्षाणि चतुरः समुद्रान् । त्रिवृतं स्तोमं त्रिवृत आप आहुस्तास्त्वा रक्षन्तु त्रिवृता त्रिवृद्भिः ॥३॥

तीन वटा द्युलोक, तीन वटा भूलोक, पुण्यात्माहरूको गन्तव्यस्थलका रूपमा रहेका तीन वटा अन्तरिक्षलोक, चार वटा सागर, स्तोम र जललाई त्रिवृत् भनिएको छ । यी सबै तीन किसिमका आयाममा तीन गुणले युक्त भएर तिम्रो रक्षा गरून् ।

त्रीन्नाकांस्त्रीन् त्समुद्रांस्त्रीन् ब्रध्नांस्त्रीन् वैष्टपान् । त्रीन् मातरिश्वनस्त्रीन्त्सूर्यान् गोप्तॄन् कल्पयामि ते ॥४॥

तीन किसिमका स्वर्गलोक, तीन वटा सागर, तीन वटा भुवन, तीन किसिमका वायुप्रवाह, रश्मि र उनका अधिष्ठाताका भेदले तीन मानिएका सूर्यलाई तिम्रो संरक्षणका लागि हामी नियुक्त गर्दछौं ।

घृतेन त्वा समुक्षाम्यग्न आज्येन वर्धयन् । अग्नेश्चन्द्रस्य सूर्यस्य मा प्राणं मायिनो दभन् ॥५॥

हे अग्निदेवता ! यज्ञको साधनका रूपमा रहेको घिउले प्रवृद्ध गराउँदै हामी तिमीलाई उचित किसिमले सेचन गर्दछौं । हे पुरुष ! अग्निदेवता, चन्द्रदेवता र सूर्यदेवताका अनुग्रहले तिम्रो जीवनलाई मायावी मानिसहरूले विनाश गर्न नसकून् ।

मा वः प्राणं मा वोऽपानं मा हरो मायिनो दभन् । भ्राजन्तो विश्ववेदसो देवा दैव्येन धावत ॥६॥

हे पुरुष ! मायावी असुरहरू तिम्रो प्राण र अपान नाश गर्न नसकून् । हे समस्त देवशक्तिहरू हो ! आफ्नै सर्वज्ञताले जाज्वल्यमान भएका आफ्ना सामर्थ्यले युक्त भएर तिमीहरू सबै यिनको संरक्षण गर्नका लागि आओ ।

प्राणेनाग्निं सं सृजति वातः प्राणेन संहितः । प्राणेन विश्वतोमुखं सवूर्यं देवा अजनयन् ॥७॥

शरीरलाई अग्निमा हवन गर्ने पुरुषले प्राणवायु र अग्निलाई एकाकार गराउँछन् । बाहिरी वायु मुखमा रहेका प्राणसित मिसिएको हुन्छ । देवताहरूले सबैतर्फ प्रकाशित हुने सर्वतोमुखी

सूर्यदेवतालाई प्राणबाट नै उत्पन्न गरेका हुन् ।

आयुषायुः कृतां जीवायुष्मान् जीव मा मृथाः । प्राणेनात्मन्वतां जीव मा मृत्योरुदगा वशम् ॥८॥

आयु वृद्धि गर्न सक्ने हाम्रा पुर्खा ऋषिहरूले प्रदान गरेको आयुबाट तिमी जीवित रहन्छौ । तिमी दीर्घ कालसम्म जीवित रहे । मृत्युलाई तिमी प्राप्त नभए । तिमी प्राणवान आत्मज्ञानीझैँ जीवित रहे । तिमी मृत्युका वशमा नरहे ।

देवानां निहितं निधिं यमिन्द्रोऽन्वविन्दत् पथिभिर्देवयानैः । आपो हिरण्यं जुगुपुस्त्रिवृद्भिस्तास्त्वा रक्षन्तु त्रिवृता त्रिवृद्भिः ॥९॥

इन्द्रदेवताले देवताहरूको जुन गुप्त कोष खोजेर निकालेका थिए, उसै हिरण्यलाई त्रिवृत् जलले सुरक्षा प्रदान गरेको थियो । त्यही हिरण्य तीन आयाम र तीन गुणले युक्त भएर तिमीलाई संरक्षण प्रदान गरोस् ।

त्रयस्त्रिंशद् देवतास्त्रीणि च वीर्याणि प्रियायमाणा जुगुपुरप्स्व१न्तः । अस्मिंश्चन्द्रे अधि यद्धिरण्यं तेनायं कृणवद् वीर्याणि ॥१०॥

तेत्तीस किसिमका देवशक्तिहरूले तीन पराक्रमबाट जुन प्रिय तेजलाई जलभित्र प्रतिष्ठित गराए र आह्लादकारी चन्द्रसँग जुन चमकदार तेज रहेको छ, त्यसैका प्रभावले यी पुरुषले वीरोचित कार्यहरू सम्पन्न गरून् ।

ये देवा दिव्येकादश स्थ ते देवासो हविरिदं जुषध्वम् ॥११॥

द्युलोकमा एघार दिव्यशक्तिहरू छन् । ती दिव्यशक्तिले यो हवि ग्रहण गरून् ।

ये देवा अन्तरिक्ष एकादश स्थ ते देवासो हविरिदं जुषध्वम् ॥१२॥

भुलोकमा एघार दिव्यशक्तिहरू छन् । ती दिव्यशक्तिले यो हवि ग्रहण गरून् ।

ये देवाः पृथिव्यामेकादश स्थ ते देवासो हविरिदं जुषध्वम् ॥१३॥

पृथ्वीलोकमा एघार दिव्यशक्तिहरू छन् । ती दिव्यशक्तिले यो हवि ग्रहण गरून् ।

असपत्नं पुरस्तात् पश्चान्नो अभयं कृतम् । सविता मा दक्षिणत उत्तरान्मा शचीपतिः ॥१४॥

हे सविता र शचीपति इन्द्रदेवता ! तिमीहरू हामीलाई अगाडि पूर्व दिशा र पछाडि पश्चिम दिशाबाट, दक्षिण दिशा र उत्तर दिशामा समेत शत्रुको भयबाट मुक्त गराओ ।

दिवो मादित्या रक्षन्तु भूम्या रक्षन्त्वग्नयः । इन्द्राग्नी रक्षतां मा पुरस्तादश्विनावभितः शर्म यच्छताम् । तिरश्चीनघ्न्या रक्षतु जातवेदा भूतकृतो मे सर्वतः सन्तु वर्म ॥१५॥

आदित्यदेवता द्युलोकबाट र अग्निदेवता पृथ्वीबाट हाम्रो सुरक्षा गरून् । इन्द्र र अग्निदेवताले अगाडिबाट र दुवै अश्विनीकुमारहरूले सबै दिशाबाट हाम्रो संरक्षण गरून् । तेस्रो स्थानमा जातवेदा अग्निदेवताले र पञ्चमहाभूतका अधिष्ठाता देवताहरूले हामीलाई चारै तिरबाट सुरक्षा कवच प्रदान गरून् ।

२८. दर्भमणि सूक्त

ऋषि— ब्रह्मा, सपत्नक्षयकाम । **देवता—** दर्भमणि । **छन्द—** अनुष्टुप् ।

इमं बध्नामि ते मणिं दीर्घायुत्वाय तेजसे । दर्भं सपत्नदम्भनं द्विषतस्तपनं हृदः ॥१॥

हे पुरुष ! तिम्रो दीर्घ जीवन र तेजस्विताका लागि हामी यो दर्भमणि तिम्रा शरीरमा बाँध्दछौँ । यो दर्भमणि शत्रुसंहारक हो र यसले विद्वेषी शत्रुहरूको हृदय डढाउने गर्दछ ।

द्विषतस्तापयन् हृदः शत्रूणां तापयन् मनः । दुर्हार्दः सर्वांस्त्वं दर्भ घर्म इवाभीन्त्संतापयन् ॥२॥

हे विभेद गराउने क्षमताले सम्पन्न दर्भमणि ! तिमी विद्वेषी शत्रुको हृदय र मनलाई सन्तप्त गराऊ । ती शत्रुहरूका घरपरिवार र पशु आदि सबैलाई सूर्यका तापले खुइल्याएझैँ विनाश गराऊ ।

घर्म इवाभितपन् दर्भ द्विषतो नितपन् मणे । हृदः सपत्नानां भिन्द्धीन्द्र इव विरुजं बलम् ॥३॥

हे दर्भमणि ! तिमी विद्वेषी शत्रुहरूलाई ग्रीष्म ऋतुले झैँ तताउँदै विनाश गराऊ । तिमी पराक्रमी इन्द्रदेवताझैँ आन्तरिक र बाह्य सामर्थ्यले शत्रुको हृदयक्षेत्रलाई छिन्नभिन्न गराऊ ।

भिन्द्धि दर्भ सपत्नानां हृदयं द्विषतां मणे । उद्यन् त्वचमिव भूम्याः शिर एषां वि पातय ॥४॥

हे दर्भमणि ! तिमी विद्वेषको भावना राख्ने शत्रुहरूको हृदयलाई भेदन गर । तिनको शिरलाई तिमी त्यसै गरी काटेर खसाऊ, जसरी मानिसले घर बनाउने बेलामा जमिनको छालाका रूपमा रहेको माथिल्लो भाग खुर्केर फ्याँक्ने गर्दछन् ।

भिन्द्धि दर्भ सपत्नान् मे भिन्द्धि मे पृतनायतः । भिन्द्धि मे सर्वान् दुर्हार्दो भिन्द्धि मे द्विषतो मणे ॥५॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई र तिनले गठन गरेका सैन्यदललाई पनि विनाश गर । सबै खालका दुष्ट शत्रुलाई विनाश गर र सबै विद्रोही शत्रुलाई छिन्नभिन्न गराऊ ।

छिन्द्धि दर्भ सपत्नान् मे छिन्द्धि मे पृतनायतः । छिन्द्धि मे सर्वान् दुर्हार्दान् छिद्धि मे द्विषतो मणे ॥६॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई र तिनले गठन गरेका सैन्यदललाई पनि छेदन गर । सबै खालका दुष्ट शत्रुलाई विनाश गर र सबै विद्रोही शत्रुलाई छिनाइदेऊ ।

वृश्च दर्भ सपत्नान् मे वृश्च मे पृतनायतः । वृश्च मे सर्वान् दुर्हार्दो वृश्च मे द्विषतो मणे ॥७॥

हे दर्भमणि ! हाम्रा शत्रुहरूलाई गिँड र हाम्रा विरुद्धमा सैन्यशक्ति गठन गर्ने शत्रुहरूलाई पनि काट । तिमी हाम्रा सबै दुष्ट शत्रुहरूलाई छिनाऊ र हामीसित वैरभाव राख्ने शत्रुहरूलाई पनि काटिदेऊ ।

कृन्त दर्भ सपत्नान् मे कृन्त मे पृतनायतः । कृन्त मे सर्वान् दुर्हार्दो कृन्त मे द्विषतो मणे ॥८॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रुलाई पनि छिन्नभिन्न गराऊ । हाम्रा सबै दुष्ट वैरीलाई काटिदेऊ र हामीसित द्वेष गर्ने शत्रुलाई भताभुङ्ग पारिदेऊ ।

पिंश दर्भ सपत्नान् मे पिंश मे पृतनायतः । पिंश मे सर्वान् दुर्हादः पिंश मे द्विषतो मणे ॥९॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रुलाई पनि किचिमिची गराऊ । हाम्रा सबै दुष्ट वैरीहरूलाई काटिदेऊ र हामीसित द्वेष गर्ने शत्रुलाई पेलिदेऊ ।

विध्य दर्भ सपत्नान् मे विध्य मे पृतनायतः । विध्य मे सर्वान् दुर्हार्दो विध्य मे द्विषतो मणे ॥१०॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रुलाई सताऊ । हाम्रा सबै दुष्ट वैरीहरूलाई काटिदेऊ र हामीसित द्वेष गर्ने शत्रुलाई सताऊ ।

२९. दर्भमणि सूक्त

ऋषि— ब्रह्मा । **देवता—** दर्भमणि । **छन्द—** अनुष्टुप् ।

निक्ष दर्भ सपत्नान् मे निक्ष मे पृतनायतः । निक्ष मे सर्वान् दुर्हार्दो निक्ष मे द्विषतो मणे ॥१॥

हे छेदभेद गराउने क्षमताका प्रतीक दर्भमणि ! तिमी हाम्रा शत्रुमाथि शस्त्र प्रहार गर र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि शस्त्रप्रहार गरेर समाप्त पारिदेऊ ।

तृन्द्धि दर्भ सपत्नान् मे तृद्धि मे पृतनायतः । तृन्द्धि मे सर्वान् दुर्हार्दस्तृन्द्धि मे द्विषतो मणे ॥२॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई उच्छेदन गर र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि उच्छेदन गर ।

रुन्द्धि दर्भ सपत्नान् मे रुन्द्धि मे पृतनायतः । रुन्द्धि मे सर्वान् दुर्हार्दो रुन्द्धि मे द्विषतो मणे ॥३॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई किच्याऊ र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि किचिमिची पार ।

मृण दर्भ सपत्नान् मे मृण मे पृतनायतः । मृण मे सर्वान् दुर्हार्दो मृण मे द्विषतो मणे ॥४॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई संहार गर र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि संहार गर ।

मन्थ दर्भ सपत्नान् मे मन्थ मे पृतनायतः । मन्थ मे सर्वान् दुर्हार्दो मन्थ मे द्विषतो मणे ॥५॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुलाई पेल र हाम्रो विरुद्धमा सैन्यबल गठन गर्ने शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि पेल ।

पिण्ड्ढि दर्भ सपत्नान् मे पिण्ड्ढि मे पृतनायतः । पिण्ड्ढि मे सर्वान् दुर्हार्दः पिण्ड्ढि मे द्विषतो मणे ॥६॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रुको घमन्ड र उनले गठन गरेको सैन्यबललाई धुलोपिठो बनाऊ । ती दुष्ट स्वभाव भएका शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि धुलोपिठो पारिदेऊ ।

ओष दर्भ सपत्नान् मे ओष मे पृतनायतः । ओष मे सर्वान् दुर्हार्द ओष मे द्विषतो मणे ॥७॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रु र तिनले गठन गर्ने सैन्यबललाई भस्म गराऊ । ती दुष्ट स्वभाव भएका शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि भस्म पार ।

दह दर्भ सपत्नान् मे दह मे पृतनायतः । दह मे सर्वान् दुर्हार्दो दह मे द्विषतो मणे ॥८॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रु र तिनले गठन गर्ने सैन्यबललाई डढाऊ । ती दुष्ट स्वभाव भएका शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि डढाऊ ।

जहि दर्भ सपत्नान् मे जहि मे पृतनायतः । जहि मे सर्वान् दुर्हार्दो जहि मे द्विषतो मणे ॥९॥

हे दर्भमणि ! तिमी हाम्रा शत्रु र तिनले गठन गर्ने सैन्यबललाई मारिदेऊ । ती दुष्ट स्वभाव भएका शत्रु, विद्रोही, दुष्टात्माहरूलाई सताऊ । हाम्रो रिसद्वेष गर्नेहरूलाई पनि मारिदेऊ ।

३०. दर्भमणि सूक्त

ऋषि– ब्रह्मा । **देवता–** दर्भमणि । **छन्द–** अनुष्टुप् ।

यत् ते दर्भ जरामृत्युः शतं वर्मसु वर्म ते । तेनेमं वर्मिणं कृत्वा सपत्नाञ्जहि वीर्यैः ॥१॥

हे भेदनीतिका प्रतीक दर्भमणि ! तिमीसित वृद्धअवस्था बितिसकेपछि मात्रै मृत्यु हुने शक्ति रहेको छ । जीर्णता र मृत्युलाई पर राख्न सक्ने जुन कवच तिमीसित छ, त्यसले हामीलाई सुरक्षा प्रदान गर । आफ्नै सामर्थ्यले शत्रुलाई संहार गर ।

शतं ते दर्भ वर्माणि सहस्रं वीर्याणि ते तमस्मै विश्वे त्वां देवा जरसे भर्तवा अदुः ॥२॥

हे दर्भमणि ! तिमीसित सयौँ किसिमका कवच र हजारौँ किसिमका पराक्रम तथा शक्तिहरू छन् । समस्त देवताहरूले यस व्यक्तिको जराअवस्था दूर गर्नका लागि कवच र पोषणका रूपमा तिमीलाई नै नियुक्त गरेका छन् ।

त्वामाहुर्देववर्म त्वां दर्भ ब्रह्मणस्पतिम् । त्वामिन्द्रस्याहुर्वर्म त्वं राष्ट्राणि रक्षसि ॥३॥

...र्भमणि ! तिमीलाई देवताहरूको कवच भनिएको छ । तिमीलाई नै ब्रह्मणस्पति भन्ने नामले ... पुकारा गरिन्छ र तिमीलाई नै देवराज इन्द्रको कवच पनि भन्ने गरिएको छ, तिमीले नै राष्ट्रको ... गर ।

सपत्नक्षयणं दर्भ द्विषतस्तपनं हृदः । मणिं क्षत्रस्य वर्धनं तनूपानं कृणोमि ते ॥४॥

...र्भमणि ! तिमीलाई विकृतिरूपी शत्रु नाश गर्नका लागि समर्थ र विद्वेषीहरूको हृदय दुखाउने ... सबैले मानेका छन् । क्षत्रियको बललाई समृद्ध गराउँदै शारीरिक संरक्षकका रूपमा हामी ...लाई नियुक्त गर्दछौं ।

यत् समुद्रो अभ्यक्रन्दत् पर्जन्यो विद्युता सह । ततो हिरण्ययो बिन्दुस्ततो दर्भो अजायत ॥५॥

... वर्षा गराउने मेघ विद्युत्सँगै गर्जने गर्दछ । त्यसबाट स्वर्णमय जलका बिन्दुहरू खस्दछन् र ...को कारणले दर्भ भनेर चिनिने कुशहरू उम्रने गर्दछन् ।

३१. औदुम्बरमणि सूक्त

ऋषि— सविता पुष्टिकाम । **देवता—** औदुम्बरमणि । **छन्द—** अनुष्टुप्, त्रिष्टुप्, विराट् प्रस्तार पङ्क्ति, पञ्चपदा शक्वरी, विराट् आस्तार पङ्क्ति ।

औदुम्बरेण मणिना पुष्टिकामाय वेधसा । पशूनां सर्वेषां स्फातिं गोष्ठे मे सविता करत् ॥१॥

...ज्ञानसम्पन्न विधाताले औदुम्बर मणिले सबै किसिमका पुष्टिको आकाङ्क्षा भएका मानिसलाई ... प्रयोग गरे । त्यसका प्रभावले नै सवितादेवताले हाम्रो गोठमा जुनसुकै खालका पशुहरू ...द्धि गरून् ।

यो नो अग्निर्गार्हपत्यः पशूनामधिपा असत् । औदुम्बरो वृषा मणिः सं मा सृजतु पुष्ट्या ॥२॥

... पशुहरूका अधिपतिका रूपमा रहेका जुन गार्हपत्य अग्नि छन्, तिनैले यस शक्तिसम्पन्न ...दुम्बर मणिलाई हाम्रो पुष्टिका लागि सिर्जना गरून् ।

करीषिणीं फलवतीं स्वधामिरां च नो गृहे । औदुम्बरस्य तेजसा धाता पुष्टिं दधातु मे ॥३॥

...देवताले औदुम्बर मणिको तेजस्विताले हामीभित्र परिपुष्टता प्रतिष्ठित गरून् । गोबरमल ...लो उत्पन्न गराउने गाईहरू आफ्ना सन्तानले युक्त भएर हामीलाई अन्न र दुध आदि रस पर्याप्त ...त्रामा प्रदान गरून् ।

यद् द्विपाच्च चतुष्पाच्च यान्यन्नानि ये रसाः । गृह्णेऽहं त्वेषां भूमानं बिभ्रदौदुम्बरं मणिम् ॥४॥

...दुम्बर मणि धारण गरेर हामी दुई खुट्टे मानिस र चार खुट्टे पशुहरूका साथै अरू किसिमका ...हरू पनि र विभिन्न खालका रसहरू पनि प्रचुर मात्रामा उपलब्ध गर्न सक्छौं ।

पुष्टिं पशूनां परि जग्रभाहं चतुष्पदां द्विपदां यच्च धान्यम् । पयः पशूनां रसमोषधीनां बृहस्पतिः सविता मे नि यच्छात् ॥५॥

...मी मानिसहरूले गाई आदि पशु र धान आदि अन्नका लागि पोषक तत्त्व प्राप्त गरौं । ...वितादेवता र बृहस्पतिदेवताले पशुको सारका रूपमा रहेको दुध र औषधिको रस हामीलाई प्रदान ...रून् ।

अहं पशूनामधिपा असानि मयि पुष्टं पुष्टपतिर्दधातु । मह्यमौदुम्बरो मणिर्द्रविणानि नि यच्छतु ॥६॥

...मी पशुको अधिपति हुन सकौं । पुष्टिका अधिष्ठाता औदुम्बर मणिले हाम्रा पशुहरू वृद्धि ...राऊन् र हामीलाई धनसम्पत्ति प्रदान गरून् ।

उप मौदुम्बरो मणिः प्रजया च धनेन च । इन्द्रेण जिन्वितो मणिरा मागन्त्सह वर्चसा ॥७॥

औदुम्बर मणि हामीलाई प्रजा र वैभवका साथमा प्राप्त भएको छ । यो मणि इन्द्रदेवताको प्रेरणाले तेजस्विताका साथमा हाम्रा नजिक आएको हो ।

देवो मणिः सपत्नहा धनसा धनसातये । पशोरन्नस्य भूमानं गवां स्फातिं नि यच्छतु ॥८॥

देव नाम भएको यो औदुम्बर मणि शत्रुलाई संहार गर्ने र अभीष्ट धनसम्पदा प्रदान गर्ने खालको छ । यो मणि अन्य पशुहरूका साथमा हाम्रा गाईरूपी धनलाई वृद्धि गराउँछ ।

यथाग्रे त्वं वनस्पते पुष्ट्या सह जज्ञिषे । एवा धनस्य मे स्फातिमा दधातु सरस्वती ॥९॥

हे वनस्पतिका रक्षक औदुम्बर मणि ! तिमी जसरी वनस्पति, औषधि आदिका साथमा उत्पन्न भएर पुष्ट हुँदै बढ्दछौ, उसै गरी हामीलाई सरस्वतीदेवीले धन र वैभव वृद्धि गराऊन् ।

आ मे धनं सरस्वती पयस्फातिं च धान्यम् । सिनीवाल्युपा वहादयं चौदुम्बरो मणिः ॥१०॥

सरस्वती, सिनीवाली र औदुम्बर मणिले धनधान्य तथा दुध आदि वैभव लिएर हाम्रा नजिक आऊन् ।

त्वं मणीनामधिपा वृषासि त्वयि पुष्टं पुष्टपतिर्जजान । त्वयीमे वाजा द्रविणानि सर्वौदुमबरः स त्वमस्मत् सहस्वारादरातिममतिं क्षुधं च ॥११॥

तिमी सबै खालका मणिहरूका अधिपति हौ र सबैभन्दा बलवान् छौ । पुष्टिपति ब्रह्माले तिमीभित्र सबै पोषक तत्त्वहरूलाई भरिदिएका छन् । विभिन्न किसिमका अन्न र धन तिमीभित्रै रहेका छन् । यस्ता खालका हे औदुम्बर मणि ! तिमी कृपणता, दुर्बुद्धि र भोकतिर्खाजस्ता अभावहरूलाई हामीदेखि पर हटाऊ ।

ग्रामणीरसि ग्राणीरुत्थायाभिषिक्तोऽभि मा सिञ्च वर्चसा । तेजोऽसि तेजो मयि धारयाधि रयिरसि रयिं मे धेहि ॥१२॥

हे औदुम्बर मणि ! तिमी ग्रामका नेताजस्तै हौ । तिमी समूहबाट उठेर अभिषेक ग्रहण गर र हामीलाई पनि आफ्ना वर्चस्वले अभिषिक्त गराऊ । तिमी तेजको रूप हौ, हामीमा पनि तेजस्विता स्थापित गराऊ । तिमी धनका रूप हौ, हामीलाई पनि धनधान्य प्राप्त गराऊ ।

पुष्टिरसि पुष्ट्या मा समङ्ग्धि गृहमेधी गृहपतिं मा कृणु । औदुम्बरः स त्वमस्मासु धेहि रयिं च नः सर्ववीरं नि यच्छ रायस्पोषाय प्रति मुञ्चे अहं त्वाम् ॥१३॥

तिमी पुष्टिका रूप हौ, हामीलाई परिपुष्ट गराऊ । तिमी गृहमेधी हौ, हामीलाई पनि गृहपति बन्नका लागि योग्य बनाऊ । यस्ता खालका हे औदुम्बर मणि ! हामीभित्र ऐश्वर्य प्रतिष्ठित गराऊ पुत्रपौत्रादि प्रदान गर । हामी तिमीलाई धनसम्पदा वृद्धि गराउनका लागि धारण गरौं ।

अयामौदुम्बरो मणिर्वीरो वीराय बध्यते । स नः सनिं मधुमतीं कृणोतु रयिं च नः सर्ववीरं नि यच्छात् ॥१४॥

यो औदुम्बर मणि स्वयं वीरको रूप हो । त्यसैले वीरहरूकै लागि बाँधिन्छ । यस मणिले हामीलाई मधुर रसका साथमा धनधान्यादि वैभव तथा वीर सन्तान प्रदान गरोस् ।

३२. दर्भ सूक्त

ऋषि– भृगु आयुष्काम । **देवता–** दर्भो । **छन्द–** अनुष्टुप्, पुरस्ताद् बृहती, त्रिष्टुप् जगती ।

शतकाण्डो दुशच्यवनः सहस्रपर्ण उत्तिरः । दर्भो य उग्र औषधिस्तं ते बध्नाम्यायुषे ॥१॥

हे मानिसहरू हो ! असङ्ख्य गाँठा र आँख्ला भएको, कठिनाइपूर्वक हटाउन सकिने, हजारौं पात भएको, सबै औषधिहरूमा श्रेष्ठ, प्रचण्ड शक्तिले सम्पन्न, दर्भ नामको जुन औषधि छ त्यसलाई तिमीहरूको दीर्घायुका लागि हामी बाँधिदिन्छौं ।

नास्य केशान् प्र वपन्ति नोरसि ताडमा घ्नते । यस्मा अच्छिन्नपर्णेन दर्भेण शर्म यच्छति ॥२॥

जुन पुरुषका लागि अखण्डित पत्ताले युक्त भएको दर्भले सुख प्रदान गर्दछ, त्यसका कपालको रौं यमराजले उखेल्दैनन् र छातीमा हिर्काएर त्यसलाई मार्दैनन् पनि ।

दिवि ते तूलमोषधे पृथिव्यामसि निष्ठितः । त्वया सहस्रकाण्डेनायुः प्र वर्धयामहे ॥३॥

हे औषधि ! तिम्रो शिखाको भाग आकाशतर्फ छ र तिमी पृथ्वीमा स्थिर रहेका छौ । तिम्रा असङ्ख्य काण्ड वा आँख्लाहरूले हामी आफ्नो आयु बढाउँछौँ ।

तिस्रो दिवो अत्यतृणत् तिस्र इमाः पृथिवीरुत । त्वयाहं दुर्हार्दो जिह्वां नि तृणमद्मि वचांसि ॥४॥

हे दर्भ ! तिमी त्रिवृत् द्युलोक र त्रिवृत् पृथ्वीलाई भेदन गरेर ती लोकहरूमा संव्याप्त हुने गरेका छौ । हामी तिम्रो सहायताले संवेदनाशून्य शत्रुहरूको कटुभाषी वाणी उच्चारण गर्ने जिब्रो नष्ट गराउँछौँ ।

त्वमसि सहमानोऽहमस्मि सहस्वान् । उभौ सहस्वन्तौ भूत्वा सपत्नान्त्सहिषीवहि ॥५॥

हे दर्भ ! तिमी जित्नका लागि सक्षम छौ र हामी पनि सङ्घर्ष गर्ने सामर्थ्यले युक्त छौँ । हामी दुवै परस्परमा मिलेर सामर्थ्यले युक्त भएपछि आफ्ना शत्रुहरूलाई दमन गर्न सक्नेछौँ ।

सहस्व नो अभिमातिं सहस्व पृथनायतः । सहस्व सर्वान् दुर्हार्दः सुहार्दो मे बहून् कृधि ॥६॥

हे दर्भ ! तिमी हाम्रा शत्रुहरूलाई दमन गर । दुष्ट हृदय भएका शत्रु र तिनको आक्रमण गर्ने सैन्यबललाई परास्त गर र हाम्रा मित्रहरूको सङ्ख्या वृद्धि गर ।

दर्भेण देवजातेन दिवि ष्टम्भेन शश्वदित् । तेनाहं शश्वतो जनाँ असनं सनवानि च ॥७॥

देवताहरूले उत्पन्न गरेका दर्भ र द्युलोकको स्तम्भरूपी दर्भमणिका प्रभावले हामीलाई दीर्घजीवी सन्तान प्राप्त होऊन् ।

प्रियं मा दर्भ कृणु ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च । यस्मै च कामयामहे सर्वस्मै च विपश्यते ॥८॥

हे दर्भ ! ब्रह्मनिष्ठ ब्राह्मण, क्षात्रतेजले सम्पन्न क्षत्रिय, शूद्र र आर्यश्रेष्ठहरूका लागि हामी जुन विधिले प्रियपात्र बन्न सक्दछौँ हामीलाई उस्तै बनाऊ । हामी जसका प्रति प्रेमपूर्ण व्यवहार गर्छौं उसका लागि तिमी पनि हामीलाई प्रियपात्र बनाऊ ।

यो जायमानः पृथिवीमदृंहद् यो अस्तभ्नादन्तरिक्षं दिवं च । यं बिभ्रतं ननु पाप्मा विवेद स नोऽयं दर्भो वरुणो दिवा कः ॥९॥

जुन दर्भले उत्पन्न हुनासाथ सम्पूर्ण पृथ्वीलाई नै सुदृढ बनाएको छ, जसले अन्तरिक्ष र द्युलोकलाई स्थिर गराएको छ, जसलाई धारण गर्नाले पापले छुन पनि सक्दैन, त्यसै दर्भले हामीलाई वरुणजस्तै प्रकाशित गराओस् ।

सपत्नहा शतकाण्डः सहस्वानोषधीनां प्रथमः सं बभूव । स नोऽयं दर्भः परि पातु विश्वतस्तेन साक्षीय पृतनाः पृतन्यतः ॥१०॥

शत्रुलाई संहार गर्ने, सयौँ काण्ड र आँख्लाहरू भएको, शक्तिमान् दर्भ औषधिहरूमा प्रमुख बनेर उत्पन्न भएको छ । यस्ता दर्भले चारैं तिरबाट हामीलाई रक्षा गरोस् । हामी सैन्यशक्तिको आशा गर्नेले शत्रुमाथि विजय प्राप्त गर्न सकौँ ।

३३. दर्भ सूक्त

ऋषि– भृगु । **देवता–** मन्त्रोक्त । **छन्द–** जगती, त्रिष्टुप्, आर्षी पङ्क्ति, आस्तार पङ्क्ति ।

सहस्रार्घः शतकाण्डः पयस्वानपामग्निर्वीरुधां राजसूयम् । स नोऽयं दर्भ परि पातु विश्वतो देवो मणिरायुषा सं सृजाति नः ॥१॥

अत्यन्त मूल्यवान्, सयौं काण्डले युक्त, दुधयुक्त जल, अग्नि, औषधि र राजसूय यज्ञको शक्ति तथा प्रभावले सम्पन्न यो दर्भमणि हामीलाई सबै किसिमले सुरक्षा प्रदान गर्ने होस् र दीर्घ आयु प्रदान गर्ने खालको होस् ।

घृतादुल्लुप्तो मधुमान् पयस्वान् भूमिदृंहोऽच्युतश्च्यावयिष्णुः । नुदन्त्सपत्नानधरांश्च कृण्वन् दर्भा रोह महतामिन्द्रियेण ॥२॥

हे दर्भ ! तिमी तेजस्वी घिउले सिञ्चित, महजस्तो दुधले युक्त, आफ्ना जराले पृथ्वीलाई बलियो पार्ने क्षयरहित र शत्रुलाई च्युत गराउने खालका छौ । तिमी शत्रुलाई भर भगाउँदै उनलाई पतित गराऊ र इन्द्रियको सामर्थ्य बढाऊ ।

त्वं भूमिमत्येष्योजसा त्वं वेद्यां सीदसि चारुरध्वरे । त्वां पवित्रमृषयोऽभरन्त त्वं पुनीहि दुरितान्यस्मत् ॥३॥

हे दर्भ ! तिमी आफ्ना शक्तिले भूमिलाई छिचोल्दै जान्छौ र यज्ञवेदीमा सुन्दर ढङ्गले विराजमान हुने गर्दछौ । ऋषिहरूले स्वयंलाई पवित्र बनाउनका लागि तिमीलाई धारण गरेका छन् । तिमी पापलाई पर भगाएर हामीलाई पनि पवित्र गराऊ ।

तीक्ष्णो राजा विषासही रक्षोहा विश्वचर्षणिः । ओजो देवानां बलमुग्रमेतत् तं ते बध्नामि जरसे स्वस्तये ॥४॥

यो दर्भ तिखो, राजाजस्तै श्रेष्ठ, शत्रुलाई पराजित गर्ने, असुर संहारक, सबै प्राणीलाई देख्ने, इन्द्र आदि देवताहरूको उग्र बलको कारण हो । हामी यस्ता दर्भलाई वृद्धअवस्थामा कल्याण गरोस् भन्ने उद्देश्यले बाँध्दछौँ ।

दर्भेण त्वं कृणवद् वीर्याणि दर्भं बिभ्रदात्मना मा व्यथिष्ठाः । अतिष्ठाय वर्चसाधान्यान्त्सूर्य इवा भाहि प्रदिशश्चतस्रः ॥५॥

हे वीर पुरुष ! तिमी दर्भका शक्तिले पराक्रमी कार्यहरू गर । यसलाई धारण गरेर आफ्ना मनले आफैँ दुःखी नहोऊ । आफ्ना सामर्थ्यले अरूलाई समेत प्रभावित गर्दै सूर्यजस्तै चारैतिरका दिशाहरूलाई प्रकाशित गर ।

३४. जङ्गिडमणि सूक्त

ऋषि– अङ्गिरा । **देवता–** मन्त्रोक्त वा वनस्पति । **छन्द–** अनुष्टुप् ।

जङ्गिडोऽसि जङ्गिडो रक्षितासि जङ्गिडः । द्विपाच्चतुष्पादस्माकं सर्वं रक्षतु जङ्गिडः ॥१॥

हे जङ्गिड मणि ! तिमी सबै खालका भयबाट हामीलाई मुक्त गराउन सक्षम छौ । हाम्रा दुई खुट्टे मानिसहरू र चार खुट्टे पशुको समुदायलाई तिमीजस्ता जङ्गिड मणिले सुरक्षा प्रदान गरून् ।

या गृत्स्यस्त्रिपञ्चाशीः शतं कृत्याकृतश्च ये । सर्वान् विनक्तु तेजसोऽरसाञ्जङ्गिडस्करत् ॥२॥

एक सय पचासको सङ्ख्यामा जुन हिंसक कृत्याहरू छन् र जो सय हिंसक कर्म गर्नेहरू छन् तिनीहरू सबैलाई यस जङ्गिड मणिले आफ्ना तेजस्विताले साहसरहित गराएर हामीबाट टाढा पुऱ्याओस् ।

अरसं कृत्रिमं नादमरसाः सप्त विस्रसः । अपेतो जङ्गिडामतिमिषुमस्तेव शातय ॥३॥

अभिचार कृत्यबाट प्रकट भएको वा बनावटी ध्वनिलाई यस जङ्गिड मणिले प्रभुत्वहीन बनाइदियोस् । हानीकारक प्रवाहहरू रसहीन होऊन् । हे जङ्गिड मणि ! बाण चलाउनेहरू

जसरी शत्रुलाई भगाउँछ उसै गरी तिमी यहाँबाट दुर्मति आदि हटाऊ ।

कृत्यादूषण एवायमथो अरातिदूषणः । अथो सहस्वाञ्जङ्गिडः प्र ण आयूंषि तारिषत् ॥४॥

यस जङ्गिड मणिले हिंसक कृत्याहरूलाई विनाश गर्ने गर्दछ । यसले शत्रुलाई विनाश गर्दछ । यो जङ्गिड मणि सामर्थ्यशाली छ । यस मणिले हाम्रो आयु बढाओस् ।

स जङ्गिडस्य महिमा परि णः पातु विश्वतः । विष्कन्धं येन सासहं संस्कन्धमोज ओजसा ॥५॥

जङ्गिड मणिले आफ्ना महत्त्वद्वारा सबै दिशाहरूमा हामीलाई रक्षा गरोस् । आफ्ना तेजले वातव्याधिलाई समूल नष्ट गरोस् । संस्कन्ध नामको रोगलाई हामी यसै मणिका शक्तिले पर हटाउने गर्दछौँ ।

त्रिष्ट्वा देवा अजनयन् निष्ठितं भूम्यामधि । तमु त्वाङ्गिरा इति ब्राह्मणाः पूर्व्या विदुः ॥६॥

हे पृथ्वीमा स्थायित्व प्रदान गर्ने जङ्गिड मणि ! तिमीलाई देवताहरूले तीन पटक प्रयास गरेर उत्पन्न गरेका हुन् । यसका विषयमा उहिलेका ब्राह्मण र अङ्गिरा ऋषिले राम्ररी जानेका छन् ।

न त्वा पूर्वा ओषधयो न त्वा तरन्ति या नवाः । विबाध उग्रो जङ्गिडः परिपाणः सुमङ्गलः ॥७॥

हे जङ्गिड मणि ! उहिले वा पूर्व दिशामा उत्पन्न भएका औषधि र हालमा उत्पन्न भएका नयाँ औषधिहरूले पनि सामर्थ्यका आधारमा तिमीलाई जित्न सकेका छैनन् । तिमी विशेष रूपले रोगहरूलाई अवरोध उत्पन्न गराउने, उग्र रूप भएका र हाम्रा लागि श्रेष्ठ तथा मङ्गलकारी संरक्षकजस्तै छौ ।

अथोपदान भगवो जङ्गिडामितवीर्य । पुरा त उग्रा ग्रसत उपेन्द्रो वीर्यं ददौ ॥८॥

हे जङ्गिड मणि ! तिमी भगवान्‌को शक्तिका प्रतिनिधि हौ । पराक्रमी शत्रुले तिमीलाई ग्रास बनाएर समाप्त गर्न नसकून् भनेर नै देवराज इन्द्रले तिमीभित्र प्रचण्ड शक्तिलाई स्थापित गरेका छन् ।

उग्र इत् ते वनस्पद इन्द्र ओज्मानमा दधौ अमीवाः सार्वश्चातयञ्जहि रक्षांस्योषधे ॥९॥

हे जङ्गिड मणि ! इन्द्रदेवताले तिमीभित्र असीम शक्ति स्थापना गरेका छन् । हे औषधि ! तिमी सबै खालका रोगहरूलाई विनाश गर्दै भयको विउका रूपमा रहेका असुरहरूलाई विनाश गर ।

आशरीकं विशरीकं बलासं पृष्ट्यामयम् । तक्मानं विश्वशारदमरसां जङ्गिडस्करत् ॥१०॥

शरीरलाई हानी पुऱ्याउँदै त्यसलाई नष्ट गराउने रोगहरूलाई नाश गर्ने रुघाखोकी, ढाडको दुखाइ, हिउँदे ज्वरो आदि विभिन्न रोगहरूलाई यस जङ्गिड मणिले प्रभावहीन बनाएर नाश गर्ने गर्दछ ।

३५. जङ्गिड सूक्त

ऋषि— अङ्गिरा । **देवता—** मन्त्रोक्त वा वनस्पति । **छन्द—** अनुष्टुप्, पथ्यापङ्क्ति, निचृत् त्रिष्टुप् ।

इन्द्रस्य नाम गृह्णन्त ऋषयो जङ्गिडं ददुः । देवा यं चक्रुर्भेषजमग्रे विष्कन्धदूषणम् ॥१॥

जुन जङ्गिडलाई देवताहरूले सबैभन्दा पहिले तयार गरेका थिए ऋषिहरूले इन्द्रदेवतालाई साक्षी बनाएर त्यस जङ्गिड मणिलाई रोगको उपचार गर्नका लागि प्रदान गरे ।

स नो रक्षतु जङ्गिडो धनपालो धनेव । देवा यं चक्रुर्ब्राह्मणाः परिपाणमरातिहम् ॥२॥

कोषाध्यक्षले जसरी प्रयत्नपूर्वक जसरी धनको रक्षा गर्दछ, उसै गरी यो जङ्गिड मणिले हामीलाई सुरक्षा प्रदान गरोस् किनभने यसलाई ब्रह्मनिष्ठहरूले संरक्षक र शत्रुनाशकका रूपमा निर्माण गरेका हुन् ।

दुर्हार्दः संघोरं चक्षुः पापकृत्वानमागमम् । तांस्त्वं सहस्रचक्षो प्रतीबोधेन नाशय परिपाणोऽसि जङ्गिडः ॥३॥

हजारौँ आँखाले युक्त भएका हे जङ्गिड मणि ! तिमी दुष्ट हृदय भएका शत्रुका क्रूर दृष्टिलाई हिंसा

आदि पापकर्म गर्नेहरूलाई र विनाशको विचार लिएर आएका व्यक्तिहरूलाई अत्यन्त सावधान दृष्टिले हेरेर चिन अनि विनाश गर किनभने तिमी सबैका संरक्षक भनेर चिनिन्छौ ।

परि मा दिवः परि मा पृथिव्याः पर्यन्तरिक्षात् परि मा विरुद्भ्यः । परि मा भूतात् परि मोत भव्याद् दिशोदिशो जङ्गिडः पात्वस्मान् ॥४॥

यस जङ्गिड मणिले दिव्यलोक, अन्तरिक्ष, पृथ्वीलोक, औषधिहरूमा, भूतकालमा भएका र भविष्यमा हुने घटनाहरूबाट सबै दिशा तथा उपदिशाहरूमा हुने सबै खालका अनिष्टबाट हामीलाई संरक्षण प्रदान गरोस् ।

य ऋष्णवो देवकृता य उतो ववृतेऽन्यः । सर्वांस्तान् विश्वभेषजोऽरसां जङ्गिडस्करत् ॥५॥

देवताहरूले बनाएका हिंस्रक कर्म र मानिसबाट प्रेरित भएका हिंस्रक कृत्यहरू जेजति छन्, ती सबैलाई सबैको चिकित्सा गर्ने जङ्गिड मणिले महत्त्वहीन बनाइदियोस् ।

३६. शतवारमणि सूक्त

ऋषि— ब्रह्मा । **देवता—** शतवार । **छन्द—** अनुष्टुप् ।

शतवारो अनीनशद् यक्ष्मान् रक्षांसि तेजसा । आरोहन् वर्चसा सह मणिर्दुर्णामचातनः ॥१॥

सयौँ किसिमका रोगहरूलाई निवारण गर्ने हुनाले शतवार नाम राखिएको औषधिरूपी मणिले आफ्नो प्रभावद्वारा रोगहरूलाई विनाश गरोस् । शरीरमा बाँधिदिँदा कुत्सित नाम भएको छालाको रोगलाई निको पार्ने यस मणिले आफ्नै तेजस्विताले शरीरका विकृतिहरूलाई पनि भस्म गराओस् ।

शृङ्गाभ्यां रक्षो नुदते मूलेन यातुधान्यः । मध्येन यक्ष्मं बाधते नैनं पाप्माति तत्रति ॥२॥

यो शतवार मणि सिङजस्ता आफ्ना अघिल्ला भागले आसुरी वृत्तिहरूलाई पर हटाउँछ । मूल भागले यातना दिने खालका रोगहरूलाई पर हटाउँछ र मध्य भागले सबै खालका रोगहरूलाई निवारण गर्दछ । यसलाई कुनै पनि रोग वा पापले जितेर अगाडि जान सक्दैनन् ।

ये यक्ष्मासो अर्भका महान्तो ये च शब्दिनः । सर्वान् दुर्णामहा मणिः शतवारो अनीनशत् ॥३॥

विकसित नभईक जुन सूक्ष्म किसिमको बीजमा रहेका यक्ष्मा आदि रोगहरू छन्, जुन रोगहरू विकसित भइसकेका रोगहरू छन् अथवा जुन अनेकौँ किसिमका शब्द निकाल्ने असाध्य रोगहरू हुन्छन्, ती सबै दुष्ट नाम भएका रोगहरूलाई यस शतवार नामका संहारक मणिले जरैदेखि उखेलेर फ्याँकिदेओस् ।

शतं वीरानजनयच्छतं यक्ष्मानपावपत् । दुर्णाम्नः सर्वान् हत्वाव रक्षांसि धूनुते ॥४॥

यस मणिले सयौँ किसिमका रोगनाशक वीर शक्तिहरूलाई जन्माउँछ । सयौँ किसिमका रोगलाई रोकथाम गर्दछ र सबै खालका दुष्ट नाम भएका रोगरूपी राक्षसहरूलाई बिउसमेत नरहने गरी कम्पायमान गराउँछ वा भगाउँछ ।

हिरण्यशृङ्ग ऋषभः शातवारो अयं मणिः । दुर्णाम्नः सर्वांस्तृड्ढ्वाव रक्षांस्यक्रमीत् ॥५॥

स्वर्णको जस्तै चमक भएको सिङको अघिल्लो भाग भएका सबै औषधिहरूमध्ये शक्तिशाली यो शतवार नामको मणि कुत्सित नाम भएका सबै खालका रोगहरूलाई विनाश गर्दै रोगका कीटाणुहरूलाई समेत पर हटाउने गर्दछ ।

शतमहं दुर्णाम्नीनां गन्धर्वाप्सरसां शतम् । शतं शश्वन्वतीनां शतवारेण वारये ॥६॥

गन्धर्व र अप्सरस् नामका देवयोनिका सयौँ खालका रोगहरूलाई र उपचार गरिसकेपछि पनि बारम्बार दुःख दिन आउने सयौँ खालका रोगहरूलाई म शतवार नामको औषधिरूपी मणिले पर हटाउने गर्दछु ।

३७. बलप्राप्ति सूक्त

ऋषि— अथर्वा । **देवता**— अग्नि । **छन्द**— त्रिष्टुप्, आस्तार पङ्क्ति, त्रिपदा महाबृहती, पुर उष्णिक् ।

इदं वर्चो अग्निना दत्तमागन् भर्गो यशः सह ओजो वयो बलम् । त्रयस्त्रिंशद् यानि च वीर्याणि तान्यग्निः प्र ददातु मे ॥१॥

अग्निदेवताले हामीलाई वर्चस, तेज, यश, साहस, ओज, आयु र शारीरिक बल प्रदान गर्दछन् । देवताहरूको जुन तेत्तीस किसिमका वीरता वा वीर्य छ अग्निदेवतका कृपाले हामी त्यसका अधिकारी बनौँ ।

वर्च आ धेहि मे तन्वां३ सह ओजो वयो बलम् । इन्द्रियाय त्वा कर्मणे वीर्याय प्रति गृह्णामि शतशारदाय ॥२॥

हे अग्निदेवता ! हाम्रा शरीरमा तिमी तेजस्विता, ओजस्विता, सत्साहस, सामर्थ्य र पराक्रमको स्थापना गर । हामी इन्द्रियको सुदृढता, यज्ञादि कर्मको सिद्धि र सय वर्षको आयु प्राप्त गर्नका लागि तिमीलाई धारण गर्दछौँ ।

ऊर्जे त्वा बलाय त्वौजसे सहसे त्वा । अभिभूयाय त्वा राष्ट्रभृत्याय पर्यूहामि शतशारदाय ॥३॥

हे अग्निदेवता ! अन्न, बल, ओजस्विता र सत्साहसिकताको वृद्धिका लागि, शत्रुलाई परास्त गर्नका लागि, राष्ट्रसेवा गर्नका लागि र सय वर्षको आयु प्राप्त गर्नका लागि हामी तिम्रो प्रेरणा वा तिमीलाई धारण गर्दछौँ ।

ऋतुभ्यष्ट्वार्तवेभ्यो माद्भ्यः संवत्सरेभ्यः । धात्रे विधात्रे समृधे भूतस्य पतये यजे ॥४॥

ग्रीष्म आदि ऋतुहरू, ऋतुसम्बन्धी देवता, महिनाहरू, संवत्सरहरू, धातादेवता, विधाता, समृद्धिका देवता तथा समस्त प्राणीहरूका अधिपतिलाई प्रसन्न गर्नका लागि हामी यज्ञ आदि यजन कार्य गर्दछौँ ।

३८. यक्ष्मनाशन सूक्त

ऋषि— अथर्वा । **देवता**— गुल्गुलु । **छन्द**— अनुष्टुप्, चतुष्पदा उष्णिक्, एकावसाना प्राजापत्या अनुष्टुप् ।

न तं यक्ष्मा अरुन्धते नैनं शपथो अश्नुते । यं भेषजस्य गुल्गुलोः सुरभिर्गन्धो अश्नुते ॥१॥

जुन मानिससँग गुल्गुल नामको श्रेष्ठ सुगन्धी औषधि प्रशस्त मात्रामा रहेको हुन्छ, त्यसलाई कुनै मानिसले दुःख दिन सक्दैन र अर्काले दिएका अभिशापले पनि त्यसलाई छुन सक्दैन ।

विष्वञ्चस्तस्माद् यक्ष्मा मृगा अश्वा इवेरते । यद् गुल्गुलु सैन्धवं यद् वाप्यासि समुद्रियम् ॥२॥

यस गुल्गुलु नामका औषधि प्रभावले यक्ष्मा आदि रोग त्यसरी नै चारै दिशामा छरपस्टिएर भाग्दछन्, जसरी शीघ्रगामी अश्व र मृग कुद्ने गर्दछन् । यो गुल्गुल नामको औषधि नदी वा समुद्रका किनारमा उत्पन्न हुने गर्दछ ।

उभयोरग्रभं नामास्मा अरिष्टतातये ॥३॥

हामी यस रोगीको कल्याणका लागि गुल्गुलका दुवै स्वरूपको वर्णन गर्दछौँ ।

३९. कुष्ठनाशन सूक्त

ऋषि— भृग्वङ्गिरा । **देवता**— कुष्ठ । **छन्द**— अनुष्टुप्, त्र्यवसाना पथ्यापङ्क्ति, षट्पदा जगती, चतुरवसाना सप्तपदा शक्वरी, चतुरवसाना अष्टपदाष्टि ।

ऐतु देवस्त्रायमाणः कुष्ठो हिमवतस्परि । तक्मानं सर्वं नाशय सर्वाश्च यातुधान्यः ॥१॥

कुष्ठ रोग निवारण गरेर संरक्षण प्रदान गर्ने दिव्य औषधि हामीलाई हिमालय पर्वतबाट प्राप्त होस् । यस्ता दिव्य औषधिले सबै खालका विकार र विकृतिहरूलाई घटाउँदै पीडादायक रोग हामीबाट

पर हटाओस् ।

त्रीणि ते कुष्ठ नामानि नद्यमारो नद्यारिषः । नद्यायं पुरुषो रिषत् । यस्मै परिब्रवीमि त्वा सायंप्रातरथो दिवा ॥२॥

हे औषधि ! तिम्रा नद्यमार, नद्यारिष र नद्य भन्ने क्रमशः तीन रहस्यमय नामहरू छन् । जुन पुरुषलाई हामी बिहान, बेलुका र दिउँसो औषधि प्रयोग गर्ने कुरो बताउँछौं तिनीहरू यस खालको रोग हटाउनमा सक्षम होऊन् ।

जीवला नाम ते माता जीवन्तो नाम ते पिता । नद्यायं पुरुषो रिषत् । यस्मै परिब्रवीमि त्वा सायंप्रातरथो दिवा ॥३॥

हे औषधि ! तिमीहरूको जन्मदात्री माता जीवला र पिता जीवन्त नामले प्रसिद्ध छन् । यिनीहरूको अर्थ क्रमशः प्राणयुक्त र पोषण प्रदान गर्ने हो । जुन पुरुषलाई हामी बिहान, बेलुका र दिउँसो औषधि प्रयोग गर्ने कुरो बताउँछौं तिनीहरू यस खालको रोग हटाउन सक्षम होऊन् ।

उत्तमो अस्योषधीनामनड्वान् जगतामिव व्याघ्रः श्वपदामिव । नद्यायं पुरुषो रिषत् । यस्मै परिब्रवीमि त्वा सायंप्रातरथो दिवा ॥४॥

हे औषधि ! तिमी रोग निवारण गर्ने औषधिहरूमा उसै किसिमले श्रेष्ठ छौ, जसरी खुर भएका पशुहरूमध्ये भारी बोक्ने गोरु र पन्जा हुने पशुहरूमा बाघलाई सर्वश्रेष्ठ मानिएको छ । जुन पुरुषलाई हामी बिहान, बेलुका र दिउँसो औषधि प्रयोग गर्ने कुरो बताउँछौं तिनीहरू यस खालको रोग हटाउनमा सक्षम होऊन् ।

त्रिः शाम्बुभ्यो अङ्गिरेभ्यस्त्रिरादित्येभ्यस्परि । त्रिर्जातो विश्वदेवेभ्यः । स कुष्ठो विश्वभेषजः साकं सोमेन तिष्ठति । तक्मानं सर्वं नाशय सर्वाश्च यातुधान्यः ॥५॥

सम्पूर्ण किसिमका रोगहरूलाई निवारण गर्ने जुन औषधिलाई अङ्गिराका वंशज शाम्बुहरू, आदित्यहरू र विश्वेदेवहरूले तीन प्रकारले प्रकट गरेका थिए । सोमरससँग विद्यमान रहने त्यस कुष्ठ औषधिले सबै खालका रोगहरूलाई निवारण गर्दछ । हे कूट औषधि ! तिमी सबै खालका कष्टदायी रोगहरूलाई र सबै खालका यातना दिने राक्षसहरूलाई नष्ट गराऊ ।

अश्वत्थो देवसदनस्तृतीयस्यामितो दिवि । तत्रामृतस्य चक्षणं ततः कुष्ठो अजायत । स कुष्ठो विश्वभेषजः साकं सोमेन तिष्ठति । तक्मानं सर्वं नाशय सर्वाश्च यातुधान्यः ॥६॥

तेस्रो लोक मानिएको दिव्यलोकमा देवशक्तिहरूको निवास रहेको छ । त्यस ठाउँमा अग्निदेवता अश्वका रूपमा रहेका हुन्छन् र अमृतको स्रोत पनि त्यहीँ छ । सोमरससँग विद्यमान रहने त्यस कुष्ठ औषधिले सबै खालका रोगहरूलाई निवारण गर्दछ । हे कूट औषधि ! तिमी सबै खालका कष्टदायी रोगहरूलाई र सबै खालका यातना दिने राक्षसहरूलाई नष्ट गराऊ ।

हिरण्ययी नौरचरद्धिरण्यबन्धना दिवि । तत्रामृतस्य चक्षणं ततः कुष्ठो अजायत । स कुष्ठो विश्वभेषजः साकं सोमेन तिष्ठति । तक्मानं सर्वं नाशय सर्वाश्च यातुधान्यः ॥७॥

स्वर्णले नै बनेको र स्वर्णमय किलामा बाँधिएको नौका सधैं दिव्यलोकमा नै विचरण गर्दछ । जहाँ कुष्ठको उत्पत्ति भएको हो, त्यहीँ अमृतको ज्योति रहेको छ । सोमरससँग विद्यमान रहने त्यस कुष्ठ औषधिले सबै खालका रोगहरूलाई निवारण गर्दछ । हे कूट औषधि ! तिमी सबै खालका कष्टदायी रोगहरूलाई र सबै खालका यातना दिने राक्षसहरूलाई नष्ट गराऊ ।

यत्र नावप्रभ्रंशनं यत्र हिमवतः शिरः । तत्रामृतस्य चक्षणं ततः कुष्ठो अजायत । स कुष्ठो विश्वभेषजः साकं सोमेन तिष्ठति । तक्मानं सर्वं नाशय सर्वाश्च यातुधान्यः ॥८॥

जुन दिव्यलोकबाट तल आउनै पर्दैन र जहाँ हिमयुक्त पर्वतको शिखर भाग रहेको छ त्यहीँ अमृतको ज्योति छ र त्यसै ठाउँमा कूट औषधि प्रकट भएको हो । सोमरससँग विद्यमान रहने त्यस कुष्ठ औषधिले सबै खालका रोगहरूलाई निवारण गर्दछ । हे कूट औषधि ! तिमी सबै खालका कष्टदायी रोगहरूलाई र सबै खालका यातना दिने राक्षसहरूलाई नष्ट गराऊ ।

यं त्वा वेद पूर्व इक्ष्वाको यं वा त्वा कुष्ठ काम्यः । यं वा वसो यमात्स्यस्तेनासि विश्वभेषजः ॥९॥

हे कुष्ठ वा कूट औषधि ! सबै खालका रोगहरूलाई निवारण गर्ने अचुक औषधिका रूपमा तिम्रो परिचय सबैभन्दा पहिले राजा इक्ष्वाकुले प्राप्त गरेका थिए । वसुहरूले पनि यसै रूपमा नै तिम्रो परिचय पाएका थिए । यसै किसिमले तिमी सबै खालका रोग निको पार्ने श्रेष्ठ औषधि सिद्ध भएका छौ ।

शीर्षलोकं तृतीयकं सदन्दिर्यश्च हायनः । तक्मानं विश्वधावीर्याधराञ्चं परा सुव ॥१०॥

हे कुष्ठ औषधि ! तेस्रो लोक मानिएको द्युलोक तिम्रो शीर्ष भाग हो । तिमी आधिव्याधि निवारण गर्दछौ । विभिन्न खालका सामर्थ्यले युक्त भएका हे औषधि ! तिमी कष्टदायक रोगहरूलाई अधोगामी बनाएर सर्वथा पर हटाऊ ।

४०. मेधा सूक्त

ऋषि— ब्रह्मा । **देवता—** बृहस्पति वा विश्वेदेवा । **छन्द—** परानुष्टुप् त्रिष्टुप्, पुरः ककुम्मती उपरिष्टाद् बृहती, बृहतीगर्भा अनुष्टुप्, त्रिपदार्षी गायत्री ।

यन्मे छिद्रं मनसो यच्च वाचः सरस्वती मन्युमन्तं जगाम । विश्वैस्तद् देवैः सह संविदानः सं दधातु बृहस्पतिः ॥१॥

हाम्रा मानसिक छिद्ररूपी दोषहरू जेजति छन् र वाणीको छिद्ररूपी दोषहरू जेजति छन् ती सबैलाई देवशक्तिहरूका साथमा मिलेर बृहस्पतिदेवताले हटाइदिऊन् ।

मा न आपो मेधां मा ब्रह्म प्र मथिष्टन । सुष्यदा यूयं स्यन्दध्वमुपहूतोऽहं सुमेधा वर्चस्वी ॥२॥

हे जलरूपी देवता ! तिमी हाम्रा बुद्धिलाई दूषित हुन नदेऊ । हाम्रो वेदाभ्यासलाई क्षीण हुन नदेऊ । तिमी सुखपूर्वक प्रवाहित भइराख । तिमीबाट कृपा पाएपछि हामी मेधासम्पन्न र ब्रह्मबलले युक्त हुन सकौँ ।

मा नो मेधां मा नो दीक्षां मा नो हिंसिष्टं यत् तपः । शिवा नः शं सन्त्वायुषे शिवा भवन्तु मातरः ॥३॥

हे द्युलोक र पृथ्वीलोकहरू हो ! तिमीहरू हाम्रो ज्ञानबुद्धि नष्ट हुन नदेओ । हाम्रो दीक्षा हानी हुन नदेओ । हामीले जेजति तपस्या र साधनाहरू गरेका छौँ, त्यसलाई पनि नष्ट नगरिदेओ । हाम्रो आयुका लागि जल कल्याणकारी होस् । मातासरिका यी प्रवाहहरू हाम्रा निम्ति कल्याणकारी होऊन् ।

या नः पीपरदश्विना ज्योतिष्मती तमस्तिरः । तामस्मे रासतामिषम् ॥४॥

हे अश्विनीदेवी ! ज्योतिले सम्पन्न मेधा, विद्या अथवा रात्रिदेवीले हामीलाई पूर्णता प्रदान गरून्, अन्धकारबाट मुक्त गराऊन् र हामीलाई शक्ति प्रदान गरून् ।

४१. राष्ट्रबल सूक्त

ऋषि— ब्रह्मा । **देवता—** तप । **छन्द—** त्रिष्टुप् ।

भद्रमिच्छन्त ऋषयः स्वर्विदस्तपो दीक्षामुपनिषेदुरग्रे । ततो राष्ट्रं बलमोजश्च जातं तदस्मै देवा उपसंनमन्तु ॥१॥

सबैका हितचिन्तक, आत्मज्ञानी ऋषिहरूले सृष्टिका प्रारम्भमा तपस्या र दीक्षा आदिको नियम पालन गरेका थिए । त्यसैबाट राष्ट्रिय भावना र राष्ट्रिय सामर्थ्यको उत्पत्ति भयो । त्यसैले ज्ञानी पुरुषहरू त्यस राष्ट्रका सामु विनम्र भएर राष्ट्रसेवामा लागून् ।

४२. ब्रह्मयज्ञ सूक्त

ऋषि— ब्रह्मा । देवता— ब्रह्म । छन्द— अनुष्टुप्, त्र्यवसाना ककुम्मती पथ्यापङ्क्ति, त्रिष्टुप्, जगती ।

ब्रह्म होता ब्रह्म यज्ञा ब्रह्मणा स्वरवो मिताः । अध्वर्युर्ब्रह्मणो जातो ब्रह्मणोऽन्तर्हितं हविः ॥१॥

ब्रह्म नै यज्ञका होता हुन् । यज्ञ पनि ब्रह्मकै स्वरूप हो । ब्रह्मबाट नै सात स्वरहरूका ज्ञाता उद्गाताहरू उत्पन्न भएका हुन् । अध्वर्युहरू पनि ब्रह्मशक्तिबाट नै उत्पन्न भएका हुन् । ब्रह्मतत्त्वमा नै यज्ञीय हवि पनि अन्तर्निहित रहेको छ ।

ब्रह्म स्रुचो घृतवतीर्ब्रह्मणा वेदिरुद्धिता । ब्रह्म यज्ञस्य तत्त्वं च ऋत्विजो ये हविष्कृतः । शमिताय स्वाहा ॥२॥

घिउले भरिएको स्रुक्पात्र, यज्ञवेदी, यज्ञको प्रक्रिया र आहुति प्रदान गर्ने ऋत्विक्हरू यी सबै नै परमात्मतत्त्वरूप ब्रह्मकै स्वरूप हुन् । उनै शान्तिदायक ब्रह्मलाई यो आहुति समर्पित गरिएको छ ।

अंहोमुचे प्र भरे मनीषामा सुत्राव्णे सुमतिमावृणानः । इममिन्द्र प्रति हव्यं गृभाय सत्याः सन्तु यजमानस्य कामाः ॥३॥

पापबाट मुक्त गराउने, श्रेष्ठ रक्षक इन्द्रका लागि हामी आफ्नो बुद्धि समर्पित गर्दछौं र स्तुतिगान गर्दछौं । हे इन्द्रदेवता ! यो हव्य स्वीकार गर, यस यजमानका कामनाहरू सत्य र पूर्ण होऊन् ।

अंहोमुचं वृषभं यज्ञियानां विराजन्तं प्रथममध्वराणाम् । अपां नपातमश्विना हुवे धिय इन्द्रियेण त इन्द्रियं दत्तमोजः ॥४॥

पापबाट मुक्त गराउने, यज्ञीय वर्षा गराउने, यज्ञमा सर्वोत्तम पदमा विराजमान जललाई खेर जान नदिने अग्निदेवता र अश्विनीकुमारहरूलाई हामी आह्वान गर्दछौं । उनीहरूले हामीलाई इन्द्रियशक्ति र बल प्रदान गरून् ।

४३. ब्रह्मा सूक्त

ऋषि— ब्रह्मा । देवता— मन्त्रोक्त वा ब्रह्म । छन्द— त्र्यवसाना शङ्कुमती पथ्यापङ्क्ति

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । अग्निर्मा तत्र नयत्वग्निर्मेधा दधातु मे । अग्नये स्वाहा ॥१॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, अग्निदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई मेधाशक्ति प्रदान गरून् । उनै अग्निदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । वायुर्मा तत्र नयतु वायुः प्राणान् दधातु मे । वायवे स्वाहा ॥२॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, वायुदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई प्राणशक्ति प्रदान गरून् । उनै वायुदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । सूर्यो मा तत्र नयतु चक्षुः सूर्यो दधातु मे । सूर्याय स्वाहा ॥३॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, सूर्यदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई दृष्टिशक्ति प्रदान गरून् । उनै सूर्यदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । चन्द्रो मा तत्र नयतु मनश्चन्द्रो दधातु मे । चन्द्राय स्वाहा ॥४॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, चन्द्रदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई श्रेष्ठ मनस्शक्ति प्रदान गरून् । उनै चन्द्रदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । सोमो मा तत्र नयतु पयः सोमो दधातु मे । सोमाय स्वाहा ॥५॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, सोमदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई श्रेष्ठ पोषक रस प्रदान गरून् । उनै सोमदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । इन्द्रो मा तत्र नयतु बलमिन्द्रो दधातु मे । इन्द्राय स्वाहा ॥६॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, इन्द्रदेवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई श्रेष्ठ बल प्रदान गरून् । उनै इन्द्रदेवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । आपो मा तत्र नयन्त्वमृतं मोप तिष्ठतु । अद्भ्यः स्वाहा ॥७॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, जलका देवताले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई अमृततत्त्व प्रदान गरून् । उनै अप नाम भएका जलका देवताका लागि यो आहुति समर्पित गरिएको छ ।

यत्र ब्रह्मविदो यान्ति दीक्षाया तपसा सह । ब्रह्मा मा तत्र नयतु ब्रह्मा ब्रह्म दधातु मे । ब्रह्मणे स्वाहा ॥८॥

दीक्षाको अनुशासन पालन गर्ने र तपसाधना गर्ने खालका ब्रह्मवेत्ताहरूले जुन परम पद प्राप्त गर्दछन्, ब्रह्माले हामीलाई त्यहीँ लिएर जाऊन् । उनले हामीलाई ब्रह्मविद्या प्रदान गरून् । उनै ब्रह्माका लागि यो आहुति समर्पित गरिएको छ ।

४४. भैषज्य सूक्त

ऋषि– भृगु । **देवता–** अञ्जन, वरुण । **छन्द–** अनुष्टुप्, चतुष्पदा शङ्कुमती उष्णिक्, त्रिपदा निचृत विषमा गायत्री ।

आयुषोऽसि प्रतरणं विप्रं भेषजमुच्यसे । तदाञ्जन त्वं शंताते शमापो अभयं कृतम् ॥१॥

हे अञ्जन ! तिमी मानिसलाई सय वर्षको पूर्ण आयु प्रदान गर्ने हौ । चिकित्सकहरूको कथनअनुसार तिमी विशेष स्फुर्तिवान् र कल्याणरूप हौ । हामीलाई तिमी शान्ति र अभय प्रदान गर ।

यो हरिमा जायान्योऽङ्गभेदो विसल्पकः । सर्वं ते यक्ष्ममङ्गेभ्यो बहिर्निर्हन्त्वाञ्जनम् ॥२॥

हे पुरुष ! तिम्रा शरीरमा भएको पाण्डु नामको पहेँलो गराउने रोग, स्त्रीसम्पर्कबाट सर्ने रोग, वात आदिका कारणले उत्पन्न भएर विभिन्न अङ्गमा लाग्ने रोग, विसर्पक नामको रोग अथवा जुनसुकै खालका कष्टदायी रोगहरू होऊन् ती सबैलाई नै यस आञ्जन मणिले तिम्रा शरीरबाट हटाएर अलग गराओस् ।

आञ्जनं पृथिव्यां जातं भद्रं पुरुषजीवनम् । कृणोत्वप्रमायुकं रथजूतिमनागसम् ॥३॥

पृथ्वीमा उत्पन्न भएको कल्याणकारी र मानिसलाई जीवनशक्ति प्रदान गर्ने यस अञ्जन नामका मणिले हामीलाई अमरत्व प्रदान गर्दछ । यसैले हामीलाई रथझैँ गतिशील र पापमुक्त गराउँछ ।

प्राण प्राणं त्रायस्वासो असवे मृड । निर्ऋते निर्ऋत्या नः पाशेभ्यो मुञ्च ॥४॥

हे दिव्य प्राण ! हाम्रा प्राणलाई तिमीले नै संरक्षण प्रदान गर । हे दुःख विनाशक प्राण ! हाम्रा प्राणलाई तिमीले सुख प्रदान गर । हे पापदेवता ! हामीलाई दुर्गति नामको दुःखदायिनी प्रकृतिका बन्धनबाट हामीलाई तिमी मुक्त गराऊ ।

सिन्धोर्गर्भोऽसि विद्युतां पुष्पम् । वातः प्राणः सूर्यश्चक्षुर्दिवस्पयः ॥५॥

हे अञ्जन ! तिमी समुद्री जलका गर्भमा र बिजुलिया नामको फूल भन्ने गरिएको वर्षाको जलका रूपमा चिनिएका छौ । वायु तिम्रो प्राण र सूर्य तिम्रा नेत्र हुन् । दिव्यलोकका पोषक धाराहरू तिम्रा लागि रसका रूप हुनेछन् ।

देवाञ्जन त्रैककुदं परि मा पाहि विश्वतः । न त्वा तरन्त्योषधयो बाह्याः पर्वतीया उत ॥६॥

हे दिव्य अञ्जन ! तिमी तीनै लोकमा सर्वश्रेष्ठ मानिएको त्रैककुद नामका पर्वतमा उत्पन्न भएका छौ । हामीलाई चारै तिरबाट तिमीले नै रक्षा गर । पर्वतभन्दा भिन्न ठाउँहरूमा उत्पन्न हुने गरेका औषधिहरू तिम्रो तुलनामा कम लाभप्रद हुने गर्दछन् ।

वी३दं मध्यमवासृपद् रक्षोहामीवचातनः । अमीवाः सर्वाश्चातयन् नाशयदभिभा इतः ॥७॥

असुर संहारक र रोग विनाशक यो अञ्जन पर्वतका शिखरबाट तल आएर प्रत्येक वस्तुमा व्याप्त हुने गर्दछ । यसले समस्त विकारहरूलाई नष्ट गर्दछ । यसले आक्रामक रोगहरूलाई पनि निवारण गर्दछ ।

बह्वी३दं राजन् वरुणानृतमाह पूरुषः । तस्मात् सहस्रवीर्य मुञ्च नः पर्यंहसः ॥८॥

हे पाप निवारण गर्ने राजा वरुण ! यस पुरुषले बिहान उठेपछिदेखि बेलुका ओछ्यानमा सुत्न जाने बेलासम्म सयौं किसिमका ढाँट कुराहरू गरिसकेको छ । यसलाई दोषमुक्त गराऊ । हजारौं खालका बलले उत्पन्न हे अञ्जन नामका औषधि ! त्यस्ता मिथ्या भाषणका पापबाट हामीलाई मुक्त गराऊ ।

यदापो अघ्न्या इति वरुणेति यदूचिम । तस्मात् सहस्रवीर्य मुञ्च नः पर्यंहसः ॥९॥

जलका अधिष्ठाता र नमार्न योग्य हे वरुणदेवता ! हामी जे भन्दछौं त्यसलाई साक्षीका रूपमा तिमी सुन र बुझ । हे असीम शक्तिले सम्पन्न अञ्जन ! सबै खालका पापकर्महरूका कुप्रभावबाट हामीलाई तिमी मुक्त राख ।

मित्रश्च त्वा वरुणश्चानुप्रेयतुराञ्जन । तौ त्वानुगत्य दूरं भोगाय पुनरोहतुः ॥१०॥

हे अञ्जन ! मित्र र वरुणदेवता दिव्यलोकबाट भूमिमा आइपुगे र तिम्रै पछि लागेर फेरि फिर्ता गए । सुखभोगका लागि उनीहरूलाई तिमी यहाँ लिएर आऊ ।

४५. आञ्जन सूक्त

ऋषि— भृगु । **देवता—** अञ्जन, भग मन्त्रोक्त । **छन्द—** अनुष्टुप्, त्रिष्टुप्, एकावसाना विराट् महाबृहती, एकावसाना निचृत महाबृहती ।

ऋणादृणमिव संनयन् कृत्यां कृत्याकृतो गृहम् । चक्षुर्मन्त्रस्य दुर्हार्दः पृष्टीरपि शृणाञ्जन ॥१॥

हे अञ्जन ! ऋण लिने पुरुषले जसरी ऋणको भारी ऋणदातालाई बोकाउँछ उसै गरी घातक प्रयोगका लागि पठाइएका कृत्यालाई पठाउने पुरुषतर्फ नै फिर्ता गराउँदै तिमी ती दुष्ट हृदय भएका शत्रुहरूका हाडखोर भाँचिदेऊ ।

यदस्मासु दुष्वप्न्यं यद् गोषु यच्च नो गृहे । अनामगस्तं च दुर्हार्दः प्रियः प्रति मुञ्चताम् ॥२॥

हामीभित्र, हाम्रा पशुहरूभित्र र हाम्रा भवनहरूमा दुःस्वप्नका रूपमा भयङ्कर बनेका जो हुन्छन्, त्यस्ता दुष्ट हृदय भएकाहरूका छेउमा प्रिय वस्तुजस्तो बनेर पुग्ने गर ।

अपामूर्ज ओजसो वावृधानमग्नेर्जातमधि जातवेदसः । चतुर्वीरं पर्वतीयं यदाञ्जनं दिशः प्रदिशः करदिच्छिवास्ते ॥३॥

आफ्नो ऊर्जा र सामर्थ्यले वृद्धि हुने गरेका, जातवेदा अग्निबाट उत्पन्न हुने गरेका, आफ्ना सामर्थ्यले चारै दिशाहरूमा व्याप्त र पर्वतमाथि उत्पन्न हुने गरेका अञ्जनले हाम्रा लागि चारै दिशा र उपदिशाहरूलाई मङ्गलप्रद गराओस् ।

चतुर्वीरं बध्यत आञ्जनं ते सर्वा दिशो अभयास्ते भवन्तु । ध्रुवस्तिष्ठासि सवितेव चार्य इमा विशो अभि हरन्तु ते बलिम् ॥४॥

हे श्रेष्ठ पुरुष ! चारै दिशामा आफ्नो शक्ति विस्तार गराउने अञ्जन नामका मणिलाई हामी तिम्रो शरीरमा बाँधिदिन्छौँ । यसलाई धारण गर्नाले तिमीलाई सबै दिशाहरूबाट निर्भयता प्राप्त हुनेछ । तिमी सूर्यजस्तै भएर सबैलाई प्रकाशित गर्दै स्थिर भइराख । सबै प्रजाहरू श्रेष्ठ पदार्थहरूलाई नै उपहारका रूपमा तिम्रा लागि समर्पित गर्दछन् ।

आक्ष्वैकं मणिमेकं कृणुष्व स्नाह्येकेना पिबैकमेषाम् । चतुर्वीरं नैर्ऋतेभ्यश्चतुर्भ्यो ग्राह्या बन्धेभ्यः परि पात्वस्मान् ॥५॥

हे पुरुष ! तिमी अञ्जको एक मात्रा आँखामा लगाऊ, अर्कालाई मणिको रूप बनाऊ, त्यसको एक मात्रा स्नान गर्नका लागि प्रयुक्त गर, एक मात्रा पान गर । चार किसिमका वीरहरूको सामर्थ्यले युक्त यस अञ्जनले चार किसिमका राक्षसी बन्धन र आफ्ना चङ्गुलमा जेल्ने रोगहरूबाट हामीलाई संरक्षण प्रदान गरोस् ।

अग्निर्माग्निनावतु प्राणायापानायायुषे वर्चस ओजसे तेजसे स्वस्तये सुभूतये स्वाहा ॥६॥

अगुवा, गुणसम्पन्न अग्निदेवताले आफ्नै शत्रुसंहारक सामर्थ्यले हामीलाई रक्षा गरून् । प्राण, अपान, दीर्घजीवन, ब्रह्मवर्चस, सामर्थ्य, तेज, कल्याणकारी जीवन र श्रेष्ठ विभूतिहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

इन्द्रो मेन्द्रियेणावतु प्राणायापानायायुषे वर्चस ओजसे तेजसे स्वस्तये सुभूतये स्वाहा ॥७॥

देवराज इन्द्रले आफ्ना पराक्रमले हाम्रो रक्षा गरून् । प्राण, अपान, दीर्घजीवन, ब्रह्मवर्चस, सामर्थ्य, तेज, कल्याणकारी जीवन र श्रेष्ठ विभूतिहरूका लागि हामीले उनलाई यो आहुति समर्पित गरेका छौँ ।

सोमो मा सौम्येनावतु प्राणायापानायायुषे वर्चस ओजसे तेजसे स्वस्तये सुभूतये स्वाहा ॥८॥

सोमदेवताले आफ्नो सौम्य सामर्थ्यले हामीलाई रक्षा गरून् । प्राण, अपान, दीर्घजीवन, ब्रह्मवर्चस, सामर्थ्य, तेज, कल्याणकारी जीवन र श्रेष्ठ विभूतिहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

भगो मा भगेनावतु प्राणायापानायायुषे वर्चस ओजसे तेजसे स्वस्तये सुभूतये स्वाहा ॥९॥

भगदेवताले सौभाग्ययुक्त सामर्थ्यले हामीलाई रक्षा गरून् । प्राण, अपान, दीर्घजीवन, ब्रह्मवर्चस, सामर्थ्य, तेज, कल्याणकारी जीवन र श्रेष्ठ विभूतिहरूका लागि यो आहुति समर्पित गरिएको छ ।

मरुतो मा गणैरवन्तु प्राणायापानायायुषे वर्चस ओजसे तेजसे स्वस्तये सुभूतये स्वाहा ॥१०॥

मरुद्गणले गणको शक्तिद्वारा हामीलाई रक्षा गरून् । प्राण, अपान, दीर्घजीवन, ब्रह्मवर्चस, सामर्थ्य, तेज, कल्याणकारी जीवन र श्रेष्ठ विभूतिहरूका लागि हामीले उनलाई यो आहुति समर्पित गरेका छौँ ।

४६. अस्तृतमणि सूक्त

ऋषि— प्रजापति । **देवता**— अस्तृतमणि । **छन्द**— पञ्चपदा मध्येज्योतिष्मती त्रिष्टुप्,

षट्पदा भुरिक् शक्वरी, पञ्चपदा पथ्यापङ्क्ति, चतुष्पदा त्रिष्टुप्, पञ्चपदा अतिजगती, पञ्चपदा उष्णिग्गर्भा विराट् जगती ।

प्रजापतिष्ट्वा बध्नात् प्रथममस्तृतं वीर्याय कम् । तत् ते बध्नाम्यायुषे वर्चस ओजसे च बलाय चास्तृतस्त्वाभि रक्षतु ॥१॥

सर्वप्रथम प्रजापति ब्रह्माले शौर्यको आकाङ्क्षा गरेर अस्तृतमणि धारण गरे । हे मनुष्य ! यस मणिलाई हामी आयु, तेज, सामर्थ्य र बल प्राप्त गर्नका लागि तिम्रा शरीरमा बाँध्छौँ । यसले तिमीलाई संरक्षण प्रदान गरोस् ।

ऊर्ध्वस्तिष्ठतु रक्षन्नप्रमादमस्तृतेमं मा त्वा दभन् पणयो यातुधानाः । इन्द्र इव दस्यूनव धूनुष्व पृतन्यतः सर्वाञ्छत्रून् वि षहस्वास्तृतस्त्वाभि रक्षतु ॥२॥

हे मणि ! तिमी उच्च स्थानमा प्रतिष्ठित तथा जागरूक रहँदै यसको सुरक्षा गर । यातना दिने असुरले तिम्रो सामर्थ्य नाश गर्न नसकून् । जसरी इन्द्रदेवताले असुरलाई विनाश गर्दछन् उसै गरी तिमी सैन्यशक्तिले आक्रमण गर्ने शत्रुलाई विनाश गर । हे पुरुष ! अस्तृतमणिले तिमीलाई संरक्षण प्रदान गरोस् ।

शतं च न प्रहरन्तो निघ्नन्तो न तस्तिरे । तस्मिन्निन्द्रः पर्यदत्त चक्षुः प्राणमथो बलमस्तृतस्त्वाभि रक्षतु ॥३॥

घातक प्रहार र हिंसक आक्रमण गरिँदाखेरि पनि यस मणिबाट पार पाउन सकिँदैन । इन्द्रदेवताले शत्रुद्वारा अवध्य यस मणिभित्र दर्शनशक्ति, प्राणशक्ति र सामर्थ्य स्थापित गरेका छन् । यस मणिले आफूलाई धारण गर्ने व्यक्तिलाई सुरक्षा गरोस् ।

इन्द्रस्य त्वा वर्मणा परि धापयामो यो देवानामधिराजो बभूव । पुनस्त्वा देवाः प्र णयन्तु सर्वेऽस्तृतस्त्वाभि रक्षतु ॥४॥

हे अस्तृतमणि ! तिमीलाई हामी इन्द्रदेवताका कवचमा लुकाएर राख्नेछौँ । सबै देवताहरूले पनि तिमीलाई प्रेरित गरून् । तिमी आफ्ना धारककर्तालाई संरक्षण गर ।

अस्मिन् मणावेकशतं वीर्याणि सहस्रं प्राणा अस्मिन्नस्तृते । व्याघ्रः शत्रूनभि तिष्ठ सर्वान् यस्त्वा पृतन्यादधरः सो अस्त्वस्तृतस्त्वाभि रक्षतु ॥५॥

यस अस्तृतमणिमा एक सय एक किसिमका शक्ति र असीम प्राणबल छ । हे मणिधारक पुरुष ! तिमी शत्रुमाथि बाघले झैँ प्रहार गर । तिमीहरूमाथि जसले सैन्यशक्तिद्वारा प्रहार गर्ने विचार भएका जोजो छन्, तिनीहरू परास्त होऊन् । यस अस्तृतमणिले तिमीलाई पूर्ण रूपमा संरक्षण प्रदान गरोस् ।

घृतादुल्लुप्तो मधुमान् पयस्वान्त्सहस्रप्राणः शतयोनिर्वयोधाः । शंभूश्च मयोभूश्चोर्जस्वांश्च पयस्वांश्चास्तृतस्त्वाभि रक्षतु ॥६॥

घिउ, दुध र महले परिपूर्ण, समस्त देवशक्तिहरूले अनुप्राणित हुनाले असीम सामर्थ्ययुक्त, इन्द्रदेवताका लागि कवचले युक्त, दीर्घजीवन एवं कल्याणकारी, शारीरिक सुख प्रदान गर्ने, शक्ति दिव्य रसले परिपूर्ण यस अस्तृतमणिले धारणकर्तालाई संरक्षण प्रदान गरोस् ।

यथा त्वमुत्तरोऽसो असपत्नः सपत्नहा । सजातानामसद् वशी तथा त्वा सविता करदस्तृतस्त्वाभि रक्षतु ॥७॥

हे साधक ! जसरी तिमी सबैभन्दा उत्कृष्ट, शत्रुरहित, सजातीयहरूलाई आफ्नो वशमा राख्ने बन्न सक्छौ, सर्वप्रेरक सवितादेवताले तिमीलाई त्यस्तै बनाऊन् । यस अस्तृतमणिले तिमीलाई संरक्षण प्रदान गरोस् ।

४७. रात्रि सूक्त

ऋषि– गोपथ । **देवता–** रात्रि । **छन्द–** पथ्याबृहती, पञ्पदा अनुष्टुब्गार्भा पराातिजगती, अनुष्टुप्, पुरस्ताद् बृहती, त्र्यवसाना षट्पदा जगती ।

आ रात्रि पार्थिवं रजः पितुरप्रायि धामभिः । दिवः सदांसि बृहती वि तिष्ठस आ त्वेषं वर्तते तमः ॥१॥

हे रात्रि ! तिम्रो अन्धकार पृथ्वीलोक र पितृहरूको द्युलोकका सबै स्थानहरूमा व्याप्त भइसकेको छ । यो अन्धकार तीनै लोकमा व्याप्त भएर रहेको छ । पृथ्वीमा त अन्धकारमात्रै व्याप्त भएर रहेको छ ।

न यस्याः पारं ददृशे नयोयुवद् विश्वमस्यां नि विशते यदेजति । अरिष्यसस्त उर्वि तमस्वति रात्रि पारमशीमहि भद्रे पारमशीमहि ॥२॥

जसको अर्को छेउ नै देखिँदैन, जसमा सम्पूर्ण विश्व नै एउटै देखिन्छ, प्रयत्नशील प्राणीहरू पनि यस रात्रिमा सुत्ने गर्दछन् । अन्धकारयुक्त हे रात्रि ! हामी सबै विनाशबाट जोगिएर तिमीलाई पार गर्न सकौँ । हे कल्याणी ! तिम्रो अन्धकारबाट हामी मुक्ति पाऔँ ।

ये ते रात्रि नृचक्षसो द्रष्टारो नवतिर्नव । अशीतिः सन्त्यष्ट उतो ते सप्त सप्ततिः ॥३॥

हे रात्रि ! मानिसका कर्माकर्मको निरीक्षण गर्ने तिम्रा जुन उनान्सय, अठासी र सतहत्तर गणरूपी शक्तिधाराहरू छन्, ती सबैद्वारा हामीलाई तिमी कल्याण गर ।

षष्टिश्च षट् च रेवति पञ्चाशत् पञ्च सुम्नयि । चत्वारश्चत्वारिंशच्च त्रयस्त्रिंशच्च वाजिनि ॥४॥

धन र सुख प्रदान गर्ने हे रात्रि ! तिमी आफ्ना छैसट्ठी, पचपन्न, चवालीस र तेत्तीस दिव्य शक्तिधाराहरूले हामीलाई सुख प्रदान गर ।

द्वौ च ते विंशतिश्च ते रात्र्येकादशावमाः । तेभिर्नो अद्य पायुभिर्नु पाहि दुहितर्दिवः ॥५॥

हे रात्रि ! तिम्रा संरक्षक शक्तिहरू बाइस नभए पनि कम से कम एघार छन् । हे दिव्यलोककी कन्या रात्रि ! ती रक्षकहरूबाट हामीलाई यस बेला तिमी संरक्षण प्रदान गर ।

रक्षा माकिर्नो अघशंस ईशत मा नो दुःशंस ईशत । मा नो अद्य गवां स्तेनो मावीनां वृक ईशत ॥६॥

हे रात्रिदेवी ! तिमी हाम्रो रक्षा गर । पापी पुरुष या कुख्यात व्यक्तिले हामीमाथि अधिकार गर्न नसकून् । चोरले हाम्रा गाई आदि पशुधनमाथि अधिकार गर्न नसकून् । ब्वाँसाले हाम्रा भेडाबाख्रा बलपूर्वक लैजानमा सफलता पाउन नसकून् ।

माश्वानां भद्रे तस्करो मा नृणां यातुधान्यः । परमेभिः पथिभि स्तेनो धावतु तस्करः । परेण दत्वती रज्जुः परेणाघायुरर्षतु ॥७॥

हे रात्रि ! घोडाचोरहरूले मानिसलाई दुःख दिनेहरूले हामीलाई दुःख दिन नसकून् । धन चोर्ने चोर परको बाटोबाट नै भागून् । हामीलाई हिंसा गर्ने भावनाले प्रेरित भएका दुष्ट पुरुषहरू यहाँदेखि पर जाऊन् ।

अध रात्रि तृष्टधूममशीर्षाणमहिं कृणु । हनू वृकस्य जम्भयास्तेन तं द्रुपदे जहि ॥८॥

हे रात्रि ! बिखालु धुवाँले श्वासमा पीडा दिने खालका सर्पहरूलाई तिमी टाउको बिनाका बनाइदेऊ । ब्वाँसाजस्ता हिंसक व्यक्तिहरूको जिब्रो नै काटिदेऊ र धन चोर्ने अपहरणकारीलाई खम्बामा बाँधेर दण्डित गर ।

त्वयि रात्रि वसामसि स्वपिष्यामसि जागृहि गोभ्यो नः शर्म यच्छाश्वेभ्यः पुरुषेभ्यः ॥९॥

हे रात्रि ! हामी तिम्रा आश्रयमा निवास गर्दछौँ । हामी जुन बेला सुतेका हुन्छौँ त्यस बेला तिमी जागा रहस । तिमी हाम्रा गाई अश्व आदि पशु तथा प्रजाजनका लागि पनि सुखमय आश्रय प्रदान

४८. रात्रि सूक्त

ऋषि– गोपथ । **देवता–** रात्रि । **छन्द–** त्रिपदार्षी गायत्री, त्रिपदा विराट् अनुष्टुप्, बृहतीगर्भा अनुष्टुप्, अनुष्टुप् पथ्यापङ्क्ति ।

अथो यानि च यस्मा ह यानि चान्तः परीणहि । तानि ते परि दद्मसि ॥१॥

हे रात्रि ! जसलाई देख्न सकिन्छ, त्यस्ता प्रकट वस्तुहरू र मञ्जूषाभित्र बन्द रहेझैँ अप्रकट अवस्थामा रहेका वस्तुहरू अथवा प्रत्यक्ष र अप्रत्यक्ष सबै साधनहरू तिम्रा लागि नै हामी समर्पित गर्दछौँ ।

रात्रि मातरुषसे नः परि देहि । उषा नो अह्ने परि ददात्वहस्तुभ्यं विभावरि ॥२॥

हे रात्रिरूपी माता ! तिमी आफूभन्दा पछि आउने उषाकालका आश्रयमा हामीलाई पुऱ्याइदेऊ, उषाले हामीलाई दिनका जिम्मा लगाऊन् र दिनले फेरि तिम्रै जिम्मा लगाओस् ।

यत् किं चेदं पतयति यत् किं चेदं सरीसृपम् । यत् किं च पर्वतायासत्वं तस्मात् त्वं रात्रि पाहि नः ॥३॥

हे रात्रिदेवी ! आकाशमार्गबाट उड्ने बाज आदि पक्षी, भूमिमा घस्रिएर चल्ने सर्प आदि पर्वतीय जङ्गलमा घुम्ने बाघ आदि हिंस्रक पशुबाट हामीलाई तिमीले नै सुरक्षा प्रदान गर ।

सा पश्चात् पाहि सा पुरः सोत्तरादधरादुत । गोपाय नो विभावरि स्तोतारस्त इह स्मसि ॥४॥

हे रात्रि ! अगाडि, पछाडि, माथि र तल अथवा पूर्व, पश्चिम, उत्तर र दक्षिण यी चारै दिशाबाट हामीलाई सुरक्षा प्रदान गर । हे तेजस्विनी रात्रि ! हाम्रो सुरक्षा तिमी अवश्य गर, किनभने हामी तिम्रो स्तुति गर्दछौँ ।

ये रात्रिमनुतिष्ठन्ति ये च भूतेषु जाग्रति । पशून् ये सर्वान् रक्षन्ति ते न आत्मसु जाग्रति ते नः पशुषु जाग्रति ॥५॥

जुन साधक रात्रिमा जप आदिको अनुष्ठान गर्दै जागा रहन्छन्, जसले गाई आदि पशुप्राणीको सुरक्षा गर्नका लागि रात्रिमा जागा रहन्छन्, उनीहरू नै हाम्रा प्रजाजन तथा पशुहरूको पनि सुरक्षा गर्नका लागि जागरूक होऊन् ।

वेद वै रात्रि ते नाम घृताची नाम वा असि । तां त्वा भरद्वाजो वेद सा नो वित्तेऽधि जाग्रति ॥६॥

हे रात्रिदेवी ! हामी तिम्रा प्रभावलाई राम्ररी जान्दछौँ । दीप्तिमती घृताचीका रूपमा तिमी प्रसिद्ध छ्यौ । भरद्वाज ऋषि तिमीलाई यसै नामले चिन्दछन् । हाम्रो वैभव रक्षा गर्नका लागि तिमी जागरूक होऊ ।

४९. रात्रि सूक्त

ऋषि– गोपथ, भराज । **देवता–** रात्रि । **छन्द–** त्रिष्टुप्, आस्तार पङ्क्ति पथ्यापङ्क्ति, अनुष्टुप्, त्र्यवसाना षट्पदा जगती ।

इषिरा योषा युवतिर्दमूना रात्री देवस्य सवितुर्भगस्य । अश्वक्षभा सुहवा संभृतश्रीरा पप्रौ द्यावापृथिवी महित्वा ॥१॥

अभीष्ट, चिरयुवा नारीजस्तो, आफूलाई नियन्त्रणमा राख्न सक्ने, भगदेवता र सवितादेवताको शक्तिले शीघ्रतापूर्वक प्रवृत्त रहने, नेत्रलाई अपहेलना गर्ने यी रात्रिदेवी द्युलोक र पृथ्वीमा आफ्नो महत्त्वलाई व्याप्त गराउँछिन् ।

अति विश्वान्यरुहद् गम्भीरो वर्षिष्ठमरुहन्त श्रविष्ठाः । उशती रात्र्यनु सा भद्राभि तिष्ठते मित्र इव स्वधाभिः ॥२॥

गहन अन्धकार विश्वलाई ढाकेर विराजमान भएको छ । यस रात्रिले विश्वसमुदायलाई आँतदेखि नै चाहना राख्दै आरोहण गरेको छ । जसरी मित्रका रूपमा रहेका सूर्यले विश्वमा प्राणको सञ्चार गराउछन्, उसै गरी यी कल्याणकारी रात्रिले पनि आफ्ना शक्तिलाई सञ्चार गर्दछिन् ।

वर्ये वन्दे सुभगे सुजात आजगन् रात्रि सुमना इह स्याम् । अस्मास्त्रायस्व नर्याणि जाता अथो यानि गव्यानि पुष्ट्या ॥३॥

उत्तम, वरणीय, वन्दनीय, सौभाग्यवती हे रात्रि ! श्रेष्ठ गुणहरूका साथमा तिम्रो अवतरण भइरहेको छ । यहाँ श्रेष्ठ मन लिएर हामीलाई तिमी संरक्षण गर । मानिस र गाई आदि पशुहरूको कल्याणका लागि उत्पन्न भएका पदार्थलाई पनि तिमीले रक्षा गर ।

सिंहस्य रात्र्युशती पींषस्य व्याघ्रस्य द्वीपिनो वर्च आ ददे । अश्वस्य ब्रध्नं पुरुषस्य मायुं पुरु रूपाणि कृणुषे विभाती ॥४॥

यस अभिलाषामयी रात्रिले हात्तीको बथान, सिंह, हरिण, गैँडा तथा बाघ आदि पशुको क्षमता र तेज ग्रहण गर्दछ । यसले अश्वको स्वाभाविक गति र मानिसको वाक्‌शक्तिलाई पनि यसले आफ्ना नियन्त्रणमा राख्दछ । यस किसिमले स्वयं विशेष रूपले चम्कँदै रात्रिले विभिन्न स्वरूप धारण गरेको देखिन्छ ।

शिवां रात्रिमनुसूर्यं च हिमस्य माता सुहवा नो अस्तु । अस्य स्तोमस्य सुभगे नि बोध येन त्वा वन्दे विश्वासु दिक्षु ॥५॥

मङ्गलकारिणी रात्रि र उनका स्वामी सूर्यदेवतालाई हामी वन्दना गर्दछौं । जाडो उत्पन्न गराउने रात्रि हाम्रा लागि स्तुति गर्न योग्य हुन्छ । हे सौभाग्यशाली रात्रि ! त्यस प्रार्थनालाई तिमी बुझ, जसबाट सबै दिशामा व्याप्त रहेकी तिम्रो हामी वन्दना गर्दछौँ ।

स्तोमस्य नो विभावरि रात्रि राजेव जोषसे । आसाम सर्ववीरा भवाम सर्ववेदसो व्युच्छन्तीरनूषसः ॥६॥

हे तेजस्विनी रात्रि ! राजाले स्तोताहरूको प्रार्थना स्नेहपूर्वक सुनिदिएझैँ हाम्रो प्रार्थना सुनेर तिमी प्रसन्न होऊ । सधैँसधैँ प्रकट हुने उषाकालमा हामीजस्ता साधकहरूलाई तिमी वीर सन्तान र समस्त वैभवयुक्त सम्पदाले सम्पन्न गराऊ ।

शम्या ह नाम दधिषे मम दिप्सन्ति ये धना । रात्रीहि तानसुतपा य स्तेनो न विद्यते यत् पुनर्न विद्यते ॥७॥

हे रात्रिदेवी ! सबैलाई विश्राम दिने हुनाले तिमी शम्या नामले पनि चिनिन्छ्यौ । हाम्रो धनवैभव अपहरण र्ने जुन शत्रुहरू हुन्छन्, तिनको ज्यानमा दुःख तिमी आउने गर । चोर, लुटारहरू राष्ट्रमा रहन नपाऊन् र त्यस्ताले फेरि उत्पन्न हुने सम्भावना पनि नरहोस् ।

भद्रासि रात्रि चमसो न विष्टो विष्वङ् गोरूपं युवतिर्बिभर्षि । चक्षुष्मती मे उशती वपूंषि प्रति त्वं दिव्या न क्षाममुक्थाः ॥८॥

हे रात्रि ! तिमी चमस पात्रजस्तै मङ्गलकारिणी होऊ । अन्धकारका रूपमा सर्वत्र रहेर गाईले जस्तै पोषक रस प्रदान गर्दछ्यौ । हामीलाई परिपुष्ट गराउँदै हामीलाई नेत्रज्योति प्रदान गर । आकाशलाई नक्षत्रले सजाएजस्तै तिमी यस पृथ्वीलाई पनि सजाऊ ।

यो अद्य स्तेन आयत्यघायुर्मर्त्यो रिपुः । रात्री तस्य प्रतीत्य प्र ग्रीवाः प्र शिरो हनत् ॥९॥

हे तेजस्विनी रात्रि ! चारैतिर हत्याको योजना बनाउँदै आइरहेका दुष्टहरूलाई तिमी उल्टो पाइलो यहीँबाट फिर्ता गराऊ । तिमी तिनको शिर तथा गर्धनमा प्रहार गर ।

प्र पादौ न यथायति प्र हस्तौ न यथाशिषत् । यो मलिम्लुरुपायति स संपिष्टो अपायति । अपायति स्वपायति शुष्के स्थाणावपायति ॥१०॥

हे रात्रि ! तिमी शत्रुका दुवै हात र दुवै खुट्टा भाँचिदेऊ, त्यसो गरेपछि त्यसले पुनः हत्याजस्तो कुत्सित कार्य गर्न सक्नेछैन । हामीतिर आउने गरेका चोर र हत्याराहरूलाई कुच्याऊ र फिर्ता गराऊ । तिनीहरूले एकलास वनमा गएपछि सुकेका रुखको मात्रै सहारा पाएर बसून् ।

५०. रात्रि सूक्त

ऋषि— गोपथ । **देवता—** रात्रि । **छन्द—** अनुष्टुप् ।

अध रात्रि तृष्टधूममशीर्षाणमहिं कृणु । अक्षौ वृकस्य निर्जह्यास्तेन तं द्रुपदे जहि ॥१॥

हे रात्रि ! बिखालु धुवाँले श्वासमा पीडा दिने खालका सर्पहरूलाई तिमी टाउको बिनाका बनाइदेऊ । ब्वाँसाका दुवै आँखा फुटाएर रुखमुनि लैजाऊ र मारेर गाडिदेऊ ।

ये ते रात्र्यनड्वाहस्तीक्ष्णशृङ्गाः स्वाशवः । तेभिर्नो अद्य पारयाति दुर्गाणि विश्वहा ॥२॥

हे रात्रि ! तीव्रगामी, तिखो सिङ भएका तिम्रो भारी बोक्ने गोरु जुन छन्, हामीलाई तिनैले सबै खालका सङ्कटबाट पार लगाइदेऊ ।

रात्रिंरात्रिमरिष्यन्तस्तरेम तन्वा वयम् । गम्भीरमप्लवा इव न तरेयुररातयः ॥३॥

हे रात्रि ! हामी शरीरलाई सुरक्षित राख्दै सबै खालका रात्रिहरू पार गर्न सकौँ र शत्रुहरू डुङ्गाबाट खसेका यात्रीभैँ पार लाग्न नसकून् ।

यथा शाम्याकः प्रपतन्नपवान् नानुविद्यते । एवा रात्रि प्र पातय यो अस्माँ अभ्यघायति ॥४॥

सामा नामको अन्न एक पटक जमिनमा खसेपछि फेरि त्यसलाई खोजेर बटुल्न सकिँदैन । हे रात्रि ! हाम्रा नजिक जो पापको दुर्भावनाले आउने गर्दछन् तिनलाई तिमी त्यही सामाभैँ नष्ट गराऊ ।

अप स्तेनं वासो गोअजमुत तस्करम् । अथो यो अर्वतः शिरोऽभिधाय निनीषति ॥५॥

हे रात्रि ! जसले लुगाकपडा, गाई, बाख्रा र घोडा आदिलाई डोरीले बाँधेर लैजान्छन् त्यस्ता सबै खालका अपहरणकारीलाई तिमीले पर भगाइदेऊ ।

यदद्या रात्रि सुभगे विभजन्त्ययो वसु । यदेतदस्मान् भोजय यथेदन्यानुपायसि ॥६॥

स्वर्ण आदि वैभव प्रदान गर्ने हे रात्रिदेवी ! तिमी आफ्नो धन हामीलाई प्रदान गर । हामीले त्यसको उपयोग गर्न सकौँ । त्यस्तो धन हाम्रा शत्रुहरूलाई प्राप्त हुन नसकोस् ।

उषसे नः परि देहि सर्वान् रात्र्यनागसः । उषा नो अह्ने आ भजादहस्तुभ्यं विभावरि ॥७॥

हे रात्रिदेवी ! हामीजस्ता निष्पाप स्तोताहरूलाई तिमी उषाको जिम्मा लगाऊ । उषाले दिनलाई जिम्मा लगाऊन् र दिनले संरक्षण प्रदान गर्दै फेरि तिमीलाई नै जिम्मा लगाऊन् । हे तेजस्विनी रात्रि ! यसै गरी तिमीले हामीलाई सुरक्षा प्रदान गरिराख ।

५१. आत्मा सूक्त

ऋषि— ब्रह्मा । **देवता—** आत्मा, रविता । **छन्द—** एकावसाना एकपदा ब्राह्मी अनुष्टुप्, एकावसाना त्रिपदा यवमध्योष्णिक् ।

अयुतोऽहमयुतो म आत्मायुतं मे चक्षुरयुतं मे श्रोत्रमयुतो मे प्राणोऽयुतो मेऽपानोऽयुतो मे व्यानोऽयुतोऽहं सर्वः ॥१॥

हामी पूर्णतायुक्त छौँ, हाम्रो आत्मा पूर्णतायुक्त छ । हाम्रो शरीर, शारीरिक अङ्ग, आँखा, कान, नाक प्राण, अपान, व्यान आदि पनि परिपूर्ण छन् । हामी सबै इन्द्रियशक्तिले परिपूर्ण छौँ ।

देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यां प्रसूत आ रभे ॥२॥

सर्वप्रेरक सवितादेवताका प्रेरणाले, अश्विनीकुमारहरूका बाहुले र पूषादेवताका हातले प्रेरित भएर हामी साधक मनुष्यहरू यो शुभ कार्य आरम्भ गर्दछौँ ।

५२. काम सूक्त

ऋषि— ब्रह्मा । **देवता—** काम । **छन्द—** एकावसाना एकपदा ब्राह्मी अनुष्टुप्

एकावसाना त्रिपदा यवमध्योष्णिक् ।

कामस्तदग्रे समवर्तत मनसो रेतः प्रथमं यदासीत् । स काम कामेन बृहता सयोनी रायस्पोषं यजमानाय धेहि ॥१॥

सबैभन्दा पहिले कामको उत्पत्ति भयो । काम नै मनको पहिलो बीज हो । विराट् काम नै सृष्टि उत्पादनको सहोदर हो । यसले यजमानलाई धन र पुष्टि प्रदान गरोस् ।

त्वं काम सहसासि प्रतिष्ठितो विभुर्विभावा सखा आ सखीयते । त्वमुग्रः पृतनासु सासहिः सह ओजो यजमानाय धेहि ॥२॥

हे काम ! तिमी सामर्थ्यवान् छौ । तिमी सर्वव्यापक, तेजसम्पन्न र मित्रवत् व्यवहार गर्नेहरूसँग मित्रताको व्यवहार बनाउँछौ । तिमी शत्रुलाई वशमा गराउने वीर हौ । तिमी यजनमानलाई ओज र शक्तिले सम्पन्न गराऊ ।

दूराच्चकमानाय प्रतिपाणायाक्षये । आस्मा अशृण्वन्नाशाः कामेनाजनयन्त्स्वः ॥३॥

सबै दिशाहरू नै दुर्लभ फलको कामना गर्ने याजकले अभिलाषा गरेको फल प्रदान गर्नका लागि सङ्कल्पित छन् । तिनीहरूले सबै किसिमका सुख पनि प्रदान गरून् ।

कामेन मा काम आगन् हृदयाद् हृदयं परि । यदमीषामदो मनस्तदैतूप मामिह ॥४॥

कामकै कारणले काम पनि हामीतिर आकर्षित भएको छ । हृदयद्वारा नै हृदयतर्फ कामको आगमन भएको छ । त्यसै कामले श्रेष्ठ जनहरूको मन पनि हामीतिरै आओस् ।

यत्काम कामयमाना इदं कृण्मसि ते हविः । तन्नः सर्वं समृध्यतामथैतस्य हविषो वीहि स्वाहा ॥५॥

हे काम ! जुन अभिलाषा पूरा गर्नका लागि तिमीलाई हामी हवि प्रदान गर्दछौँ, हाम्रो त्यो इच्छा पूर्ण होस् । यो हवि तिम्रा लागि समर्पित छ, तिमी यसलाई स्वीकार गर ।

५३. काल सूक्त

ऋषि— भृगु । **देवता—** काल । **छन्द—** त्रिष्टुप्, निचृत् पुरस्ताद् बृहती, अनुष्टुप् ।

कालो अश्वो वहति सप्तरश्मिः सहस्राक्षो अजरो भूरिरेताः । तमा रोहन्ति कवयो विपश्चितस्तस्य चक्रा भुवनानि विश्वा ॥१॥

कालरूपी अश्व नै विश्वरूपी रथको वाहक हो । त्यो सात किरण र सहस्र आँखा भएको छ । त्यो नबुढिने र प्रचुर पराक्रमले युक्त छ । समस्त लोकहरू त्यसका चक्र हुन् । त्यस अश्व वा रथमा बुद्धिमान्हरू नै आरोहण गर्न सक्दछन् ।

सप्त चक्रान् वहति काल एष सप्तास्य नाभीरमृतं न्वक्षः । स इमा विश्वा भुवनान्यञ्जत् कालः स ईयते प्रथमो नु देवः ॥२॥

त्यस कालले सात वटा चक्रलाई वहन गर्दछ । ती सात चक्रका सातै वटा नाभीहरू छन् र तिनको अक्ष अमृत अथवा अविनाशी छ । उही प्रथम देवताका रूपमा रहेका कालले सबै भुवनहरूलाई प्रकट गर्दछ र निरन्तर ऊ गतिशील अवस्थामा रहेको छ ।

पूर्णः कुम्भोऽधि काल आहितस्तं वै पश्यामो बहुधा नु सन्तः । स इमा विश्वा भुवनानि प्रत्यङ् कालं तमाहुः परमे व्योमन् ॥३॥

विश्वब्रह्माण्डरूपी भरिएको घडा कालमाथि नै स्थापित छ । सन्त ज्ञानीहरूले त्यस काललाई दिन र रात आदि विभिन्न रूपमा हेर्ने गरेका छन् । त्यो काल यस्ता दृश्यमान प्राणीहरूका अगाडि प्रकट भएर उनीहरूलाई आफूमा समेट्ने गर्दछ । मनीषीहरू त्यस काललाई विकाररहित आकाशजस्तै निर्लेप रहेको छ भन्दछन् ।

स एव सं भुवनान्याभरत् स एव सं भुवनानि पर्यैत् । पिता सन्नभवत् पुत्र एषां तस्माद् वै नान्यत् परमस्ति तेजः ॥४॥

त्यो काल नै समस्त भुवनहरूलाई पालनपोषण गर्ने र सबैमा श्रेष्ठ रीतिले व्याप्त रहेको त्यसै भूत

कालमा यी प्राणीहरू पिता हुन्छन् र अर्को जन्ममा उनै पुत्र हुने गर्दछन् । यस कालभन्दा ठूलो र चाँडो कुद्ने कुरो अर्को कुनै पनि छैन.।

कालोऽमूं दिवमजनयत् काल इमाः पृथिवीरुत । काले ह भूतं भव्यं चेषितं ह वि तिष्ठते ॥५॥

कालले नै यस दिव्यलोकलाई उत्पन्न गरेको हो र यसैले सबै प्राणीहरूलाई आश्रय प्रदान गर्ने भूमिलाई उत्पन्न गरेको हो । भूत, भविष्य र वर्तमान सबै यसै अविनाशी कालका आश्रयमा रहेका हुन्छन् ।

कालो भूतिमसृजत काले तपति सूर्यः । काले ह विश्वा भूतानि काले चक्षुर्वि पश्यति ॥६॥

कालले नै सम्पूर्ण सृष्टिको रचना गरेको हो । कालकै प्रेरणाले सूर्यदेवताले यस संसारलाई प्रकाशित गरेका छन् । यसै कालकै आश्रयमा समस्त प्राणीहरू रहेका छन् । आँखाहरूले पनि यसै कालका आश्रयमा रहेर विभिन्न खालका पदार्थहरूलाई देख्ने गर्दछन् ।

काले मनः काले प्राणः काले नाम समाहितम् । कालेन सर्वा नन्दन्त्यागतेन प्रजा इमाः ॥७॥

कालमा नै मन, कालमा नै प्राण तथा कालमा नै सबै खालका नामहरू समाहित भएका छन् र तिनीहरू समयअनुसार नै प्रकट भइरहन्छन् । कालको अनुकूलताले नै समस्त प्रजाहरू आनन्दित हुने गर्दछन् ।

काले तपः काले ज्येष्ठं काले ब्रह्म समाहितम् । कालो ह सर्वस्येश्वरो यः पितासीत् प्रजापतेः ॥८॥

तपस्याको शक्ति, जेठोपना, महानता, ब्रह्मविद्या आदि सबै यसै कालमा सन्निहित छन् । काल नै सबै स्थावरजङ्गम विश्वब्रह्माण्डको ईश्वर, समस्त प्रजाको पालक तथा सबैका पिता हो ।

तेनेषितं तेन जातं तदु तस्मिन् प्रतिष्ठितम् । कालो ह ब्रह्म भूत्वा बिभर्ति परमेष्ठिनम् ॥९॥

यो संसार कालद्वारा प्रेरित, उसैबाट उत्पन्न र उसैमा आश्रित भएर अडिएको छ । कालले नै आफ्नो ब्राह्मी चेतनालाई विस्तृत गराउँदै परमेष्ठी प्रजापतिलाई धारण गर्दछ ।

कालः प्रजा असृजत कालो अग्रे प्रजापतिम् । स्वयम्भूः कश्यपः कालात् तपः कालादजायत ॥१०॥

सृष्टिका प्रारम्भमा कालले सर्वप्रथम प्रजापतिलाई सृष्टि गरेको थियो । त्यसपछि प्रजाहरूको रचना गर्‍यो । काल आफैँ उत्पन्न भएको हुनाले स्वयम्भु हो । सबैका द्रष्टा कश्यप कालबाट उत्पन्न भए र कालबाट नै तपःशक्ति उत्पन्न भयो ।

५४. काल सूक्त

ऋषि– भृगु । **देवता–** काल । **छन्द–** अनुष्टुप्, त्रिपदार्षी गायत्री, त्र्यवसाना षटपदा विराडष्टि ।

कालादापः समभवन् कालाद् ब्रह्म तपो दिशः । कालेनोदेति सूर्यः काले न विशते पुनः ॥१॥

कालबाट नै जल, ज्ञान, तपःशक्ति तथा दिशाहरू उत्पन्न भए । कालको सामर्थ्यले सूर्य उदाउँछन् र पुनः उसै कालमा समाविष्ट पनि हुने गर्दछ ।

कालेन वातः पवते कालेन पृथिवी मही । द्यौर्मही काल आहिता ॥२॥

कालकै प्रेरणाले वायुदेव बहने गर्दछन् । कालबाट नै यो विशाल पृथ्वी पनि गतिमान भइरहेको छ । विशाल दिव्यलोक पनि कालकै आश्रयमा अडिएको छ ।

कालो ह भूतं भव्यं च पुत्रो अजनयत् पुरा । कालादृचः समभवन् यजुः कालादजायत ॥३॥

कालकै कारण उहिले नै समयलाई भूत र भविष्यका रूपमा उत्पन्न गरिएको छ । कालकै कारणले

ऋग्वेदका ऋचाहरू र यजुर्वेदका मन्त्रहरू पनि प्रकट भएका छन् ।

कालो यज्ञं समैरयद्देवेभ्यो भागमक्षितम् । काले गन्धर्वाप्सरसः काले लोकाः प्रतिष्ठिताः ॥४॥

कालले नै क्षयरहित यज्ञको भागलाई देवत्व संवर्द्धक शक्तिका निमित्त प्रेरित गरेको हो । कालले नै गन्धर्व र अप्सराहरू उत्पन्न भए । समस्त लोक कालमा नै प्रतिष्ठित भएको छ ।

कालेऽयमङ्गिरा देवोऽथर्वा चाधि तिष्ठतः । इमं च लोकं परमं च लोकं पुण्यांश्च लोकान् विधृतीश्च पुण्याः । सर्वांल्लोकानभिजित्य ब्रह्मणा कालः स ईयते परमो नु देवः ॥५॥

अङ्गिरा र अथर्वा ऋषिहरू पनि आफ्नो उत्पादनकर्ता यस कालमा नै अडिएर रहेका छन् । इहलोक, परलोक र पुण्यलोकलाई पवित्र मर्यादा अरूलाई जितेर त्यस कालरूपी देवता ब्रह्मज्ञानले युक्त भएर सर्वत्र व्याप्त हुने गरेको छ ।

५५. रायस्पोष प्राप्ति सूक्त

ऋषि— भृगु । **देवता—** अग्नि । **छन्द—** त्रिष्टुप्, आस्तार पङ्क्ति, त्र्यवसाना पञ्चपदा पुरस्ताज्ज्योतिष्मती त्रिष्टुप्, निचृत् बृहती ।

रात्रिंरात्रिमप्रयातं भरन्तोऽश्वयेव तिष्ठते घासमस्मै । रायस्पोयोण समिषा मदन्तो मा ते अग्ने प्रतिवेशा रिषाम ॥१॥

प्रत्येक रात्रिमा यात्रा नगर्ने घोडालाई पनि जसरी सधैँ घाँस हालिदिने गरिन्छ, उसै गरी हे अग्निदेवता ! तिमीलाई हामी हवि प्रदान गर्दछौँ । तिमी धन, पुष्टि र अन्न प्रदान गर, जसबाट प्रसन्नतापूर्वक तिम्रो नजिक रहँदा कष्टबाट मुक्त रहन सकौँ ।

या ते वसोर्वात इषुः सा त एषा तया नो मृड । रायस्पोषेण समिषा मदन्तो मा ते अग्ने प्रतिवेशा रिषाम ॥२॥

हे अग्निदेवता ! तिमी आश्रय प्रदान गर्दछौ । तिमी आफ्नो वायुरूपी बाणले हामीलाई सुखी बनाऊ । हे अग्निदेवता ! तिमीलाई हामी हवि प्रदान गर्दछौँ । तिमी धन, पुष्टि र अन्न प्रदान गर, जसबाट प्रसन्नतापूर्वक तिम्रो नजिक रहँदा कष्टबाट मुक्त रहन सकौँ ।

सायंसायं गृहपतिर्नो अग्निः प्रातःप्रातः सौमनसस्य दाता । वसोर्वसोर्वसुदान एधि वयं त्वेन्धानास्तन्वं पुषेम ॥३॥

गार्हपत्य अग्निदेवता प्रत्येक साँझ हामी सबैलाई श्रेष्ठ मनले सम्पन्न बनाउँछन् । हे अग्निदेवता ! तिमीलाई हामी हवि प्रदान गर्दछौँ । तिमी धन, पुष्टि र अन्न प्रदान गर, जसबाट प्रसन्नतापूर्वक तिम्रो नजिक रहँदा कष्टबाट मुक्त रहन सकौँ ।

प्रातःप्रातर्गृहपतिर्नो अग्निः सायंसायं सौमनसस्य दाता । वसोर्वसोर्वसुदान एधिन्धानास्त्वा शतंहिमा ऋधेम ॥४॥

आहवनीय अग्निदेवता प्रत्येक बिहान हामी सबैलाई श्रेष्ठ मनले सम्पन्न बनाउँछन् । हे अग्निदेवता ! हामीलाई श्रेष्ठ वैभव प्रदान गरेर उन्नति गराऊ । तिमीलाई हविष्यान्न प्रदान गर्दै प्रज्वलित गरेर हामी सय वर्षको जीवन पूरा गर्न सकौँ ।

अपश्चादग्धान्नस्य भूयासम् । अन्नादायान्नपतये रुद्राय नमो अग्नये । सभ्य सभां मे पाहि ये च सभ्याः सभासदः ॥५॥

दग्ध अन्नका भागले हामी मुक्त रहन सकौँ । अन्न सेवन गर्ने अन्नपति रुद्ररूप अग्निदेवतालाई हाम्रो नमस्कार गर्दछौँ । सभामा उपस्थित सबैले यिनलाई सुरक्षा गरौँ । सभामा आउने सभासद् जति छौँ, सबैले यस सभालाई संरक्षण गरौँ ।

त्वमिन्द्रा पुरुहूत विश्वमायुर्व्य श्नवत् । अहरहर्बलिमित्ते हरन्तोऽश्वायेव तिष्ठते घासमग्ने ॥६॥

सबैतिरबाट बोलाइने, ऐश्वर्ययुक्त हे इन्द्राग्नि ! हामी सबै उपासकहरूले सम्पूर्ण आयुभरि नै

अन्नको उपभोग गर्न सकौँ । जुन साधकले घोडालाई घाँस हालिदिएझैँ गरी दिनहुँ तिमीहरूका लागि बलिवैश्व यज्ञ गर्दछन्, उनलाई तिमीहरू जीवनभरि नै प्रचुर अन्न प्रदान गर ।

५६. दुःस्वप्ननाशन सूक्त

ऋषि– यम । **देवता–** दुःस्वप्न । **छन्द–** त्रिष्टुप् ।

यमस्य लोकादध्या बभूविथ प्रमदा मर्त्यान् प्र युनक्षि धीरः । एकाकिना सरथं यासि विद्वान्त्स्वप्नं मिमानो असुरस्य योनौ ॥१॥

हे दुःस्वप्न ! तिमी यमलोकबाट पृथ्वीमा आएका छौ । निःसङ्कोच र निर्भय भएर तिमी आइमाई लोग्ने मानिसका निकट पुग्ने गर्दछौ । तिमी प्राणधारी आत्माका हृदयस्थलमा दुःस्वप्न निर्माण गरिदिन्छौ र उसैका मनरूपी रथमा बसेर जाने गर्दछौ ।

बन्धस्त्वाग्रे विश्वचया अपश्यत् पुरा रात्र्या जनितोरेके अह्नि । ततः स्वप्नेदमध्या बभूविथ भिषग्भ्यो रूपमपगूहमानः ॥२॥

हे दुःस्वप्न ! सबैका स्रष्टा र आआफ्नो कर्मअनुसार आबद्ध गराउने रात्रिका समयमा उद्भव हुनुभन्दा एक दिन पहिले नै तिमीलाई देख्छन् र त्यसैं बेलादेखि तिमी यस संसारमा व्याप्त रहन्छौ । वैद्यसित तिमी आफ्नो स्वरूप लुकाउने गर्दछौ ।

बृहद्गावासुरेभ्योऽधि देवानुपावर्तत महिमानमिच्छन् । तस्मै स्वप्नाय दधुराधिपत्यं त्रयस्त्रिंशासः स्व रानशानाः ॥३॥

तीव्र रूपले गति गर्ने, महत्त्वाकाङ्क्षाले प्रेरित भएर असुरका नजिकबाट देवताका नजिकमा स्वप्न पुग्यो । त्यस स्वप्नलाई तेत्तीस देवताहरूले सामर्थ्य प्रदान गरे ।

नैतां विदुः पितरो नोत देवा येषां जल्पिश्चरत्यन्तरेदम् । त्रिते स्वप्नमदधुराप्त्ये नर आदित्यासो वरुणेनानुशिष्टाः ॥४॥

यस स्वप्नमा जसको वार्तालाप हुन्छ, उनलाई न त पितृहरूले जानेका हुन्छन्, न देवताहरूले नै । वरुणदेवताबाट उपदेश पाएका नेतृत्वकर्ता आदित्यले यस स्वप्नलाई सृष्टिको मूल र क्रियाशील तत्त्वका रूपमा रहेका अप् तत्त्वबाट उत्पन्न गरे र त्रित नामको त्रिगुणात्मक सृष्टिमा स्थापित गरेका छन् ।

यस्य क्रूरमभजन्त दुष्कृतोऽस्वप्नेन सुकृतः पुण्यमायुः । स्वर्मदसि परमेण बन्धुना तप्यमानस्य मनसोऽधि जज्ञिषे ॥५॥

स्वप्नकैं प्रभावले दुष्टदुराचारीहरूले भयङ्कर फल प्राप्त गर्दछन् भने पुण्यात्माहरूले पुण्य कर्मका प्रभावले दीर्घायु भोग गर्दछन् । हे स्वप्न ! तिमी परम बन्धुजस्ता परमात्मारूपी जीवात्माका साथमा रहँदै स्वर्गीय सुखको आनन्द प्राप्त गर्दछौ र तपस्याले सेकिएका मनबाट उत्पन्न हुने गर्दछौ ।

विद्म ते सर्वाः परिजाः पुरस्ताद् विद्म स्वप्न यो अधिपा इहा ते । यशस्विनो नो यशसेह पाह्यारात् द्विषेभिरप याहि दूरम् ॥६॥

हे स्वप्न ! तिम्रा सबै साथीभाइ र आफन्तहरूलाई हामीले चिनेका छौँ, तिम्रो अधिपति जो छ उसलाई पनि हामीले चिनेका छौँ । हाम्रा श्रेष्ठ कर्मको यशस्विताले दुःस्वप्नबाट हामीलाई रक्षा गर र हामीसित विद्वेष गर्नेहरूलाई हामीदेखि पर हटाइदेऊ ।

५७. दुःस्वप्ननाशन सूक्त

ऋषि– यम । **देवता–** दुःस्वप्न । **छन्द–** अनुष्टुप्, त्रिपदा त्रिष्टुप्, त्र्यवसाना चतुष्पदा त्रिष्टुप्, षट्पदा उष्णिक् बृहतीगर्भा विराट् शक्वरी, त्र्यवसाना पञ्चपदा परशाक्वरातिजगती ।

यथा कलां यथा शफं यथर्णं संनयन्ति । एवा दुष्वप्न्यं सर्वमप्रिये सं नयामसि ॥१॥

चन्द्रमाको कला घटबढ भएझैँ, अश्वका खुरले बाटो पार गर्दै गएझैँ र बिस्तारैसित ऋण चुक्ता

त्यसैगरी क्रमशः हामीहरू पनि यस दुःस्वप्नबाट उत्पन्न भएका सबै खालका अनिष्टहरूलाई हाम्रो कुभलो गर्न खोज्ने शत्रुहरूतिर फ्याँक्दै जानेछौँ ।

सं राजानो अगुः समृणान्यगुः सं कुण्ठा अगुः सं कला अगुः । समस्मासु यद् दुष्वप्न्यं निर्द्विषते दुष्वप्न्यं सुवाम ॥२॥

युद्धका लागि राजाहरू सङ्गठित जसरी हुने गर्दछन्, अलिअलि गर्दै थपिएको ऋणको भारी जसरी अति ठूलो हुने गर्दछ, अलिअलि गर्दै सङ्ग्रालिँदै कुष्ठ आदि रोगहरू बढ्दछन् र जसरी कलाहरू एकत्र हुँदै गएर जसरी चन्द्रमाको आकार पूर्ण बन्ने गर्दछ, उसै गरी दुःस्वप्नहरू पनि बढिरहन्छन् । हामी दुःस्वप्नहरू सबै हाम्रो कुभलो गर्न खोज्ने शत्रुहरूतिर फ्याँक्दै जानेछौँ ।

देवानां पत्नीनां गर्भ यमस्य कर यो भद्रः स्वप्न । स मम यः पापस्तद् द्विषते प्र हिण्मः । मा तृष्टनामसि कृष्णशकुनेर्मुखम् ॥३॥

देवपत्नीहरूका गर्भबाट उत्पन्न पुत्र यमका हातजस्ता हे स्वप्न ! हामीलाई तिमी आफ्नो मङ्गलप्रद भाग प्रदान गर र तिम्रो अनिष्टकारी भागलाई हामी आफ्ना शत्रुहरूतर्फ जान प्रेरित गर्दछौँ । हे स्वप्न ! तिमी कालो चराको मुख देखेको जस्तो अलच्छिनी नहोऊ ।

तं त्वा स्वप्न तथा सं विद्म स त्वं स्वप्नाश्व इव कायमश्व इव नीनाहम् । अनास्माकं देवपीयुं पियारुं वप यदस्मासु दुष्वप्न्यं यद् गोषु यच्च नो गृहे ॥४॥

हे स्वप्न ! तिम्रा विषयमा हामी राम्रोसित धेरै कुराहरू जान्दछौँ । जसरी घोडाले आफ्नो जिऊ फड्कारेर धुलो झार्ने गर्दछ र त्यसै बेला काठीमा राखेको वस्तु खस्दछ, उसै गरी गाई तथा गृहसित सम्बन्धित हाम्रा दुःस्वप्नहरूका प्रभावलाई तिमी हामीबाट पर पुऱ्याइदेऊ; देवत्वको विरोध गर्नेहरूतर्फ फ्याँकिदेऊ ।

अनास्माकस्तद् देवपीयुः पियारुर्निष्कमिव प्रति मुञ्चताम् ।नवारत्नीनपमया अस्माकं ततः परि । दुष्वप्न्यं सर्वं द्विषते निर्दयामसि ॥५॥

हे देवता ! देवताको निन्दा गर्ने, हामीभन्दा भिन्न खालको स्वभाव भएका शत्रुहरू जेजति छन्, तिनीहरूले नै दुःस्वप्नका कुप्रभावलाई गहना लगाएझैँ गरी भिरिरहून् । दुःस्वप्नबाट उत्पन्न हुने कुप्रभावलाई तिमी हामीदेखि नौ हात परै राखिदेऊ । दुःस्वप्नबाट उत्पन्न दुष्प्रभावलाई हामी शत्रुहरूतिर जान प्रेरित गर्दछौँ ।

५८. यज्ञ सूक्त

ऋषि— ब्रह्मा । **देवता—** यज्ञ अथवा मन्त्रोक्त । **छन्द—** त्रिष्टुप्, पुरोऽनुष्टुप त्रिष्टुप्, चतुष्पदा अतिशक्वरी, भुरिक् त्रिष्टुप्, जगती ।

घृतस्य जूतिः समना सदेवा संवत्सरं हविषा वर्धयन्ती । श्रोत्रं चक्षुः प्राणोच्छिन्नो नो अस्त्वच्छिन्ना वयमायुषो वर्चसः ॥१॥

दैवी शक्तिहरूमा मन लगाएर अविच्छिन्न गतिले प्रदान गरिएको घिउरूपी तेजको आहुतिले संवत्सरको वृद्धि हुन्छ । हाम्रो प्राण, कान, नाक, तेज र आयु अविच्छिन्न रहून् ।

उपास्मान् प्राणो ह्वयतामुप वयं प्राणं हवामहे । वर्चो जग्राह पृथिव्य१न्तरिक्षं वर्चः सोमो बृहस्पतिर्विधत्ता ॥२॥

प्राणले हामीलाई चिरञ्जीवी बनाओस् । हामी प्राणलाई आह्वान गर्दछौँ । पृथ्वी, अन्तरिक्ष, सोम, बृहस्पति र विशिष्ट पुष्टिदाता सूर्यदेवताले हाम्रै लागि तेजस्विता धारण गरेका छन् ।

वर्चसो द्यावापृथिवी संग्रहणी बभूवथुर्वर्चो गृहीत्वा पृथिवीमनु सं चरेम । यशसं गावो गोपतिमुप तिष्ठन्त्यायतीर्यशो गृहीत्वा पृथिवीमनु सं चरेम ॥३॥

हे द्यावापृथिवी ! तिमी तेजस्विता सङ्ग्रह गर्दछ्यौ । त्यसलाई व्याप्त गराउँदै हामी पृथ्वीमा सञ्चरण गरौँ । यशस्विताका साथै हामीलाई गाई आदि प्राप्त होऊन् । हामी गाई र कीर्ति पाएर पृथ्वीमा विचरण गर्न योग्य होऔँ ।

व्रजं कृणुध्वं स हि वो नृपाणो वर्मा सीव्यध्वं बहुला पृथूनि । पुरः कृणुध्वमायसीरधृष्टा मा वः सुस्रोच्चमसो दृंहता तम् ॥४॥

हे मानिसहरू हो ! तिमीहरू गाईका गोठ बनाउने गर । त्यो निश्चय पनि तिमीहरूलाई पोषण प्रदान गर्नमा सक्षम हुनेछ । ठूलठूला खालका कवच तिमीहरू सिलाएर तयार गर । आफ्नो सुरक्षाका लागि फलामका बलिया खालका सहर यसरी बनाओ जसमा शत्रुपक्षले सजिलै आक्रमण गर्न नसकोस् । तिमीहरू आफ्नो अन्न, जल आदि राख्ने पात्रहरू पनि कहिल्यै नचुहुने गरी बलिया बनाओ ।

यज्ञस्य चक्षुः प्रभृतिर्मुखं च वाचा श्रोत्रेण मनसा जुहोमि । इमं यज्ञं विततं विश्वकर्मणा देवा यन्तु सुमनस्यमानाः ॥५॥

यज्ञका आँखा र मुखका रूपमा रहेका अग्निदेवता विशेष रूपले पोषण प्रदान गर्नमा समर्थ छन् । हामी वाणी, कान र मनलाई संयुक्त गराएर उनलाई आहुति समर्पित गर्दछौँ । विश्वका स्रष्टाले विस्तार गरेका यस यज्ञमा श्रेष्ठ विचार भएका देवताहरू सबै आऊन् ।

ये देवानामृत्विजो ये च यज्ञिया येभ्यो हव्यं क्रियते भागधेयम् । इमं यज्ञं सह पत्नीभिरेत्य यावन्तो देवास्तविषा मादयन्ताम् ॥६॥

देवताहरूका ऋत्विक् र पूज्य जो बनेका छन्, जसका निम्ति हविष्यान्न समर्पित गर्ने विधान बनाइएको छ, त्यस्ता देवगण आआफ्ना शक्तिहरूका साथमा यस यज्ञमा आएर हामीले प्रदान गरेको हवि पाएर परितृप्त होऊन् ।

५९. यज्ञ सूक्त

ऋषि— ब्रह्मा । **देवता—** अग्नि । **छन्द—** गायत्री, त्रिष्टुप् ।

त्वमग्ने व्रतपा असि देव आ मर्त्येष्वा । त्वं यज्ञेष्वीड्यः ॥१॥

हे अग्निदेवता ! तिमी मानिसहरूका बीचमा व्रतको संरक्षक गर्ने हौ र यज्ञमा स्तुति गर्न योग्य छौ ।

यद् वो वयं प्रमिनाम व्रतानि विदुषां देवा अविदुष्टरासः । अग्निष्टद् विश्वादा पृणातु विद्वान्त्सोमस्य यो ब्राह्मणाँ आविवेश ॥२॥

हे देवताहरू हो ! तिमीहरूको व्रत र अनुशासनबाट अनभिज्ञ रहेका हामीहरूले जेजस्ता गल्ती गर्दछौँ, तिनलाई यज्ञीय व्रतका ज्ञाता अग्निदेवताले अवश्य पूरा गराऊन् । सोमपूजक ब्रह्मनिष्ठहरूको जस्तै भएर अग्निदेवता पनि त्यस ठाउँमा विराजमान रहून् ।

आ देवानामपि पन्थामगन्म यच्छक्नवाम तदनुप्रवोढुम् । अग्निर्विद्वान्त्स यजात् स इद्धोता सोऽध्वरान्त्स ऋतून् कल्पयाति ॥३॥

हामी देवत्वको मार्गमा अगाडि बढौँ । हाम्रो त्यस्तो कार्य अनुकूलतापूर्वक पूर्ण होस् । उनै ज्ञानसम्पन्न अग्निदेवता नै निश्चित रूपमा होता हुनेछन् । उनले ऋतुहरू र यज्ञहरूलाई समर्थ बनाऊन् ।

६०. अङ्ग सूक्त

ऋषि— ब्रह्मा । **देवता—** मन्त्रोक्त, वाक् । **छन्द—** पथ्याबृहती, ककुम्मती पुर उष्णिक् ।

वाङ् म आसन्नसोः प्राणश्चक्षुरक्ष्णोः श्रोत्रं कर्णयोः । अपलिताः केशा अशोणा दन्ता बहु बाह्वोर्बलम् ।

हाम्रा मुखमा वाणी, नाकमा प्राण, आँखामा उत्तम दृष्टि, कानमा श्रवण शक्ति र कपालमा सेतोपना विनाको सौन्दर्य रहोस् । हाम्रा दाँत नथोतिऊन् र पाखुरा बलिष्ठ रहून् ।

ऊर्वोरोजो जङ्घयोर्जवः पादयोः । प्रतिष्ठा अरिष्टानि मे सर्वात्मानिभृष्टः ॥२॥

हाम्रा तिघ्रामा जोस, पिँडुलामा गतिशीलता र गोडामा स्थिर रहने सामर्थ्य विद्यमान रहोस् । हाम्रा

सबै शारीरिक अङ्गअवयवहरू निरोगी रहून् र आत्मबल कहिल्यै नघटोस् ।

६१. पूर्ण आयु सूक्त

ऋषि— ब्रह्मा । **देवता—** ब्रह्मणस्पति । **छन्द—** विराट् पथ्याबृहती ।

तनूस्तन्वा मे सहे दतः सर्वमायुरशीय । स्योनं मे सीद पुरुः पृणस्व पवमानः स्वर्गे ॥१॥

हामी शरीरका अङ्ग, दाँत आदिको स्वस्थतासहित पूर्ण आयु प्राप्त गरौं । हे पवमान अग्निदेवता ! हामी सुखपूर्वक रहेका ठाउँमा तिमी प्रतिष्ठित होऊ र स्वर्गलोकमा हामीलाई सुखले परिपूर्ण गराऊ ।

६२. सर्व प्रिय सूक्त

ऋषि— ब्रह्मा । **देवता—** ब्रह्मणस्पति । **छन्द—** अनुष्टुप् ।

प्रियं मा कृणु देवेषु प्रियं राजसु मा कृणु । प्रियं सर्वस्व पश्यत उत शूद्र उतार्ये ॥१॥

हे अग्निदेवता ! हामीलाई तिमी देवता एवं राजाहरूका लागि प्रिय बनाऊ । शूद्र, आर्य आदि सबै दर्शकहरूका लागि पनि प्रियपात्र बनाऊ ।

६३. आयुवर्धन सूक्त

ऋषि— ब्रह्मा । **देवता—** ब्रह्मणस्पति । **छन्द—** विराट् उपरिष्टाद् बृहती ।

उत् तिष्ठ ब्रह्मस्पते देवान् यज्ञेन बोधय । आयुः प्राणं प्रजां पशून कीर्तिं यजमानं च वर्धय ॥१॥

हे ज्ञानले सम्पन्न स्वामी ब्रह्मणस्पति ! तिमी स्वयं उठेर देवशक्तिलाई यज्ञीय प्रयोजनका लागि प्रेरित गर । तिमी यजमानको आयु, प्राणशक्ति, प्रजा, पशुधन तथा कीर्ति पनि बढाऊ ।

६४. दीर्घायु सूक्त

ऋषि— ब्रह्मा । **देवता—** अग्नि । **छन्द—** अनुष्टुप् ।

अग्ने समिधमाहार्षं बृहते जातवेदसे । स मे श्रद्धां च मेधां च जातवेदाः प्र यच्छतु ॥१॥

सर्वज्ञान सम्पन्न अग्निदेवताका लागि हामी समिधा लिएर आएका छौं । समिधाहरूबाट प्रदीप्त भएका अग्निदेवताले हामीलाई श्रद्धा र मेधा प्रदान गरून् ।

इध्मेन त्वा जातवेदः समिधा वर्धयामसि । तथा त्वमस्मान् वर्धय प्रजया च धनेन च ॥२॥

हे सर्वज्ञाता अग्निदेवता ! जसरी हामी तिमीलाई समिधाले प्रवृद्ध गराउँछौं, उसै गरी तिमी हामीलाई सन्तानरूपी प्रजा र धनसम्पदा बढाएर सम्पन्न बनाऊ ।

यदग्ने यानि कानि चिदा ते दारूणि दध्मसि । सर्वं तदस्तु मे शिवं तज्जुषस्व यविष्ठ्य ॥३॥

हे अग्निदेवता ! तिम्रा निम्ति हामीले जुन काठ ल्याएर राख्दछौं, त्यो सबै हाम्रा लागि कल्याणकारी होस् । हे तरुण अग्निदेवता ! तिमी यस समिधालाई सेवन गर ।

एतास्ते अग्ने समिधस्त्वमिद्धः समिद् भव । आयुरस्मासु धेह्यमृतत्वमाचार्याय ॥४॥

हे अग्निदेवता ! तिम्रा निमित्त यो समिधा ल्याइएको छ, यसबाट तिमी प्रज्वलित होऊ । तिमी हामीलाई समिधा प्रदान गर्ने कार्य गरिरहनका लागि लामो आयु प्रदान गर । हाम्रा आचार्यलाई पनि तिमी अमरता प्रदान गर ।

६५. सूक्त

ऋषि— ब्रह्मा । **देवता—** जातवेदा, सूर्य । **छन्द—** जगती ।

हरिः सुपर्णो दिवमारुहोऽर्चिषा ये त्वा दिप्सन्ति दिवमुत्पतन्तम् । अव तां जहि हरसा जातवेदोऽबिभ्यदुग्रोऽर्चिषा दिवमा रोह सूर्य ॥१॥

दुःख हरण गर्ने हुनाले हरि नाम भएका, सुपर्ण भन्ने गरिएका सूर्यदेवता आफ्नै तेजस्विताले आकाशमा आरुढ हुन्छन् । हे जातवेदा सूर्यदेवता ! आकाशमा आरुढ हुने समयमा जुन अवरोधहरूले तिमीलाई बाधा पार्न खोज्दछन् तिनलाई तिमी आफ्ना संहारक तेजले विनाश गर ।

निर्भय भएर तिमी आफ्ना प्रचण्ड पराक्रमले द्युलोकमाथि आरोहण गर ।

६६. असुरक्षयणम् सूक्त

ऋषि— ब्रह्मा । **देवता—** जातवेदा, सूर्य, वज्र । **छन्द—** अतिजगती ।

अयोजाला असुरा मायिनोऽयस्मयैः पाशैरङ्किनो ये चरन्ति । तांस्ते रन्धयामि हरसा जातवेदः सहस्रऋष्टिः सपत्नान् प्रमृणन् पाहि वज्रः ॥१॥

हे जातवेदा ! जुन मायावी राक्षसहरूले फलामे पाश र फलामे जाल हातमा लिएर विचरण गरिरहेका छन्, ती सबैलाई हामी तिम्रा तेजले नष्ट गराउँछौं । तिमी हजारौं किसिमका तिखा रश्मिरूपी बज्रले शत्रुलाई संहार गरेर हामीलाई रक्षा गर ।

६७. दीर्घायु सूक्त

ऋषि— ब्रह्मा । **देवता—** सूर्य । **छन्द—** प्राजापत्या गायत्री ।

पश्येम शरदः शतम् ॥१॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म देख्न सकौं ।

जीवेम शरदः शतम् ॥२॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म बाँच्न सकौं ।

बुध्येम शरदः शतम् ॥३॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म ज्ञानले सम्पन्न रहन सकौं ।

रोहेम शरदः शतम् ॥४॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म निरन्तर वृद्धि गर्न सकौं ।

पूषेम शरदः शतम् ॥५॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म देख्न सकौं ।

भवेम शरदः शतम् ॥६॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म परिपुष्ट रहन सकौं ।

भूयेम शरदः शतम् ॥७॥

हे सूर्यदेवता ! हामी सय वर्षसम्म सन्तान आदिका प्रभावले सम्पन्न रहन सकौं ।

भूयसीः शरदः शतात् ॥८॥

हे सूर्यदेवता ! हामी सय वर्षभन्दा बढी जीवित रहन सकौं ।

६८. वेदोक्तकर्म सूक्त

ऋषि— ब्रह्मा । **देवता—** कर्म । **छन्द—** अनुष्टुप् ।

अव्यसश्च व्यचसश्च बिलं वि ष्यामि मायया । ताभ्यामुद्धृत्य वेदमथ कर्माणि कृण्महे ॥१॥

हामी व्यापक र अव्यापक प्राणतत्त्वरूपी गुह्यस्थलमा कुशलतापूर्वक प्रवेश गर्दछौं । त्यसबाट उत्पन्न ज्ञानका कारण हामी कर्मानुष्ठान गर्दछौं ।

६९. आपः सूक्त

ऋषि— ब्रह्मा । **देवता—** आपः देव । **छन्द—** आसुरी अनुष्टुप्, साम्नी एकावसाना अनुष्टुप्, आसुरी गायत्री, साम्नी उष्णिक् ।

जीवा स्थ जीव्यासं सर्वमायुर्जीव्यासम् ॥१॥

हे देवताहरू हो ! तिमी आयुसम्पन्न छौ । हामी पनि आयुसम्पन्न होऔं र सय वर्षसम्मको पूर्ण आयुभरि जीवित रहौं ।

उपजीवा स्थोप जीव्यासं सर्वमायुर्जीव्यासम् ॥२॥

तिमी दीर्घ आयुले युक्त छौ, हामी पनि दीर्घ आयुले सम्पन्न हौं । हामी आयुसम्पन्न होऔं र सय वर्षसम्मको पूर्ण आयुभरि जीवित रहौं ।

संजीवा स्थ सं जीव्यासं सर्वमायुर्जीव्यासम् ॥३॥

तिमी श्रेष्ठ जीवन यापन गर्ने हौ । हामी आयुसम्पन्न होऔँ र सय वर्षसम्मको पूर्ण आयुभरि जीवित रहौँ ।

जीवला स्थ जीव्यासं सर्वमायुर्जीव्यासम् ॥४॥

हे देवताहरू हो ! तिमी जीवनयुक्त छौ । हामी आयुसम्पन्न होऔँ र सय वर्षसम्मको पूर्ण आयुभरि जीवित रहौँ ।

७०. पूर्णायु सूक्त

ऋषि— ब्रह्मा । **देवता—** इन्द्र, सूर्य । **छन्द—** त्रिपदा गायत्री ।

इन्द्र जीव सूर्य जीव देवा जीवा जीव्यासमहम् । सर्वमायुर्जीव्यासम् ॥१॥

हे इन्द्रदेवता ! तिमी जीवनयुक्त होऊ । हे सूर्यदेवता ! तिमी जीवनसम्पन्न होऊ । हे देवशक्तिहरू हो ! तिमीहरू पनि जीवनसम्पन्न होओ । हामी पनि चिरकालसम्म जीवन धारण गरेर रहौँ ।

७१. वेदममता सूक्त

ऋषि— ब्रह्मा । **देवता—** गायत्री । **छन्द—** त्र्यवसाना पञ्चपदा अतिजगती ।

स्तुता मया वरदा वेदमाता प्र चोदयन्तां पावमानी द्विजानाम् । आयुः प्राणं प्रजां पशुं कीर्तिं द्रविणं ब्रह्मवर्चसम् मह्यं दत्त्वा व्रजत ब्रह्मलोकम् ॥१॥

हामी साधकहरूबाट स्तुति गरिएकी, अभीष्ट फल प्रदान गर्ने वेदमाता गायत्रीले द्विजहरूलाई पवित्रता र प्रेरणा प्रदान गर्दछिन् । उनले हामीलाई दीर्घ जीवन, प्राणशक्ति, सुसन्तति, श्रेष्ठ पशुधन, कीर्ति, धनवैभव र ब्रह्मतेज प्रदान गरेर ब्रह्मलोक प्रस्थान गरून् ।

७२. परमात्मा सूक्त

ऋषि— भृग्वङ्गिरा ब्रह्मा । **देवता—** परमात्मा, समस्त देवगण । **छन्द—** त्रिष्टुप् ।

यस्मात् कोशादुदभराम वेदं तस्मिन्नन्तरव दध्म एनम् । कृतमिष्टं ब्रह्मणो वीर्येण तेन मा देवास्तपसावतेह ॥१॥

जुन कोशबाट हामीले वेदलाई निकालेका छौँ, उसै स्थानमा त्यस वेदलाई पुनः प्रतिष्ठित गर्दछौँ । वीर्यरूपी ज्ञानका जुन शक्तिले अभीष्ट कार्य गरेको छ, देवशक्तिले त्यसै तपःशक्तिबाट हामीलाई संरक्षण गरून् ।

॥इति एकोनविंशं काण्डम् ॥

उन्नाईसौँ काण्ड सकियो ।

ॐ

ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।

अथर्ववेद – संहिता

॥अथ विंशं काण्डम् ॥

सूक्त– १

ऋषि– विश्वामित्र, गौतम, विरूप । **देवता–** इन्द्र, मरुद्गण, अग्नि । **छन्द–** गायत्री ।

इन्द्र त्वा वृषभं वयं सुते सोमे हवामहे । स पाहि मध्वो अन्धसः ॥१॥

हे परम बलशाली इन्द्रदेवता ! पेलेर तयार गरेको सोमरस पान गर्नका लागि तिमीलाई हामी आह्वान गर्दछौं । तिमी यो मधुर सोमरस पान गर ।

मरुतो यस्य हि क्षये पाथा दिवो विमहसः । स सुगोपातमो जनः ॥२॥

दिव्यलोकका बासिन्दा, तेजस्विताले सम्पन्न हे मरुत्गण ! तिमीहरू जुन यजमानका घरको यज्ञस्थलमा सोमपान गर्दछौ, उनीहरु निश्चय नै चिरकालसम्म तिमीहरूको संरक्षणमा रहन्छन् ।

उक्षान्नाय वशान्नय सोमपृष्ठाय वेधसे । स्तोमैर्विधेमाग्नये ॥३॥

गोरुले उत्पन्न गरेको अन्न, गाईले उत्पन्न गरेको दुधघिउ आदि रस तथा सोमरसलाई हविका रूपमा ग्रहण गर्ने अग्निदेवतालाई महान् स्तोत्रहरूले हामी पूजा गर्दछौं ।

सूक्त– २

ऋषि– गृत्समद वा मेधातिथि । **देवता–** मरुद्गण, अग्नि, इन्द्र, द्रविणोदा । **छन्द–** एकावसाना विराट् गायत्री, एकावसाना आर्ची उष्णिक्, एकावसाना साम्नी त्रिष्टुप् ।

मरुतः पोत्रात् सुष्टुभः स्वर्कादृतुना सोमं पिबतु ॥१॥

सोमरसलाई पवित्र गराउने पोता नाम भएका ऋत्विक्हरूले ऋतुअनुसारको श्रेष्ठ स्तुतिका साथ समर्पण गरिएको सोमरसलाई वीर मरुत्गणले पान गरून् ।

अग्निराग्नीध्रात् सुष्टुभः स्वर्कादृतुना सोमं पिबतु ॥२॥

यज्ञको अग्निलाई प्रज्वलित राख्ने आग्निध्र नाम भएका ऋत्विक्हरूले ऋतुअनुसारको श्रेष्ठ स्तुतिका साथ समर्पण गरिएको सोमरसलाई अग्निदेवताले पान गरून् ।

इन्द्रो ब्रह्मा ब्राह्मणात् सुष्टुभः स्वर्कादृतुना सोमं पिबतु ॥३॥

यज्ञलाई सञ्चालन गर्ने ब्राह्मणाच्छसी नाम भएका ऋत्विक्हरूले ऋतुअनुसारको श्रेष्ठ स्तुतिका साथ समर्पण गरिएको सोमरसलाई ब्रह्मा नाम भएका सङ्गठक इन्द्रदेवताले पान गरून् ।

देवो द्रविणोदाः पोत्रात् सुष्टुभः स्वर्कादृतुना सोमं पिबतु ॥४॥

सोमरसलाई पवित्र गराउने पोता नाम भएका ऋत्विक्हरूले ऋतुअनुसारको श्रेष्ठ स्तुतिका साथ समर्पण गरिएको सोमरसलाई धन प्रदान गर्ने द्रविणोदा नामका देवताले पान गरून् ।

सूक्त– ३

ऋषि– इरिम्बिठि । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

आ याहि सुषुमा हि त इन्द्र सोमं पिबा इमम् । एदं बर्हिः सदो मम ॥१॥

हे इन्द्रदेवता ! तिमी हाम्रा यस यज्ञमा आऊ । यो सोमरस तिमीलाई समर्पित गरिएको छ, पान गर र यस श्रेष्ठ आसनमा विराजमान होऊ ।

आ त्वा ब्रह्मयुजा हरी वहतामिन्द्र केशिना । उप ब्रह्माणि नः शृणु ॥२॥

हे इन्द्रदेवता ! मन्त्रको सङ्केत सुन्नेबित्तिकै रथमा नारिने खालका श्रेष्ठ अश्वका माध्यमबाट तिमी नजिकै आएर हाम्रो प्रार्थनामा ध्यान देऊ ।

ब्रह्माणस्त्वा वयं युजा सोमपामिन्द्र सोमिनः । सुतावन्तो हवामहे ॥३॥

हे इन्द्रदेवता ! हामी ब्रह्मनिष्ठ साधकहरू सोम यज्ञ गर्दा सोमपान गर्नका लागि तिमीलाई आह्वान गर्दछौँ ।

सूक्त– ४

ऋषि– इरिम्बिठि । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

आ नो याहि सुतावतोऽस्माकं सुष्टुतीरुप । पिबा सु शिप्रिन्नन्धसः ॥१॥

श्रेष्ठ मुकुट धारण गरेका हे इन्द्रदेवता ! सोमयज्ञ गर्ने हामी याजकहरू आफ्ना श्रेष्ठ प्रार्थनाद्वारा तिमीलाई नजिकै बोलाउँछौँ । त्यसैले तिमी यहाँ आऊ र सोमरस पान गर ।

आ ते सिञ्चामि कुक्ष्योरनु गात्रा वि धावतु । गृभाय जिह्वया मधु ॥२॥

हे इन्द्रदेवता ! हामी तिम्रो पेट सोमरसले पूर्ण गराउँछौँ । त्यो रस तिम्रा सम्पूर्ण शरीरमा सञ्चरित होस् र तिमी त्यस मधुर सोमरसलाई आफ्नै जिब्राले स्वाद लिएर सेवन गर ।

स्वादुष्टे अस्तु संसुदे मधुमान् तन्वे३ तव । सोमः शमस्तु ते हृदे ॥३॥

हे इन्द्रदेवता ! मधुयुक्त सोम तिमीलाई ज्यादै मिठो लागोस् । तिम्रो शरीर, हृदय आदिका लागि त्यसले आनन्द उत्पन्न गरोस् ।

सूक्त– ५

ऋषि– इरिम्बिठि । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

अयमु त्वा विचर्षणे जनीरिवाभि संवृतः । प्र सोम इन्द्र सर्पतु ॥१॥

हे दूरदर्शी इन्द्रदेवता ! जसरी सेतो वस्त्र धारण गर्ने स्त्रीले सात्विकताको अभिव्यक्ति गर्दछन्, उसै गरी गाईको दुधमा मिसाइएको सोमरसले तेजयुक्त भएर तिमीलाई प्राप्त गरोस् ।

तुविग्रीवो वपोदरः सुबाहुरन्धसो मदे । इन्द्रो वृत्राणि जिघ्नते ॥२॥

सुन्दर गलो भएका, विशाल पेट भएका र बलिया भुजा भएका इन्द्रदेवता सोमरस पान गरेपछि उत्साहित भएर शत्रुलाई वध गर्दछन् ।

इन्द्र प्रेहि पुरस्त्वं विश्वस्येशान ओजसा । वृत्राणि वृत्रहञ्जहि ॥३॥

हे जगत्‌मा शासन गर्ने ओजस्वी इन्द्रदेवता ! तिमी अगुवा भएर गमन गर । हे वृत्रहन्ता इन्द्रदेवता ! तिमी नै शत्रुलाई संहार गर्ने हौ ।

दीर्घस्ते अस्त्वङ्कुशो येना वसु प्रयच्छसि । यजमानाय सुन्वते ॥४॥

हे इन्द्रदेवता ! तिमी जुन साधनले सोमयाग गर्ने याजकहरूलाई ऐश्वर्य अथवा आवास प्रदान गर्दछौ, तिम्रो त्यो अङ्कुश अथवा आयुध अत्यन्त विशाल छ ।

अयं त इन्द्र सोमो निपूतो अधि बर्हिषि । एहीमस्य द्रवा पिब ॥५॥

हे इन्द्रदेवता ! वेदिकामा सजाइएको, आसनमा राखिएको, शोधन गरिएको सोमरस तिम्रै लागि प्रस्तुत छ । तिमी शीघ्र आएर यसलाई पान गर ।

शाचिगो शाचिपूजनायं रणाय ते सुतः । आखण्डल प्र हूयसे ॥६॥

शक्तियुक्त गाईरूपी किरणहरूले युक्त भएका शत्रुनाशक, सामर्थ्यवान्, तेजस्वी, पूज्य हे इन्द्रदेवता ! तिम्रो हर्ष बढाउनका लागि सोमरस तयार गरिएको छ र त्यो सोमरस पान गर्नका लागि तिमीलाई बोलाइएको छ ।

यस्ते शृङ्गवृषो नपात् प्रणपात् कुण्डपाय्यः । न्य स्मिन् दध्र आ मनः ॥७॥

हे इन्द्रदेवता ! तिम्रो कसै गरी नघट्ने र घट्न नदिने खालको सिङजस्तो जुन बल छ, त्यो बल प्राप्तिका लागि हामी कुण्डपायी नामको यज्ञमा आफ्नो मनलाई स्थिर गराउँछौँ ।

सूक्त– ६

ऋषि– विश्वामित्र । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

इन्द्र त्वा वृषभं वयं सुते सोमे हवामहे । स पाहि मध्वो अन्धसः ॥१॥

हे इन्द्रदेवता ! पेलेर तयार पारिएको सोमरस पान गर्नका लागि तिमीलाई हामी आह्वान गर्दछौँ । तिमी आएर यो मधुर सोमरस पान गर ।

इन्द्र क्रतुविदं सुतं सोमं हर्य पुरुष्टुत । पिबा वृषस्व तातृपिम् ॥२॥

धेरै तिरबाट प्रशंसा गरिएका हे इन्द्रदेवता ! तिमी कर्म या यज्ञका ज्ञाता हौ । तिमी यस पेलेर तयार पारिएका सोमरसको कामना गर्दछौ र यसलाई पान गरेर बलवान् हुन्छौ ।

इन्द्र प्र णो धितावानं यज्ञं विश्वेभिर्देवेभिः । तिर स्तवान विश्पते ॥३॥

हे स्तुत्य र प्रजापालक इन्द्रदेवता ! तिमी समस्त पूजनीय देवताहरूका साथमा हाम्रो यस हव्य आदि द्रव्यले पूर्ण यज्ञलाई संवर्द्धित गर ।

इन्द्र सोमाः सुता इमे तव प्र यन्ति सत्पते । क्षयं चन्द्रास इन्दवः ॥४॥

हे सत्यको व्रत धारण गर्नेहरूका अधिपति इन्द्रदेवता ! यो दीप्तियुक्त, आनन्ददायक र पेलेर तयार पारिएको सोम तिम्रा लागि नै प्रेषित गरिएको छ ।

दधिष्वा जठरे सुतं सोममिन्द्र वरेण्यम् । तव द्युक्षास इन्दवः ॥५॥

हे इन्द्रदेवता ! पेलेर तयार राखिएको यो सोमरस तिमीलाई स्वीकार गर्न योग्य छ । किनभने दीप्तिमान सोमरस स्वर्गलोकमा तिमीसँगै रहने योग्य छ । यसलाई तिमी आफ्नो पेटमा थन्क्याइदेऊ ।

गिर्वणः पाहि नः सुतं मधोर्धाराभिरज्यसे । इन्द्र त्वादातमिद् यशः ॥६॥

हे इन्द्रदेवता ! हामीले शोधन गरेको सोमरसलाई तिमी पान गर । किनभने यो आनन्ददायी सोमरसका धाराले तिमीलाई नै सेचन गर्दछन् । हे इन्द्रदेवता ! हामीलाई तिम्रै कृपाले नै यश प्राप्त हुने गर्दछ ।

अभि द्युम्नानि वनिन इन्द्रं सचन्ते अक्षिता । पीत्वी सोमस्य वावृधे ॥७॥

देवताहरूको पूजा गर्ने यजमानहरूले चढाएको दीप्तिमान र अक्षय सोम आदिले युक्त हवि इन्द्रदेवतातर्फ नै जाने गर्दछ । इन्द्रदेवता यस्तै खालको सोम पान गरेर आनन्दित हुने गर्दछन् ।

अर्वावतो न आ गहि परावतश्च वृत्रहन् इमा जुषस्व नो गिरः ॥८॥

हे वृत्रहन्ता इन्द्रदेवता ! तिमी नजिकैबाट पनि यहाँ आऊ र परबाट पनि हामीकहाँ आऊ । हामीले समर्पण गरेको यो स्तुति ग्रहण गर ।

यदन्तरा परावतमर्वावतं च हूयसे । इन्द्रेह तत आ गहि ॥९॥

हे इन्द्रदेवता ! तिमी दूरदेशबाट, नजिकैबाट र मध्यम दूरीका स्थानहरूबाट पनि बोलाइन्छौ । ती सबै ठाउँबाट हामीकहाँ तिमी आऊ ।

सूक्त– ७

ऋषि– सुकक्ष, विश्वामित्र । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

उद् घेदभि श्रुतामघं वृषभं नर्यापसम् । अस्तारमेषि सूर्य ॥१॥

संसारमा प्रसिद्ध बनेका, ऐश्वर्यले सम्पन्न, शक्तिशाली, सम्पूर्ण मानवका हितैषि र दुष्टमाथि अस्त्रले प्रहार गर्ने इन्द्रदेवता नै सूर्यका रूपमा उदाउने गर्दछन् ।

नव यो नवतिं पुरो बिभेद बाह्वो जसा । अहिं च वृत्रहावधीत् ॥२॥

आफ्ना बाहुबलले शत्रुका उनान्सय सहर ध्वस्त पार्ने र वृत्र नामका दुष्टलाई नाश गर्ने इन्द्रदेवताले अहि भन्ने शत्रुलाई वध गरे ।

स न इन्द्रः शिवः सखाश्वावद् गोमद् यवमत् । उरुधारेव दोहते ॥३॥

हाम्रा लागि कल्याणकारी, मित्रको रूपमा रहेका इन्द्रदेवताले गाईका दुधको असङ्ख्य धाराजस्तो

धन प्रचुर मात्रामा प्रदान गरिरहून् ।

इन्द्र क्रतुविदं सुतं सोमं हर्य पुरुष्टुत । पिबा वृषस्व तातृपिम् ॥४॥

हे धेरै तिरबाट प्रशंसा मात्रै गरिएका इन्द्रदेवता ! तिमी कर्मरूपी यज्ञहरूका ज्ञाता हौ । यो पेलेर तयार पारिएको सोमरसको कामना गर । यसलाई पान गर र बलवान् होऊ ।

सूक्त– ८

ऋषि– भरद्वाज, कुत्स, विश्वामित्र । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप् ।

एवा पाहि प्रत्नथा मन्दतु त्वा श्रुधि ब्रह्म वावृधस्वोत गीर्भिः । आविः सूर्यं कृणुहि पीपिहीषो जहि शत्रूँरभि गा इन्द्र तृन्धि ॥१॥

हे इन्द्रदेवता ! स्तुति सुनेर तिमी हामीलाई उन्नति गराऊ । तिमीले पहिले जसरी सोमपान गरेका थियौ उसरी नै अहिले पनि सोमपान गर । यस सोमरसले तिमीलाई पुष्ट गराउनेछ । तिमी सूर्यदेवतालाई प्रकट गरेर हामीलाई अन्न प्रदान गर । पणीहरूले चोरेर लगेका गाईहरूलाई बाहिर निकाल र शत्रुलाई विनाश गर ।

अर्वाङेहि सोमकामं त्वाहुरयं सुतस्तस्य पिबा मदाय । उरुव्यचा जठर आ वृषस्व पितेव नः शृणुहि हूयमानः ॥२॥

हे सोमरस पान गर्ने रहर गर्ने इन्द्रदेवता ! तिमी हाम्रा सम्मुख आऊ । तिम्रै लागि यो सोमरस पेलेर तयार गरिएको हो । यसलाई तिमी आफ्ना पेटमा थन्क्याऊ र आह्वान गर्दाखेरि हामीले गरेका प्रार्थनाहरू पिताले जस्तै गरी ध्यान दिएर सुन्ने कृपा गर ।

आपूर्णो अस्य कलशः स्वाहा सेक्तेव कोशं सिसिचे पिबध्यै । समु प्रिया आववृत्रन् मदाय प्रदक्षिणिदभि सोमास इन्द्रम् ॥३॥

यो सोमरसले भरिएको कलश इन्द्रदेवताले पान गर्नका लागि हो । सिँचाइ गर्नेहरूले खेतमा जसरी सिँचाइ गर्दछन् उसरी नै हामी इन्द्रदेवतालाई सोमरसले सेचन गर्दछौँ । इन्द्रदेवतालाई खुसी पार्नका लागि यो प्रिय सोम प्रदक्षिणा गर्दै उनका नजिकै पुगोस् ।

सूक्त– ९

ऋषि– नोधा, मेध्यातिथि । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप्, प्रगाथ बृहती +सतोबृहती ।

तं वो दस्ममृतीषहं वसोर्मन्दानमन्धसः । अभि वत्सं न स्वसरेषु धेनव इन्द्रं गीर्भिर्नवामहे ॥१॥

हे ऋत्विक्हरू हो ! शत्रुबाट रक्षा गर्ने, तेजस्वी सोमरसले सन्तुष्ट हुने गरेका इन्द्रदेवतालाई हामी गरी स्तुति गरौँ, गोठमा भएको बाछो भेट्न नजिकै जानका लागि गाई जसरी हतारिँदै कराउने छन् ।

द्युक्षं सुदानुं तविषीभिरावृतं गिरिं न पुरुभोजसम् । क्षुमन्तं वाजं शतिनं सहस्रिणं मक्षू गोमन्तमीमहे ॥२॥

लोकवासी, उत्तम दानदाता, सामर्थ्यवान्, धेरै किसिमले पोषण प्रदान गर्ने, पर्वतजस्तै अन्न र ले सम्पन्न इन्द्रदेवतासित हामी सयौँ वा हजारौँ किसिमका सम्पत्ति माग्दछौँ ।

तत् त्वा यामि सुवीर्यं तद् ब्रह्म पूर्वचित्तये । येना यतिभ्यो भृगवे धने हिते येन प्रस्कण्वमाविथ ॥३॥

हे इन्द्रदेवता ! जुन शक्तिले तिमीले साधुसन्त तथा भृगुऋषिलाई धन प्रदान गरेका थियौ र जुन ले प्रस्कण्व आदि ज्ञानीहरूलाई रक्षा गरेका थियौ, उही ज्ञान र बल प्राप्त गर्नका लागि हामी भन्दा पहिले तिमीलाई नै प्रार्थना गर्दछौँ ।

येना समुद्रमसृजो महीरपस्तदिन्द्र वृष्णि ते शवः । सद्यः सो अस्य महिमा न संनशे यं क्षोणीरनुचक्रदे ॥४॥

हे इन्द्रदेवता ! जुन शक्तिले तिमीले समुद्र तथा विशाल नदीहरूलाई निर्माण गरेका थियौ, उसै शक्तिले हामीलाई अभीष्ट पूर्ण गराउँछ । तिम्रा जुन महिमालाई द्यावापृथिवीले अनुगमन गर्दछन् त्यसको कुनै पार पाउने खालको सीमा नै छैन ।

सूक्त– १०

ऋषि– मेध्यातिथि । **देवता–** इन्द्र । **छन्द–** प्रगाथ (बृहती +सतोबृहती ।

उदु त्ये मधुमत्तमा गिर स्तोमास ईरते । सत्राजितो धनसा अक्षितोतयो वाजयन्तो रथा इव ॥१॥

यस जीवनरूपी सङ्ग्राममा वास्तविक विजय प्रदान गर्ने, ऐश्वर्य प्राप्तिको माध्यम बनेका, निरन्तर रक्षा गर्ने मधुर स्तोत्रहरू युद्धको उपकरणजस्तै महत्त्वपूर्ण हुन्छन् भन्ने गरिन्छ ।

कण्वा इव भृगवः सूर्या इव विश्वमिद् धीतमानशुः । इन्द्रं स्तोमेभिर्महयन्त आयवः प्रियमेधासो अस्वरन् ॥२॥

कण्वका गोत्रमा उत्पन्न ऋषिहरूको जस्तै स्तुति गरेर भृगुका गोत्रमा उत्पन्न भएका ऋषिहरूले इन्द्रदेवतालाई चारै तिरबाट उसै किसिमले घेरेका थिए, जसरी सूर्यका रश्मिले पृथ्वीलाई सबै तिरबाट ओगटेको हुन्छ । प्रियमेधले यस्ता इन्द्रेवतालाई स्तुति गर्दै उनको पूजा पनि गरे ।

सूक्त– ११

ऋषि– विश्वामित्र । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप् ।

इन्द्रः पूर्भिदातिरद् दासमर्कैर्विदद्वसुर्दयमानो वि शत्रून् । ब्रह्मजूतस्तन्वा वावृधानो भूरिदात्र आपृणद् रोदसी उभे ॥१॥

शत्रुका सहरहरूलाई ध्वस्त पार्ने महिमाशाली, धनवान् इन्द्रदेवताले आफ्नो तेजले शत्रुलाई मार्दै उनलाई भस्म गराए । स्तुतिले प्रेरित र शरीरले प्रवर्द्धित हुँदै विभिन्न खालका अस्त्र धारण गरेका इन्द्रदेवताले द्युलोक र पृथ्वी दुवैलाई पूर्ण गराए ।

मखस्य ते तविषस्य प्र जूतिमियर्मि वाचममृताय भूषन् । इन्द्र क्षितीनामसि मानुषीणां विशां दैवीनामुत पूर्वयावा ॥२॥

हे इन्द्रदेवता ! तिमी पूजनीय र बलशाली छौ । तिमीलाई विभूषित गराउँदै हामी अमरत्व प्राप्त गर्नका लागि प्रेरक स्तोत्रहरू उच्चारण गर्दछौँ । हामी मानिस र देवताहरूका लागि तिमी अगुवा भइदेऊ ।

इन्द्रो वृत्रमवृणोच्छर्धनीतिः प्र मायिनाममिनाद् वर्पणीतिः । अहन् व्यंसमुशधग् वनेष्वाविर्धेना अकृणोद् राम्याणाम् ॥३॥

नीतिज्ञहरूमा प्रसिद्ध रहेका इन्द्रदेवताले वृत्रासुरलाई रोके, शत्रुवध गर्नका लागि मायावी राक्षसहरूलाई मारे र वनमा लुकेर बसेका मुर्कट्टाहरू असुरहरूलाई विनाश गरेर अन्धकारमा लुकाइएका किरणरूपी गाईहरूलाई प्रकट गराए ।

इन्द्रः स्वर्षा जनयन्नहानि जिगायोशिग्भिः पृतना अभिष्टिः । प्रारोचयन्मनवे केतुमह्नामविन्दज्ज्योतिर्बृहते रणाय ॥४॥

स्वर्गीय सुखतर्फ प्रेरित गर्ने इन्द्रदेवताले दिनहरूलाई प्रकट गराएर युद्धको रहर गर्ने मरुत्हरूका साथमा रहेर शत्रुको सेनालाई परास्त गराउँदै उनलाई जिते । त्यसपछि मानिसहरूका लागि दिउँसो भएको सूचना गराउने सूर्यदेवतालाई प्रकाशित गराए र महान् युद्धमा विजय प्राप्त गर्नका लागि दिव्य ज्योतिस्वरूप तेज प्राप्त गरे ।

इन्द्रस्तुजो बर्हणा आ विवेश नृवद् दधानो नर्या पुरूणि । अचेतयद् धिय इमा जरित्रे प्रेमं वर्णमतिरच्छुक्रमासाम् ॥५॥

त्रिपुल सामर्थ्यशाली इन्द्रदेवताले नेतृत्वकर्ताजस्तो भएर अवरोध उत्पन्न गर्ने शत्रुका सेनाभित्र पसेर उनीहरूलाई छिन्नभिन्न गराए । स्तुतिकर्ताहरूका लागि उषालाई चेतन गराए र उनको सफा वर्णलाई अरू धेरै उज्यालो दीप्तिले सम्पन्न गराए ।

महो महानि पनयन्त्यस्येन्द्रस्य कर्म सुकृता पुरूणि । वृजनेन वृजिनान्त्सं पिपेष मायाभिर्दस्यूँरभिभूत्योजाः ॥६॥

स्तोताहरूले महान् इन्द्रदेवताका पराक्रमी महिमाको गुणगान गर्दछन् । उनै इन्द्रदेवताले आफ्ना सामर्थ्यले शत्रुलाई पराजित गराउँछन् । उनले आफ्ना मायाले बलवान् दस्युहरूलाई पूर्ण रूपमा नष्ट गरेका थिए ।

युधेन्द्रो मह्नावरिवश्चकार देवेभ्यः सत्पतिश्चर्षणिप्राः । विवस्वतः सदने अस्य तानि विप्रा उक्थेभिः कवयो गृणन्ति ॥७॥

सज्जनहरूका अधिपति र उनीहरूका मनको रहर पूरा गराउने इन्द्रदेवताले आफ्ना महिमाले युद्धमा देवताहरूको श्रेष्ठता प्रमाणित गराए । बुद्धिमान् स्तोताहरूले यजमानका घरमा इन्द्रदेवताका ती श्रेष्ठ कर्महरूको प्रशंसा गर्दछन् ।

सत्रासाहं वरेण्यं सहोदां ससवांसं स्वरपश्च देवीः । ससान यः पृथिवीं द्यामुतेमामिन्द्रं मदन्त्यनु धीरणासः ॥८॥

स्तोताहरू शत्रुविजेता, वरणीय, बलप्रदाता, स्वर्गीय सुख प्रदाता र दीप्तिमान् जलका अधिपति इन्द्रदेवतालाई उत्तम स्तुतिले वन्दना गर्दछन् । उनै इन्द्रदेवताले द्युलोक र यस पृथ्वीलोकलाई आफ्ना ऐश्वर्यका बलले धारण गर्दछन् ।

ससानात्याँ उत सूर्यं ससानेन्द्रः ससान पुरुभोजसं गाम् । हिरण्ययमुतभोगं ससान हत्वी दस्यून् प्रार्यं वर्णमावत् ॥९॥

न्य नामको उछिट्टिने अश्वरूपी शक्ति प्रवाह, सूर्य तथा पर्याप्त भोजन प्रदान गर्ने गाई र सुनौलो ङ्कार र भोग्यपदार्थ इन्द्रदेवताले दान गरे । त्यसपछि दस्युहरूलाई मारेर उनले आर्यहरूलाई न गरे ।

इन्द्र ओषधीरसनोदहानि वनस्पतीँरसनोदन्तरिक्षम् । बिभेद वलं नुनुदे विवाचोऽथाभवद् दमिताभिक्रतूनाम् ॥१०॥

नीहरूको कल्याणका लागि इन्द्रदेवताले औषधि, दिनको प्रकाश आदि प्रदान गरे र वनस्पति अन्तरिक्ष पनि प्रदान गरे । बल नामका असुरलाई मर्दन गरे, प्रतिवादीहरूलाई पर भगाए र गर्न तम्सिएका शत्रुहरूलाई दमन गरे ।

शुनं हुवेम मघवानमिन्द्रमस्मिन् भरे नृतमं वाजसातौ । शृण्वन्तमुग्रमूतये समत्सु घ्नन्तं वृत्राणि संजितं धनानाम् ॥११॥

आफ्नो जीवनसङ्ग्राममा संरक्षण प्राप्त गर्नका लागि इन्द्रदेवतालाई आह्वान गर्दछौँ । उनै त्रकर्ता, मानिसका नियन्ता, स्तुति सुनिदिने, युद्धमा उग्र, शत्रुलाई विनाश गर्ने र धन विजेता देवता नै महान् ऐश्वर्यले सम्पन्न छन् ।

सूक्त– १२

ऋषि– वसिष्ठ, अत्रि । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप् ।

उदु ब्रह्माण्यैरत श्रवस्येन्द्रं समर्ये महया वसिष्ठ । आ यो विश्वानि शवसा ततानोपश्रोता म ईवतो वचांसि ॥१॥

ज्ञाका भरमा विशिष्ट पद प्राप्त गरेका हे वसिष्ठ ऋषि । पोषक आहार प्राप्त गर्ने कामनाले का यज्ञमा आफ्ना शक्तिले सम्पूर्ण भुवनहरूलाई विस्तृत गराउने, यश वृद्धि गराउने,

उपासकहरूको प्रार्थना सुनिदिने इन्द्रदेवताको महिमा वर्णन गर । उनका लागि उत्तम स्तोत्र पाठ गर ।

अयामि घोष इन्द्र देवजामिरिरज्यन्त यच्छुरुधो विवाचि । नहि स्वमायुश्चिकिते जनेषु तानीदंहांस्यति पर्ष्यस्मान् ॥२॥

जुन बेला देवताका लागि स्तुति गरिएको हुन्छ, त्यस अवस्थामा शोक निवारण गर्ने औषधि वा शक्ति प्राप्त हुन्छ । हे इन्द्रदेवता ! मानिसहरूमा आफ्नो आयुका विषयमा जान्ने कोही पनि हुँदैन । हामीलाई सबै पापबाट तिमीले पार लगाऊ ।

युजे रथं गवेषणं हरिभ्यामुप ब्रह्माणि जुजुषाणमस्थुः । वि बाधिष्ट स्य रोदसी महित्वेन्द्रो वृत्राण्यप्रति जघन्वान् ॥३॥

गाई अथवा किरणलाई प्रकट गराउने इन्द्रदेवताका रथमा हरियो वर्णका दुई अश्वलाई स्तोत्रका बलमा वसिष्ठले नियोजित गर्दछन् । जुन इन्द्रदेवता हाम्रा उपास्य हुन्, स्तोत्रले पनि उनैको सेवा गर्दछ । यिनै इन्द्रका महिमाले द्युलोक र पृथिवी व्याप्त भएको छ । उनै इन्द्रले अनौठो तरिकाले वृत्रासुरलाई वध गरेका हुन् ।

आपश्चित् पिप्यु स्तर्यो३ न गावो नक्षन्नृतं जरितारस्त इन्द्र । याहि वायुर्न नियुतो नो अच्छा त्वं हि धीभिर्दयसे वि वाजान् ॥४॥

हे इन्द्रदेवता ! तिम्रा कृपाले नै नब्याउने बाँझा गाईको बल बढेझैँ पानीको प्रवाह बढ्ने गरोस् तिम्रा स्तोताहरू यज्ञ गरिरहून् । अश्वहरूले वायुसमानको वेगले तिमीलाई हामीकहाँ लिए आऊन् । तिमी स्तोताहरूलाई बुद्धि, बल र अन्न प्रदान गरिराख ।

ते त्वा मदा इन्द्र मादयन्तु शुष्मिणं तुविराधसं जरित्रे । एको देवत्रा दयसे हि मर्तानस्मिञ्छूर सवने मादयस्व ॥५॥

हे इन्द्रदेवता ! देवताहरूमा एकमात्र तिमी नै हामी मानिसहरूमाथि बढी दया गर्ने खालका छौ तिमी यस यज्ञमा सोमरस पान गरेर आनन्दित होऊ । हे शूरवीर देवता ! प्रचुर सम्पदा प्रदान गर्ने तिमीलाई साधकहरूका स्तुतिले आनन्दित गराओस् ।

एवेदिन्द्रं वृषणं वज्रबाहुं वसिष्ठासो अभ्यर्चन्त्यर्कैः । स न स्तुतो वीरवद् धातु गोमद् यूयं पात स्वस्तिभिः सदा नः ॥६॥

वसिष्ठ गोत्रका ऋषिहरू बलवान्, वज्रधारी इन्द्रदेवतालाई स्तोत्रद्वारा पूजा गर्दछन् । उनी स्तुतिले प्रसन्न भएर स्तोताहरूलाई वीरका साथै गाई आदि धन प्रदान गर्दछन् । उनै इन्द्रका कल्याणकारी साधनले हामीलाई रक्षा गरोस् ।

ऋजीषी वज्री वृषभस्तुराषाट्छुष्मी राजा वृत्रहा सोमपावा । युक्त्वा हरिभ्यामुप यासदर्वाङ् माध्यंदिने सवने मत्सदिन्द्रः ॥७॥

इन्द्रदेवता सोम धारण गर्ने, वज्र धारण गर्ने, अभीष्टको वर्षा गराउने, शत्रुसंहारक, बलवान्, शासक वृत्रहन र सोमपानकर्ता हुन् । आफ्ना अश्वलाई रथमा बाँधेपछि उनी हाम्रा सामु आऊन् । माध्यन्दिन सवनमा सोमपान गरेर हर्षित होऊन् ।

सूक्त— १३

ऋषि— वामदेव, गोतम, कुत्स, विश्वामित्र । **देवता—** इन्द्राबृहस्पती, मरुद्गण, अग्नि

छन्द— जगती, त्रिष्टुप् ।

इन्द्रश्च सोमं पिबतं बृहस्पतेऽस्मिन् यज्ञे मन्दसाना वृषण्वसू । आ वां विशन्त्विन्दवः स्वाभुवोऽस्मे रयिं सर्ववीरं नि यच्छतम् ॥१॥

हे बृहस्पतिदेवता ! तिमी र इन्द्रदेवता यस यज्ञमा सोमपान गरेर हर्षित भएपछि याजकहरूलाई ऐश्वर्य प्रदान गर । सर्वत्र विद्यमान रहने सोम तिमीहरू दुवैका पेटभित्र पसोस् । हामीलाई तिमीहरू पराक्रमी सन्तान र ऐश्वर्य प्रदान गर ।

आ वो वहन्तु सप्तयो रघुष्यदो रघुपत्वानः प्र जिगात बाहुभिः । सीदता बर्हिरुरु वः सदस्कृतं मादयध्वं मरुतो मध्वो अन्धसः ॥२॥

हे मरुत्हरू हो ! वेगवान् अश्वले तिमीहरूलाई यस यज्ञस्थलमा ल्याऊन् । तिमीहरू शीघ्रतापूर्वक दुवै हातमा धन लिएर यतातिर आओ । तिमीहरूका लागि यहाँ ठूलो स्थान बनाइएको छ । यहाँ कुशका आसनमा बसेर मधुर हविरूप अन्न सेवन गर्दै हर्षित होओ ।

यमं स्तोममर्हते जातवेदसे रथमिव सं महेमा मनीषया । भद्रा हि नः प्रमतिरस्य संसद्यग्ने सख्ये मा रिषामा वयं तव ॥३॥

पूजनीय र सर्वज्ञानले सम्पन्न अग्निलाई यज्ञमा प्रकट गर्नका लागि स्तुतिलाई विचारपूर्वक रथझैं प्रयोग गर्दछौं । यस यज्ञाग्निका नजिकै रहँदा हाम्रो बुद्धि कल्याणकारी बन्दछ । हे अग्निदेवता ! हामी तिम्रा मित्रताले दुःखकष्ट र तापरहित हुन सकौं ।

ऐभिरग्ने सरथं याह्यर्वाङ् नानारथं वा विभवो ह्यश्वाः । पत्नीवतस्त्रिंशतं त्रींश्च देवाननुष्वधमा वह मादयस्व ॥४॥

हे अग्निदेवता ! तिमी तो सबै देवताहरूका साथमा एउटै रथमा वा विभिन्न रथमा हामीकहाँ आऊ । तिम्रा अश्वहरू वहन गर्नमा समर्थ छन् । तेत्तीस देवताहरूलाई उनका पत्नीहरूका साथमा सोमपान गर्नका लागि लिएर आऊ र यसबाट उनीहरूलाई आनन्द प्राप्त होस् ।

सूक्त– १४

ऋषि– सौभरि । **देवता–** इन्द्र । **छन्द–** प्रगाथ ककुप् बृहती ।

वयमु त्वामपूर्व्य स्थूरं न कच्चिद् भरन्तोऽवस्यवः । वाजे चित्रं हवामहे ॥१॥

हे अद्वितीय इन्द्रदेवता ! सांसारिक गुणले सम्पन्न, शक्तिशालीलाई मानिसहरूले जसरी बोलाउँछन्। त्यसै गरी हामी आफ्नो रक्षाका कामनाले विशिष्ट सोमरसद्वारा तृप्त गराउँदै तिमीलाई स्तुति गर्दछौं ।

उप त्वा कर्मन्नूतये स नो युवोग्रश्चक्राम यो धृषत् । त्वामिद्ध्यवितारं ववृमहे सखाय इन्द्र सानसिम् ॥२॥

हे शत्रुसंहारक इन्द्रदेवता ! कर्मशील रहँदै हामी आफ्नो सहायता प्राप्त गर्नका लागि तरुण र वीरु रूपमा रहेका तिम्रो आश्रय लिन्छौं । मित्रको जस्तै सहायता प्राप्त गर्नका लागि हामी तिम्रो स्मरण गर्दछौं ।

यो न इदमिदं पुरा प्र वस्य आनिनाय तमु व स्तुषे । सखाय इन्द्रमूतये ॥३॥

हे मित्रहरू हो ! उहिलेका जमानादेखि नै जुन धन, वैभव प्रदान गर्दै आएका छन्, उनै इन्द्रदेवतालाई हामी सबैको कल्याणका लागि स्तुति गर्दछौं ।

हर्यश्वं सत्पतिं चर्षणीसहं स हि ष्मा यो अमन्दत । आ तु नः स वयति गव्यमश्व्यं स्तोतृभ्य मघवा शतम् ॥४॥

हरि नामका अश्व भएका, भद्रजनलाई पालन गर्ने र शत्रुलाई परास्त गर्ने इन्द्रदेवतालाई जुन याचकले प्रार्थना गर्दछन्, उनै इन्द्रदेवताले सयौं गाई तथा अश्वले भरपूर ऐश्वर्य हामीलाई प्रदान गरुन् ।

सूक्त– १५

ऋषि– गोतम । **देवता–** इन्द्र । **छन्द–** त्रिष्टुप् ।

प्र मंहिष्ठाय बृहते बृहद्रये सत्यशुष्माय तवसे मतिं भरे । अपामिव प्रवणे यस्य दुर्धरं राधो विश्वायु शवसे अपावृतम् ॥१॥

महा दानी, महान् ऐश्वर्यशाली, सत्यस्वरूप, पराक्रमी इन्द्रदेवतालाई हामी बुद्धिपूर्वक स्तुति गर्दछौं । ओरालोतर्फ बग्ने वेगवान् जलको प्रवाहजस्तै, विश्वका प्राणीहरूका हितमा प्रवाहित उनको शक्ति र सहयोग प्रसिद्ध छ ।

अध ते विश्वमनु हासदिष्टय आपो निम्नेव सवना हविष्मतः । यत् पर्वते न समशीत ह
इन्द्रस्य वज्रः श्नथिता हिरण्ययः ॥२॥

हे इन्द्रदेवता ! जब तिम्रो स्वर्णमय दीप्तिमान तथा घातक शक्तिले सम्पन्न वज्रले मेघलाई वि
गराउन तयार भएको थियो, त्यस बेला हे इन्द्रदेवता ! सारा संसार तिम्रा लागि यज्ञकर्म ग
संलग्न रहेको थियो । जलले ओरालोतर्फ प्रवाहित भएझैँ याजकहरूबाट समर्पित सोम ि
भएतिर प्रवाहित भयो ।

अस्मै भीमाय नमसा समध्वर उषो न शुभ्र आ भरा पनीयसे । यस्य धाम श्रवसे नामे
ज्योतिरकारि हरितो नायसे ॥३॥

हे दीप्तिमती उषादेवी ! शत्रुप्रति विकराल र प्रशंसनीय उनै इन्द्रदेवताका लागि नमस्कार गर्दै
सम्पादन गराऊ । जसको धाम अन्न आदिका लागि प्रसिद्ध छ, जसको सामर्थ्य र ब
अश्वजत्तिकै सर्वत्र सञ्चरण गर्दछन्, उनै इन्द्रका लागि यज्ञ गराऊ ।

इमे त इन्द्र ते वयं पुरुष्टुत ये त्वारभ्य चरामसि प्रभूवसो । नहि त्वदन्यो गिर्वणो
सघत् क्षोणीरिव प्रति नो हर्य तद् वचः ॥४॥

हे सम्पत्तिवान् एवं धेरै तिरबाट प्रशंसा पाउने इन्द्रदेवता ! तिमीले संरक्षणको कार्यको कामना
र निष्ठापूर्वक रहँदै हामी तिम्रो स्तुति गर्दछौँ । सबै खालका पदार्थहरूलाई स्वीकार गर्ने पृथ्वी
तिमी पनि हाम्रा सबै स्तोत्र स्वीकार गर । तिमीबाहेक यसो गर्न योग्य अर्को कोही पनि छैन ।

भूरि त इन्द्र वीर्यं१ तव स्मस्यस्य स्तोतुर्मघवन् काममा पृण । अनु ते द्यौर्बृहती वीर्यं
इयं च ते पृथिवी नेम ओजसे ॥५॥

हे ऐश्वर्यशाली इन्द्रदेवता ! स्तुति गर्ने यी साधकहरूको मनोकामना तिमीले पूरा गराऊ । ि
पराक्रम महान् छ । यो महान् द्युलोक पनि तिम्रै बलमा नै स्थित छ र यो पृथ्वी पनि तिम्रा बल
सामु झुकेको नै छ ।

त्वं तमिन्द्र पर्वतं महामुरुं वज्रेण वज्रिन् पर्वशश्चकर्तिथ । अवासृजो निवृताः अपः
विश्वं दधिषे केवलं सहः ॥६॥

हे वज्रधारी इन्द्रदेवता ! तिमीले महान् बलशाली मेघलाई आफ्नै वज्रले टुक्राटुक्रा गराएका
थुनिएर रोकिएका जलप्रवाहलाई बग्नका लागि मुक्त गरायौ । केवल तिमी नै सबै खालका स
शक्तिलाई धारण गर्दछौ ।

सूक्त— १६

ऋषि— अयास्य । **देवता—** बृहस्पतिइन्द्र । **छन्द—** त्रिष्टुप ।

उदप्रुतो न वयो रक्षमाणा वावदतो अभ्रियस्येव घोषाः । गिरिभ्रजो नोर्मयो म
बृहस्पतिमभ्य१र्का अनावन् ॥१॥

पानीमा जलक्रीडा पक्षी र रक्षकहरूका समुदायले जसरी निरन्तर हल्ला गरिरहन्छन्, जसरी मे
गर्जन बारम्बार हुने गर्दछ, जसरी पर्वतबाट खस्ने झर्नाले मेघबाट ओइरिएको पानीका धाराले
निकाल्दछन्, उसै गरी ऋत्विक्‌हरू पनि निरन्तर बृहस्पतिदेवताको स्तुति गरिरहन्छन् ।

सं गोभिराङ्गिरसो नक्षमाणो भग इवेदर्यमणं निनाय । जने मित्रो न दम्पती अनक्ति बृह
वाजयाशूँरिवाजौ ॥२॥

अङ्गिरस् पनि भनेर चिनिने बृहस्पतिदेवताले गुप्त स्थानमा रहने गरेका वाणीरूपी गाई
किरणलाई प्रकट गराए । उनै देवताले भग नामका ऐश्वर्यजस्ता देवतालाई ल्याएर प्रजाह
मित्रतापूर्वक रहनका लागि भालेपोथीका रूपमा सुसज्जित गराउँछन् । हे बृहस्पतिदेवत
हामीलाई तिमी युद्धका घोडाहरूजस्तै शक्तिले सम्पन्न गराऊ ।

साध्वर्या अतिथिनीरिषिरा स्पार्हाः सुवर्णा अनवद्यरूपाः । बृहस्पतिः पर्वतेभ्यो वितूर्या निर्गा ऊपे यवमिव स्थिविभ्यः ॥३॥

कल्याणकारी दुध प्रदान गर्ने, निरन्तर गतिशील, काम्य स्पृहायुक्त, श्रेष्ठ वर्णयुक्त, निन्दारहित, राम्रो रूप भएका गाईहरूलाई बृहस्पतिदेवताले उसै किसिमले पर्वतका गोप्य स्थानहरूबाट शीघ्रतापूर्वक बाहिर निकाले जसरी कृषकले जम्मा पारेको बालीबाट अनाजहरूलाई बाहिर निकालेर छर्ने गर्दछन् ।

आप्रुषायन् मधुन ऋतस्य योनिमवक्षिपन्नर्क उल्कामिव द्योः । बृहस्पतिरुद्धरन्नश्मनो गा भूम्या उद्नेव वि त्वचं बिभेद ॥४॥

आकाशमा जसरी उल्काहरू प्रकट हुने गर्दछन्, उसै गरी पूज्य बृहस्पतिदेवता ऋत नामको सत्य यज्ञका योनिरूपी उद्गम स्थलमा मधुर रस बर्साउँछन् । उनले मेघबाट गाईरूपी किरणलाई मुक्त गराए र पृथ्वीको त्वचालाई यसरी भेदन गरे, जसरी वर्षाका जलविन्दुले भेदन गर्दछ ।

अप ज्योतिषा तमो अन्तरिक्षादुद्नः शीपालमिव वात आजत् । बृहस्पतिरनुमृश्या वलस्याभ्रमिव वात आ चक्र आ गाः ॥५॥

जसरी वायुका प्रवाहले जलको सतहमा रहेको लेउ बगाएर पर लैजान्छ, मेघलाई उडाएर लैजान्छ उसरी नै बृहस्पतिदेवताले विचारपूर्वक बल नामको अज्ञानको प्रतीक असुरको आवरण हटाएर गाईरूपी ज्ञानयुक्त वाणीलाई बाहिर निकाल्दछ ।

यदा वलस्य पीयतो जसुं भेद् बृहस्पतिरग्नितपोभिरर्कैः । दद्भिर्न जिह्वा परिविष्टमाददाविर्निधीँरकृणोदुस्रियाणाम् ॥६॥

बृहस्पति देवताको अग्निजस्तो, तातो र उज्यालो आयुधले जुन समयमा बल नामका असुरका अस्त्रहरूलाई छिन्नभिन्न गराए, उसै गरी उनले गाईरूपी दिव्य वाणीलाई आफ्ना अधिकारका क्षेत्रमा लिए । दाँतले चबाएको अन्न जिब्राले प्राप्त गरेजसरी नै पणीहरूलाई वध गरेर बृहस्पतिदेवताले गाईहरू प्राप्त गरे ।

बृहस्पतिरमत हि त्यदासां नाम स्वरीणां सदने गुहा यत् । आण्डेव भित्त्वा शकुनस्य गर्भमुदुस्रियाः पर्वतस्य त्मनाजत् ॥७॥

गुफामा लुकाएर राखिएका गाईहरू कराएको आवाज सुनेर बृहस्पतिदेवतालाई गाई त्यहाँ भएको आभास भयो । जसरी अन्डा फुटाएर पक्षीको बचरो बाहिर निस्कन्छ, उसै गरी बृहस्पतिदेवताले पर्वत र मेघको आवरण भत्काएर गाईरूपी किरणहरू बाहिर निस्केर आए ।

अश्नापिनद्धं मधु पर्यपश्यन्मत्स्यं न दीन उदनि क्षियन्तम् । निष्टज्जभार चमसं न वृक्षाद् बृहस्पतिर्विरवेणा विकृत्य ॥८॥

जसरी पानीको मात्रा घटेका ठाउँमा माछाहरू छटपटाउँछन्, उसै गरी पर्वतका गुफाहरूमा बाँधिएका सुन्दर गाईहरूलाई दयनीय अवस्थामा रहेको बृहस्पतिदेवताले देखे । जसरी वृक्षबाट चमसपात्र निर्माणका लागि काठ निकाल्ने गरिन्छ, उसै गरी बृहस्पतिदेवताले विभिन्न किसिमका बन्धनहरूलाई फुकाएर गाईलाई मुक्त गराए ।

सोषामविन्दत् स स्वः सो अग्निं सो अर्केण वि बबाधे तमांसि । बृहस्पतिर्गोवपुषो वलस्य निर्मज्जानं न पर्वणो जभार ॥९॥

बृहस्पतिदेवताले गाईलाई मुक्त गर्नका लागि उषालाई प्राप्त गरे । उनले सूर्य र अग्निका माध्यमबाट अन्धकार विनाश गरे । जसरी हड्डी पार गरेपछि मज्जाको भाग फेला पर्दछ उसै गरी बल नामका असुरलाई भेदन गरेर बृहस्पतिदेवताले गाईरूपी किरणलाई बाहिर निकाले ।

हिमेव पर्णा मुषिता वनानि बृहस्पतिनाकृपयद् वलो गाः । अनानुकृत्यमपुनश्चकार यात् सूर्यामासा मिथ उच्चरातः ॥१०॥

जसरी हिमपातले पद्मपत्रलाई सौन्दर्य हरण गरेर त्यसलाई विनाश गर्दछ उसै गरी बलासुरले

गाईहरूलाई अपहरण गरेको थियो । बृहस्पतिदेवताले बल नामका त्यस असुरबाट ती गाईहरूलाई मुक्त गराए । यस किसिमको कार्य अरू कसैबाट हुन सम्भव थिएन । सूर्य र चन्द्र यी दुवैले यस कुराको प्रमाण प्रस्तुत गर्दछन् ।

अभि श्यावं न कृशनेभिरश्वं नक्षत्रेभिः पितरो दामपिंशन् । रात्र्यां तमो अदधुर्ज्योतिरहन् बृहस्पतिर्भिनदद्रिं विदद् गाः ॥११॥

कालो वर्णका घोडाहरूलाई जसरी सुनका गहनाहरूले सिँगार्ने गरिन्छ, उसै गरी देवताहरूले द्युलोकलाई नक्षत्रहरूले विभूषित गराए । उनीहरूले रातका समयमा अन्धकार र दिनका समयमा प्रकाश स्थापित गराए । उसै बेला बृहस्पतिदेवताले पर्वतरूपी मेघलाई फोडेर गाईरूपी किरण प्राप्त गरे ।

इदमकर्म नमो अभ्रियाय यः पूर्वीरन्वानोनवीति । बृहस्पतिः स हि गोभिः सो अश्वैः स वीरेभिः स नृभिर्नो वयो धात् ॥१२॥

आकाशमा उत्पन्न भएका बृहस्पतिदेवताका निम्ति यो स्तुति गाइएको छ । हामी उनलाई सादर प्रणाम गर्दछौँ । जसका लागि अत्यन्त पुराना खालका ऋचाहरूलाई बारम्बार उच्चारण गर्ने गरिएको छ, उनै बृहस्पतिदेवताले हामीलाई गाई, घोडा, वीर सन्तान र सेवकहरूका साथमा अन्न आदि प्रदान गरून् ।

सूक्त– १७

ऋषि– कृष्ण । **देवता–** इन्द्र । **छन्द–** जगती, त्रिष्टुप् ।

अच्छा म इन्द्रं मतयः स्वर्विदः सध्रीचीर्विश्वा उशतीरनूषत । परि ष्वजन्ते जनयो यथा पतिं मर्यं न शुन्ध्युं मघवानमूतये ॥१॥

पवित्र, आत्मशक्ति वृद्धि गराउने, सँगसँगै रहने र उन्नतिको कामना गर्ने हाम्रा स्तुतिहरूले इन्द्रदेवतालाई उसै गरी घेरा हालेका हुन्छन्, जसरी स्त्रीहरू आश्रय पाउनका लागि पतिलाई आलिङ्गन गर्दछन् ।

न घा त्वद्रिगप वेति मे मनस्त्वे इत् कामं पुरुहूत शिश्रय । राजेव दस्म नि षदोऽधि बर्हिष्यस्मिन्त्सु सोमेवपानमस्तु ते ॥२॥

धेरै तिरबाट स्तुति प्राप्त गर्ने हे इन्द्रदेवता ! तिमीलाई छोडेर हाम्रो मन अरूतिर जाँदैन । हामी आफ्नो मनका आकाङ्क्षाहरू तिमीमा नै केन्द्रित गराउँछौँ । जसरी राजा सिंहासनमा विराजमान हुन्छन्, उसै गरी तिमी पनि कुशको आसनमा प्रतिष्ठित होऊ । यस श्रेष्ठ सोमरसले तिम्रा मनको पिउने धोको पूरा गराओस् ।

विषूवृदिन्द्रो अमतेरुत क्षुधः स इद्रायो मघवा वस्व ईशते । तस्येदिमे प्रवणे सप्त सिन्धवो वयो वर्धन्ति वृषभस्य शुष्मिणः ॥३॥

हामीलाई दुर्दशायुक्त कुमति र अन्नका अभावबाट संरक्षण प्रदान गर्नका लागि इन्द्रदेवता हाम्रा चारै दिशामा विराजमान रहून् । ऐश्वर्यवान् इन्द्रदेवता नै सबै खालका सम्पदा र धनहरूका अधिपति हुन् । अभीष्टवर्षक र तेजस्वी इन्द्रदेवताका निर्देशनमा नै सानाठूला सातै खालका नदी र धाराहरू प्रवाहित भएर उनै बलवान् उत्साही योद्धा इन्ददेवताको शक्ति बढाउँछन् ।

वयो न वृक्षं सुपलाशमासदन्त्सोमास इन्द्रं मन्दिश्चमूषदः । प्रैषामनीकं शवसा दविद्युतद् विदत् स्व१र्मनवे ज्योतिरार्यम् ॥४॥

जसरी पक्षीले राम्रा पात भएका रुखको आश्रय लिने गर्दछन्, उसै गरी पात्रमा विद्यमान हर्षदायक सोमरसले इन्द्रदेवताको आश्रय लिन्छ । सोमरसका प्रभाव एवं तेजले उनको मुख नै तेजोमय हुने गर्दछ । उनले आफ्नो सर्वोत्तम तेजस्विता मानिसलाई प्रदान गरून् ।

कृतं न श्वघ्नी वि चिनोति देवने संवर्गं यन्मघवा सूर्यं जयत् । न तत् ते अन्यो अनु वीर्यं शकन्न पुराणो मघवन् नोत नूतनः ॥५॥

जुवाडेले जुवाका खालमा जसरी विजेतालाई खोजीखोजीकन पराजित गर्दछ, उसै गरी वैभवशाली इन्द्रदेवताले सूर्यलाई जितेर प्रेरित गरेका छन् । हे ऐश्वर्यले सम्पन्न इन्द्रदेवता ! नयाँ वा पुराना कुनै पनि मानिस तिम्रो पराक्रमसँग बराबर हुने खालका हुँदैनन् ।

विशंविशं मघवा पर्यशायत जनानां धेना अवचाकदश् वृषा । यस्याह शक्रः सवनेषु रण्यति स तीव्रैः सोमैः सहते पृतन्यतः ॥६॥

अभीष्ट प्रदान गर्ने इन्द्रदेवता सबै मानिसकहाँ सजिलैसित पुग्ने गर्दछन् । उनले स्तोताहरूको स्तुति ध्यानपूर्वक सुन्दछन् । इन्द्रदेवता जुन यजमानका सोमयज्ञले हर्षित हुन्छन्, ती यजमानहरू खरो सोमरसका कारण युद्धको रहर गर्ने शत्रुलाई पराजित गर्नमा सक्षम हुने गर्दछन् ।

आपो न सिन्धुमभि यत् समक्षरन्त्सोमास इन्द्रं कुल्या इव ह्रदम् । वर्धन्ति विप्रा महो अस्य सादने यवं न वृष्टिर्दिव्येन दानुना ॥७॥

स्वाभाविक गतिमा नै जसरी नदीहरू सागरतर्फ प्रवाहित भइरहेका हुन्छन् र सानातिना खोलानालाहरू विशाल जलाशयतर्फ बग्दछन्, उसै गरी सोमरस पनि सहज क्रमले नै इन्द्रदेवतालाई प्राप्त हुने गर्दछ । जसरी दिव्य वर्षा गराउने पर्जन्यका कारण जौंको खेती सप्रिने गर्दछ, उसै गरी इन्द्रदेवताको महिमालाई ज्ञानीहरूले यज्ञस्थलमा बढाउने गर्दछन् ।

वृषा न क्रुद्धः पतयद् रजः स्वा यो अर्यपत्नीरकृणोदिमा अपः । स सुन्वते मघवा जीरदानवेऽविन्दज्ज्योतिर्मनवे हविष्मते ॥८॥

रिसाएको साँढे अर्को साँढेतर्फ जसरी कुदेर जान्छ, उसै गरी रिसाएका इन्द्रदेवता मेघतर्फ जान्छन् । उनले मेघलाई भत्काएर त्यसको पानी हामी सबैका लागि मुक्त गराउँछन् । उनै ऐश्वर्यशाली इन्द्रदेवताले सोमअभिषवण गर्ने, दानी र हविष्यान्न समर्पित गर्ने यजमानलाई तेज प्रदान गर्दछन् ।

उज्जायतां परशुर्ज्योतिषा सह भूया ऋतस्य सुदुघा पुराणवत् । वि रोचतामरुषो भानुना शुचिः स्वर्ण शुक्रं शुशुचीत सत्पतिः ॥९॥

इन्द्रदेवताको वज्र नामको अस्त्र तेजस्विताका साथ प्रकट होस्, उहिलेका जमानाको जस्तै गरी यज्ञमा स्तुतिहरू उत्पन्न होऊन् । स्वयं देदीप्यमान इन्द्रदेवता पनि तेजस्विताले शोभायुक्त र पवित्र होऊन् । सज्जनहरूको पालनपोषण गर्ने इन्द्रदेवता सूर्यको जस्तै शुभ्र ज्योतिले प्रकाशमान होऊन् ।

गोभिष्टरेमामतिं दुरेवां यवेन क्षुधं पुरुहूत विश्वाम् । वयं राजभिः प्रथमा धनान्यस्माकेन वृजनेना जयेम ॥१०॥

हे अनेकौं तिरबाट बोलाइने गरेका इन्द्रदेवता ! तिम्रा कृपाले हामीलाई गाई आदि पशुधन प्राप्त होऊन् र दुःखदारिद्र्य नाश होस् । जौं आदि अन्नले हामी भोक शान्त गर्न सकौं । शासनमा बसेकाको नीतिनियममा रहेर आफ्नै सामर्थ्यले मनग्गे सम्पदाहरू हामी जित्न सकौं ।

बृहस्पतिर्नः परि पातु पश्चादुतोत्तरस्मादधरादघायोः । इन्द्रः पुरस्तादुत मध्यतो नः सखा सखिभ्यो वरिवः कृणोतु ॥११॥

बृहस्पतिदेवताले हामीलाई पश्चिम, उत्तर र दक्षिणतर्फका दुष्टपापीहरूबाट संरक्षित गराऊन् । इन्द्रदेवताले पूर्व दिशा र मध्य भागबाट आउने शत्रुबाट हामीलाई रक्षा गरून् । इन्द्रदेवता सबैका सखा हुन् । हामी पनि उनीप्रति मित्रताको भावना बलियो गराऔं । उनै इन्द्रदेवताले हाम्रो अभीष्ट पूरा गराऊन् ।

बृहस्पते युवमिन्द्रश्च वस्वो दिव्यस्येशाथे उत पार्थिवस्य । धत्तं रयिं स्तुवते कीरये चिद्यूयं पात स्वस्तिभिः सदा नः ॥१२॥

हे बृहस्पति र इन्द्रदेवता ! तिमीहरू दुवै पृथ्वी र द्युलोकका ऐश्वर्यका स्वामी हौ । त्यसैले

स्तोताहरूलाई ऐश्वर्य प्रदान गर र कल्याणकारी साधनले हामीलाई सुरक्षा गर ।

सूक्त– १८

ऋषि– मेधातिथि, प्रियमेध,वसिष्ठ । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

वयमु त्वा तदिदर्था इन्द्र त्वायन्तः सखायः । कण्वा उक्थेभिर्जरन्ते ॥१॥

हे इन्द्रदेवता ! तिमीसित मित्रता गर्ने इच्छा भएका हामी तिम्रा स्तोता, याजक तथा कण्व वंशीय साधकहरू तिमीलाई स्तोत्रले स्तुति गर्दछौं ।

न घेमन्यदा पपन वज्रिन्नपसो नविष्टौ । तवेदु स्तोमं चिकेत ॥२॥

हे वज्रधारी इन्द्रदेवता ! यज्ञकर्ममा तिम्रो स्तुति गर्नुका अतिरिक्त हामी अन्य कसैको पनि स्तुति गर्दैनौं । हामी आफ्ना स्तोत्रले तिम्रै स्तुति गर्न जान्दछौं ।

इच्छन्ति देवाः सुन्वन्तं न स्वप्नाय स्पृहयन्ति । यन्ति प्रमादमतन्द्राः ॥३॥

यज्ञका निम्ति सधैं सोमरस तयार गर्ने साधकहरूसित देवताहरू प्रसन्न रहने गर्दछन् र उनीहरूकै कामना सधैं गर्दछन् । आलस्यरहित देवगण आनन्द प्रदान गर्ने सोमरस नै सधैं पान गर्दछन् ।

वयमिन्द्र त्वायवोऽभि णोनुमो वृषम् । विद्धी त्व१स्य नो वसो ॥४॥

हे श्रेष्ठ वीर इन्द्रदेव ! हामी तिम्रो कामना गर्दै बारम्बार तिमीलाई नै नमस्कार गर्दछौं । सबैलाई आश्रय प्रदान गर्ने तिमीले हाम्रो प्रार्थना सुन र तिनमा ध्यान दिने कृपा गर ।

मा नो निदे च वक्तवेऽर्यो रन्धीरराव्णे ! त्वे अपि क्रतुर्मम ॥५॥

हे इन्द्रदेवता ! तिमी हाम्रा स्वामी हौ । तिमीसित हामी प्रार्थना गर्दछौं कि हामीलाई कटुभाषी, निन्दक र कन्जुसका वशमा रहनु नपरोस् ।

त्वं वर्मासि सप्रथः पुरोयोधश्च वृत्रहन् । त्वया प्रति ब्रुवे युजा ॥६॥

हे इन्द्रदेवता ! युद्धक्षेत्रमा शत्रुका सम्मुख पुगेर उनको नाश गर्नका लागि तिमी विश्वप्रसिद्ध भएका छौ । तिमी कवचजस्तै भएर रक्षा गर्दछौ । तिम्रो सहयोग पाएपछि हामी शत्रुको वध गर्नमा समर्थ हुनेछौं ।

सूक्त– १९

ऋषि– विश्वामित्र । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

वार्त्रहत्याय शवसे पृतनाषाह्याय च । इन्द्र त्वा वर्तयामसि ॥१॥

हे इन्द्रदेवता ! वृत्र नामको असुरलाई वध गर्ने र शत्रुसेनालाई पराजित गर्ने शक्ति प्राप्त गर्नका लागि हामी तिम्रो ध्यान आफूतर्फ आकृष्ट गर्दछौं ।

अर्वाचीनं सु ते मन उत चक्षुः शतक्रतो । इन्द्र कृण्वन्तु वाघतः ॥२॥

सयौं किसिमका कर्मरूपी यज्ञ सम्पन्न गर्ने हे इन्द्रदेवता ! स्तोताहरूले स्तुति गरेर तिम्रो प्रसन्नता, अनुग्रह र कृपादृष्टिलाई हामीतर्फ प्रेरित गरून् ।

नामानि ते शतक्रतो विश्वाभिर्गीर्भिरीमहे । इन्द्राभिमातिषाह्ये ॥३॥

हे सयौं कर्म र यज्ञ गर्ने इन्द्रदेवता ! युद्धमा विजय प्राप्त गर्नका लागि हामी तिम्रो यश र वैभवको बयान गर्दछौं ।

पुरुष्टुतस्य धामभिः शतेन महयामसि । इन्द्रस्य चर्षणीधृतः ॥४॥

सबै तिरबाट स्तुति गरिने हे इन्द्रदेवता ! तिमी स्तुत्य, महान् तेजस्वी र मानिसलाई धारण गर्ने खालका छौ । हामी तिमीलाई स्तुति गर्दछौं ।

इन्द्रं वृत्राय हन्तवे पुरुहूतमुप ब्रुवे । भरेषु वाजसातये ॥५॥

धेरै तिरबाट आह्वान गर्नयोग्य, वृत्रहन्ता इन्द्रदेवतालाई हामी भरणपोषणका लागि बोलाउँछौं ।

वाजेषु सासहिर्भव त्वामीमहे शतक्रतो । इन्द्र वृत्राय हन्तवे ॥६॥

हे सयौं कर्म गर्ने इन्द्रदेवता ! तिमी युद्धमा शत्रुलाई विनाश गर्दछौ । वृत्रलाई हनन गर्नका लागि तिमीसित हामी प्रार्थना गर्दछौं ।

द्युम्नेषु पृतनाज्ये पृत्सुतूर्षु श्रवःसु च । इन्द्र साक्ष्वाभिमातिषु ॥७॥
हे इन्द्रदेवता ! धन प्राप्तिका समयमा, युद्धका समयमा, शत्रुलाई पराजित गर्दाका समयमा, यश प्राप्त गर्ने समयमा र बाधाव्यवधानको सामना गर्ने समयमा तिमी हाम्रा साथमा भइदेऊ ।

सूक्त— २०

ऋषि— विश्वामित्र, गृत्समद । देवता— इन्द्र । छन्द— गायत्री, अनुष्टुप् ।

शुष्मिन्तमं नऊतये द्युम्निनं पाहि जागृविम् । इन्द्र सोमं शतक्रतो ॥१॥
हे सयौँ किसिमका कर्म गर्ने इन्द्रदेवता ! हामी याजकहरूलाई संरक्षण प्रदान गर्नका लागि तिमी अत्यन्त बलप्रदायक, दीप्तिमान, चेतना प्रदान गर्ने सोमरस पान गर ।

इन्द्रियाणि शतक्रतो या ते जनेषु पञ्चसु । इन्द्र तानि त आ वृणे ॥२॥
हे सयौँ किसिमका इन्द्रदेवता ! समाजका पाँचै वर्गका मानिसहरूमा भएका इन्द्रियको विशेष सामर्थ्यलाई शक्तिका रूपमा हामी वरण गर्दछौँ ।

अगन्निन्द्र श्रवो बृहद् द्युम्नं दधिष्व दुष्टरम् । उत् ते शुष्मं तिरामसि ॥३॥
हे इन्द्रदेवता ! यो महान् हविष्यान्न तिम्रा नजिक आओस् । तिमी शत्रुका लागि दुर्लभ, तेजस्वी सोमरस ग्रहण गर । हामी तिम्रो बल बढाइदिन्छौँ ।

अर्वावतो न आ गह्यथो शक्र परावतः । उ लोको यस्ते अद्रिव इन्द्रेह तत आ गहि ॥४॥
हे वज्रधारी इन्द्रदेवता ! तिमी नजिकका प्रदेशबाट हामीकहाँ आऊ, परका देशबाट हामीकहाँ आऊ । तिम्रो उत्कृष्ट लोक कुनै छ भने त्यहाँबाट पनि हामीकहाँ तिमी आऊ ।

इन्द्रो अङ्ग महद् भयमभी षदप चुच्यवत् । स हि स्थिरो विचर्षणिः ॥५॥
युद्धमा स्थिर रहने, विश्वद्रष्टा इन्द्रदेवता महान् पराभवकारी हुन् तथा भयलाई चाँडै पर भगाउँछन् ।

इन्द्रश्च मृडयाति नो न नः पश्चादघं नशत् । भद्रं भवाति नः पुरः ॥६॥
यदि इन्द्रदेवताले हामीलाई सुख प्रदान गर्दछन् भनेदेखि पापले हामीलाई नष्ट गराउन सक्दैन । उनले अनेकौँ किसिमले हामीलाई कल्याण नै गर्नेछन् ।

इन्द्र आशाभ्यस्परि सर्वाभ्यो अभयं करत् । जेता शत्रून् विचर्षणिः ॥७॥
शत्रुविजेता, प्रज्ञावान् इन्द्रदेवताले सबै दिशाहरूमा हामीलाई निर्भय गराऊन् ।

सूक्त— २१

ऋषि— सव्य । देवता— इन्द्र । छन्द— जगती, त्रिष्टुप् ।

न्यू३षु वाचं प्र महे भरामहे गिर इन्द्राय सदने विवस्वतः । नू चिद्धि रत्नं ससतामिवाविदन्न दुष्टुतिर्द्रविणोदेषु शस्यते ॥१॥
हामी विवस्वान्का यज्ञमा महान् इन्द्रदेवतालाई उत्तम वचनले स्तुति गर्दछौँ । निदाउनेको धन जसरी चोरले सजिलैसित लैजान्छ, उसै गरी इन्द्रदेवताले असुरहरूको रत्न सजिलै उछिट्याए । धन दान गर्नेहरूको निन्दा गर्नु उचित हुँदैन ।

दुरो अश्वस्य दुर इन्द्र गोरसि दुरो यवस्य वसुन इनस्पतिः । शिक्षानरः प्रदिवो अकामकर्शनः सखा सखिभ्यस्तमिदं गृणीमसि ॥२॥
हे इन्द्रदेवता ! तिमी अश्व, गाई तथा धनधान्य प्रदान गर्ने हौ । तिमी सबैलाई पालनपोषण गर्दै उनीहरूलाई उत्तम कर्म गर्ने प्रेरणा प्रदान गर्ने तेजस्वी वीर हौ । तिमी सङ्कल्पलाई नष्ट गर्ने र मित्रहरूका पनि मित्र हौ । यसै किसिमले हामी तिम्रो स्तुति गर्दछौँ ।

शचीव इन्द्र पुरुकृद् द्युमत्तम तवेदिदमभितश्चेकिते वसु । अतः संगृभ्याभिभूत आ भर मा त्वायतो जरितुः काममूनयीः ॥३॥
शक्तिशाली, बहुकर्मा, दीप्तिमान् हे इन्द्रदेवता ! सम्पूर्ण धनसम्पत्ति तिम्रै अधीनमा रहेका छन् । हे विजेता ! त्यस धनलाई एकत्र गरेर उपयुक्त स्थानमा पुऱ्याऊ । तिमी आफ्ना प्रशंसकहरूको कामना पूरा गराउनमा कन्जुस्याइँ नगर ।

एभिर्द्युभिः सुमना एभिरिन्दुभिर्निरुन्धानो अमतिं गोभिरश्विना । इन्द्रेण दस्युं दरयन्तो इन्दुभिर्युतद्वेषसः समिषा रभेमहि ॥४॥

तेजस्वी हवि र तेजस्वी सोमरसले तृप्त भएर हे इन्द्रदेवता ! हामीलाई गाई र घोडाका रूपमा पोषण तथा तीव्र प्रगतिले युक्त धन देऊ र हाम्रो दरिद्रता निवारण गर । सोमरसले तृप्त हुने गरेका, उत्तम मन भएका इन्द्रदेवताका सहायताले हामी शत्रुलाई नाश गराउँदै द्वेषरहित होऔँ र अन्नका विषयमा उचित रूपले हर्षित होऔँ ।

समिन्द्र राया समिषा रभेमहि सं वाजेभिः पुरुश्चन्द्रैरभिद्युभिः । सं देव्या प्रमत्या वीरशुष्मया गोअग्रयाश्वावत्या रभेमहि ॥५॥

हे इन्द्रदेवता ! हामी धनधान्यले सम्पन्न होऔँ, धेरैलाई हर्ष प्रदान गर्ने खालका सम्पूर्ण तेजस्विता तथा बलले सम्पन्न होऔँ । हामी वीर पुत्र, श्रेष्ठ गाई र अश्व प्राप्त गर्ने उत्तम बुद्धिले सम्पन्न होऔँ ।

ते त्वा मदा अमदन तानि वृष्ण्या ते सोमासो वृत्रहत्येषु सत्पते । यत् कारवे दश वृत्राण्यप्रति बर्हिष्मते नि सहस्राणि बर्हयः ॥६॥

हे सज्जनहरूका पालक इन्द्रदेवता ! वृत्रलाई मार्ने सङ्ग्राममा तिमीले बलवर्द्धक सोमरस पान गरेर उत्साह एवं आनन्द प्राप्त गरेका थियौ । त्यसपछि तिमीले याजकहरूका लागि दस हजार असुरहरूलाई संहार गरेका थियौ ।

युधा युधमुप घेदेषि धृष्णुया पुरा पुरं समिदं हंस्योजसा । नम्या यदिन्द्र सख्या परावति निबर्हयो नमुचिं नाम मायिनम् ॥७॥

हे सङ्घर्षशील शक्तिले सम्पन्न इन्द्रदेवता ! तिमी शत्रुपक्षका योद्धाहरूसित युद्ध गर्दै आएका छौ । उनीहरूका सहरहरूलाई तिमीले आफ्नै बलले ध्वस्त गराउँदै आएका छौ । उनै नमस्कार गर्न योग्य, कुशल मित्र, मरुत्‌हरूका सहयोगले तिमीले नमुची नामको छलकपट व्यवहारबाट मुक्त नरहेको असुरलाई मारिदिएका थियौ ।

त्वं करञ्जमुत पर्णयं वधीस्तेजिष्ठयातिथिग्वस्य वर्तनी । त्वं शता वङ्गृदस्याभिनत् पुरोऽनानुदः परिषूता ऋजिश्वना ॥८॥

हे इन्द्रदेवता ! अतिथिग्वलाई दुःख दिने कुत्सित स्वभावको करञ्ज र पर्णय नामको गतिशील असुरहरूलाई तेजस्वी अस्त्रले हानेर तिमीले वध गरेका थियौ । मर्यादा भङ्ग गर्ने वङ्गृद नामका असुरका सयौँ सहरहरूलाई कसैको सहायता नै नलिईकन भत्काएर त्यहाँभित्र थुनिएका सरल मार्ग अनुसरण गर्ने ऋजिश्वा नामका ऋषिलाई मुक्त गरायौ ।

त्वमेतां जनराज्ञो द्विर्दशाबन्धुना सुश्रवसोपजग्मुषः । षष्टिं सहस्रा नवतिं नव श्रुतो नि चक्रेण रथ्या दुष्पदावृणक् ॥९॥

हे प्रसिद्ध इन्द्रदेवता ! उत्तम कीर्तिले सम्पन्न बन्धुबान्धवविनाका सुश्रवस राजाका सामु लडाइँ गर्नका लागि उभिएका बीस राजाहरूलाई र तिनका साठी हजार उनान्सय सैनिकहरूलाई आफ्नो अत्यन्त दुर्लभ चक्रव्यूहका गतिशील प्रक्रियाले नष्ट गराएका थियौ ।

त्वमाविथ सुश्रवसं तवोतिभिस्तव त्रामभिरिन्द्र तूर्वयाणम् । त्वमस्मै कुत्समतिथिग्वमायुं महे राज्ञे यूने अरन्धनायः ॥१०॥

हे इन्द्रदेवता ! आफ्ना रक्षा साधनले उनै सुश्रवस राजा र पोषणयुक्त साधनले सम्पन्न तूर्यवाणलाई तिमीले रक्षा गरेका थियौ । तरुण अवस्थाका ती महाराजका लागि तिमीले कुत्स, अतिथिग्व र आयु नामका राजाहरूलाई पनि आफ्नो नियन्त्रणमा पारेका थियौ ।

य उदृचीन्द्र देवगोपाः सखायस्ते शिवतमा असाम । त्वां स्तोषाम त्वया सुवीरा द्राघीय आयुः प्रतरं दधानाः ॥११॥

हे यज्ञमा स्तुत्य इन्द्रदेवता ! देवताहरूले रक्षा गरिएका हामी सबै नै तिम्रा मित्र हौँ । हामी सधैँ

सुखी रहौँ । तिम्रा कृपाले हामी बलसहितको लामो आयु उचित किसिमले धारण गर्दै सधैँ तिम्रो स्तुति गर्न पाऔँ ।

सूक्त— २२

ऋषि— त्रिशोक, प्रियमेध । **देवता—** इन्द्र । **छन्द—** गायत्री ।

अभि त्वा वृषभा सुते सुतं सृजामि पीतये । तृम्पा व्य श्नुही मदम् ॥१॥

हे बलशाली इन्द्रदेवता ! यस यज्ञमा तिम्रा निम्ति सोमरस समर्पित छ । तिमी यही सन्तुष्टिदायक सोमरस पान गर ।

मा त्वा मूरा अविष्यवो मोपहस्वान आ दभन् । माकीं ब्रह्मद्विषो वनः ॥२॥

हे इन्द्रदेवता ! तिमीबाट जोगिन चाहने र मूर्ख र तिम्रो खिसी गर्न खोज्ने धूर्तहरूको तिमीमाथि कुनै प्रभाव नपरोस् । ज्ञानको द्रोह गर्नेहरूलाई तिमी कहिल्यै पनि सहायता नगर ।

इह त्वा गोपरीणसा महे मन्दन्तु राधसे । सरो गौरो यथा पिब ॥३॥

हे इन्द्रदेवता ! गाईको दुधमा मिसाएको सोमरसलाई हविका रूपमा प्रदान गरेर होताहरू ऐश्वर्य प्राप्त गर्नका लागि तिमीलाई प्रार्थना गर्दछन् । मृगले तलाउमा जल पिएझैँ शान्तिपूर्वक तिमी सोमरस पान गर ।

अभि प्र गोपतिं गिरेन्द्रमर्च यथा विदे । सूनुं सत्यस्य सत्पतिम् ॥४॥

हे याजकहरू हो ! गाई पाल्ने, सत्यनिष्ठ, सज्जनहरूका संरक्षक इन्द्रदेवतालाई मन्त्रोच्चारण सहित प्रार्थना गर । त्यसबाट उनका शक्तिको आभास हुन सकोस् ।

आ हरयः ससृज्रिरेऽरुषीरधि बर्हिषि । यत्राभि संनवामहे ॥५॥

हामी आफ्ना यज्ञमण्डपमा जुन इन्द्रदेवताको प्रार्थना गर्दछौँ, उनलाई असल किसिमका अश्वहरूले हाम्रा यस यज्ञशालामा लिएर आऊन् ।

इन्द्राय गाव आशिरं दुदुह्रे वज्रिणे मधु । यत् सीमुपह्वरे विदत् ॥६॥

यज्ञस्थलका नजिकै जब इन्द्रदेवताले मधुर सोमरस पान गर्दछन्, त्यस बेला गाईहरूले उनलाई मधुर दुध पनि प्रदान गर्दछन् ।

सूक्त— २३

ऋषि— विश्वामित्र । **देवता—** इन्द्र । **छन्द—** गायत्री ।

आ तू न इन्द्र मद्र्य ग्घुवानः सोमपीतये । हरिभ्यां याह्यद्रिवः ॥१॥

हे इन्द्रदेवता ! सोमपान गर्नका लागि तिमीलाई हामी आह्वान गर्दछौँ, तिमी हरि नामका अश्वमा यहाँ आऊ ।

सत्तो होता न ऋत्वियस्तिस्तिरे बर्हिरानुषक् । अयुज्रन् प्रातरद्रयः ॥२॥

हाम्रा यज्ञमा ऋतुअनुसार यज्ञ सम्पन्न गर्ने होताहरू बसेका छन्, उनीहरूले कुशका आसन बिछ्याएका छन् र सोम पेल्नका लागि ढुङ्गाका फक्ल्याँटाहरू तयार पारिसकेका छन् । हे इन्द्रदेवता ! तिमी सोमपान गर्नका लागि यहाँ आऊ ।

इमा ब्रह्म ब्रह्मवाहः क्रियन्त आ बर्हिः सीद । वीहि शूर पुरोलाशम् ॥३॥

हे शूरवीर इन्द्रदेवता ! स्तोताहरू यस किसिमका स्तुतिहरूलाई सम्पादन गर्दछन् । त्यसैले तिमी यी आसनमा बस र पुरोडाश सेवन गर ।

रारन्धि सवनेषु ण एषु स्तोमेषु वृशत्रन् । उक्थेष्विन्द्र गिर्वणः ॥४॥

स्तुति गर्न योग्य, वृत्रहन्ता हे इन्द्रदेवता ! तिमी यज्ञका तीनै सवनहरूमा गरिएका स्तोत्र र मन्त्रहरूमा रमाउने गर ।

मतयः सोमपामुरुं रिहन्ति शवसस्पतिम् । इन्द्रं वत्सं न मातरः ॥५॥

हाम्रो यो स्तुति महान् सोमपान कर्ता र बलका अधिपति इन्द्रदेवताका लागि उसै किसिमले प्राप्त हुने गर्दछन्, जसरी गाईहरू आफ्ना बाछासँग भेट्न जान्छन् ।

स मन्दस्वा ह्यन्धसो राधसे तन्वा महे । न स्तोतारं निदे करः ॥६॥

हे इन्द्रदेवता ! विपुल धनराशि दान गर्नका लागि तिमी सोमयुक्त हविष्यान्नले आफ्नो शरीरलाई प्रसन्न गराऊ । हाम्रा स्तोताहरूलाई निन्दित हुन नदेऊ ।

वयमिन्द्र त्वायवो हविष्मन्तो जरामहे । उत त्वमस्मयुर्वसो ॥७॥

हे इन्द्रदेवता ! तिमी सबैका आश्रयदाता हौ । तिम्रो अभिलाषा गर्दै हामी हविले युक्त भएर तिमीलाई स्तुति गर्दछौँ । हामीलाई तिमी रक्षा गर ।

मारे अस्मद् वि मुमुचो हरिप्रियार्वाङ् याहि । इन्द्र स्वधावो मत्स्वेह ॥८॥

हे हरि नामका अश्वका प्रिय स्वामी इन्द्रदेवता ! तिमी आफ्ना घोडालाई हामीभन्दा पर पुऱ्याएर नखोल । हाम्रा नजिकै आऊ । यस यज्ञमा आएर तिमी हर्षित होऊ ।

अर्वाञ्चं त्वा सुखे रथे वहतामिन्द्र केशिना । घृतस्नू बर्हिरासदे ॥९॥

हे इन्द्रदेवता ! दीप्तिमान र चिल्लो केश भएका अश्वले तिमीलाई सुखदायक रथमा राखेर हाम्रा नजिक लिएर आऊन् । तिमी यहाँ यस यज्ञस्थलमा कुशका पवित्र आसनमा उचित किसिमले विराजमान होऊ ।

सूक्त— २४

ऋषि— विश्वामित्र । **देवता—** इन्द्र । **छन्द—** गायत्री ।

उप नः सुतमा गहि सोममिन्द्र गवाशिरम् । हरिभ्यां यस्ते अस्मयुः ॥१॥

हे इन्द्रदेवता ! याजकहरूलाई भेट्ने अभिलाषा गर्दै तिमी हरि नामका दुई अश्व जोतिएका रथमा हामीकहाँ आऊ । हामीले पेलेर गाईको दुध मिसाएर तयार पारेको सोमरस पान गर ।

तमिन्द्र मदमा गहि बर्हिष्ठां ग्रावभिः सुतम् । कुविन्न्व स्य तृप्णवः ॥२॥

हे इन्द्रदेवता ! तिमी ढुङ्गेनीमा उम्रेका कुशका आसनमा सुसज्जित र हर्षप्रदायक सोमका नजिकै आऊ । प्रचुर मात्रामा यसलाई पान गरेर हर्षित होऊ ।

इन्द्रमित्था गिरो ममाच्छागुरिषिता इतः आवृते सोमपीतये ॥३॥

इन्द्रदेवतालाई आह्वान गर्नका लागि गरिएका स्तुतिहरूले उनलाई सोमपान गर्नका लागि यस यज्ञस्थलमा उचित किसिमले लिएर आऊन् ।

इन्द्रं सोमस्य पीतये स्तोमैरिह हवामहे । उक्थेभिः कुविदागमत् ॥४॥

इन्द्रदेवताले सोमपान गर्नका लागि यहाँका यस यज्ञमा स्तुति गर्दै बोलाउँछौँ । स्तोत्रले बोलाउँदा उनी विभिन्न यज्ञमा अनेकौँ पटक आउने गरेका छन् ।

इन्द्र सोमाः सुता इमे तान् दधिष्व शतक्रतो । जठरे वाजिनीवसो ॥५॥

हे अन्नधनका अधिपति र सयौँ कर्म गरेका इन्द्रदेवता ! तिम्रा लागि नै पेलेर तयार पारेको सोमरस प्रस्तुत छ, त्यसलाई पेटमा पुऱ्याऊ ।

विद्मा हि त्वा धनंजयं वाजेषु दधृषं कवे । अधा ते सुम्नमीमहे ॥६॥

हे क्रान्तदर्शी इन्द्रदेवता ! तिमीलाई हामी शत्रुलाई पराजित गराउने र धनका विजेताका रूपमा चिन्दछौँ । त्यसैले हामी तिमीसित धनको याचना गर्दछौँ ।

इममिन्द्र गवाशिरं यवाशिरं च नः पिब । आगत्या वृषभिः सुतम् ॥७॥

हे इन्द्रदेवता ! तिमी आफ्ना बलवान् अश्वमा आएर हामीले पेलेर तयार पारेको तथा गाईको दुध मिसाएको सोमरस पान गर ।

तुभ्येदिन्द्र स्व ओक्ये३ सोमं चोदामि पीतये । एष रारन्तु ते हृदि ॥८॥

हे इन्द्रदेवता ! हामी यज्ञस्थलममा तिम्रा लागि सोमरस प्रस्तुत गर्दछौँ । यो सोमरस तिम्रा हृदयमा पुगेर रमण गरोस् ।

त्वां सुतस्य पीतये प्रत्नमिन्द्र हवामहे । कुशिकासो अवस्यवः ॥९॥

हे पुरातन इन्द्रदेवता ! हामी कुशिक वंशका ऋषिहरू तिम्रो संरक्षणकारी सामर्थ्यको अभिलाषा

गर्दछौँ । सोमपान गर्नका लागि यज्ञस्थलमा तिमीलाई हाम्रो आह्वान गर्दछौँ ।

सूक्त– २५

ऋषि– गोतम, अष्टक । **देवता–** इन्द्र । **छन्द–** जगती, त्रिष्टुप् ।

अश्वावति प्रथमो गोषु गच्छति सुप्रावीरिन्द्र मर्त्यस्तवोतिभिः । तमित् पृणक्षि वसुना भवीयसा । सिन्धुमापो यथाभितो विचेतसः ॥१॥

हे इन्द्रदेवता ! तिम्रो सामर्थ्यले रक्षित भएका तिम्रा उपासकहरू अश्व र गाईले युक्त धन प्राप्त गरेर अग्रणी हुने गर्दछन् । जसरी जतातर्तैबाट जलले समुद्र प्राप्त गर्दछ, उसै गरी तिम्रो सम्पूर्ण धन उपासकलाई प्राप्त हुन्छ र त्यस धनले उसलाई उचित किसिमले सन्तुष्टि पनि प्रदान गर्छ ।

आपो न देवीरुप यन्ति होत्रियमवः पश्यन्ति विततं यथा रजः । प्राचैर्देवासः प्र णयन्ति देवयुं ब्रह्मप्रियं जोषयन्ते वरा इव ॥२॥

चमस पात्ररूपी होतालाई जसरी जलको धारा प्राप्त हुन्छ, उसै गरी देवगणले अन्तरिक्षबाट यज्ञलाई देखेपछि आफ्ना प्रिय स्तोताहरूका नजिकै पुग्दछन् र उनीहरूले गाएका मन्त्रसहितको स्तुति ग्रहण गर्दछन् । उनीहरू ती स्तोताहरूलाई श्रेष्ठ मार्गबाट पूर्व दिशातर्फ लिएर जान्छन् ।

अधि द्वयोरदधा उक्थ्य१ वचो यतस्रुचा मिथुना या सपर्यतः । असंयत्तो व्रते क्षेति पुष्यति भद्रा शक्तिर्यजमानाय सुन्वते ॥३॥

हे इन्द्रदेवता ! अन्नका दुई वटा पात्र परस्परमा संयुक्त गरेर तिमीलाई समर्पित गरिएको छ । ती पात्रहरू तिमीले स्तुतिवचनका साथमा स्वीकार गरेका छौ । जुन स्तोताहरू तिम्रो नियमअनुसार चल्दछन् तिनको रक्षा तिमीले गर्दछौ र तिनलाई पुष्टि प्रदान गर्दछौ । सोमयाग गर्ने यजमानलाई तिमी कल्याणकारी शक्ति प्रदान गर्दछौ ।

आदङ्गिराः प्रथमं दधिरे वय इद्धाग्नयः शम्या ये सुकृत्यया । सर्वं पणेः समविन्दन्त भोजनमश्वावन्त गोमन्तमा पशुं नरः ॥४॥

हे इन्द्रदेवता ! अङ्गिराहरूले आफ्ना उत्तम कर्मले अग्निलाई प्रज्वलित गरेर सर्वप्रथम हविष्यान्न प्रदान गरे । त्यसपछि उनै श्रेष्ठ पुरुषहरूले सबै खालका अश्व, गाई आदिले युक्त पशुरूपी धन र भोज्य पदार्थ प्राप्त गरे ।

यज्ञैरथर्वा प्रथमः पथस्तते ततः सूर्यो व्रतपा वेन आजनि । आ गा आजदुशना काव्यः सचा यमस्य जातममृतं यजामहे ॥५॥

सर्वप्रथम अथर्वाले यज्ञका सम्पूर्ण मार्गहरूलाई विस्तृत गराए । त्यसपछि व्रतपालक सूर्यदेवतालाई प्रकट गराए । अनि उशना नामका तेजस्वीले गाई अथवा वाणीरूपी किरणलाई बाहिर निकाले । हामी सबैले जगत्का नियामक अविनाशी इन्द्रदेवतालाई पूजा गर्दछौँ ।

बर्हिर्वा यत् स्वपत्याय वृज्यतेऽर्को वा श्लोकमाघोषते दिवि । ग्रावा यत्र वदति कारुरुक्थ्य१स्तस्येदिन्द्रो अभिपित्वेषु रण्यति ॥६॥

जसका घरमा यज्ञ आदि उत्तम कर्मका लागि कुश काट्ने गरिन्छ, सूर्योदयभन्दा पछि आकाशमा जुन ठाउँबाट स्तोत्रपाठको ध्वनि गुञ्जायमान हुन्छ, जहाँ उक्थ र स्तोत्र आदि वचनका साथमा सोम कुट्ने वा पेल्ने ढुङ्गाको शब्द थर्किन्छ उनैका घरमा इन्द्रदेवताले हविका रूपमा सोमरस नामको भोल पान गर्दछन् र आनन्द मनाउँछन् ।

प्रोग्रां पीतिं वृष्ण इयर्मि सत्यां प्रयै सुतस्य हर्यत तुभ्यम् । इन्द्र धेनाभिरिह मादयस्व धीभिर्विश्वाभिः शच्या गृणानः ॥७॥

हरियो वर्णका अश्वका अधिपति हे इन्द्रदेवता ! तिम्रै लागि सोमरस पेलिएको छ । सुखऐश्वर्यको वर्षा गराउने तिमी यज्ञतर्फ सुनिश्चित रूपमा आउनेछौ भन्ने जानेर नै तिमीले पान गर्नका लागि हामी सोमरस प्रस्तुत गर्दछौँ । हे देवता ! तिमी स्तोत्र सुन र आनन्दित होऊ । तिमी सत्कर्महरूलाई सम्पन्न गर र विभिन्न खालका स्तोत्रले सन्तुष्ट होऊ ।

सूक्त– २६

ऋषि– शुनःशेप, मधुच्छन्दा । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

योगेयोगे तवस्तरं वाजेवाजे हवामहे । सखाय इन्द्रमूतये ॥१॥

सत्कर्मका शुभारम्भमा र हरेक किसिमका सङ्ग्राममा बलशाली इन्द्रदेवतालाई हामी आफ्नो संरक्षणका लागि मित्रवत् आह्वान गर्दछौँ ।

आ घा गमद् यदि श्रवत् सहस्रिणीभिरूतिभिः । वाजेभिरुप नो हवम् ॥२॥

इन्द्रदेवता प्रार्थनाले प्रसन्न भएर निश्चित रूपमा नै सहस्रौँ किसिमका रक्षासाधन तथा अन्नऐश्वर्यका साथमा हामीकहाँ आउनेछन् ।

अनु प्रत्नस्यौकसो हुवे तुविप्रतिं नरम् । यं ते पूर्वं पिता हुवे ॥३॥

हामी आफ्नो सहायताका लागि स्वर्गधामका निवासी, धेरैकहाँ पुग्ने, सबैलाई नेतृत्व प्रदान गर्ने इन्द्रदेवतालाई आह्वान गर्दछौँ । हाम्रा पितापुर्खाले पनि यसै गरेका थिए ।

युञ्जन्ति ब्रध्नमरुषं चरन्तं परि तस्थुषः । रोचन्ते रोचना दिवि ॥४॥

ती इन्द्रदेवता द्युलोकमा आदित्यका रूपमा, भूमिमा अहिंस्रक अग्निका रूपमा, अन्तरिक्षमा सर्वत्र प्रसरणशील वायुका रूपमा उपस्थित हुने गरेका छन् । उनलाई उक्त तीनै लोकका प्राणीहरूले आआफ्ना कार्यमा देवत्वका रूपमा सम्बद्ध रहेको मानेका छन् । द्युलोकमा प्रकाशित हुने गरेका ग्रहनक्षत्र आदि पनि उनै इन्द्रदेवताकै स्वरूप र अंश हुन् । त्यसैले इन्द्रदेवता सबै खालका प्रकाश एवं प्राणशक्तिका सङ्गठक हुन् ।

युञ्जन्त्यस्य काम्या हरी विपक्षसा रथे । शोणा धृष्णू नृवाहसा ॥५॥

इन्द्रदेवताका रथमा दुवैतिर रातो वर्णका सङ्घर्षशील मानिसलाई गति प्रदान गर्ने दुई वटा घोडा नारिइरहेका हुन्छन् ।

केतुं कृण्वन्नकेतवे पेशो मर्या अपेशसे । समुषद्भिरजायथाः ॥६॥

हे मानिसहरू हो ! तिमीहरू रातिका समयमा निद्रामा भुलेर, चेतनाविहीन भएर बिहान फेरि सचेत एवं सचेष्ट हुन्छौ । मानौँ तिमीहरू प्रत्येक दिन नयाँनयाँ जीवन प्राप्त गरिरहेका हुन्छौ ।

सूक्त– २७

ऋषि– गोषूक्ति र अश्वसूक्ति । **देवता–** इन्द्र । **छन्द–** गायत्री ।

यदिन्द्राहं यथा त्वमीशीय वस्व एक इत् । स्तोता मे गोषखा स्यात् ॥१॥

हे इन्द्रदेवता ! जसरी तिमी समस्त ऐश्वर्यका स्वामी हौ, उसै किसिमको यदि म भएँ भने मेरा स्तोताहरू पनि साथी, गाई, धन तथा इन्द्रियका धनी होऊन् ।

शिक्षेयमस्मै दित्सेयं शचीपते मनीषिणे । यदहं गोपतिं स्याम् ॥२॥

हे इन्द्रदेवता ! यदि म गाईरूपी वाणी अथवा इन्द्रियको स्वामी बनेँ भने मनीषीहरूलाई दान दिने र उनलाई शिक्षा आदिमा सहायता गर्ने खालको बनूँ ।

धेनुष्ट इन्द्र सूनृता यजमानाय सुन्वते । गामश्वं पिप्युषी दुहे ॥३॥

हे इन्द्रदेवता ! सोमयज्ञ गर्ने याजकहरूका लागि तिम्रो सत्यनिष्ठामा रहेको धेनुरूपी वाणीले पुष्टि प्रदान गर्दछ । त्यस किसिमका याजकले तिम्रो गाईरूपी पोषक प्रवाह र अश्वरूपी शक्ति प्रवाहलाई दोहन गर्दछन् ।

न ते वर्तास्ति राधस इन्द्र देवो न मर्त्यः । यद् दित्ससि स्तुतो मघम् ॥४॥

हे इन्द्रदेवता ! जब तिमी स्तुत्य बनेर याजकका लागि धन प्रदान गर्न खोज्दछौ, त्यस बेला तिमीलाई धन प्रदान गर्नका लागि देवता वा मानिस कसैले चाहेर पनि रोक्न सक्नेछैन ।

यज्ञ इन्द्रमवर्धयद् यद् भूमिं व्यवर्तयत् । चक्राण ओपशं दिवि ॥५॥

जब यज्ञले इन्द्रदेवताको शक्ति बढाउँछ त्यस बेला इन्द्रदेवताले द्युलोकमा आवास बनाएर भूमिलाई विस्तृत गराउँछन् ।